CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वागमती सभ्यता



डा. साफल्य अमात्य

नेपाल संस्कृत विश्वविद्यालय
राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



उद्योगपति एवम् समाजसेवी

नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष

स्वर्गीय इन्द्रभक्त श्रेष्ठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

प्रकाशक	:	नेपाल संस्कृत विश्वविद्यालय, राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र
प्रकाशन मिति	:	२०७५ बैशाख १ गते, (अभिनव वर्ष)
अनुदान	:	उद्योगपति एवम् नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष श्री रविभक्त श्रेष्ठज्यूको आर्थिक अनुदानबाट प्रकाशित
सर्वाधिकार	:	प्रकाशकमा
आवरण चित्र	:	कुमारसम्भव फलक
प्रकाशित प्रति	:	१०००
मूल्य	:	५००।-
कम्प्युटर सेटिङ	:	टेकनाथ पाण्डेय
मुद्रक	:	कृपा प्रिन्टर्स
ISBN NO.	:	978-9937-0-4394-6

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समर्पण

उद्योगपति, समाजसेवी एवम् नेपाल उद्योग
वाणिज्य महासङ्घका पूर्वअध्यक्ष
स्वर्गीय श्रीमान् इन्द्रभक्त श्रेष्ठज्यूको
दिवङ्गत आत्माको चिरशान्ति
एवम् पुण्यस्मृतिमा
समर्पित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते ।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥

(त्यो परब्रह्म पूर्ण छ, यो कार्यब्रह्म जीव पनि पूर्ण नै छ, किनभने कार्यब्रह्म जीव परब्रह्मबाट प्रकट भएको हो । अन्तमा कार्यब्रह्म जीवको पूर्णत्त्व आफूमा आत्मसात् गरेर केवल परब्रह्मको सत्तामात्र बाँकी रहन्छ ।)

- ईशावास्योपनिषद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयसूची

कार्यकारी निर्देशकको मन्तव्य	I-II
अनुवादताको मन्तव्य	III-IV
लेखकको मन्तव्य	V-XX
प्रथम अध्याय	
वागमतीको सभ्यताको पृष्ठभूमि	१-८
द्वितीय अध्याय	
वागमती सभ्यताका मिथक तथा पौराणिक कथाहरू	९-१५
तृतीय अध्याय	
प्रागऐतिहासिककालदेखि पूर्वलिच्छविकालसम्म वागमती सभ्यताको अवस्था र विकास	१६-३०
चतुर्थ अध्याय	
लिच्छविकाल : राजा वृषदेवदेखि राजा अंशुवर्माको उदयसम्मको वागमती सभ्यताको रूपरेखा	३१-४६
पञ्चम अध्याय	
उदयदेवदेखि राघवदेवको उदयसम्म वागमती सभ्यताको रूपरेखा	४७-६२
षष्टम अध्याय	
राघवदेवदेखि अरि मल्लको उदयसम्म वागमती सभ्यताको रूपरेखा	६३-८८
सप्तम अध्याय	
अरि मल्लदेखि यक्ष मल्लको समयसम्म वागमती सभ्यताको रूपरेखा	८९-११२
अष्टम अध्याय	
यक्ष मल्लदेखि उपत्यकाभित्र पृथ्वीनारायण शाहको आक्रमणसम्म वागमती सभ्यताको रूपरेखा	११३-१५६
नवौं अध्याय	
पृथ्वीनारायण शाहदेखि जङ्गबहादुर राणाको उदयसम्म वागमती सभ्यताको रूपरेखा	१५७-१९२
नवौं अध्याय	
वागमती सभ्यताको विकासमा बौद्ध विहारहरुको भूमिका	१९३-२१४
उपसंहार	२१५-२२४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्रसूची

चित्रफलक - १ - विराटकको प्रस्तरमूर्ति, पशुपति, आर्यघाट ।

चित्रफलक - २ - विरुपाक्षको प्रस्तरमूर्ति, पशुपति, आर्यघाट ।

चित्रफलक - ३ - शेषसायी विष्णुको प्रस्तरमूर्ति, पशुपति, आर्यघाट ।

चित्रफलक - ४ - उमामहेश्वरको प्रस्तरमूर्ति, पशुपति, ढुङ्गेधारा ।

चित्रफलक - ५ - राजपुरुषको प्रस्तरमूर्ति, पशुपति, मृगस्थली ।

चित्रफलक - ६ - जयवर्माको प्रस्तरमूर्ति, मालिगाउँ, काठमाडौं ।

चित्रफलक - ७ - विष्णुविक्रान्तको प्रस्तरमूर्ति, लाजिम्पाट, काठमाडौं ।

चित्रफलक - ८ - धरणीवराहको प्रस्तरमूर्ति, धुम्बाराही, काठमाडौं ।

चित्रफलक - ९ - गजलक्ष्मीको प्रस्तरमूर्ति, च्यासलहिटी, ललितपुर ।

चित्रफलक - १० - ब्रह्माजीद्वारा बुद्ध बन्दनाको ग्रन्थचित्र ।

चित्रफलक - ११ - पशुपतिनाथको मन्दिर ।

चित्रफलक - १२ - स्वयम्भू महाचैत्य ।

चित्रफलक - १३ - माजु देवल, वसन्तपुर, काठमाडौं ।

चित्रफलक - १४ - नारायणको कलात्मक टुँडाल, चाँगुनारायण मन्दिर ।

चित्रफलक - १५ - मूलचोक, हनुमानढोका दरबार ।

चित्रफलक - १६ - भूपतीन्द्रमल्लको शालिक, भक्तपुर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभकामना मन्तव्य



विश्वमा अनेकन् सभ्यताहरू विकास भए तर ती सभ्यताहरू अहिले केवल पुरातत्त्वको विषयमा मात्र सीमित रहेका छन्। उदाहरणको लागि बेबिलोनको सभ्यता, मिश्रको सभ्यता, माया सभ्यता र सिन्धुघाटी सभ्यता आदिलाई लिन सकिन्छ। लिङ्गपूजा र योनि पूजाको इतिहास पछ्याउँदै जाँदा हामी सिन्धुघाटी सभ्यतासम्म पुग्दछौँ तर माथि भने झैँ सिन्धुघाटी सभ्यता अहिले केवल पुरातात्त्विक भग्नावशेषको रूपमा मात्र रहेको छ तर नेपालमा भने पशुपतिनाथमा लिङ्गपूजा र गुह्येश्वरीमा योनिपूजाको परम्परालाई हामी अहिलेसम्म जीवन्त र प्रत्यक्षरूपमा देख्न सक्छौँ।

वागमतीद्वारा अभिसिञ्चित यस नेपालमण्डलमा नाग, असुर, गोपाल, महिषपाल, किरात, लिच्छवि, मल्ल तथा शाहकालीन सभ्यता र संस्कृतिको अनुक्रम रहेको छ। यस्तो जीवन्त र लामो संस्कृतिको अनुक्रम विरलै मात्र पाइन्छ।

नेपालमण्डलमा आफ्नै विशिष्ट खालको कलाशैलीको विकास भएको छ। प्राचीन मूर्तिकला र तल्लेशैलीका मन्दिरहरूको सुन्दर नमूना नेपालमण्डलमा पाइन्छ। यसैगरी यहाँको जीवनशैली र जात्रा आदिले आफ्नो प्राचीन परम्परालाई जीवन्त राखिराखेको छ। भारत र चीन दुई महादेशको बीचमा अवस्थित नेपालमण्डलले ती दुई देशको बीचमा एउटा Transmission Zone को काम गरिरहेको छ। अतः भारतीय संस्कृतिलाई चीनमा सम्प्रेषण गर्ने र चिनियाँ संस्कृतिलाई भारतमा सम्प्रेषण गर्ने कार्यमा नेपालमण्डलले महत्त्वपूर्ण योगदान दिएको छ।

यसका अतिरिक्त नेपालमण्डलाई एउटा शक्तिपीठको रूपमा मानिएको छ। विश्वमा लोप भइसकेका कतिपय तन्त्रशास्त्रका साधनापद्धतिहरू नेपालमा अझै पनि प्रचलित र सुरक्षित छन्। विश्वमा लोप भइसकेको प्रारम्भिक वज्रयान अहिले केवल नेपालमा मात्र विद्यमान छ। नेपालमण्डलमा विकसित हिन्दू र बौद्ध संस्कृतिमा विभेद छैन। यसको मुख्य कारण तन्त्र हो। तान्त्रिक साधनाले नेपाली संस्कृतिलाई समन्वयको बाटोमा अघि बढाइरहेको छ।

यसको भईकन पनि माल पाएर चाल नपाएको भने जस्तै नेपालमण्डलमा विकसित वागमती सभ्यता र संस्कृतिको सम्बन्धमा अहिलेसम्म अध्ययन अनुसन्धान भएको छैन। त्यसकारण वागमती सभ्यता र संस्कृतिको विस्तृत अध्ययन गरेर नेपालको आफ्नो मौलिकता, वर्चस्व र गरिमालाई अक्षुण्ण राखिराख्न अत्यावश्यक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको हुँदा यो अनुसन्धान परियोजना सञ्चालन गर्ने लक्ष्य राखिएको हो ।

यस अनुसन्धान परियोजना अन्तर्गत नेपालमण्डल र त्यस वरपरका सम्बद्ध स्थानहरूको सभ्यता र संस्कृतिको अध्ययन गरिएको छ । नेपाल सरकार, पुरातत्त्व विभागका पूर्व महानिर्देशक डा. साफल्य अमात्य यस विषयका विशिष्ट ज्ञाता र अनुसन्धाता हुनुहुन्छ । डा. साफल्य अमात्यले प्रागैतिहासिककालदेखि जङ्गबहादुर राणाले मृगस्थलीमा कामेश्वर र कामेश्वरीको मन्दिर निर्माण गरेसम्मको वागमती सभ्यता र संस्कृतिलाई यस पुस्तकमा निखारेर प्रस्तुत गर्नुभएको छ। उहाँको गरिमापूर्ण विद्वत्तालाई यस पुस्तक मार्फत् उजागर गर्न पाउँदा हर्ष लागेको छ ।

राज्य र सरकारलाई दोहन गरेर आफ्नो स्वार्थपूर्ति गर्नु मानिसको प्रवृत्ति हुन्छ तर राज्य एवम् सरकारलाई आ–आफ्नो क्षेत्रबाट सहयोग गर्नु चेनशील नागरिकहरूको कर्तव्य र दायित्व हो । कान्तिपुरको माझ मुटु इन्द्रचोक निवासी स्वर्गीय उद्योगपति एवम् नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्व अध्यक्ष, समाजसेवी परमादरणीय इन्द्रभक्त श्रेष्ठज्यूका सुपुत्र स्वनामधन्य उद्योगपति एवम् नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष श्री रविभक्त श्रेष्ठज्यूले यस्तै देशभक्त नागरिकको दायित्व वहन गरेर एउटा उदाहरण बन्नु भएको छ । नेपालका विविध समुदायको भूगोल, इतिहास, भाषा, साहित्य, धर्म, दर्शन, संस्कृति तथा कला कौशलको अध्ययन अनुसन्धानको माध्यमद्वारा नेपाली जनमानसमा एक ढिक्का नेपाल राष्ट्रको सुदृढीकरण र सिङ्गो नेपाली राष्ट्रियताको दिगो विकासको जागरणका लागि अघि बढिरहेको नेपाल संस्कृत विश्वविद्यालय, राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रलाई पुस्तक प्रकाशनका लागि आर्थिक अनुदान दिई अनुदाता श्री रविभक्त श्रेष्ठ आदर्श पुरुष बन्नु भएको छ । उहाँकै आर्थिक अनुदानबाट वागमती सभ्यता शीर्षकको यो पुस्तक प्रकाशित गरिएको छ। उहाँको यो कुशल कर्म अनुकरणीय एवम् प्रशंसनीय छ । अतः उहाँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै उहाँको उत्तरोत्तर अभिवृद्धिको मङ्गल कामनाका साथ उहाँबाट यस्ता पुण्यकर्महरू भइरहोस् र समाजमा आदर्श पुरुषको रूपमा प्रतिष्ठित होओस् भन्ने शुभेच्छा प्रकट गर्दछु ।

यो पुस्तकको भाषा सम्पादनमा सहयोग गर्नुभएकोमा यस राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रका सहप्राध्यापक डा. लक्ष्मीराज पण्डित तथा भाषा सम्पादनका साथै कम्प्युटर सेटिङका लागि कुशल सेवा गरे वापत् यस राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रका कम्प्युटर अपरेटर टेकनाथ पाण्डेय तथा अन्य सहयोगीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । छिटोछरितो छपाइका लागि काठमाडौँ, चाबहिल, गङ्गाहिटी स्थित कृपा प्रिन्टर्सका कृष्णमणि भट्टराई, अर्जुन नेपाल सहित अन्य सबैलाई हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

डा. जगमान गुरूङ
कार्यकारी निर्देशक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्तव्य

डा. साफल्य अमात्यले लेख्नु भएको अनुसन्धान मुलक कृति 'वागमती सभ्यता' शर्षकको पुस्तक प्रकाशित गर्नका लागि सहयोग गने शुभ अवसर प्राप्त भएकोमा मैले आफूलाई गौरवान्वित ठानेको छु। यो पुस्तक प्रकाशित गर्नका लागि नेपाल संस्कृत विश्वविद्यालाय, राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रका कार्यकारी निर्देशक डा.जगमान गुरूङज्यूले आग्रह गर्नुभएको हुनाले वागमती सभ्यताबारेको यस्तो खोजपूर्ण कृति प्रकाशित गर्ने अवसर प्राप्त भएकोमा म वहाँलाई पनि हृदयदेखि नै धन्यवाद दिन चाहन्छु।

डा. साफल्य अमात्यले नेपालको संस्कृति, कला र इतिहास विषयमा कलम चलाई रहनुभएको छ। वहाँले नेपालको गरिमा बढाउने खालका सभ्यता र संस्कृति सम्बन्धी पुस्तकहरू प्रकाशित गरी हामीहरूलाई ऋणी बनाउनु भएको छ।

डा. साफल्य अमात्यले वागमती सभ्यतालाई सप्तरंगी इन्द्रधनुषको संज्ञा दिनु भएको छ। यो वहाँको निकै राम्रो र मौलिक विचार हो र यो विचार नै यस पुस्तकको सारतत्त्व हो। उहाँले उक्त सप्तरंगी इन्द्रधनुषलाई धार्मिक सहिष्णुता, मौलिक परम्परागत वास्तुकलाको विकास, मौलिक परम्परा हस्तकलाको विकास, मौलिक अमूर्त सांस्कृतिक निधिहरूको विकास, नेपाल भाषा र साहित्यको विकास, स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न नेपाल राष्ट्र र नेपाली राष्ट्रियताको भावनाको विकास हो भन्नुभएको छ। अतः यस्तो महत्त्वपूर्ण मौलिक तथ्यहरूलाई वहाँले सरल भाषामा राम्ररी प्रस्तुत गर्नु भएकोमा पनि म वहाँलाई पुनः एकपटक बधाई र शुभकामना दिन चाहन्छु।

नेपालका विविध समुदायको भूगोल, इतिहास, भाषा, साहित्य, संस्कृति र कला कौशलको अध्ययन, अनुसन्धानका लागि नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गत राष्ट्रिय सास्कृतिक अध्ययन केन्द्रको स्थापना भएको र उक्त अनुसन्धान केन्द्र आफ्नो लक्ष्यपूर्तिका लागि निरन्तर रूपले अघि बढिरहेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वास्तविकता मैले थाह पाएँ । अतः मलाई जीवनमा सधैँ अघि बढ्न हरतरहले प्रेरणा दिनुहुने मेरा पूजनीय स्वर्गीय पिताज्यू श्री इन्द्रभक्त श्रेष्ठज्यूको दिवङ्गत आत्माको चिरशान्ति एवम पुण्यस्मृतिमा वागमती सभ्यता शीर्षकको यो पुस्तक प्रकाशन गर्नका लागि आर्थिक अनुदान दिन पाउँदा हर्षको अनुभूति भएको छ । अतः नेपाल संस्कृत विश्वविद्यालय, राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र परिवारप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस पुण्य कार्यबाट सम्पूर्ण जगत्को कल्याण होओस् ।

रविभक्त श्रेष्ठ
उद्योगपति एवम् पूर्वअध्यक्ष
नेपाल उद्योग वाणिज्य महासङ्घ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राक्कथन

नेपाल-मण्डल (काठमाडौं उपत्यका) मा विकसित भएको प्राचीन सभ्यतालाई वागमती सभ्यता भनिन्छ। यस उपत्यकालाई पवित्र वागमती र विष्णुमती नदी तथा विभिन्न शाखा-प्रशाखा, नदी, खोला, खोल्सा आदिले सिञ्चन गरी उर्वरा बनाई मानवबस्ती बसाल्न योग्य तुल्याएको हो। त्यसो हुनाले नै यस उपत्यकाभित्र उद्गम भएको सभ्यतालाई वागमती सभ्यता भनिएको हो।

यस उपत्यकाभित्र इतिहासको कुन कालखण्डदेखि मानवबस्ती बस्न थाल्यो भन्ने कुरा अझै पुरातात्त्विक शोध-खोजको विषय बनिरहेको छ। यहाँ कुनै समय एउटा ठूलो दह थियो र कुनै प्राकृतिक कारणले गर्दा दहको पानी बाहिर बगेर गई यो उपत्यका एउटा ठूलो जङ्गल र उर्वरा भूमिमा परिणत भएको हो भन्ने कुराचाहिँ वैज्ञानिक ढङ्गबाट पनि पुष्टि भइसकेको छ। (१)

यो उपत्यका विशाल दहको रूपमा रहेको अवस्थादेखि इसापूर्वका केही शताब्दीहरू अघिसम्मको यस उपत्यका बारे अनेकन् मिथक तथा दन्त्यकथाहरू पाइन्छन्। विश्वका अन्य प्राचीन सभ्यताहरू झैं वागमती सभ्यता खासै प्राचीन सभ्यता भने होइन। वागमती सभ्यतालाई अरू सभ्यताहरूको दाँजोमा नवीनतम सभ्यता, युवा सभ्यता भन्न सकिन्छ किनभने यस सभ्यताको प्राग् ऐतिहासिक काल त्यति प्राचीन देखिँदैन। साथै यस उपत्यकाभित्रको मानव जीवनको उद्गम र विकासबारे पनि हालसम्म खासै केही वैज्ञानिक तथ्यहरू प्राप्त भएका छैनन्। (२)

पौराणिक साहित्यिक ग्रन्थहरूमा वागमती उपत्यका दह, देवता र दानवहरूको क्रीडास्थल थियो भने दह सुकेपछि यहाँको जङ्गल देवताहरूको क्रीडास्थल रह्यो। पौराणिककालदेखि प्राकृतिक सौन्दर्यले भरिपूर्ण र देवताहरूको क्रीडास्थल रहेको यस उपत्यकामा विभिन्न वंश तथा जातजातिका मानिसहरूले राज्य गरेका केही वंशावली तथा साहित्यहरूमा उल्लेख गरेको पाइन्छ। वंशावलीहरूमा उल्लेख भएका वंशहरूमा गोपालवंश, महिषपालवंश र किरात वंश नै मुख्य थिए। साथै कुनै समयमा यहाँ नाग वंशका राजाहरूले पनि राज्य गरेका थिए भनेर उल्लेख गरिएका मिथकहरू पनि पाइन्छन्।

हालसम्म प्राप्त पुरातात्त्विक प्रमाणका आधारमा भन्ने हो भने यस वागमती उपत्यकाभित्र मानवबस्तीको विकासको थालनी इसापूर्व दोस्रो वा पहिलो शताब्दीभन्दा अघि भएको देखिँदैन। यस तथ्यलाई सन् १९८४ देखि १९८९ सम्म हाँडीगाउँमा गरिएको उत्खननले प्रमाणित गरेको छ। उक्त उत्खननबाट के कुरा सिद्ध हुन आएको छ भने वागमती सभ्यताको उद्गम स्थल नै वागमती नदीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाखा नदी धोवीखोलाको नजिकै रहेका हाँडीगाउँ, मालीगाउँ र विशालनगर आदि क्षेत्रहरू हुन् । एकातिर यी क्षेत्रहरूमा धमाधम मानवबस्तीहरू बस्न थाले र शहरको विकास हुन थाल्यो भने अर्कोतर्फ काठमाडौँको दक्षिणी भेगमा वागमती नदीको नजिकै पर्ने इलाकाहरू जस्तै ब्रह्मटोल, ह्युमतटोल, लगनटोल, जैसीदेवल आदि ठाउँहरूमा पनि बिस्तारै बिस्तारै बस्तीहरू बसी शहरीकरण हुन थालेको देखिन्छ । यसरी नै पशुपतिको स्थापना भइसकेपछि र कुशानहरूले धन्दो चैत्यको निर्माण गरिसकेपछि चाहवहिल (चाबहिल), देउपाटनमा पनि अर्को सानो शहर वा बस्ती बसेको अनुमान हुन्छ । (३)

मगधका राजा विरुधकले शाक्यहरूको राज्य कपिलवस्तुलाई तहस नहस पारेपछि शाक्यहरू लगायत त्यस क्षेत्रका अन्य राजा, विभिन्न वंश तथा जनजातिका मानिस जस्तै वर्मा, लिच्छवि, कोलीय, वृजिक, मल्ल, आभिर गुप्त आदि भागेर आ-आफ्नो समुदाय र परिवारसहित शान्त र भयरहित ठाउँहरूको खोजी गर्दै यस वागमती उपत्यकाभित्र पसेका थिए । यो घटना इसापूर्व तेस्रो शताब्दीको अन्त वा दोस्रो शताब्दीको सुरुतिर भएको हुनुपर्छ किनभने हाँडीगाउँको सत्यनारायण मन्दिर क्षेत्रमा गरेको उत्खननमा त्यस क्षेत्रमा इसापूर्व दोस्रो शताब्दीतिर नै मानवबस्ती बसिसकेको भन्ने विभिन्न प्रमाणहरू फेला परेका थिए ।

उत्तर भारतका विभिन्न राज्य, गणराज्य र ठाउँहरूबाट पलायन भएर आएका यी मानिसहरूले आफूसँग आ-आफ्नो धर्म र संस्कृति, कला र सीप, मूल्य र मान्यता, गुण र दोष सबै लिएर आएका थिए । यिनीहरू वैष्णव (भागवत), हिन्दू र बौद्ध धर्मका अनुयायीहरू भएका हुनाले यी धर्महरू पनि यिनीहरूसँगसँगै यस उपत्यकाभित्र पसे । इसाको दोस्रो शताब्दीका राजा जयवर्माको तिथिमिति अङ्कित अभिलेख र आदमकदको प्रस्तरको सालिक प्राप्त भएअनुसार र यस उपत्यकाभित्र हालसम्म प्राप्त भएका लिखत प्रमाणअनुसार त्यस समय शासन व्यवस्थामा राजसत्ता थियो । वर्मा वंशका लिच्छवि राजा थिए । गोपाल राजवंशावलीमा पनि यी पूर्व लिच्छवि वंशका राजाहरूको उल्लेख पाइन्छ । उक्त लगतमा जय वर्मा आठौं राजाको रूपमा देखापरेको पाइन्छ । इसाको दोस्रो शताब्दीका राजा जय वर्माको यो सालिक एउटा अकाट्य प्रमाण हो, जसको आधारमा वैशालीबाट लिच्छविहरू यस उपत्यकाभित्र राजा सुपुष्पदेवको नेतृत्वमा आएका थिए भनेर भन्न सकिन्छ । राजा जयवर्मा सुपुष्पदेवपछिका आठौँ राजा थिए भनेर गोपाल राजवंशावलीमा उल्लेख भएको हुनाले सुपुष्पदेव राजा जय वर्माभन्दा झण्डै २ सय वर्ष अगाडि यस उपत्यकाभित्र पसेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनुपर्दछ। हाँडीगाउँको उत्खननबाट प्राप्त भएका प्रमाणहरू, राजा जय वर्माको अभिलेख र गोपाल राजवंशावलीहरू जस्ता प्रमाणहरूबाट यो सिद्ध हुन्छ कि लिच्छविहरू इसापूर्व द्वितीय या प्रथम शताब्दीतिर उपत्यकाभित्र पसेका थिए।

वागमती उपत्यकाभित्र राजा सुपुष्पदेवको समयदेखि नै सभ्यताको सुरुआत भएको हुनुपर्दछ। यिनै राजाले समाजमा वर्णव्यवस्था कायम गरी राज्यमा कानुनी व्यवस्था बाँधी न्यायपूर्वक शासन चलाएका थिए। यिनैले उपत्यकाभित्र एउटा सुन्दर शहर बनाई श्री पशुपतिनाथको मन्दिर पनि निर्माण गर्न लगाएका थिए। (४) तसर्थ वागमती सभ्यताको अभियन्ता यिनै राजा श्री सुपुष्पदेव थिए। यिनले निर्माण गर्न लगाएका शहरहरू हाँडीगाउँ, विशालनगर क्षेत्रभित्र थिए।

सुरुका लिच्छवि राजाहरू पशुपति (शिव) का भक्त थिए। यिनीहरूले बौद्ध धर्मलाई पनि प्रोत्साहित गरे। राजा श्री वृषदेवले स्वयम्भू चैत्यको स्थापना गरी यस कुराको प्रमाण दिएका छन्। यिनै राजा वृषदेवलाई चावहिलको धन्दो चैत्य र एउटा शहरको निर्माण गरेको श्रेय पनि दिइएको छ। (५) यसमा प्राचीन शहर, धन्दो चैत्य र पशुपतिको मध्यभागमा अवस्थित देउपाटन वा मञ्जुपाटन रहेका थिए। तर उपत्यकाभित्र भागवत धर्म (वैष्णव धर्म) पनि सुरुदेखि नै एउटा प्रभावशाली धर्मको रूपमा रहिआएको थियो। जब गोपालवंशी गुप्त राजाहरूको प्रादुर्भाव भयो वैष्णव धर्मको चकचकी बढ्न थाल्यो। मातृका देवीहरूको पूजा आराधना पनि लिच्छविकालीन समाजमा व्याप्त थियो। धेरैजसो शिलामूर्तिहरूमा पुजिने यी मातृका शक्तिहरूको प्रामाणिकता पाँचौ शताब्दीमा राजा मानदेवले श्री मानेश्वरी देवीको पूर्ण कलशको रूपमा स्थापना गरेपछि यस उपत्यकाभित्र मातृका शक्तिहरूको प्रभाव बढ्न थालेको देखिन्छ। यसरी शैव, वैष्णव, बौद्ध र मातृशक्तिदेवीहरूको पूजाआजा गर्ने चलन पूर्व लिच्छविकालदेखि नै यस उपत्यकाभित्र चल्दै आएको देखिन्छ। वागमती उपत्यकाभित्र हाँडिगाउँ र अन्य स्थानहरूमा पनि पूर्व लिच्छविकालीन तथा लिच्छविकालीन मातृकाका शिलामूर्तिहरू पाइएका छन्।

लिच्छवि र तिनीहरूसँगै वागमती उपत्यकाभित्र पसेका विभिन्न वंश, समुदाय र जातजातिका मानिसहरूले आफूहरूसँग भएका कला, कौशल, सीप र क्षमता सबैलाई अझ बढी निखारी मानगृह, कैलाशकूट भवन, भद्राधिवास जस्ता राजप्रासादहरू, पशुपतिनाथ र चाँगुनारायणजस्ता छाने शैलीका मन्दिरहरू, स्वयम्भू, बौद्धनाथ र धन्दोचैत्य जस्ता बौद्ध स्तूपहरू निर्माण गरी नेपाली वास्तुकलाका अनुपम नमुनाहरू हामीलाई छोडेर गएका छन्। हुन त हाम्रा सामु यी प्राचीन राजप्रासादहरूका अभिलेख र वंशावलीहरूमा वर्णन बाहेक अन्य धेरै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रमाणहरू अझै जुटाउनु पर्ने कार्य भने बाँकी नै छ।

वास्तुकलाको साथसाथै कलाका अन्य विभिन्न पक्षहरू मूर्तिकला, चित्रकला र ललितकलाका अङ्गहरू जस्तै नृत्यकला, सङ्गीतकला आदिको पनि त्यसै समयदेखि उपत्यकाभित्र विकास भएको हुनुपर्दछ। हाँडीगाउँको उत्खननबाट प्राप्त विभिन्न मृणका कलाकृतिहरूमा भाँडाकुँडाका, टुक्राटुक्रीहरू र मूर्ति रहेका छन्। त्यसमध्ये नृत्य मुद्रामा उभिएकी एउटी स्त्रीको टाउको नभएको तर घाँटीदेखि घुँडासम्म देखिने माटोको मूर्ति पनि रहेको थियो, जसमा कानमा यार्लिङ, घाँटीमा सिक्री, हातमा केयुर र चुराहरू, पोतेका दानाहरू उनेको र तिघ्रासम्म छोपिएको वस्त्र लगाएकी, कम्मरमा पेटी लगाएकी, दायाँतिर कम्मर लच्केकी, नाच्ने तयारी गर्दै दायाँ हातमा ऐनाजस्तो वस्तु लिएकी स्त्रीको मूर्ति रहेको थियो। जुन मूर्तिलाई इसाको प्रथमदेखि तेस्रो शताब्दीताकाको मानिएको छ। शायद त्यो मूर्तिलाई नै नेपाली नृत्यकलाको पहिलो प्रमाण मान्न सकिन्छ। (६)

सभ्यताको परिचय दिने एउटा सशक्त माध्यम हस्तकलाको विकास पनि हो। ताङ्गवृत्तान्त अनुसार लिच्छविकालमा नेपालमा हस्तकलाका उद्योगहरू निकै फस्टाएका थिए। घर, भवनहरू सजाउन काष्ठ र प्रस्तरका मूर्तिहरू एवम् कलाकृतिहरू बनाइन्थे। नेपाली मूर्तिकलालाई ताङ्ग इतिहासकार हरूले मुग्धकण्ठले तारिफ गरेका छन्। लिच्छवि राजाहरू पनि मूर्तिकलाका पुजारी थिए। त्यस समयको नेपालमा तामा, काँस र चाँदीका चिजबिज तथा कलाकृतिहरू बन्थे। खासगरी गहनाको लागि चाँदीको प्रयोग गरिन्थ्यो भने अन्य सामाग्रीका लागि तामा प्रयोग गरिन्थ्यो। (७)

ह्वेनसाङ्गले पनि नेपालीहरू कलामा निपुण छन् भनेर भनेको पाइन्छ। सम्भव छ - कुशान (कुशाण) कालदेखि नै नेपाली कलाकार र भारत मथुराका कलाकारहरूबीच राम्रो सम्बन्ध रहेको थियो। यो सम्बन्ध गुप्तकालमा फस्टाएको देखिन्छ किनभने नेपालमा त्यसकालमा निकै उच्चकोटिका राम्रा-राम्रा प्रस्तरका मूर्तिहरू बनेका थिए। तर त्यसभन्दा महत्त्वपूर्ण कुरा के छ भने त्यसवेलादेखि नै नेपाली कलाकारहरूले आफ्ना कलाकृतिहरूलाई मौलिक नेपाली स्वरूप दिन हदैसम्म सफल भएका थिए। जस्तै मृगस्थली पशुपतिको राजपुरुषको मूर्ति (जुन मूर्ति हाल राष्ट्रिय सङ्ग्रहालय, छाउनीमा राखिएको छ) जसमा प्रभा-मण्डल देखाइएको छ, राजाको अनुहार मङ्गोलियन छ र मुहारमा केही हल्का रिस पनि देखिन्छ, जुन कुरा समकालीन भारतीय मूर्तिहरूमा पाइँदैन। (८)

शहरी जीवनको सुरु नै सभ्यताको सुरुआत हो। वागमती उपत्यकाभित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भारतबाट पलायन भएर आएका विभिन्न वंश, समुदाय, जातजातिका मानिसहरूले यहाँभित्र पसेर केही वर्षमै शहरको निर्माण कार्य सुरु गरे। सुरुमा काँचो इँटाको भए तापनि केही समयपछि पाको इँटामै घर भवनहरू बन्न थाले। पशुपतिको मन्दिर, स्वयम्भूको स्तूप, मानगृह जस्तो दरबार, सबै पाको इँटामा नै बनेका थिए किनभने सातौँ शताब्दीमा राजा अंशुवर्माले निर्माण गरेको दरबार - कैलाशकूट भवनको कुँदिएको पाको इँटा नै यसको अकाट्य प्रमाण हो। (९) मानिसले आफ्नो दैनिक प्रयोगको लागि विभिन्न किसिमका भाँडाकुँडाहरू पाको माटोको बनाई प्रयोग गर्दथे भन्ने कुरा पनि हाँडीगाउँको उत्खननबाट थाहा पाइन्छ। पाको माटो अर्थात् टेराकोटाका सामग्रीहरू साथसाथै ढुङ्गा (प्रस्तर) बाट बनेका सामानहरू पनि लिच्छविकालको सुरुआतदेखि नै प्रयोग भइरहेका देखिन्छन्। प्रस्तर कलाको विकासमा पशुपति मृगस्थलीबाट लगी राष्ट्रिय सङ्ग्रहालय छाउनीमा राखिएको इसाको चौथो शताब्दीको आदित्य विष्णुको मूर्ति र पशुपति आर्यघाटको प्रसिद्ध विरूपाक्षका चौथौं शताब्दीका मूर्तिहरू नै केही प्रसिद्ध प्राचीन प्रस्तर कलाका नमुनाहरू हुन्। (१०) सो उत्खननमा केही धातुका गरगहनाका टुक्राटुक्रीहरू, तामाका किलाहरू, सुनका टुक्राहरू, फलामको भाला, चाँदीको सानो घण्टीका टुक्रा आदि पनि पाइएका छन्। (११)

सभ्यताको अर्को आधार हो - बन्द व्यापार। वागमती उपत्यकाभित्र प्रशस्त मात्रामा पाइएका कुशान (कुशाण) मुद्राहरूले यो प्रमाणित गर्दछन् कि मानदेवले 'मानाङ्क' मुद्रा प्रचलनमा नल्याएसम्म सम्भवतः यी कुशान मुद्राहरू नै उपत्यकाभित्र र बाहिर बन्द व्यापारका मुख्य साधन थिए। उपत्यका र भारतवीच व्यापारिक सम्बन्ध कायमै थियो। हुनसक्छ पाँचौं शताब्दीपछि अर्थात् 'मानाङ्क' को चलनचल्ती भएपछि उपत्यका र तिब्बतबीच पनि व्यापारिक सम्बन्ध स्थापना हुन गयो। तर तिब्बतसँगको व्यापारिक र कूटनैतिक सम्बन्ध भने सातौं शताब्दीमा अंशुवर्माको समयदेखिमात्र विकसित हुन गएको देखिन्छ। बन्द व्यापारका मुख्य वस्तुहरूमा कौटिल्यको अर्थशास्त्रअनुसार 'भिंगगिसी' आदि नेपाली उनी कपडा अन्तकोभन्दा श्रेष्ठ कहलाएका थिए र भारतको बजारमा तिनको ठूलो माग थियो। उनी कपडाका अलावा नेपालका अन्य सामानहरू जस्तै फलाम, चमर, ऊन, कस्तूरी, तामाका भाँडाकुँडाहरू पनि सरकारको स्वीकृति लिई भारतमा लगी बिक्री गर्न पाइन्थ्यो। अरू सामाग्रीहरूमा नेपाली जडीबुटीले पनि त्यतिबेलादेखि नै भारतमा बजार लिई सकेको हुनुपर्दछ। (१२)

कृषि तथा खेतीपातीको सुरुआत पनि पूर्व लिच्छविकालदेखि नै भएको हुनुपर्दछ। भारतमा र एसियाका अन्य मुलुकहरूमा इसापूर्व ३ हजार वर्षअघि नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धान खेतीको प्रचलन आइसकेको थियो। मनसुनी वर्षाको समय धान खेतीका लागि उपयुक्त मौसम हो। उपत्यकाभित्र पनि मनसुनको प्रभाव पर्ने हुनाले यहाँ पनि पूर्व लिच्छविकालदेखि नै धान खेती हुन थालेको हुनुपर्छ। धान नै यस उपत्यकाको मुख्य खाद्य बाली हो जुन आजसम्म पनि कायमै छ।

वागमती उपत्यकाभित्र हस्तकला उद्योगबाहेक अन्य उद्योगहरू फस्टाएको विषयमा अझै केही थाहा हुन सकेको छैन। शाक्य र कोलीयहरूमा कलाकार र शिल्पकारहरूको अलावा शिक्षित, विद्वान् र धार्मिक नेताहरू पनि थिए। त्यसबेला मन्दिर र बौद्ध विहार नै विद्याका केन्द्र थिए। हाँडीगाउँ सत्यनाराणथानको अभिलेखअनुसार लिच्छविकालमा वेदाध्ययन, महाभारतको पठन, दर्शनशास्त्रको चिन्तन मनन हुन्थ्यो भन्ने कुरा स्पष्ट देखिन्छ। (१३)

लिच्छविकालमा मानिसलाई जीवन निर्वाह गर्नको लागि चाहिने अति आवश्यक कुराहरू जस्तै समाजमा शान्ति सुरक्षा, आरोग्यशाला (अस्पताल), बाटोघाटो, खानेपानी, कुलो नहर आदिको पनि राम्रो व्यवस्था थियो। बाहिरी आक्रमणहरूबाट बच्न नगरहरू किल्ला, पर्खालले घेरिएका हुन्थे। साथै राज्यका विभिन्न महत्त्वपूर्ण नाकाहरूमा कोट (किल्ला) हरू स्थापना गरिन्थ्यो। (१४) शिवदेव अंशुवर्माको संवत् ५२६ को लेलेको अभिलेखमा उल्लेख गरिएका विभिन्न गोष्ठी (गुठी) हरूले यी माथिका आवश्यकताहरूलाई राज्यबाट के कसरी व्यवस्थित गरिएको थियो भन्ने कुरा स्पष्ट देखाउँछन्। (१५)

कुनै पनि सभ्यताको एउटा मुख्य र महत्त्वपूर्ण मापदण्ड समाजमा स्त्रीहरूको अवस्था पनि हो। यदि त्यो समाजमा स्त्रीहरूले पुरुष सरह हक र अधिकार पाएका छन् र तिनीहरूको जीउधनको सुरक्षा राम्ररी भएको छ भने त्यो समाजलाई सभ्य समाज भनिन्छ। सभ्यताको आधुनिक परिभाषामा स्त्री हितका धेरै कुराहरू भए तापनि लिच्छविकालीन नेपाली समाजमा पनि त्यस समयको मापदण्डअनुसार स्त्रीहरूको अवस्थालाई अन्य सभ्यताहरूको तुलनामा नराम्रो भनेर भन्न सकिँदैन।

लिच्छविकालमा सतीप्रथा पनि त्यति कडाइका साथ लागु गरिँदैनथ्यो। मानदेवकी आमा राज्यवती, भौम गुप्तकी आमा आभिरी, जयदेवकी आमा वत्सदेवी आदि सती नगएको घटनाबाट हामी यो कुरा थाहा पाउँछौं।

विष्णु गुप्तको मालीगाउँको संवत् ५७ को अभिलेखअनुसार लिच्छविकालमा 'लोग्ने मरेमा, हराएमा, जोगी भएमा, पतित भएमा र अरू यस्तै कारणले स्वास्नी मानिसले पुनर्विवाह गरी सन्तान भएमा मापचोक अधिकरणले कारबाही नगर्नु, सन्तान भएन भने मात्र साविक बमोजिम कारबाही गर्नु' भनिएको छ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस अभिलेखले त्यस बखतको समाजमा सन्तानको आवश्यकता र महत्त्वलाई पनि प्रकाश पारेको छ। यस अभिलेखले लिच्छविकालमा विधवा विवाह, पुनर्विवाह आदि गर्न छुट थियो भन्ने कुरा देखाउँछ। (१६)

लिच्छविकाललाई हामीले चार भागमा विभाजन गर्न सक्छौँ – पहिलो भाग इसापूर्व द्वितीय-प्रथम शताब्दीदेखि वा त्यसभन्दा अघिदेखि राजा वृषदेवको उदयसम्म, दोस्रो भाग वृषदेवदेखि अंशुवर्माको उदयसम्म, तेस्रो भाग अंशुवर्मादेखि राघवदेवको राज्यकालसम्म, चौथौ भाग राघवदेवदेखि अरि मल्लको उदय भएसम्म। धेरै इतिहासकारहरू राजा राघवदेवको समयमा नेपाल संवत् चलेदेखि लिएर वागमती उपत्यकाभित्र राजा अरि मल्लको उदय नभएसम्म अर्थात् इस्वीको १ हजार २ सय वर्षसम्मको समयलाई अन्तरिमकाल मान्दछन्। नेपालको इतिहासमा काल निर्धारण गर्दा इतिहासकारहरूले फरक-फरक विचार राख्ने गरेका छन्। यिनीहरूले इतिहासको रचना गर्ने सिलसिलामा आ-आफ्नो अनुकूलता र विचारलाई प्राथमिकता दिई काल निर्धारण गर्ने गरेको देखिन्छ।

वागमती सभ्यताको विकासमा अन्तरिमकालको पनि महत्त्वपूर्ण भूमिका रहेको छ। लिच्छविकालमा वागमती उपत्यकाभित्र शान्ति सुरक्षा स्थापना भई विशालनगर इलाका, देउपाटन, चाहवहिल इलाका र यङ्गाल जैसीदेवल इलाकाहरूमा शहरहरू बसिसकेका थिए। वैष्णव, सनातन हिन्दू धर्म, बौद्ध धर्म र शाक्त सम्प्रदाय सवैले आ-आफ्नो ढङ्गबाट सामन्जस्य राखी बसिरहेका थिए। लिच्छविकालमा भारत र तिब्बतसँग व्यापारिक सम्बन्ध थियो नै। अन्तरिमकालमा यो सम्बन्ध अझै विस्तारित भई राज्य सुसम्पन्न भएको देखिन्छ। नेपाली व्यापारीहरूले व्यापारबाट प्रशस्त धन आर्जन गरी आ-आफ्ना पुर्खाको नाममा मन्दिर, पाटीपौवा, ढुङ्गेधारा आदि जस्ता कृतिमात्र निर्माण गरेनन् ,लिच्छविकालदेखि चलिआएका विभिन्न मेला, जात्रा, पर्व, नाचगान आदिलाई संरक्षणमात्र पनि प्रदान गरेनन्, बरु अरू थप अमूर्त सांस्कृतिक सम्पदाहरू पनि प्रचलनमा ल्याए। यसको सबैभन्दा ठूलो उदाहरण राजा राघवदेवको समयमा जनतालाई ऋणबाट मुक्त गरी राज्यको सहयोगमा नेपाल संवत् चलाएको तथ्यबाट नै पुष्टि हुन्छ।

अन्तरिमकालीन नेपालमा राजनैतिक अवस्था धेरै जसो गोलमाल र अस्थिर थियो। त्यो समय गृहकलह र बाहिरी आक्रमणको चपेटामा थियो। तापनि वागमती सभ्यताको लागि यस कालको देन भने अत्यन्तै महत्त्वपूर्ण रह्यो। नेपाल, भारत र तिब्बतको व्यापारिक सम्बन्धको विस्तार नेपाल संवत्को प्रचलनको सुरुआत, तिब्बतमा बौद्ध धर्मको विकास विस्तारमा नेपालको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका, चालुक्य कर्नाटकीहरू अर्थात् मिथिलासँगको राजनैतिक र सांस्कृतिक सम्बन्ध, शैव र बौद्ध धर्मको अतिरिक्त तान्त्रिक मतको विकास, नेपाली कला-वास्तुकलाको तिब्बत चीनमा प्रचार प्रसार, समसुद्दीन इलियास (मुसलमानहरू) को ध्वंसात्मक आक्रमण, उपत्यकाको पुनर्निर्माण, नेपाल-मण्डलभित्र एउटा बलियो र शक्तिशाली राजाको आवश्यकता अनि मल्लवंशको उदय नै यसकालको देन थियो ।

वागमती उपत्यकाभित्र इस्वी १२०० मा मल्ल राजाहरूको उदय भयो । ती मल्लहरू को हुन्, कताबाट आएका थिए भन्ने कुरा अझै अन्योलमा छ । तर मल्ल राजाहरू भने आफूलाई सूर्यवंशी अर्थात् रामचन्द्रको वंश मान्दछन् र मिथिलाबाट आएका राजा हरिसिंह देवलाई आफ्ना पुर्खा ठान्दछन् । (१७)

धेरै सम्भव छ, पावा र कुशीनाराका मल्लहरू जसले बुद्धको परिनिर्वाणपछि अस्थिको एक भाग पनि पाएका थिए । तिनीहरू पनि विरुधकको आक्रमणबाट बच्न भागेर नेपालको गण्डकीपारि मल्ल राज्य खडा गरी बसेका थिए । तिनीहरूलाई नेपाल-मण्डलका लिच्छवि राजाहरूले आफ्नो अधीनमा राखेका थिए । लिच्छवि राजदरबारमा आभिर गुप्त झैँ यिनीहरू अग्रपङ्क्तिमा नदेखिए तापनि यिनीहरूको उपस्थिति थियो भन्ने कुरा नकार्न सकिन्न । यी मल्लहरूले पछि गएर बनेपा-पलाञ्चोकलाई कब्जा गरी बसेको देखिन्छ । यिनै बनेपाका प्रतिष्ठित मल्ल परिवारमा अरिमल्लको जन्म भएको थियो । यिनै सुरुमा एक राजकुमार अथवा स्थानीय सामन्तका रूपमा देखिए तापनि यिनले पछि नेपाल उपत्यकाका राजा भई प्रसिद्ध मल्ल वंश स्थापना गरी राज्य चलाएका थिए । (१८)

मल्लकाललाई हामी दुई कालखण्डमा विभाजन गर्न सक्छौं : पूर्व मल्लकाल भनेर अरि मल्लदेखि यक्ष मल्लसम्म र उत्तर मल्लकाल अथवा मल्लकाल भनेर यक्ष मल्लदेखि इस्वी १७६९ मा गोरखाका शाह राजा पृथ्वीनारायण शाहले वागमती उपत्यकाका तीन राज्यहरू आफ्नो गोरखा राज्यमा गाभेको समयसम्म । पूर्व मल्लकालमा राजा अरि मल्लको समयमा भारतका विभिन्न ठाउँहरूबाट धेरै विद्वान् पण्डितहरू नेपाल मण्डलभित्र पसेका थिए । (१९) हुनसक्छ दक्षिण भारतमा बढ्दै गइरहेको मुसलमानहरूको आक्रमण र अत्याचारबाट बच्न यहाँका हिन्दूहरू सुरक्षाको लागि पलायन हुँदै वागमती उपत्यकाभित्र पसेका थिए । पूर्व मल्लकालले अनिकाल, दुर्भिक्ष, प्राकृतिक प्रकोप, गृह कलह, सामन्तीहरूको विद्रोह, मिथिलाका कर्नाटकीहरूको आक्रमण आदि व्यहोर्नु पऱ्यो । एकातिर जनताले यसरी दुःख भोग्नुपऱ्यो भने अर्कोतिर वि.सं.१३१२ आषाढ महिनामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजा अभय मल्लको समयमा आएको महाभूकम्पले ठूलो धनजनको नोक्सान गऱ्यो । यो भूकम्पमा उपत्यकाभित्रका सारा देवल, घरहरू र अन्य संरचनाहरू भत्केको हुनाले नै यहाँ हाल देखापरिरहेका प्रायः सबैजसो स्मारकहरूको निर्माण हुन गयो । यस भूकम्पले गर्दा उत्तर मल्लकाल अर्थात् मल्लकालका राजाहरूलाई राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त गर्न सक्ने दरबारहरू, मन्दिरहरू, विहारहरू र अन्य संरचनाहरू निर्माण गर्ने अवसर प्राप्त भयो । वि.सं.१३१२ को महाभूकम्पपछिका राजा तथा शासकहरूले पुनः यी स्मारकहरूको जीर्णोद्धार तथा पुनर्निमाण कार्यहरू गरिरहँदा राजा जय भीमदेव (वि.सं.१३१५-१३२७) को समयमा नेपाली कलाकार अरनिकोको नेतृत्वमा कलाकार, शिल्पकार, मूर्तिकारहरूको एक टोली चीन गएको थियो । अरनिकोले तिब्बत र चीनमा फैलाएका नेपाली वास्तुकला र चित्रकलाले पछि कोरिया र जापानमा समेत प्रभाव पारेका थिए । (२०)

वागमती उपत्यकाको श्री सम्पत्ति, कला-कौशल र समृद्धिको बयान सुनेर पूर्व मल्लकालमा यहाँको राज्य व्यवस्था अलि कमजोर भएको मौका पारी कहिले पश्चिमका खस मल्लहरूले त कहिले पूर्वका कर्नाटकीहरूले बरोबर आक्रमण र लुटपाट गर्ने सिलसिला चलिरहेको थियो । (२१) कर्नाटक वंशका प्रवज तथा स्थापक सिमरौनगढका राजा नान्यदेव र तिनका वंशजहरूले नेपाल-मण्डलभित्र धेरै पटक आक्रमण गरेका थिए । दक्षिण भारतको कर्नाटकको चालुक्य वंशका राजा सोमेश्वरदेवका एक सेनापति नान्यदेवले स्थापना गरेको यो राज्यसँग पटक पटक मुठभेड भए तापनि यी कर्नाटकीहरू वागमती उपत्यकाको वैभव, प्राकृतिक सौन्दर्य र अन्य आकर्षणहरूले गर्दा प्रभावित भई केही मानिस यहीं बस्न थालेको देखिन्छ । यिनै कर्नाटकीहरूको सभ्यता, कला र संस्कृतिको छाप र प्रभाव अन्तरिमकालीन नेपालमा निकै नै पऱ्यो । यी कर्नाटकीहरूसँग उपत्यकाका अन्तरिमकालका देव नामधारी राजाहरूसँग बिहेवारी पनि हुन थालेको देखिन्छ । यही वैवाहिक सम्बन्धले गर्दा नेपालको इतिहासमा पदुमलदेवी र उनकी छोरी देवलदेवी शक्तिशाली भएकी थिइन् । महारानी देवलदेवी सिमरौनगढका राजा हरिसिंह देवकी पत्नी थिइन् । देवलदेवीले आफ्ना छोरा जगत् सिंहसँग राजा रुद्र मल्लकी छोरी नायकदेवीसँग विवाह गरिदिइन् । तिनैकी छोरी राजल्लदेवी राज्यको उत्तराधिकारी भइन् । यिनको विवाह पनि देवलदेवीले आफ्नो नजिकैको नाता पर्ने कुमार जयस्थिति मल्लसँग गरिदिइन् । जयस्थिति मल्लका मामा राजेन्द्र सिंह इन्द्रजीत सिंहका छोरा थिए । इन्द्रजीत सिंह र जगत् सिंह शायद काका भतिजा थिए । यिनीहरू सूर्यवंशी थिए । (२२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तरिमकाल र त्यसपछि पनि उत्तर मल्लकालमा अस्तव्यस्त रहेको नेपाल-मण्डलको शासनको बागडोर जयस्थिति मल्लले बडो विचार पुऱ्याएर आफ्नो हातमा पारी त्यसलाई शक्तिशाली बनाए। राज्यमा शान्ति सुरक्षा कायम गरी भौतिक एवं आध्यात्मिक उन्नति गरे, सामाजिक सुधार गरे र मल्लवंशको जरा बलियोसँग गाढ्न सफल भए। जयस्थिति मल्लको उदयपछि वागमती सभ्यतामा थप आयामहरूको वृद्धि एवं विकास भयो। उनको स्थिति-बन्देज त नेपाली समाजमा, अझ भनूँ नेपालको इतिहासमा अति नै महत्त्वपूर्ण कुरा भयो। समाजमा हिन्दू धर्मको बोलवाला बढ्न गयो। (२३) उनले कान्तिपुर र पाटनका सामन्तहरूलाई कजाइ बनेपाका सामन्तहरूलाई पनि आफ्नो प्रभुत्व स्वीकार गर्न लगाए। (२४) जयस्थिति मल्लको मृत्युपछि बनेपाका सामन्त शक्ति सिंहले फेरि आफ्नो वरपरका इलाकामा प्रभुत्व बढाई चीनसँग व्यापारिक सम्बन्ध जोड्न सफल भए। (२५)

जयस्थिति मल्लको मृत्युपछि उनका जेठा छोरा जयधर्म मल्ल राजा भए र उनीपछि उनका भाइ जयज्योति मल्ल राजा भए। उनीपछि उनका जेठा छोरा जययक्ष मल्ल राजा भए। ज्योतिर मल्लले आफ्नो राजधानी पाटनमा सारेका थिए। यक्ष मल्ल र उनका भाइ जयभीम मल्ल दुवै मिली शासन गर्न थाले। यसरी दाजुभाइ, काकाभतिजा मिली शासन गर्ने लिच्छविकालदेखि चलिआएको परम्परा मल्लकालसम्म पनि कायम नै रह्यो। यक्ष मल्लको उदय भएपछि पुनः भक्तपुर नै राजधानी भयो। यक्ष मल्लको विजय अभियानले त्यतिबेलाको नेपाल-मण्डलको शक्ति प्रदर्शित गर्दछ। उनको विजय अभियानबारे इतिहासकारहरूका विभिन्न मत भए तापनि उनको समयमा नेपाल उपत्यका एक समृद्ध राष्ट्र थियो भन्नुमा कुनै अत्युक्ति नहोला। किनभने उनको राज्यकालमा भक्तपुर दरबार वरपर धेरै निर्माण कार्यहरू भएका थिए। उनको राज्यकालमा शान्ति थियो र सांस्कृतिक उपलब्धिहरू पनि निकै भएका थिए। (२६)

यक्ष मल्लका छोराहरूमध्ये सबैभन्दा लायक रत्न मल्लले यक्ष मल्लको मृत्युपछि पुनः टाउको उठाउन खोजेका बाह्र ठकुरी सामन्तहरूलाई दमन गरी कान्तिपुरलाई राजधानी बनाई शासन गर्न थाले। उनलाई कान्तिपुरमा शासन गर्न आफ्ना भाइहरू अरि मल्ल, इन्द्र मल्ल आदिले सहयोग गरेका थिए। (२७) रत्न मल्लले पाटनका 'सप्त कुटुम्वज' महापात्रको नामले ख्यातिप्राप्त सामन्तहरूलाई साथ लिई पाटनमा पनि आफ्नो प्रभुत्व कायम राखेका थिए। (२८) तर त्यतिबेलाको नेपाल-मण्डलभित्र र यक्ष मल्लले निर्माण गरेको मल्ल राज्य कुनै एक राजाको अधीनमा भने थिएन। भक्तपुरमा रत्न मल्लका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दाजु राय मल्लले आफ्ना भाइहरूसँग मिली संयुक्त शासन गरिरहेका थिए भने बनेपा एक भाइ रण मल्लले केही समयसम्म भक्तपुरबाट स्वतन्त्र भई शासनको बागडोर आफ्नो हातमा राख्न सफल भएको देखिन्छ। नेपाल-मण्डल र तिब्बतको व्यापारको अर्को नाका नुवाकोटमा पनि वैश्य ठकुरीहरूले बरोबर विद्रोह गरी दुःख दिने गर्दथे। यिनीहरूलाई पनि केही हदसम्म कजाउन रत्न मल्ल सफल भए। (२९) तिब्बतसँगको व्यापारको अर्को महत्त्वपूर्ण नाका दोलखा पनि अलि अशान्त नै रह्यो। यक्ष मल्लको मृत्युपछि उनका छोराहरूमा परस्पर मेल नभएपछि र त्रिपुर राजकुलका सदस्यहरू बीच शक्ति सङ्घर्ष हुन थालेपछि यही मौकामा दोलखाका सामन्त कीर्ति सिंहका छोरा उद्धव सिंहले त्यहाँ आफ्नो स्वतन्त्र शासन स्थापना गर्न कोसिस गरेका थिए। (३०)

रत्न मल्लको लगभग ३८ वर्षसम्मको शासनकाल नेपाल मण्डलको इतिहासमा निकै रोमान्चकारी रह्यो। त्यतिमात्र होइन, उनको मृत्युपछि जयस्थिति मल्लको उदयकासाथै नेपाल-मण्डलमा जुन महिमा मण्डित जाग्रत युगको सिर्जना भएको थियो, त्यसको अन्त भयो। माथि पनि भनिसकिएकै छ दाजुभाइका बीच मात्रै होइन, काका-भतिजा, बाजे-नाति तथा मामा-भानिज समेतको उभय, त्रिभय, चौभय शासनले गर्दा, जताततैको विद्रोहले गर्दा, मध्यकालीन नेपालमा शक्ति सङ्घर्ष जताततै देखापरेको थियो, जसको परिणाम स्वरूप रत्न मल्लको मृत्युपछि नेपाल-मण्डल टुक्रिन बाध्य भयो। (३१)

यस्तो अस्थिर कमजोर राजनीतिक अवस्थामा पनि उत्तर मल्लकालीन नेपालमा तिब्बतसँगको व्यापार यथावत चलि नै रह्यो। रत्न मल्लले व्यापारमा सरलीकरण होस् भन्ने आशय राखी तामाका मुद्रा प्रचलनमा ल्याएका थिए। (३२) रत्न मल्लले कान्तिपुरमा राजधानी सारेपछि कान्तिपुरको पनि विकास हुन थाल्यो। व्यापारसँग सम्बन्धित देवता भीमसेनका मन्दिरहरू बन्न थाले र नेपाल-मण्डलभित्र र बाहिरसमेत भीमसेनको पूजाआजा गर्ने परम्परा बस्न थाल्यो। (३३) कलाप्रेमी मल्ल राजाहरूले नाटक (साहित्य) आदिलाई पनि प्रोत्साहित गरि नै रहे। बनेपाका स्वतन्त्र शासक रण मल्लले 'पाण्डव विजय' नाटक लेखाई आफैँले अभिनय गरेका र गीत-वाद्य संयोजन गरेका थिए। तल्लो जातमा जन्मेका भए तापनि, शूद्रकुलमा जन्मेको भए तापनि विद्वान् कविहरूलाई कदर गरिन्थ्यो। 'पाण्डव विजय' नाटकका लेखक शुभराजका बाबु अभयराज दरबारी कवि थिए। शूद्रकुलमा जन्मेको भए तापनि उनलाई 'कविश्वर' को उपाधि दिइएको थियो। (३४) रत्न मल्लकै समयमा व्यापारको सिलसिलामा भारतबाट मुसलमानहरू र सन्यासीहरू नेपाल-मण्डलभित्र पसेका थिए। (३५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रत्न मल्लको मृत्युपछि नेपाल-मण्डल वागमती उपत्यकाभित्र तीनवटा मल्ल राज्य स्थापना भएको देखिन्छ । भादगाउँ, काठमाडौं र पाटनका यी मल्ल राजाहरूलाई आ-आफ्नो राज्यका वरपर रजाइँ गरी बस्ने सामन्तहरूले राज्य सञ्चालनको काममा, नेपाल-तिब्बत र भारतसँगको व्यापारमा र सेना व्यवस्था तथा परिचालनमा सहयोग गर्दथे । यस्ता सामन्तहरूमध्ये फर्पिङका रावुत्तहरू, बनेपाका वर्दनहरू, नुवाकोटका वैश्य ठकुरीहरू आदि मुख्य थिए । तर विस्तारै विस्तारै यी तीनै राज्यका मल्ल राजाहरूले आ-आफ्नो राज्यको बागडोर आ-आफ्नै हातमा राखी यी सामन्तहरूलाई समेत कजाइ राज्य गर्न थालेको देखिन्छ । यी राजाहरूमध्ये भक्तपुरका राजा जगत्ज्योति मल्ल, जीतामित्र मल्ल, भूपतीन्द्र मल्ल र रणजीत मल्ल मुख्य थिए भने काठमाडौंका महेन्द्र मल्ल, शिवसिंह मल्ल, लक्ष्मी नरसिंह मल्ल, प्रताप मल्ल, भूपालेन्द्र मल्ल र जयप्रकाश मल्ल, पाटनका शिवसिंह मल्ल, सिद्धिनरसिंह मल्ल, श्रीनिवास मल्ल, योगनरेन्द्र मल्ल आदि मुख्य थिए । यी तीन राज्यका मल्ल राजाहरू कहिले मिलिजुली बस्थे भने धेरैजसो झगडा गरिरहन्थे । तैपनि यिनीहरूले आ-आफ्ना राज्यलाई समृद्ध बनाउन, कला-कौशलले धनाड्य बनाउन कुनै कसर बाँकी राखेनन् । परिणाम स्वरूप लगभग करिब ३०० वर्षभित्र वागमती उपत्यकाको सभ्यतालाई भौतिक तथा अभौतिक, मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूले भरिपूर्ण बनाई नेपालीहरूलाई विश्वसामु आजसम्म पनि शिर ठाडो गरी बाँच्न समर्थ बनाए । तसर्थ वागमती सभ्यतालाई विश्वका अन्य सभ्यताहरूको दाँजोमा पुऱ्याउन मल्लकालीन नेपालको योगदान अविस्मरणीय रहेको छ । तर २०७२ साल वैशाख १२ र २९ गते आएका महाभूकम्पहरूले हाम्रा सम्पदाहरूमाथि ठूलो क्षति पुऱ्याएका छन् । तसर्थ राष्ट्रको प्रतिष्ठा र गौरव जोगाइ राख्न यी सम्पदाहरूको जीर्णोद्धार र पुनर्निर्माण अविलम्व गर्नुपरेको छ ।

वागमती उपत्यकाभित्रका तीन मल्ल राज्यहरूको कमजोर राजनैतिक र सैनिक अवस्थाको मौका पारी गोरखाका राजा पृथ्वीनारायण शाहले यी तीनैवटा राज्यलाई धेरै कोसिस गरी आफ्नो गोरखा राज्यमा गाभे । उनले सुरुमा नुवाकोट र त्यसपछि काठमाडौंलाई राजधानी बनाई नेपाल मण्डलमा शाहवंशको थालनी गरे । नेपाल-मण्डल हात पारेपछि गोरखालीहरू झनझन शक्तिशाली बन्दै गए र केही समयपछि यिनका नाति राजा रणबहादुर शाहको समयसम्म विशाल नेपालको नक्सा कोर्न शाहवंश सफल भए । शाह राजाहरूको विशाल नेपाल निर्माण गरी एउटा बलियो राष्ट्र निर्माण गर्ने अभियानमा सन् १८१४ मा दक्षिणको छिमेकी भारतमा राज्य गरिरहेका अङ्ग्रेजहरूसँग मुठभेड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भयो । नेपाल-अङ्ग्रेज युद्धमा नेपालीहरू अङ्ग्रेजहरूको सैनिक शक्तिको अगाडि टिक्न सकेनन् र सन् १८१६ मार्च ४ तारिखमा सुगौली सन्धिमा हस्ताक्षर गरी युद्धलाई टुङ्ग्याइयो । यो सन्धिले गर्दा नेपालले सिक्किम, कुमाउ, गडवाल र गण्डकीका पश्चिमको तराई पनि गुमायो । नेपालमा अङ्ग्रेजहरूको प्रतिनिधित्व गरी बस्ने रेजिडेन्ट राख्न नेपालीहरूले सहमति दिनुपर्‍यो । फलस्वरूप एडवर्ड गार्डनर सर्वप्रथम अङ्ग्रेजी रेजिडेन्ट भई नेपाल आए । यसरी युरोपेलीहरूसँग नेपालीहरूको सम्पर्क स्थापना हुन गयो । अङ्ग्रेजहरूसँग सम्पर्क हुन थालेपछि नेपालमा अर्कै युगको थालनी भयो । पृथ्वीनारायण शाहसँगसँगै गोरखाबाट आएका भारदारहरू बीच शक्तिको लागि लुछाचुँडी हुन थाल्यो । मुख्तियार भीमसेन थापा जसले नेपाल-अङ्ग्रेज युद्ध सञ्चालन गरेका थिए, त्यो युद्धमा हार भएपछि उनको पनि विस्तारै विस्तारै पतन हुन थाल्यो । थापा र पाण्डेहरूको दुश्मनी, कमजोर शाह राजाहरू, शक्तिशाली रानीहरूको मनमुटाव, अस्थिर राजनैतिक अवस्था र अङ्ग्रेजहरूको बढ्दै गइरहेको चासोले गर्दा जङ्गबहादुर कुवँरले बडो चलाखीका साथ नेपालमा शाह र राणा वंशको पुनः द्वैध शासन चलाउन लगाए । राणाहरू १०४ वर्षसम्म नेपालको वास्तविक शासक बनेर राज्य सञ्चालन गर्न सफल भए ।

नेपालमा शाहवंशले राज्य स्थापना गरे पनि नेपाल-मण्डलको धार्मिक, सामाजिक, सांस्कृतिक विश्वास र व्यवस्थाहरूमा कुनै आघात पुर्‍याइएन । वागमती उपत्यकाका आधाजसो बासिन्दा हिन्दू भएको हुनाले शाह राजाहरूलाई धर्ममा कुनै व्यवधान ल्याउनु पर्ने कुरै भएन । त्यतिबेलाको समाजमा चलिआएको मानव बेचबिखन र करियाप्रथा, दास प्रथाजस्ता अमानवीय प्रथाहरूलाई राजा पृथ्वीनारायण शाहले नै घृणित प्रथाहरू भनी विरोध गरिसकेको हुनाले मुख्तियार भीमसेन थापाले विश्वका अन्य सभ्य राष्ट्रलेभन्दा पहिले आंशिक रूपमा भए पनि सरकारी तहबाट कानुनी ढङ्गले करिया व्यापारलाई अवैध घोषणा गरिदिए । (३६) वि.सं.१८९६ मा समस्त नेपालमा दासत्त्व प्रथालाई अवैध घोषित गरी कमारा-कमारी बनाउने प्रचलनमा कानुनतः प्रतिबन्ध लगाइदिए । (३७) प्रथम राणा प्रधानमन्त्री जङ्गबहादुरले दासप्रथा र मानव बेचविखन प्रथालाई कानुनी तवरबाट प्रतिबन्धित गर्न कोसिस गरेका थिए । तर दासप्रथाको पूर्णतया उन्मूलन भने राणा प्रधानमन्त्री चन्द्र शमशेरले सन् १९२४ मा गरे । (३८)

नेपाल-अङ्ग्रेज युद्धपछि नेपालमा आधुनिक सभ्यताको सूत्रपात भयो । नेपाली कला, वास्तुकला र जनजीवनमा पनि परिवर्तनहरू देखापर्न थाले । भीमसेन थापाले परम्परागत वास्तुकलालाई ठूलाठूला झ्याल ढोकाहरूले सिंगारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घरका तलाहरूलाई पनि अग्लो बनाई झिँगटीको सट्टा ठूलाठूला पाका टायलले छाना छाउने र सुर्की चुनाको प्लास्टर प्रयोग गर्ने चलन चलाए। वास्तुकलामा भएको यो प्रयोगलाई जङ्गबहादुरको समय र त्यसपछिसम्म पनि शाह र राणा शासकहरूले प्रयोगमा ल्याई नै रहे। यसैक्रममा नेपाल मण्डलभित्र शाह-राणाहरूको शासनकालमा दर्जनौं दरबारहरू, सयकडौं देवल र शिवालयहरू बने। जङ्गबहादुर राणाले निर्माण गरेको कालमोचनको जङ्ग हिरण्य नारायण मन्दिर यसको ज्वलन्त उदाहरण हो। (३९) शाह-राणाकालमा वागमती टेकूदेखि थापाथलीसम्मका घाटहरूमा, पाटनको शङ्खमूलको घाटमा र पशुपति क्षेत्रमा प्रशस्त महत्त्वपूर्ण मन्दिर, देवस्थल, शिवालय, पाटी पौवा, सत्तल आदि संरचनाहरू निर्माण भए। यी वास्तुकलाका संरचनाहरू वागमती सभ्यताका लागि महत्त्वपूर्ण योगदान थिए। जङ्गबहादुरले वि.सं.१९२१ मा निर्माण गरेको मृगस्थली गोरखनाथ मन्दिरको पूर्व-दक्षिण दिशातर्फ अवस्थित भव्य कामकामेश्वरी (विश्वरूपा) को मन्दिर पनि यसै सभ्यताको एउटा उदाहरण हो। यस कालमा निर्माण गरिएका गुम्बज शैली, शिखर शैलीका मन्दिरहरू मुस्लिम वास्तुकला र भारतमा प्रचलित शिखर वास्तुकलाबाट निकै प्रभावित भए तापनि नेपाली वास्तुकलाविद्हरूले यी संरचनाहरूलाई आफ्नै पन दिन सफल भए। जस्तै काम कामेश्वरी (विश्वरूपा) मन्दिरलाई नै लिऊँ। त्यस मन्दिर वरपर निर्माण गरिएका सत्तलहरू र मन्दिरलाई सुहाउँदो गरी राखिएका कलात्मक झ्याल, ढोकाहरू र गुम्बजको मुनितिरका स-साना गुम्वजशैलीका मन्दिर आकारका संरचनाहरू अनि मन्दिरको प्राङ्गण अर्थात् परिसरभित्र प्रशस्तै नेपाली कलाकृतिहरूले यो मन्दिर सिँगारिएको छ। (४०)

शाह-राणाकालमा नेपालको राजनैतिक व्यवस्था तानाशाही ढङ्गबाट चलेको हुनाले जनताले आफ्नो स्वेच्छाले स्वतन्त्रतापूर्वक राष्ट्रको गरिमा र गौरव बढाउने काम गरी वागमती सभ्यतामा खास उल्लेखनीय आयाम भने थप्न सकेनन्। जनता र शासकवर्गबीच ठूलो फाटो रह्यो। जनता झनझन गरिब हुँदै गए। जनता गरिब भएपछि संस्कृति आफैँ पनि गरिब हुँदै गयो। मल्लकालसम्म चलिआएका धेरै बौद्धिक, साहित्यिक, सांस्कृतिक र धार्मिक क्रियाकलापहरूमा ह्रास आउन थाल्यो। गुठीहरू धमाधम मासिन थाले। मल्लकालसम्म बौद्ध धर्म कला-दर्शनको केन्द्र स्वरूप रहेका बौद्ध विहारहरू खाली दैनिक पूजाआजा गर्ने काममा मात्र सीमित रहे। नेपाल-मण्डलको भाषा नेवा भाषा र नेपाल संवत्लाई फैलिन र प्रयोग गर्न दिइएन। नेपाली कलाकारहरूलाई शासक वर्गले संरक्षकत्व प्रदान गरेनन्। देशमा भारतीय र युरोपेली कलाकृतिहरूले बढी प्रोत्साहन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाउन थाले । कुनै समयमा नेपाल उपत्यकाभित्र आएका विदेशी विद्वान्हरूले विश्वकै उत्कृष्ट सभ्यताहरूमध्ये एक भनेर मानिआएको वागमती सभ्यतामा विकृतिहरू आउन थाले । पवित्र वागमती नदीमा फालिएका फोहरहरूले प्रदूषण ल्याएझैं वागमती सभ्यतामा पनि प्रदूषण आउन थाल्यो ।

इसाको सुरुआतदेखि १८ औं शताब्दीको आधाआधीसम्म हुर्केको, बढेको, हराभरा भएको, सुगन्धित भएको, विभिन्न समुदाय, जातजाति, भाषाभाषी, धर्म र संस्कृतिका मानिसहरूले सयौं वर्ष लगाएर मेहनत गरेर समुद्र मन्थन गरेझैं मन्थन गरेर जन्माएको यस वागमती सभ्यताले अझै पनि विश्व मानव समुदायलाई आफ्ना गुणहरूले मुग्ध पारिरहेको छ । यो सभ्यताले सबै धर्मलाई मान्ने, सबै देवदेवीहरूलाई पूजाआजा गर्ने, सबै सुमदाय र धर्मका जात्रा, मेला, पर्व, उत्सवहरूलाई उत्तिकै सम्मानपूर्वक मान्ने र भाग लिने शान्ति र सह-अस्तित्वको जुन संस्कृतिलाई फैलाएको छ त्यसलाई आज विश्वले नै मुग्ध कण्ठले प्रशंसा गरिरहेको छ ।

शान्तिप्रिय नेपालीहरूले आफ्नो देशको इतिहासमा पनि राजसत्ताहरू परिवर्तन गर्दा कुनै ठूलो युद्ध, गृहयुद्ध आदि गरेनन् । मल्लकालसम्म सत्ता प्राप्तिको लागि खासै कुनै ठूलो युद्ध पनि भएन । तर गोरखाली राजा र तिनका फौजको भने उपत्यकाका मल्ल राजा र तिनका फौजसँग केही समय घमासान युद्ध भएको थियो । जुनसुकै राष्ट्रको इतिहासमा यस्ता युद्धका घटनाहरू भई नै रहन्छन् । तर युद्धपछि शान्ति जरुर आउँछ र यही शान्तिको समयमा देशमा सभ्यता फस्टाउँदछ । साथै कला र संस्कृतिको विकास हुन्छ । नयाँ नयाँ आविष्कारहरू हुन्छन् । भाषा र साहित्यको वृद्धि अनि विकास हुन्छ । जनता सुखी र खुसी हुन्छन् । वास्तवमा पूर्व लिच्छविकालदेखि शाहकालको सुरुआतसम्म नेपाल-मण्डलको उन्नति र विकासमा खासै अवरोध आएनन् । नेपाल-मण्डलका बासिन्दाहरूले वागमती उपत्यकाभित्र बसोबास गर्न थालेदेखि नै अङ्गीकार गरेका सामन्जस्यता, समन्वय, सहिष्णुता, शान्ति, सद्भाव आदिलाई कहिल्यै पनि बिर्सेनन् र यी गुणहरू नै वागमती सभ्यताका सबैभन्दा ठूला देन हुन् । वास्तवमा वागमतीको सभ्यता इन्द्रधनुष झैं सात विभिन्न गुण, रङ र मिठासहरूको मिश्रण हो । यी सातवटा गुणहरू एकै सूत्रमा बाँधेपछि प्राप्त भएको एउटा उज्ज्वल प्रकाश हो । यी सात गुणहरू हुन् : धार्मिक सहिष्णुता, मौलिक परम्परागत वास्तुकलाको विकास, मौलिक परम्परागत हस्ताकलाको विकास, मौलिक अमूर्त सांस्कृतिक निधिहरूको विकास, नेपाल भाषा र साहित्यको विकास, स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न राज्य प्रणाली र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नागरिकहरूमा मिलजुल, राष्ट्रप्रेम र राष्ट्रियताको भावनाको विकास ।

वागमती सभ्यताबारे एउटा शोधग्रन्थ तयार गर्ने अभिप्रायले नेपाल संस्कृत विश्वविद्यालयले राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रसँग भएको करार बमोजिम नै यो ग्रन्थ तयार भएको हो । यस कार्यमा मलाई उक्त केन्द्रका कार्यकारी निर्देशक डा.जगमान गुरूङले सुरुदेखि नै प्रेरणा र सहयोग गर्दै आउनु भएको छ ।

वागमतीको सभ्यताबारे सम्भवतः यो नै पहिलो पुस्तक होला । करिब दुई वर्षको शोधखोज र अध्ययन-अनुसन्धान पछिमात्र मैले यो ग्रन्थ लेखेको हुँ । यसमा कहीँकतै त्रुटिहरू भेटिन पनि सक्छन् । त्यसका लागि म पहिले नै क्षमायाचना गर्दछु ।

मैले यस ग्रन्थमा 'कुशाण'(कुशान) भनेर शक, पार्थियन र कुशानहरूलाई संयुक्त रूपबाट सम्बोधन गरेको छु । किनभने वागमती उपत्यकाभित्र कुशान, शक र पार्थियनहरूलाई छुट्याएर भन्न त्यति सजिलो छैन । यसकारण पनि कि तिनीहरू यस उपत्यकाभित्र सँगसँगै पसेर, घुलमिल भएर बसेका थिए । ग्रन्थमा मैले 'प्रस्तर' भनेर ढुङ्गाका मूर्तिहरूलाई सम्बोधन गरेको छु । साथै मैले यो ग्रन्थमा नेवाः भनेर वागमती उपत्यकाका मौलिक बासिन्दाहरूलाई सम्बोधन गरेको छु । त्यस्तै गुम्वज शैलीको मन्दिरलाई कतै रजपूत शैली त कतै दरबारिया शैली भनेको छु ।

ग्रन्थका ठाउँठाउँमा कुराहरू दोहोरिएका हुनसक्छन् । सन्दर्भ मिलाउनको लागि र प्रष्टसँग बुझाउनको लागि कतैकतै कुराहरू दोहोऱ्याउनु पर्ने आवश्यकता देखेर नै मैले जानीजानी यो काम गरेको छु ।

अन्तमा यो ग्रन्थ तयार गर्न मलाई विद्वत्वृत्ति प्रदान गर्ने नेपाल संस्कृत विश्वविद्यालय, मेरा मित्र प्रा.डा.जगमान गुरूङ, केही आवश्यक फोटोहरू दिई सहयोग गर्नु हुने साथि प्रा.डा. यज्ञनाथ आचार्य, भाई सुनिल डंगोल, कम्प्युटरमा टाइप गरी सहयोग गर्ने सुरेन्द्र महर्जन र हरतरहबाट हौसला प्रदान गर्ने मेरी श्रीमती माधुरीलाई पनि हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

डा.साफल्य अमात्य
'कल्पवृक्ष' म्युजियम मार्ग, छाउनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पहिलो अध्याय

वागमतीको सभ्यताको पृष्ठभूमि

परापूर्वकालदेखि हिमाल तथा पर्वत शृङ्खलाका कुना, कन्दरा र हिमतालहरूबाट बग्दै आएका निर्मल, स्वच्छ र प्रदूषणरहित चिसो पानी बग्ने हाम्रा पवित्र नदीहरू वागमती र विष्णुमतीबाट सिञ्चित नेपाल-मण्डल वागमती उपत्यकाको सभ्यता भन्नु नै वागमती सभ्यता हो। यस पुण्यभूमिमा एकातिर ज्योतिर्लिङ्ग पारसनाथ भगवान पशुपतिनाथ विराजमान छन् भने अर्कोतिर स्वयम्भू ज्योतिरूपको दर्शन गर्न भगवान बुद्धसमेत यस उपत्यकामा आएका थिए भन्ने कुरा स्वयम्भूपुराणमा उल्लेख गरिएको छ। तसर्थ वागमती उपत्यका र यहाँको सभ्यताको महत्त्व र महिमा धेरै प्राचीन त छँदैछ साथै मानव इतिहासमा समेत यस सभ्यताले उदाहरणीय भूमिका खेलेको र विशिष्ट योगदान पुऱ्याएको देखिन्छ। यस्तो वागमतीको सभ्यता नेपाल र नेपालीको लागि कति महत्त्वपूर्ण र अर्थपूर्ण छ भन्नेबारे स्वदेशी र विदेशीहरू कसैले पनि खासै मात्रामा कुनै ठोस अध्ययन-अनुसन्धान गरेको पाइएको छैन। नेपाल-मण्डल (काठमाडौं उपत्यका) को सभ्यता र संस्कृति भन्नु नै वागमतीको सभ्यता र संस्कृति हो। यसै पवित्र वागमती नदीको अमृत जलबाट नै यस उपत्यकाभित्र मानव बस्ती बस्न सकेको हो। आमाका दुईवटा स्तनले वालक हुर्काएझैं काठमाडौं उपत्यकालाई वागमती र विष्णुमती नदीले परापूर्वकालदेखि सिञ्चन गर्दै आएको पाइएको छ। फलस्वरूप यस उपत्यकाभित्र मानवमात्र होइन थलचर, जलचर, रूख, विरुवा, बालीनाली आदि सबै हुर्कन र बढ्न सकेका छन्।

इतिहासका विभिन्न कालखण्डमा विश्वका विभिन्न ठाउँहरूमा सभ्यता र संस्कृतिको जन्म, उत्थान र विकास भएको मात्र होइन, कैयन् यस्ता सभ्यताहरू मासिएर, बिलाएर गइसकेका पनि छन्। यस्ता प्राचीन सभ्यताहरू प्रायः कुनै न कुनै नदी नजिक अथवा नदी किनारमा विकसित भएको कुरा हामी पुरातात्त्विक अध्ययनहरूबाट थाहा पाउँछौं। जस्तै इसापूर्व दश हजार वर्ष जति अघिको प्राचीन मिश्र (इजिप्ट) देशको सभ्यता नाइल नदी वरपर विकास भएको थियो भने मेसोपोटामियाको सुमेरियनहरूको सभ्यताको विकास पनि टिगरिस (Tigris) र युफरेट्स (Euphrates) नदीको उपत्यकामा भएको थियो। त्यसरी नै चिनियाँ सभ्यताको विकासको केन्द्र पनि ह्वाङ्ग-हो (Hwang–ho) र याङ्ग-से-काङ्ग (Yang–she–Kiang) नदीहरू नै थिए। इसापूर्व १५०० वर्षभन्दा अघि आर्यहरूले विकास गरेको सभ्यतालाई सिन्धुघाटी सभ्यता अर्थात् इन्दुज भ्याली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिभिलाइजेसन (Indus valley Civilization) भनेर हामी भन्दछौं किनभने यो सभ्य तापनि पञ्जाबको सिन्धु नदी वरपर विकास भएको थियो। (१)

विश्वका यी सभ्यताहरू भन्दा प्राचीन नभए तापनि वागमतीको सभ्य तापनि इसापूर्व नै विकसित भइसकेको कुरा सन् ८० को दशकमा काठमाडौंको हाँडीगाउँमा गरिएका उत्खननहरूबाट पुष्टि भइसकेको छ। काठमाडौं उपत्यकाभित्र पनि केही नवपाषाण (Neolithic) युगका मानिसहरूले प्रयोग गर्ने प्रस्तरका औजारहरू पाइएको हुनाले यहाँ पनि इसापूर्व सात हजारदेखि पाँच हजार वर्षतिर आएर यी नवपाषाण युगीन औजारहरू प्रयोग गर्ने मानिसहरू यहाँ आएका थिए भन्न सकिन्छ। तर यी नवपाषाण युगीन मानिसहरू को थिए, कहाँबाट आए, यहाँबाट कता गए र कता विलाए भन्ने कुरा अझै पनि निकै सोधखोजको विषय बनिरहेको छ। (२)

काठमाडौंको उत्तरीभेगमा रहेको बुढानीलकण्ठमा विष्णुमती नदीको श्रोत नजिकै प्राग्मानवहरूले प्रयोग गरेका केही प्रस्तरका औजारहरू फेला परेका थिए। बुढानीलकण्ठको धोबीखोलाको किनारमा पाइएका यी नवपाषाण युगका औजारहरूले कुनै समयमा उपत्यकाभित्र वा उत्तरी हिमालय फेदीमा प्राग्मानवहरूले बसोबास गरेको हुनसक्छ भनेर सोभियत रुसका पुरातत्त्वविद् प्रो.डा.सेटेन्कोले उल्लेख गरेका छन्। (३)

नेपाल-मण्डलभित्र किरातहरूको उपस्थिति र किरात सभ्यताको देनबारे हामीलाई त्यति धेरै थाहा छैन। तर नेपाली वाङ्मयभित्र केही असंस्कृत शब्दहरूको प्राचीनकालदेखिको प्रचलन र केही अनार्य प्रस्तरका मूर्तिहरूको प्राप्तिले गर्दा केही विद्वान्हरू काठमाडौं उपत्यकाभित्र लिच्छविहरू आउनुभन्दा अगाडि किरातहरूको राज्य थियो भनेर भन्न पनि हिच्किचाउँदैनन्। तर नेपाल-मण्डलभित्र किरातहरूले राज्य स्थापना गरेका थिए वा थिएनन् भन्ने कुरा अझै अनिर्णित मात्र नरही वैज्ञानिक एवं पुरातात्त्विक ढङ्गबाट पुष्टि हुन पनि सकेको छैन। (४)

भगवान बुद्धको समयमा नेपाल-मण्डलमा सभ्यताको शुरुआत भइसकेको थियो वा थिएन भन्ने कुरा पनि अझै अनिर्णित नै छ। हुन त भगवान् बुद्धको जीवनको अन्तिम समयदेखि नै शुरु हुन थालेको धार्मिक झै-झगडा, लडाईं र मारकाटहरूबाट बच्न नै उत्तर भारतका विभिन्न राज्यहरू, प्रान्तहरू र जनपदहरूबाट विभिन्न वंशका मानिसहरू यस उपत्यकाभित्र पसी पवित्र वागमती नजिकै अलि उच्च ठाउँहरूमा बस्न थालेको हुनसक्छ। यो धेरै सम्भव पनि छ। उत्तरी भारतबाट पलायन भएर उपत्यकाभित्र पसेकामध्ये बर्मा, लिच्छवि,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बिज्जी, कोलीय, शाक्य, शकपार्थीयनहरू, कुशानहरू, आभिर गुप्तहरू नै मुख्य थिए। यी शरणार्थीहरूले मुख्यतया तीन ठाउँमा आफ्ना बस्तीहरू बसाएको देखिन्छ। यस उपत्यकाभित्र पवित्र वागमतीको पश्चिममा पर्ने देवपतन इलाका र चाबहिलमा, धोबीखोलाको पश्चिम हाँडीगाउँ र मालीगाउँ इलाकामा र वागमती र विष्णुमतीको दोभान टेकुभन्दा उत्तर ह्युमतटोल, ब्रह्मटोल र लगनटोल इलाकामा नै इतिहासको शुरु-शुरुदेखि यी शरणार्थीहरूले बस्ती बसाएको हुनसक्छ। यहाँ एउटा कुरा हामीले के थाहा पाउनु जरुरी छ भने धोबीखोला पनि पछि गएर वागमतीमा नै मिसिन्छ। यसरी पूर्वमा पशुपति आर्यघाटको वागमती नदी, दक्षिणमा वागमती नदी र उत्तरमा वागमती तथा विष्णुमतीको सङ्गम टेकुदोभान र पश्चिममा विष्णुमती यति चार किल्लाभित्र नै वागमती सभ्यताको शुरुआत र विकास भएको पाइन्छ।

नेपाल-मण्डलभित्र बुद्धको आगमनबारे प्रचलित धेरै दन्त्यकथाहरू सुन्न र पढ्न पाइन्छन्। चाबहिलको चारूमती विहार र स्तूप, देवपत्तनको स्थापना, स्वयम्भूको महिमा र पाटनको प्राचीन चार दिशामा अवस्थित चारवटा स्तूपहरूको स्थापना पनि यस प्रसङ्गमा जोडिएर आएको पाइन्छ। यस उपत्यकाभित्र अशोक र अशोकका दूतहरूले धर्म प्रचारको सिलसिलामा यहाँ आई यी स्तूपहरूको निर्माण, देवपत्तन शहरको स्थापना गरेका थिए भन्ने भनाइ छ। जहाँसम्म चाबहिल स्थित धन्दो चैत्य र त्यस चैत्य वरपरका प्राचीन पुरातात्त्विक वस्तुहरूको कुरा छ, केही वर्षअघि त्यस चैत्यको जीर्णोद्धार गरिंदा धेरै कुरा प्रस्ट हुन गएको देखिन्छ। धन्दो चैत्यको प्राचीनतालाई पुरातात्त्विक प्रमाणहरूद्वारा पुष्टि गरिसकिएको छ। यहाँ पाइएका अभिलेख र दुईवटा लिच्छविकालीन माटाका छाप जसमा महायान बौद्ध धर्मको मन्त्र 'धर्मा हेतु प्रभवा हेतुतेषां तथागतो ह्यवदतेषां च यो निरोध एवंवादी महाश्रवण' भन्ने वाक्य अङ्कित छ। त्यस्तै चैत्यको प्राङ्गणमा पाँचौं शताब्दीको प्रस्तरको उभिइरहेको (हाल हराइसकेको) बुद्ध मूर्ति र अन्य पाँचौं/छैटौँ शताब्दीका मूर्तिहरू तथा लिच्छवि चिवहाँ (चैत्य) हरूले पनि यसको प्राचीनतालाई पुष्टि गर्दछन्। तर अशोक र मौर्यसभ्यताका समकालीन कुनै पनि पुरातात्त्विक वस्तुगत प्रमाणहरू भने यहाँ अझसम्म भेटिन सकेका छैनन्। २०६१ सालमा चैत्यको जीर्णोद्धार गर्दा प्राप्त एउटा ईँटाको अभिलेखमाथि चक्र चिन्ह भेटिएको थियो। त्यसको तल ब्राम्ही लिपिमा 'चारुवती थूप' अक्षरहरू कुँदिएको पाइएको छ, जसबाट यस स्तूपको प्राचीनकालदेखि नै नाम चारुवती वा चारुमती थियो भन्ने बुझिन्छ। यो स्तूपको निर्माण चारुवती नामकी कोही प्रतिष्ठित महिलाद्वारा गरिएको हुनुपर्छ। लिपिको आधारमा यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभिलेख पूर्वलिच्छविकालको हुनसक्ने केही पुरातत्त्वविद्‌हरू विश्वास गर्दछन्। (५) तर यस चैत्यमा पनि प्रशस्त कुशान मुद्राहरू भेटिएको हुनाले उक्त चैत्यको निर्माणमा कुशान वास्तुकलाविद्‌हरूको देन हुन सक्ने कुरालाई भने नकार्न सकिँदैन। हुन पनि नेपाल मण्डलभित्र इसाको प्रथम र द्वितीय शताब्दीहरूमा कुशानहरू निकै शक्तिशाली थिए। कुशानहरूको उदयसँगसँगै यहाँ शैव र बौद्ध धर्मको पनि उदय भयो। पहिलेदेखि प्रभाव जमाई बसिरहेको भागवत् (वैष्णव) धर्म भने विस्तारै विस्तारै सेलाउँदै जान थालेको आभास हुन्छ। (६) वास्तवमा इसापूर्व प्रथम/द्वितीय शताब्दीतिर नेपाल उपत्यकाभित्र पलायन भएर उत्तरी भारतका विभिन्न राज्य तथा गणराज्यहरूबाट आएका मानिसहरूमध्ये शाक्य, कोलीय आदि बौद्धमार्गीहरू पनि थिए भने पछि इसाको प्रथम शताब्दीमा शक सम्राट कनिष्कको उदय भएपछि उनले पनि नेपालमा बौद्ध धर्म फैलाउन मद्दत गरेका थिए। (७)

वागमतीको नजिकै ह्युमत टोलमा अवस्थित टुकवहाको स्तूपलाई पनि उपत्यकाभित्रका अति प्राचीन स्तूपहंरूमध्ये एक मानिन्छ। सन् १९९५ मा यस स्तूपको जीर्णोद्धार गर्दा स्तूपको गर्भगृहबाट प्रशस्त कुशानकालीन मुद्रा (कनिष्क र हुभिस्क) प्राप्त भएका थिए। साथै धेरै स-साना धातुका बुद्ध मूर्तिहरू पनि पाइएका थिए। विभिन्न समयमा धेरै पटक जीर्णोद्धार भइसकेको यस स्तूपको निर्माणमा पनि कुशानहरूको देन थियो भन्न सकिन्छ। आकार प्रकारमा चारुमती स्तूप र टुकवहाको स्तूप धेरै मिल्दाजुल्दा देखिन्छन्। (८)

त्यस्तै पाटन शहरको चार दिशामा रहेका प्राचीन स्तूपहरूलाई अशोकको नेपाल आगमनसँग दाँज्ने चलन छ। ती चार स्तूपलाई प्रचलित शब्दमा अशोकस्तूप पनि भन्ने गरिन्छ। मौर्यकालीन स्तूप वास्तुकलाको धेरै नजिक देखिने पाटनका यी चार स्तूपको स्थापनाबारे कुनै तथ्य आजसम्म प्रकाशमा आएको छैन। आफूले भ्रमण गरेका, तीर्थाटन गरेका ठाउँहरूमा आफ्नो अभिलेखसहित वा अभिलेखरहितका शिलास्तम्भहरू प्रमाणस्वरूप छोड्ने सम्राट अशोक यदि नेपाल-मण्डलभित्र प्रवेश गरेका भए त्यसको कतै न कतै, कुनै न कुनै प्रकारको पुरातात्त्विक प्रमाण भेटिनु पर्ने हो। तर त्यस्तो कुनै पनि प्रमाण हालसम्म उपत्यकाभित्र कहीं भेटिएको छैन। तथापि पाटनका यी स्तूपहरूको उत्खनन गरी नहेरेसम्म यसै हो भनेर भन्न सकिँदैन। यी चार स्तूपहरू अशोककालीन नभए पनि पाटन शहरको उत्थान र विकाससँग खासगरी नेपाल-मण्डलभित्र बौद्ध धर्मको उत्थान र विकाससँग सम्बन्ध राख्दछन् भन्ने कुरामा भने दुई मत नहोला। जहाँसम्म मलाई लाग्छ, इतिहासका विभिन्न कालमा यस उपत्यकाभित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भारतबाट बौद्ध भिक्षुहरू धर्म प्रचारको सिलसिलामा नेपाल-मण्डलभित्र पसेका थिए। सम्राट अशोकले तेस्रो बौद्ध सम्मेलनपछि बौद्ध भिक्षुहरूलाई आफ्नो राज्य र छिमेकी देशहरूमा समेत सद्भावना र धर्म प्रचारको दृष्टिकोण राखी पठाएको बेला उनले हिमाली क्षेत्र (जसभित्र नेपाल पनि पर्दछ) मा कश्यपगोटा, ढुण्डीविसार, सहदेव र मुलकादेवसहितका भिक्षुहरूको एउटा ठूलो दल नै पठाएका थिए भनी महावंश र अरू बौद्धग्रन्थहरूमा उल्लेख गरिएको पाइन्छ। (९) सायद यसै दलले पाटनका यी स्तूपहरू स्थापना गरेको हुनु धेरै सम्भव देखिन्छ।

इतिहास शिरोमणि बाबुराम आचार्यको भनाइअनुसार इसापूर्व ७५० को आसपाससम्म नेपाल उपत्यकामा सभ्यताको उत्थान भइसकेको तथ्यलाई बुद्धको निर्वाण भएको १ हजार वर्ष जतिपछि संस्कृत भाषामा नै लेखिएको 'मूल सर्वास्तिवाद - विनय सङ्ग्रह' नामक प्रसिद्ध बौद्ध ग्रन्थबाट पनि पुष्टि हुन्छ। गौतम बुद्धको जीवनकालमा (इसापूर्व ५६३-४८३) नै कौशलका राजा विरुधक शाक्य-गणको संहार गरेको, भदन्त आनन्द नामक उनका एक प्रमुख शिष्य शाक्य शरणार्थीहरूको खोजी गर्दै नेपाल आएको, उनले यहाँ ठूलो बजार देखेको र नेपालबाट स्वदेश फर्कंदा पनि ऊन, विल्लोर आदि कच्चापदार्थहरू खरिद गर्न आउने भारतीय व्यापारीहरूकै साथ फर्केको वृत्तान्त उक्त 'मूल सर्वास्तिवाद-विनय सङ्ग्रह' मा सङ्क्षिप्त रूपमा वर्णन गरेको पाइन्छ। यो वृत्तान्त कौटिल्यको कथनसँग मिल्ने हुनाले बुद्धको निर्वाण भएको १ हजार वर्षपछि लेखिएको भए पनि उक्त विनय सङ्ग्रहमा दिइएको विवरण प्रमाणित नै देखिन्छ। तसर्थ महात्मा बुद्धको जीवनकालसम्ममा नेपाल उपत्यकाभित्र सभ्यताको उत्थान भइसकेको कुरामा कुनै शङ्का छैन। (१०)

लिच्छविकालमा शुरु भएको यो बौद्ध धर्म गुरुहरूको नेपाल-मण्डल र नेपाल-मण्डलको बाटो गरी तिब्बतका विभिन्न ठाउँ र चीनमा समेत जाने परम्परा पछि मल्लकाल, शाहकालमा समेत कायम नै थियो। इसाको चौथो शताब्दीताका प्रसिद्ध बौद्ध भिक्षु वसुबन्धु आफ्ना हजारौँ चेलाहरूसहित नेपाल आएको र उनका चेलाहरूले नेपालमा चैत्य बनाएको कुरा तारानाथको कृति 'हिस्ट्री अफ बुद्धिज्म इन इन्डिया' (History of Buddhism in India) मा उल्लेख छ। भिक्षु वसुबन्धुको मृत्यु नेपालको भू-भागमा भएको थियो। हुनसक्छ वसुबन्धुका चेला भिक्षुहरूले निर्माण गरेका चैत्यहरूमा पाटनका चैत्यहरू नै हुन्। वसुबन्धुको मृत्युपछि यिनै चैत्यहरूमध्ये कुनै एकमा उनको अस्थिसमेत राखिएको हुन सक्छ। (११) तर पाटनका यी चैत्यहरूमा पनि नेपाल-मण्डलभित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अशोकको आगमनबारे कुनै उल्लेख पाइँदैन ।

इतिहास शिरोमणि बाबुराम आचार्यले देउपाटन, जसको स्थानीय भाषाको नाम 'ग्वल' हो, त्यो कुशानहरूले स्थापना गरेको अथवा बसाएको ग्राम हो भनेर भन्नु भएको छ । (१२) हुनसक्छ कुशानहरूले बसाएको ग्राम भएको हुनाले नै देउपाटनको पूर्व वागमती किनारमा भगवान पशुपतिनाथ (शिव) को मन्दिर र पश्चिममा चारुमती विहार र धन्दो चैत्यको स्थापना हुन गएको हो किनभने कुशानहरू शैव र बौद्ध दुवै धर्म मान्दथे । देउपाटनको राजनैतिक महत्त्व मल्लकालसम्म पनि कुनै न कुनै किसिमसँग रहँदै आएको देखिन्छ । तर यस इलाकाको सांस्कृतिक र धार्मिक महत्त्व भने उपत्यकाभित्र अति नै उच्च छ । भगवान पशुपतिनाथ र गुह्येश्वरीपीठ यसै इलाकामा हुनाले यो नेपालीहरूको लागि मात्र होइन सम्पूर्ण हिन्दूहरूकै लागि अति महत्त्वपूर्ण तीर्थस्थल हुन गयो ।

लिच्छविहरू अधिकांशले वैष्णव धर्म मान्ने हुनाले यिनीहरूले आफ्नो बस्ती र राज्यको केन्द्रस्थल हाँडीगाउँ र मालीगाउँ इलाकामा स्थापना गरे । यसै इलाकाभित्र यिनीहरूले सत्यनारायणको मन्दिर, धुम्रवाराही नारायणको मूर्ति र नक्साल नारायण चौरमा अर्को नारायणको मन्दिरमात्र निर्माण गरेनन्, बरु आफ्नो इलाकाको नाम नै 'हरिग्राम' राखे । यस क्षेत्रको उत्तर-पश्चिम र उत्तरतर्फ बालाजु र बुढानीलकण्ठमा जलशयन नारायणहरू पनि स्थापना गरी यस क्षेत्रलाई नै हरिहर क्षेत्रको रूपमा परिवर्तन गरे । यसरी यस इलाकालाई हरिहर क्षेत्र बनाउन आभिर गुप्त र विज्जिहरूले पनि लिच्छविहरूलाई उत्तिकै साथ दिएका थिए । (१३)

देउपाटन क्षेत्र पाशुपत क्षेत्र वा शैवभूमि बन्यो । हाँडीगाउँ, मालीगाउँ क्षेत्र वैष्णव भूमि अर्थात् हरिहर क्षेत्र बने । लिच्छविहरूसँगसँगै नेपाल-मण्डलभित्र पसेका कोलीयहरूले वागमतीको उत्तरतिर रहेको लगन, ब्रम्हटोल र ह्युमततिर आफ्नो बस्ती बसाले । कोलीयहरूले बस्ती बसालेको क्षेत्र हुनाले यस इलाकालाई 'कोलिग्राम' भन्न थालियो । कोलीयहरू अधिकांश बौद्ध धर्मका अनुयायी भएको हुनाले यिनीहरू कोलिग्राम क्षेत्रलाई बौद्ध धर्मको केन्द्र बनाउनतिर लागे । फलस्वरूप यहीं नै प्राचीन टुकम्वहा चैत्यको निर्माण हुनुका साथै प्रशस्त स-साना प्रस्तरका चिःवहा (चैत्यहरू) निर्माण गरी स्थापना गरे । यस क्षेत्रभित्र बौद्ध विहारहरू निर्माण हुन थाले । जस्तै लगनबहाल, मुसुमबहाल, ओमबहाल, मच्छिन्द्रबहाल, इटुम्बहाल आदि । यस क्षेत्रभित्र इतिहासको क्रममा शाक्य र पालवंशका मानिसहरू जो बौद्ध धर्मका अनुयायी थिए, तिनीहरू पनि यसै इलाकाभित्र बस्न आए । मुसुम्बहाल (जसलाई मणिसङ्घ-महाविहार) पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनिन्छ, त्यस क्षेत्रमा लिच्छविकालमा ठूलो बस्ती थियो। त्यहाँ अधिकांश बौद्ध मतावलम्बीहरूको बसोबास थियो भन्ने कुरा त्यस ठाउँ वरपर रहेका आठवटा लिच्छविकालीन चैत्यहरूले प्रमाणित गर्दछन्। (१४)

यसरी लिच्छविकालको शुरु-शुरुदेखि नै नेपाल उपत्यकाभित्र शैव, वैष्णव (भागवत) र बौद्ध धर्मको समानरूपले जग बसाली विकसित गरेको पाइन्छ। तर यहाँनिर एउटा कुरा के बुझ्नु पर्दछ भने जुनसुकै धर्म पनि राज्यको संरक्षणमा बढी हुर्कन, बढ्न र फैलिन सम्भव हुन्छ। इतिहासको क्रममा नेपाल-मण्डलमा पनि कहिले वैष्णव धर्म, कहिले शैव धर्म र कहिले बौद्ध धर्मले राज्यको संरक्षण पाउँदै आएको देखिन्छ। तर नेपाल-मण्डलभित्र राजा नरेन्द्रदेवले इसाको सातौँ शताब्दी अर्थात् सन् ६४३-६४४ देखि ६७९ सम्म आफ्नो राज्यकालमा बौद्ध धर्मलाई धेरै नै प्रोत्साहितमात्र गरेका थिएनन्, शासन प्रणालीलाई नै बौद्ध धर्मको ढाँचामा ढाल्न खोजेका थिए। तर उनको मृत्यु पछि त्यो त्यसै सेलाएरमात्र गएन, त्यस समय नेपाल-मण्डलभित्र बौद्ध धर्मको दबदबालाई समेत नियन्त्रित राख्न बौद्ध धर्मविरुद्ध अभियानहरू पनि भएका देखिन्छन्। फलस्वरूप केही बौद्ध विहार वा स्तूपहरू भत्काइएको आशङ्का पनि गरिन्छ। (१५)

वास्तवमा नेपाली जनता र नेपाल-मण्डलभित्र राज्य गर्ने अधिकांश राजाहरू र राजप्रतिनिधिहरूले नेपाल-मण्डललाई शाह राज्य स्थापना हुनु अगाडि धर्मनिरपेक्ष राज्यको ढङ्गबाट नै अगाडि बढाएको देखिन्छ। शैव, वैष्णव, बौद्ध धर्ममात्र होइन, इसाई र मुसलमानहरूलाई समेत सुखपूर्वक बसोबास गर्ने अवसर दिइएको थियो।

नेपाल मण्डलभित्र जेजति धर्म, कला र संस्कृतिको विकास भयो, जेजति वास्तुकला, मूर्तिकला र अरू विज्ञानहरूको विकास भयो ती सबैको श्रेय यस क्षेत्रभित्र बसोबास गर्ने मानिसहरूलाई जान्छ। यस उपत्यकाका दुई प्रमुख नदी वागमती र विष्णुमतीले उर्वर बनाएको भूमिबाट उब्जनी भएका खाद्यान्न र पवित्र अमृतजलको उपभोग गर्ने सुअवसर तिनलाई प्राप्त भएको हुनाले नै कला, संस्कृति, वास्तुकला, मूर्तिकला आदिको विकास सम्भव भएको हुनु पर्छ। जीवन बाँचुन्जेलमात्र आमाले झैँ यी नदीहरूले हामीलाई बाँच्ने साधनहरू जुटाइदिएको मात्र होइन, मृत्युपछि पनि हाम्रो मोक्षको मार्ग यी नदीहरूबाटै हुने गर्दछ। तसर्थ यस उपत्यकाका सम्पूर्ण मानिसको सभ्यताको शुरुदेखि नै यी नदीहरूसँग गाँसिएको सम्बन्धलाई के कसरी निर्वाध ढङ्गबाट सुरक्षित गरेर कालान्तरसम्म लैजान सकिन्छ, त्यो साह्रै आवश्यकमात्र होइन, यस उपत्यकाको र सम्पूर्ण नेपाल राष्ट्रको सुखद भविष्यको लागि समेत अनिवार्य छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्दर्भ सामग्रीहरू

(१) Davies H.A., 1947, An Outline History of the World, New Edition Revised to 1937, London,

(२) अमात्य, साफल्य, २०५३, काठमाडौ. नगरायण, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान काठमाडौं

(३) Prof. Dr. Schetnko, Dec, 1977 – May 1978, The Outcomes of the Scientfic Mission to Nepal in Brief, Ancient Nepal, No. 43–45, Page 1–103

(४) अमात्य, साफल्य, २०५३, काठमाडौं नगरायण, काठमाडौं

(५) दर्नाल, प्रकाश, २०६२, चाबहिलस्थित धन्दोचैत्य जीर्णोद्धारबारे केही चर्चा, प्राचीन नेपाल, सङ्ख्या १५९, असार पेज ३५–७८

(६) Veradi Giovanni, 1992, Excavitions at Harigaon : Kathmandu, vol. 1 Ismeo, Roma, pp.12–17

(७) गोयल, श्रीराम, १९७३, प्राचीन नेपालका राजनीतिक और सांस्कृतिक इतिहास, वारानसी, पेज १७५

(८) Shrestha, Sukra Sagar, 2002, **Tukan Bahal Stupa**, Ancien Nepal, no.150 June pp.20–38

(९) Thapar, Romila, 1995, **Asoka and the Decline of the Mouryas,** Oxford University Press, Calcutta, Fourteenth Impression, pp 47–48

(१०) आचार्य,बाबुराम, नेपालको सांस्कृतिक परम्परा, श्रीकृष्ण आचार्य, काठमाडौं २०५४, पेज १६

(११) Taranatha : History of Buddhism in Inda, Delhi, Reprinted 1990, pp 174–175

(१२) आचार्य, बाबुराम, प्राचीन नेपाल (इ.सं.१००–५००सम्म) नेपाली, (त्रैमासिक) पूर्णाङ्क ४२, २०२६ पेज ३–२२)

(१३) यज्ञनाथ, आचार्य, २०६१, कूल तथा इष्टदेवी मनमानेश्वरी, काठमाडौं

(१४) साफल्य,अमात्य नं.२, पेज ४३)

(१५) (क) Varidi Giovanni, No. 6, pp23

(ख) अमात्य,.साफल्य, नं. २, पेज ४४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोस्रो अध्याय

वागमती सभ्यताका मिथक तथा पौराणिक कथाहरू

कुनै पनि सभ्यताको इतिहासलाई धेरै मिथक तथा पौराणिक कथाहरूले सिँगारी रोचक र विश्वसनीय बनाइएको हुन्छ । यस्तै धेरै मिथक एवं पौराणिक कथाहरूले वागमती सभ्यताको इतिहासलाई पनि रोचक र रोमान्चकारी बनाइदिएका छन् ।

कुनै समय यो उपत्यका एउटा विशाल दह थियो भन्ने कुरा यहाँको भू-बनोटले पनि प्रमाणित गरिसकेको छ । (१) कालान्तरमा विभिन्न कारणले गर्दा यो विशाल दह जसलाई 'नागदह' पनि भनिन्थ्यो, यस दहभित्र नागहरूको वासस्थान थियो रे । कालान्तरमा त्यो दह गोकर्ण, सूर्यघाट, चोभार र कटुवाल दहका खोचहरूबाट बगेर गई सुक्न गयो । स्कन्दपुराण अर्न्तगत् हिमवत्खण्डमा नेपाल महात्म्यको वर्णन गर्दै भनिएको छ : एकपटक वागमती किनारमा रहेको नेपालको श्लेषमान्तक वनमा भगवान् शिव र देवी पार्वती मृग रूप लिई वन विहार गर्न आएका थिए । धेरै समयसम्म शिव र पार्वतीलाई कैलाशमा नदेख्दा देवताहरूले तीनवटै लोकमा खोज्न थाले । अन्तमा तिनीहरूले शिव र पार्वतीलाई श्लेषमान्तक वनमा मृगको रूप लिई वन विहार गरिरहेको देखे । देवताहरूले धेरै अनुनय, विनय गरे पनि शिव र पार्वतीलाई फर्काउन सकेनन् । देवताहरूले मृगरूपी शिव-पार्वतीलाई लखेट्न थाले । आखिरमा देवताहरू शिव-पार्वतीलाई घेरामा राख्न सफल भए । विष्णु र इन्द्रले दुवै हातले मृगरूपी शिवको सिङ समाते । बलले समातेको कारण सिङ चार टुक्रा भयो । शिवले त्यहीँ नै पशुपतिको रूप धारण गरेर बसे जुन पशुपतिनाथ आज पनि विद्यमान छ ।

अर्को एक पौराणिक कथामा शिवका भक्त वाणासुरका छोरा महेन्द्रदमन दानवले आफ्नी बहिनी प्रभावतीलाई खुशी तुल्याउन मृगेन्द्र शिखरबाट बग्दै आइरहेको वागमतीलाई रोकी श्लेषमान्तक वनलाई ठूलो तलाउमा परिणत गरिदिए । त्यसको रक्षाको काम दानव कक्षपासुरलाई सुम्पे । मृगेन्द्र शिखरका राजा सूर्यकेतुकी छोरी चन्द्रावतीलाई देखी महेन्द्रदमन मुग्ध भए र उनीसँग विवाह गर्न उद्दत भए । उता कृष्णका छोरा प्रद्युम्नलाई महेन्द्रदमनलाई मारी चन्द्रावती, प्रभावती दुवैजनासँग विवाह गराउन देवताहरूले षड्यन्त्र रचे । प्रभावतीले नारदसँग आएका प्रद्युम्नलाई देख्नासाथ आफूलाई पार्वतीले प्रद्युम्न पति पाउने छ भनी वरदान दिएको कुरा सम्झिइन् र उनीसँग गान्धर्व विवाह गर्न तयार भइन् । महेन्द्रदमन र उनका दानव वीरहरूसँग प्रद्युम्नको ठूलो लडाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भयो। प्रद्युम्नले महेन्द्रदमन र सम्पूर्ण दैत्य सेना तथा कक्षपासुर समेतलाई मारी विजय प्राप्त गरे र वागमतीलाई रोकी राखेको बाँधलाई विष्णु (कृष्ण) ले आफ्नो चक्रले फोडी वागमतीलाई फेरि बग्न दिए। वागमती बगेपछि यो भूमि कुनै समयमा वासुकी नागराजले तपस्या गरेको हुनाले वासुकी नागराजको नामले वासुकी क्षेत्र र नेमिऋषीलाई यसको पालना गर्न विष्णु र शिव दुवैले अह्राएको हुनाले त्यस उप्रान्त यस क्षेत्रको नाम नेपाल हुन गयो भनी 'नेपाल महात्म्य' मा नेपालको उत्पत्तिबारे रोचक ढङ्गबाट प्रस्तुत गरिएको छ। (२)

त्यसरी नै स्वयम्भू पुराणअनुसार पनि वागमती उपत्यका नेपाल-मण्डलमा कुनै समय नागहरूले वास गरेको कालीदह थियो। सत्य युगमा विपश्वी बुद्ध आई यस दहमा कमलको बीजारोपण गरे। सोही कमलको फूलबाट ज्योतिरूप स्वयम्भूको उत्पत्ति भयो। स्वयम्भूको दर्शन गर्न विश्वभू तथागत आए र उनले यो दहको पानी अब चाँडै नै सुकेर जानेछ भनी भविष्यवाणी गरे। श्री स्वयम्भू ज्योतिरूप धर्मधातुको दर्शन गर्न महाचीनबाट मञ्जुश्रीको आगमन भयो। दहभित्र स्वयम्भूको ज्योतिरूप देखी उनी निकै आश्चर्य चकित भए। उनले देवता र मानिसहरू सबैको हित र सुखको लागि स्वयम्भूको दर्शन गर्न र प्रदक्षिणा गर्न सक्ने गरी बसोबास गर्न लायक हुने सुन्दर नगर निर्माण गर्न भनेर आफ्नो चन्द्रहास खड्गले दहको पानीलाई छेकी राखेको न्हुछेकाप, कैलाश, गोकर्ण आदिका पहाडलाई काटिदिए। त्यसपछि दहको पानी सुकी स्वयम्भूको दर्शन गर्न सजिलो भयो। यो कुरा शिखी तथागतले थाहा पाएपछि उनी पनि स्वयम्भूको दर्शन गर्न आए। त्यसपछि मञ्जुश्रीले नेपाल-उपत्यकाको सबैभन्दा पहिलो शहर मञ्जुपट्टनको निर्माण गरे। यो शहर स्वयम्भू पर्वतस्थानदेखि गुह्येश्वरी वागमती नदीसम्म फैलिएको थियो। उनले उक्त शहरमा एकजना क्षेत्री धर्माकारलाई राजा बनाइदिए। (३)

वागमती उपत्यकामा मानव बस्ती कहिलेदेखि शुरु भयो र सबैभन्दा पहिले यस उपत्यकाभित्र कुन जाति र समुदायका मानिसले बसोबास गरेका थिए भन्ने कुरा यकिन गर्न सकिएको छैन। केही इतिहासकारहरू वागमती उपत्यकाभित्र सर्वप्रथम गोपालवंशका राजाहरू र त्यसपछि किरातवंशका मानिसहरूले बसोबास र राज्यसमेत गरेका थिए भनी विश्वास गर्दछन्। तर ती कुरालाई पुष्टि गर्ने खास कुनै पनि पुरातात्त्विक प्रमाणहरू आजसम्म फेला पर्न सकेका छैनन्। वंशावलीहरूमा किरातहरूमाथि विजय प्राप्त गरी लिच्छविहरूले यस उपत्यकामा राज्य स्थापना गरे भनी उल्लेख गरिएको छ। तर वंशावली र केही पौरणिक ग्रन्थहरूमा बाहेक किरात राजाहरूबारे कुनै ठोस प्रमाण अझै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फेला पर्न सकेको छैन । ब्रिटिश ल्याइब्रेरीको हड्सन हस्तलिखित ग्रन्थ सङ्ग्रह, भोलम् ५२ अनुसार नेपालमा ११ जना गोपालवंशका राजाहरू, २८ जना किरात राजाहरू र ६५ जना लिच्छवि (सूर्यवंशी) राजाहरूले राज्य गरेका थिए भनी उल्लेख गरिएको विवरण पाइन्छ ।

पौराणिक ग्रन्थ श्रीस्वस्थानी व्रत कथाको पञ्चदशो अध्यायमा महादेव श्लेषमान्तक वन (वागमती उपत्यका) मा किरात रूप लिई शिकार खेल्दै हिंडेको वर्णन छ । महाकवि भारविले छैटौं शताब्दीमा रचना गर्नु भएको 'किरातार्जुनीयम्' महाकाव्यमा पाण्डुपुत्र अर्जुन र किराताधिपति भगवान् शङ्करका बीच भएको युद्धको वर्णन गरिएको छ । (४)

इन्द्रचोकको प्रसिद्ध आकाश भैरवलाई किरात राजा यलम्बरको भैरवरूप मानी पूजाआजा गर्ने चलन छ । प्रचलित दन्त्य कथाअनुसार राजा यलम्वर साधारण मानिसको भेष धारण गरी भैरवरूपमा महाभारतको युद्ध हेर्न कुरूक्षेत्रमा पुगे । तर त्यहाँ कुनै युद्ध भइरहेको नदेख्दा बडो आश्चर्य मानेर बसिरहे । बसिरहेको समयमा यो कुरा कृष्णले चाल पाए । अब भएन भनी कृष्ण पनि कुरूक्षेत्र पुगे । कृष्णलाई देखेपछि भैरवरूपी यलम्वरले महाभारतको युद्ध अझसम्म किन नभएको भनी सोधे । यो कुरा सुनी कृष्ण बडो आश्चर्यचकित भए । किनभने महाभारतको युद्धबारे उनलाई बाहेक अन्य कसैलाई पनि थाहा थिएन । यी साधारण मानिसले यो युद्धबारे कसरी थाहा पाए भनी कृष्णले ध्यान दृष्टिले हेर्दा यो कोही साधारण मानिस नभई भैरवरूपी यलम्वर पो रहेछन् भन्ने थाहा पाए । त्यसपछि कृष्णले भैरवलाई महाभारतको युद्धमा तपाई कसको पक्षबाट युद्ध गर्नु हुन्छ भनी सोधे । जवाफमा भैरवले युद्धमा जो हार्छ उसैको पक्षबाट लड्छु भनी जवाफ दिए । यो कुरा सुनी अब बित्यास पर्ने भयो, यिनी भैरवलाई युद्धमा जित्न कसैले सक्दैन र अन्तमा युद्ध यिनैको पक्षमा हुनेछ भनी बडो चिन्तित भई कृष्णले भैरवलाई छल गरी वाचा लगाई तिनको शिरछेदन गरे । काटिएको भैरवको शिर उडेर आकाशतर्फ गयो । आकाशबाट भैरवले महाभारतको युद्ध हेर्न थाले । तर उनले देखे - महाभारतको युद्ध त सम्पूर्ण एक्लो कृष्णको जालझेल पो रहेछ । यस्तो छलकपट र जालझेलको युद्ध के हेरिरहने भनी उनी आकाश मार्गबाट आफ्नो देश नेपाल फर्के । त्यसपछि जनताले आफ्नो प्रिय राजाको काटेको शिरलाई आकाश भैरव मानी पुज्न थाले । (५)

ऐतिहासिक कालको कुरा गर्ने हो भने मौर्यकाल (इसापूर्व चौथौंदेखि दोस्रो शताब्दी) र खासगरी चन्द्रगुप्त मौर्यको शासनकालमा भारत आएका ग्रीक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्वान् मेगस्थनिज्ले एक ठाउँमा वर्णन गरेका छन् – 'मौर्यहरूको गङ्गा नदीको स्रोत नजिकै हिमाली क्षेत्रमा बस्ने जङ्गली मानिसहरूसँग पनि सम्बन्ध थियो ।' सम्भव छ हिमाली क्षेत्रमा बस्ने यी जङ्गली मानिसहरू शायद किरातहरू नै थिए कि ? (६)

आद्य इतिहासकाल अथवा बुद्धको समयमा वागमती उपत्यकाबारे ऐतिहासिक अवस्था र तथ्य थाहा नभए तापनि 'स्वयम्भू पुराण' मा शाक्यमुनि बुद्धले आफ्नो जीवनको अन्तिमकालमा यहाँ आई श्रीस्वयम्भूमा महाचैत्यको दर्शन गरी १३५० जवान शिष्यहरू बनाई मञ्जुश्री स्मृति चैत्य, नैरात्मा गुह्येश्वरी, नमोबुद्ध (नामुरा) आदि ठाउँहरूको दर्शन गरी फर्के भनेर वर्णन गरिएको छ । त्यस समय वागमती उपत्यकामा किराती राजा हुमति (जितेदस्ती) थिए । (७)

ऐतिहासिककालमा आएर पनि वागमती उपत्यकाबारे अनेकन् मिथकहरू पाइन्छन् । इसापूर्व तेस्रो शताब्दीका महान् मौर्य सम्राट अशोक आफ्ना गुरु उपगुप्त, धर्मपत्नी तिष्यरक्षिता, छोरी चारुमती र अन्य परिवारजनहरूसँग आई स्वयम्भू महाचैत्यको दर्शन गरेको, ललितपुरका चारै दिशामा चैत्यहरू स्थापना गरेको, छोरी चारुमतीलाई क्षेत्रीय राजकुमार देवपालसँग विवाह गरिदिएको आदि कुराहरूको वर्णन पनि स्वयम्भू पुराणमा छ । तर अशोककालीन कुनै पनि पुरातात्त्विक अवशेषहरू यस उपत्यकाभित्र हालसम्म नभेटिएकोले वागमती उपत्यकाभित्र अशोक आएका थिए भन्ने कुरा खाली मिथक मात्रै भइरहेको छ । अशोककी तथाकथित छोरी राजकुमारी चारुमतीले बनाउन लगाएको हुनाले चाबहिलस्थित धन्दोचैत्यलाई चारुमती विहार भनेर नामाकरण गरिएको भन्ने कुरा पनि कल्पना कै आधारमा गरिएको जस्तो लाग्छ । २०६०-२०६१ सालतिर त्यस चैत्यको जीर्णोद्धार गर्दा चैत्यको गर्भगृहभित्र पनि उत्खनन गरी हेरिएको थियो । उक्त उत्खननको क्रममा त्यहाँ ब्राह्मीलिपिमा 'चारुवती' भनेर लेखिएको इँटा फेला परेको थियो । त्यसैको आधारमा यो कुनै चारुमतीले निर्माण गर्न लगाएको चैत्य हुनसक्ने सम्भावना रहे पनि तिनी अशोककै छोरी हुन् भन्ने कुराको कुनै प्रमाण छैन । यो चैत्यको निर्माणकाललाई उत्तर लिच्छविकाल अर्थात् इसाको प्रथम या द्वितीय शताब्दीभन्दा अगाडि लैजान सकिँदैन । (८)

ऐतिहासिककालमा आएपछि पनि वागमती उपत्यकाको सभ्यतालाई अझै पौराणिक कथा तथा मिथकहरूले रोचक तुल्याएका धेरै उदाहरणहरू हामीसँग छन् । यसकालमा पनि धेरैजसो देवालय, मन्दिर, पीठ, पोखरी, ढुङ्गेधारा आदिको निर्माणसँग जोडिएका धेरै मिथक तथा दन्त्य कथाहरू छन् । यसरी नै जात्रा, नाचगान आदिसँग सम्बन्धित पनि धेरै मिथक तथा दन्त्य कथाहरू यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपत्यकाभित्र छन् । भाषा वंशावली र पद्मगिरी वंशावलीहरूमा यस्ता मिथक र दन्त्य कथाहरू प्रशस्त छन् । (९)

नारायणहिटीको ढुङ्गेधाराबारेको दन्त्यकथालाई भाषा वंशवलीमा यसरी वर्णन गरिएको छ : राजा धर्मदेवले आफ्ना पुर्खाले बनाएको नारायण धाराबाट पानी आउन बन्द भएपछि साह्रै अफसोच गरे । राजा धर्मदेव नारायणका अनन्य भक्त थिए । उनलाई एकदिन स्वप्न भएअनुसार ज्योतिषहरू बोलाई सल्लाह गर्दा बत्तीस लक्षणले युक्त भएको नरबलि दिएपछि मात्र यस धाराबाट पानी बग्ने छ भने । यो कुरा सुनी राजाले आफू र आफ्ना छोरा मानदेव दुवै मात्र बत्तीस लक्षणले युक्त भएको हुनाले दुईमध्ये एकले ज्यान सङ्कल्प गर्नु सिवाय अरू उपाय देखेनन् । उनले छोरा मानदेवलाई बोलाएर भने – 'बाबु आजको चार दिनपछि त्यस धारा नजिकै कोही व्यक्ति सम्पूर्ण शरीर छोपी सुतिरहेको हुनेछ । त्यसलाई मुख नहेरी काट्नु ।' मानदेवले पिताको आज्ञाअनुसार चार दिनपछि धारानिर गई हेर्दा कोही व्यक्ति सम्पूर्ण शरीर छोपी सुतिरहेको देखे । उनले सुतिरहेको मानिसको मुखै नहेरी काटिदिए । त्यसैबेलादेखि धाराबाट पानी पनि आउन थाल्यो । मानदेव खुसी भई रगतले भिजेको हात, खड्ग धुन जाँदा पितृहत्या गर्नेको मुख किन हेर्ने भनी धाराले मुख फर्कायो । त्यही मुख फर्केको धारा आजसम्म नारायणहिटीको धारामा यथावतै छ ।

भोलिपल्ट मानदेवले बाबुले छल गरी आफूलाई पितृहत्या गराउन लगाएको कुरा थाहा पाए । अब यो पापको मोचन कसरी गर्ने भनी उनले वज्रयोगिनी देवीलाई पुकारे । देवीले पनि आकाशवाणीबाट एउटा बौद्ध मन्दिर (स्तूप) बनाउ भनी आज्ञा गरिन् । मानदेवले बौद्ध मन्दिर बनाउने काम थाल्नासाथ अनावृष्टि भई पानीको हाहाकार भयो । रात रातभर कपडामा शीतको थोपाथोपा जम्मा गरी त्यसको पानीबाट इँटा बनाई, धेरै दुःखकष्ट सही बौद्ध मन्दिर तयार गरे । यसरी खासा चैत्य नाम गरेको हालको बौद्धनाथको स्तूपको निर्माण भएको थियो । (१०)

वागमती उपत्यकाभित्र आसाम कामारूकामाक्षबाट मत्स्येन्द्रनाथ ल्याइएकोबारे पनि यस्तै रोचक दन्त्यकथा छ । राजा नरेन्द्रदेवको समयमा नेपाल उपत्यकाभित्र खडेरी परी हाहाकार भयो । किन यसरी खडेरी पर्‍यो भनी राजा अत्यन्तै चिन्तित भई त्यस बखतका प्रसिद्ध तान्त्रिक विद्वान् बन्धुदत्तसँग सल्लाह गरे ।

नेपाल मण्डलमा गोरखनाथलाई अनादर गरेको हुनाले उनले सबै नागहरूलाई समाती आफ्नो आसनमुनि राखी तपस्या गरिरहेका थिए । जबसम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनका गुरू मत्स्येन्द्रनाथ त्यहाँ आउँदैनन्, उनी तपस्या गरिरहेको ठाउँबाट उठ्दैनन्, उनी नउठेसम्म नागहरू उनको आसनमुनि नै रहने हुँदा जबसम्म आसाम कामारूकामाक्षबाट मत्स्येन्द्रनाथलाई नेपाल-मण्डलभित्र ल्याउन सकिँदैन, प्रजाहरूले दुर्भिक्ष सहिरहनुपर्ने देखेर मत्स्येन्द्रनाथलाई लिन भनी राजा नरेन्द्रदेव, तान्त्रिक आचार्य बन्धुदत्त र एक नोकर त्यसतर्फ लागे। अब कसरी युवराज मत्स्येन्द्रनाथलाई नेपाल-मण्डलभित्र ल्याउन सकिन्छ भनी धेरै सोचविचार भयो। त्यसैक्रममा त्यस देशका राजालाई कर्कोटक नागराजको मद्दतले पेट दुख्ने रोग लगाइदिने काम भयो। उक्त रोगबाट राजालाई त्यस देशका कसैले पनि मुक्त गर्न सकेनन्। आखिरमा बन्धुदत्तले राजालाई नागको पूजापाठ गरी औषधि ख्वाई रोग निको पारिदिए। त्यो देखेर राजा अत्यन्त खुसी भई बन्धुदत्तलाई उनले भनेको कुरा दिन्छु भनी वाचा दिए। बन्धुदत्तले पनि राजकुमार मत्स्येन्द्रनाथलाई मागे। तर मत्स्येन्द्रनाथकी आमाले उनलाई पठाउन मानिनन्। तान्त्रिक बन्धुदत्तले तान्त्रिक साधन गरी मत्स्येन्द्रनाथलाई भमराको रूपमा कलशभित्र प्रवेश गराई नेपाल-मण्डलभित्र ल्याए। मत्स्येन्द्रनाथ वागमती उपत्यकाभित्र आइपुगेको खबर गोरखनाथले थाहा पाएपछि गुरु मत्स्येन्द्रनाथको दर्शन गर्न जान आसनबाट उठ्दा सबै नागहरू बन्देजबाट मुक्त भए। त्यसै दिनदेखि वर्षा भई दुर्भिक्षबाट जनताले त्राण पाए। त्यसै समयदेखि बर्सेनि मत्स्येन्द्रनाथको रथ यात्रा गर्ने चलन पनि चल्यो। (११) रातो मत्स्येन्द्रनाथको नेपाल-मण्डलभित्रको आगमनबारे विस्तृत दन्त्यकथाहरू अमोघवज्र वज्राचार्यद्वारा सङ्कलित र सम्पादित "नेपाः देया कनक चैत्य महाविहार या अष्टोत्तर सत लोकेश्वर या परिचय" नामक पुस्तकमा पाइन्छन्। (१२)

वागमती उपत्यकाभित्र विभिन्न शहरहरू, गाउँहरू र वस्तीहरूको निर्माण के कसरी भयो भन्ने विषयमा पनि निकै रोचक दन्त्यकथा तथा मिथकहरू पाइन्छन्। विभिन्न वंशावलीहरूले यस्ता कथाहरू आ-आफ्नै ढङ्गबाट प्रस्तुत गरेका छन्। फर्पिङ शिखरापुर नगरको निर्माणबारे भाषा वशांवलीमा यसरी वर्णन गरिएको छ : राजा भीमार्जुनदेवलाई श्रीगोपालेश्वर, श्रीदक्षिणकाली, श्रीशिखरनारायण, श्रीह्यांगु वज्रयोगिनीले सपनामा आई यसै ठाउँ (फर्पिङ) मा शहर बनाई तिमीसमेत बस र दक्षिण दिशाबाट मानिसहरू यहाँ आई बस्ने छन् भने। राजाले पनि ४८ हजार घरहरू भएको शहर बनाई शिखरापुर नगरको निर्माण गरे। (१३)

कान्तिपुरको निर्माणबारे भाषा वंशावलीमा यसरी वर्णन गरिएको छ : राजा गुणकामदेवलाई एक दिन महालक्ष्मीले सपनामा खड्गाकारको एउटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शहर कान्तिपुरी बनाऊ र म त्यसै शहरमा वस्ने छु भनिन्। सपनामा देवीबाट यस्तो आज्ञा भएकोले गुणकामदेवले १८ हजार घर भएको शहर बसाले। (१४)

सन्दर्भ सामग्रीहरू

(१) K.C Bal Kumar, "Was Kathmandu Valley A Lake", Vasudha, vol XIII, No.26-30

(२) नेपाल राजकीय प्रज्ञापतिष्ठान, २०२८, नेपाल-महात्म्य, काठमाडौं

(३) शाक्य, हेमराज, सन् १९७८ (ने.सं.१०९८), श्रीस्वयम्भू महाचैत्य (नेपाल भाषा), स्वयम्भू विकास मण्डल, पेज १-१८

(४) हरिदास-संस्कृत-ग्रन्थमाला, १९५२, १०५ महाकवि श्री भारवि प्रशितम, किरातार्जुनीयम्, चौखम्वा, वनारस, पेज २०-२३

(५) अमात्य, साफल्य, २०५८, श्रीआकाश भैरवनाथ, श्रीआकास भैरव मन्दिर जीर्णोद्धार समिति, काठमाडौं, पेज ५-६

(६) Wood Michael, The Story of India, BBC books, p 79

(७) शाक्य, हेमराज, नं.३, पेज, ६७-७१

(८) दर्नाल, प्रकाश, आषाढ २०६२, चाबहिल स्थित धन्दो चैत्य जीर्णोद्धारबारे केही चर्चा, प्राचीन नेपाल, सङ्ख्या १५९, पेज ३५-७८

(९) (क) भाषा वंशावली, २०२०, भाग १, नेपाल राष्ट्रिय पुस्तकालय, काठमाडौं, भाषा वंशावली भाग २, २०२२, नेपाल राष्ट्रिय पुस्तकालय, काठमाडौ. २०२३

(ख) Hasrat Bikrama Jit, 1970, Edited, History of Nepal : As Told by Its own Contemporary Chroniclers, Hosiarpor -Punjap, (India)

(ग) अमात्य, साफल्य, २०६०, पानी संस्कृति, काठमाडौं

(१०) भाषा वंशावली, नं.९ (क), भाग १, पेज ७४-७६

(११) भाषा वंशावली, भाग २, पेज ४-१६

(१२) लोकेश्वर परिचय, नेपाल संवत् १०९९, ऐं, काठमाडौं

(१३) भाषा वंशावली, नं.९ (क), भाग १, पेज ८६

(१४) भाषा वंशावली, भाग २, पेज २१-२४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेस्रो अध्याय

प्रागऐतिहासिककालदेखि पूर्वलिच्छविकालसम्म वागमती सभ्यताको अवस्था र विकास

वागमती सभ्यताको इतिहास केलाउनुभन्दा अगाडि आजको नेपालको भू-भागमा फस्टाएको सबैभन्दा प्राचीन सभ्यता, प्राचीन कपिलवस्तु अर्थात् शाक्यहरूको सभ्यता, अर्थात् शाक्य सभ्यतालाई नै लिनु पर्ने हुन्छ । लुम्बिनी, तिलौराकोट (प्राचीन कपिलवस्तु), गोटिहवा आदि ठाउँहरूमा गरिएका उत्खननहरूले यस क्षेत्रको सभ्यतालाई इसापूर्व १३ औँ - १४ औँ शताब्दीसम्म पुऱ्याइसकेको छ । (१) तर यो शाक्य सभ्यताको इतिहासले निरन्तरता भने पाउन सकेन । इसापूर्व ४८६ मा बुद्धले परिनिर्वाण प्राप्त गरिसकेपछि मौर्य साम्राज्यको एउटा सानो हिस्सास्वरूप रहेको कपिलवस्तुको शाक्य राज्यको इलाकाभित्र पर्ने लुम्बिनी, जहाँ बुद्ध शाक्यमुनिको जन्म भएको थियो, त्यस पवित्र भूमिमा तीर्थाटन गर्न मौर्य सम्राट अशोक आएपछि धेरै समयसम्म लुम्बिनीको चर्चा पनि हराएर गयो । तर तिलौराकोटमा गरिएका उत्खननहरूबाट प्राप्त सामग्रीहरू जस्तै कुशानकालीन मुद्राहरू र टेराकोटाका विभिन्न सामग्रीहरूले यस क्षेत्रमा इसाको प्रथम या द्वितीय शताब्दीसम्म पनि राम्रो बस्ती थियो भन्ने बुझाउँछ । तर यो सभ्यता इसाको प्रथम या द्वितीय शताब्दीदेखि १९ औं शताब्दीमा अशोक स्तम्भ फेला नपरेसम्म वास्तवमा पृथ्वीभित्र नै लुकेर बस्यो भने अर्कोतिर नेपाल उपत्यकाभित्र इसापूर्व प्रथम, द्वितीय शताब्दीदेखि नै वागमतीको सभ्यता फस्टाउन थालेको देखिन्छ । यो वागमतीको सभ्यताले त्यसपर्यन्त आजसम्म पनि निरन्तरता पाई नै रहेको छ ।

वागमती उपत्यका आजभन्दा ५० देखि ४० लाख वर्ष अगाडि प्रतिनूतन युग (Pleistocene Age) मा ठूलो दह र वरिपरि डाँडाँहरू थिए । ती डाँडाहरू घना जङ्गलले घेरिएका थिए । नेपाल उपत्यकारूपी त्यो दह सुक्न धेरै समय लाग्यो । दहको पानी सुकी बाहिर बगेपछि यो उपत्यका एक उर्वर भूमिमा परिणत भयो । यस उर्वर उपत्यकामा कुन समयदेखि मानव सभ्यताको विकास भयो ? के ती मानवहरूको उद्भव यहीं भएको थियो वा तिनीहरू अन्तै कतैबाट यस उपत्यकाभित्र पसेका थिए ? के तिनीहरूका पुर्खा यस उपत्यकाभित्र अझै छन् ? आदि प्रश्नहरूको उत्तर दिन पर्याप्त अन्वेषण, अनुसन्धान र अध्ययनहरू हुन बाँकी नै छ ।

सन् १९७८ (वि.सं.२०३४) मा रुसका प्रागऐतिहासिक पुरातत्त्वविद्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डा.सेटेन्कोको टोलीले काठमाडौँ, बुढानीलकण्ठको पूर्व दक्षिणतिर धोवीखोलामा पुरातात्त्विक अवषेशहरूको खोजी गर्दा पूर्व पाषाणयुग (Palaeolithic Age) अर्थात् इसापूर्व ३० हजार वर्ष अघिका केही त्यस्ता प्रस्तरका औजारहरू फेला पारेका थिए जो बिना पालिसका तर ताछेर (Flaked-Chipped) बनाइएका थिए। यी औजारहरूको प्राप्तिबाट काठमाडौं उपत्यकामा मानव बस्तीको इतिहास मध्यपाषाण युगदेखि नै चलिआएको छ भन्ने कुरा उनले सिद्ध गर्न खोजेको देखिन्छ। तर उनको भनाइअनुसार ती औजारहरू उच्च हिमालको फेदमुनि रहेका कुनै पाषाणकालीन थलोबाट बगाएर ल्याइएको हुनसक्ने सम्भावना पनि धेरै छ। (१)

त्यस्तै नेपालको भूभागमा प्राग मानवहरूको खोज, अनुसन्धानमा लाग्नु भएका डा. गुर्डन कोर्भिनसको भनाइ अनुसार काठमाडौं उपत्यकाभित्र कुनै समयमा नवपाषाण युगका (Neolithic Age) मानिसहरूले बसोबास गरेका भए तापनि तिनीहरूका कुनै पनि अवशेषहरू उपत्यकाभित्र अनवरत रूपमा भइरहेको खेतीपातीले गर्दा नासिइसकेका छन्। (२)

काठमाडौं उपत्यकाका विभिन्न ठाउँबाट, विभिन्न व्यक्तिले, विभिन्न समयमा नवपाषाणकालका प्रस्तरका औजारहरू फेला पारेको पाइन्छ। यस उपत्यकाबाट नजिकै पर्ने पूर्वको चरिकोट (दोलखा), जुगु गाउँ, खोपासी (काभ्रेपलाञ्चोक), लुभु (ललितपुर) आदि ठाउँबाट सन् १९८३ मा पुरातत्त्व विभाग प्रमुख अनुसन्धान अधिकारी जनकलाल शर्माले सङ्कलन गरी ल्याउनु भएका नवपाषाणकालीन औजारहरूले पनि वागमती उपत्यका र नजिकै पर्ने जिल्लाहरूमा कुनै समयमा नवपाषाण युगका मानिसको बस्ती बसेको थियो भन्ने कुरामा विश्वास दिलाउँछन्। (३)

हाम्रा प्राचीन वंशावलीहरूमा उल्लेख गरिएका विभिन्न वंशहरू जस्तै महिषपाल, गोपाल, किरात आदि जातिका मानिसहरूले कुनै समय यस उपत्यकाभित्र राज्य गरेका थिए भनेर लेखिएको पाइन्छ। के यिनीहरू नै उपत्यकाभित्र बसोबास गर्ने प्रागमानवहरू थिए ? तर हालसम्म उपत्यकाभित्र गरिएका कुनै पनि उत्खननले यी वंशका मानिसहरूको कुनै पनि ठोस अवशेष हामीले पाउन सकेका छैनौँ। यस उपत्यकाभित्र इसापूर्व प्रथम-द्वितीय शताब्दीताका दक्षिणबाट लिच्छवि र अन्य जनपदका मानिसहरू आएर राज्य स्थापना गरेपछि पनि लिच्छविहरूलाई यहाँ बसोबास गरी बसिरहेका किरातहरूले कुनै न कुनै रूपबाट सघाउँदै आएका थिए भन्ने कुरा यस कालका विभिन्न अभिलेखबाट पुष्टि हुन्छ। (४) किनभने जैसीदेवलको अभिलेख, चौकीटारको अभिलेख,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थानकोटको अभिलेख, सुनागुठी भृंगारेश्वरको अभिलेख, बलम्बूको अभिलेख, साँगाको अभिलेख आदि अभिलेखहरूमा असंस्कृत भाषाका प्रशासनिक शब्दहरू र ठाउँका नाउँहरू प्रशस्त प्रयोग भएको देखिन्छ । जस्तै – कुथेर र शूली अधिकरण, लिङ्ग्वल र माप्चोक अधिकरण, सिकंर (एक प्रकारको कर), विष्टि (झारा) कशष्ठी, झलन्दु,गुं, वूं, चो, आदि शब्दहरू ।

यी असंस्कृत शब्दहरू त्यसबखत उपत्यकाभित्र प्रचलित लोकभाषाबाट लिइएको हुनुपर्दछ । त्यसरी लिच्छवि अभिलेखहरूमा विभिन्न ठाउँहरू, प्रदेशहरू जस्तै खकपिङ्ग, दोम्यान, दुंलगग्राम, खोपृङ्गग्राम, दुप्रङ्गग्राम, ह्यास्प्रिङ्गग्राम, युपग्राम, विलिविक्ष आदि ग्रामहरू, विभिन्न खोलानाला, पोखरी, कुलो आदिका नामहरू पनि असंस्कृत शब्दमा पाइएका छन् । किरातकालीन शब्दहरूमध्ये केही ठाउँका नाउँहरू जस्तै खोपृङ्ग (खोप), भक्तपुर, कुर्पासी (खोपासी), शङ्गा (साँगा), तेग्वल (त्यागल), तेङखु (टेकू) आदि अझै पनि प्रचलित छन् । (५)

लिच्छविकालमा वागमती उपत्यकाभित्र किरातहरूको उपस्थिति थियो भन्ने कुरा त्यस कालका विभिन्न अभिलेखहरूले पुष्टि गरिसकेका छन् । प्रशासनमा प्रयोग गरिने असंस्कृत शब्दहरूलाई हेर्दा किरात भाषाका प्रदेश, ठाउँ, खोला, नाला, पोखरी कुलो आदिका नामहरूले मात्र होइन अंशुवर्माकालीन हनुमानढोकाको अभिलेखमा समेत स्पष्टरूपमा किरात शब्दको उल्लेख छ । (६) यस अघिको मानदेवको विष्णुपादुकाको फेदीमा स्तम्भ अडाउन राखेको जलहरीमा कुँदिएको अभिलेखमा 'केदुम्वाट' भन्ने व्यक्तिको नाम परेको छ, जसलाई यो शिलास्तम्भ बनाउने काममा नियुक्त गरिएको थियो । 'केदुम्वाट' शब्द अझसम्म पनि किरात भाषामा बलियो वा माइलो भन्ने अर्थमा प्रयोग हुन्छ । मानदेवकालीन यस अभिलेखबाट मानदेवको दरबारमा किरातहरूलाई प्रशासनिक काममा लगाउँथे भन्ने कुरा बुझिन्छ । साथै सोही अभिलेखमा '........... ग्रजः केटुम्वाटो नियोजितः' भन्ने शब्दसमेत उल्लेख भएबाट केटुम्वाटका दाजुले पनि मानदेवको दरबारमा आश्रय पाएका थिए भन्ने बुझाउँछ । (७)

तसर्थ पूर्व लिच्छविकालमा नेपाल उपत्यकाभित्र किरातहरू थिए भन्ने कुरामा शङ्का गर्ने ठाउँ रहँदैन । तर यी किरातहरूका सभ्यताको कुनै पनि अन्य प्रमाणित ठोस् अवशेषहरू अझै पुरातत्त्वविद् एवं इतिहासकारहरूले फेला पार्न सकेका छैनन् । यी किरातहरू उपत्यकाभित्र बसोबास गरी बसिरहेका थिए । तापनि यिनीहरूले यहाँ कुनै राज्य स्थापना गरेका थिएनन् । यिनीहरू यायावर, घुमन्ते शिकारी जाति भएको हुनाले पूर्वी नेपालका विभिन्न भागहरू उदयपुर, भोजपुर, संखुवासभा, खोटाङ, इलाम, पाँचथर आदिबाट शिकारको खोजी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दै कुनै समयमा दोलखा र मकवानपुरको बाटो गर्दै वागमती उपत्यकाभित्र पसेका हुनसक्छन् । नेपाल उपत्यकाभित्र किरातहरू पूर्वी प्रान्तहरूबाट पसेका थिए भन्ने कुरा केही वर्षअघि नेपालका पूर्वी जिल्लाहरू उदयपुर, भोजपुर आदि ठाउँहरूबाट प्राप्त प्रागऐतिहासिक मानवहरूको अस्थिपञ्जर, माटाका भाँडाकुँडा, पोते आदिबाट थाहा हुन आएको छ । यिनीहरू वागमती उपत्यकाभित्र कहिले पसे, कति समयसम्म बसे र कहिले वागमती सभ्यताको द्रावणपात्रभित्र घुलमिल भए त्यसबारे केही जानकारी छैन ।

किरातकालीन सभ्यता अथवा किरातहरूले वागमतीको सभ्यतामा पारेको प्रभाव वा छापबारे यहाँ केही कुरा उल्लेख गर्नु आवश्यक देखिन्छ । नेपाली शव्दकोशको भण्डारलाई धेरै किराती शब्दहरूले धनी तुल्याएको कुरा माथि चर्चा गरिसकिएको छ । त्यसरी नै नेपाल उपत्यकाका धेरै ठाउँ, गाउँ, डाँडा, खोला, नाला आदिलाई पनि नामहरू दिई किरात जातिले अहिलेसम्म आफ्नो अस्तित्त्व र पहिचानलाई जीवितै राखेको छ । प्रशासनिक कामहरूमा किराती शब्दहरू प्रयोग भएबाट तत्कालीन प्रशासनमा पनि यिनीहरूको प्रभाव परेको देखिन्छ । राजदरबारको सुरक्षाको काममा किरातहरूलाई नियुक्त गरिएका दृष्टान्तहरू पनि लिच्छवि अभिलेखहरूमा पाइएका छन् । जस्तै – नक्साल नारायणचौरको अभिलेखमा उल्लेखित 'रोगमाचौ दौवारिक' र 'सिन्द्रिर दौवारिक' । यी दुवै नाम असंस्कृत भएकाले यी नामहरू किराती हुनसक्छन् । लिच्छविकालमा यी दौवारिकलाई प्रशासनसम्बन्धी, न्याय कानुनसम्बन्धी, राजदरबार सिँगार्ने, राजकीय रथ सिँगार्ने आदि कामहरू पनि दिने गरेको कुरा माथि उल्लेखित अभिलेखहरूबाट थाहा पाइन्छ । (८) यी अभिलेखहरूबाट हामीले किरातीहरूको प्रशासनिक खुबी, सैनिक खुबी र वास्तुकलासम्बन्धी कामहरूमा समेत खुबी भएको कुरा पनि थाहा पाउन सक्छौँ । साथै, मानदेवको समयको विष्णुपादुकाको फेदीको अभिलेखमा केदुम्वाटलाई यो शिलास्तम्भ बनाउने काममा नियुक्त गरियो भनेर जुन कुरा उल्लेख भएको छ त्यसबाट किरातहरू प्रस्तर कारिगरीको काममा पनि निपुण भएको हुनुपर्छ । नत्र वडामहारानीको कीर्तिको लागि यो शिलास्तम्भ बनाउने कामको जिम्मा केदुम्वाटलाई दिइने थिएन । तर दुर्भाग्यको कुरो – किरातकाल वा किरातहरूको भनी मान्न सकिने कुनै कलाकृतिहरूबारे हामी अझै अन्धकारमा नै छौँ ।

केही पूर्व लिच्छविकालीन प्रस्तरका मूर्तिहरूलाई कला इतिहासकारहरूले लिच्छविकालीन भने तापनि ती मूर्तिहरूमा केही किराती कलाकारहरूको हात परेको हुनसक्छ । यस्ता मूर्तिहरूमा पशुपतिको विरूपाक्षको मूर्ति, विरूपाक्षको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूर्तिमुनि बसिरहेको मृगको मूर्ति, मृगस्थलीको शिवलिङ्ग, बालाजू, क्वावहाल (पाटन) मा रहेको मातृका शक्ति (हारती) का मूर्तिहरू र पशुपतिकै आँगनमा बसिरहेका राजपुरुष जस्तो देखिने मूर्ति आदि हुन्। तर यी मूर्तिहरू किरातकालमा बनेको भनेर यहाँ प्रमाणित गर्न खोजिएको होइन। यी मूर्तिहरूको निर्माणमा किरात कलाकार र किरात सभ्यता प्रतिबिम्बित भएको छ मात्र भन्न खोजिएको हो। वास्तवमा लिच्छविकालीन नेपालमा किरात संस्कृतिका केही तत्त्व एवं अंशहरू विद्यमान रहेको कुरालाई भने कसैले पनि नकार्न सक्दैन। (९) इसाको दोस्रो शताब्दीको तिथिमितिसहितको संवत् १०७ (सन् १८५) को राजा जय वर्माको पूर्णकदको सालिक मालीगाउँबाट प्राप्त भएपछि पूर्वलिच्छविकालको इतिहासबारे धेरै कुराहरू खुल्न गएका छन्।

गोपालराज वंशावली अनुसार वागमती उपत्यकामा सर्वप्रथम गोपालवंश, त्यसपछि महिषपालवंश र त्यसपछि गोपाल र महिषपालहरूलाई जिती किरात वंशले राज्य चलायो। किरात वंशका ३२ जना राजाहरू भए, जुन किरातहरू अहिले तामाकोशी र अरूणकोशीको भू-भागमा बस्दछन्। यी किरातहरूलाई जिती लिच्छविवंशले राज्य गऱ्यो। यी लिच्छविहरू विमलनगरी (वैशाली) बाट आएका थिए। राजा जय वर्मा यिनै लिच्छवि वंशका नवौं राजा थिए। वैशालीका लिच्छविहरूले बुद्धको परिनिर्वाणपछि पाएका अस्थिधातुमाथि ढुङ्गाहरू थुपारेर स्मारक बनाई खुशी मनाएका थिए। (१०) लिच्छविहरूको राजधानी वैशालीलाई रामायण र महाभारतमा स्वर्गमय शहर भनी तारिफ गरिएको छ। 'ललितविस्तर'मा वैशालीलाई धनाढ्य, समृद्धिशाली र घनाबस्ती भएको शहर भनिएको छ। अहिलेको भारतको चम्पारन, मजफरपुर र दरभङ्गा जिल्लाहरू नै प्राचीन वैशाली थिए। लिच्छवि गणतन्त्रभित्र ३६ वटा राज्य मिलेका थिए र यिनीहरूको मगधका शासकहरूसँग शुरुदेखि नै दुश्मनी थियो। बिम्बिसारका छोरा अजातशत्रुले लिच्छविहरूमाथि विजय प्राप्त गर्न १६ वर्षसम्म युद्ध गरे र आखिरमा तिनीहरूमाथि विजय प्राप्त गरेरै छोडे। तर अजातशत्रुको मृत्युपछि कमजोर मगधका राजाहरू आएपछि लिच्छविहरू फेरि बलियो र सङ्गठित भए। (११) लिच्छविवंशकी राजकुमारी कुमारदेवीसँग विवाह गरी चन्द्रगुप्तले लिच्छविहरूसँग देखावटी सम्बन्ध जोडे र केही समयसम्म लिच्छविहरूसँग मिली मगध र वैशाली दुवै ठाउँमा आफ्नो प्रभुत्व बढाए। पाटलीपुत्र गुप्तहरूको राजधानी भयो। तर गुप्त र लिच्छविहरूको मित्रता धेरै समयसम्म कायम रहन सकेन।

चन्द्रगुप्तका छोरा एवं महत्त्वाकाङ्क्षी राजा समुद्रगुप्तले लिच्छवि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गणराज्य आफ्नो साम्राज्यमा गाभे। भारतमा गुप्तवंशका राजाहरूको उदय हुनुभन्दा धेरै अगाडि नै लिच्छविहरू वागमती उपत्यकाभित्र पसिसकेका थिए भन्ने कुरा इसाको दोस्रो शताब्दीमा नै वर्मा वंशका लिच्छवि राजा जयवर्मा यहाँ राजा भइसकेका थिए भन्ने कुरा मालीगाउँको अभिलेखसहितको राजा जयवर्माको पूर्णकदको सालिकले प्रष्ट्याइसकेको छ। हुन त वर्मा वंशका पूर्व लिच्छविकालका राजाहरूबारे हामीलाई धेरै कुरा थाहा छैन। तर नेपालको सबभन्दा प्राचीन एवं भरपर्दो गोपाल राजवंशावलीमा समेत वर्मावंशका ११ जना राजाका नामहरू उल्लेख हुनुबाट यस वंशले वागमती उपत्यकाभित्र करिब २ सय वर्षसम्म राज्य गरेको अनुमान गरिन्छ। यो २ सय वर्षको इतिहासको साक्षीको रूपमा हामीसँग केही उत्खननका प्रमाणहरू र संवत् १०७ को राजा जय वर्माको सालिकबाहेक हालसम्म अरू केही प्राप्त हुन सकेको छैन। (१२)

वागमती उपत्यकाभित्र वर्मावंशका राजाहरूले राज्य स्थापना गरी आफ्नो राजधानी शहर हाँडीगाउँ/मालीगाउँ/विशालनगर इलाकालाई कलाकौशलयुक्त शहर पाटलीपुत्र भैँ बनाउन खोजेको हुनु पर्छ। हाम्रो राष्ट्रिय सङ्ग्रहालयमा रहेका बोधिसत्त्वका मूर्ति, राजपुरुषका मूर्ति भनी शिर बिनाका मूर्ति र केही मातृका शक्तिहरूको मूर्ति अनि हालसम्म पनि हाँडीगाउँ र पशुपति क्षेत्रमा देखापरिरहेका कैयन् प्राचीन मूर्तिहरू यसै कालमा बनेको हुनुपर्छ। वागमती उपत्यकाभित्र शहरी सभ्यताको शुरुआत पनि यसै समयदेखि भएको हुनुपर्छ। हाँडीगाउँमा सन् ८० को दशकमा गरिएका उत्खननहरूबाट उत्तर लिच्छविकालीन नेपालमा भागवत् धर्मको बोलवाला थियो भन्ने देखिन्छ। सोही उत्खननमा पाइएका मथुराबाट आयातित रातो ढुङ्गाको कृष्णले दानव घोडा केसिनलाई मारिरहेको दृश्य अङ्कित पहलमानहरूले शरीर तन्दुरुस्त बनाउन उठाउने तौलढुङ्गाका टुक्राले त्यस समयमा बलिया लडाकु शासकहरू र भागवत् धर्मावलम्बीहरू मिली यस उपत्यकाभित्र शासन गरेको बुझिन्छ। (१३) यो सानो रातो चुन ढुङ्गाको टुक्राले त्यसबखत अर्थात् इसापूर्व प्रथम शताब्दी वा इस्वी संवत् शुरु हुनुभन्दा अगाडि नै वागमती उपत्यकाभित्र लिच्छवि गणराज्यका कुनै वंश सम्भवतः वर्मा वंशका राजाहरूले भागवत् धर्म अपनाई त्यस धर्मको सहयोगबाट शासनमात्र गरेको होइन कि त्यस धर्मको प्रचार-प्रसार र विस्तार पनि गरेको हुनुपर्छ भन्ने कुरा उत्तर लिच्छविकालका र लिच्छविकालका विष्णु र कृष्णका विभिन्न मूर्तिहरूले पनि प्रमाणित गर्दछन्।

हाँडीगाउँ उत्खननको अर्को ठूलो उपलब्धिचाहिँ त्यहाँ फेलापरेको पोखरीको अवशेष हो। हालसम्म वागमती उपत्यकाभित्र फेलापरेका सबैभन्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राचीन पुरातात्त्विक वास्तुकलाको अवशेष यही पोखरी नै हो। मानव जीवनमा पानी र पोखरीको कति महत्त्व हुन्छ, त्यो भनिरहनु पर्ने कुरा होइन। यो पोखरीको निर्माण त्यसैबखत उपत्यकाभित्र पसिसकेका शक-पार्थियन जातिका मानिसहरूको योगदान थियो भन्ने कुरा उक्त पोखरीको भग्नावशेषबाट प्राप्त पुरातात्त्विक अवशेषहरू जस्तै – 'मुखवाई रहेको अंजीगर (गोही) मंकरको टेराकोटाको टुक्रा'ले स्पष्ट पारेको छ। शक-पार्थियन संस्कृतिसँग सम्बन्धित यो मंकर अंजीगरले इसापूर्व प्रथम शताब्दीको गान्धारको मूर्तिकलालाई पनि झल्काउँछ। पोखरी निर्माणकलामा पनि शकहरू निपुण थिए। शकहरूले आफ्नो राज्यकालमा मथुरा र अन्य ठाउँहरूमा धेरै पोखरीहरू निर्माण गरेका थिए। शकहरूको राज्यकालमा धेरै जनताको धर्म बौद्ध धर्म नै थियो। तापनि शकराजाहरूले अन्य धर्महरूलाई स्वतन्त्रतापूर्वक निर्वाह गर्न दिएका थिए। शकराज्यकालमा मथुरामा बौद्ध धर्मको साथसाथै जैन धर्म र हिन्दू धर्मलाई पनि उत्तिकै महत्त्व दिएको पाइन्छ। धार्मिक सहिष्णुता र मेलमिलापमा विश्वास गर्ने यी शकहरूले नेपाल उपत्यकाभित्र हिन्दू धर्मलाई झन बलियो र मजबुत बनाइदिएको देखिन्छ। (१४) सम्भवतः इस्वी संवत् शुरु हुनुभन्दा पहिले बनेको यो पोखरी करिब करिब २ सय वर्षसम्म प्रयोगमा आएको देखिन्छ। कुनै पनि धार्मिक स्थलमा पानीको ठूलो महत्त्व हुन्छ; चाहे त्यो हिन्दू, वैष्णव, बौद्ध नै किन नहोस्। देवदेवीको पूजाआजा गर्न, दर्शन गर्न पानीले शुद्ध गरी जाने चलन अद्यापि नेपाली समाजमा चलिरहेकै छ। इतिहासको शुरुआतदेखि वागमती उपत्यकाभित्र चलेको धार्मिक स्वतन्त्रता र धार्मिक सहिष्णुताको भावना र परम्परा यिनै शकपार्थियन कुशाण (कुशान) र लिच्छविहरूको देन हो। (१५)

नेपाल उपत्यकाभित्र शकहरूको उपस्थिति मात्र होइन कि तिनीहरूले यस उपत्यकाको जल सम्पदाको संरक्षण र संरचना, गृह निर्माणकला (चोक वास्तुकला), काष्ठ कारिगरी अर्थात् काष्ठकलाको विकास, गुठी व्यवस्थाको विकास आदिमा पनि ठूलो योगदान गरेका थिए। भारतमा मन्दिर बनाई देवदेवीको स्थापना गर्ने चलन पनि शकहरूले चलाएका थिए। नेपाल उपत्यकामा लिच्छविकालमा निर्माण गरिएका मन्दिरहरू जस्तै पशुपतिको मन्दिर, चाँगुनारायणको मन्दिर आदिको निर्माणमा र मानगृह, कैलाशकूट भवनजस्ता राजप्रासादहरूको निर्माणमा पनि शकहरूको ठूलो योगदान थियो भनेर अनुमान गर्न सकिन्छ। शकहरूले बीचमा चोक राखी चारैतिर घरहरू बनाई बस्ने वास्तुकला अपनाएका थिए। नेपालमा धेरैपछि शाह-राणाकालसम्म पनि यसै वास्तुकलाको विधिबाट घरहरूको निर्माण र शहरहरूको विकास भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिन्छ । (१६)

कुशान (कुशाण) सम्राट कनिष्कको राजधानी पेशावर थियो । तर यिनले काश्मीरलाई नै महायान-सम्प्रदायको केन्द्रस्थलको रूपमा विकसित गराइरहेका थिए । पछि भारतमा यस सम्प्रदायको प्रचार-प्रसार बढ्दै गयो । यसैक्रममा इसाको दोस्रो शताब्दीको आरम्भदेखि नेपालमा पनि यस सम्प्रदायको प्रवेश भएको सङ्केत पाइन्छ । नेपालमा रहेको सबैभन्दा पुरानो बौद्ध विहार-गुम विहार (जसलाई हिजोआज सिम्भू वा स्वयम्भू पनि भनिन्छ) देखिने हुनाले यस बौद्ध विहारको सूत्रपात पनि यसै समय भएको आभास पाइन्छ ।

कुशानहरूले नै स्वयम्भूको महाचैत्यको पहिलो रूपको निर्माण गरे । यिनीहरूले देउपाटनमा आफ्नो उपनिवेशको स्थापना गर्न एउटा ग्राम बसाई नेपाल उपत्यकामा सर्वप्रथम घर-चैत्य बनाउन पाको इँटाको प्रयोग गरेका थिए । हुनसक्छ, यिनीहरूले नै आफ्नो बासस्थान देउपाटन नजिकै पवित्र वागमतीको किनारमा प्राचीनकालदेखि मान्दै आएको पशुपतिनाथको मन्दिरको पहिलो जग पनि हालेथे । केही समयपछि इसाको दोस्रो शताब्दीतिर यिनीहरूले बौद्धनाथको स्तूप पनि आफ्नै गाउँ बस्ती नजिकै बनाए । बौद्ध धर्मावलम्बीहरू खासगरी महायानीहरू विहार बनाई गृहस्थ भई बस्ने हुनाले कुशानहरूले देउपाटनमा र देउपाटन नजिकै पर्ने हालको चाबहिल क्षेत्रमा विहारहरू बनाई बस्ती बसालेको देखिन्छ । चावहिलको धर्मदेव-चैत्य महाविहार, थंथु चाहबहिल (समाधि मण्डप-महाविर) र कोथु चाहबही (गगन गन्ज महाविहार) हरूको निर्माण शायद त्यसैबेला भएको थियो । हाल चाबहिल, मैजुबहाल नामले चिनिने धर्मदेव चैत्य महाविहारको स्तूप वरपर रहेका धेरै जसो मूर्तिहरू लिच्छविकालका हुन् । स्तूप नजिकैको लिच्छविकालीन अभिलेखले पनि यस महाविहारको प्राचीनतालाई प्रमाणित गर्दछ । (१७)

तक्षशिलाको उत्खनन गर्ने सर जोन मार्सलका अनुसार शकहरूले निकै उच्चस्तरीय कारिगरीले भरिपूर्ण काष्ठकलाका झ्याल, ढोका र अन्य वास्तुकलाका ढाँचाहरू प्रयोग गर्ने गर्दथे । काठमाडौं उपत्यकाभित्र विकास भएको उच्चकोटिको काष्ठ कारिगरीमा सम्भवतः यसै समुदायको योगदान थियो । कुशानकाल र गुप्तकालमा विकासको चरम बिन्दुमा पुगेको गान्धार कलाको शुरुआत शक राज्यकालमा नै भएको मानिन्छ । विभिन्न समुदाय र जातजातिका मानिसहरूको संस्कृतिसँग स्वतन्त्रताका साथ घुलमिल हुनसक्नु शकहरूको विशेष गुण थियो । यो कुरा तिनीहरूले कला र वास्तुकलामा मात्र होइन, समाजका अन्य अङ्गहरूमा पनि अनुसरण गरेको देखिन्छ । जसअनुसार विभिन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सभ्यताका गुणहरू मिश्रित एउटा उच्चकोटिको संस्कृतिको जन्म दिएर भारतीय संस्कृतिलाई शकहरूले ठूलो गुण लगाएको देखिन्छ । यिनै विभिन्न गुणहरूले भरिपूर्ण संस्कृतिलाई यिनीहरूले नेपाल उपत्यकाभित्र पनि फैलाए । शकहरूको ठूलो गुण भन्नु नै जुन देशमा गयो, त्यही देशको संस्कृतिसँग घुलमिल भएर बस्ने र त्यसैलाई फलाउने, फुलाउने र मलजल गर्ने हो । शकहरूले बसालेको यो परम्परा वागमती उपत्यकाभित्र शाहराज्यको स्थापनाकालसम्म कायमै थियो ।

नेपाली राष्ट्रिय पोशाकको लामो लवेदा, सुरुवाल र टोपी लगाउने चलन पनि शकहरूले नै प्रचलनमा ल्याएको हुनसक्छ । काठमाडौं उपत्यकाभित्र ठाउँठाउँमा पाइएका लामा-लामा बुट जुत्ता र इरानी ढाँचाका पोशाक लगाएका सूर्यमूर्तिहरू यिनीहरूकै देन हुन् । बाबुराम आचार्यको भनाइअनुसार भारतमा सूर्य पूजाको प्रचलनको आरम्भ गराउने श्रेय शकहरूलाई नै छ । तर सूर्यका मूर्तिहरू कुद्ने चलन भने यिनीहरूको राज्यकालमा नभएर यिनीहरू पछि शासन गर्ने कुशान राजाहरूको राज्यकाल (इ.पू. १८५-६३) देखि मात्र शुरु भएको मानिन्छ । भारतमा शुरु शुरुमा कुँदिएका सूर्य मूर्तिहरू कुशान राजाहरूकै मुखाकृति र वेशभूषामा कुदिंएका पाइन्छन् । पछि यसको प्रभाव नेपालसम्म पनि आइपुग्यो र पूर्वलिच्छविकालको अन्ततिर यहाँ पनि मनुष्याकृति भएका सूर्य मूर्तिहरू कुदिंन थालेका देखिन्छन् । कुशान राजाहरूकै वेशभूषा भएका यस्ता सूर्य मूर्तिहरू वागमती उपत्यकामा अझै पनि यत्रतत्र देखिन्छन् । (१८) कला कारिगरीमा निपुण सिथियनहरूको कला र संस्कृतिको प्रभावले गर्दा पनि शक-कुशानहरूले भारत र नेपालमा कला र संस्कृतिको विकासमा धेरै योगदान पुऱ्याउन सफल भएको देखिन्छ । मथुरामा पाइएका उभिइरहेका बुद्ध र बोधिसत्त्वका मूर्तिहरूको ढाँचामा बनेका मूर्तिहरू जस्तै नेपाल उपत्यकाभित्र पनि अनेकन् बोधिसत्त्व र राजपुरुषका सालिक, मूर्तिहरू बने । राजा जयवर्माको इसाको दोस्रो शताब्दीको मूर्ति र हाल राष्ट्रिय सङ्ग्रहालयमा राखिएको बोधिसत्त्वको शिर नभएको मूर्ति आदि पनि यसै शक-कुशान ढाँचामा बनेका मूर्तिहरू हुन् । (१९)

राजा जय वर्माको तिथिमिति तोकिएको पूर्णकदको सालिकले नेपालमा पूर्व लिच्छविकालमा वर्मा वंशका राजाहरू पनि थिए भन्ने कुरा सत्य सावित गरिसकेको छ । यसको साथसाथै कुशान राजाहरूको शैलीमा बनेको यो आदमकदको सालिकले नेपालको मूर्तिकलाको इतिहासलाई इसाको दोस्रो शताब्दीसम्म पुऱ्याइदिएको छ । राजाहरूको सालिक निर्माण गर्ने कला कुशानहरूले ग्रीकबाट सिकेका थिए । शक-कुशान राजाहरूका यस्ता पूर्णकदका सालिकहरू कै अनुकरण गरी पछिबाट बुद्ध र बोधिसत्त्वका मूर्तिहरू पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धमाधम बन्न थाले। (२०) यस्तै लिच्छविकालका बोधिसत्त्वका मूर्तिहरू हाम्रो राष्ट्रिय सङ्ग्रहालयमा पनि छन्। ती मूर्तिहरू हाँडीगाउँ, विशालनगरबाट ल्याएर राखिएका हुन्। तर यहाँनिर एउटा गजबको कुरा के छ भने राजा जय वर्मापछि नेपाल उपत्यकाभित्र मल्लकालको उदय नभएसम्म अन्य कुनै पनि वंशका राजाहरूको सालिक भेटेका छैनन्। उपत्यकाभित्र मूर्तिकलाको विकास वर्माकालदेखि नै भइरहेको भए तापनि शाह-राणाकालमा यसले केही अँध्यारा दिनहरू देख्न परेको थियो।

शकहरूले भारतमा संस्कृति, भाषा र त्यसमा पनि काव्य र नाटकको क्षेत्रमा ठूलो योगदान पुऱ्याएका थिए। नेपालमा पनि उत्तर लिच्छविकालमा शकहरूले शुरु गरेको संस्कृत भाषा र साहित्यको पछि लिच्छविकालमा ठूलो विकास भएको देखिन्छ। संस्कृत भाषा-साहित्यको विकास र परम्परा नेपाल उपत्यकाभित्र मल्लकालको अन्तसम्म पनि यथावत नै रह्यो।

शकहरूले कुशानहरूको संवत्लाई निकै चलनचल्तीमा ल्याएर आफ्नै नाममा दर्ता गराउन सफल भए। कुशानहरूको संवत्लाई पछिबाट शाके संवत् भनेर मान्न थालियो। आजसम्म पनि यो संवत् शक संवत्को नामले चलिरहेको छ। (२१) नेपालमा यो संवत् चलेको थियो कि थिएन, लिच्छविकालमा प्रयोग भएको संवत् शाके संवत् हो वा लिच्छवि संवत् भन्ने कुरामा अझै पनि इतिहासकारहरू दुविधामा छन्। (२२)

तक्षशिला शकहरूको राजधानी थियो। शकहरूले वागमती उपत्यकाभित्र आइसकेपछि देवपाटन क्षेत्र र हाँडीगाउँ/मालीगाउँ क्षेत्रलाई तक्षशिलाकै ढाँचामा कलाकृतिहरूले भरिपूर्ण शहर बनाउन खोजे। शकहरूले वागमती उपत्यकाबाट पनि वनारस र मथुराको बाटो गरी तक्षशिलासँग सम्पर्क राखी नै रहेका थिए। तिनीहरूले तक्षशिलाबाट ग्रीकहरूको अनुसरण गरी मुद्राहरू पनि निष्कासन गर्न थाले र यही मुद्राको प्रचलन लिच्छविकालमा नेपाल उपत्यकाभित्र पनि हुन थाल्यो। उपत्यकाभित्र शक मुद्राहरू हालसम्म नभेटिए तापनि कुशान मुद्राहरू भने प्रशस्तै भेटिइसकेका छन्। तसर्थ उपत्यकाभित्र मुद्राको प्रचलनमा शक र कुशानहरूको योगदान थियो भन्ने बुझिन्छ।

नेपाल-मण्डलभित्र शकहरूको सबैभन्दा ठूलो योगदान भन्नु नै यस उपत्यकाभित्र लिच्छविकालदेखि नै चलिआएको गुठी व्यवस्थाको परम्परालाई मान्नु पर्दछ। विभिन्न किसिमका गुठीहरू खडा गरी शकहरूले भारतभित्र पसिसकेपछि पनि आर्थिक र समाजिक जीवनको व्यवस्था गर्ने परम्परा कायमै राखे। यो व्यवस्था यिनीहरूले नेपाल उपत्यकाभित्र पनि बसाले। 'गोष्ठी'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथवा गुठीको नामबाट परिचित यो परम्परा लिच्छविकाल अझै भनौं उत्तर लिच्छविकालदेखि हालसम्म पनि काठमाडौं उपत्यकाको र अझ बाहिरको पनि नेवाः सुमदायभित्र कायमै रहेको पाइन्छ। इसाको पहिलो शताब्दी अर्थात् सन् १२० को नासिकका गुफा अभिलेखहरूमा शकहरूले प्रचलनमा ल्याएको गुठी व्यवस्थाबारे प्रशस्त उदाहरणहरू पाइन्छन्। (२३)

नेपाल उपत्यकाभित्रका पूर्व लिच्छविकालीन राजाहरूबारे हामीलाई केही थाहा छैन। हालसम्म प्राप्त प्रमाणअनुसार यस उपत्यकाभित्र सबैभन्दा पहिले वर्मा वंशका राजाहरूले इसापूर्व प्रथम या द्वितीय शताब्दीदेखि नै राज्यको बागडोर आफ्नो हातमा राखेको प्रतीत हुन्छ। किनभने वंशावलीहरूमा उल्लेखित राजा जय वर्मा (संवत् १०७) यस वंशका आठौं राजा थिए। यिनका पुर्खा सूर्यवशी राजा श्रुयषुदेवले चारैवर्ण (बाहुन, क्षेत्रीय, वैश्य र शूद्र) बसाई श्री पशुपतिको देवल बनाई राज्य गरे भनेर उल्लेख गरेको कुरा ब्रिटिश ल्याइब्रेरी लण्डनमा प्राप्त हड्सन मनुस्क्रिप्ट, भोलुम ५२ को पेज ८३-८६ मा उल्लिखित विभिन्न वंशका राजाहरूको नामको फेहरिस्तबाट देखिन्छ। सोही वंशावलीमा राजा भाष्कर वर्माले आफ्नो देशको सिमाना दक्षिण समुन्द्रसम्म फैलाई धेरै हीरा, मोती र सुवर्ण ल्याईकन पशुपतिमा चढाएका थिए भन्ने कुरा उल्लेख गरिएको छ। उक्त वंशावलीअनुसार राजा जय वर्माभन्दाअघि राजा चन्द्र वर्मा र भूमि वर्मा राजा भएका थिए। मानदेवको चाँगुनारायणको अभिलेखमा उल्लेख भएअनुसार राजा जय वर्मापछि र राजा वृषदेव (वर्मा) भन्दाअघि यस वंशमा वर्ष वर्मा, सर्व वर्मा, पृथ्वी वर्मा, जेष्ठ वर्मा, कुवेर वर्मा, हरि वर्मा, सिद्धि वर्मा, हरिदत्त वर्मा, वसुदत्त वर्मा, शिरपति वर्मा, शिववृद्धि वर्मा, वसन्तदेव वर्मा, शिवदेव वर्मा राजा भएका थिए। यी राजाहरूले राज्य गरेको वर्ष पनि उल्लेख गरिएको छ जसबाट जय वर्मापछि वर्मा वंशका लिच्छविहरूले ६ सय ५६ वर्ष राज्य गरिसकेपछि मात्र राजा वृषदेव वर्मा राजा भएको कुरा उल्लेख छ। यी राजाहरूमध्ये राजा हरिदत्त वर्माले चाँगु, इचँगु, विशंखु, फंम्फी चारै नारायणको देवल बनाएका थिए भनेर अभिलेखमा लेखिएको छ। (२४)

यहाँनिर हामीले नेपालको सबैभन्दा पुरानो र प्रमाणित वंशावली 'गोपालराज वंशावली' ले वर्मा वंशका राजाहरूबारे के भनेको छ त्यो पनि हेर्नु उचित हुनेछ। उक्त वंशावलीअनुसार किरात राजालाई जितेर लिच्छविको वंश चल्यो। तर इसापूर्वका शताब्दीहरूमा नै लिच्छविगणका मानिसहरू वागमती उपत्यकाभित्र पसिसकेका थिए भन्ने कुरा माथि उल्लेख भइसकेको हाँडीगाउँको उत्खननले प्रमाणित गरिसकेको छ। यस वंशावलीमा राजा जय वर्मा भन्दाअघि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किरात राजालाई जितेर लिच्छवि (?), उनका छोरा निमित्तकाल, मकरान्त, काकवर्मा, श्रीसुपुष्पदेव, भाष्करदेव, भूमिगुप्त, चन्द्र वर्मा र राजा जय वर्मापछि वर्ष वर्मा, कुँवेर वर्मा, हरि वर्मा, सिद्धि वर्मा, हरिदत्त वर्मा, वसुदत्त वर्मा, श्रीपति वर्मा, शिववृद्धि वर्मा, वसन्त वर्मा, सुपुष्प वर्मा र विश्व (वृष) देव राजा भएको कुरा उल्लेख छ।

मानदेव प्रथमले चाँगुनारायणको अभिलेखमा उल्लेख गरेका आफ्ना पुर्खा वृषदेवको उदय नभएसम्म नेपाल-मण्डलको इतिहासलाई पूर्व लिच्छविकालीन नेपालको इतिहास भनेर मान्न सकिन्छ। वर्मा वंशका राजाहरूमध्ये गोपालराज वंशावलीमा श्रीसुपुष्पदेव (श्रीश्रयषुदेव) ले नेपाल भूमिमा वर्णव्यवस्था कायम गरे। श्री पशुपति भट्टारकको देवल बनाए। त्यसपछि सुन्दर शहर बनाउन लगाए। राज्यको सारा मर्यादा बाँधे, न्यायपूर्वक सारा प्रजाहरूको पालना गरे, आदि इत्यादि कुराहरू उल्लेख गरिएका छन्। त्यस्तै राजा भाष्करदेव (वर्मा) ले दक्षिण सागर काञ्चीनगर (मद्रास) सम्म जितेर अनेक कोष ल्याई श्री पशुपति भट्टारकलाई चढाएका थिए। यसै वंशका अर्का राजा हरिदत्त वर्माले चारै शिखर प्रदेश (वागमती उपत्यकाभित्र) भगवान विष्णु भट्टारकका मन्त्री बनाएका थिए भनी उल्लेख गरिएको छ। सामग्री र स्रोतहरूको अभावमा यी दुई उल्लेखित वंशावलीहरू र राजा जय वर्माको अभिलेखसहितको सालिक र हाँडीगाउँको उत्खननको प्रतिवेदनलाई नै स्रोत मानी यस कालको वागमती सभ्यताबारे केही ठोस निष्कर्षमा हामी पुग्न सक्छौं।

नेपालका वंशावलीहरूमा पशुपतिनाथको मन्दिरको निर्माणबारे उल्लेख भए तापनि पशुपतिको मुखलिङ्ग कसले स्थापना गर्‍यो भन्नेबारे कुनै उल्लेख पाइँदैन। इस्वीको तेस्रो शताब्दी (लगभग २८४ इ.) तिर मध्यभारतमा वाकाटक साम्राज्य उन्नतिको शिखरमा पुगेको थियो। यी नाग वाकाटकहरूले आर्य धर्म र संस्कृतिको पुनः अभिवृद्धि गरे। नागहरू क्षेत्रिय र वाकाटकहरू ब्राह्मण थिए। नागहरू आफ्ना पीठमा शिवलिङ्ग धारण गरेर युद्ध गर्दथे। यसरी शिवको भार लिएर हिंड्ने हुँदा यिनीहरूलाई 'भारशिव' पनि भनिन्थ्यो। यिनीहरूले गङ्गा, यमुना र शिवलिङ्ग एवं तिनका साथै नाग अथवा सर्पको आकृतिको पनि व्यापक प्रचार गरे, जसले गर्दा आर्यावर्तमा शिवलिङ्ग र गङ्गा, यमुनाका मूर्तिहरूको निर्माण र स्थापनाको बाढीजस्तै आयो। यिनीहरू आफ्ना विजय यात्राको सिलसिलामा वागमती उपत्यकाभित्र पनि आइपुगेका थिए होलान् र यिनीहरूले नै पशुपतिको मुखलिङ्ग स्थापना गरेका थिए कि भनेर अनुमान गर्न सकिन्छ। (२५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आर्यहरूले भारतमा प्रवेश गरेपछि इरानको समाजमाझैँ वर्णव्यवस्था लागु गरे। यसरी नै वर्मा वंशका राजा श्रीसुपुष्पदेवले पनि आफूहरूले सङ्गठित गरी चलाएको राज्य वागमती उपत्यकाभित्र वर्णव्यवस्थालाई लागु गरेको देखिन्छ। यिनीहरूको शासन व्यवस्था राम्रो थियो। यिनीहरूले न्यायपूर्वक राज्य सञ्चालन गरेको कुरा पनि थाहा पाइन्छ। तर हालसम्म काठमाडौं उपत्यकाभित्र गरिएका उत्खननहरूबाट उत्तर लिच्छविकालीन राजाहरू खासगरी वर्मा वंशका राजाहरू (राजा जय वर्माबाहेक) र तिनीहरूका कृतिहरू, अभिलेखहरू, राजप्रसादहरू, मुद्राहरू आदि कुनै पनि प्रमाणित वस्तुहरू हामीले अझै फेला पार्न सकेका छैनौं। यी प्रमाणहरूको अभावमा एउटै मात्र राजा जय वर्माको सालिकको आधारमा हामी यो कुरा स्पष्टसँग भन्न सक्छौँ कि त्यस समय अर्थात् इसाको दोस्रो शताब्दीमा नेपाल उपत्यकाभित्र मूर्तिकलाको राम्रो विकास भइसकेको थियो। कुशान कलाबाट प्रभावित यो जय वर्माको मूर्ति सारनाथ म्युजियममा राखेको उभिइरहेको बुद्धसँग ज्यादै मिल्दोजुल्दो देखिन्छ। (२६) उक्त मूर्तिबाट त्यस समयको राजकीय पोशाक, वस्त्र, गरगहना, शिरपोस (टोपी) बारे पनि हामीलाई केही कुराहरू ज्ञात हुन आएको छ। पादपीठको अभिलेखबाट यसबेलादेखि नै ब्राम्हीलिपि र लिच्छवि संवत्को चलन-चल्तीमा आइसकेका थिए भनी प्रमाणित पनि भएको छ। वर्मा वंशको हातबाट वागमती उपत्यकाको शासन देव नामधारी लिच्छविहरूको हातमा परिसकेपछि पनि वर्मावंश यस उपत्यकाभित्र एउटा प्रतिष्ठित वंशका रूपमा रहिरहेको थियो भन्ने कुरा लाजिम्पाटको रानी गुणवतीको संवत् ४१९ को अभिलेखले बुझाउँदछ। उक्त अभिलेखअनुसार रानी गुणवतीले आफ्ना बाबु किन्नर वर्माको पुण्य बढोस् भनी शिवलिङ्ग स्थापना गरेकी थिइन्। (२७) यस कालमा शैव र वैष्णव धर्म दुवैलाई ठूलो मान्यता प्रदान गरिएको देखिन्छ।

सारांशमा भन्ने हो भने प्राग्ऐतिहासिक कालदेखि पूर्वलिच्छविकाल अर्थात् वागमती उपत्यकाभित्र वर्मा वंशका लिच्छवि राजाहरूले राज्य गरेको समय इसाको दोस्रो शताब्दीसम्मको वागमती सभ्यताको अवस्थाबारे हामीले अझै धेरै शोधखोज गर्नु पर्ने देखिन्छ। उपत्यकाभित्र र वरपरका क्षेत्रहरूमा त्यस समयमा विकसित भएको सभ्यताबारे थाहा पाउन पुरातात्त्विक उत्खनन र आकस्मिक रूपमा प्राप्त हुने सामग्रीहरूजस्तै, जय वर्माको सालिकजस्तै सामग्रीहरू भेटिएमा मात्र यो कालको इतिहास र सभ्यताबारे अझ विस्तृतमा प्रामाणिक ढङ्गबाट भन्न सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्दर्भ सामग्रीहरु

(१) गोरखापत्र २०७०, असार २४ गते सोमवार पेज १

(१) Schetnko, Dec-May 1977–1978, The Outcome of the Scientific Mission to Nepal in Brief, Ancient Nepal, No. 43–45, pp 12.

(२) Corvinus Gudurn, Feb–July 1985, Prehistoric Discoveries in the Foothills of Himalayas in Nepal 9184, **Ancient Nepal,** No. 86–88, pp7–13

(३) (क) Sharma, Janakalal, April–May 1982, Neolithic Tools from Nepal, **Ancient Nepal,** No. 75, pp 1–13

(ख) शर्मा, जनकलाल, २०३९, हाम्रो समाज : एक अध्ययन, साझा प्रकाशन, पेज ३८–३९

(४) वज्राचार्य, धनवज्र, लिच्छविकालको इतिहासमा किरातकालको प्रभाव, पूर्णिमा, वर्ष ५ अङ्क १, पेज १–८

(५) वज्राचार्य, धनवज्र, नं.४, पेज ६–८

(६) वज्राचार्य, धनवज्र, २०३०, लिच्छविकालीन अभिलेख, कीर्तिपुर, पेज ३७४–३७६

(७) वज्राचार्य, धनवज्र, नं.६, पेज ४४–४७

(८) वज्राचार्य, धनवज्र, नं.६, पेज ५६३–५७२

(९) गोयल, श्रीराम, १९७३, प्राचीन नेपालका राजनीतिक और सांस्कृतिक इतिहास, वाराणसी, पेज २३

(१०) Jha, Hit Narayan, 1970, **The Licchavis of Vaisali,** Varanasi, India, pp 10

(११) Jha, Hit Narayan, No.10, pp 97–98

(१२) वाङदेल, लैनसिंह, २०६२, जयवर्माको मूति र नेपालको वर्मा वंश, काठमाडौं

(१३) Veradi, Giovanni, 1992, **Excavations at Harigoan: Kathmandu.** vol.1, Roma, pp 12–14

(१४) (क) अमात्य, साफल्य, २०६८, पुरातत्त्व, इतिहास र संस्कृति, भृकुटी प्रकाशन, काठमाडौं, पेज १८१–१८४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ख) Vishwa Mitra,Mohan, 1976, **The Sakas in India and their Impact on Indian Life and Culture**, Varanasi, pp96–101

(१५) अमात्य, साफल्य, नं.१४ (क)

(१६) अमात्य, साफल्य, नं.१४ (क) पेज १८२

(१७) (क) आचार्य, बाबुराम, नेपालको सांस्कृतिक परम्परा, श्रीकृष्ण आचार्य, काठमाडौं .... पेज २२

(ख) अमात्य, साफल्य, काठमाडौं नगरायण, राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं .... पेज ४२–४२

(१८) आचार्य, बाबुराम, नं. १७, पेज २१

(१९) (क) अमात्य, साफल्य, नं.१४ (क) पेज १८३

(ख) Vishwa Mitra, Mohan, No.14 -v_, pp111

(ग) कुशानहरू (४०–२२६ इ.) ले काशीसम्म राज्य विस्तार गरेकोले मथुरा पनि मूर्ति निर्माणको एक केन्द्र बन्यो ।

(घ) शर्मा, जनकलाल, २०२३, ललितकला र साहित्य, एजुकेशनल इन्टरप्राइज्, काठमाडौं, पेज २७

(२०) Vishwa Mitra,MOhan, No.14-v_, pp111

(२१) Vishwa Mitra,Mohan,No.14-v_, pp115-116

(२२) राजवंशी, श्यामसुन्दर, २०५२, लिच्छविकालीन संवत्‌को निश्चय, काठमाडौं

(२३) (क) (ख) अमात्य, साफल्य, नं.१४, पेज १८३

(२४) ब्रिटिश लाइब्रेरी, लण्डन, हड्सन म्यानुस्क्रिप्ट, भोलुम ५२, पेज ८३–८६

(२५) शर्मा, बालचन्द्र, २०२०, नेपाली संस्कृति : हाम्रो सांस्कृतिक उत्तराधिकारको सङ्क्षिप्त ऐतिहासिक सर्वेक्षण, काठमाडौं, पेज ३४–३६

(२६) वज्राचार्य, धनवज्र, नं.६, पेज ६५–६६

(२७) वाङदेल, लैनसिंह, नं. १२, पेज २२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चौथो अध्याय

लिच्छविकाल : राजा वृषदेवदेखि राजा अंशुवर्माको उदयसम्मको वागमती सभ्यताको रूपरेखा

संवत् ३८६ को मानदेवको चाँगुनारायणको स्तम्भलेख, गोपाल राजवंशावली र अन्य वंशावलीअनुसार पनि राजा वृषदेवलाई नै लिच्छविकालको पहिलो राजा मान्न सकिन्छ । किनभने इसाको दोस्रो शताब्दीका राजा जय वर्मापछि यिनै राजाको नाम प्रामाणिक ढङ्गबाट हाम्रो सामु आएको छ । देव नामधारी लिच्छवि राजाहरूमध्ये आफ्ना धेरै कीर्तिहरू छाडेर गएका राजा मानदेवका यिनी जिजुबाजे थिए । चाँगुको शिलालेखअनुसार राजा वृषदेव शान्तिप्रिय एवं दृढ व्यक्ति थिए । गोपाल राजवंशावलीअनुसार यिनी बौद्ध धर्मावलम्बी थिए । यिनले स्वयम्भूमा चैत्य स्थापना गर्नुका साथै ढुङ्गेधारा पनि बनाए । साथै यिनले पशुपतिस्थानको उत्तरपट्टि ठूलो त्रिशूलको प्रतिष्ठा गरे । हड्सनको वंशावलीअनुसार यिनले चाबहिलमा बौद्ध देवता स्थापना गरेका (स्तूप बनाएका) थिए र पशुपतिमा त्रिशूल राखेका थिए । (१)

चाबहिलको धन्दो चैत्यको जीर्णोद्धार गर्ने क्रममा चैत्यको गर्भगृहबाट झिकिएका इँटाहरूमा ब्राह्मी लिपिमा 'चारुवती धन्दे' भनेर लेखिएको र नेवारी भुजिमोल लिपिमा 'हेतुप्रभा' र अर्को इँटामा 'चारुवती थुप' भनेर लेखिएका अभिलेखहरूले त्यस चैत्यको नाम 'चारुवती' वा 'चारुमती' भनी प्रस्ट किटान गरिदिएका छन् । यी अभिलेखहरूले धन्दो चैत्य पूर्वलिच्छविकालीन हुनसक्ने सङ्केत गरेका छन् । धेरै सम्भव छ – यो चैत्य स्वयम्भूभन्दा पनि प्राचीन हुनसक्छ किनभने चारुमती मौर्य सम्राट अशोककी छोरी हुन् भनेर भनिन्छ । तर यसबारे ठोस प्रमाण अझै प्राप्त हुन सकेको छैन । चारुमतीको अस्तित्वबारे भने अब शङ्का गर्नुपर्ने कुनै ठाउँ छैन । सम्राट अशोकले तेस्रो बौद्ध सम्मेलनपछि विभिन्न ठाउँहरूमा आफ्नो धार्मिक शिष्टमण्डल पठाएका थिए । हिमाली क्षेत्रतर्फ पनि मज्जिमा भन्ने व्यक्तिको नेतृत्वमा कश्यपगोटा, ढुण्डीविसार, सहदेव र मुलकादेवसहितको दल पठाएका थिए । हुनसक्छ चारुमती पनि त्यसै दलकी एक सदस्य थिइन् । (२) हुनसक्छ धन्दो चैत्यको निर्माणपछिमात्र उपत्यकाभित्र चैत्य वा स्तूप निर्माणको परम्परा शुरु भयो । अझै गहिरेर अध्ययन अनुसन्धान गरेको खण्डमा यो चैत्य अशोककालीन नै हो र यही चैत्य नेपालमा चैत्य वास्तुकलाको जननी पनि हो भनेर भन्न सकिन्छ । हुन त इतिहासकारहरूले यो चैत्यको निर्माताको श्रेय पाँचौं शताब्दीका लिच्छवि राजा धर्मदेवलाई दिएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन्। धेरै सम्भव छ उनले प्राचीन अशोककालीन स्तूपलाई जीर्णोद्धार गरी नवीन रूपमात्र दिएका थिए।

यसबाट राजा वृषदेव धार्मिक सहिष्णुता राख्ने राजा थिए भन्ने बुझिन्छ। यिनले आफ्नो राज्यकालमा पशुपति र स्वयम्भू दुवै धार्मिक स्थलमा आफ्ना कीर्तिहरू राखेका थिए। राजाहरूमा देखापरेको धार्मिक सहिष्णुताको शुरुवात गर्ने राजा वृषदेवको यो देन कालान्तरमा गएर नेपालको इतिहास र वागमती सभ्यताकै एउटा ठूलो उपलब्धि हुन पुग्यो। नेपालको यो धार्मिक सहिष्णुताको परम्परा र संस्कृति वागमती सभ्यताकै एउटा ठूलो देन हुन पुग्यो।

वृषदेवपछि शङ्करदेव राजा भए। यिनी मानदेवका बाजे थिए। वास्तवमा यिनकै राज्यकालमा लिच्छवि सभ्यताको जग बसेको देखिन्छ। यिनले आफ्नो राज्यको सिमानाको पनि चौतर्फी वृद्धि गरेका थिए। यिनको समयमा भारतमा गुप्तहरूको जगजगी थियो। तसर्थ गुप्तकालीन भारतीय संस्कृतिको प्रभाव तत्कालीन नेपालमा पर्नु स्वाभाविकै थियो। यिनको राज्यकालमा नेपाल उपत्यकाभित्र चाँगुमा गरुड बाहन विष्णु भगवानको प्रसिद्ध मूर्ति स्थापना गरेको हुनुपर्छ। (३) यिनकै समयमा दक्षिण कोलिग्राममा 'इन्द्रगृह' नामक दरबारको निर्माण भएको र यस दरबारको आसपासमा धेरै समयदेखि गुप्त राजदरबारमा झैं इन्द्रध्वजोस्थापन गर्ने परम्परा शुरु भएको हुनुपर्छ। इतिहासको कालखण्डमा भारतमा धेरैपटक विदेशी विधर्मीहरूको आक्रमणले गर्दा भारतबाट इन्द्रध्वजोस्थापन गर्ने परम्परा बिलाएर गइसकेको सयकडौं वर्ष भइसके तापनि नेपाल मण्डलभित्र भने यो परम्परा अझै कायमै रहेको छ। इन्द्रध्वजोस्थापनलाई काठमाडौँ उपत्यकाका बासिन्दाले मल्लकालदेखि नै राष्ट्रकै एउटा महान चाडपर्व र उत्सवको रूपमा मनाउँदै आएका थिए। यसले वागमती सभ्यताको एउटा रमाइलो पक्षलाई चिनाइरहेको छ। तर माथि उल्लेखित 'इन्द्रगृह दरबार' बारे भने नेपालको इतिहास अझै मौन छ।

इसाको पाँचौं शताब्दीको अन्ततिर पर्सियातिरबाट आएका हुणहरूले उत्तरी भारतलाई तहसनहस बनाइदिए। त्यसपछि चाँडै नै गुप्त साम्राज्यको अन्त हुन गयो। गुप्त साम्राज्यमा आइपरेको यस विपत्तिकालमा भारतबाट अनेकौ विद्वान् तथा कलाकारहरू शरणार्थीको रूपमा नेपाल पसेका थिए। यिनै विद्वान्, साहित्यकार र कलाकारहरूको सहयोगबाट मानदेव प्रथम र उनीपछिका लिच्छवि राजाहरूले वागमती सभ्यतालाई अझ बढी धनी र गौरवशाली बनाउन सफल भए। (४)

मानदेवका पिता धर्मदेवको समयदेखि वागमती उपत्यकाभित्र देवी अर्थात्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुर्गा र मातृकादेवीहरूको पूजाआजा गर्ने चलन बस्न गएको देखिन्छ। भाषा वंशावलीअनुसार यिनले आफ्ना इष्ट देवता राजदेवीलाई प्रतिष्ठापित गरी बर्सेनि देवालीपूजा गर्ने चलन चलाए। (५)

बर्सेनि आफ्नो इष्टदेवदेवीलाई पूजाआजा गरी परिवारजन बसी भोजभतेर खाने चलन उपत्यकाका बासिन्दाहरूमा अद्यापि चल्दै आइरहेको छ। इष्टदेवीको रूपमा खासगरी मातृका शक्तिहरूको पूजाआजा गरिन्छ। यी मातृदेवीहरूको कुनै मूर्ति हुँदैन। शिला आकारमा रहेका यी देवीहरू उपत्यकाभित्र जुनसुकै पीठ, महत्त्वपूर्ण धार्मिक स्थलहरूमा स्थापना गरिएका हुन्छन्; जस्तै हाँडीगाँउ, देवपाटन, चाँगुनारायणस्थान, भक्तपुरको योसिङ्गाल, पचली, मचली, भद्रकालीस्थान आदि ठाउँहरूमा यस्ता मातृका शक्तिका शिलामूर्तिहरू प्रशस्त पाइन्छन्।

बर्सेनि आफ्ना पुर्खाले स्थापना गरेको इष्टदेव, देवीस्थानमा गई देवाली मनाउने चलन वागमती उपत्यकाभित्र बस्ने जुनसुकै जातजातिका मानिसहरूमा प्रचलित छ। हिन्दू वा बौद्ध, माथिल्लो जात वा तल्लो जात, नेवाः समुदाय सबै वर्गका मानिसहरू अर्थात् परिवारजनहरूमा बर्सेनि देवाली पूजा गर्ने चलन अझै विद्यमान छ।

नेवाः समाजमा देवालीको ठूलो महत्त्व छ। विवाहपछि नयाँ दुलहीलाई देवाली पूजामा सम्मिलित गराएपछि मात्र विवाह कार्य पूरा भएको मानिन्छ। दाजुभाइ, दिदीबहिनी, काकाभतिजा सबै परिवाजनका बीच दुःखसुखको कुरा गरी मेलमिलापको भावना वृद्धि गर्ने काममा देवाली पूजाको विशेष देन रहेको हुन्छ। नेवाः समुदायको देवाली पूजाको धार्मिक, सामाजिक महत्त्व धेरै ठूलो छ। यदि परिवारका कुनै व्यक्तिले जघन्य अपराध जस्तै – हाड नाता करणी, हत्या, अछुतसँग बिहावारी गरेमा तिनीहरूलाई देवाली गुठीबाटै बहिस्कार गरिन्छ।

राजा धर्मदेव यज्ञप्रधान वैद्धिक धर्मका उपासक थिए भने उनकी रानी राज्यवतीको मृत्यु पश्चात् छोरा मानदेवले आफ्नी आमाको पुण्यको लागि भनेर 'विष्णु विक्रान्त' को मूर्ति स्थापना गरेका थिए। यसबाट के देखिन्छ भने राजा मानदेवको उदय हुनुभन्दा अघि नै वागमती उपत्यकाभित्र शैव र वैष्णव धर्मसँगसँगै हुर्के बढेका थिए। उत्तरी भारतमा इसाको चौथोदेखि छैटौं शताब्दीसम्म गुप्त वंशले राज्य गरेका थिए। यिनीहरू वागमती उपत्यकाका लिच्छविहरूका समकालीन थिए। नेपाल–उपत्यका यी गुप्तहरूको राज्यभित्र थियो भनेर समुद्रगुप्तको अलाहवाद अभिलेखले दावा गरे तापनि यसलाई पुष्टि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्ने अन्य कुनै पनि प्रमाणहरू अझसम्म भेटिएका छैनन् । तर समुन्द्र गुप्तका छोरा चन्द्रगुप्त द्वितीय, जो पछि विक्रमादित्यको नामले प्रसिद्ध राजा भए, उनको विषयमा र उनीसँग सम्बन्धित धेरै दन्त्यकथाहरू पनि वागमती उपत्यकाभित्र प्रचलित छन् ।

भाषा वंशावली, पद्मगिरीको वंशावली, डेनियल राइट्को वंशावली आदि सबै वंशावलीहरूमा राजा विक्रमादित्यका कथाहरूको वर्णन पाइन्छ । राजा विक्रमादित्यले उज्जैन मालवाबाट वागमती उपत्यकाभित्र आई शिवपुरीदेखि शङ्खमूलसम्म फैलिएको विशालनगरमा राज्य गरेको कुरा उल्लेख गरिएको छ । यिनै राजासँग सम्बन्धित बत्तीसपुतलीको कथा, साँखु वज्रयोगिनीको कथा, हरिसिद्धिदेवीको कथाले वागमती उपत्यकाको संस्कृतिमा गहिरो छाप छोडेका छन् । त्यसमा पनि काठमाडौं उपत्यकाभित्रका धार्मिक मखुन्डो नाचहरूको पनि जननी हरिसिद्धिको नाचको शुरुआत पनि सातौं शताब्दीमा लिच्छविकालमा नै भइसकेको थियो, जुन नाच आजसम्म पनि उपत्यकाभित्र चलि नै रहेको छ । यो नाचको अन्तिम दृश्यमा त्रिशक्ति देवता ब्रम्हा, विष्णु र रुद्रसँगै राजा विक्रमादित्यलाई देखाइन्छ । लिच्छविकालदेखि चलिआएको यो धार्मिक गीति नृत्य अर्थात् नृत्यनाटिकालाई कान्तिपुरका राजा रत्न मल्ल र प्रताप मल्ल, पाटनका राजा श्रीनिवास मल्लले प्रोत्साहित गरी गुठीहरू राखिदिएका थिए । (६) धार्मिक नाच नचाउने यो परम्परा पछि उत्तर मल्लकाल र मल्लकालमा निकै विकसित भएको देखिन्छ । यसबारेमा थप चर्चा पछि गरिने छ ।

लिच्छविकालीन नेपालको भारतका विभिन्न राज्यहरूसँग व्यापारिक र सांस्कृतिक सम्बन्ध थियो । यसै परिप्रेक्ष्यमा उज्जैनका राजा विक्रमादित्य वा उनका दूत नेपाल आएका हुनसक्छन् । यसै घटनालाई वंशावलीहरूमा बढाइचढाइ लेखिएको हुनुपर्छ । नेपाल–उपत्यकाभित्र हरिसिद्धिको परम्परा भारतको उज्जैन (अवन्तिकापुर), द्वारिका (सौराष्ट्र) बाट नै आएको हुनु धेरै सम्भव छ । (७)

नेपाली ग्रन्थहरूमा र इतिहासहरूमा राजा विक्रमादित्यलाई उज्जैनका चालुक्य वंशका राजा भनेर भनिए तापनि वास्तवमा यिनी समुन्द्र गुप्तका छोरा चन्द्र गुप्त द्वितीय नै हुन् । शकहरूलाई दमन गरिसकेपछि चन्द्र गुप्त द्वितीयले विक्रमादित्यको उपाधि ग्रहण गरेका थिए । यिनै विक्रमादित्यबारे भारतमा पनि प्रशस्त जनश्रुतिहरू र दन्त्य कथाहरू पाइन्छन् । यिनले उज्जैन (मालवा), सौराष्ट्र (गुजरात) सम्म आफ्नो साम्राज्य फैलाएका थिए । यिनको समयमा भारतमा कला, साहित्य र आर्थिक अवस्था निकै राम्रो र उन्नत अवस्थामा पुगेको थियो । त्यसैले पनि गुप्तकाललाई भारतको स्वर्णयुग भनेर भनिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुप्तकालको समृद्धि र संस्कृतिको समकालीन लिच्छवि राजाहरूमा र नजिकैको देश नेपालमा पनि निकै प्रभाव परेको हुनुपर्छ । वृषदेव र धर्मदेवको समयका धेरै कुराहरू थाहा नपाइएको हुनाले यसबारे धेरै कुरा भन्न गाह्रो छ ।

लिच्छविकालका राजाहरूमध्ये मानदेव नै पहिलो राजा थिए जसका बारेमा हामीलाई प्रमाणित तवरले धेरै कुराहरू थाहा छ । मानदेव पराक्रमी, विद्वान् र सुयोग्य राजा त छँदै थिए, यिनको राज्यकालमा शैव, वैष्णव र बौद्ध तीनवटै धर्मले राज्यमा आश्रय पाएका थिए । यिनकी छोरी विजयवतीको संवत् ४२७ को पशुपति सूर्यघाटमा विजयशवर शिवलिङ्गको जलहरिमा कुँदिएको अभिलेख, स्वयम्भूको अभिलेख; जसमा मानविहारमा जग्गा गुठी राखिदिएको कुरा उल्लेख छ, देउपाटनको मानदेवको समयको संवत् ३९९ को रत्नेश्वर महादेवको स्थापना गरी गुठीहरू राखिदिएको अभिलेख, लाजिम्पाटको संवत् ३८९ को वामनमूर्ति (विष्ण विक्रान्त मूर्ति) को पादपीठको अभिलेख, पशुपति तिलगङ्गानिर मानदेवले स्थापना गरेको अर्को वामनको मूर्तिको पादपीठको अभिलेख, संवत् ४२५ को पलाञ्चोक भगवतीको मानदेवको समकालीन भगवती विजयश्वरीदेवी स्थापना गरेको विजयस्वामिनीको अभिलेख आदिबाट यिनको समयमा शैव, वैष्णव र बौद्ध धर्मसँगसँगै शाक्त धर्मले पनि त्यतिकै मान्यता पाएको देखिन्छ । यिनकी रानी क्षेमसुन्दरी र गुणवती, छोरी विजयवती र भारदार जयलम्भ तथा नरवर्माले स्थापना गराएका शिवलिङ्गहरू पनि उपत्यकाभित्र प्राप्त भएका छन् । यस्तै गुह्यमित्र नामक एक सार्थवाह (व्यापारी) ले 'इन्द्र' नामक दिवाकरको मूर्ति स्थापना गराएका छन् । यसबाट मानदेवको राज्यकालमा यी सबै धर्म सम्प्रदायहरू प्रचलित रहेका र यिनीहरूमा आपसी सद्भाव, समन्वय स्थापित रहेको थियो भन्ने प्रमाणित हुन आएको छ । (८)

नेपालको इतिहासमा राजाको नाम अङ्कित पहिलो मुद्रा 'मानाङ्क' को प्रचलन मानदेवले गराएका थिए । भारतमा पनि गुप्त राजाहरूले सुन, चाँदी र तामाका मुद्राहरू प्रचलनमा ल्याएका थिए । यसभन्दा अघि भारतमा शकहरूले चाँदी र तामाका सिक्काहरूको प्रचलन शुरु गरिसकेका थिए । मानाङ्क र लिच्छविकालका हालसम्म भेटिएका मुद्राहरू तामाकै हुन् । मानदेवको मुद्रामा एकातिर सिंहको मूर्ति र राजाको नामबाट 'मानाङ्क' र अर्कोतिर कमलको आसनमा देवीको मूर्ति र 'भोगिनी' भन्ने उल्लेख गरिएको छ । बन्दव्यापार र उद्योगधन्दाको लागि मुद्राको आवश्यकता पर्छ । मानाङ्क मुद्राको प्रचलनले मानदेवको समयमा देशको आर्थिक स्थिति निकै सुधिएको र बन्दव्यापार पनि टाढाटाढासम्म फैलिएको हुनसक्ने सङ्केत पाइन्छ । मुद्राको यो प्रचलनले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसबेला नै नेपाल-मण्डल एउटा स्वतन्त्र अस्तित्व राख्ने देश थियो भनी प्रमाणित गरेको छ। मुद्राको यो प्रचलनले गर्दा लिच्छविकालमै पछि गएर तिब्बत र भारतसँगको बन्दव्यापारमा पनि वृद्धि हुन गएको देखिन्छ।

राजा मानदेवले आफ्ना लागि राजप्रासाद 'मानगृह' बनाए तापनि उनको कुनै पनि अभिलेखमा यो दरबारको नाम उल्लेख भएको देखिँदैन। तर उनका नाति राजा वसन्तदेवको संवत् ४२८ को थानकोट आदिनारायणको अभिलेखमा मानगृह दरबारको उल्लेख छ र वसन्तदेवको यो अभिलेख मानगृह दरबारबाट जारी गरिएको छ। यसबाट राजा वसन्तदेव मानगृह दरबारमा बसी शासन गर्दथे भन्ने थाहा पाइन्छ। हुनसक्छ मानदेवले यो दरबार आफ्नो शासनकालको अन्त्यतिर मात्र बनाएका थिए र त्यसै कारणले उनले आफ्ना अभिलेखहरूमा यो दरबारको नाम उल्लेख गर्न सकेनन्। राजा मानदेवले निर्माण गरेको यो मानगृह दरबार नै नेपालको सबैभन्दा प्राचीन राजदरबार थियो। यो दरबारको वास्तुकला कस्तो थियो र यो दरबार कहाँ थियो भन्ने कुरा अझै अन्योलमा नै छ। जे भए पनि यो दरबारले राजा अंशुवर्माले कैलाशकूट भवन दरबार नबनाएसम्म लिच्छवि राजाहरूलाई आश्रय दिएको थियो र यो दरबार नै त्यतिन्जेल लिच्छवि राज्यको प्रशासनिक केन्द्र पनि थियो।

नेपाली वास्तुकलाको इतिहासमा मानगृहको ठूलो नाम छ। अंशुवर्माले कैलाशकूट भवन बनाइसकेपछि पनि वैधानिक लिच्छवि राजा शिवदेव मानगृहमा नै बस्दथे। धेरै समयसम्म राजदरबारको रूपमा रहेको यो नेपाल-उपत्यकाभित्र निर्मित सबैभन्दा पुरानो दरबारबारे यतिमात्र भन्न सकिन्छ कि यसको सिको गरेर नै पछि लिच्छविकालको उत्तरार्द्धमा 'कैलाशकूट भवन', 'भद्राधिवास', 'इन्द्रगृह' जस्ता दरबारहरू निर्माण भएको हुनुपर्छ। तक्षशिलाको उत्खनन गर्ने सर जोनमार्सलका अनुसार शकहरूले निकै उच्चस्तरीय कारिगरीले भरिपूर्ण काष्ठकलाका झ्याल, ढोका र अन्य वास्तुकलाका ढाँचाहरू प्रयोग गर्ने गदर्थे। कुशानकाल र गुप्तकालमा विकासको चरण बिन्दुमा पुगेको गान्धार कलाको शुरुवात शक राज्यकालमा नै भएको मानिन्छ। इसाको चौथो शताब्दीमा चन्द्रगुप्त विक्रमादित्यले शकहरूमाथि विजय प्राप्त गरेपछि यिनीहरू भागेर नेपाल उपत्यकाभित्र पसेका थिए। हाँडीगाउँको उत्खननले वागमती उपत्यकाभित्र शक-कुशानहरू इसाको तेस्रो/चौथो शताब्दीतिर नै आइसकेको कुरालाई पुष्टि गरेको छ। साथै नेपाल उपत्यकामा हिन्दू धर्मको पुनःउत्थान गर्ने काममा यिनीहरूले निकै योगदान पुऱ्याएको कुरालाई नकार्न सकिँदैन। (९) मानगृहको निर्माणमा यी शक-कुशानहरूको ठूलो योगदान रहेको हुनसक्छ। यिनीहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बीचमा चोक राखी चारैतिर घर निर्माण गर्ने गृह निर्माणकलाको प्रादुर्भाव गराएका थिए । यिनीहरूले सोहीअनुसारका काष्ठ कारिगरीपूर्ण दरबारहरू पनि बनाएका थिए । चोक, वास्तुकला र काष्ठकलाले भरिपूर्ण घर, दरबारहरू बनाउने क्रम पछि शाह, राणाकालसम्म पनि यथावत् चलि नै रहेको थियो । तसर्थ यो मौलिक नेपाली वास्तुकला पनि लिच्छविकाल कै देन हो ।

नेपाली वास्तुकलालाई लिच्छविकालदेखि नै प्रतिनिधित्व गरिरहेका कुनै पनि प्राचीन राजप्रासादको भग्नावशेष वा कुनै किसिमका प्रामाणिक अवशेषहरू अझै यस उपत्यकाभित्र फेला नपरे तापनि मल्लकालका प्राचीन दरबारहरू, बौद्ध विहारहरू, चौघेरा सत्तलसहितका मन्दिरहरू जस्तै चाँगुनारायणको मन्दिर, पशुपतिनाथको मन्दिर आदिले नेपालको मौलिक प्राचीन वास्तुकलालाई प्रतिनिधित्व एवं प्रमाणित पनि गरिरहेको मान्नु पर्छ । वागमती उपत्यकाभित्र शहर, गाउँ जतासुकै पनि चोक वास्तुकलाको प्रयोग प्रचुरमात्रामा भएको देखिए तापनि पाटन शहरभित्र मात्र करिब एक हजारभन्दा बढी चोक वास्तुकलाका नमुना एवं प्रमाणहरू भेटिन्छन् । (१०)

मानदेवपछि उनका छोरा महिदेव राजा भए । महिदेवपछि वसन्तदेव राजा भए । राजा वसन्तदेवको संवत् ४३० (?) को सीतापाइलाको अभिलेखमा नेपाली वास्तुकला र नेपाली जनजीवनलाई आजसम्म पनि अमृत जल बर्साएर बचाइराख्ने ढुङ्गेधाराबारे उल्लेख गरिएको छ । (११) उक्त अभिलेखमा उनकी बहिनी जयसुन्दरीले आफ्ना बुबा (महिदेव) र आफ्नो पुण्य बढोस् भन्ने उद्देश्यले ढुङ्गेधारा आदि बनाउन लगाएको र पछि टुट्फुट् भएकोमा त्यसको मर्मत आदिको लागि राजा वसन्तदेवले (गुठी) जग्गा निर्धारित गरी बन्दोबस्त मिलाइदिएको कुरा छ ।

वागमती उपत्यकाभित्र लिच्छविकालदेखि आजसम्म पनि अटुट रूपमा अमृत जल बर्साएर उपत्यकावासीहरूलाई जीवनयापन गर्न सहयोग गरिरहेका यी ढुङ्गेधारा पनि वागमती सभ्यताका अपूर्व देन हुन् । इसाको पूर्वार्द्धमै यस उपत्यकाभित्र वर्मा र लिच्छविहरूसँगसँगै शक-पार्थियनहरूले गान्धार शैलीको मकर ड्रागणका कलाकृतिहरू भित्र्याइसकेको कुरा हाँडीगाउँमा प्राप्त अवशेषहरूले प्रमाणित गरिसकेका छन् । कालान्तरमा यी ढुङ्गेधाराहरूमा मकरका मुख र आकारहरूले व्यापकता पाए । यस्ता मकरका ढुङ्गेधाराहरू वागमती उपत्यकाभित्र सयौंको सङ्ख्यामा पाइन्छन् । (१२) वागमती सभ्यताको एउटा अपूर्व देन र उदाहरणस्वरूप रहेका हाम्रा यी ढुङ्गेधाराहरूको इतिहास खोतलेर हेर्दा सबभन्दा पुरानोचाहिँ हाँडीगाउँ भारविको संवत् ४७२ (इस्वी ५४९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को अभिलेखमा उल्लेखित राजा मानदेवकी छोरीका छोरा (नाति) भारविले निर्माण गरेको ढुङ्गेधारा हो। तर यो ढुङ्गेधाराको हालको अवस्थाबारे यकिन गर्न सकिएको छैन। हाल अस्तित्वमा आइरहेको र लिच्छविकालदेखि नेपाली जनजीवनलाई अमृतजल बर्साएर जीवन दान दिइरहेको सबभन्दा प्राचीन ढुङ्गेधाराचाहिँ पाटनको मङ्गहिटी नै हो। संवत् ४९२ (इस्वी ५६९) मा उनै भारविले निर्माण गर्न लगाएको उक्त ढुङ्गेधारा अझै पाटन शहरको जनजीवनको एक अभिन्न अङ्ग बनिरहेको छ। यस्तै प्राचीन ढुङ्गेधाराहरूबारे केही वर्षअघि हाँडीगाउँमा गरिएको उत्खननमा प्राप्त भएको संवत् ६७४ (इस्वी ७५१) मा प्रिय वर्मनले निर्माण गर्न लगाएको ढुङ्गेधारा भनी अभिलेख अङ्कित धाराको डुँडलाई पनि लिन सकिन्छ। (१३)

लिच्छविकालमा आभिर गुप्तहरूको यथेस्ट प्रभाव परेको कुरालाई इतिहासकारहरू मान्दछन्। लिच्छवि र गुप्तहरूको वैवाहिक सम्बन्ध पनि रहेको थियो। राजा वसन्तदेवको समयदेखि नरेन्द्रदेवको उदय नहुन्जेल लिच्छविकालको इतिहासमा गुप्तहरूको ठूलो स्थान रहेको थियो। रवि गुप्त, भौम गुप्त, जिष्णु गुप्त, विष्णु गुप्तहरू शक्तिशाली शासक बन्न पुगेका थिए। (१४) यी गुप्त शासकहरूले नेपाली समाज र वागमती उपत्यकाभित्र भारतको गुप्त सभ्यता र संस्कृतिलाई भित्र्याएनन् भनेर भन्न सकिँदैन। चन्द्र गुप्त द्वितीयको समयमा भारत आएका चिनिया यात्रु फाहियानले आफ्नो भ्रमण वृत्तान्तमा नेपाल अर्थात् वागमती उपत्यकाबारे कुनै उल्लेख नगरे तापनि उनले गुप्त साम्राज्य र गुप्त राजाहरूबारे लेखेका कुराहरूबाट वागमती उपत्यकाका लिच्छवि राजाहरूमा प्रभाव नपरेको हुनै सक्दैन। फाहियानले गुप्त राजाहरू कानुनी राज्यका अनुयायी थिए, तिनीहरूमा धार्मिक सहिष्णुता थियो, राजाहरू वैष्णव धर्मका अनुयायी भए तापनि बौद्ध धर्मलाई पनि उत्तिकै श्रद्धा र आदर गर्दथे भन्ने कुरा वृत्तान्तमा उल्लेख गरेका छन्। वास्तवमा वागमती उपत्यकाका लिच्छवि राजाहरू पनि यिनै गुप्त राजाहरू झैँ कानुनी राज्य र धार्मिक सहिष्णुतामा विश्वास गर्दथे। धार्मिक सहिष्णुताको यो परम्परामा नेपाल-मण्डलभित्र हिन्दू र बौद्ध धर्म दुवैलेसँगसँगै फल्न र फस्टाउन पाए। (१५)

इस्वीको ४५५ देखि ४६७ सम्म उत्तरी भारतमा हुणहरूको आक्रमण भइरह्यो। हुणहरूको आक्रमणबाट बच्न केही गुप्त वंशका मानिसहरू नेपाल उपत्यकाभित्र पसेका थिए। चन्द्रगुप्त प्रथमले नेपालकी लिच्छवि राजाकुमारीसँग विवाह गरी आफ्नो राज्य विस्तार गर्न समेत सफल भएका थिए। नेपाली राजकुमारीले ल्याएको दाइजोको सम्पत्तिले चन्द्र गुप्तलाई अझ समृद्ध बनाएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थियो। त्यसैले उनका छोरा चन्द्र गुप्त द्वितीयले आफूलाई गुप्त बाबुका छोरा भन्नुको सट्टा (आमा) लिच्छविको छोरा 'लिच्छवि दोहित्री' भन्न रूचाए। (१६)

भारतका गुप्तहरू विष्णुका अनुयायी थिए। तिनीहरू आफूलाई विष्णुका अवतार नै सम्झन्थे। तिनीहरूले आफ्नो मुद्रामा समेत वराह अवतार विष्णु र लक्ष्मीका मूर्तिहरू कुँदाएका थिए। तर कोही गुप्त राजाहरू भने शिवभक्त पनि थिए, कोही देवीभक्त पनि थिए। गुप्त राजाहरू सर्वधर्म सम्मान गर्दथे। चन्द्र गुप्त द्वितीय पक्का हिन्दू भए तापनि यिनले बौद्ध र जैन धर्मलाई पनि उत्तिकै मान्यता दिएका थिए। वास्तवमा नेपालका लिच्छवि राजाहरूले पनि भारतका गुप्त राजाहरूबाट सबै धर्मलाई मान्यता दिने गुण सिकेका थिए। (१७)

राजा वसन्तदेवपछि संवत् ५१२ (इस्वी ५८९) ताका राजा शिवदेवको उदय नभएसम्म करिब ५८ वर्ष नेपाल उपत्यकाभित्र आभिर गुप्तहरूको दबदबा रह्यो। यस समयमा वैष्णव धर्मले बढी प्रश्रय पाउनु स्वाभाविकै थियो। किनभने यी आभिर गुप्तहरू वैष्णव धर्मका अनुयायी थिए। अनुपरम गुप्तको हाँडीगाउँ, सत्यनारायण स्थानको अगाडिको गरुड स्तम्भ, भौम गुप्तले स्थापना गरेको चन्डोलको वराह मूर्ति आदिले यस कुरालाई पुष्टि गर्दछन्। अनुपरम र भौम गुप्तले कायम गरेको यो वैष्णव परम्परालाई पछि उनका सन्तति जिष्णु गुप्त र विष्णु गुप्तले अझै बढी व्यापक गरे। विष्णु गुप्तले सन् ६३३-६४३ मा आफूलाई भगवान विष्णुको अवतार मानी आफ्ना छोराहरूलाई आफ्ना अङ्गरक्षकको रूपमा राखेर मूर्तिहरू बनाई पशुपतिको हाल राम मन्दिर भनिने मन्दिरभित्र स्थापना गरेका थिए। भनिन्छ विष्णु गुप्तले आफूलाई यसरी भगवानसँग दाँजेको हुनाले लिच्छवि राजाहरूले यिनलाई र यिनका छोराहरूलाई शक्तिशाली हुनबाट वन्चित गरेका थिए। हुन पनि नेपालको इतिहासमा विष्णु गुप्तपछि अन्य गुप्तहरू शक्तिशाली भई उठ्न सकेको देखिँदैन। (१८)

भौम गुप्तको प्रसङ्गमा एउटा उल्लेखनीय कुरा अर्को छ। उनी लिच्छवि राजा गणदेवका महाप्रतिहार अर्थात् प्रधानमन्त्री थिए। संवत् ४८२ को चौकीतारको गणदेव भौम गुप्तको अभिलेखअनुसार त्यसबेलाका प्रमुख प्रशासनिक अङ्गहरू लिङगवल र माप्चोकले गर्ने कामको साथसाथै कुथेर र सुल्ली अधिकरण याने अड्डाहरूले गर्ने काम पनि स्थानीय बासिन्दाहरूले नै गर्ने गरी अधिकार प्रदान गरेको देखिन्छ। यसरी उपत्यकाभित्र प्रशासनमा स्वायत्त शासनको व्यवस्थाको परम्परा बसाल्ने काममा भौम गुप्तको ठूलो योगदान रहेको छ। (१९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसैकालमा भौम गुप्तका एकजना सेवकले संवत् ४८७ (इस्वी ५६५) मा पशुपतिमा हरिहरको मूर्ति स्थापना गरेको र अनुपरम गुप्तकी पत्नी आभिरीले इस्वी ५३९ मा पशुपति क्षेत्रमा अनुपरमेश्वर शिव मन्दिर बनाई त्यसको राम्रो बन्दोबस्त गरिदिएका आदि कुराबाट गुप्तहरू वैष्णव धर्मका अनुयायी भए तापनि धार्मिक सहिष्णुतामा विश्वास गर्दथे र वासुदेव अनि महादेवमा कुनै भेदभाव राख्दैनथे भन्ने कुरा स्पष्ट हुन्छ। (२०) यो कुरालाई राजा शिवदेवले निर्माण गर्न लगाएको पाटनको उकुँवहा शिवदेव विहारको नामले प्रसिद्ध मन्दिरले पनि पुष्टि गर्छ। त्यसबाट पनि लिच्छवि राजाहरूको धार्मिक सहिष्णुताबारे थप पुष्टि मिल्दछ। (२१) राजा शिवदेवले शिवदेव विहार (उकुँवहा) को अलावा नन्दीशाला विहार नशावहाः, मणिपुर जैव विहार, मणिधर जीव विहार र मानसिंह विहार पनि बनाएका थिए भनेर प्राचीन ताडपत्रहरूमा उल्लेख गरेको पाइन्छ। (२२)

धार्मिक प्रवृत्तिमा लागेका राजा शिवदेवले राजकाजको बागडोर आफ्नो नजिकैको नाता पर्ने र विश्वासिला अंशुवर्मालाई सुम्पेका थिए। शायद शिवदेवको मृत्युपछि भने अंशुवर्माले आफूलाई महाराजाधिराजको रूपमा सम्बोधन गर्न थाले। वागमती सभ्यताको इतिहासमा अंशुवर्माको समय र तिनको योगदानको ठूलो स्थान रहेको पाइन्छ। नेपाल-तिब्बत व्यापार सम्बन्ध, तिब्बतका राजा स्रोङ्गचङ्ग गम्पोसँग भृकुटीको विवाह, भारतका मौखारी राजवंशसँगको सम्बन्ध आदि उनको समयका प्रमुख घटनाहरू हुन्। थानेश्वरका राजा हर्षवर्द्धनले आफ्नै नातेदारको राज्य भए तापनि मौखारी राज्य र त्यसको राजधानी कान्यकुब्ज अर्थात् कनौज आफ्नो राज्यमा गाभेपछि मौखारी राजवंशका एक राजपुत्र सुरसेन र उनको परिवार नेपाल आई अंशुवर्माको शरणमा बसेको हुनाले यिनै मौखारीहरूको प्रभाव पनि नेपाली सभ्यतामा परेको थिएन भनेर भन्न सकिँदैन। मौखारी राजपरिवारसँग शिवदेव द्वितीयले मौखारी राजा भोग वर्माकी छोरी श्री वत्सदेवीसँग गरेको विवाहबाट लिच्छवि र मौखारीहरूको सम्बन्ध कस्तो थियो भन्ने कुरा थाहा पाइन्छ। भारतका मौखारी राजकुलसँगको वैवाहिक सम्बन्धले नेपालको सभ्यतामा पनि महत्त्वपूर्ण योगदान जरुरै पनि गरेको हुनुपर्छ। किनभने भारतमा मुसलमानहरूको आगमन नभएसम्म कनौज उत्तर भारतको सबभन्दा ठूलो उन्नत शहर थियो। यहाँका राजा हर्षवर्द्धनको समयमा चिनियाँ यात्रु हुयनसाङ्ग भारत आएका थिए। (२३)

उत्तरी भारत कनौजका राजा हर्षवर्द्धन र अंशुवर्मा समकालीन थिए। (हर्षवर्द्धन इस्वी ६०६ देखि ६४७ र अंशुवर्मा इस्वी ६०४ देखि ६२१ सम्म)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हर्षवर्द्धनको समयमा पूर्वी भारतमा बौद्ध धर्मको ठूलो विकास भएको थियो। बौद्ध धर्मका केन्द्र तथा विश्वविद्यालयहरू नालन्दा, विक्रमशिल र पहाडपुरमा भारत र विदेशबाट पनि विद्यार्थीहरू आई अध्ययन गर्दथे। यसै समय तिब्बत र पूर्वी भारतका तान्त्रिक मतले पनि वज्रयान बौद्ध धर्मको विकासमा ठूलो प्रभाव पार्‍यो। यसै समयदेखि नेपाल-उपत्यकाभित्र पनि वज्रयान बौद्ध धर्मको प्रचार प्रसार र विकास हुन थाल्यो। यसको साथसाथै हिन्दू धर्ममा पनि शक्ति अथवा शाक्तमतको विकास हुन थाल्यो। शाक्तमत पनि तन्त्रमा नै आधारित भएको हुनाले विष्णुलाई लक्ष्मी र श्री शिवलाई पार्वती, काली र दुर्गा स्त्री शक्तिहरूसँग मिलाई मातृका देवीहरूको पूजा आराधनासँगसँगै जोडेर लगे। (२४)

इस्वी ६१८ तिर तिब्बत र नेपालबीच आवतजावत गर्ने बाटो खुलेको थियो जसबाट नेपालको आर्थिक अवस्थामा परिवर्तन हुन थाल्यो। नेपाल र तिब्बतवीच व्यापारिक सम्बन्ध झनझन फस्टाउन थाल्यो। नेपालले भारत र तिब्बतसँग व्यापारिक माध्यम बन्ने मौका पायो। यसैबीच तत्कालीन तिब्बतका शक्तिशाली राजा स्रङ्गचङ्ग गम्पोसँग अंशुवर्माले आफ्नी छोरी (वा भतिजी) भृकुटीको विवाह गराई वैवाहिक र पारिवारिक सम्बन्ध पनि जोडे जसले गर्दा नेपाल तिब्बत जाने आउने मानिसको वृद्धि हुनुकासाथै बन्द व्यापारमा पनि वृद्धि हुनु स्वाभाविकै थियो। भृकुटीको ऐतिहासिकता र अंशुवर्मा तथा भृकुटीको नाता सम्बन्धमा हालसम्म कुनै पनि नेपाली स्रोतबाट प्रमाणित हुन नसके तापनि चिनिया स्रोत र प्रसिद्ध इतिहासकार सिलभान लेभीले भृकुटी अंशुवर्माकै छोरी हुन् भनेर धेरैअघि लेखिसकेका छन्। (२५)

भृकुटीको विवाहले अंशुवर्माकालीन नेपालको गौरव र प्रतिष्ठा अन्तर र्राष्ट्रिय स्तरमा पनि बढ्न गयो। नेपालले आफ्नो वैवाहिक सम्बन्ध भारतभन्दा बाहिर बेग्लै उत्तरको महान देश तिब्बतसँग स्थापना गर्नु भनेको नै नेपाल एशिया महाद्वीपका दुई ठूलाठूला देश भारत र तिब्बत (चीन) बीच राजनैतिक र व्यापारिक सम्बन्धको माध्यम पनि बन्न पुग्नु हो। साथै उक्त ऐतिहासिक विवाहपछि नेपालको राजनीतिमा तिब्बत र चीनको भूमिका पनि बिस्तारै बिस्तारै देखापर्न थाल्यो। यस विवाहले नेपालभन्दा तिब्बतमा सामाजिक, धार्मिक, कला र संस्कृतिमा नै ठूलो उथलपुथल ल्याइदियो। नेपाली वास्तुकला, नेपाली मूर्तिकला, चित्रकला र बौद्धधर्मले तिब्बतलाई एउटा नयाँ सभ्यताको शुरुआत गर्न सहयोग पुर्‍यायो। साथै तिब्बती र चिनिया संस्कृतिले पनि नेपाली संस्कृतिमा बिस्तारै बिस्तारै आफ्ना प्रभावहरू पार्न थाले। कुनै खास धर्म नभएको देश तिब्बतमा भृकुटीको सहयोगबाट राजा स्रङ्ग-चङ्ग गम्पोले बौद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मलाई राष्ट्रिय धर्मको मान्यता दिए । यही धर्म तिब्बतमा आजसम्म पनि चलि नै रहेको छ । त्यसै समयमा नेपालका बौद्ध विद्वान् भिक्षु शिलमञ्जु तिब्बतमा बौद्ध धर्म प्रचार गर्ने सिलसिलामा त्यसतर्फ गएका थिए । त्यतिबेलादेखि बौद्ध भिक्षु विद्वान्हरू नेपाल र भारतबाट तिब्बततर्फ जाने परम्परा बस्न थालेको हो । (२६)

नेपालमा राष्ट्रिय विभूतिको रूपमा सम्मान गरिए पनि तिब्बती बौद्ध धर्ममा भृकुटीलाई एक अलौकिक देवीको रूपमा नै मानिन्छ । उनको आगमनपछि तिब्बतमा शान्ति, सुव्यवस्था, जताततै पाठपूजा र धार्मिक अनुष्ठानहरू हुन थाले । त्यस समय नेपालले धार्मिक र सांस्कृतिक क्षेत्रमा धेरै उन्नति गरिरहेको थियो । नेपाल त्यसबखत तिब्बती र भारतीय विद्वान् तथा धर्म गुरुहरूको साधना भूमिसमेत रहेको थियो । भृकुटीले पनि शिलमन्जु लगायतका नेपाल बौद्ध विद्वान् हरूलाई तिब्वत लगेर सम्मानपूर्वक राखेकी थिइन् । त्यसबेलादेखि नेपालका बौद्ध आचार्यहरू र तिब्बतका प्रशिक्षार्थीहरूको आउने-जाने क्रम भने चलि नै रह्यो । भृकुटीले भाषा, धर्म, जाति र संस्कृतिका सीमा र बन्धनहरू मेटेर बुद्धका (उपदेशहरू) आलजहरू तिब्वती भू-भागमा रोपेर हराभरा पारिदिइन् ।

नेपाल र तिब्वतको लागि मात्र होइन, भृकुटीको योगदान भारत र चीनका लागि पनि महत्त्वपूर्ण छ । नेपालसँग सम्बन्ध जोडिएका भारतका सम्राट हर्षवर्द्धनको मृत्युपछि बिग्रिएको सम्बन्ध सुधार्न भारतलाई भृकुटीले सहयोग पुऱ्याएकी थिइन् ।

सम्राट हर्षवर्द्धनको मृत्युपछि उनका मन्त्री अरूणाश्वले भारत आएका चिनिया प्रतिनिधिहरूलाई आक्रमण गरेपछि भारत र चीनबीचको सम्बन्धमा तुषारापात भयो । अरूणाश्वले गरेको दुर्व्यवहारका कारणले चिनिया प्रतिनिधिमण्डलका नेता वाङ्गको अनुरोधमा चिनिया सेनालाई तिब्बतले १ हजार २ सय सिपाही र नेपालले ७ हजार घोडचढी सैन्यको सहयोग गरेका थिए । परिणामस्वरूप अरूणाश्वलाई पक्रेर चीनमा लगियो र भारतको शासनमा पनि स्थिरता आयो । यसरी भारत र चीनबीचको सम्बन्धमा नेपाल माध्यम वनेको थियो । यस अवस्थामा भारत, तिब्बत र चीनका लागि नेपाल धार्मिक एवं व्यापारिक केन्द्रको रूपमा विकसित भइरहेको थियो । यसको कार्य सम्पादन भृकुटीले गरेकी थिइन् । नेपाल-चीन-तिब्बत र भारतसँग आपसी मित्रता बढाई नेपालको सभ्यता र संस्कृतिलाई चारैतिर फैलाएर नेपालको स्थान उच्च राख्नमा उनले दिएको योगदान नेपालको इतिहासमा सधैँ स्वर्ण अक्षरले लेखिरहने छ । (२७)

तिब्बतका दुई अति प्राचीन मन्दिरहरूमध्ये एक थुलनाङ्ग (Thulnang

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(a P'rul Snan) लाई स्रङ्ग-चङ्ग-गम्पोकी नेपाली रानी भृकुटीले निर्माण गर्न लगाएकी थिइन् । त्यसरी नै मालदोमा अवस्थित काट्से (Ska ts" d) को मन्दिरलाई पनि भृकुटीको देन मानिन्छ । त्यसबेलाको ल्हासा दुईवटा अति सुन्दर मूर्तिहरूको लागि प्रसिद्ध थियो । ती मध्ये एक अक्षोभ बुद्धको मूर्तिचाहिँ भृकुटीले राजा स्रङ्ग-चङ्ग-गम्पोलाई उपहार स्वरूप दिएकी थिइन् । त्यसरी नै रानी भृकुटीले राजालाई डोल्मा (Dar len ma) को मूर्ति, जुन हाल थुलनाङ्गमा छ र मैत्रय चोकोर (Maitreya Chokorma) को मूर्ति पनि उपहार दिएकी थिइन् ।

तिब्बती चित्रकलामा खासगरी भित्ते चित्र र थान्का चित्रमा नेपाली कलाको ठूलो प्रभाव देखिन्छ । तिब्बतमा भित्ते चित्र र थान्का चित्र तयार गर्न धेरै कलाकारहरू नेपालबाट ल्याइन्थे । त्यस्तै शाक्य (Sakya) र नगोर (Ngor) का गुम्बाहरूमा राखिएका चित्रमय हस्तलिखित ग्रन्थहरूमा पनि नेपाली कलाको प्रभाव प्रस्ट देखिन्छ । त्यतिमात्र नभई स्रङ्ग-चङ्ग-गम्पोको चिहानमाथि राखिएको उनको सालिक र अन्य प्रस्तरका सालिकहरू पनि नेपालबाट ल्याइएका कलाकारहरूले नै निर्माण गरेका हुन् । (२८)

वागमतीको सभ्यतामा अंशुवर्माको समयमा आएर धेरै आयाम थपिए । भागवत (वैष्णव), शैव (शाक्त) र बौद्ध धर्मवीच समन्वय, मेलमिलाप र सहिष्णुता, धार्मिक नाचगानको शुरुआत, गुठी व्यवस्थाको सूत्रपात, मुद्राको प्रचलन, भारत र तिब्बत (चीन) सँग वैवाहिक एवं व्यापारिक सम्बन्ध, नेपाली कला, वास्तुकलाको प्रचार, फैलावट र तिब्बतमा बौद्ध धर्म र कलाको प्रचार नै यस समयको सबैभन्दा ठूलो देन मान्न सकिन्छ ।

नेपाल उपत्यकाभित्र स्वायत्त शासन र प्रशासनिक विकेन्द्रीकरणको शुरुआत पनि अंशुवर्माले नै गरेको देखिन्छ । शिवदेव अंशुवर्माको खोपासीको वि.सं.६५४ को शिलालेखबाट यो कुरा स्पष्ट हुन्छ । उक्त शिलालेखअनुसार अंशुवर्माले खोपासीमा सारा अड्डाको प्रवेश रोकी अर्थात् अधिकार झिकी उक्त गाउँको सम्पूर्ण मुद्दा मामिला हेर्ने, बन्दोबस्त बाँध्ने अथवा गर्ने अधिकार गाउँकै तलस्वामी (तलसिङ्ग) लाई दिएका छन् । यसरी सबै अड्डाको अधिकार झिकेर गाउँकै तलस्वामीलाई सम्पूर्ण अधिकार दिनु अंशुवर्माको शासनको उदारनीति एवं बुद्धिमानीको उदाहरण हो । यस किसिमसँग अंशुवर्माले आफूलाई शासन गर्ने अधिकार रैतीहरू आफैँलाई दिएर स्वायत्त शासनको रूप प्रकट गर्दै प्रजामा सुख, शान्ति र सुविधा पुऱ्याएका थिए । (२९)

नेपालको इतिहासको आधुनिककाल अर्थात् यसै शताब्दीमा नेपालको राजनीतिक इतिहासलाई नै प्रभावित गर्ने पञ्चायत-व्यवस्थाको सूत्रपात

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिच्छविकालमा अंशुवर्माको समयमा नै भएको थियो। लिच्छविकालको यही एउटा कुरा वागमती सभ्यताको लागि अति नै महत्त्वपूर्ण देन थियो भनेर भन्दा कुनै अत्युक्ति नहोला। (३०)

लिच्छविकालबारे थाहा पाउन हामीलाई त्यस समयका शिलालेखहरूले ठूलो मद्दत पुऱ्याएका छन्। यी अभिलेखहरूका अलावा त्यसकालबारे हामीलाई काठमाडौं उपत्यकाभित्र गरिएका उत्खननहरू जस्तै १९६५ मा डा.एस.वी. देवले लाजिम्पाट र हाँडीगाउँमा गरेका र इस्मियो इटालीले सन् १९८४ देखि १९८८ सम्म गरेका उत्खननले धेरै सामग्रीहरू जुटाइदिएका छन्। माथि उल्लेखित श्रोत-सामग्रीबाहेक अरू महत्त्वपूर्ण प्रमाण भन्नु नै त्यसकाललाई प्रतिनिधित्व गर्ने प्रस्तरका मूर्तिहरू हुन्। लिच्छविकालमा धेरै उत्कृष्ट मूर्तिहरू बने। ती मूर्तिहरूमा गान्धार मथुरा शैलीको यथेष्ट प्रभाव देखिन्छ। राजा जय वर्माका जस्ता सालिकहरू बन्न छोडे तापनि लिच्छवि राजाहरूले आफूलाई आफ्ना इष्ट देवताको भक्तको रूपमा तिनीहरूको वाहन वा तिनीहरूलाई नै आफ्नो रूप दिई निर्माण गर्ने परम्परा भने बसालेको देखिन्छ। राजा मानदेव (प्रथम) को चाँगुनारायणको गरुड मूर्तिलाई राजाले आफ्नै मुहार दिई कुँदाउन लगाएको भनेर भनिन्छ। यो परम्परा पछि मल्लकालसम्म पनि कायमै रहेको देखिन्छ। जस्तै वसन्तपुरको त्रैलोक्य नारायण मन्दिर अगाडिको गरुडको मूर्ति पनि यसै परम्परामा बनाई स्थापना गरेका हुन् भनेर भनिन्छ। (३१)

सन्दर्भ सामग्रीहरू

(१) ब्रिटिश लाइब्रेरी, लण्डन, हड्सन मनुस्क्रिट, भोलुम ५२, पेज ८३-८६

(२) (क) दर्नाल, प्रकाश, असार २०६२, चाबहिलस्थित धन्दोचैत्य जीर्णोद्धारबारे केही चर्चा, प्राचीन नेपाल, सङ्ख्या १५९, पेज ३५-७८

(ख) Thapar, Romila, 1995, **Asoka and the Decline of the Mouryas,** Oxford University Press, Delhi, Fourteenth Inpression, pp47

(३) आचार्य, बाबुराम, नेपालको सांस्कृतिक परम्परा, श्रीकृष्ण गौतम, काठमाडौं ..... पेज २८

(४) आचार्य, बाबुराम, नं. ३, पेज २९

(५) भाषा वंशावली, भाग-१, काठमाडौं २०२०, पेज ७४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६) Gutschow, Niels and Michaels Axel, Eds, June 1985, **Heritage of the Kathmandu Valley :** Proceedings of an International Conference in lubeck, linde L. Iltis, the Jala Paykha : **A Classical Newar Dance Drama of Harisiddhi,** pp 201–213

(७) महर्जन, सक्कल बहादुर (तली), २०६५, हरिसिद्धि एक सङ्क्षिप्त परिचय, काठमाडौं पेज १०–१५

(८) आचार्य, बाबुराम, नं. ३, पेज २९–३०

(९) Veradi, Giovanni, 1992, **Excavations at Harigoan : Kathmandu**, vol. 1, Roma pp 14–16

(१०) Gutschow, Niels, 2011, **Architecture of the Newars,** vol. 1, The Early Periods, Serindia Publications, Chicago (USA) pp 115

(११) वज्राचार्य, धनवज्र, २०३०, लिच्छविकालीन अभिलेख, कीर्तिपुर, पेज १३२–१३४

(१२) अमात्य, साफल्य, २०५३, काठमाडौं नगरायण, काठमाडौं, पेज २५

(१३) (क) अमात्य, साफल्य, २०६०, पानी र संस्कृति, काठमाडौं, पेज ६५,
(ख) वज्राचार्य, धनवज्र, नं.८, पेज १७९–१८१ र पेज २०८–२१०

(१४) वज्राचार्य, धनवज्र, नं.८, पेज १७३

(१५) Wood, Michael, **The Story of India**, BBC Books, pp 156–157

(१६) Doniger, Wendy, 2009, The Hindus: An Alternative History, Oxford University Press, pp 377

(१७) (क) Thapar, Romila, 2002, Early India, The Penguin Press, pp 244,
(ख) Doniger, Wendy, No. 13, pp 379

(१८) पाठक, शारदा, डिसेम्बर १९८० 'नेपालमे शैव पन्थ' दिनमान (साप्ताहिक), नयाँ दिल्ली, ७–१३

(१९) (क) वज्राचार्य, धनवज्र, नं.८, पेज १८७–१९७ र
(ख) गोरखापत्र २०६१ कार्त्तिक १७ गते मंगलवार पेज २

(२०) रेग्मी, जगदीश चन्द्र, २०५३, लिच्छवि–इतिहास, कीर्तिपुर, पेज ७४–८०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२१) शाक्य, हेमराज, नेपाल संवत् १०९० शिवदेव संस्कारित ऊँकुलि श्री रुद्रवर्ण महाविहार (सङ्क्षिप्त परिचय) ललितपुर,
(२२) शाक्य, हेमराज, वि.सं.२०५१, शिवदेव संस्कारित : रुद्रवर्ण महाविहार, यल, (पाटन) पेज २८-२९
(२३) (क) रेग्मी, जगदीश चन्द्र, नं.१७, पेज ९८-९९)
(ख) Basham A.L. 1993, **The Wonder that was India**, Delhi pp68-69
(२४) **The New Encyclopedia Britannica**, vol 21, 15th edition, 2005, pp 49
(२५) (क) लेभी, सिल्भान, २००७, नेपालः हिन्दू अधिराज्यको इतिहास, (दोश्रो खण्ड) ललितपुर, पेज १०१
(ख) Saymi, Dhuswan, Nov. 1968, **Histroy of Bhrikuti**, Nepal Review, Vol 1, No. 2, pp 38-40
(२६) (क) Ibid
(ख) W.Woodville, Rockhill, **The Life of Buddha**, London 1907, Page 209-211
(ग) शर्मा, जनकलाल, ललितकला र साहित्य, एजुकेशनल एन्टरप्राइज, काठमाडौं २०२३, पेज ४३-४५
(२७) (क) सांकृत्यायन, राहुल, १९४८, तिब्बत मे बौद्ध धर्म, पेज ८
(ख) क्षेत्री, एम.आर., २०५९ भदौ, 'नेपालकी महान विभूति भृकुटी', नेपाल समाचारपत्र, ३० गते आइतबार, पेज ५
(२८) Tucci, Giuseppe, 1973, Arahaeologia Mundi, (Trans Himalaya), Bombay pp 77-195
(२९) नेपाल, ज्ञानमणि, २०१९, नेपालको प्राचीन इतिहासमा नयाँ प्रकाश, भोजपुर (पूर्व नेपाल, पेज १४-१५)
(३०) (क) पञ्चायत व्यवस्थाको इतिहासको लागि, हेर्नुस् अंशुवर्माका विभिन्न अभिलेखहरू खासगरी हाँडीगाउँका अभिलेख, धनवज्र वज्राचार्य, नं.८, पेज ३२०-३२५
(ख) गोयल, श्रीराम, १९७३, प्राचीन नेपालका राजनीतिक और सांस्कृतिक इतिहास, वारानसी, पेज १३४
(३१) अमात्य, साफल्य, २०६८, पुरातत्त्व, इतिहास र संस्कृति, भृकुटी प्रकाशन, काठमाडौं, पेज १०५-११५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाँचौँ अध्याय

उदयदेवदेखि राघवदेवको उदयसम्म वागमती सभ्यताको रूपरेखा

(इस्वी ६२१ देखि इस्वी ८७९ सम्म)

अंशुवर्माको अवसानपछि नरेन्द्रदेवको उदय नभएसम्म वागमती उपत्यकाको राजनैतिक अवस्था अस्थिर एवं सत्ताको लुछाचुँडीमा अल्भ्केको देखिन्छ। अंशुवर्मापछि वागमती उपत्यकाको शासनको बागडोर केही समयसम्म राजा उदयदेवको हातमा पऱ्यो। केही इतिहासकारहरू राजा उदयदेवलाई नै भृकुटीका पिता मान्दछन्। भृकुटीसम्बन्धी धेरै कुराहरू हामीले माथि उल्लेख गरिसकेका छौँ। अंशुवर्मापछि राजा भएका उदयदेव आफ्नै भारदारहरूको षड्यन्त्रमा परे। शक्तिशाली बन्न पुगेका भारदार विष्णु गुप्तले उदयदेवलाई हटाएर उनका भाइ ध्रुवदेवलाई गद्दीमा राखे। राज्यच्यूत भएका उदयदेव भृकुटीको शरणमा तिब्बत गए। उनको मृत्यु त्यहीँ भयो। उदयदेवपछि ध्रुवदेव र जिष्णु गुप्तको संयुक्त शासन रह्यो। सोही समयमा भीमार्जुन देव र विष्णु गुप्त पनि शासकको रूपमा देखापरे। यसरी देव नामधारी लिच्छविहरू र आभिर गुप्तहरूको संयुक्त शासन पुनः एकपटक यस उपत्यकाभित्र देखापऱ्यो।

उदयदेवका छोरा नरेन्द्रदेवले भृकुटीको सल्लाह र सहयोगबाट नेपालमा चलिरहेको भीमार्जुनदेव र विष्णु गुप्तको द्वैध शासनको षड्यन्त्र खतम गर्ने योजना बनाए। परिणामस्वरूप नरेन्द्रदेवले नेपालमा इस्वी ६४३ मा पुनः आफ्नो शासन कायम गर्न सफल भए। (१)

लिच्छवि राजाहरू वैष्णव, शैव र बौद्ध तीनैवटा धर्म मान्दथे भने गुप्त राजाहरू विशेषतः वैष्णव धर्म मान्दथे। गोपाल राजवंशावलीअनुसार राजा विष्णु गुप्तले वैष्णव धर्मको उत्थानको लागि पशुपति वागमती पारी हाल राम मन्दिर भनिने मन्दिरमा विष्णुको भव्य मूर्तिको स्थापना गरे। यिनै राजाले बुढानीलकण्ठको जलशायी (जलशयन) नारायणको भव्य एवं अति नै सुन्दर मूर्ति पनि स्थापना गरे। भारतमा पनि गुप्त राजाहरूले ठाउँठाउँमा जलशयन नारायणका मूर्तिहरू राखेका थिए। (२)

लिच्छवि संवत् ६४ (वि.सं.६७३) को यंगाल हिटीको राजा भीमार्जुनदेव र विष्णु गुप्तको अभिलेखमा भगवान विष्णुको जलशायी मूर्ति बनाउन लायकको ठूलो ढुङ्गा तानेर ल्याउने कामबाट खुसी भएर राजा विष्णु गुप्तले दक्षिण कोलिग्रामका बासिन्दाहरूलाई केही विशिष्ट गहना जस्तै कल्ली, वाजु, पाउजेव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदि लगाउने अधिकार दिएका थिए भन्ने कुराको साथै जलशयन नारायण मूर्ति बनाउन लायक ढुङ्गा तानेर ल्याइदिएको हुनाले प्रसन्न भएर अबदेखि दक्षिण कोलिग्राममा बस्नेहरूले चोरी गर्ने, अर्काकी स्वानी हर्ने, ज्यान मार्ने, राजद्रोह गर्ने आदि ठुलाठुला अपराध गरे भने अपराधीलाई मात्र दण्ड गरिने छ, तिनका अंशियारहरू उपर कारबाही गरिने छैन भनी अधिकार प्रदान गरिएको कुरा पनि संवत् ६४ (वि.सं.६७३ को यंगाल हिटीको अभिलेखमा उल्लेख छ। (३) यसरी नै राजा भीमार्जुन देव र विष्णु गुप्तको भृगारेश्वरको संवत् ६५ (वि.सं.६७४) को अभिलेखमा जलशयन नारायणको मूर्ति बनाउन लायक ठूलो ढुङ्गा तानेर ल्याइदिएको हुनाले प्रसन्न भएर भृगारेश्वर ग्राम पाञ्चालिकाका बासिन्दाहरूलाई पनि पञ्चापराध जस्तै चोरी गर्ने, अर्काकी स्वास्नी हर्ने, राजद्रोह गर्ने आदि जस्ता अपराध गर्नेहरूको मात्र अंशको घर, खेत, गाई वस्तु आदि जफत गर्नु, तिनका अंशियारहरूलाई सजाय नगर्नु भनी अधिकार दिइएको पाइन्छ। साथै त्यस ग्राम पाञ्चालिकाका मानिसहरूलाई विष्टि (झारा) को काम गर्न नपर्ने र अरू पनि केही सुविधा दिइएको उक्त अभिलेखबाट बुझिन्छ। (४)

नेपालको धार्मिक इतिहास र मूर्तिकलाको इतिहासमा बुढानीलकण्ठको यो मूर्तिलाई एउटा बेजोडको नमुना मान्न सकिन्छ। विश्व सम्पदाको रूपमा लिन सकिने यो अद्भूत मूर्ति नेपाल राज्यभर हालसम्म पाइएका एउटै ढुङ्गामा कुँदिएको सबैभन्दा ठूलो मूर्ति हो। अण्डाकारको एघार टाउके नागको फणामाथि शिर राखी निर्मल आकाशलाई हेरिरहेको, घुँडामुनि दाहिने खुट्टालाई देब्रे खुट्टामाथि राखी बडो आरामसाथ सुतिरहेको, धोती लगाएको र धोतीको सप्को तल घुँडासम्म पुगेको, दुवै हातमा ब्रासलेट (बाजु) र सर्प–केयुरहरू लगाएको, कानमा कुण्डल र मुकुट लगाएको, चारहातमा शङ्ख, चक्र, गदा र वरद मुद्रामा विभूतिको गोला लिएको, सौम्य मुद्राको यो भव्य र अति सुन्दर मूर्तिको जोडा नेपालभर अन्य कतै छैन। बुढानीलकण्ठको यो मूर्ति नेपालको धार्मिक सहिष्णुताको पनि एउटा बेजोड उदाहरण मानिन्छ। मूर्तिको लम्बाइ २० फिट ११ इन्च, चौडाइ १२ फिट १.५ इन्च र गोलाइ ६ फुट जति छ। मूर्तिको शिर भाग पूर्व दिशातर्फ छ। भगवानका निधारमा तीनवटा कीर्ति मुकुटहरू छन्। छातीमा श्रीवत्सको चिन्ह छ। घाँटी अर्थात् गलामा रुद्राक्षको माला छ। यसरी यस मूर्तिमा शिव र विष्णु दुवैका आयुध अर्थात् पहिचानहरू देखिन्छन्। त्यसैले यो शैवमार्गहरूको लागि नीलकण्ठको मूर्ति हो भने, वैष्णवहरूलाई हरि अर्थात् नारायणको मूर्ति हो। त्यस्तै वागमती उपत्यकाका बौद्ध मार्गीहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि यस मूर्तिलाई लोकेश्वरको रूपमा पुज्ने गर्दछन् । वास्तवमा यो जलशयन हरिहरको मूर्ति हो । राजा विष्णु गुप्तकै समयदेखि नेपालमा हरिहर सम्प्रदायको पनि सूत्रपात भएको कुरा यस मूर्तिबाट थाहा पाइन्छ । (५) राजा भीमार्जुनदेव र विष्णु गुप्तको माथि उल्लेखित यंगाल हिटीको अभिलेख र भृगारेश्वरको अभिलेखबाट यी राजाहरू शिव र विष्णु दुवैका भक्त थिए र यिनीहरू धार्मिक सहिष्णुतामा विश्वास गर्दथे भनेर भन्न सकिन्छ । वागमती उपत्यकाभित्र रहेका चार नारायण चाँगुनारायण, फर्पिङको शेषनारायण, इचंगुको इचंगुनारायण र विशंखुको विशंखुनारायणको स्थापनाको श्रेय पनि गोपाल राजवंशावलीले राजा विष्णु गुप्तलाई नै दिएको छ । (६)

वागमती उपत्यकाका गुप्त राजाहरूले भारतका गुप्त राजाहरूले झैँ विष्णुलाई निकै धेरै मान्यता दिएका थिए । तसर्थ यिनीहरूले आफ्नो शासनकालमा विष्णुका धेरै मूर्तिहरू स्थापना गरेका देखिन्छन् । इतिहास शिरोमणि बाबुराम आचार्यको भनाइअनुसार वागमती उपत्यकाभित्र इसाको पाँचौं शताब्दीको शुरुदेखि नै गुप्तहरूको प्रभाव परेको र वैष्णव धर्मको पनि ठूलो प्रभाव जनमानसमा परिसकेको थियो । तसर्थ राजा शङ्खरदेवको राज्यकाल (इ. ४१०-४४५) मा चाँगुमा गरुडवाहन नारायणको मूर्ति स्थापना गरी हरिबोधिनी एकादशीको पर्व बडो उत्साहका साथ मान्न थालियो । वागमती उपत्यकाभित्र आजसम्म पनि वर्षमा दुई पटक ठूलो एकादशीको रूपमा हरिबोधिनी एकादशी कार्त्तिक महिनामा र हरिशयनी एकादशी असार महिनामा पर्वको रूपमा सबैले मान्दै आएका छन् ।

वागमती उपत्यकाभित्र जलशयन नारायणका मूर्तिहरू बालाजुको बगैंचाभित्र र हनुमानढोका दरबारको भण्डारखाल बगैँचाभित्र पनि राखिएका छन् । यी दुवै मूर्ति अन्त कतैबाट ल्याई यहाँ राखिएका हुन् र यो काम प्रख्यात मल्ल राजा प्रताप मल्लको समयमा भएको थियो । अब प्रश्न उठ्न सक्छ कि यी दुवै मूर्तिको प्राचीनता के हो त ? संवत् ३२ को हाँडीगाउँको अंशुवर्माको अभिलेखमा उल्लेखित 'भुभ्भुक्किका जलशयन' कुन हो त ? राजा प्रताप मल्लले ज्ञानेश्वरबाट ल्याई हनुमानढोका दरबारभित्र प्रतिस्थापना गरेको जलशयन नारायणचाहिँ अंशुवर्माले हाँडीगाउँको अभिलेखमा उल्लेख गरेको 'भुभ्भुक्किका जलशयन' हुनु धेरै सम्भव छ । किनभने प्राचीन लिच्छविकालीन शहर यसै ज्ञानेश्वर भेगमा पर्दथ्यो । राजा र जनता दुवैले दिनहुँ पूजाआजा गर्न सम्भव हुने शहर र दरबार नजिकै यी जलशयन नारायणहरू स्थापना गरिएको हुनुपर्छ । लिच्छविकालमा विशालनगर तत्कालीन राजधानी शहर पाटनको शङ्खमूलदेखि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुढानीलकण्ठसम्म फैलिएको थियो भन्ने कुरा प्रमाणित भइसकेको छ। (७) बालाजुको हरिहरको जलशयनको मूर्ति पनि कलाको दृष्टिकोणले अद्वितीय नै छ। पद्मगिरीको वंशावलीअनुसार लिच्छविकालमा वानेश्वर जलशयन, ज्ञानेश्वर जलशयन र अभस्थान जलशयन गरी तीनवटा प्रमुख जलशयन नारायणहरू थिए। राजा हरिदत्त वर्माले रुद्रमती नजिकैको जलशयन नारायणलाई उत्खनन गरी बाहिर निकाल्दा नाक टुक्रिएको उल्लेख गरिएको छ। बालाजुको शेषशाही हरिहरको मूर्तिको पनि नाक टुक्रिएको हुनाले यही नै वानेश्वरको जलशयन मूर्ति हुनु धेरै सम्भव छ। (८)

वागमती उपत्यकाभित्र लिच्छविकालदेखि नै जलशयन नारायण स्थापना गरी पूजाआजा गर्ने चलन चलेको स्पष्ट हुन्छ। उपत्यकाभित्र र बाहिर पनि कालान्तरमा अनेक जलशयन नारायणका मूर्तिहरू बने। कति ठूला बने भने कति साना बने। नेवाः समुदायका मानिसहरू नेपालभर जहाँजहाँ गई बस्ती बसाले ती ठाउँहरूमा तिनीहरूले खासगरी नदी किनारमा वा पोखरी नजिकै यस्ता जलशयन नारायणहरू स्थापना गरे। कीर्तिपुरमा मत्स्यनारायण स्थानको पश्चिमपट्टि ठाक्सी भन्ने ठाउँमा पनि जलशयन नारायणको मूर्ति छ। त्यस्तै उपत्यका बाहिर पलाञ्चोक भगवतीको डाँडामुनि बिडारी गाउँमा बनेपाका पन्ध्रौं शताब्दीका शासक मदनराम बर्दनले स्थापना गरेको जलशयन नारायणको मूर्ति छ। यस मूर्तिको उल्लेख काठमाडौं इटुम्बहाल पारावत् महाविहारको बीचमा अवस्थित मन्दिर बाहिर पछाडिपट्टिको अभिलेखमा उल्लेख छ। (९) त्यस्तै म्यागदी जिल्लाको गलेश्वर धाममा विशाल प्राकृतिक पोखरीभित्र शेषशाही विष्णुको मूर्ति प्रतिष्ठापित गरिएको छ। (१०) यसरी वागमती उपत्यकाभित्र मात्र होइन देशका कुनाकाप्चामा पनि जहाँजहाँ उपत्यकाका नेवार समुदायका मानिसहरूले बस्ती बसाल्न पुगे ती ठाउँहरूमा तिनीहरूले जलशयन नारायण पुज्ने संस्कृति लिएर गएको देखिन्छ।

उदयदेवका छोरा नरेन्द्रदेवले भृकुटीको सल्लाह र सहयोगबाट नेपालमा चलिरहेको भीमार्जुनदेव र विष्णु गुप्तको द्वैध शासनको षडयन्त्र खतम गर्ने योजना बनाए। परिणामस्वरूप नरेन्द्रदेवले नेपालमा इस्वी ६४३ मा पुनः आफ्नो शासन कायम गर्न सफल भए। (११) नेपाल उपत्यकामा विष्णु गुप्तको मृत्युपछि इस्वी संवत् ६४२ मा नरेन्द्रदेव राजा भए। नरेन्द्रदेवले ठूलो सङ्घर्ष गरी पुनः देव नामधारी लिच्छविहरूको हातमा राज्यको बागडोर राख्न सफल भए। नेपाल-मण्डलको शासन विष्णु गुप्तको हातबाट धेरै सङ्घर्ष गरी लिएको कुरालाई केही इतिहासकारहरूले तत्कालीन तिब्बतको शक्तिशाली राजाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहयोगबाट यो कार्य सफल भएको थियो भनेर उल्लेख गरेका छन् । तर जेहोस् एउटा कुराचाहिँ साँचो हो कि उनको राज्यकालमा नेपाल र तिब्बतको सम्बन्ध एकदम सुमधुर रह्यो । यिनको राज्यकालको समयमा इस्वी ६४३ मा पहिलो पटक लि-इ-पिआओ (Li-Y-Piao) को नेतृत्वमा चिनियाँ प्रतिनिधि मण्डल नेपाल आएको थियो । यस प्रतिनिधि मण्डलले नेपाल र भारतमा कनौजका राजा हर्षवर्द्धनबाट धेरै स्वागत सत्कार पाएका थिए । त्यसपछि इस्वी ६४७-६४८ तिर वाङ-ह्वेन-से को नेतृत्वमा अर्को चिनियाँ प्रतिनिधि मण्डल पनि नेपाल भएर भारततर्फ लागेको थियो । त्यतिन्जेल कनौजका राजा हर्षवर्द्धनको मृत्यु भइसकेको थियो । सत्ता हत्याउने काममा लागेका अरूणाश्वको हातमा उनको राज्य परेको थियो । अरूणाश्वले वाङ-ह्वेन-से को उक्त प्रतिनिधि मण्डललाई भारतमा निकै दुःख दिएका थिए । यो कुरा चीन सरकारले थाहा पाएपछि नेपाल-तिब्बत र चीनको संयुक्त फौजले अरूणाश्वलाई युद्धमा हराई बन्दी बनाएको कुरा चिनियाँ वृत्तान्तहरूमा उल्लेख गरिएको छ । (१२)

चिनियाँ ताङ-वृत्तान्तमा इ.सं.६५१ मा नेपाली युवराजको नेतृत्वमा नेपालबाट गएको दूत मण्डल चीनको राजधानी पुगेको उल्लेख पाइन्छ । अरूणाश्वलाई युद्धमा हराउन र पक्रिन नेपालले गरेको सैन्य सहयोगबाट कृतार्थ भएको हुनाले यस प्रतिनिधि मण्डललाई तिब्बत राज्य र चीनमा ठूलो स्वागत सत्कार गरिएको अनुमान गरिन्छ । (१३) राजा नरेन्द्रदेवको समयदेखि तिब्बत, चीन र नेपालको सम्बन्ध सुमधुर भएर गएको कुरा स्पष्ट छ । त्यसबेला नेपाल-मण्डलभित्र आएका चिनियाहरूको भ्रमण वृत्तान्तबाट तत्कालीन नेपालबारे महत्त्वपूर्ण कुराहरू थाहा पाइएको छ । जस्तै - नेपालीहरू खेतीपातीमा भन्दा बन्दव्यापारमा बढी सक्रिय थिए । वागमती उपत्यकाभित्र भाँडाकुँडा र सिक्का पनि तामाकै बनेका हुन्थे । यहाँका मानिसहरू नाचगान गरेर आनन्द मनाउने गर्दथे, आदि । (१४)

नरेन्द्रदेवको धार्मिक नीति पनि समन्वय र सहिष्णुताले पोतिएको छ । उनी स्वयं अन्य लिच्छवि राजाहरूझैँ शैव-पाशुपत धर्म मान्दथे । ताङ वृत्तान्तमा उनी बुद्धको मूर्तिले सजिएको र झल्लर भएको कम्मरपेटी बाँध्दथे भन्ने कुरा लेखिएको छ । उनले आफ्ना बुबा शिवदेवले बनाएको विहार अर्थात् शिवदेव विहार (रुद्रवर्ण महाविहार, पाटन) लाई बिर्ता प्रदान गरी आर्थिक सहयोग गरेका थिए भने आचार्य बन्धुदत्तलाई राजकीर्ति विहार बनाई दिएका थिए । (१५)

वागमती सभ्यताको इतिहासमा नेपाल-तिब्बत मार्गले पनि ठूलो योगदान पुऱ्याएको छ । राजा नरेन्द्रदेवको समयमा यो बाटो खुल्नाले सातौं शताब्दीभन्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अघि चीनबाट भारत आउने यात्रीहरूमध्ये एशियाको कठिन बाटो हिन्दकुश पर्वत पार गरी आउने गर्दथे। ६२९ इस्वीमा चिनिया यात्री ह्वेनसाङ्ग भने यही नेपाल-तिब्बत मार्ग (बनेपा-कुतीमार्ग) को बाटो गरी भारत आएका थिए। वास्तवमा यो बाटोको सर्वप्रथम प्रयोग गर्ने तीर्थयात्री नालन्दा विश्वविद्यालयका सुप्रसिद्ध विद्वान् प्रभाकर मित्र थिए। ह्वेनसाङ्गपछि यही बाटो गरी वाङ्ग-ह्वेन-त्से को नेतृत्वमा आएका चिनिया प्रतिनिधि मण्डल इस्वी ६४७-६४८ मा भारत आएका थिए। (१६) यो बाटो खुल्नाले नेपाल-चीन र भारत बीचको व्यापार सम्बन्धमा पनि ठूलो वृद्धि हुन पुग्यो जसले गर्दा राजा नरेन्द्रदेवको समयमा वागमती उपत्यका धनी, सुसम्पन्न, विद्या-वैभव र कला-कौशलले भरिपूर्ण थियो। ताङ्ग वृत्तान्तअनुसार त्यसबखत नेपालमा कृषकहरूभन्दा व्यापारीहरूको सङ्ख्या धेरै थियो। (१७)

राजा नरेन्द्रदेवले वागमती सभ्यताको भण्डारलाई आफ्नै निजी नयाँ राजप्रसाद 'भद्राधिवास' दरबार बनाई त्यसलाई धनाड्य तुल्याई आफ्नो जीवनको उत्तरार्ध त्यसै दरबारमा बिताएका थिए। लिच्छविहरूका प्राचीन दरबारहरू मानगृह र कैलाशकूट भवन यथावत भए तापनि उनले आफ्ना लागि नयाँ दरबार बनाउनुको साधारण अर्थ उनको सम्पन्नतासँगै नेपाली वास्तुकलाप्रति उनको मोह नै हो। साथै यो नयाँ दरबारलाई अन्य दुई पुराना दरवारभन्दा भव्य र कलाकृतिहरूले भरिपूर्ण बनाउने उनको चाहना पनि थियो होला। यो दरबारको नाम उल्लेख गरी जारी गरेका अभिलेखहरू धेरै नभेटिए तापनि संवत् ८९ को वटुक भैरवको अभिलेख, संवत् ९५ को च्यास टोलको अभिलेख, संवत् १०३ को पशुपति वज्र घरका अभिलेखहरूमा यो दरबारको नाम स्पष्टसँग उल्लेख गरिएको छ। यो दरबार कुन ठाउँमा थियो, कस्तो थियो भन्ने कुरावारे हामीलाई केही थाहा छैन। यिनै राजाको समयमा इस्वी ६४३ मा चीनबाट लि-ई-पिआओको नेतृत्वमा प्रतिनिधि मण्डल आएको कुरा माथि उल्लेख गरिसकिएको छ। दशौं शताब्दीको ताङ्ग वृत्तान्तमा उल्लेख गरिएका नेपालबारेका कुराहरू शायद नरेन्द्रदेवकै समयको हुनु धेरै सम्भव छ। उक्त वृत्तान्तमा उनको दरबारका बैठक र कोठाहरूका बनावटबाट सुखसयलको पराकाष्ठा झल्कन्छ। दरबारको बीचमा अग्लो धरहराजस्तो मजवुत निर्माणको भव्यता र सम्पन्नताले चिनियाहरूलाई छक्क पारिदिएको छ भनेर उल्लेख गरिएको दरबार शायद भद्राधिवास दरबार नै थियो होला। (१८)

राजा नरेन्द्रदेवको समयमा वागमती सभ्यता चरण बिन्दुमा पुगेको थियो भन्ने कुरा ताङ्ग वृत्तान्तबाट थाहा पाइन्छ। उक्त वृत्तान्तअनुसार राजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नरेन्द्रदेवका पोशाकहरू मोती, मुगा आदि वहुमूल्य रत्नहरूले जडित हुन्थे। उनका कानमा सुनका कर्णफूल थिए भने घाँटीमा पन्नाको माला र बुद्धको मूर्ति हुन्थ्यो। उनको राजसभामा राज्यका विभिन्न पदाधिकारीहरू, सामन्तहरू र अन्य भारदारहरू राजाका दायाँ-बायाँ बस्दथे भने राजाको रक्षाको लागि सयकडौं सशस्त्र सेना तैनाथ रहन्थे। (१९) सोही वृत्तान्तमा उल्लेख भएअनुसार राजाको दरबार ७ तल्ले र त्यसमा तामाका छानाहरू थिए। दरबारका दलिन र खम्बाहरू मूल्यवान प्रस्तरहरूबाट बनाइएका थिए। तामाको छानाको चारैतिर वर्षाद्को पानी जाने तामाकै गटरहरू राखिएका थिए, जसको तल्लो भागमा सुनको मकरको मुखबाट पानी झर्ने गर्दथ्यो। यो देख्दा सुनको मकरको मुखबाट फोरा निस्केझैँ लाग्दथ्यो।

वाङ्ग-ह्वेनङ्ग-त्सेको वर्णनअनुसार - नेपालको राजधानीको मध्य भागमा २०० 'छिन्' उचाइ र ८० प्यू (४०० फिट) परिधि (व्यास) भएको एउटा भव्य भवन छ। जसको माथिल्लो तल्लामा दश हजार मानिस बस्ने ठाउँ छ। यो भवनमा ३ वटा बुर्जाहरू छन् र एउटा एउटा बुर्जामा सात-सात तल्ला छन्। यसका चारवटा मण्डप हलमा मार्बलका मूर्तिहरू सजाइएका छन् र ती मूर्तिहरूमा मूल्यवान प्रस्तर मोतीहरू जडिएका छन्। (२०)

यो दरबार वागमती उपत्यकाभित्र कहाँ थियो होला भनी विचार गर्दा यो पक्कै पनि दक्षिण कोलिग्राम भेगमा कतै भएको हुनुपर्छ। किनभने यहाँका जनताले नरेन्द्रदेवलाई गुप्तहरूको विरोधमा साथ दिई उनको मन जितेका थिए। यसैकारण उनले दक्षिण कोलिग्रामका जनतालाई केही थप अधिकार र सुविधाहरू पनि प्रदान गरेका थिए। आफूप्रति बफादार जनता भएको ठाउँमा दरबार बनाउँदा सुरक्षाको दृष्टिकोणले पनि राम्रो हुने हुनाले उनले दक्षिण कोलिग्रामभित्र नै कतै यो दरबार बनाएको हुनु धेरै सम्भव छ। (२१)

वागमती उपत्यकाभित्र विभिन्न उत्खननहरूबाट पनि मानगृह, कैलाशकूट भवन र भद्राधिवास दरबारहरूमध्ये कुनै पनि दरबारको भौतिक अर्थात् पुरातात्त्विक अवशेष हालसम्म फेला पर्नसकेका छैनन्। हाँडीगाउँ, धुम्रवाराही, पशुपति, पाटन दरबारक्षेत्र आदि ठाउँहरूमा ठूला र साना उत्खनन कार्यहरू भइसकेका छन्। त्यसरी नै डुमाखालमा पनि सन् १९८४/१९८५ मा उत्खनन भइसकेको छ। तर ती सबै उत्खननहरूबाट (हाँडीगाउँमा बाहेक) ती ठाउँहरूमा कुनै पनि दरबार या ठूला भवन अथवा मन्दिरका भग्नावशेषहरू भेटिएका छैनन्। तसर्थ भविष्यमा गरिने अरू पुरातात्त्विक उत्खननहरूबाट पनि काठमाडौँ उपत्यकाभित्र यी प्राचीन दरबारहरूको अवशेष सजिलैसँग भेटिएला भनेर भन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकिँदैन । (२२)

राजा नरेन्द्रदेवको समयमा घटेका अत्यन्तै महत्त्वपूर्ण घटनामा एउटाचाहिँ आसाम कामारूकामाक्षबाट मत्स्येन्द्रनाथलाई ल्याई स्थापना गर्नु नै हो । नेपालको धर्म, संस्कृति र जनजीवनमा मत्स्येन्द्रनाथ जसलाई लोकेश्वर, अवलोकेश्वर, करुणामय आदि विभिन्न नामले पुकारिन्छ, ती देवताको प्रभाव र मान्यता वागमती उपत्यकाभित्र र नेवाःहरू भएका अन्य ठाउँहरूमा देशभर फैलिएको छ । गोपाल राजवंशावली यी राजाले आचार्य वन्धुदत्तसँग मिली श्री बुङ्गमतीको लोकेश्वर भट्टारकको जात्रा चलाएका थिए भनेर उल्लेख गरिएको छ । (२३)

'वागमती सभ्यताका प्रसिद्ध मिथक एवं पौराणिक कथाहरू' शीर्षकको परिच्छेदमा यसअघि नै मत्स्येन्द्रनाथको आगमनबारेको मिथकको वर्णन गरिसकिएको छ । वागमती उपत्यकाभित्र हालसम्म चलिरहेको सबैभन्दा पुरानो जात्रा मात्र नभई यो मत्स्येन्द्रनाथको रथयात्रा सबैभन्दा लामो र धेरै दिनसम्म (करिब २ महिनासम्म) चल्ने जात्रा पनि हो । यो जात्रालाई उपत्यकावासी नेवाःहरूले किन यसरी धुमधामसँग राजकीय सम्मानका साथ मनाउँदै आएका छन्, मत्स्येन्द्रनाथको वास्तविक रूप के हो भन्ने विषयमा शोध-खोज गर्दा १८ औं शताब्दीमा कवि सुन्दरान्दले लेखेको ग्रन्थ 'त्रिरत्न-सौन्दर्यगाथा' मा यसरी वर्णन गरिएको छ :

यं विष्णु प्रवदन्ति वैष्णवजनाः शैवाः शिव शक्तिकाः
शक्तिं, भास्करवन्दका दिनकरं व्रह्म स्वरूपं द्विजाः ।
मत्स्येन्द्र मुनियो वदन्ति सततं लोकेश्वर वोधिका
अन्येतं करुणामय प्रतिदिनं तं नौमि लोकेश्वरम् ॥

अर्थात् श्री मत्स्येन्द्रनाथलाई कोही विष्णु भन्छन्, कोही शैवले शिव भनी भजन गर्छन् । कोही शाक्तले देवी काली, तारा भन्छन्, कोही विरिञ्चिनारायण भन्छन्, कोही आदित्य भन्छन्, कोही ब्रह्मा भन्छन् , कोही मत्स्येन्द्रनाथ भन्छन्, कोही लोकेश्वर भन्छन्, कोही करुणामय बुङ्गदेव भन्छन्, आदि । (२४)

मत्स्येन्द्रनाथ शिव, ब्रम्हा, विष्णु तिनै देवताहरूको संयुक्त रूप हो । यी देवताले हिन्दू, बौद्ध, वैष्णव, शाक्त र नाथ सबै धर्म र सम्प्रदायकहरूको प्रतिनिधित्व गर्दछन् । त्यसैले यी लोकनाथ र लोकेश्वर पनि हुन् । उपत्यकाका जनसाधारण यिनलाई वर्षा र सहकालका देवता पनि भन्दछन् । श्री मत्स्येन्द्रनाथको बुङ्गमती र तःवहालका मन्दिरहरूमा रहेका सिंहासनहरूमा दायाँबाट बायाँतर्फ वसाहा, गरुड र हाँसका धातुका मूर्तिहरू वाहन स्वरूप राखिएको र त्यस्तै मत्स्येन्द्रनाथको रथको विमान अर्थात् बार्दलीमा समेत धातुका सातवटा हाँस,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सातवटा गरुड र सातवटा वसाहाका मूर्तिहरू जडान गरेर राखिएका छन्। यी वाहनहरू क्रमशः ब्रम्हाको हाँस, विष्णुको गरुड र शिव महेश्वरको वसाहा भएको हुनाले यी देवताले त्रिदेवको प्रतिनिधित्व गरेको स्पष्ट हुन्छ। (२५)

मत्स्येन्द्रनाथ र मत्स्येन्द्रनाथको रथ यात्रासम्वन्धी कुनै पनि उल्लेख राजा नरेन्द्रदेवका अभिलेखहरूमा पाइएका छैनन्। तर आर्यवलोकितेश्वर भनी राजा रामदेवको पालाको अभिलेखमा र संवत् ४७९ को अभिलेखमा अवलोकितेश्वरको उल्लेख गरिएको छ। जनसाधारणका बीच मत्स्येन्द्रनाथको प्रसिद्ध नाम अवलोकितेश्वर वा लोकेश्वर भएको हुनाले यिनको पूजाआजा गर्ने चलन लिच्छविकालदेखि नै थियो भनेर भन्न सकिन्छ। (२६)

इसाको बाह्रौं शताब्दीतिर नेपाल-मण्डलमा पनि नाथ सम्प्रदायको जगजगी बढ्यो। यसै शताब्दीमा बनेको, काठमाडौँको मुटुमा अवस्थित 'काष्ठमण्डप'को मध्य भागमा रहेको गोरखनाथको प्रस्तरको मूर्तिसम्बन्धी नेपाल संवत् ५८५ (वि.सं.१५२२) को एक ताम्रपत्रमा 'ओम श्री गोरखनाथलाई नमस्कार' भनेर लेखिएको छ। (२७) मत्स्येन्द्रनाथ गोरक्षनाथ (गोरखनाथ) का गुरु हुन्। यिनी चौरासी सिद्धमध्ये एक हुन्। गोरखनाथ र मत्स्येन्द्रनाथको समय सातौं वा आठौं शताब्दीतिर रहेको देखिन्छ। (२८) माथि पनि भनिसकिएको छ, वागमती उपत्यकाभित्र बोधिसत्त्व अवलोकितेश्वरको पूजाआजा गर्ने चलन इसाको छैटौं शताब्दीको आधाआधितिर नै शुरु भइसकेको हुनाले र मत्स्येन्द्रनाथ पनि अवलोकितेश्वरकै रूप हुनाले उनको पूजाआजा गर्ने चलन त्यतिबेलादेखि नै वा त्यसको केही समयपछिदेखि चलेको हुनसक्छ। किनभने इसाको नवौं शताब्दीका राजा बालार्जुनदेवले 'श्री बुङ्गमतीका लोकेश्वर भट्टारक' लाई आफ्नो मुकुट चढाएका थिए भनी गोपाल राजवंशावलीमा उल्लेख गरिएको छ। (२९) त्यस्तै सन् १०७१ को बुङ्म लोकेश्वरको ताडपत्रमा चित्रित गरिएका हस्तलिखित ग्रन्थहरूले पनि यसको प्राचीनतालाई पुष्टि गर्दछन्। (३०) तेह्रौं शताब्दीका प्रसिद्ध बौद्ध तीर्थयात्री धर्मस्वामीले आफ्नो जीवनीमा नेपाल-मण्डल आउँदा आर्य बु-खाम अर्थात् बुङ्गमतीको आर्यवलोकेश्वर अर्थात् श्री मत्स्येन्द्रनाथको ठूलो जात्रा र राजादेखि रङ्कसम्म सबैले यस देवतलाई पुज्ने र मान्ने गरेको आफैँले देखेको कुरा उल्लेख गरेको पाइन्छ। धर्मस्वामीको भनाइअनुसार भगवान अवलोकितेश्वर अर्थात् रातो मत्स्येन्द्रनाथको प्रसिद्धि भारत र तिब्बतमा समेत थियो।

मल्लकालको पूर्वार्द्धदेखि नै वागमती उपत्यकाभित्र मत्स्येन्द्रनाथलाई राजकीय सम्मान र राष्ट्रदेवको रूपमा पुज्ने गरिन्थ्यो। गोपालराज वंशावलीअनुसार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल संवत् ५०७ (वि.सं.१४४३) मा वैशाख शुक्ल चर्तुर्थीको दिन श्री श्री जयस्थितिराज मल्ल देव ठाकुर तीनजना छोरा (धर्म मल्ल, ज्योतिर मल्ल र कीर्ति मल्ल) का साथ बुङ्गमती गई त्यहाँ चौध दिन बसे। वैशाख शुक्ल चर्तुर्थीको दिन मत्स्येन्द्रनाथको रथयात्राको शुभारम्भ हुने दिन भएकोले राजा जयस्थिति मल्ल त्यस रथयात्रामा उपस्थित हुन बुङ्गमती गएको हुनुपर्छ। (३१) "बुङ्गदेव या घटनावली" सम्भवतः जङ्गबहादुरको समयमा लेखिएको थियो। यस प्राचीन हस्तलिखित ग्रन्थमा लेखिएअनुसार नेपाल संवत् ७७५ (वि.सं.१७१२) मा पाटनका राजा श्रीनिवास मल्ल स्वयंले मत्स्येन्द्रनाथको रथ तानेका थिए। त्यसरी नै नेपाल संवत् ८३६ (वि.सं.१७७३) मा राजा ऋद्धिनरसिंह मल्ल पनि श्री मत्स्येन्द्रनाथको रथ तान्न आएका थिए। यो जात्रामा सम्मिलित हुन छिमेकी राज्यका राजाहरूलाई निमन्त्रणा गरी बोलाउने गरिन्थ्यो। नेपाल संवत् ७८३ (वि.सं.१७१९) मा कान्तिपुरका राजा प्रताप मल्ललाई जात्रामा सम्मिलित हुन पाटनका राजा श्रीनिवास मल्लले निमन्त्रणा गरेपछि राजा प्रताप मल्ल यो जात्रामा सरिक हुन पाटन गएका थिए। त्यस्तै, नेपाल संवत् ७८५ (वि.सं.१७२२) मा भक्तपुरका राजा जगत्प्रकाश मल्ललाई पनि यो जात्रा हेर्न राजा श्रीनिवास मल्लले निमन्त्रणा गरेका थिए भनेर लेखिएको पाइन्छ। (३२) यो जात्रा शुरु गर्ने बेलामा राजा नरेन्द्रदेवको तरबार भक्तपुरबाट र मल्लकालीन राजाको खड्ग पाटन गुठी कार्यालयबाट ल्याइन्छ। शाह राजाहरूको संलग्नता यो जात्राको अन्तिम दिन भोटोजात्रा अर्थात् भोटो देखाउने दिनमा जाउलाखेलमा हुने गर्दथ्यो। हिजोआज देशका राष्ट्र प्रमुख भोटो देखाउने समारोहमा सरिक हुने गर्दछन्। पाटनका राजाहरूले आफ्ना इष्टदेवता र राष्ट्रदेवताको रूपमा पुज्ने गरेका अवलोकितेश्वर मत्स्येन्द्रनाथको जात्रा आज वागमती उपत्यकाको एक प्रमुख जात्रामात्र नभई राष्ट्रकै एक प्रमुख जात्रा हुनपुगेको छ।

वर्षाका देवता, सहकालका देवता, सबै लोकको कल्याण गर्ने लोकनाथ 'मत्स्ये-इन्द्र' अर्थात् 'पानी इन्द्र' याने 'वर्षाका देवता' भनी यी देवतालाई बुझ्ने गरिएको छ। वागमती उपत्यका कृषि प्रधान उपत्यका भएको कारणले यी देवताको महत्त्व र महिमा यहाँ भनिरहनु पर्दैन। प्रत्येक वर्ष वैशााख शुक्ल प्रतिपदादेखि ललितपुर नगरको निर्धारित मार्ग भई यो जात्रा सञ्चालन भएर अन्ततः जाउलाखेलमा पुगी भोटो जात्रा गरी समाप्त हुन्छ। प्रत्येक १२/१२ वर्षमा यो रथ यात्रा बुङ्गमतीबाट पाटनसम्म तानेरै लगिन्छ र भोटोजात्रा पनि पाटन र बुङ्गमतीमा दुई पटक गरिन्छ।

वागमती उपत्यकाभित्र अन्य मत्स्येन्द्रनाथहरू पनि छन्। उपत्यका बाहिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बनेपा, नाला र दोलखामा पनि यी देवता छन् । काठमाडौं केलटोलको सेतो मत्स्येन्द्रनाथ, चोभारको आदिनाथ आदि सबैको प्रत्येक वर्ष जात्रा गर्ने चलन छ । पाटनको मत्स्येन्द्रनाथ सँगसँगै मीननाथको पनि सानो खालको रथजात्रा हुने गर्छ । वास्तवमा मीन र मत्स्येन्द्र एउटै हुन् । (३३) पाटनमा यसरी एउटै देवतालाई दुईवटा रथमा राखी किन जात्रा गरिन्छ भन्ने प्रश्न अझै अनुत्तरित छ ।

वागमती उपत्यकाभित्र प्रचलित सबै धर्म र सम्प्रदायलाई समन्वय गर्ने, सबै लोकको कल्याण गर्ने करुणामय श्री मत्स्येन्द्रनाथको जात्रा वागमती सभ्यताको धार्मिक सहिष्णुता र समन्वयको एउटा ज्वलन्त उदाहरण हो । यो जात्रामा उपत्यकाका नेवाः समुदायका सम्पूर्ण जनजाति, पुरुष, स्त्री, राजा, प्रजा सबैले त्यतिकै श्रद्धा र भक्तिले भाग लिन्छन् । यो जात्रामा बजाइने बाजागाजा र भजनहरूले नेपाली अमूर्त सांस्कृतिक सम्पदा कतिको धनी छ भनी पुष्टि गर्दछ । प्रसिद्ध संस्कृतिविद् सत्यमोहन जोशीको भनाइअनुसार यो रथ यात्रामा शुरुदेखि अन्तसम्म गरिने विधिविधान, रथ निर्माण, पूजाआजा, रथको निर्माण गर्दा जडान गरिने विभिन्न वास्तुकलाका सामाग्रीहरू, देवदेवीहरू सबै नै विश्वलाई चकित पार्ने खालका छन् ।

नरेन्द्रदेवपछि उनका छोरा शिवदेव द्वितीय राजा भए । उनको शासनकाल इस्वी संवत् ६४२ को आसपासदेखि शुरु भएर इस्वी संवत् ७१० सम्म कायम रहेको देखिन्छ । अरू लिच्छवि राजाहरू झैँ यिनी पनि सनातन धर्मको पाशुपत-सम्प्रदायकै अनुयायी थिए । वागमती सभ्यताको लागि यिनको पालामा भएको भारतका मौखारी राजखलकसँगको वैवाहिक सम्बन्ध नै मुख्य घटना मान्नु पर्दछ । कनौजका सम्राट हर्षवर्द्धनको देहान्तपछि उत्तरी भारतमा व्याप्त रहेको अशान्त वातावरणलाई शान्त तुल्याई मगध क्षेत्रका तत्कालीन गुप्त राजा आदित्यसेनले उत्तरी भारतमा फेरि पनि एउटा सशक्त राजवंशको स्थापना गरी शासन गरिरहेका थिए । यिनै आदित्यसेनकी छोरीकी पनि छोरी (नातिनी) दौहित्रीसँगको विवाह सम्बन्धले गर्दा आफ्नो राज्यको प्रारम्भमा राजा शिवदेव द्वितीयको राजनीतिक स्थिति निकै नै सुदृढ भएको देखिन्छ । (३४) प्रसिद्ध पशुपतिको संवत् १५७ को अभिलेखमा राजा जयदेववर्मा द्वितीयको मौखारीकुलका राजा भोग वर्माकी छोरी, मगधका राजा आदित्यसेनकी नातिनी वत्सदेवीसँग विवाह गरेको कुरा उल्लेख गरिएको छ । यिनै वत्सदेवीको तर्फबाट राजा जयदेव द्वितीय जन्मेका थिए भनी प्रस्टसँग उल्लेख गरिएको छ । (३५) राजा जस्तो व्यक्तिले आफ्नी आमाको वंशजबारे जरुरै पनि सत्य कुरा लेखेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनुपर्छ । मौखारी इतिहासमा भोग वर्माको नाम कतै उल्लेख भएको नदेखिए तापनि यिनी मौखारीहरूका विभिन्न शाखाका कुनै एक शाखा र राज्यका राजा भएको हुनुपर्छ । किनभने मौखारी राजा इशानवर्मनको हरहाको अभिलेखमा मौखारीहरूका विभिन्न शाखाको उल्लेख छ । (३६) मौखारी राजाहरू हिन्दू र बौद्ध दुवै धर्म मान्दथे । यिनीहरूको राज्यकालमा संस्कृत भाषा नै मुख्य भाषा थियो । बुद्धिचाल अथवा चेस खेल यिनीहरूकै देन थियो । उत्तरी भारतमा सन् ५५० देखि ७०० सम्म करिब २ सय वर्ष यिनीहरूको जगजगी थियो । यिनीहरू लडाकु र सैनिक विद्यामा सिपालु थिए । यस्ता मौखारी वंशका राजपरिवारसँग लिच्छवि राजाहरूको वैवाहिक सम्बन्धले तत्कालीन नेपाल-मण्डलभित्र जरुरै पनि केही प्रभाव परेको हुनु पर्छ । यसबारे अझै धेरै शोध-खोज गर्न बाँकी नै छ ।

शिवदेव द्वितीयपछि संवत् १३७ (इस्वी ७१३) देखि संवत् १५७ (इस्वी ७३३) सम्म जयदेव द्वितीय राजा भए । यिनी पशुपतिका भक्त थिए । यिनको संवत् १५७ को पशुपतिको शिला-अभिलेख नेपालको इतिहास र संस्कृतिको लागि एउटा अपूर्व देन भने पनि हुन्छ । यस शिला-अभिलेखमा पशुपतिनाथलाई चढाएको चाँदीको कमलको कल्पनामय काव्यात्मक वर्णन तथा पशुपतिनाथको महात्म्यको वर्णन निकै रोचक छ । यसै अभिलेखमा यिनले लिच्छवि वंशको छोटकरीमा वंशावली पनि राखिदिएका छन् । उनको विवाह शालस्तम्भ वंशका राजा हर्षदेवकी छोरी राज्यमतीसँग भएको थियो । राजा हर्षदेव (सन् ७२५-७५०) ले गौड, उर्ड, कलिङ्ग, कोशल र अन्य प्रान्तहरूमा पनि राज्य गरेका थिए । (३७) राजा जयदेव द्वितीयको यो वैवाहिक सम्बन्धले पनि वागमती सभ्यताको लागि केही न केही देन अवश्य नै दिएको हुनुपर्छ । तर यसबारे अझै शोध-खोज हुन बाँकी नै छ । यसै अभिलेखको माध्यमबाट हामीले कवि बुद्धकीर्तिको नाम थाहा पाएका छौँ । यसभन्दा अघिका कविहरू कसैको पनि उल्लेख लिच्छविकालीन अभिलेखहरूमा पाइएको छैन । राजा जयवर्मा द्वितीय स्वयं पनि कवि र साहित्यका पुजारी थिए भन्ने कुरा पनि यसै अभिलेखबाट थाहा पाइन्छ । (३८) पशुपतिको यो अभिलेखको आधारमा हामी भन्न सक्छौँ कि - त्यसबखत संस्कृत भाषा र साहित्यको राम्रो विकास भएको हुनुपर्छ । देशमा कवि र साहित्यकारहरूको उचित कदर हुन्थ्यो भन्ने कुरा पनि यसबाट थाहा पाइन्छ ।

जयदेव द्वितीयपछि इस्वी ७३३ देखि ८८० सम्म नेपाल-मण्डलको इतिहास एक प्रकारले अन्धकारमा नै छ । यसको मतलब करिब डेढसय वर्षसम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वागमती उपत्यकाभित्र शान्ति कायम रही, समाजमा अमनचयन कायम रही, भारत र तिब्बतसँगको बन्दव्यापार पनि यथावतै चलिरहेको हुनुपर्छ। नत्रभने इस्वी ८८० (वि.सं.९३७) मा ठकुरी वंशका राजा राघवदेवले नेपाल-मण्डलमा नयाँ संवत् शुरु गर्न सक्ने वातावरण बन्ने नै थिएन। धेरै इतिहासकारहरूले नेपालमण्डलको इतिहासको यो अवधि (इस्वी ७३३-८८०) लाई अन्धकारमय युग भनेर भने तापनि वास्तवमा यो शान्ति र उन्नतिको युग थियो।

इतिहास शिरोमणि बाबुराम आचार्यको भनाइअनुसार यस युगमा काठमाडौं उपत्यका बौद्ध धर्म महायान-सम्प्रदायको महत्त्वपूर्ण अध्ययन केन्द्रको रूपमा विकसित भएर रहेको झलक पाइन्छ। 'नालन्दा महाविहार' का आफ्ना समयका प्रसिद्ध बौद्ध विद्वान् आचार्य 'शान्तरक्षित' ले यसै समयमा नेपाल उपत्यकालाई आफ्नो साधना स्थलको रूपमा प्रयोग गरेका थिए। (३९) स्वयम्भू पुराणअनुसार यिनी बौद्ध धर्मको प्रचार गर्न तिब्बत पुगेका थिए। तर त्यहाँ उनी सफल हुन सकेनन् र त्यहाँबाट फर्केर नेपाल नै आए। नेपाल-मण्डलमा उनको भेट गुरु पद्मसम्भवसँग भयो। यिनी पनि नालन्दा महाविहारका सुप्रसिद्ध बौद्ध आचार्य थिए। आचार्य शान्तरक्षितको अनुरोधमा बौद्ध धर्मकै महायान सम्प्रदायका अनुयायी तान्त्रिक विद्वान् आचार्य पद्मसम्भव तिब्बत गए र तिब्बतमा बौद्ध धर्म फैलाउन सफल भए। तसर्थ तिब्बतीहरू आचार्य पद्मसम्भवलाई भगवान अवलोकितेश्वरको रूपमा मान्दछन्। उनले नेपाल उपत्यकाभित्र प्रवचनहरू गरेका, योग तपस्या र ध्यान गरेका ठाउँहरू पवित्र सिद्धभूमि र तीर्थस्थल बन्न पुगेका छन्। जस्तै - शोभाभगमतीनिरको करविर मसान, फर्पिङको गोरखनाथको गुफा, फर्पिङकै शिखरनारायण स्थान, साँखुको खड्गयोगिनी स्थान र टिस्टुङको तमनाऋषिश्वर आदि। (४०) यसै बीचमा अनेकौ नेपाली बौद्ध विद्वान्हरू पनि तिब्बत जाने आउने गर्दथे। यसै समयमा बौद्ध धर्मका धार्मिक ग्रन्थहरू पनि तिब्बती भाषामा रूपान्तर गर्ने काम धमाधम भए। आचार्य विमलमित्र, बुद्धगुह्य, शान्तिगर्भ र विशुद्धसिंहले धेरै बौद्ध ग्रन्थहरू तिब्बती भाषामा यसै समयमा अनुवाद गरेका थिए। (४१) तसर्थ यस युगमा नेपाल-भारत र तिब्बत बीचको सांस्कृतिक एवं धार्मिक सम्बन्ध निकै राम्रो भएको बुझिन्छ र नेपाल उपत्यका त्यसबखत यी तीनै संस्कृतिको सङ्गमस्थलको रूपमा विकसित भएर रहेको देखिन्छ। (४२)

सन् ७७९ मा निर्मित तिब्बतको पहिलो गुम्बा साम्येको निर्माणमा नेपालका वासु र चीनका लाङ्गचाङ्ग नाइके थिए। साम्येको दक्षिणपट्टिको आर्यपालो मन्दिरको निर्माण पनि नेपाली कालिगढले गरेका थिए। त्यस्तै तिब्बती राजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राल्पाचेन (राज्यकाल सन् ८१५-८३६) ले नेपाली दुई ढुङ्गे मूर्तिकार झिकाएर ल्हासा नजिकैको उसाङ्गडोमा विहार बनाएका थिए। तीन प्राचीन राजा स्रङ्ग-चङ्ग गम्पो, ठिसोङ देचेन र राल्पाचेको पालामा बनेका विहार, मन्दिर र दरबारहरूमा नेपाली डकर्मी, सिकर्मी, चित्रकार, मूर्तिकारको महत्त्वपूर्ण भूमिका रहेको छ। (४३)

सन्दर्भ सामग्रीहरू

(१) (क) क्षेत्री, एम.आर., २०५९ भदौ, 'नेपालकी महान् विभूति भृकुटी', नेपाल समाचापत्र, ३० गते आइतबार, पेज ५।

(ख) गोयल, श्रीराम, १९७३, प्राचीन नेपालका राजनीतिक और सांस्कृतिक इतिहास, वाराणसी पेज १०६।

(२) अमात्य, साफल्य, २०५४ 'नेपालमा जलशयन नारायण' पेज ५५-६५, राजसत्ता र नेपाली संस्कृति, साझा प्रकाशन, काठमाडौं।

(३) वज्राचार्य, धनवज्र, २०३०, लिच्छविकालीन अभिलेख, कीर्तिपुर, पेज ४२२-४४७।

(४) वज्रचार्य, धनवज्र, नं.३, पेज ४४८-४५१।

(५) रेग्मी, जगदीशचन्द्र, २०३०, नेपालको धार्मिक इतिहास, ने.रा.प्र.प्र., काठमाडौं, पेज ५८।

(६) गोपाल राजवंशावली, पेज ३०।

(७) साफल्य, अमात्य, राजसत्ता र नेपाली संस्कृति, ऐ.ऐ.।

(८) (क) अमात्य, साफल्य, नं.२।

(ख) Hasrat, Bikram Jit, 1970, ed, **History of Nepal : As told by Its own and Contempopary Chronicles,** Hoshiarpor, India, pp 28, 36, 37

(९) श्रीभाष्करदेव संस्कारित केशचन्द्र कृत पारावत् महाविहार, इतुंबा अभिलेख सङ्ग्रह, श्री केशचन्द्र महाविहार संरक्षण समाज, इतुंबहाल, काठमाडौं २०६२, पेज १-२।

(१०) नेपाल समाचारपत्र, पौष ३ गते २०६५, पेज ७।

(११) (क) क्षेत्री, एम.आर, 'नेपाल की महान् विभूति भृकुटी' नेपाल समाचारपत्र, २०५९ भदौ ३० गते आइतवार, पेज ५।

(ख) गोयल,श्रीराम, नं. १ (क), पेज १०६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१२) लेभी, सिल्भान, २००८, नेपाल : हिन्दू राज्यको इतिहास, (दोश्रो खण्ड), ललितपुर काठमाडौं पेज ११२-११३ ।

(१३) आचार्य, बाबुराम, २०६०, प्राचीनकालको नेपाल, काठमाडौं, पेज १४० ।

(१४) आचार्य, बाबुराम, नं.१३, पेज १४१ ।

(१५) शाक्य, हेमराजले आफ्नो पुस्तक शिवदेव संस्कारितः रुद्रवर्ण महाविहार, छगु अध्ययन, उकुवहाल, यल (पाटन), २०५१ पेज २०) मा उल्लेख गरेका छन् ।

(१६) वज्राचार्य, धनवज्र, नं.३, पेज ४९९-५०६ ।

(१७) गोयल, श्रीराम, नं. १ (ख), पेज १०७-१०८ ।

(१८) गोयल, श्रीराम, नं.१ (ख), पेज १५३ ।

(१९) लेभी, सिल्भान, २००७, नेपालः हिन्दू अधिराज्यको इतिहास, (दोश्रो खण्ड) ललितपुर, पेज ११३ ।

(२०) गोयल, श्रीराम, नं.१ (ख), पेज १२७-१२८ र परिशिष्ट १, पेज १-६ ।

(२१) गोयल, श्रीराम, नं.१ (ख), पेज १२७-१२८ र परिशिष्ट १, पेज १-६ ।

(२१) अमात्य, साफल्य, २०५३, काठमाडौं नगरायण, काठमाडौं, पेज ४०-४१ ।

(२२) अमात्य, साफल्य, २०६८, पुरातत्त्व, इतिहास र संस्कृति, भृकुटी प्रकाशन, काठमाडौं, पेज १३-३६ ।

(२३) वज्राचार्य, धनवज्र, १९८५, गोपालराज वंशावली, काठमाडौं, पेज ७०, (२३ पत्र ।

(२४) वज्राचार्य, धनवज्र, सम्पादक, २०१९, त्रिरत्न-सौन्दर्य-गाथा, काठमाडौं, पेज १३८ ।

(२५) मानन्धर, जीतबहादुर, २०४६, विरञ्चिनारायण, काठमाडौं पेज ११५-१२० ।

(२६) वज्राचार्य, धनवज्र, नं.३, पेज १७७-१७८ र पेज १८५-१८६ ।

(२७) थापा, रमेशजङ्ग, २०२५, काष्ठमण्डप, प्राचीन नेपाल, सङ्ख्या ३, वैशाख, पेज ३३-४१ ।

(२८) कोइराला, कुलचन्द्र, २०५२, श्री मत्स्येन्द्रनाथ, ललितपुर, (काठमाडौं), पेज २२ ।

(२९) गोपाल राजवंशावली, पेज ७९, पत्र ३० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३०) Sluser, Mary Shepherd, 1982, **Nepal Mandala**, vol. 1 Princeton, pp 369 and vol. 2 Plate 594.
(३१) गोपाल राजवंशावली, पेज ११९, ६३ पत्र ।
(३२) शाक्य, रवि, २०६४, बुङ्गदेव या घटनावली, ललितपुर ।
(३३) कोइराला, कुलचन्द्र, नं. २८, पेज ३६-३७ ।
(३४) आचार्य, बाबुराम, २०६०, प्राचीनकालको नेपाल, काठमाडौं, पेज १४४ ।
(३५) वज्राचाय, धनवज्र, नं.३, पेज ५४८-५६२ ।
(३६) सहाय, शिवस्वरूप, १९९३, भारतीय पुरालेखौका अध्ययन, वनारस, पेज २७१-२७६ ।
(३७) History, Pre-History and Ancint Period, Chapter-2, pp 113 -Internet Information.
(३८) वज्राचार्य, धनवज्र, नं.३, पेज ५४८-५६२ ।
(३९) आचार्य, बाबुराम, नं.१३, पेज १४९ ।
(४०) (क) आचार्य, बाबुराम, नं.१३, पेज १४९-१५० ।
(ख) शाक्य, हेमराज, १९७८, श्री स्वयम्भू महाचैत्य, काठमाडौं, पेज ११९-१२१ ।
(४१) साङ्कृत्यायन, राहुल, १९४८, तिब्बत मे बौद्ध धर्म, इलाहवाद (भारत), पेज २१ ।
(४२) बाबुराम आचार्य, नेपालको सांस्कृतिक परम्परा, श्रीकृष्ण आचार्य, काठमाडौं, पेज ४४-४५ ।
(४३) पराजुली, पुण्यप्रसाद 'हिमाली भेगमा प्रचलन भई आएको बौद्ध धर्मको विहारमा नेपाल मण्डलका बौद्ध व्यक्तित्व र कलाकारहरूको योगदान', पलेस्वाँ, वर्ष १६ अङ्क २३, वि.सं. २०६२, पेज ७३-७४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैटौं अध्याय

राघवदेवदेखि अरि मल्लको उदयसम्म वाग्मती सभ्यताको रूपरेखा

(सन् ८७९ देख सन् १२१० सम्म)

राघवदेवको राज्यारोहणको लगत्तैपछि नेपाल उपत्यकाबाट उत्तर लिच्छविकालीन 'अन्धकारको युग' क्रमशः समाप्त हुँदै गएको देखिन्छ। राघवदेवको समयमा सन् ८७९ मा नेपाल संवत् जारी गर्नु पछाडि यो पनि एउटा कारण हुनसक्छ । नेपाल अब नयाँ युगमा प्रवेश गऱ्यो भन्ने सूचक पनि यो हुनसक्छ । राघवदेवको उदय भएको समय सन् ८७९ देखि अरि मल्लको समय सन् १२०० सम्म नेपालको इतिहासलाई बढी छर्लङ्ग्याउने र विस्तृतमा गाँस्ने धेरै कम मात्रामा सामग्रीहरू - जस्तै शिलालेखहरू, मुद्राहरू तथा हस्तलिखित ग्रन्थहरू पाइएका छन् । त्यस समयको कुनै विदेशी यात्रुले नेपालको उल्लेख गरेको विवरणसम्म पनि हालसम्म पाइएको छैन । भनिन्छ, कुनै पनि समाचार नहुनु, नआउनु वा कुनै धेरै लेखौट र प्रमाणहरू नभेटिनुले त्यस समयमा देशमा अमनचयन कायम भई सुखशान्ति र भौतिक प्रगति भइरहेको थियो भन्ने बुझिन्छ । यस समयमा नेपाल उपत्यकाभित्र, शान्ति, सुव्यवस्था कायम भई वैष्णव,शैव र बौध्द धर्म आ-आफ्नो सम्पूर्ण शक्तिमा विकसित भइसकेको र उपत्यकावासीहरू भारत र तिब्बतसँगको व्यापारबाट निकै लाभान्वित भई आर्थिक दृष्टिकोणले पनि सम्पन्न भइसकेको देखिन्छ ।

यहाँनिर राघवदेवको समयमा देशमा नयाँ संवत् चलाएको विषयमा केही विस्तारमा उल्लेख गर्नु उचित हुनेछ। राघवदेवको समयदेखि अरि मल्लको उदय नभएसम्म याने सन् ८७९ देखि सन् १२०० सम्मको युगलाई केही इतिहासकारहरूले 'अन्धकारको युग' भनी बिर्सन खोजे तापनि वास्तवमा यसलाई सङ्क्रमणकालीन अथवा अन्तरिमकालीन युग भनेर भन्नु पर्दछ। यस युगमा वागमती सभ्यताका लागि धेरै महत्त्वपूर्ण देनहरू प्राप्त भएका छन्। तीमध्ये नेपाल संवत्को शुरुआतलाई नै एउटा प्रमुख देन मान्नु पर्दछ। यस कुरामा दुई मत छैन कि राजा राघवदेवको पालामा नै नेपाल संवत्को शुरुआत भएको थियो । अब यो संवत् किन चलाउनु परेको हो, शङ्खधर साख्वासँग यो संवत्को के सम्बन्ध छ भन्ने कुराहरूबारे पनि यहाँ खोतल्नु जरूरी छ । सर्वप्रथम शङ्खधर साख्वाको विषयमा केही चर्चा गरौं । किनभने यो संवत्सँग उनैको नाम जोडिएको छ र नेपाल सरकारले पनि यो संवत्लाई राष्ट्रिय मान्यता दिई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनलाई राष्ट्रिय विभूति घोषित गरिसकेको छ । (१)

फ्रान्सेली इतिहासकार सिल्भा लेभीले केशर पुस्तकालयमा प्राप्त गरेको एउटा अपूर्ण ठ्यासपुमा 'राजा राघवदेव वर्ष ६३ मा मास छ ॥ श्री पशुपति भट्टारके सम्वत्सर प्रवृति ॥' भन्ने व्यहोरा उल्लेख भएको र प्रा.कमलप्रकाश मल्लले समेत सोही व्यहोरा भएको एउटा अर्को ठ्यासपु राष्ट्रिय अभिलेखालयबाट प्राप्त गरेपछि उक्त संवत् राजा राघवदेवले नै चलाएको हो कि भन्ने कुरा स्पष्ट हुन गएको छ । वास्तवमा यो संवत् राजा राघवदेवको राज्यकालमा शुरु भएको र उक्त संवत् शुरु गर्ने पूजाआजा, उत्सव, समारोह आदि जेजति गर्नु पर्ने हो ती सबै विधि विधानचाहिँ नेपालीहरूको परापूर्वकालदेखिका राष्ट्रदेवता श्री पशुपतिनाथको सामुन्ने उनैको मन्दिर परिसरभित्र गरिएको हुनाले उक्त संवत्लाई 'पशुपति संवत्' भनेर पनि केही अभिलेखहरूमा उल्लेख गरिएको पाइन्छ । किनभने यो संवत्लाई पशुपति संवत् भनी एक दुई ठ्यासपुहरूमा पाइएको र तीबाहेक अन्य कतै उल्लेख भएको अझै पाइएको छैन । साथै धेरै सम्भव छ उक्त संवत् शुरु गरेको दिन राजा राघवदेव नै प्रमुख अतिथि थिए होलान् र उनैको सामीप्यमा यो संवत् चलाएको हुनुपर्दछ ।

अब नेपाल संवत्को प्रयोगबारे केही चर्चा गर्नु उचित देखिन्छ । विद्वान् इतिहासकार स्वर्गीय धनवज्र वज्राचार्यका अनुसार नेपालसँग त्यसबेला सम्बन्ध राखेका तिब्बत, चीन, भारतलगायतका छिमेकी देशहरूले नेपाल संवत् प्रयोग गर्ने गरेको तथ्यको अध्ययन गर्दा हालसम्म भेटिएको सबैभन्दा पुरानो अभिलेखमा नेपाल संवत् ५३५ देखिन्छ, जुन तत्कालीन चीनका मिङ्ग वंशका बादशाहले नेपालका राजा शक्तिसिंह र उनका महामन्त्री राम वर्द्धनलाई पठाएको संस्कृत भाषामा लेखिएको पत्र हो । त्यस्तै अर्का विद्वान् काशीनाथ तमोटका अनुसार प्रताप मल्लका जेठान कुच विहारका राजा प्राण नारायणले आफ्नो सुनको मुद्रा (असर्फी) मा समेत नेपाल संवत् प्रयोग गरेका थिए । (२)

नेपाल संवत् शुरु भएको दिन सन् ८७९ अक्टोबर २० हो भनी किलहर्नले पत्ता लगाएका हुन् । पाटन क्वा:बहालको 'अष्टसहस्रिका प्रज्ञापारमिता' पुस्तकमा उल्लेख भएको 'चि संवत्' लाई नेपाल संवत् १ मान्नु पर्ने तर्क रहँदै आएको कुरा डा.चुन्दा वज्राचार्यले उल्लेख गर्नु भएको छ । यदि यो गलत नभएमा यो नै नेपाल संवत् अङ्कित सर्वप्राचीन अभिलेख हो, जुन संवत् शुरु भएको प्रथम वर्षमा नै प्रयोग भएको थियो । नेपाल संवत् नै भनी किटान गरिएको सर्वप्राचीन उदाहरण भने एस.के.सरस्वती (कलकत्ता) को सङ्ग्रहमा भएको 'अष्टसहस्रिका प्रज्ञापारमिता' ग्रन्थ मानिएको छ, जसमा 'नेपाल वत्सरे १४८ प्रगते माघ शुल्क

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दशम्या' भनी तिथि उल्लेख गरिएको छ । (३)

नेपाल मण्डलभित्र सर्वप्रथम पस्ने अङ्ग्रेज कोलोनियल कर्कप्याट्रिकले सन् १७०९ को आफ्नो भ्रमण वृत्तान्तमा भने राघवदेवले चलाएको यस संवत्लाई 'टम्वुल संवत्' भनी बेग्लै नाम दिइएको छ । (४)

यो संवत्लाई नेपाल मण्डलभित्रमात्र होइन बाहिर पनि मान्यता र प्रयोग गरिरहेका उदाहरण पनि धेरै छन् । यो संवत् १ देखि ८८८ सम्म निरन्तर राज्यस्तरमा चलिरहेको थियो । यसरी उत्तर लिच्छविकाल (अन्तरिमकाल) मा प्रचलनमा आएको नेपाल संवत् पछि उत्तर मल्लकालको अन्तसम्म अर्थात् काठमाडौं उपत्यकामाथि पृथ्वीनारायण शाहले विजय प्राप्त नगरेसम्म राष्ट्रिय संवत्को रूपमा कायमै रह्यो । सन् १७६८ मा गोर्खाका राजा पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका दखल गरिसकेपछि भने यो संवत्का साथसाथै शक संवत्लाई पनि सरकारी स्तरबाट मान्यता प्राप्त भइरहेको थियो । पछि राणा प्रधानमन्त्री चन्द्र शमशेरले नेपाल संवत्लाई पूर्णतया बहिस्कार गरी वि.सं. १९६० देखि यसै विक्रम संवत्लाई राष्ट्रिय मान्यता दिई चलाउन थाले । तर वि.सं. २०६५ कार्त्तिक ८ गते नेपाल संवत्ले फेरि एकपटक राष्ट्रिय संवत्को रूपमा मान्यता प्राप्त गरको छ । यो राष्ट्रको लागि नै गौरवको कुरो हो ।

राघवदेवको समयमा नेपाल संवत् शुरु भएको घटनाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्व पायो भने सोही समयमा घटेको अर्को एक घटनाले नेपालीहरू खासगरी काठमाडौंका बासिन्दा नेवारहरूको जीवन र संस्कृतिमा एउटा महत्त्वपूर्ण छाप छोड्नुका साथै एउटा आयाम नै थपिदियो । शोधकर्ता स्वर्गीय ठाकुरलाल मानन्धरको भनाइअनुसार नेपाल संवत् विशालनगरको ठूलो अग्निकाण्डपछि मात्र प्रचलनमा आएको हो । सबैजसो वंशावलीहरूले यस समयमा विशालनगरमा भएको भयङ्कर आगलागीको घटनाबारे उल्लेख गरेका छन् । तर यो घटना अन्तरिमकालमा कुन समयमा घटेको थियो भन्ने कुरामा भने फरक-फरक मतहरू छन् । (५)

हाँडीगाउँको सत्यनारायणको मन्दिर वरपर इस्मियो र नेपाल सरकारले सन् १९८४ देखि १९८९ सम्म गरेको उत्खननको प्रतिवेदनले पनि वृहद् आगलागी भएको कुराको पुष्टि गरेको छ । तर उक्त आगलागीको घटना ११ औं वा १२ औं शताब्दीताका भएको हुनसक्ने भनी लेखिएको छ । (६) शोधकर्ता ठाकुरलाल मानन्धरको भनाइअनुसार विशालनगरको त्यो भयङ्कर अग्निकाण्डले उपत्यकावासीहरूको जीवन नै तहसनहस पारिदियो । सबैको घरवार उजाड बनाइदियो । सबैको धनसम्पत्तिको हानिनोक्सानी भयो । यो यत्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठूलो दुर्घटना थियो कि उपत्यकावासीहरू आजभन्दा १ हजार १ सय वर्षभन्दाअघि भएको यस दुर्घटनालाई अझै सम्झने गर्दछन्। यस दुर्घटनामा लिच्छविहरूको प्राचीन राजधानी बिशालनगर र दरबारहरू मानगृह र कैलाशकूट भवन पनि ध्वस्त भएको हुनुपर्छ। यत्रो ठूलो दुर्घटनाबाट जिउज्यान जोगाउन सफल भएका उपत्यकावासीहरूले खुसीयालीमा कार्त्तिककृष्ण परेवाको दिन नयाँ संवत् चलाई 'म्हःपूजा' गरी रक्सी, फूल, माछा, मासु र मासको वारा (रोटी) राखी सगुन खाने चलन चलाए, जुन अझै नेवाः समुदायमा जीवितै छ। यो आगलागीपछि धेरै देशवासीहरू यत्रतत्र छरिएर बसोबास गर्न थाले। तद्पश्चात प्राचीन विशालनगर क्षेत्र हाँडीगाउँ, मालीगाउँ, टङ्गाल आदि इलाकामा धेरै कममात्र मानिसहरू बस्न थाले। (७)

विशालनगरमा भएको भयङ्कर आगलागीबारे दुईमत छैन। करिब ३ महिनासम्म विशालनगर जलिरहेको थियो। यस आगलागीबाट बच्न त्यहाँका मानिसहरू भागेर उपत्यकाभित्र यत्रतत्र जान थाले। कोही पाटनतिर गई बस्न थाले। कोही अन्त कतै। केही सम्पन्न र राज्यसित सम्बन्धित व्यक्तिहरू भने दक्षिण कोलिग्राम भेकमा आई बस्न थाले।

सम्भवतः नेवाःहरूको 'म्हःपूजा' गरी सगुन खाने चलन यसै समयदेखि चलेको हुनसक्छ। सायद त्यसै समयदेखि नेवाःहरूले कुनै ज्यान नै जोखिम हुने दुर्घटनाबाट बच्यो भने सगुन खाने चलन अद्यापि छँदैछ। तर नेपाल संवत्को शुरुआतको सम्बन्ध राजा राघवदेव, शङ्खधर साख्वा र पशुपतिनाथसँग रहेको कुरा भने अकाट्य छ। (८)

राघवदेवपछि यहाँ गुणकामदेव राजा भए। उनी प्रसिद्ध राजा थिए। उनी त्यस समयका एक सक्षम र बलिया राजा पनि थिए। उनले आफ्नो राज्यलाई धनाढ्य र मजबुत बनाएको पाइन्छ। उनले पशुपतिनाथलाई ११ वटा कवच चढाएको, पशुपतिनिर रहेको इशानेश्वर मन्दिरमा तामाको छाना हालेको, त्यहीं नै एउटा लामो सत्तल बनाएको, सुनधारा बनाएको र कोटी होम पनि पूर्ण गरेको भन्ने कुरा गोपाल वंशावलीमा उल्लेख गरिएबाट पुष्टि हुन आउँछ। (९)

भाषा वंशावलीअनुसार कान्तिपुरको निर्माण यही अन्तरिमकालमा भएको थियो। यस सहरको निर्माणको श्रेय राजा गुण कामदेवलाई दिइएको छ। यिनी सन् ९८७ देखि ९९० ताका नेपाल उपत्यकाका राजा थिए। विशालनगरको भयङ्कर आगलागीपछि धेरै देशवासीहरू उपत्यकाभित्र यत्रतत्र गई बसोबास गर्न थाले भन्ने कुरा माथि नै भनिसकिएको छ। प्राचीन राजधानी सहर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशालनगर ध्वस्त भइसकेकोले एउटा नयाँ राजधानी शहरको आवश्यकता त थियो नै, भाषा वंशावलीमा उल्लेख भएअनुसार कान्तिपुरीनगरीको निर्माण गरिसकेपछि राजा गुणकामदेवले उक्त शहरको रक्षार्थ पूर्वमा लुमडी भद्रकाली (माहेश्वरी), पश्चिममा कङ्केश्वरी अजिमा (वाराही), दक्षिणमा पचलीभैरव नै अजिमा (वैष्णवी), उत्तरमा इन्दायणी लुती अजिमा र विजेश्वरीमा आकाश योगीनीको स्थापना गरी लोकेश्वर मच्छिन्द्रनाथको जात्रा चलाए । यिनै राजाले उत्तरतिर थवहिल ग्राम पनि बसालेका थिए । (१०)

डानियल राइटले सम्पादन गरेको अर्को एक वंशावलीअनुसार गुणकामदेवले कान्तिपुरलाई खड्गको आकारमा बसाली १८ हजार घरहरू भएको शहर बनाई विभिन्न जातजातिका मानिसहरूको बस्ती बसाली यस शहरलाई विभिन्न देवदेवीहरूबाट संरक्षित गराए । उनले शहरको बीचमा चण्डेश्वरी, विष्णुमतीको नदीको तिरमा करवीर मसान बनाई सोही ठाउँमा विद्याधरदेवी अथवा विजेश्वरी आकाश योगीनी स्थापना गरे । त्यसरी नै दक्षिणकालीबाट रक्तकाली ल्याई कङ्केश्वरी नाममा स्थापना गरे । पचलीभैरवको स्थापना गर्नुका साथै कामरूप पर्वतबाट बन्धुदत्त आचार्यले ल्याएको लुमडीदेवी (भद्रकाली) पनि स्थापना गरे । यिनले कान्तिपुर शहरकोमात्र निर्माण गरेनन् , यस शहरभित्र अनेकौ जात्राहरू पनि चलाए भनेर श्रेय दिइएको छ ।

वागमती सभ्यताको अर्को ठूलो र महत्त्वपूर्ण देन यी प्राचीन जात्रा तथा पर्वहरू पनि हुन् । लिच्छविकालमा पनि धेरै जात्राहरू थिए होलान् । तर तिनीहरूको विस्तृत विवरण प्राप्त छैन । तिनीहरूले पछिसम्म निरन्तरता पाएको पनि देखिँदैन ।

लिच्छवि राजा नरेन्द्रदेवको समयदेखि चल्न थालेको पाटनको रातो मच्छिन्द्रनाथको जात्रालाई नेपालको सर्वैभन्दा प्राचीन जात्रा मान्न सकिन्छ । कामारूकामक्षबाट ल्याइएको रातो मच्छिन्द्रनाथको जात्राबारे हामीले यसभन्दा अघिल्लो अध्यायमा वर्णन गरिसकेका छौं । गुणकामदेवले पनि पाटनको रातो मच्छिन्द्रनाथको रथयात्राको नक्कल गरी काठमाडौंमा सेतो मच्छिन्द्रनाथको जात्रा र अन्य जात्राहरू चलाएका थिए । यी जात्रा पर्वहरूबारे पछि पनि वर्णन गरिने छ । (११)

गुणकामदेवपछि उदयदेव, भोजदेव, रुद्रदेव, लक्ष्मी कामदेव, भाष्करदेव, प्रद्युम्न कामदेव, वामदेव, सिंहदेव आदि राजा भए । वागमतीको सभ्यताको विकासमा यी राजाहरूको खास उल्लेखनीय केही देन नभए तापनि यिनीहरूको राज्यकालमा केही महत्त्वपूर्ण ग्रन्थहरू लेखिएका हुनाले यिनीहरूको समयमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि विद्वत्ताको कदर हुने गर्थ्यो भन्ने बुझिन्छ; जस्तै ने.सं.१३१ राजा भोजदेवकोसमयमा लेखिएको प्रज्ञापारमिता, भोजदेव-रुद्रदेव-लक्ष्मी कामदेवको संयुक्त शासनको समयमा ने.सं.१३५ मा लेखिएको अष्टसहस्रिका प्रज्ञापारमिता, राजा लक्ष्मी कामदेवको समय ने.सं.१४४ मा लेखिएको स्वेहा भगवतीतन्त्र, ने.सं.१५६ मा लेखिएको शिव धर्म, ने.सं.१५८ मा सुहर्षजीव विश्वकर्माले लेखेको कुब्जिकामत, ने.सं.१५९ मा लेखिएको सद्धधर्म पुण्डरिका, ने.सं.१५९ लेखिएको महाभैरव, हंसयामलतन्त्र, प्रद्युम्न कामदेवको समयमा लेखिएको ने.सं.१८३ को पञ्चरक्षातन्त्र र ने.सं.१८५ को सधर्म पुण्डरिका महाभैरव, हंसयामलतन्त्र आदि ग्रन्थहरूको प्राप्तिले यो कुराको पुष्टि हुन्छ। (१२)

त्यसपछि (सन् १०३९-१०४८) मा भाष्करदेव राजा भए। उनको पालमा घटेको सबैभन्दा उल्लेखनीय घटनाचाहिँ 'दीपङ्कर श्रीज्ञान जो अतिशा'को नामले पनि प्रसिद्ध छन्। उनी नेपाल उपत्यकाभित्र आई करिव एकवर्ष बसेका थिए। ११ औं शताब्दीमा तिब्बतको बौद्ध धर्ममा धेरै विकृतिहरू पसेको हुनाले तिब्बतका राजा भिक्षु बोधिप्रभाले तिब्बतको बौद्ध धर्ममा सुधार गर्न भारतको प्रसिद्ध विक्रमशिल विश्वविद्यालयका प्राध्यापक दीपङ्कर श्रीज्ञानलाई तिब्बत आउने निमन्त्रणा दिए। दीपङ्कर पनि नेपालको बाटो गरी तिब्बततर्फ जान सन् १०४१ मा नेपाल आएका थिए। नेपालमा उनी नुवाकोट र स्वयम्भूमा बसेका थिए। नेपालमा बस्दा उनले आफ्ना एक बहिरा चेलाको लागि 'चरिया समग्र-प्रदीप' नामक ग्रन्थ लेखेका थिए। उनले थवहिलको विक्रमशिल महाविहारभित्र एउटा मन्दिर अथवा स्तूप पनि स्थापना गरेका थिए। थवहिलको विक्रमशिल महाविहारको निर्माताको श्रेय पनि दीपङ्कर श्रीज्ञानलाई नै दिने गरिन्छ। थवहिल भगवान बहालमा हालसम्म सुरक्षित रहेको प्रसिद्ध 'शतसहस्रिका प्रज्ञापारमिता' खुद श्रीज्ञान अतिशाले नै लेख्न लगाएका हुन् भन्ने कुरा उक्त सुर्वण रञ्जनाक्षरमा लेखिएको ग्रन्थको पुष्पिका वाक्यद्वारा थाहा पाइन्छ। उनी थवहिलमा आइ बसेको र उनले यस विहारको पुनःनिर्माण गराई यहाँ एक वर्ष बसी बौद्ध धर्मको अध्ययन-अध्यापन गराएका थिए भन्ने कुराको चर्चा तिब्वती तीर्थ यात्रु धर्मस्वामीको यात्रा वृत्तान्तमा पनि उल्लेख छ। अतिशाले लेखाएको प्रज्ञापारमिता हुनाले यसको निकै महत्त्व रहेको छ। यस ग्रन्थको दर्शनको लागि भोटबाट समेत दर्शनार्थीहरू आउने गर्दछन्। यो ग्रन्थको महत्त्व बुझी राजा प्रताप मल्ल र उनकी रानी लालमतीले संवत् ७६९ (वि.सं.१७०५) मा यस प्रज्ञापारमिताको महिमाका केही थप कुराहरू मूल ग्रन्थमा नै राख्न लगाएका थिए। (१३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन पनि दीपङ्करको सम्झनामा ठमेलबासीहरूले प्रत्येक वर्ष गाईजात्राको अवसरमा दीपङ्करको मूर्तिलाई प्रदर्शित गरी पूजा गर्ने चलन अद्यापि छँदैछ। दीपङ्करलाई नेवाःहरूले सम्यक देवताको रूपमा पूजा गर्दछन्। उपत्काभित्रमात्र दीपङ्करका धातुका मूर्तिहरू सयौंको सङ्ख्यामा छन्। प्रत्येक बाह्र-वाह्र वर्षमा उपत्यकाका विभिन्न वही तथा विहारबाट दीपङ्करका मूर्तिहरू ल्याई स्वयम्भू भुइँखेलमा उपत्यकाबासी बौद्धमार्गीहरूले धुमधामसँग उत्सव मनाई पूजाआजा गर्ने चलन अहिले पनि छँदैछ। सम्यकको परम्पराको इतिहास हेर्दा यो परम्परा राजा भाष्करदेवको समयदेखि चलेको देखिन्छ। उनले पाटनको प्रसिद्ध हिरण्यवर्ण महाविहारको स्थापना गरिसकेपछि ललितपुरको समस्त दीपङ्कर तथागत तथा शाक्यमुनि बुद्धका मूर्तिहरूको पूजाआजा गर्ने चलन चलाएका थिए। यो चलनलाई सम्यक भनी नामकरण गरियो। पछिबाट यो चलन काठमाडौंमा पनि चल्न थालेको देखिन्छ। पाटनको नागवहालमा प्रत्येक ५/५ वर्षमा सम्यक उत्सव मनाउने चलन छ। (१४)

प्रसिद्ध बौद्ध विद्वान् दीपङ्करलाई भगवान बुद्धकै अवतार मानी सम्यक परम्परा चलाएको देखिन्छ। दीपङ्करलाई नेपालमा सम्यक देवता अथवा 'बहीद्य' पनि भनिन्छ। प्रत्येक वर्ष गुँला पर्व अर्थात् श्रावण भाद्रमा उपत्यकाभित्रका सबैजसो वही विहारहरूमा दीपङ्करको मूर्ति पूजा गरी प्रज्ञापारमिताको पाठ गर्ने चलन अहिले पनि छँदैछ। (१५) यी कुराहरूबाट राजा भाष्करदेवको समयमा नेपाल उपत्यकाभित्र बौद्ध धर्मको जगजगी बढेको कुरा स्पष्ट हुन्छ।

भाष्करदेवपछि अर्का महत्त्वपूर्ण राजा शङ्करदेव भए। यिनले नक्सालको नन्दीकेश्वर महादेवको मन्दिर बनाई मन्दिरमा तामाको छाना हाले र सोही महादेवको शक्तिस्वरूप नक्साल भगवतीको स्थापना गरेका थिए। यिनले मखनटोलस्थित तारिणीदेवी (ताना देवता) को स्थापना गरी आफ्नो कुलदेवी मानी देवीको मन्दिरभन्दा अग्लो घर कसैले पनि बनाउन पाउँदैन भनी प्रतिबन्ध लगाएका थिए। तारिणीदेवीको दुई तले मन्दिर अझै सोही ठाउँमा विद्यमान छ। तारिणीदेवी तान्त्रिक शक्तिदेवी भएकी हुनाले उनको जात्रामा एउटा प्राचीन खड्ग खटमा राखी घुमाइन्छ। यिनको समयमा देशमा शान्ति थियो भनी वंशावलीमा लेखिएको छ। धेरै सम्भव छ तारिणीदेवीको स्थापनाकालदेखि नै उपत्यकाभित्र तन्त्रको जगजगी चल्न थालेको हो। (१६)

शङ्करदेवपछि उनका छोरा शिवदेव राजा भए। गोपाल राजवंशावलीअनुसार शिवदेवको शासनकालमा आर्थिक समृद्धि र सांस्कृतिक उन्नति भई देशमा स्थिरता र शान्ति कायम भएको देखिन्छ। एकातिर उनले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पशुपतिनाथको मन्दिरमा तामाको छाना हाले भने अर्कोतिर चाँगुनारायण मन्दिरको पनि जीर्णोद्धार गरे। उनले बौद्ध धर्ममा पनि उत्तिकै उदारता देखाएको हुनाले उनलाई 'परम् सौगत' (बुद्धका ठूला उपासक) भन्दछन्। (१७) उनले जनताको सुख सुविधाको लागि ठाउँ ठाउँमा ढुङ्गेधारा, कुवा र पोखरीहरू वनाउन लगाए। कीर्तिपुर शहरको निर्माणको श्रेय पनि शिवदेवलाई दिइएको छ। कीर्तिपुरमा शहर बसाली यसलाई वनजङ्गल, खाइ, पर्खाल आदिले घेरी 'गढ' को रूप दिइएको र देवमन्दिर, डबली, धारा, पोखरी आदि निर्माण गरी विभिन्न देवदेवीको जात्रा चलाई सांस्कृतिक दृष्टिकोणले पनि यस सहरलाई धनाढ्य बनाएका थिए। कीर्तिपुरमा राम्रो उब्जाउ होस् भनी कुलो वनाउन बल्खु नदीमा बाँध बाँधियो। शिवदेवको अर्को प्रचलित नाम सिंहदेव पनि भएको हुनाले उनले चाँदीको द्रम्य मुद्रामा 'श्रीसिंह' नाम अङ्कित गरी चलाएका थिए। साथै 'श्रीसिंह' अङ्कित सुनका शिवकाङ्क (सुकी) पनि चलाए। यसरी देशको आर्थिक उन्नतिलाई व्यवस्थित गर्न उनले यी मुद्राहरू चलाएका थिए। उनको पालादेखि सुन र चाँदीका मुद्राहरू चल्नु भनेको उक्त समयमा नेपाल उपत्यकाभित्र आर्थिक उन्नति भएको स्पष्ट हुन्छ। उनले कीर्तिपुरमा चारतल्ला र पाँच चोक भएको 'श्रीराजगृह' नामक दरबार बनाएका थिए। सम्भव छ हाल कीर्तिपुरको लायकु भन्ने ठाउँमा यसको भग्नावशेष अझै छ। उनकै समयमा उनका छोरा युवराज महेन्द्रदेवले नेपाल संवत् २३९ (वि.सं.११७५) मा 'महेन्द्रसर' नाम दिई एउटा ठूलो पोखरी बनाएका थिए। उनको समयमा काशीका अग्निमथका शङ्कराचार्य पहिलो पटक नेपाल आएका थिए। यिनको बारेमा अलि विस्तृतमा तल चर्चा गरिने छ।

पाटनको प्रसिद्ध विहार रुद्रवर्ण महाविहारको निर्माणको श्रेय पनि राजा शिवदेवलाई दिइएको छ। (१८) राजा शिवदेवले निर्माण गर्न लगाएको महाविहार भएको कारणले नै यो विहार 'शिवदेव संस्कारित रुद्रवर्ण महाविहार' को नामले प्रसिद्ध भयो। राजा शिवदेवले यो मात्र होइन अन्य विहारहरू पनि निर्माण गरी बौद्ध धर्मप्रति आफ्नो आस्था देखाएका थिए। तीमध्ये नन्दीशाला विहार, मणिपुर जैव विहार, श्रीमणिधरजीव विहार र मणिसिंह विहार हुन्। (१९) रुद्रवर्ण महाविहारमा नेपालको इतिहासबारे प्रकाश पार्ने १ सय ४० वटा ताडपत्रहरू जग्गा जमिनको बेचविखन र बन्दकबारेका छन्। त्यस विहारमा नेपाल संवत् १५९ (वि.सं.१०९५) देखिका ताडपत्रहरूका लगत र मूलपाठ सुरक्षित छन्। (२०) पाटनका अति नै राम्रा, व्यवस्थित र धनी विहारहरूमध्ये यो एक हो। यस विहारमा जडान गरिएका टुँडालमा शालभान्जीका मुद्रामा उभिरहेकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्त्रीका मूर्तिहरू बेजोडका छन् र तिनीहरू सत्रौं शताब्दीका हुन् ।

शिवदेवपछि उनका छोरा आनन्ददेव ने.सं.२६७ (वि.सं.१२०३) मा राजा भए । भाषा वंशावलीमा आनन्ददेवले भैरवनाथको मन्दिरलाई बीचमा पारी १२ हजार घरहरू भएको भक्तपुर नाम गरेको शहर बसाले भनेर श्रेय दिइएको छ । (२१) गोपाल राजवंशावलीमा उनले शास्त्रअनुसार निर्माण कार्य गर्ने सातवटा गजुर भएको अर्थात् सातवटा चोक भएको 'त्रिपुर' नामक दरवार बनाई भक्तपुर शहरलाई राजधानी बनाएको भनी उल्लेख गरिएको छ । भक्तपुरलाई राजधानी बनाई राज्य गर्ने यिनी पहिलो राजा थिए । राजा आनन्ददेवले शिवग्लस्थान (शिवग टोल ?) मा देवल बनाई दुईवटा देवताको मूर्ति राखी देवलमा तामाको छाना हाले । राजकुलोको पानी आउने गरी सुनधारा बनाए । यिनले चोरहरूलाई कजाई प्रजाजनको हित गरी देशको रक्षा गरे । यिनले राजा, मन्त्री, भाइभारदार, जनता र जोसुकैले पनि घर जगगा खरिद बिक्री गर्न पाउने र यो तीन पुस्ताको लागि वैध रहने व्यवस्था कायम गरी एक सुधारवादी राजाको रूपमा आफूलाई जनसमक्ष उभाए । (२२)

आनन्ददेवको समयमा अर्को उल्लेखनीय घटनाचाहिँ काशीको अग्निमथका शङ्कराचार्य नेपाल आई हिन्दू धर्मको प्रतिष्ठा र महिमाको पुनर्स्थापना गर्नु नै हो । ने.सं. २६२ (वि.सं.११९८) को राष्ट्रिय सङ्ग्रहालय छाउनीमा रहेको एउटा शिलापत्रमा उनको चर्चा यसरी गरिएको छ : काशीका शङ्कराचार्य नेपालमा दुईपटक आएका थिए । उनले पशुपतिनाथ मन्दिरको जीर्णोद्धार गरी पशुपतिका पुजारीहरूमा दक्षिणात्य ब्राह्मण राख्ने चलन चलाएका थिए । यिनी स्वयम् तान्त्रिक भएकोले यिनले पशुपतिनाथको पूजाआजामा तन्त्रलाई प्रोत्साहित गरेका थिए । श्रीयन्त्रको पूजा परम्परा र आगमप्रथाको स्थापना पनि यिनैले गरेका थिए । यिनले नेपाल मण्डलभित्र शैव धर्मको निकै प्रचार प्रसार गरे । पहिलो पटक नेपाल आउँदा यिनले राजा शिवदेवका छोराहरू; राजकुमार आनन्ददेव जो पछि राजा भए र युवराज महेन्द्रदेवका दुई छोराहरू वसन्तदेव र सोमेश्वरदेव आदिलाई पनि आफ्ना शिष्य बनाएका थिए । (२३) यसरी आनन्ददेवले शैव धर्मलाई निकै नै प्रोत्साहित गरेको देखिन्छ । साहित्यमा पनि यिनको ठूलो दखल देखिन्छ । यिनले प्रत्येक शुक्रबार 'सुधनपाल' नाटक मञ्चन गर्ने चलन पनि चलाएका थिए । (२४) आनन्दको समयमा पनि सभ्यताको एउटा मूल तत्व मानिएको विद्या र साहित्यको अभिवृद्धि भइरहेको कुरा उनको राज्यकालमा लेखिएका केही हस्तलिखित ग्रन्थहरूबाट बुझिन्छ । जस्तै ने.सं.२६८ मा लेखिएको प्रज्ञापारमिता, ने.सं.२०६ मा लेखिएको चन्द्र व्याकरण, ने.सं.२०९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को स्मृति मन्जरी, ने.सं.२८५ को अष्ट सहस्त्रिका प्रज्ञापारमिता, नेसं.२७९ को प्रतिष्ठा तन्त्र, ने.सं.२८० को कुलाली कामनय, ने.सं.२७२ को भादन्य यतिका, ने.सं.२७५ को पञ्चरक्षा, ने.सं.२७९ को स्वामल शास्त्र, नेसं.२८२ को सप्तशति, नेसं.२८६ को गण्डव्यूह आदि । (२५)

आनन्ददेवपछि रुद्रदेव द्वितीय राजा भए । यिनले आनन्ददेवले निर्माण गर्न लगाएको 'त्रिपुर' दरबारको परिसरभित्र 'क्षिणतर्फ पंचपुर' नामक चोकसहितको भवन बनाए र त्यहीभित्र एउटा सुनधारा पनि राखेका थिए । रुद्रदेवपछि अमृतदेव राजा भए । यिनले दरबारको उत्तरतर्फ अर्को चोक थपे । यसरी 'त्रिपुर' दरबारभित्र आनन्ददेवपछिका राजाहरूले धमाधम चोकहरू थप्दै लगेका थिए । अमृतदेवपछि सोमेश्वरदेव, गुणकामदेव द्वितीय, विजयकामदेव द्वितीय र लक्ष्मीकामदेव द्वितीय आदि देव नामधारीका राजाहरू भए । यी पछिका देव नामधारी राजाहरूको समयमा नेपाल मण्डलभित्र खास उल्लेखनीय घटना भएको देखिँदैन । ने.सं.३११ (वि.सं.१२४७) मा अरि मल्ल नेपाल मण्डलका राजा भए । अरि मल्लको राज्यारोहणको साथसाथै नेपालको इतिहासमा एउटा छुट्टै राजवंश शुरु भएको देखिन्छ ।

राघवदेवको समयमा नेपाल संवत् शुरु भएको र यिनको समयदेखि राजा अरि मल्लको उदय नभएसम्म अर्थात् सन् ८७९ देखि १२०० सम्म करिब ३ सय वर्षसम्म विभिन्न देव नामधारी राजाहरूले नेपाल मण्डलभित्र राज्य गरे । तर यिनीहरू नामका मात्र राजा थिए । सम्पूर्ण प्रशासनको बागडोर भने करिब ३ सय वर्षसम्म ठकुजु अर्थात् ठकुरी राजाहरूले आफ्नो हातमा राखेका थिए ।

मध्यकालीन नेपालको पूर्वार्द्धमा अर्थात् रत्न मल्लको उदय हुनुभन्दा अघिसम्म वागमती उपत्काभित्र यी ठकुजुहरूले राज्यको प्रशासन आफ्नो हातमा राखेका थिए । यिनीहरूले काष्ठमण्डपलाई १२ वटा क्षेत्रमा विभाजित गरी आ-आफ्नो इलाकामा प्रशासन चलाएका थिए । केही वंशावलीहरूमा यी ठकुजुहरूको सङ्ख्या १२ भने तापनि प्रमाणित रूपमा यिनीहरूको सङ्ख्या जम्मा ८ देखिन्छ । मल्ल वंशका प्रसिद्ध राजा रत्न मल्लले काठमाडौंमा यसरी रजाइँ गरेर बसिरहेका ठकुजुहरूलाई मारेर उनीहरूले कब्जा गरी बसेका सबै इलाकालाई आफ्नो अधीनमा पारे । रत्न मल्लले यिनीहरूमाथि विजय प्राप्त गरेपछि मात्र काठमाडौंलाई भक्तपुर राज्यमा गाभे । एउटा प्राचीन टिपोट अनुसार पनि यी ठकुजुहरूको सङ्ख्या जम्मा ८ मात्र थियो । ती हुन् – क्वाबहालका ठकुजु, ठमेलका ठकुजु, ठहिटीका ठकुजु, तानाबहाल मखनटोलका ठकुजु, ओखाबहालका ठकुजु, मुबहालका ठकुजु, इकुबहाल यङ्गाल मन्जेश्वरीका ठकुजु र क्वाथबहाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात् भीमसेनस्थानका ठकुजु । (२६)

इतिहास शिरोमणि बाबुराम आचार्यले यो नयाँ वैश्य ठकुरी राजवंशको उत्थान गर्ने श्रेय राजा राघवदेवलाई दिएका छन् । उनको भनाइअनुसार राजा राघवदेवले वैश्य ठकुरीहरूको नयाँ राजवंश चलाई नयाँ संवत् - नेपाल संवत् पनि चलाएका थिए । (२७) यी ठकुजुहरूमध्ये कोही इतिहासमा प्रसिद्ध भए भने कोहीचाहिँ नाममात्रले परिचित रहे । कोही भने अज्ञात नै रहे । मखन तानाबहालका ठकुजुहरूबारे भन्नुपर्दा मखन तारिणी बहालभित्र पाइएको नेपाल संवत् ७५२ (वि.सं.१६८८) को टुँडालमा अङ्कित भएअनुसार एकजना उदय सिंह हुन् भने अर्को टुँडालमा नेपाल संवत् ७५४ (वि.सं.१६९०) मा उल्लेखित अर्कोजना गोपाल सिंह हुन् भन्ने कुरा जानकारीमा आएको छ । त्यस्तै सूर्य ठकुर, झङ्गल ठकुर आदिका नामहरू पनि त्यस मन्दिरभित्रका अभिलेखहरूबाट थाहा पाइन्छ । मल्लकालमा राजा प्रताप मल्लको समयमा झङ्गल ठकुरको निकै चर्चा पाइन्छ । मखनका यी ठकुजुहरूका सन्तानले तानाबहाललाई अझै पनि आफ्नो मुख्य मन्दिर मानी पूजाआजाहरू गरिरहेका छन् । गत वर्ष जेठ २५ गते तानाबहालका गुठियारहरूले बहालको ११८८ वर्षगाँठ मनाएका थिए । (३८)

क्वाथबहाल अर्थात् भीमसेनस्थानका ठकुजुमध्ये तोयुख्वाले ने.सं.२६० (वि.सं.११९६) मा काठमाडौंको भीमसेन मन्दिरको स्थापना गरेका थिए । यिनैको समयदेखि काठमाडौं उपत्यका र अन्यत्र पनि भीमसेनको पूजाआजासहित जात्रा गरी मान्ने चलन चल्न थालेको देखिन्छ । व्यापारीहरूको देवताको रूपमा भीमसेनलाई पुज्ने गरिन्छ । यी ठकुजुहरू सबै व्यापारी (सार्थबाहु) नै थिए । यिनीहरू भारत र तिब्बतमा व्यापार गरी निकै धन कमाउन सफल भएका थिए । यही धनबाट यिनीहरू वागमती सभ्यतामा धेरै आयामहरू थप्न सफल भए । नेपाल-भारतबीचको व्यापारिक मार्गमा पर्ने ठाउँहरू जस्तै भीमफेदी, काठमाडौं, पाटन, भक्तपुरलगायत नेपाल र तिब्बतको व्यापारी मार्गमा पर्ने दोलखा र तिब्बतको भाखोल भन्ने ठाउँमा पनि भीमसेनका मन्दिरहरू छन् । (२९)

ठमेल अर्थात् थंथु राजकुलको थवहिलको विक्रमशिल महाविहार निकै प्रसिद्ध विहारमध्ये एक हो । यस विहारमा ने.सं.३४४ (वि.सं.१२८०) मा सुनौला अक्षरले लेखेको 'प्रज्ञापारमिता' ग्रन्थ सुरक्षित छ । ठमेलका ठकुजुहरूमध्ये सिंहसार्थ बाहुको लोककथा निकै प्रसिद्ध छ । उनले भोट गई व्यापारबाट धन कमाई यस विहारको निर्माण गरेका थिए भन्ने विश्वास गरिन्छ । प्रत्येक वर्ष चैत्र कृष्णप्रतिपदाको दिन गरिने चकद्यः जात्रामा दीपङ्करको मूर्तिका साथ यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रन्थलाई पनि ठमेल वरपर घुमाउने चलन अझै चलिनै रहेको छ। यसको साथै प्रत्यके वर्ष गाईजात्राको अवसर पारी सिंहसार्थबाहुको भोट यात्राबारे चित्रण गरिएका लामो पौवाचित्र फलग पनि उक्त विहारमा प्रदर्शित गर्ने चलन छ। उक्त विहारका गुठियारहरूसँग रहेका ताडपत्रहरूबाट विहारको निर्माण राजा रत्न मल्लको समयभन्दा अगाडि भइसकेको भन्ने बुझिन्छ। (३०)

पारवत् अर्थात् इटुम्बहालको निर्माताको श्रेय ठकुजु केशवचन्द्रलाई दिइन्छ। प्रचलित दन्त्यकथाअनुसार व्यापरबाट निकै धन कमाई उनले यो विहारको निर्माण गरी वर्षमा एकपटक होली पूर्णिमाको दिन गुरुमहापालाई टुँडिखेलमा भोज खुवाउने चलन चलाएका थिए, जुन चलन अझै चलिनै रहेको छ। इटुम्बहाल त्यस समय एक मजबुत किल्ला थियो भन्ने कुरा 'गोपाल राजवंशावली' मा लेखिएको छ। (३१) गुरुमापाको कथाको प्राचीनताबारे केही पौवा चित्रहरू पनि बनेका थिए। यस्तै एउटा लामो पौवा चित्रको फलकको प्रदर्शनी प्रत्येक वर्ष गाईजात्राको समयमा इटुम्वहालमा गरिन्छ। अमेरिकाको एउटा व्यक्तिगत सङ्ग्रहमा पनि ने.सं.८२४ (वि.सं.१७६०) को एउटा यस्तै पौवा चित्रको फलक भएको बुझिएको छ। (३२)

काठमाडौं उपत्यकाका नाम थाहा पाइएका अन्य ठकुजुहरू हुन् – ने.सं.८६५ (वि.सं.१८०१) ताकाका शिवभक्त सिंह, तिन्छु बहालका ठकुजु भरिभारो, थायमदु टोलका डोय ठाकुर आदि। (३३)

नेपालको इतिहासमा खासगरी वागमती सभ्यताको विकास र उन्नतिमा यी ठकुजुहरूले ठूलो योगदान पुऱ्याएको देखिन्छ। हुनत यिनीहरूका राज्यकालको शिलापत्र र अन्य अभिलेखहरू नगन्ने नै छन्। तर पनि यिनीहरूले आफ्नो राज्य अथवा प्रशासनिक क्षेत्रमा आ-आफ्ना कीर्तिहरू छोडेर नगएका होइनन्। यिनीहरूमध्ये धेरैले आ-आफ्नो इलाकामा स्तूपहरूको निर्माण गरी विहारहरू बनाएका थिए। प्रसिद्ध 'काष्ठमण्डप' को निर्माण यसै समयमा भएको थियो। काष्ठमण्डपको निर्माण ने.सं. १०७-११० (इस्वी ९८७-९०) सम्म राज्य गरेका गुणकामदेवको समयमा भएको थियो भनी इतिहासकारहरू विश्वास गर्दछन्। (३४) इसाको बाह्रौं शताब्दीको पूर्वार्द्धमा अर्थात् अन्तरिमकालमा कोलिग्राम र दक्षिण कोलिग्रामको ठीक बीचमा पर्ने इलाकामा एउटा यस्तो स्मारक बन्यो जसले वास्तुकलाको दृष्टिकोणले मात्र नभई .काठमाडौंको इतिहास र अझ भनौं नेपालको इतिहासलाई नै एउटा नयाँ मोड दियो। किनभने यसै स्मारकको नामबाट कोलिग्राम-दक्षिण कोलिग्रामको संयुक्त इलाका पछि गएर काष्ठमण्डपपुरी, काष्ठमण्डप, काठमाडौं नामले प्रख्यात भयो। इतिहास शिरोमणि बाबुराम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आचार्यले काष्ठमण्डपलाई उपत्यकाभित्रका हाल देखापरिरहेका प्राचीन नेपाली शैलीका मौलिक वास्तुकलामध्ये सबैभन्दा पुरानो वास्तुकला मानेका छन् । (३५)

यी ठकुजुहरूले आ-आफ्ना इलाकामा धेरैजसो विहारहरूको निर्माण गरेको हुनाले यिनीहरूमध्ये धेरैजसो बौद्ध धर्मका अनुयायी थिए कि भन्ने बुझिन्छ । यिनीहरूले स्थापना गरेका विहारहरूमा कन्या केटी (कुमारी) को पूजाआजा गर्ने चलन पनि चलाइएको थियो । उपत्यकाभित्रका विभिन्न बहालहरूमा कुमारी पूजा गर्ने चलन धेरै पछिसम्म पनि चल्यो । अहिले पनि कतिपय विहारमा चलिनै रहेको छ । यसरी कुमारी पूजा गर्ने चलन भएका विहारहरूमा तानाबहाल, मखनटोल, क्वाःवहाल अर्थात् मैत्रीपुर महाविहार, ठहिटी, विक्रमशिल महाविहार, ठमेल, मूलबहाल, वटुटोल आदि हुन् ।

ठकुजुहरूको समयको अर्को महत्त्वपूर्ण बहाल यङ्गाल मञ्जेश्वरी टोलको इकुवहाल अर्थात् वज्रशिल महाविहार पनि हो । यस विहारमा रहेका ने.सं. २१३ र ने.सं. २१८ का ताम्रपत्रहरूले यस विहारको प्राचीनतालाई पुष्टि गर्दछन् । ने.सं.२०१८ को ताम्रपत्रमा राजा हर्षदेवको उल्लेख गरिएको छ । (३६)

प्रसिद्ध शोधकर्ता ठाकुरलाल मानन्धरले यी ठकुजुहरूलाई दक्षिण भारतका चालुक्य सेनापति भनेका छन् । उनको भनाइअनुसार चालुक्य सम्राट विक्रमादित्य (सन् १०४०-१०९६) आफ्नो साम्राज्य बढाउने हेतुले नेपाल उपत्यकाभित्रसम्म पसेका थिए । तर उपत्यकालाई आफ्नो राज्यमा नगाभी आफ्ना केही सेनापतिहरूलाई बाँडिदिए र तिनीहरूले आफूले पाएका इलाकाभित्र ससाना राज्यहरू खडा गरी ती राज्यहरूलाई तिनीहरूले मालवाको राजधानीलाई 'माण्डू' भने झैँ 'माण्डू' वा 'मन्दु' भन्न थाले । यसरी त्यतिबेला उपत्यकाभित्र धेरैवटा 'माण्डू' वा 'मन्दु'हरू देखापरे; जस्तै काष्ठमाण्डू अथवा मरु, ङतमरु (नेतमदु) नरदेवी, थायमरु (मन्दु), असंमरु (मन्दु), लुतिमरु (मन्दु), बङ्गल, मजिपात र लगन हुन् । बङ्गल, मजिपात र लगनमा अझै त्यसबेलाको राजदरबार अगाडि बनेका नाचगान देखाउने डवलीहरू विद्यमान छन् । यी ठकुरी राजाहरूले आ-आफ्ना राजधानीहरूमा दरबार नजिकै नाचगान गर्न गराउन डवलीहरू राखेका थिए । यिनीहरूले आ-आफ्ना दरबार अगाडि इन्द्रजात्राको समयमा लिङ्गो उभ्याउने चलन पनि चलाए, जुन चलन तीमध्ये धेरै स्थानमा अझै पनि चलेकै छन् । यी ठकुरी राजाहरूको समयदेखि काठमाडौं उपत्यकाभित्र धेरै जात्रा, चाडपर्व र धार्मिक नाचगानहरू चलेको कुरा वंशावलीहरूबाट थाहा पाइन्छ । (३७)

यी ठकुजुहरूलाई चालुक्य सम्राट विक्रमादित्यले राज्यभोग गर्न छोडेर गएको भए तापनि यिनीहरूले नेपाल उपत्यकाका तत्कालीन देव र कामदेव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नामधारी राजाहरूसँग मिली तिनीहरूको प्रशासनिक प्रमुख अर्थात् गभर्नर जस्तै भएर कामकाज गरेको हुनुपर्दछ किनभने यदि यी ठकुजुहरूले साँच्चै नै राज्यभोग गरेको भए यिनीहरूको नाममा मुद्राहरू पनि निष्कासन भएको हुनु पर्थ्यो । तर यी ठकुजुहरूका नामाङ्कित मुद्राहरू आजसम्म भेटिएका छैनन् । यी ठकुजुकालमा गुणकामदेव (ने.सं.९८७-९९९) को गुणाङ्क मात्र भेटिएको हुनाले यसै गुणाङ्कबाट नै पछि मल्ल कालसम्म नै मुद्राको काम भइरहेको देखिन्छ । (३८) उपत्यकाको सबैभन्दा पुरानो वंशावली 'गोपालराज वंशावली" ले पनि ठकुजुहरूको नाम कतै उल्लेख नगरी देव र कामदेव नामधारी राजाहरूको मात्र नाम उल्लेख गरेको कारणबाट पनि यिनीहरूले नेपाल उपत्यकाभित्र कहिल्यै पनि स्वतन्त्र-राजा र स्वतन्त्र-राज्य स्थापना गरेर बसेका थिए भनेर भन्न सकिँदैन । (३९)

ठकुजुहरूले प्रचलनमा ल्याएका गठु प्याखः (पचली भैरवको नाच र भद्रकालीको नाच), सिंखाली प्याखः (ठेचो नवदुर्गा नाच), काठमाडौंको मजिपात लाखें नाच, किलागल टोलको देवी नाच, किलागल टोलकै पुलुकिसी नाच (सेतो हात्ती नाच) आदि काठमाडौं उपत्यकाभित्र विशेष गरी इन्द्रजात्रा, बडादशैं र अन्य अवसरहरूमा अझै देखाइँदै छन् । यी नाचगानहरूले मल्लकाल र शाहकाल मात्र होइन हालसम्म पनि जनता र सरकारबाट प्रोत्साहन पाइ नै रहेका छन् । यी नाचगानहरू तिनै प्राचीन डबलीहरूमा नचाइने गरिन्छ । यी नाचहरूलाई प्रोत्साहित गरी निरन्तरता दिन समय-समयमा मल्ल राजाहरू, शाह राजाहरू र राणा प्रधानमन्त्रीहरूले समेत लिखतपत्र, लालमोहर आदि गरिदिने चलन पनि थियो । (४०)

ठकुजुहरूको गोरखानाथ सम्प्रदायप्रति बढी झुकाव थियो कि भन्ने पनि देखिन्छ । किनभने यिनीहरूले गोरखनाथ सम्प्रदायका साधुहरू अर्थात् जोगीहरूलाई बास वस्न सजिलो हुने गरी आ-आफ्ना राज्यमा सत्तलहरू बनाइदिएका थिए । यस्ता सत्तलहरूमध्येका केही सत्तलमा - काठमाडौं मरुटोलको काष्ठमण्डप वा मरुसत्तल, ङतमरु देवल अगाडि अर्थात् नरदेवीको जोगी सत्तल, थामरु टोलको नारायण मन्दिर अगाडिको जोगीसत्तल, असमरु अर्थात् असन टोलको अन्नपूर्ण मन्दिरको बायाँतर्फको लामो सत्तल, लुतिमरु (कङ्केश्वरी) को दक्षिणतर्फ रहेको डबली माथिको सत्तल, बङ्गल अथवा वटुटोलमा मुसलमानहरूले चुरा वेच्ने ठाउँभित्र पस्ने ठाउँको गुमान्सी जोगीको सत्तल आदि हुन् । (४१)

यसै कालमा ठकुजुहरूले नाचगानका देवतास्वरूप दक्षिण भारतमा झै नृत्यश्वर अथवा शिवजीलाई मान्न थालेको देखिन्छ । तर यस कालमा वागमती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपत्यकाभित्र तन्त्रयानले निकै प्रभाव पारिसकेको हुनाले नृत्यश्वरलाई यहाँका वज्रयानी तान्त्रिकहरूले तन्त्र साधन गरी अदृश्य देवताको रूपमा साधारणतया तीनवटा ठाडा प्वालहरू र खोपाहरूमा राखी ती खोपाहरू र प्वालहरूलाई नृत्येश्वर अथवा नासद्यः भनी पूजाआजा गर्न थाले । उपत्यकाभित्र कहीँ शिव, कहीँ गणेश त कहीँ महालक्ष्मीलाई समेत नासद्यः भनी मान्ने गरेको पाइन्छ । नासद्यः तान्त्रिक देवता भएको कारणले गर्दा उपत्यकाभित्र यिनले वलि पनि स्वीकार गर्दछन् । उपत्यकाभित्र यस्ता नासद्यःहरूको सङ्ख्या ५२ वटा देखिन्छ । (४२) तसर्थ ठकुजुकालका यी संरचनाहरू; जस्तै डबली, सत्तल र नासद्यःको परम्परा आदि सबै नाचगानसँग सम्बन्धित भएको हुनाले त्यसकालमा नाचगानको क्षेत्रमा जेजति उन्नति भयो त्यही परम्परालाई पछिका मल्लराजाहरूले पनि अझ बढी प्रोत्साहित गरी निरन्तरता प्रदान गरेको देखिन्छ ।

यसैकालमा अर्थात् बाह्रौं शताब्दीमा बङ्गाल सेन राजाका दरबारिया कवि जयदेवले राधा र कृष्णको मायाप्रीतिलाई विषयवस्तु बनाएर धेरै भजन गीतहरूको रचना गरे । रचनाको लगत्तैपछि भारतभर र नेपालमा पनि तिनको प्रचार- प्रसार बडो महत्त्वकासाथ हुन थाल्यो । ठकुजुहरूले निर्माण गरेका सत्तलहरूमा तिनै भजन गीतहरू गाउन थालियो र कालान्तरमा यी सत्तलहरूले भजन घरहरूको पनि काम गर्न थाले । पछि मल्लकालमा गएर चैतन्य र मिरावाईका भक्ति गीतहरूले पनि नेपाल उपत्यकाभित्र प्रसिद्धि पाए । (४३) यसरी ठकुजुकालमा नेपाल उपत्यकाभित्र भजन गाउने परम्परा बस्न गएको बुझिन्छ । यस कुराको पुष्टि ने.सं.४६७ (ई.१३४७) मा यङ्गल देशका महापात्र उदय सिंहको समयमा सारिएको गीतगोविन्दको पाण्डुलिपिबाट थाहा पाइन्छ । (४४)

नवौं शताब्दीको उत्तरार्द्धको इ.८७९ (वि.सं.९३६) देखि इ.१२०० (वि.सं.१२५७) सम्मको नेपालको इतिहासलाई अन्तरिमकाल भनिन्छ । यसकालका ऐतिहासिक सामग्रीहरूको अभावले गर्दा धेरै कुराहरू थाहा पाउन सकिएको छैन । सामान्यतया जयदेव द्वितीयको राज्यकाल इ.७१३-इ.७३३ (वि.सं.७७०-७९०) पछि मल्लवंशको अभ्युदय नभएसम्मको समयलाई धेरै इतिहासकारहरूले अन्धकारको युग माने तापनि यस युगमा सबैभन्दा महत्त्वपूर्ण कुरा शान्ति थियो भन्ने बुझिन्छ । यो करिब साढे चार सय वर्ष लामो अवधिमा नेपाल उपत्यकामा धेरै राजाहरू भए । यसै समयमा राजा राघवदेव इ.८७९ (वि.सं.९२६) ले नेपाल संवत्को थालनी गरे । नयाँ संवत्को थालनी गर्नु भनेको नयाँ युगको थालनी गर्नु हो । नयाँ संवत्को थालनी गर्दा धेरै कुराहरूको विचार गर्नुपर्ने र यसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नयाँ संवत् शुरु गर्न राज्यकोषबाट प्रशस्त पैसा खर्च गर्नु पर्ने परम्पराअनुसार यो संवत् शुरु भएको हुनुपर्दछ। यदि राज्यमा सुखशान्ति र सुव्यवस्था नभएको भए यो कुरा सम्भव हुने थिएन। त्यसबेला अंशुवर्माको समयमा नै विकसित भइसकेको भारत, नेपाल र तिब्बतबीचको व्यापार नरेन्द्रदेवको समयमा चरम शिखरमा पुगेको थियो। यो व्यापारको सिलसिलामा अन्तरिमकालमा निकै विकसित भई मल्लकाल र शाहकालसम्म पनि चलि नै रहेको थियो। यसै समयमा प्राचीन कोलिग्राम र दक्षिण कोलिग्रामले काष्ठमण्डपपुर नामले ठूलो शहरको रूप लिइसकेको थियो। अन्तरिमकालमा लिच्छवि राज्यको जग मजबुत भई बसिसकेको थियो। वैष्णव र शैव धर्मावलम्बीहरू आपसमा मिली राज्य सञ्चालन गरी बसेका थिए। बौद्ध धर्मावलम्बीहरूको राज्य सञ्चालनमा कुनै प्रभाव नभए तापनि यसकालमा यस धर्मको पनि प्रभाव रहि नै रहेको थियो। इसाको एघारौँ शताब्दीका एक राजा सिंहदेव इ.१०९९-११२२ (वि.सं.११५६-११७९) ले राज्य त्याग गरी आफ्नो शेष जीवन नै बौद्ध भिक्षुको रूपमा बिताएका थिए। त्यसबेला बौद्ध धर्मको चकचकी यति थियो कि तिब्बतीहरू नेपाललाई नै बौद्ध देश मान्दथे। यस कालमा उपत्यकाका विहारहरूको सङ्ख्या बढ्नुको साथै यिनीहरू विद्या र संस्कृतिका केन्द्र थिए। नेपालका बौद्ध विहारहरूको प्रसिद्धि सुनेर त्यस बखत भारतबाट अतिशा दीपङ्कर र रत्नरक्षित जस्ता विद्वान् बौद्ध भिक्षुहरू नेपाल आएका थिए। नेपालका विक्रमशिल आदि विहारहरूले बौद्ध धर्म र दर्शनको अध्ययन केन्द्रको रूपमा प्रसिद्धि पाइसकेको हुनाले तिव्वतबाट धेरै भिक्षुहरू यहाँ अध्ययनका लागि आउने गर्दथे। (४५)

अन्तरिमकालदेखि काठमाडौं उपत्यकाको समाजमा संरक्षणकी देवी तारा र ज्ञानकी देवी प्रज्ञापारमिताको ठूलो प्रभाव पर्न गएको देखिन्छ। नेपाली बौद्ध समाजमा वसुन्धरालाई भाग्य र श्री सम्पत्तिकी देवीकी रूपमा पूजा गर्ने चलन पनि यसै समयदेखि चल्न गएको हो। बोधिसत्त्वहरूमध्ये अवलोकितेश्वरका विभिन्न रूपहरू पद्मपाणि, लोकेश्वर, लोकनाथ र करुणामयको पूजाआजा गर्ने चलन पनि यसै समयदेखि चल्न थालेको हो। वज्रपाणिको परम्परा पनि यसै समयदेखि शुरु भएको देखिन्छ। (४६)

यस कालमा नेपाल उपत्यकामा वैद्धिक र बौद्ध दुवै धर्ममा तन्त्रयानको ठूलो प्रभाव पर्न गयो। तन्त्रयान, वज्रयान र शाक्त परम्पराको यस समयमा निकै बोलवाला थियो। यसकालमा नेपाल उपत्यकाभित्र शान्ति र सुव्यवस्था कायम भएको हुनाले नै यहाँ साहित्य, कला, रीति-स्थिति, जात्रा, पर्व आदि कुराहरूको निकै उन्नति र वृद्धि हुँदै जानु स्वाभाविकै थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस कालमा नेपाल उपत्यकाभित्र कलाको विकास र निरन्तरतालाई हेर्दा लिच्छविकालकै परम्परालाई कायम राखेको प्रतीत हुन्छ। चित्रकलाको क्षेत्रमा वि.सं.१११७ तिर ताडपत्रमा लेखिएको शैव धर्मसम्वन्धी एक हस्तलिखित ग्रन्थका गाथाचित्रहरूले यो कुरा प्रमाणित गर्दछन्। राष्ट्रिय अभिलेखालयको सङ्ग्रहमा रहेको उक्त ग्रन्थ र ने.सं.२४० (वि.सं.११७६) मा ताडपत्रमा लेखिएको अर्को हस्तलिखित ग्रन्थ विष्णुधर्ममा रहेका चित्रहरू, जसमा विष्णुका दश अवतारका चित्रहरू पनि छन्, ती चित्रहरू पनि ज्यादै राम्रा छन्। त्यस्तै वि.सं.१२०९ को 'अष्टसहस्त्रिका' र 'प्रज्ञापारमिता' का चित्रहरू पनि त्यतिकै उच्च कोटिका छन्।

चित्रकलाको अलावा मूर्तिकलामा पनि अन्तरिमकालमा धेरै उत्कृष्ट प्रस्तरका मूर्तिहरू बनेको देखिन्छ। दशौं शताब्दीदेखि हाम्रो देशमा शिव परिवारका धेरै पाषाण मूर्तिहरू बने। त्यसमध्ये वि.सं.१०४३ मा राजा गुणकामदेवको समयमा बनेको पाटन कुम्भेश्वर महादेवस्थान नजिकै रहेको शिव परिवारको मूर्ति कलाको दृष्किोणले साह्रै उच्चकोटिको मानिन्छ। अलिगन मुद्रामा महादेव र पार्वती एक खटियामाथि बसिरहेको देखाइएको छ। यस मूर्तिको जलहरीमा राजा गुणकामदेको नाम अङ्कित छ। यो मूर्ति लिच्छविकालमा बनेका शिव परिवारका मूर्तिहरूकै जोडामा बनेको छ। एघारौँ शताब्दीमा राजा रुद्रदेव र भोजदेवको समयमा पनि गुणकामदेवकै शैलीमा शिव परिवारको मूर्ति बनेको देखिन्छ। उक्त मूर्ति वि.सं.१०६९ मा स्थापना गरिएको हो (?)। मूर्तिकलाको विकासक्रममा बाह्रौं शताब्दीमा वि.सं.११२२ मा प्रद्युम्न कामदेवले पाटनको थापाहिटी भन्ने ढुङ्गेधारामुनि स्थापना गरेको सूर्यमूर्ति र वि.सं.११४० मा राजा वाणदेवले पाटन गैरीधारा अगाडिको देव मन्दिर बाहिर स्थापना गरेको सूर्यमूर्ति पनि त्यति नै राम्रो र कलात्मक मानिन्छ। त्यसरी नै तेह्रौं शताब्दीको द्वितीय गुणकामदेवको समयमा निर्माण भएको देउपाटनको गौरीको मूर्ति पनि कलाको दृष्टिले राम्रो र सजीव देखिन्छ। उक्त मूर्तिमा कलाकार नन्दपालको नाम उल्लेख गरिएको छ। मूर्तिकलाको इतिहासमा कलाकार नन्दपालको नाम सर्वप्रथम ज्ञात हुन आएको छ। यो साह्रै महत्त्वपूर्ण कुरा हो। (४७)

सारांशमा भन्नु पर्दा धेरैजसो इतिहासकारहरूले आवश्यक मात्रामा शोधखोज नगरी ठकुजुकाललाई त्यति धेरै महत्त्व नदिई त्यसै बिर्सन खोजे तापनि यो ३ सय वर्ष (इ.११४३-१४८४) मा नेपाल उपत्यका संस्कृति र सभ्यताको दृष्टिकोणले चरमबिन्दुमा पुगिसकेको देखिन्छ। यसै कालमा उपत्यकाभित्र नेपाली छानेशैलीको वास्तुकलाको शुरुआत र विकास भएको थियो भने यसै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समयमा बौद्ध विहारहरू पनि प्रशस्तै बनेका देखिन्छन् । किनभने यी ठकुजुहरूले यिनै बौद्ध विहारहरूमा बसी आ-आफ्ना इलाका प्रशासन चलाएका थिए । माथि पनि भनिसकिएकै छ यी ठकुजुहरू मूलतः व्यापारी भएको हुनाले यिनीहरूले राजनीति, लडाइँ र झैझगडामा कुनै ध्यान नदिई भारत र तिब्बतसँगको व्यापार बढाए, आ-आफ्नो इलाकाको सीप-शिल्पको उन्नति र विकास गरे, नेपाल उपत्यकालाई सम्पन्न र वैभवशाली बनाए । (४८)

सन् १३८० मा जयस्थिति मल्लको उदय हुनुपूर्व पाटनमा पुस्तैनी अधिकार पाएका महापात्रहरूको शासनकालमा ललितपुरलाई उत्तर विहार, दक्षिण विहार, पिम विहार गरी तीन प्रशासनिक क्षेत्रमा वर्गीकरण गरेको आधारबाट पनि विहारहरूको बाहुल्यता रहेको स्पष्ट हुन्छ । यिनै पुस्तैनी अधिकार प्राप्त महापात्रहरूमध्ये यङ्कुली वर्माले (हालको पाटन दरबार क्षेत्रलाई) मणिगल दरबारको रूपमा विकसित गर्दै यस स्थानमा रहेको विहारलाई अन्यन्त्र सारेको उल्लेख पाइन्छ । (४९)

यस कालमा ललितपुरमा पनि सप्त कुटुम्वज महापात्रहरूको बोलवाला थियो । यी महापात्रहरूको सहयोगबाट नै भक्तपुरका राजा रत्न मल्लले ललितपुरलाई आफ्नो कब्जामा राख्न सफल भएका थिए । यी महापात्रहरूमा तीनवटा समूह थिए । पहिलो समूहमा प्रताप सिंह र अमृत सिंह थिए भने दोस्रो समूहमा कुसुम सिंह र राघव सिंह थिए । तेस्रो समूहमा हर्ष पाल र जगत् पाल थिए । यिनीहरूले आ-आफ्ना विहारमा बसी प्रशासन चलाएका थिए । रत्न मल्लका समकालीन जेष्ठ विहारका महापात्र कुसुम सिंहका छोरा विष्णु सिंह थिए । रत्न मल्लको मृत्युपछि यिनै विष्णु सिंहले ललितपुरमा आफ्नो स्वतन्त्र शासनको घोषणा गरेका थिए । पछि यिनी मारिए । (५०)

पाटनका महापात्रहरूको उल्लेख मध्यकालीन नेपालमा ने.सं.२६२ (वि.सं.११९८) देखि नै भइसकेको देखिन्छ । यिनीहरू उत्तर विहार, दक्षिण विहार र पिंथविहारमा बसी शासन चलाउँदथे । त्यसैले यी तीनवटा विहारलाई त्रिभय विहार भनियो । यी महापात्रहरू जम्मा सात खलक भएको हुनाले यिनीहरूलाई 'सप्तकुटुम्वज महापात्र' भनिन्थ्यो । ने.सं.२६४ देखि यिनीहरूलाई 'सप्तकुटुम्वज' भन्न थालेको देखिन्छ । केन्द्र (भक्तपुर) मा जयस्थिति मल्ल र यक्ष मल्ल जस्ता शक्तिशाली राजाहरूको समयमा पनि पाटनमा यिनीहरूकै हालीमुहाली थियो । (५१)

वागमती उपत्यकाको सभ्यताको इतिहासमा ठकुजुकालको ठूलो महत्त्व र भूमिका छ । काठमाडौंमा रत्न मल्लले यी ठकुजुहरूलाई दमन नगरेसम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यिनीहरू नै यहाँ हर्ताकर्ता थिए । पाटनका महापात्रहरू पनि ठकुजुहरू नै थिए । सप्तकुटुम्वज भनी प्रख्यात भएका यी महापात्रहरूको शक्तिका तीनवटा केन्द्र थिए– दक्षिण विहार अर्थात् पाटनको मङ्गलबजारको दक्षिणतर्फको विहार, जुन विहारलाई हाल इःवाहवही भनि भनिन्छ, उत्तर विहार जुन हाल हिरण्य वर्ण महाविहार भनि प्रसिद्ध छ र पिंथ विहार अर्थात् पिमवहाल थिए । दक्षिण विहार इःवाहवही अर्थात् राजश्री महाविहार निर्माण गर्ने पाँचजना महापात्रहरूमध्ये प्रधान महापात्र राजसिंह मल्लदेव भएको हुनाले उनैको नामबाट यसलाई राजश्री महाविहार भनियो । ने.सं.५४७ मा यो विहारको निर्माण भएदेखि नै यसलाई राजश्री विहार भन्न थालेको पाइन्छ । त्यस विहारको निर्माणमा प्रधान महापात्र राजसिंह मल्लदेवको अलावा अन्य महापात्रहरू उदयसिंह मल्ल, जय धर्मसिंह मल्ल, रुद्र सिंह र जय भीम मल्लको पनि योगदान रहेको थियो भन्ने कुरा त्यसै विहारभित्र रहेको ने.सं.५४७ को ताम्रपत्रले पुष्टि गर्दछ । (५२)

उत्तरी विहार अर्थात् हालको हिरण्य महाविहारको अस्तित्व र त्यहाँका महापात्र जयसिंह मल्लको भक्तपुरका राजा अरि मल्लको समयमा ने.सं.४५७ मा लेखिएको 'महीरावणवध' नाटकको पुष्पिकामा उक्त ग्रन्थ लेखाउने भनी महापात्र जयसिंह मल्लको नाम उल्लेख छ ।

ने.सं. ४७० मा पिंथविहार अर्थात् पिंवहाल (चैत्य) ध्वस्त भयो । समसुद्दीनले उक्त विहार (चैत्य) ध्वस्त गरिदिएको हुनाले पिंथविहार वा पिंवहालकै महापात्र मेघपाल वर्माले ने.सं.४७७ मा उक्त चैत्यको जीर्णोद्धार गरिदिएको कुरा त्यहीँ रहेको एक शिलालेखबाट थाहा पाइएको छ । त्यसबखत पाटनका यी तीनवटा विहार नै प्रशासनका केन्द्र थिए र यी विहारबाट महापात्रहरूले प्रशासन चलाउँदथे । यी महापात्रहरूले केन्द्र (भक्तपुर) को प्रतिनिधि भई शासन चलाउँदथे र केन्द्रलाई चाहेको बखत सैन्य र आर्थिक सहयोग पनि गर्दथे । जयस्थिति मल्लको समयमा शुरुमा पाटनका यी ठकुजुहरूसँग उनको राम्रो सम्बन्ध भए पनि पछि भक्तपुर-पाटनबीच ने.सं.४९२ मा युद्ध भयो । उक्त युद्धमा यी महापात्रको हार भयो । तर कमजोर भए तापनि पाटनमा यिनीहरूकै बोलवाला रहिरह्यो । राजा यक्ष मल्ल धेरै महत्त्वाकाङ्क्षी थिए । यिनले पाटन र अन्य क्षेत्रका सामन्त महापात्रहरूलाई कजाउने र आफ्नो मातहतमा राख्ने प्रयत्न गरे । यिनले नुवाकोट, फर्पिङ, साँखु आदिका महापात्र सामन्तहरूलाई नियन्त्रणमा राखे तापनि पाटनका महापात्रहरूसँग भने राम्रो सम्बन्ध कायम राखे । ने.सं.५७३ मा यक्ष मल्लका छोरा राय मल्ल विरामी पर्दा तुलापुरुष दान गरेको अवसर पारी दक्षिण विहार अन्तर्गतको यथो विहारले चार अङ्कको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाभारत नाटक र ज्याथ वहालले दुई अङ्कको पशुपति पुराण नाटक देखाएका थिए। (५३)

रत्न मल्लको उदयपछि पाटनका यी महापात्रहरू पनि उनको शासनलाई स्वीकार गरी शान्तसाथ बसेको देखिन्छ। ने.सं.६४० मा रत्न मल्लको मृत्यु भयो। उनका उत्तराधिकारीहरू कमजोर भएको अवस्था पारी पाटनका महापात्र विष्णु सिंहले आफूलाई पाटनका सबभन्दा पहिलो स्वतन्त्र राजा भनी घोषणा गरे। यिनले पाटनको जेष्ठ विहार (ज्याःवहावही) मा बसी शासन चलाएका थिए।

पाटनका यी ठकुजुहरूले पनि तिब्बत र भारतसँग व्यापार गरी काठमाडौंका ठकुजुहरूले झैं धन कमाएका थिए। यही धनले यिनीहरू पनि शक्तिशाली हुन पुगे। यिनीहरू हिन्दू र बौद्ध दुवै धर्ममा आस्था राख्दथे। यी ठकुजुहरूको प्रतिनिधित्व गर्दै न्हुवाःका मल्लहरू पाटनमा बर्सेनि मनाइने 'इतिल्हने सम्यक्'मा उपस्थित हुने गर्थे भने आजसम्म पनि न्हुवाः का मल्लहरू यी ठकुजुहरूको प्रतिनिधित्व गरी उक्त सम्यकमा उपस्थित हुने गर्दछन्।

पाटनमा विष्णु सिंहले स्वतन्त्र राज्य खडा गरी आफ्नो मृत्यु नहुन्जेल राज्य गरे। उनको मृत्यु ने.सं.६७७ (वि.सं.१६१३) को मङ्सिर र ने.सं.६७८ (वि.सं.१६१४) को चैत्र महिनाभित्र भएको देखिन्छ। विष्णु सिंहको मृत्युपछि उनका छोरा नरसिंहदेव राजा भए। नरसिंह देवको मृत्युपछि उनका भाइ पुरन्दर सिंह देव ने.सं.६८० (वि.सं.१६१६) मा राजा भए। कान्तिपुरका राजा शिव सिंह मल्लले आफ्नो राज्य विस्तार गर्ने र वरपरका सामन्तहरूलाई अधीनस्थ राख्ने अभियान चलाए। सोही अभियानमा उनले पाटनमा स्वतन्त्र राजा भई शासन गरिरहेका महापात्र पुरन्दर सिंहलाई पनि दबाउन सफल भए। (५४)

ने.सं.५४७ (वि.सं.१४८३) देखि ने.सं.६७७ (वि.सं.१६१३) अर्थात् करिब १ सय ३० वर्षसम्म पाटनमा आ-आफ्ना विहारहरूमा बसी यी सप्तकुटुम्व महापात्रहरूले राज्य गरेको देखिन्छ। केन्द्र भक्तपुरमा जयस्थिति मल्ल, यक्ष मल्ल र रत्न मल्लहरूले राज्य गरिरहे तापनि पाटनमा यिनीहरू नै सर्वेसर्वा थिए। काठमाडौका ठकुजुहरूले करिब ३ सय वर्षसम्म राज्य गरे तापनि पाटनका यी महापात्रहरूले भने काठमाडौं उपत्यका गोरखा राज्यमा नगाभेसम्म यहाँ महत्त्वपूर्ण राजनैतिक भूमिका भने खेलि नै रहेका थिए। (५५)

वागमती सभ्यताको इतिहासमा पाटनका यी महापात्रहरूको खासै धेरै देन भने देखिँदैन। विष्णु सिंहले पाटनको भृगारेश्वर महादेवको मन्दिर जीर्णोद्धार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नुकासाथै उक्त मन्दिरलाई भव्य बनाएका थिए। उनको राज्यकालमा 'उषा हरण' नामक नाटक लेखेका थिए। उनले मनुस्मृतिको ढाँचामा 'नारद संहिता' नामक धर्मग्रन्थ पनि लेखाएका थिए। उनीपछि उनका छोरा नरसिंहदेवले ने.सं.६९६ मा गजेन्द्र मोक्ष नारायण मन्दिरको निर्माण गरे। उक्त मन्दिरभित्र प्राप्त अभिलेखमा देवल बनाउने शिल्पकार 'लुगुडु भारो' को नाम पनि उल्लेख गरिएको छ, जुन कुरा उपत्यकाभित्रका अभिलेखहरूमा विरलै पाइन्छ। यिनैको समयमा ने.सं.६९८ मा विष्णुदास नामक व्यक्तिले १८ पर्व भएको 'महाभारत' ग्रन्थ लेखेका थिए। यिनका भाइ पुरन्दरसिंहले दाजु नरसिंहदेवको मृत्युपछि उनको सम्झनामा ने.सं.७१० मा पाटन, मङ्गलबजारमा शिखर शैलीमा एउटा नरसिंह मन्दिर बनाएका थिए। पुरन्दरसिंहले मङ्गलबजारको कार्तिक डबलीको पछाडि पर्ने चार नारायणको मन्दिर ने.सं..६८६ मा बनाएका थिए। यस मन्दिरभित्र उनले चतुर्व्यूह विष्णु स्थापना गरेका थिए। यिनैले पाटन दरबारको भण्डारखाल बगैँचाभित्र ने.सं.७०९ मा दुमाजुदेवी स्थापना गरेका थिए। लक्ष्मीलाई तान्त्रिक विधि-विधानअनुसार दुमाजुको रूपमा पूजाआजा गर्ने चलन छ। दुमाजु वास्तवमा देवी लक्ष्मी हुन्। लक्ष्मीको स्थापना गरी पूजाआजा गर्ने चलन वागमती उपत्यकाभित्र लिच्छविकालदेखि नै थियो। दुमाजुको कुनै मूर्ति हुँदैन र यसलाई शिलाको रूपमा पुज्ने गरिन्छ। काठमाडौँ, भक्तपुर र पाटन तीनै शहरमा दुमाजुका मन्दिरहरू प्राचीन दरबार परिसरभित्र छन्। (५६)

पुरन्दर सिंहको राज्यकालमा लेखिएका दुईवटा हस्तलिखित ग्रन्थहरू प्राप्त भएका छन्। ती हुन् : ने.सं.७१० (वि.सं.१६४६) को 'तुलापुरुष महादान ग्रह मखमण्डल पद्धति टीका' र ने.सं.७१७ 'सप्तसती'। चित्रकलाको क्षेत्रमा ने.सं. ६८५ को अभिलेखसहितको स्वयम्भूसम्बन्धी पौभाचित्र, जुन चित्र हाल अमेरिका पुगिसकेको छ र उक्त पौभाचित्र पाटनको यम्पी महाविहार इवहीको थियो। उक्त पौभाचित्रको वर्णन मेरी स्लसरले आफ्नो पुस्तकमा गरेको पाइन्छ।(५७) स्वयम्भूको जीर्णोद्धारसम्बन्धी घटनालाई आधार मानी चित्रित गरिएको उक्त पौभाचित्रमा नरसिंह देव, पुरन्दर सिह देव र उद्धव सिंह देव (ने.सं. ६८५) तीनैजना महापात्रहरूको नाम उल्लेख गरिएको छ।

पाटनका यी महापात्रहरूले नेपाल भाषा र साहित्यमा पनि धेरै योगदानहरू दिएको कुरा माथि उल्लेखित विभिन्न ग्रन्थहरूबाट थाहा पाइन्छ। यसैकालमा पाटनमा नेपाल भाषाको काव्यको विकासमा पनि निकै उन्नति भएको देखिन्छ। 'इन्द्र विजय जात्रा गीत' भनी पछि नामकरण गरिएका तीनवटा गीत नेपाल भाषाको तिथिमिति उल्लेख भएको सबैभन्दा प्राचीन गीत हो। ने.सं.६९१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजनैतिक घटनालाई विषयवस्तु बनाई लेखिएको उक्त गीतको अन्तमा 'त्रिभय' उल्लेख गरिएको हुनाले यो नरसिंह देव, पुरन्दरसिंह देव र उद्धवसिंह देवलाई नै भनिएको भनेर अड्कल गर्न सकिन्छ। अर्को गीत ने.सं.६९२ को हो। तेस्रोचाहिँ ने.सं.६९४ को हो। यी गीतहरूमा तत्कालीन राजनीतिक घटनाहरूको उल्लेख हुनुका साथै इन्द्रजात्राको पनि वर्णन गरिएको छ। (५८)

यसरी नेपाल उपत्यकाभित्र काठमाडौंका ठकुजुहरू, पाटनका महापात्रहरू, नुवाकोटी वैश्य ठकुरीहरू, दोलखाका सामन्तहरू आदि इत्यादिले मध्यकालीन नेपालको पूर्वार्द्धमा शासनको बागडोर आ-आफ्नो हातमा राखेका थिए। यिनीहरू सबैको मूल उद्देश्य आ-आफ्नो क्षेत्रमा शान्ति सुव्यवस्था कायम गरी व्यापारमा वृद्धि गर्नु र आफूहरू सम्पन्न बन्नु नै थियो।

यस कालमा वागमती सभ्यताको लागि सबैभन्दा चिरस्थायी र महत्त्वपूर्ण देन भनेको नेपाल संवत्को शुरुवात नै हो। साथै नेवाः समुदायको 'म्हःपूजा' गरी सगुन खाने चलनको अर्थ, बौद्ध मार्गीहरूको दिपङ्कर तथागतको नेपाल आगमनलाई सम्झने 'सम्यक पर्व' को उद्देश्य, कीर्तिपुर, भक्तपुर लगायतका शहरहरूको स्थापना र विस्तार, अग्निमथ शङ्कराचार्यको आगमन र उपत्यकाभित्र शैव धर्मको जगजगी तथा पशुपतिमा तान्त्रिक मतको प्रभाव एवम् हिन्दू मन्दिरहरू, बौद्ध विहारहरूको स्थापना भई इतिहासको शुरुआतदेखि चलिआएको धार्मिक सहिष्णुता कायम रहनुको अभिप्राय देशमा शान्ति-सुरक्षा हुनु नै हो। यसको अतिरिक्त यस कालमा विभिन्न सांस्कृतिक एवं धार्मिक जात्रा, पर्वहरू पनि थपिएको देखिन्छ। तिनीहरूबारे पछिका अध्यायहरूमा पनि वर्णन गरिने छ।

सन्दर्भ सामग्रीहरू

(१) नेपाल समाचार पत्र, २०६५ साल, कार्त्तिक १० गते, पेज १ (शंखधर साख्वालाई राष्ट्रिय विभूति घोषणा गरेपछि नेपाल संवत्को सूत्रपातको श्रेय उनैलाई दिने गरेको छ।)

(२) धौभडेल, ओमप्रसाद, २०५९, 'नेपाल संवत्को ऐतिहासिक तथा सांस्कृतिक महत्त्व', नेपाल समाचारपत्र, कार्तिक १९ गते मङ्गलबार, पेज ७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३) सुभासराम, नेपाल संवत् ११२३, 'ओफ्केलमा परेको जीवित संवत्' नयाँ वर्ष विशेष, नेपाल समाचारपत्र, कार्त्तिक १९ गते मङ्गलबार ।

(४) Kirkpatrick Colonel, 1811, **An Account of the Kingdom of Nepaul,** London, pp 262.

(५) (क) भाषा वंशावली, २०२०, भाग १, पेज ८०-८१, ।

(ख) Wright Daniel, ed, 1966, **History of Nepals,** Caulcutta, Third Edition, pp 107.

(६) Veradi, Giovanni, 1992, **Excavations at Harigaon : Kathmandu, Roma**, pp 46_.

(७) मानन्धर, ठाकुरलाल, भाजु निबन्ध (नेपाल भाषा), गिरिधरलाल मानन्धर, यं, ने.सं.११०४ (वि.सं.२०४०), पेज ७८-८० ।

(८) अमात्य, साफल्य, २०५३, काठमाडौं नगरायण, पेज ५२-५३ ।

(९) Vajracharya, Dhanavajra, Malla, Kamal P., **The Gopal Rajavamsavali,** 1985, Page 79.

(१०) भाषा वंशावली, २०२३, भाग २, पेज २२-२४ ।

(११) Wright Daniel, No. 7 -v_, pp103–105 .

(१२) मुनकर्मी, लीलाभक्त, २०४१, नेपालको सांस्कृतिक र ऐतिहासिक दिग्दर्शन, श्रीमती भवानीकेशरी मुनकर्मी, भक्तपुर, पेज १००-१०१ ।

(१३) वन्त प्रधान, रुक्मिणी, April 1995, विक्रमशिल महाविहारको ऐतिहासिक महत्त्व, Countributions to Nepalese Studies, Vol 12, No. 2, Page 103-115.

(१४) शाक्य, हेमराज, २०४८ 'इल्हने सम्यक् इतिहास व थ्वया ज्याङ्व', ललितपुर ।

(१५) Amatya, Shaphalya, 2014, **Cultural Torisum in Nepal,** pp 84–89.

(१६) Amatya, Shaphalya, 2014,Historicity of Tarini Bahal of Tana Dewal, **The Rising Nepal**, July, 18.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१७) वज्राचार्य, धनवज्र, १९८०, 'मध्यकालीन नेपालका एक प्रख्यात राजा शिवदेव', Contributions to Nepalese Studies, vol. viii, No.1 Dec, pp 207–222.

(१८) Kolver Bernhard and Shakya Hemraj, 1985, Documents from the Rudravarna Mahavihar, Patan, VGH Wissenschaftsverlag, Sankt. Augustan, pp14.

(१९) शाक्य, हेमराज, वि.सं.२०५१, 'शिवदेव संस्कारित रुद्रवर्ण महाविहार: छगु अध्ययन', उकुवहाः यल, पेज २८–२९)

(२०) Ibid

(२१) डानियल राइटले सम्पादन गरेको पण्डित गुणानन्दको वंशावलीमा आनन्द मल्लले बनेपा, पनौती, नाला, धुलिखेल, खडपु, चौकोट र साँगा – यी सात गाउँमा पनि बस्ती बसाले भन्ने श्रेय दिइएको छ। (Wright Daniel No. 7 (ख), Page 110)

(२२) गोपालराज वंशावली, नं. ११, पेज ८०, ८१ र १२८

(२३) टण्डन, गोविन्द, १९९६, 'पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन', पेज १३७, २०६ र २२४–२२५

(२४) गोपालराज वंशावली, नं. ११, पेज १२८

(२५) मुनकर्मी, लीलाभक्त, नं.१४, पेज १११–११२

(२६) क) संस्कृत सन्देश, वर्ष १, संयुक्ताङ्क १०, ११, १२, पेज ८१
ख) रेग्मी, जगदीशचन्द्र, २०५१, काठमाडौं शहर : सांस्कृतिक अध्ययन, भाग १, काठमाडौँ, पेज २८–४९
ग) श्रेष्ठ, देवीचन्द्र, २०५९, रत्न मल्ल र उनको समकालीन नेपाल मण्डल, आर्थिक नेपाल, काठमाडौं, पेज ३२–३७

(२७) आचार्य, बाबुराम, २०५४, नेपालको सांस्कृतिक परम्परा, श्रीकृष्ण आचार्य, काठमाडौं, पेज ४५

(२८) Amatya, Shaphalya, 18 July, 2014 Friday, Historicity of Tarini Bahal or Tana Dewal, **The Rising Nepal,**

(२९) (क) अमात्य, साफल्य, २०४५, संस्कृति र संरक्षण, माधुरी अमात्य, काठमाडौं, पेज ९६–९९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ख) रेग्मी, जगदीश चन्द्र, नं.२८ ख, पेज ३६-३७

(३०) (क) Locke John K., 1985, **Buddhist Monasteries of Nepal**, Sahayogi Press Pvt. Ltd, Tripureswor, Kathmandu, Page 412

(ख) यस विहारको भण्डारमा रहेका करिब ६० भन्दा बढी ताडपत्रहरूबाट कान्तिपुरका ठकुजुहरूबारे धेरै कुराहरू थाहा पाउन सकिन्छ। (वन्त प्रधान, रूक्मिणी, नं.१५, पेज ११०)

(३१) Vajracharya, Dhanavajra, Malla, Kamal P., No. 11, Page 89 (Folio 33)

(३२) Amatya, Shaphalya, 20 April, 2012 Friday, Story of Gurumapa and Antiquity of Itumbahal, **The Rising Nepal,**

(३३) रेग्मी, जगदीशचन्द्र, नम्बर २६ ख, पेज ३१-४९

(३४) रेग्मी, जगदीशचन्द्र, नम्बर २६ ख, पेज ८१-८४

(३५) आचार्य, बाबुराम, नम्बर २७, पेज ९०

(३६) Locke John K., No.30 (क), Page 327

(३७) मानन्धर, ठाकुरलाल, नम्बर ७

(३८) जोशी, सत्यमोहन, २०१९, नेपाली राष्ट्रिय मुद्रा, जगदम्बा प्रकाशन, ललितपुर पेज ६३-६४

(३९) Vajracharya, Dhanavajra, Malla, Kamal P., No.9, Page 79-81, Folio 23, 24, 25

(४०) अमात्य, साफल्य, २०६२, नेपाल-मण्डल काठमाडौं उपत्यकाका धार्मिक नाचहरू, चकदवु त्रिपुरेश्वर, काठमाडौं

(४१) मानन्धर, ठाकुरलाल, नम्बर ७, पेज १३४-१३५

(४२) मानन्धर, जीतबहादुर, २०६०, मेरा केही सांस्कृतिक निबन्धहरू, श्रीमती तारादेवी मानन्धर, लायकुशाल, काठमाडौं, पेज ५६-६५

(४३) अमात्य, साफल्य, २०६८, पुरातत्त्व, इतिहास र संस्कृति, भृकुटी एकाडेमी पब्लिकेशन, काठमाडौं, पेज २१४

(४४) रेग्मी, जगदीश चन्द्र, नम्बर २६ ख, पेज २९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४५) Slusser, Marry, Sepherd, Nepal Mandala : **A Cultural Study of the Kathmandu Vally**, Vol. 1, Princeton, Newjersey, 1982, Page 381-386

(४६) Ibid

(४७) वज्राचार्य, धनवज्र, २०२७, नेपालको मध्यकालीन कला, श्री ५ को सरकार, सूचना तथा प्रसार मन्त्रालय, सूचना विभाग, काठमाडौं पेज १४७

(४८) क) रेग्मी, जगदीशचन्द्र, नम्बर २४ ख, पेज ४१-५१
ख) अमात्य, साफल्य, नम्बर ८, पेज १२३-१२७

(४९) बुङ्गमती स्थित प्रथमपुर महाविहारको अभिलेखीय विवरणबाट

(५०) श्रेष्ठ, देविचन्द्र, नं.२४ ग, पेज ६४-७०

(५१) शाक्य, रवि, ने.सं.११२८, यल या महापात्र जुजु पिनि इतिहास, न्हूहिसु पुचः, तापाहिटि, यल, पेज ६६

(५२) शाक्य,रवि नं.५१,पेज १५-१६

(५३) शाक्य, रवि, नं.५१, पेज २२

(५४) शाक्य, रवि, नं.५१, पेज ६३

(५५) शाक्य रवी, नं.५१, पेज २८

(५६) शाक्य, रवि, नं.५१, पेज ५१-५२

(५७) Mary Shepherd Slusser, **Art and Culture of Nepal : Selected Papres,** Mandala Publications, Kathmandu 2005, Page 292-298

(५८) शाक्य, रवि, नं.५१, पेज ६९-६२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सातौं अध्याय

अरि मल्लदेखि यक्ष मल्लको समयसम्म वागमती सभ्यताको रूपरेखा

(सन् १२१० देखि सन् १३६०)

अरिमल्लको उदयपछि नेपालको इतिहासले बेग्लै मोड लिएको देखिन्छ। उनका पुर्खाबारे अहिलेसम्म कुनै जानकारी प्राप्त हुनभने सकेको छैन। उनले कसरी नेपाल-मण्डलको शासन आफ्नो हातमा पारे भन्ने कुरा पनि अझै अनिर्णित छ। उनीभन्दा पहिले देव र कामदेव नामधारी राजाहरूले यस उपत्यकाभित्र करिब २ सय वर्ष राज्य भोग गरेका थिए। यी देव र कामदेव नामधारी राजाहरू नामकै मात्र राजा थिए। यिनीहरू केन्द्र (भक्तपुर) मा बस्दथे। काठमाडौं र पाटनमा भने ठकुजुहरू र महापात्र सामन्तहरूको रजाइँ थियो। यी ठकुजु र महापात्रहरूबारे अघिल्लो अध्यायमा वर्णन गरिसकिएको छ। ती राज्यहरूको अवशेषको रूपमा अझै पनि केही प्रमाणहरू बाँकी नै छन्। ठकु, जुजु भनी अझै यी ठकुरी राजाका सन्तानहरूलाई उपत्यकाको धार्मिक तथा सांस्कृतिक गतिविधिहरूमा संलग्न गराउने चलन छ। यस्ता परिवारमध्ये हालसम्म पनि ठमेलका प्रधानहरू, ओटुटोलका प्रधानहरू र भीमसेस्थान कोहिटीका मल्ल, प्रधानहरूले अझै पनि आ-आफ्नो किसिमबाट धार्मिक तथा सांस्कृतिक भूमिका खेल्दै आएका छन्। (१) अरि मल्लले यी सामन्त वैश्य ठकुरीहरूलाई कजाई सन् १२०० मा उपत्यकाभित्र आफ्नो कब्जा जमाएका थिए। (२)

अरि मल्लको शासनकालमा यिनको दरबारमा देश-विदेशका पण्डित विद्वान्हरूले आश्रय पाएका थिए। शैव, शाक्त आदि तन्त्रको रहस्य र अनेक शास्त्र जान्ने शैव आचार्य श्री विमल प्रवोदले यिनको राज्याभिशेष गराएका थिए। चमत्कारपुरबाट आएका गुजराती पण्डित आचार्य हरिहर पनि यिनको आश्रयमा थिए। (३)

अरिमल्लपछि उनका छोरा अभय मल्ल सन् १२१६ मा राजा भए। यिनी विद्वान् हुनुका साथै कला र विद्याका पुजारी थिए। यिनको राज्यकालमा तिब्बत र चीनसँग राम्रो सम्बन्ध थियो। यिनले तिब्बत र चीनमा सांस्कृतिक शिष्टमण्डल पनि पठाएका थिए। (४) तर उनको समयमा अनिकाल, दुर्भिक्ष,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूकम्प आदि दैविक प्रकोप आइपरेका थिए। राजा अभय मल्ल पनि नेपाल संवत् ३७५ असार शुल्क ३ सोमबार आएको ठूलो भूकम्पमा परि मरे। यसरी देशमा आएको प्राकृतिक प्रकोपहरूले गर्दा धेरै मात्रामा जनधनको नोक्सानी हुनु स्वाभाविकै थियो। साथै यिनलाई वरपरका सामन्तहरूले पनि बेलाबेलामा हमला गरी दुःख दिइरहेका थिए। (५) यसरी देशभित्र आक्रमण र प्राकृतिक प्रकोपहरू भइहे तापनि नेपाल उपत्यका बौद्ध धर्मको केन्द्रको रूपमा रहि नै रहेको थियो। यसै समयमा तिब्बतका प्रसिद्ध धर्मगुरु धर्मस्वामी दुईपटक नेपाल आएका थिए। उनी नेपालमा सन् १२२६ देखि १२३४ सम्म ८ वर्ष बसी स्वयम्भूका बौद्ध विद्वान् गुरु रत्न रक्षितसँग वज्रयानमा दीक्षा लिएका थिए। उनले केही समय थाम विहारमा पनि बिताएको देखिन्छ। उनी नेपालको बाटो गरी बोधगया, राजगृह र नालन्दा पुगी तिरहुतको बाटो फर्केका थिए। उनले आफ्नो भ्रमण वृत्तान्तमा त्यस बखत्को नेपालको राजनैतिक र सामाजिक अवस्थाबारे विवरण लेख्नुका साथै बुङ्गम लोकेश्वर (रातो मच्छिन्द्रनाथ) को जात्राबारे पनि वर्णन गरेका छन्। (६)

अभय मल्लपछि उनका छोरा जयभीमदेव राजा भए। यिनी चीनका मङ्गोल सम्राट कुबला खाँका समकालीन थिए। सन् १२६० मा सम्राट कुबला खाँले तिब्बतका धर्मगुरु फागस्पा र उनको विहार श-शाक्य (शाक्यपा) लाई निकै धनदौलत उपहार स्वरूप प्रदान गरेका थिए। यसै धनबाट फागस्पाले श-शाक्य विहारलाई सजाउन काठमाडौं उपत्यकाबाट ८० जवान कलाकारहरूको दललाई निमन्त्रणा गरेका थिए। फागस्पाको अनुरोधमा राजा जयभीमदेवले फागस्पाकै रोजाइअनुसार कलाकारहरू तिब्बत पठाएका थिए। त्यससमय मै नेपाली कलाकारहरूले तिब्बतमा आफ्नो सीप र शिल्पबाट धेरै नाम कमाइसकेका थिए। ती कलाकारको नाइकेको रूपमा १७ वर्षीय जवान कलाकार अनिको (अरनिको) सन् १२६१ मा तिब्बतको श-शाक्य गुम्बामा पुगेका थिए। त्यहाँ अरनिकोले सुनको छाना राखी सुनैको एउटा प्यागोडा मन्दिर बनाएका थिए। उनले श-शाक्य गुम्बा सजाउने काम २ वर्षभित्र अर्थात् सन् १२६१ र १२६२ मा नै पूरा गरेर देखाइदिएका थिए। अरनिकोको कला-पौरख देखेर फागस्पा मुग्ध भएका थिए र उनले अरनिकोलाई चीनमा लैजाने निधो गरे। सन् १२६७ मा तातु (Tai-tu) अर्थात् हालको बेइजिङमा कुबला खाँले युयान वंश स्थापना गरी एउटा नयाँ राजधानीको शिलान्यास गरेका थिए। त्यसको केही वर्षपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नै अरनिको तातुमा पुगेका थिए । सम्राट कुबला खाँले आफ्ना सम्पूर्ण जनतामा नयाँ राजधानीलाई चक्रवर्ती राजा बस्न लायक बनाउन आदेश दिएका थिए ।

नेपाली कलालाई तिब्बत र चीनमा फैलाउने काममा तिब्बती धर्मगुरु फागस्पाको ठूलो योगदान छ । उनले नै अरनिकोको सीप र योग्यताको कदर गरी उनलाई चीनको मङ्गोल सम्राट कुबला खाँको दरबारमा पुऱ्याएका थिए । अरनिकोले सन् १२७१ मा चीनको राजधानी दादु (तातु) को फुचेनमेनको पर्खालभित्र निर्माण गरेको मिआओचिङ मन्दिर (Miaoying Temple) को हाताभित्रको सेतो गुम्बा नै आज नेपाल र चीनका जनताबीचको सम्बन्ध र मित्रताको प्रतीक हुन पुगेको छ । चीनको कला र संस्कृतिको विकासमा अरनिकोले जुन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए, त्यसका लागि चिनियाँ जनता उनलाई सधैँ सम्झने र तारिफ गर्ने गर्दछन् । (७)

बाल्यकालदेखि नै अरनिको अत्यन्तै प्रतिभाशाली थिए । सानै उमेरमा उनी मूर्तिकलाका सबै विधाहरूमा पारङ्गत भइसकेका थिए । उनी चीनमा परम्परादेखि चलिआएको कपडा बुन्ने कला, रेशममा कारिगरी गर्ने कला, कारचोपी भर्ने कला, किनखाप बनाउने कला र पौभाचित्र कलामा पनि निपुण थिए । अरनिकोले युयान वंशकै दुई राजधानीहरू साङतु (हालको तोलुन) र तातु (हालको बेइजिङ) मा आफ्ना धेरै कृतिहरू राख्न सफल भएका थिए । तातुमा उनले ताहुकोजेन वाङ्सु (Ta-Hu-Kuo-Jen-Wang ssu) मन्दिर र त्यसको ठूलो खुल्ला चौरमा एउटा मञ्च र साङतुमा एउटा मन्दिर तथा चोचुमा एउटा पुरानो मन्दिर बनाएका थिए । युयान दरबारले उनलाई सन् १२७४ मा धातुकलासम्बन्धी सबै काम हेर्ने महानिर्देशक नियुक्त गरे र सन् १२७८ मा राजदरबारका सम्पूर्ण निर्माण कार्यहरूको नियन्त्रक बनाए । सन् १२ ९९ मा उनलाई बेतु (Bei-tu) को मन्दिरको लागि १९९ मूर्तिहरू र ६४ वटा पौभाचित्रहरू बनाउने जिम्मा लगाइयो । सन् १३०४ मा Sanquing Dian (साकी दान) को मन्दिरको लागि मूर्तिहरू बनाउने र केही जीर्ण मूर्तिहरू जीर्णोद्धार गर्ने जिम्मा लगाइयो । ती सबै गरेर १८१ वटा थिए । सन् १३०५ मा उनलाई धातुको अवलोकितेश्वर, अमिताभ र अन्य बुद्धका मूर्तिहरू बनाउने जिम्मा दिइयो । तातुमा फागस्पाको देहान्तपछि उनको अस्थिधातु राखी निर्माण गरिएको स्तूप र तिब्बती भिक्षुहरूको लागि निर्माण गरिएको विहार बनाउनको लागि सन् १२८० देखि १२८६ सम्म अरनिकोले योगदान दिएका थिए । अरनिको चित्रकला,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धातुकला, वस्त्रकला र जीवलेख्या (Potrait) बनाउन माहिर थिए । उनको सीप र कला-पौरखबाट चीनको दरबारमा कलाको एउटा बेग्लै धार जन्मियो। उनीपछि उनका दुई छोरा असङ्गको र अशुला (Asengko/Ashula) तथा चिनियाँ चेला लुइयान (Liuyuan) ले उनको पिँढी थामेका थिए । अरनिकोको कलामा नेवाः कलाका लक्षण तथा गुणहरू पाइन्छन्। अरनिकोको योगदान स्वरूप चीनमा अझै युयान दरबारमा नेवाः कलाको प्रभावका उदाहरणहरू देख्न पाइन्छ । सन् १२९२ को अभिलेख रहेको हानचाउको फेलापेङ (Fei-Lai-Feng) भन्ने ठाउँमा अझै केही नेवाः ढाँचाका कलाका नमुनाहरू छन् । यी कलाकृतिहरू निर्माण गर्नका लागि सम्भवतः याङ्गलेनचेन्सी (Yang-Chen-Chia) नामक एक धनी तिब्बतीले खर्च व्यहोरेका थिए ।

सन् १२९४ मा कुबला खाँको मृत्युपछि अरनिकोले अर्को ठूलो ताइहुई (Taihuai) भन्ने सेतो स्तूप उताई (Wutai) पर्वतको मध्यभागमा पर्ने ठाउँमा सन् १३०१ मा बनाएका थिए । उनले उताई शान (Wutai Shan) मा १२ वर्ष बसी धेरै विहारहरू र धर्मशालाहरू बनाएका थिए । Nangshain shi, Youguo Shi/Puji Shi का प्रसिद्ध गुम्बाहरू यिनैले बनाएका थिए । दोस्रो सेतो स्तूप बनाए वापत् उनलाई प्रशस्त चाँदीका मुद्राहरू दिए र मङ्गोल सरदारकी छोरी पनि विवाह गरिदिए । (८)

अरनिकोको समयमा चीनमा धेरै नेपाली कलाकृतिहरू र नेवा भाषामा लेखिएका धेरै हस्तलिखित ग्रन्थहरू, गाथाचित्रहरू, थान्काहरू भित्रिएका थिए । राजा अनन्त मल्ल (सन् १२७४-१३१०) को समयमा केही नेवाः भाषाका हस्तलिखित ग्रन्थहरू तिब्बत पुगेका थिए। चीनमा यस्ता धेरै थान्काहरू छन् जसले युयान दरबारमा अरनिकोले हुर्काएको शैलीलाई प्रतिबिम्वित गर्दछन्। उनकै समय सन् १२९७ को विघ्नान्तकको धातुको मूर्तिले पनि चीनमा अझै नेपाली कलालाई सम्झाइरहेको छ ।

तिब्बतको gSer.Khang को गुम्बा सजाउने र विस्तार गर्ने आफ्नो इच्छा भने उनले पूरा गर्न सकेनन् । सन् १३०६ मा उनको मृत्यु युयान दरबारमा भयो । gSer.Khang मा उनको इच्छाअनुसारको काम उनका चेलाहरूले केही वर्षपछि पूरा गरे । त्यस गुम्बामा अरनिकोका चेलाहरूले चित्रित गरेका शाक्यमुनि बुद्धका चित्रहरू अझै राम्रा छन् । त्यस गुम्बामा रहेका सबैजसो भित्तेचित्रहरूमा नेपाली कलाको स्पष्ट छाप देखिन्छ । नेपालका प्राकृतिक दृश्यहरू जस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चट्टानहरू, नदीहरू, गल्छीहरू, केराका खामहरू, नागराजहरू, ब्राह्मणहरू, गुफामा तपस्या गरिरहेका काला वर्णका साधु तथा योगीहरू, कृषकहरू, भद्र व्यक्तिहरू तथा स्त्रीहरू, केही वस्त्रहरू, वाद्यवादन तबला र पङ्खाजस्ता वस्तुहरू पनि ती भित्तेचित्रहरूमा देखिन्छन् । वास्तवमा तिब्बतको gSer.Khang गुम्बा परिसरभित्र नेपाली कलाकृतिहरू प्रशस्त छन्, जुन अरनिकोको नेतृत्वमा चीनको युयान दरबारभित्र हुर्केका थिए ।

चीनका धेरै ठाउँहरूमा र खासगरी Yum Chen-mo मन्दिरको बरन्डामा रहेका भित्तेचित्रहरूमा धेरै परम्परागत देवदेवीका चित्रहरू चित्रित छन् । युयान दरबारभित्र अरनिकोले हुर्काएको नेपाली कलाशैलीका धेरै नमुनाहरू देख्न पाइन्छ । (९)

इसाको सातौं शताब्दीमा राजकुमारी भृकुटीले साथै लिएर गएका बौद्ध धर्म, नेपाली संस्कृति र कलालाई विभिन्न समयमा नेपाल उपत्यकाभित्र पसेका चिनियाँ यात्रुहरू जस्तै इस्वी ६३७ मा युयानचाङ्ग, इस्वी ६५७ मा वाङ्गच्वाङ्ग र इस्वी ७५०-७५५ तिर आएका ताउकोफाङ्ग आदिले पनि तिब्बत र चीनका जनतालाई नेपाली संस्कृति र कलासँग परिचित गरिदिएका थिए । अरनिकोले नेपाली कलालाई तिब्बत र चीनभर मात्र होइन मध्य एशियाका अन्य मुलुकहरू जस्तै कोरिया, जापान, इण्डोनेसिया आदिमा समेत फैलाउन सफल भए । तसर्थ चीन र अन्य मुलुकहरू यस कला शैलीलाई अरनिको शैली पनि भन्ने गर्दछन् । अरनिकोले हुर्काएको, बढाएको, फैलाएको नेपाली कला मानव सभ्यताको लागि वागमती सभ्यताको एउटा अनुपम देनमध्ये एक हो । यो नेपाली कलालाई विश्व समक्ष चिनाउने, अन्तर्राष्ट्रियकरण गर्ने जुन पवित्र कार्य अरनिकोले गरे त्यसको लागि नेपाल र नेपाली जनता सधैँ अनुगृहीत रहने छन् । (१०)

एकातिर अनन्त मल्ल र जयभीमदेवको समयमा वागमती सभ्यतालाई अरनिको र उनका साथ गएका कलाकारहरूले तिब्बत, चीन र मध्य एशियाका अन्य मुलुकहरू पुऱ्याई ख्यातिप्राप्त गर्न सफल भएका थिए भने अर्कोतिर यसै समयमा नेपाल उपत्यकाभित्र पश्चिम नेपालका खस राजा जितारी मल्लले तीनपटक आक्रमण, लुटपाट र आगजनी गरी दुःख दिएका थिए । जितारी मल्लका भतिजा रिपु मल्ल पनि उपत्यकाभित्र पसेका थिए । तर यिनी आक्रमणकारी नभई धार्मिक स्थलहरूको दर्शन र तीर्थ गर्न आएका थिए । जितारी मल्लको ध्वंसकारी आक्रमणले वागमती सभ्यतामा खासै केही असर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परेको देखिँदैन । तर यिनले ठाउँ ठाउँमा आगजनी गरी गाउँ घर ध्वस्त गरेको कारणले पछि मल्ल राजाहरूलाई शहरको विस्तार र शहरीकरण गर्न सजिलो भएको हुनुपर्दछ ।

खसहरूले उपत्यकाबाट धेरै धनदौलत लुटेर लगे । उनीहरूले आफ्नो देशलाई सम्पन्न बनाउने कुरा स्वाभाविकै हो । यिनीहरूले यहाँ स्वयम्भू, बौद्धनाथ, पशुपतिनाथ जस्ता ठूलाठूला स्तूप तथा मन्दिर हेरेर गएका थिए । ती स्मारकहरूबाट प्रेरित भई यिनीहरूले आफ्नो राज्यभित्र सुर्खेतमा काँक्रेविहार, उकुको हिन्दू मन्दिर, बैतडीको कुल्लेकोत देवी मन्दिर, देवलघाटको शिव मन्दिर आदि निर्माण गर्न प्रेरणा पाएको हुनु पर्दछ । (११)

खसहरूको आक्रमणपछि पनि नेपाल उपत्यकाभित्र शान्ति भएन । राजगद्दीको लागि विभिन्न परिवार, शक्तिगुटहरू बीच झैझगडा भइनै रहेका थिए । ने.सं.४४६ (वि.सं.१३८२) मा राजा रुद्र मल्लले आफ्नी नाबालिका छोरी नायकदेवीलाई बज्यैहरू पदुमलदेवी र देवलदेवीको हातमा सुम्पी मृत्युवरण गरे ।

सन् १३२६ मा नेपालको पूर्वी तराईको मिथिला प्रदेशमा कर्नाटकी राजा हरिसिंहदेवको समयमा दिल्लीका सुल्तान गयासुद्दीन तुगलकले उनको राजधानी सिमरौनगढमाथि आक्रमण गरेका थिए । उक्त मुस्लिम आक्रमणबाट बच्न राजा हरिसिंहदेव आफ्नो परिवारसहित नेपालको सरहदभित्र पसेका थिए । तर उपत्यकाभित्र पस्न नपाउँदै दोलखा नजिकै तीनपाटन भन्ने ठाउँमा उनको देहावसान भयो । त्यसपछि उनकी रानी देवलदेवी आफ्ना छोरा जगत् सिंहसहित भक्तपुरका राजा रुद्र मल्लको शरणमा बसे । देवलदेवी राजा तुङ्ग मल्ल र पदुमलदेवीकी छोरी हुन् । राजा रुद्र मल्ल उनका दाजु भएका हुनाले भक्तपुरमा उनलाई शरण पाउन सजिलो भयो । (१२)

देवलदेवी सबै राजकीय गुणले सुसम्पन्न भएकी हुनाले राजा रुद्र मल्लकी आमा पदुमलदेवीको सन् १३३२ मा मृत्यु हुनासाथ उनी थुथिनम दरबारभित्र एक शक्तिशाली व्यक्तिको रूपमा देखापरे । रुद्र मल्लले आफ्नी छोरी नायकदेवीको विवाह वनारसबाट डोला झिकाई राजकुमार हरिशचन्द्रसँग गरिदिएका थिए । तर कुमार हरिशचन्द्रको चाँडै मृत्यु भयो । तत्पश्चात् देवलदेवीले विधवा नायकदेवीलाई आफ्ना छोरा कुमार जगत् सिंहसँग विवाह गरिदिए । उक्त विवाहबाट एक छोरी राजकुमारी राजल्लदेवीको जन्म भयो । राजल्लदेवीलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवलदेवीले पछिबाट आफ्नो नजिकको नाता पर्ने जयस्थिति मल्लसँग विवाह गरिदिए। (१३)

रुद्र मल्लको मृत्यु वि.सं.१३८३ मा भयो। त्यसपछि उपत्यकाभित्रको राजनीतिक अवस्था धेरै समयसम्म अराजक स्थितिमा रह्यो। विभिन्न ठाउँका सामन्तहरूले टाउको उठाई एक आपसमा झगडा गरी देशलाई निर्वल पारे। यिनीहरूमध्ये बनेपा, नुवाकोट, फर्पिङ र पाटनका महापात्रहरू मुख्य थिए। यस्तो अवस्थामा देवलदेवीले बडो चातुर्यकासाथ थुथिनम राजगद्दीका एकमात्र हकदार राजल्लदेवीकी अभिभावक भई राज्य गर्न थाले। रुद्र मल्लपछि राजदेव राजा भए। तर शासनको हर्ताकर्ता भने देवलदेवीकै हातमा थियो। यसै समयमा वि.सं.१४०६ मङ्सिर सुदी ९ का दिन समसुद्दीन गयासुद्दिन इलियासको नेतृत्वमा आएका मुसलमान सेनाहरूले भक्तपुरमाथि हमला, लुटपाट र आगजनी गरे। भक्तपुरलाई ध्वस्त पारिसकेपछि यिनीहरूले पशुपति, स्वयम्भू र अन्य देवस्थलहरूलाई पनि ध्वस्त गरी धनमाल लुटी आगजनी गरे। देखेजति भेटेजति हिन्दू, बौद्ध देवदेवीका मूर्तिहरू टुक्राटुक्रा पारी बिगारी दिए। मुसलमानहरूको यो विध्वंशकारी आक्रमणले वागमती सभ्यतामा ठूलो आघात पुग्यो। चौधौं शताब्दीभन्दा अघिका नेपाली कलाकृतिहरू खासगरी काष्ठकला र धातुका सामाग्रीहरूलाई ठूलो मार पऱ्यो। काष्ठका कलाकृतिहरू नष्ट पारे भने धातुका चीजहरूलाई साथै लिएर गए। मन्दिर, स्तूप, विहार आदि धार्मिक केन्द्रहरूमा त्यसबेला कोष चढाउने, अमूल्य वस्तुहरू चढाउने प्रचलन भएको हुनाले ती वस्तु र सम्पत्तिहरू हात लगाउन मुसलमान फौजले मठ-मन्दिर, स्तूप ध्वस्त गरी लुटपाट गरेको देखिन्छ। पशुपति, स्वयम्भू र पिमवहालको प्रसिद्धिको कारण तिनीहरूको पुनर्निर्माण गरी राखिएका शिलालेखहरूबाट पनि ती स्मारकहरूमा आक्रमण, लुटपाट र आगजनी भएको कुरा थाहा पाइन्छ। तर उपत्यकाभित्रका अनगिन्ती मठ-मन्दिर, विहार र स्तूपहरू नष्ट गरिए, लुटपाट र ध्वस्त गरिएका थिए। तिनीहरूबारे धेरै कुरा थाहा हुनसकेको छैन र तिनीहरूको पछि जीर्णोद्धार र पुनर्निर्माण पनि नभई त्यसै नष्ट भएर धेरैजसो सम्पदाहरू बिलाएर गएको हुनसक्छ। यसरी समसुद्दीनको आक्रमणले वागमती सभ्यतामाथि ठूलै घात पर्न गयो। आराध्यदेव श्रीपशुपतिनाथको मूर्तिलाई पनि तीन टुक्रा पारियो। हालको मूर्तिचाहिँ बनेपाका भारदार एवं जयस्थिति मल्ल र उनका छोरा राजा जयधर्म मल्लका मन्त्री जयसिंहराम वर्द्धन र उनका भाइ मदनराम वर्द्धनले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ने.सं.४८० (वि.सं.१४१७) मा स्थापना गरेका हुन् ।(१४) आक्रमणको ११ वर्षपछि वि.सं.१४१७ मा महामन्त्री जयसिंह रामले पशुपतिनाथको मूर्ति स्थापना गरेका थिए । (१५) समसुद्दीनको आक्रमणले ध्वस्त भएको स्वयम्भू स्तूपको जीर्णोद्धार आक्रमणको २३ वर्षपछि ने.सं.४९२ (वि.सं.१४२९) मा कान्तिपुरका एकजना महापात्र राजहर्ष भल्लोकले गराए । यस आक्रमणको सात वर्षपछि ललितपुरको पिमवहालको ठूलो चैत्यको जीर्णोद्धार महापात्र मेघपाल वर्माले गरेका थिए ।

समसुद्दीनको फौजले पशुपतिमा जे जसरी तोडफोड, लुटमार आदि गर्‍यो त्यसरी नै स्वयम्भू महाचैत्यमा पनि गर्‍यो । त्यहाँ रहेको ने.सं.४७० को एउटा शिलालेखमा त्यसको वर्णन गरिएको छ । त्यसरी नै पाटनका प्रसिद्ध पिमवहालको विशाल चैत्यमाथि पनि मुसलमानहरूले आक्रमण गरी ध्वस्त गरेको कुरा त्यहाँ रहेको एउटा शिलालेखमा उल्लेख छ । (१६) ने.सं.४७७ को उक्त शिलापत्रमा मुसलमानहरूको आक्रमणले गर्दा ध्वस्त प्रायः भएको पिमवहाल चैत्यको जीर्णोद्धार गरेको कुरा उल्लेख छ । पाटनका एक भारदार महापात्र मेघपाल वर्मनले चैत्यको जीर्णोद्धार गरी यो शिलापत्र स्थापना गरेको देखिन्छ । (१७)

मुसलमानहरूको ध्वंसात्मक आक्रमणले गर्दा ध्वस्त भएका स्मारकहरूको जीर्णोद्धार एवं पुनर्निमाण गर्न उपत्यकावासीहरूलाई धेरै समय लाग्यो । यस आतङ्ककारी हमलाबाट उम्कन उपत्यकावासीले केही वर्षसम्म धेरै दुःखकष्ट भोग्नु पर्‍यो । यस हमलाले राज्यको आर्थिक अवस्थालाई पनि तहसनहस पारिदियो । तर यस आक्रमणबाट उपत्यकावासीले एउटा पाठ भने सिके, त्यो के भने - राज्य कमजोर भयो भने विदेशीहरूले हमला गर्ने धेरै सम्भावनाहरू रहन्छन्, तसर्थ राज्यलाई एकसूत्रमा बाँधी राज्यको आर्थिक अवस्था बलियो बनाउनु पर्दछ । त्यसपछि उपत्यकाका जनताले राज्यलाई बलियो बनाउनेतर्फ अग्रसरता देखाए । परिणामस्वरूप नेपाल उपत्यकाभित्र जयस्थिति मल्ल र यक्ष मल्लजस्ता सुयोग्य शासकहरूको उदय भयो ।

इतिहासकार लुसियानो पेटेकको भनाइअनुसार मुसलमानहरूको धर्म विरोधी प्रवृत्तिले गर्दा उपत्यकाका प्राचीन वास्तुकलाका प्रतीकहरू इँटा, माटो र काठद्वारा निर्माण गरिएका स्मारकहरूमाथि यति धेरै कुठाराघात भयो कि पन्ध्रौँ शताब्दीभन्दा अघिका कुनै पनि काष्ठकलाका विशिष्ट नमुनाहरूले भरिएका स्मारकहरू बच्न सकेनन् । तर यस विध्वंसकारी हमलापछि मल्ल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालमा गएर (सन् १२७१-१७६९) करिब ५०० वर्षसम्म राज्यले नेपाली कला, वास्तुकला आदिलाई पुनर्जीवन दिन रातदिन मेहनत गरी देशमा पुनर्जागरणको युग नै ल्याई उपत्यकालाई फेरि नयाँ मात्र होइन, अझ विकसित एवं राम्रो रूप दिन सफल भए ।

सिमरौनगढका तिरहुते मैथली राजाहरूसँग उपत्यकाका राजपरिवार हरूको वैवाहिक सम्बन्ध भइरहेको देखिन्छ । माथि पनि उल्लेख गरिसकिएको छ, मुसलमानहरूको आक्रमणबट बच्न तिरहुते राजा हरिसिंहदेव आफ्नो परिवारसहित पूर्व नेपालतिरबाट आउँदै गर्दा बाटैमा दोलखा नजिकै तीनपाटन भन्ने ठाउँमा उनको मृत्यु भयो । हरिसिंहदेवको मृत्युपछि उनकी रानी देवलदेवी र छोरा जगत्सिंह राजा रुद्र मल्लको शरणमा बस्न भक्तपुरको थुथिनम दरबार पुगे । रुद्र मल्लकी आमा पदुमलदेवी र देवलदेवीका बीच आमा छोरीको नाता भएको हुनाले देवलदेवीले आफ्नो माइतीमा शरण नपाउने कुरै भएन । देवलदेवी एक सक्षम, होसियार र साहसी रानी थिइन् । रुद्र मल्लको मृत्युपछि उनी नेपाल उपत्यकाको हर्ताकर्ता नै भइन् । उनले त्यस बखतका केही शक्तिशाली सामन्तहरूलाई हातमा लिई राज्यको बागडोर सजिलैसँग आफ्नो कब्जामा राखेकी थिइन् । उनी आफैँले पनि आफ्ना विरोधी र वागी सामन्तहरूलाई कजाउन सेनाको नेतृत्व गरेकी थिइन् । राजमाता पदुमलदेवीको मृत्युपछि उनी नेपाल-मण्डलभित्र सर्वेसर्वा नै भइन् । उनले आफ्नो छोरा जगत् सिंहको विवाह रुद्र मल्लकी छोरी एवं गद्दीको एकमात्र हकदार नायकदेवीसँग गरिदिए । (१८) यसै विवाहबाट राजलदेवीको जन्म भयो । आठ वर्षमा पुगेकी सानी केटीलाई देवलदेवीले आफ्नो टाढाको नाता पर्ने कुमार जयस्थिति मल्लसँग विवाह गरिदिए ।

यसरी नेपाल-मण्डलभित्र पदुमलदेवी र देवलदेवीले तिरहुतेहरूको प्रभाव बढाए । देवलदेवीले आफ्नो कुलदेवता तुलजा भवानीको यन्त्रसँगै ल्याएकी थिइन् र भक्तपुरको थुथनिमम् दरबारभित्र सर्वप्रथम तुलजा भवानीको स्थापना गरिन् । तुलजा भवानीलाई सिमरौनगढबाट नेपाल-मण्डलभित्र ल्याएको कुरालाई सिमरौनगढ र उपत्यकाको बाटोमा पर्ने विभिन्न ठाउँहरू जस्तै टिस्टुङ्ग, पनौती आदि ठाउँको बाटो गरी उपत्यकाभित्र आउँदा यी ठाउँहरूमा तलेजुलाई बास बसाई ल्याएको हुनाले यी ठाउँहरूमा पनि तलेजु घर (मन्दिर) बनेका थिए । ती सबै अझै विद्यमान छन् । (१९) कर्णाटकीहरूकी कुलदेवी भए तापनि तुलजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भवानीलाई जयस्थिति मल्ल र पछिका मल्ल राजाहरूले आफ्नो कुलदेवीकै मान्यता प्रदान गरे ।

नेपालका मल्ल राजाहरू तुलजा भवानीलाई आफ्नो मुख्य रक्षक देवी मान्दथे । कान्तिपुरका राजा रत्न मल्लले आफू जीवित रहुन्जेलसम्म तुलजा भवानीको खड्ग, ढाल र कलशलाई सधैँ साथमा राखे । रत्न मल्लले कान्तिपुरमाथि आफ्नो कब्जा जमाएपछि तुलजा भवानीलाई कान्तिपुरमा लगेर राज्य गर्न थाले । कान्तिपुरका राजा महेन्द्र मल्ल देवीका अत्यन्तै ठूला भक्त थिए । यिनले वि.सं. १६२० मा हनुमानढोका दरबारको परिसरभित्र तुलजा भवानीको एउटा भव्य मन्दिर बनाए । यो मन्दिर कान्तिपुरको सबैभन्दा अग्लो र ठूलो देवालय हो । तुलजा भवानीको यो विशाल मन्दिरको जीर्णोद्धार सत्रौं शताब्दीमा मल्ल राजा प्रताप मल्लले गरेका थिए । उनले मन्दिरको तामाको छानामा सुनको जलप लगाए र मन्दिर प्राङ्गणमा आफू र आफ्नो परिवारसमेत भएको शिलास्तम्भ माथि आफ्नो सालिक राखे । प्रताप मल्लपछि काठमाडौंका अन्तिम मल्ल राजा जयप्रकाश मल्लले तलेजु मन्दिरको जीर्णोद्धार गरेका थिए । राजा जयप्रकाश मल्ल तलेजु भवानीका ठूला उपासक थिए भन्ने कुरा उनले आफ्नो मुद्रामा समेत श्री ३ तलेजु माजु र श्री श्री श्री कुमारी माजु भनी अङ्कित गराएकोबाट प्रमाणित हुन्छ । वि.सं.१९९० को महाभूकम्पमा यो मन्दिरको गजुरमात्र खसेको थियो । वि.सं.१९९६ मा यसको जीर्णोद्धार भएको थियो । यो मन्दिरलाई हालै आएका भूकम्पहरूले पनि केही गर्न सकेनन् । वि.सं.१७२८ मा राजा प्रताप मल्लले यो मन्दिरको जीर्णोद्धार गर्दा यस मन्दिरलाई धेरै सुन्दर कलाकृतिहरूले सजाइदिएका थिए । यसकारण मन्दिरको प्रवेशद्वार, खापा र चौकोसहरू तथा अन्य वस्तुहरूका अवयवहरू सबै कलात्मक, आकर्षक र सुन्दर छन् । पूर्णकलश, मकर, नाग, कमल आदि वैदिक प्रतीकहरू कलापूर्ण र आकर्षक ढङ्गले जडिएका छन् । तीनमुखे मूलद्वारहरूको खोल्न नहुने गरी दायाँ बायाँ जडान गरिएका ढोकाहरू राजा प्रताप मल्लले वि.सं.१७२८ मा राख्न लगाएका हुन् भनेर त्यहाँ राखिएको एउटा ठूलो सुवर्णपत्रको अभिलेखबाट थाहा पाइन्छ । त्यस अभिलेखमा कवि राजा प्रताप मल्लले आफैले रचेको तलेजु भवानीको स्तुति कुँदिएको छ ।

धार्मिक सहिष्णुता राख्ने शाह राजाहरूले पनि तुलजा भवानीलाई आफ्नो इष्टदेवी मान्दै आएका थिए । पृथ्वीनारायण शाहदेखि प्रचलनमा आएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुद्राहरूमा 'श्री भवानी' अङ्कित गरेको पाइन्छ। राजा सिंहप्रताप शाहले आफू दिवङ्गत हुनभन्दा अघि तुलजा भवानीको ठूलो पूजा गरेका थिए। तलेजु भवानीको नित्यपूजा र विशेष पर्वमा गरिने विशिष्ट पूजाहरूको लागि राजा रत्न मल्लको पालादेखि शाह राजाहरू समेतले जग्गा गुठी राखी, दरबन्दी कायम गरी व्यवस्थित ढङ्गबाट परम्परा कायम गर्दै आएको देखिन्छ। काठमाडौंको तलेजुको दैनिक, पर्व-पर्वमा र बर्सेनि पूजा चलाउने गुठी संस्थानअन्तर्गत हाल करिब ७० वटा गुठीहरू दर्ता भई परम्परागत ढङ्गबाट पूजाआजाहरू भइरहेका छन्। कुलचन्द्र कोइरालाका अनुसार काठमाडौं तलेजुको पर्वपूजा चलाउने जम्मा ६२ गुठी देखिन्छन् र वि.सं. १९७३ सालमा लगत खडा भएको कायमी जग्गा १६ सय रोपनी ६ आना ३ दाम देखिन आएको छ। (२०) यी गुठीहरू राजा महेन्द्र मल्ल, प्रताप मल्ल, नृपेन्द्र मल्ल, पार्थिवेन्द्र मल्ल, भूपालेन्द्र मल्ल र जय प्रकाश मल्लले राखेका देखिन्छन्। यसरी नै शाह राजाहरूमा रणबहादुर शाह, गीर्वाणयुद्ध विक्रम शाह र राणा प्रधानमन्त्री जङ्गबहादुरले पनि तलेजुको पूजाआजा नरोकियोस् भनी विभिन्न समयमा लालमोहर र अन्य आदेशहरूबाट यी गुठी जग्गाहरूलाई संरक्षण प्रदान गरेको देखिन्छ। (२१) यस्तैगरी भक्तपुर र ललितपुरमा पनि तलेजु मन्दिरहरू छन्। भक्तपुरको तलेजुमा ४१ गुठी र ललितपुरको तलेजुमा १९ वटा गुठीहरूले पूजाआजाको व्यवस्था गरिरहेको पाइन्छ।

बडादशैंको अवसरमा मूलचोकमा देवी ल्याइएको बखत अष्टमी र नवमीमा ठूलो पूजा हुन्छ। बडादशैंमा हुने अष्टमी र नवमीबीचको रातको विषकुम्भ योगमा मूलचोकमा कालोत्तर तन्त्रको आधारमा हुने कालरात्री पूजा विशेष महत्त्वको मानिन्छ। यो कालरात्रीको पूजामा सम्पूर्ण तलेजु मन्दिरहरूमा भोग बली दिने चलन छ। कालरात्रीको पूजामा काठमाडौं तलेजुमा ५४ वटा राँगाहरू र ५४ वटा बोकाहरू काटिन्छन्।

तुलजा भवानीलाई महाकाली, काली, सिद्धिलक्ष्मी, महिषासुर मर्दिनी भगवती आदि विभिन्न नामले पुकारिन्छ। शुरु शुरुमा तुलजा भवानीको प्रतीक पूर्णकलश, श्रीयन्त्र र खड्गलाई मात्र पूजा गर्ने चलन थियो। माथि पनि भनिसकिएको छ - हरिसिंह देवको परिवारले आफ्नो राजधानी छोडी नेपाल-उपत्यका तर्फ पलायन भएर आउँदा तुलजा भवानीका यी प्रतीकहरूलाई साथमा लिएर आई सर्वप्रथम भक्तपुरमा नै तुलजा भवानीलाई स्थापना गरेका थिए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसपछि राजा रत्न मल्लले तुलजा भवानीलाई भक्तपुरबाट आफ्नो राज्य कान्तिपुरमा ल्याई स्थापना गरेका थिए। कालान्तरमा काठमाडौंमा प्रतिष्ठापित तुलजा भवानी नै राज्यको मुख्य तुलजा भवानीको रूपमा प्रतिष्ठापित भइन्।

मल्लकालमा उपत्यकाका तीन शहरमा राजदरबार परिसरभित्र नै देगु तलेजु भनी तुलजा भवानीका मन्दिरहरू बने। काठमाडौंका राजा महेन्द्र मल्लले निर्माण गरेको विशाल तुलजा भवानीको मन्दिर जनसाधारणको लागि थियो भने हनुमानढोका दरबार मसानचोकको उत्तरमा रहेको देगु तलेजुको मन्दिर भने राजा शिवसिंह मल्लले दैनिक आफैँ गई भगवानीको पूजाआजा गर्ने हेतुले बनाएका थिए। पाटन दरबारसँगै जोडिएको देगु तलेजुको मन्दिर भने राजा सिद्धिनरसिंह मल्लले वि.सं.१६६७ मा बनाएका थिए। (२२)

तुलजा भवानीको परम्परा नेपाल उपत्यकाभित्रका तीन शहरभित्र मात्र होइन देशका अन्य स्थानहरूमा पनि पाइन्छन्। वास्तवमा मल्लकालका मल्ल राजाहरू र मल्ल राजाका राजप्रतिनिधिहरू देशका विभिन्न ठाउँमा जहाँजहाँ प्रशासन प्रमुख बनाई पठाइएका थिए ती ठाउँहरूमा पनि तलेजु स्थापना गरेको पाइन्छ; जस्तै दोलखा, साँखु, फर्पिङ, टिस्टुङ, पालुङ, कीर्तिपुर, पनौती, बनेपा, चापागाउँ, नुवाकोट आदि। यसका अतिरिक्त तिब्बत र हाल चीनको स्वशासित क्षेत्र ल्हासाको भाखोर भन्ने स्थानमा समेत तलेजु भवानीको मन्दिर छ।

वास्तवममा शक्तिको व्यावहारिक रूप जनसाधारणको हृदयमा बोधगम्य गराउन विभिन्न प्रकारका अनेक असुर वध गर्ने उपाख्यानमा निर्माण भएका अष्टदशभुजा भगवतीको रूपले मूर्तरूप पाए तापनि शक्तिको यथार्थ रूपलाई हृदयङ्गम गर्न उद्यत रहेका तान्त्रिकहरूको लागि शक्तिको साधना गर्ने रूप अधोमुख त्रिकोणभित्र लीन भएको कुरा हामी तान्त्रिक साहित्यहरूमा पाउँछौं। तसर्थ तुलजा भवानीको मन्दिर र आगमगृहभित्र शक्तिको गुढ रूप त्रिकोणको उपस्थिति र बाहिर टुँडाल तथा तोरणहरूमा अनेक असुर वध भगवतीको धार्मिक तथा कलात्मक वीररसले भरिएका रूपहरू अङ्कित गरिएका पाइन्छन्। तुलजा भवानीको गुणगान गर्दै देवी महात्म्यमा लेखिएको छ – 'मधुकैटवलाई नास गर्न वरदान दिने विधातालाई नमस्कार छ। महिषासुरलाई नास गर्ने, भक्तहरूलाई सुख दिने, हिमालयकी छोरी अनाथद्वारा स्तुति गरिएकी परमेश्वरीलाई नमस्कार छ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपत्यकाका तलेजुको मुख्य पूजा कोठाभित्र दीक्षा लिएका पुरोहित, राजोपाध्याय, जोशी, कर्माचार्यहरूबाहेक अरू कसैले पनि जान पाउँदैन। तान्त्रिक पद्धतिबाट गर्नुपर्ने हुनाले तलेजुको स्थूल रूप र पूजा विधि जनसाधारणलाई हेर्न वर्जित गरिएको हुन्छ। (२३)

काठमाडौँ उपत्यकाका र नेवारी समुदायबीच तुलजा भवानीको परम्परा र बडादशैमा तलेजु भवानीको प्रतीक कलश, श्रीयन्त्र र खड्गको पूजा गर्ने चलन अद्यापि चलि नै रहेको छ। तुलजा भवानीको पूजाआजा र आराधना गर्ने परम्परा वागमती सभ्यताको लागि तिरहुतेहरूले ल्याएको मिथिला सभ्यताको प्रभाव हो भन्नुमा कुनै अत्युक्ति नहोला।

तुलजा भवानी र जीवित देवी कुमारीको सम्बन्धबारे पनि यहाँ उल्लेख हुनु आवश्यक छ। देवी तुलजा भवानीको प्रतिमूर्ति नै जीवित देवी कुमारी हुन् भन्ने कुरा शैवतन्त्र ग्रन्थमा उल्लेख गरिएको छ। यसकारण नेपाल-मण्डलभित्र जीवित कुमारी देवीको पूजाआजाको परम्परा वागमती सभ्यताको एक विशिष्ट देन पनि हो। नेपाल-मण्डलभित्र कन्या केटी कुमारीको पूजा गर्ने परम्परा लिच्छविकालदेखि नै थियो भन्न सकिन्छ। केही वंशावलीहरूमा अन्तरिमकालका देव नामधारी गरेका राजा लक्ष्मी कामदेवले ११ औँ शताब्दीदेखि कुमारीको पूजा गर्ने प्रचलन चलाएका थिए भनी उल्लेख गरेका छन्। वास्तवमा इसाको १३ औँ शताब्दीदेखि भने उपत्यकाभित्र कुमारीको पूजाआजा गर्ने चलन देखापरेको र १४ औँ शताब्दीमा उपत्यकाभित्र तुलजा भवानीको आगमनपछि तुलजा भवानीलाई नै कुमारी भनी जीवित देवी कुमारीको पूजाआजा गर्ने चलन चल्न थालेको देखिन्छ। कुमारीको रथयात्राको परम्परा १६ औँ शताब्दीमा राजा त्रैलोक्य मल्लले चलाएको भए तापनि उनको मृत्युपछि त्यो परम्परा चल्न सकेन र पछि मल्ल वंशका अन्तिम राजा जयप्रकाश मल्लले भने इन्द्रजात्राको अवसर पारी कुमारीको जात्रा मात्र चलाएनन्, काठमाडौंमा कुमारीको एउटा भव्य कलात्मक निवास नै बनाइदिए। त्यसउप्रान्त उपत्यकाभित्र शाह, राणाकाल र हालसम्म पनि कुमारीको रथयात्राले वागमती सभ्यताको गरिमामय प्रतिनिधित्व गर्दै निरन्तरता पाइरहेको छ। (२४)

मुसलमानी आक्रमण र सत्ताको लागि सधैँ कलह भइरहने वागमती उपत्यकाभित्र देवलदेवीकी नातिनी राजल्लदेवीसँग विवाह गरिसकेपछि शनैःशनैः जयस्थिति मल्ल नेपाल राज्यको सर्वेसर्वा भई महाराजधिराज बन्न पुगे। अमात्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वंशावलीअनुसार यिनकी आमा सूर्यवंशी इन्द्रजीत सिंहकी छोरी तथा उनका कान्छा छोरा राजेन्द्र सिंहकी बहिनीका छोरा हुन्। (२५) जयस्थिति मल्लले शासनको बागडोर आफ्ना हातमा लिएपछि मुसलमानहरूको हमलाले गर्दा ध्वस्त भएका, बिग्रेका, भत्केका, देवस्थल, विहार र विभिन्न देवदेवीका मूर्तिहरू जीर्णोद्धार एवं पुर्ननिर्माण गरी जनतालाई समाजमा अमनचयन कायम राख्न हौस्याए। एकातिर यिनको राज्यकालमा मुसलमान आक्रमणकारीहरूले ध्वस्त गरेका सम्पदाहरूको मर्मत, जीर्णोद्धार र पुर्ननिर्माण गर्नु पर्ने भयो भने अर्कोतिर उपत्यकाभित्र तिरहुतेहरूसँगै सिमरौनगढबाट पलायन भई आएका विहार तथा उत्तर प्रदेशका विभिन्न जातजातिका मानिसहरूमा ब्राह्मण (मैथिली ब्राह्मण) भडेल, आचार (कारञ्जित), जैसी, वैद्य तथा रजत (धोबी)हरू पनि थिए। ती सबै जातजातिका मानिसलाई पनि उनले उपत्यकाको समाजभित्र यथोचित काम र ठाउँ दिनु पर्ने भयो। साथै विभिन्न कारणले गर्दा खासगरी उपत्यकावासी धेरैले भारत र तिब्बतसँग वन्दव्यापारमात्र गरी आफू र आफ्ना परिवारले गर्दै आएका काम तथा सीपहरू बिस्तारै बिस्तारै छोड्दै गएका थिए। यो अवस्थादेखि जयस्थिति मल्लले हिन्दू धर्मशास्त्र र कर्मकाण्डका ज्ञाता पाँचजना विद्वान भारतबाट झिकाई उपत्यकाको समाजलाई व्यवस्थित गरिदिए। भारतका विभिन्न भागहरूबाट आएका ती पण्डितहरूमा दक्षिण भारतबाट आएका कीर्तिनाथ उपाध्याय, कान्यकुब्जबाट आएका रघुनाथ झा, मिथिलाबाट आएका श्रीनाथ भट्ट, महिनाथ भट्ट र रामनाथ भट्ट थिए। ती भारतीय पण्डितहरूको सल्लाह लिई जयस्थिति मल्लले उपत्यकाका नेवारहरूलाई आ-आफ्ना काम-कर्तव्यअनुसार ६४ श्रेणीमा विभाजित गरिदिए। वागमती उपत्यकाभित्र लिच्छविकालदेखि नै जातपातको व्यवस्था थियो भन्ने कुरा भने हामीले त्यस समयका विभिन्न अभिलेखहरूबाट थाहा पाउँछौँ। (२६)

कालान्तरमा त्यही ६४ श्रेणीले जातको रूप लियो। ठूलो-सानो, उच-नीच, पानी चल्ने-नचल्ने, छुन हुने-नहुने आदि इत्यादि कुराहरूले समाज नै बिटुलो हुन गयो। देशमा सबैले काम र माम पाउन्, कोही पनि बेकार बस्न नपरोस्, सबै मानिसले आ-आफ्नो क्षेत्रबाट समाज र देशलाई अगाडि बढाउन सकून्, समाज र देशमा मेलमिलाप र शान्ति सुव्यवस्था होस् भन्ने हेतुले नै उनले यस्तो स्थिति बन्देज गरिदिएका थिए। तर पछि गएर उनको यो इच्छा पूरा हुन सकेन। उपत्यकाको नेवाः समाजमा धेरै नचाहिँदा अव्यावहारिक र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आपस-आपसमा कलह झगडा मच्चाउने कुराहरू थपिँदै गए। (२७) तर एउटा कुराचाहिँ पक्कै राम्रो भयो त्यो के भने - यसरी मानिसअनुसार काम र काम अनुसार जाति हुन गए पनि यसले उपत्यकाभित्र कलाका विविध पक्षहरू जस्तै धातुकला, चित्रकला, मृणकला, स्थापत्यकला, काष्ठकला, मूर्तिकला, वस्त्रकलाहरूको उन्नति र विकासमा भने धेरै टेवा पुऱ्यायो। फलस्वरूप त्यसले मल्लकालमा उपत्यकालाई भविष्यमा विश्व सम्पदा क्षेत्र घोषणा गर्न सक्ने तहसम्मको उच्च कोटिका कलाकृतिहरूले भरिपूर्ण उपत्यका वनाउन सफल तुल्यायो।

जयस्थिति मल्लको सामाजिक सुधारमा धेरै कमी-कमजोरीहरू भएकै कारणबाट सत्रौं शताब्दीका पाटनका प्रसिद्ध राजा सिद्धिनरसिंह मल्लले केही सुधारहरू गरी आफैँले बेग्लै स्थिति बाँधी दिएका थिए। (२८) यसरी उपत्यकाभित्रको समाजमा सुधार गर्ने प्रक्रिया मल्लकालमा मात्र होइन, शाह, राणाकाल र प्रजातन्त्रपछि पनि चलि नै रह्यो र हालसम्म पनि चलि नै रहेको छ।

वागमती सभ्यताको इतिहासमा जयस्थिति मल्लको ठूलो योगदान रहेको छ। यिनले समाजिक सुधारको अलावा भूमि, नाप, तौल र आर्थिक सुधार पनि गरे। यिनले आफ्नो राज्यकालमा गरेका योगदानहरूमध्ये वागमती सभ्यताको लागि उल्लेखनीय समयमा भएको साहित्य र खासगरी नाटक विधाको उन्नति र विकास नै हो। वि.सं.१२५७-१२५९ मा राजा धर्म मल्लद्वारा लिखित 'बुद्ध चरित्रम्' नाटक उपत्यकाभित्र लेखिएको पहिलो संस्कृत नाटक हो। राजा धर्म मल्लले शुरु गरेको यो नाटक लेख्ने र खेलाउने परम्परालाई जयस्थिति मल्लले निकै प्रोत्साहित गरेको देखिन्छ। ने.सं.४८७ (वि.सं.१४२४) मा राजा जयस्थिति मल्लले आफ्नो उदय भएको उपलक्ष्यमा 'चतुरङ्क रामायण' नाटक प्रस्तुत गराएका थिए। उनले आफ्ना जेठा छोरा जयधर्म मल्ल जन्मेको उपलक्ष्यमा र पछि धर्म मल्लको ब्रतबन्धको उपलक्ष्यमा 'बाल रामायण' नाटक खेलाएका थिए। ने.सं. ५०३ (वि.सं.१४३९) मा दरबारिया नाटककार माणिक वर्द्धनद्वारा लिखित 'अभिनव-राघवानन्द' नाटक देखाएका थिए। छोरा जयधर्म मल्लको विवाहको उपलक्ष्यमा उनले 'भैरवानन्द' नाटक देखाएका थिए। यसरी उनको समयमा वागमती उपत्यकाभित्र नाटक विधाले प्रोत्साहन पाउनुको साथसाथै नेवाः भाषा र संस्कृतिको पनि निकै उन्नति भएको देखिन्छ। उनकै समयमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखिएको नेपालको सबभन्दा प्राचीन वंशावली 'गोपालराज वंशावली'ले पनि यस कुराको पुष्टि गर्दछ । यिनैको समयमा महामात्य जयत मुल्मीको अनुरोधमा पण्डित माणिक भाले नारद स्मृतिको नेवारी भाषामा अनुवाद गरी नारदसंहिता वा मानव न्यायशास्त्र नामक ग्रन्थसमेत लेखे । यिनले त्यसै समयमा उपत्यकावासीका छोरा छोरीहरूलाई पढाउन सजिलो होस् भनी 'अमरकोशको टीका' पनि नेवाः भाषामा लेखाएका थिए । यसरी जयस्थिति मल्लको समयमा उपत्यकाभित्र विद्या, साहित्य र नाट्यकलाको निकै उन्नति भएको देखिन्छ । यिनको दरबारमा विद्वान्हरूको निकै कदर हुन्थ्यो । यिनैकै समयमा हिन्दूहरूका लागि महत्त्वपूर्ण मानिने ग्रन्थहरू जस्तै महाभारत, स्मृति समुच्चय आदि पनि नेवाः भाषामा अनुवाद गरिएका थिए । (२९)

नेपाली समाजलाई वागमती सभ्यताले जसरी नेपाल संवत् दियो त्यसरी नै नेवाः भाषा अर्थात् नेपाल भाषा पनि दियो । नेपाल उपत्काभित्र सभ्यताको शुरुआतदेखि नै शिक्षित समूह र राज्यको भाषाको रूपमा संस्कृतकै बोलवाला थियो । लिच्छविकालका केही शिलालेखहरूमा असंस्कृत भाषा; सम्भवतः किरात भाषाका शब्दहरू यदाकदा प्रयोग भए तापनि मूलतः तिनीहरू संस्कृत भाषामा नै लेखिएका हुन्थे ।

वागमती उपत्यकाभित्र मल्लकालमा आएर बोलचालको भाषा नेवाः भाषा नभएसम्म प्रचलनमा कुन भाषा थियो भन्ने कुराको निक्र्योल अझै हुन सकेको छैन । संस्कृत त भारतमा समेत पक्कै पनि बोलचालको भाषा थिएन । डा.जगदीशचन्द्र रेग्मीको भनाइअनुसार इतिहासमा पहिलो पटक ने.सं.३५३ (इस्वी १२३३) मा मोतीटार (पाटन) को जलद्रोणीको अभिलेखमा नेवाः भाषाको प्रयोग भएको देखिन्छ । राजा अभय मल्लको समयको यो अभिलेखको तेस्रो, चौथौ र पाँचौँ हरफमा नेवाः भाषा प्रयोग गरिएको छ । जस्तै – 'सूतीगल जलकुंल कृयुक्त मुहान लस...स्थनक...युते प्रमुङा चिन्तन जुया...जल ल्होङा जुरो ।' (३०)

तर यो भन्दा पहिले पनि राजा रुद्रदेवको समयको ने.सं.२९३ (वि.सं.१२२९-१२३०) को साँखु वज्रयोगिनीको अभिलेखमा सर्वप्रथम नेवाः भाषा प्रयोग गरिएको पाइएको छ । उक्त अभिलेख "वं स्वस ग्वल अधिक संवत् न्यशसः रगुपति रूदर देव राजा विज्यरपत्वं" भनी नेवाः भाषामा कुँदिएको छ । (३१)

डा.जगदीशचन्द्र रेग्मीकै भनाइअनुसार नेवाः भाषा प्रयोग गरिएको अर्को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महत्त्वपूर्ण अभिलेख ने.सं.४४५ मा 'काष्ठमण्डप' को संरक्षण होस् भनी सोही स्मारकभित्र राखिएको ताम्रपत्र हो। यो तामपत्र १२ हरफमा छ र यसका सबै व्यहोरा नेवाः भाषामा लेखिएको छ। (३२) यस्तै किसिमबाट नेवाः भाषाको जनस्तरमा प्रयोग भएका प्राचीन अभिलेखहरू राजा ज्योतिर मल्लको समयदेखि निकै पाइएका छन्। स्थिति मल्लको उदयपछि शिलालेखहरूमा बाहेक साहित्यमा पनि नेवाः भाषाको प्रयोग बढ्दै जान थालेको देखिन्छ। नेपालको इतिहासमा पहिलो पटक राजाले राखेको अभिलेखमा नेवाः भाषाको प्रयोग यक्ष मल्लकी आमा (ज्योतिर मल्लकी रानी) संसारदेवीको मृत्युपछि तिनको नाउँमा पशुपतिमा सालिक स्थापनाको साथै अनेक धार्मिक व्यवस्था गरिएको बयान लेखिएको २२ हरफको अभिलेखको शुरुको ६ हरफमामात्र संस्कृतको प्रयोग गरिएको छ। बाँकी १६ हरफमाचाहिँ नेवाः भाषाको प्रयोग गरिएको छ।

तसर्थ तेह्रौँ शताब्दीका राजा अभय मल्लको समयदेखि पन्ध्रौं शताब्दीमा राजा यक्ष मल्लको समयसम्म नेवाः भाषाको प्रयोग र विकास हुँदै गएको देखिन्छ। पछि मल्लकालमा गएर नेवाः भाषा जनता र दरबारको भाषा हुन पुग्यो। यस कालमा यो भाषामा विविध विषयहरूमा खासगरी नाटक, काव्य, धर्म आदिमा प्रशस्त ग्रन्थहरू लेखिए। राष्ट्रिय अभिलेखालयमा मात्र नेवाः भाषामा लेखिएका करिब १ हजार ५ सय हस्तलिखित ग्रन्थहरू छन् भने आशासफू कुथी र अन्य ठाउँहरूमा पनि त्यत्तिकै सङ्ख्यामा नेवाः भाषामा लेखिएका हस्त-ग्रन्थहरू सुरक्षित छन्।

काव्यको क्षेत्रमा भनौँ भने राजा महेन्द्र मल्ल (ने.सं.६८०-६९४) देखि लिएर राजा जयप्रकाश मल्ल (ने.सं.८५५-९०) र रानीहरूमा ऋद्धिलक्ष्मी (ने.सं.८००-८०७) देखि लिएर रानी दयालक्ष्मी देवी (ने.सं.८५५-८७७) र अन्य सर्वसाधारण कविहरूले समेत नेवाः भाषामा कविता, गीत, भजन आदि रचना गरी यो भाषालाई धनीमात्र तुल्याएनन्, अन्तर्राष्ट्रिय जगत्मा समेत उभिन सक्ने सामर्थ्यवान् बनाइदिए। (३३) संस्कृत भाषा त साहित्यको भाषा छँदै थियो।

यसरी जयस्थिति मल्लको समयदेखि नै संस्कृत भाषाले प्रोत्साहन पाएको थियो। संस्कृत भाषामा नाटक लेख्ने, लेखाउने र जनतालाई देखाउने परम्परा पछि शाहकाल, राणाकाल र त्यसयता पनि यदाकदा चल्दै नै आयो।

वागमती सभ्यताको लागि राज्य र समाजमा अमनचयन कायम गरी समाजमा मानिसहरूलाई नभई नहुने उपयोगी पेशा व्यवसायहरूमा लाग्न ६४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वटा श्रेणीमा कार्यविभाजन गरी देशको सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक अवस्था मल्लकालमा जुन स्थितिमा पुग्न सफल भयो त्यसको लागि धेरै योगदान दिने कामको शुरुआत जयस्थिति मल्लले नै गरेका थिए। उनले आफ्ना छोराहरूलाई आफू जीवित छँदै राज्य सञ्चालन गर्ने काममा निपुण बनाउन खोजेको देखिन्छ। उनको मृत्युपछि उनका तीन वटै छोराहरू – जेठा धर्म मल्ल, माइला ज्योतिर मल्ल र कान्छा कीर्ति मल्ल मिलेर केही समय भक्तपुरको राजगद्दीमा बसे। दाजु धर्म मल्लको मृत्युपछि भने ज्योतिर मल्ल राजा भए। ज्योतिर मल्लको मृत्युपछि ने.सं.५४९ मा उनका छोरा यक्ष मल्ल राजा भएका थिए।

समसुद्दीन इलियासको आक्रमणबाट नेपाल उपत्यकाभित्र जेजति तहसनहस भयो त्यसको लेखाजोखा गरेर साध्य छैन। लिच्छविकाल र उत्तर लिच्छविकालमा बनेका धेरै राम्रा र धनी मन्दिर तथा विहारहरूमा उनले लुटपाट गरी आगजनी मात्र गरेनन्, भेटिएका जति सुन्दर प्रस्तरका मूर्तिहरूलाई समेत तोडफोड गरिदिए। जयस्थिति मल्ल पन्ध्रौं शताब्दीका नयाँ कुल (कर्णाटकी मल्ल) राजा थिए। उनले आफू शक्तिमा आउनासाथ मुसलमानहरूले तोडफोड गरी आगजनी गरेर नष्ट पारेका सम्पदाहरूको पुन:निर्माण गर्न थाले। यसरी उनले शुरु गरेको पुन:निर्माणको युगलाई उनका मन्त्रीहरू जयसिंहराम वर्द्धन, मदनसिंहराम वर्द्धन, भारदार राजहर्ष भल्लोक आदिले मात्र नभई छोरा ज्योतिर मल्ल र त्यस पछिका अन्य मल्ल राजाहरूले पनि कायमै राखे। उनलाई यस कार्यमा धेरै मद्दत भने तत्कालीन ठकुजुहरूले पनि गरेका थिए, जसको वर्णन हामी अर्को अध्यायमा गर्नेछौं।

कलाको दृष्टिकोणले जयस्थिति मल्ल र ज्योतिर मल्लको समय ज्यादै महत्त्वपूर्ण रह्यो। ज्योतिर मल्लको समयमा लेखिएको एक पटचित्र नेपाली चित्रकलाको क्षेत्रमा सबैभन्दा महत्त्वपूर्ण मानिन्छ। यो पटचित्र करिब तीन हात लम्बाइ र दुई हात चौडाइ भएको मोटो सुती कपडामा लेखिएको छ। चित्रमा शैव सम्प्रदायका मुख्य देवता भैरवानन्द र कुब्जिका देवी सुखासन्मा विराजमान रहेका छन्। चित्रको सबैभन्दा तलतिर तीन पङ्क्तिको अभिलेख छ, जसमा उक्त अद्वितीय चित्र ने.सं.५३९ (वि.सं.१४७५) मा लेखिएको भनी उल्लेख गरिएको छ। उक्त अभिलेखमा चित्र लेख्ने चित्रकारको नाम तेजराम अङ्कित गरिएको छ। (३४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कलाको अर्को विधा मूर्तिकलामा पनि ज्योतिर मल्लको समयदेखि नेपाल उपत्यकामा एक प्रकारको नयाँ र सुन्दर ढङ्गको तर जटिल रूपका मूर्तिहरू देखापर्न थालेका छन्। पहिलेका ग्रन्थ चित्रहरूमा देखिएका शिव-पार्वतीको चित्रमा शिवका केवल चार हात छन् भने पन्ध्रौं शताब्दीमा आएर भैरवानन्दको रूपमा माथि वर्णित शिवको अष्टावजभुज अर्थात् आठवटा हात देखिएका छन्। वास्तवमा पन्ध्रौं शताव्दीदेखि विकसित हुन लागेको मूर्तिकलामा जटिलताको यो एक नमुना हो।

ज्योतिर मल्लको समयमा बनेका भक्तपुरमा पाइने शिलामूर्तिहरूमध्ये क्वातनौं टोलको सूर्यमूर्ति महत्त्वपूर्ण छ। दुवै हातमा कमल लिएर उठेको सूर्यको तल सातै घोडाहरूको लगाम खिचिरहेको अरूण र त्यसको दायाँ-बायाँमा निक्षुमा र राजी, साथै घोडाहरूको तलतिर दुई दैत्यकार मूर्ति छन्। यो मूर्ति करिब दुई हात लामो ढुङ्गामा कुँदिएको छ। वि.सं.१४७९ मा स्थापित उक्त मूर्तिको पाठपीठमा अभिलेख छ। यो मूर्तिको अर्को विशेषता के हो भने मूर्ति स्थापना गर्ने परिवारका सदस्यहरूको मूर्तिहरू पनि यसैमा कुँदिएको छ। मल्लकालीन मूर्तिकलामा यस प्रकारको यो पहिलो मूर्ति हो। तर गःछें टोलमा रहेको एक अर्को गौरीको मूर्ति, जुन मूर्ति पनि ज्योतिर मल्लकै समयमा बनेको थियो। यो मूर्तिचाहिँ लिच्छविकालिक मूर्तिझैं साधारण छ। तर कलाको दृष्टिकोणले अति नै सुन्दर छ। (३५)

ज्योतिर मल्लको समयमा पाटनमा बनेका केही प्रामाणिक शिला मूर्तिहरूमा भीमसेन स्थान अगाडिको मुछें आँगम बाहिर रहेका केही मूर्तिहरू र चाकबहाल गैरीधारामा रहेको सूर्यमूर्ति विशेष उल्लेखनीय छन्। मुछें आँगम बाहिर रहेका अर्ध विष्णु-सरस्वती काल्पनिक देवता भए तापनि कलाकारको दक्षताले प्रकृतिको सृष्टि समान अङ्ग-आकृति बनेको छ। यो मूर्ति करिब साढे एक हात लामो शिलामा कुँदिएको छ। दायाँतिर विष्णुको अर्ध शरीर र बायाँतिर सरस्वतीको अर्धदेह जोडेर यो मूर्ति बनेको छ। मूर्ति क्षतविक्षत भइसके तापनि पुष्ट भई उठेको कलामा कुनै हीनता देखिएको छैन। कलाकारिताको दृष्टिकोणले एकअर्को विशिष्टता यसमा रहेको छ, जुन मूर्तिको वरपर रहेका द्वादश नारायणहरू बुट्टेदार घेरामा पाइन्छन्। मूर्तिको जलहरीमा अभिलेख कुँदिएको छ, जसअनुसार यो मूर्तिको स्थापना वि.सं.१४७१ मा भएको देखिन्छ। (३६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्ध विष्णु-सरस्वतीको मूर्तिपछि सोही वर्ष स्थापना भएको सँगैको गणेशको मूर्ति आउँछ। यो मूर्ति करिब दुई हात जति लामो ढुङ्गामा कुँदिएको छ। चारै हातले माला, परशु, मूला र लड्डु लिई पलेटी कसेर बसेको यो त्रिनेत्र गणेश-मूर्ति सुन्दर छ र आफ्नै तालमा हिस्सी परेको छ। सर्पको आभूषण लगाएको गणेश-मूर्ति कमलमाथि बसेको छ। मूर्ति-शिला ज्वालाको घेराले वरिपरि परिवेष्टित छ। सबैभन्दा माथिको बीच भागमा छत्र छ। यो गणेशको मूर्ति नेपालमा पाइने अनगिन्ती गणेशका मूर्तिहरूमा पहिलो मात्र नभई निकै उच्चकोटिको पनि छ। (३७)

यसपछि चाकबहाल ढुङ्गेधारामुनि रहेको सूर्यको मूर्ति आउँछ। यो सप्त अश्ववाहन भएको रथारुद सूर्यको मूर्ति पनि पादपीठको अभिलेखअनुसार ज्योतिर मल्लकै समयमा स्थापना भएको हो। यो मूर्ति अर्ध विष्णु-सरस्वतीको शैलीमा अत्यन्त सुन्दर ढङ्गले बनेको छ। यस मूर्तिको आकृतिचाहिँ बनेपा स्थित सूर्यमूर्तिको समान रहेको छ।

ज्योतिर मल्लका समयमा बनेका शिला मूर्तिहरूमध्ये स्वयम्भूस्थित चिन्तामणि लोकेश्वरको मूर्ति अति नै उत्कृष्ट छ। यो करिब दुई हात अग्लो छ। कलाकारले यस चिन्तामणि लोकेश्वरको काल्पनिक मूर्ति यसरी तयार गरे जसको सजीवता निकै नै प्रशंसनीय रहेको छ। यस मूर्तिमा कलाकारले त्यसबेलाको सामाजिक जीवनको चित्रणसमेत प्रस्तुन गर्न सफल भएको देखिन्छ। यो मूर्तिको स्थापना वि.सं.१४६५ मा भएको थियो। मनमोहक लचकदार शरीर लिएर उभिइरहेको यो मूर्ति अति नै सुन्दर तथा आकर्षक छ। यस मूर्तिलाई कलाकारले त्यसबेला प्रचलनमा रहेका सुन्दर आभूषणहरूले पूर्णरूपमा सजाएका छन्। जस्तै - शिरमा रत्नादि जडित मध्यकालिक मुकुट, कानमा वलयारकारको कर्णाभरण, घाँटीमा बहुमूल्य सुता, मुगाको माला, सुन चाँदीको सिक्री तथा घुँडासम्म आउने मुगा र सिक्रीको संयुक्त माला, हातमा वाला र चुरा, पाखुरामा ठूलो बुट्टेदार केयुर, खुट्टामा नूपुर तथा हातका मझौला र बुढी औंलालाई छोडेर अरू तीनै औंलाहरूमा रत्नादि जडित औंठीहरू विशेष गहनाको रूपमा देखाइएको छ। चिन्तामणिको एक हातले एक रत्नादि जडित वालालाई समातेको छ, जुन उसको विशिष्ट ग्रहण मानिएको छ। बायाँ हातले रुखका लहराहरू समातेको छ र लहराहरूका हरेक पातहरूमा नाना प्रकारका सर्वाङ्गमा लगाउने गहनाहरूका सुन्दर-सुन्दर नामुनाहरू कुँदिएका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोकेश्वरको नृत्य मुद्राको उक्त मूर्तिकलाको दृष्टिकोणले अति उच्चकोटिको छ। मध्यकालिक मूर्तिकलाका गहनाहरूमा हुने जटिलता र शरीरमा हुने हृष्टपुष्टपनको यसमा राम्ररी विकास भइसकेकाले यो मूर्ति पूर्णतया प्राचीन मूर्तिहरूको अनुकरणबाट धेरै माथि रहेको छ। (३८)

वास्तवमा वागमती सभ्यताको मूर्तिकलालाई ज्योतिर मल्लको समयमा कलाकारहरूले जुन उचाइमा पुऱ्याएका थिए त्यो नेपालको इतिहासमा सधैँ स्वर्णाक्षरले लेखिने छ। वास्तुकलाको उन्नति र विकास पनि ज्योतिर मल्लको समयमा निकै भएको देखिन्छ। ने.सं.५४७ (वि.सं.१४८३) को पाटनको इवावही (राजश्री महाविहार) को अभिलेखअनुसार उक्त विहार उनैको समयमा बनेको थियो। उक्त विहारको निर्माण कार्य सु-सम्पन्न गर्ने अवसरमा गरिएको लक्षाहुती यज्ञमा उनी स्वयम् १२ दिनसम्म त्यहीँ नै बसी कार्य सु-सम्पन्न गरेको र उक्त अवसरमा रामभारोले 'वीरवाहु' भन्ने नाटक खेलाएको कुरा पनि उक्त अभिलेखमा उल्लेख गरिएको छ। (३९)

यिनको समयमा तिब्बतमा नेपाली वास्तुकलाको अनुपम नमुना स्वरूप ग्यान्ची भन्ने ठाउँमा १ सय १५ फुट अग्लो एउटा स्तूप नेपाली कलाकारहरूले निर्माण गरी सबैलाई चकित पारेका थिए। ल्हासाबाट सिक्किम जाने बाटोमा पर्ने यो ग्यान्ची सहर व्यापारको पनि ठूलो सहर थियो। सन् १४२७ मा निर्माण गरिएको यो स्तूपलाई संसारकै एक प्रसिद्ध वास्तुकलाको नमुना मानिन्छ। यो विशाल स्तूपभित्र ७७ वटा कोठाहरू छन्। स्तूपको भित्रभित्रैबाट टुप्पोसम्म पुग्ने सिँढी राखिएको छ। स्तूपमा बौद्धधर्मसँग सम्बन्धित करिब एकलाख वटा विभिन्न देवदेवीका मूर्तिहरू राखिएका छन् भने सबैभन्दा माथिल्लो भागमा वज्रधर बुद्धको स्थापना गरिएको छ। साथै यस स्तुपभित्र बौद्ध धर्मसँग सम्बन्धित पौभा चित्रहरू पनि प्रशस्त छन्। (४०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्दर्भ सामग्रीहरू

(१) भाषा वंशावली, भाग २, पेज २८-२९

(२) Regmi D.R., 1965, **Medieval Nepal**, Part 1, Calcutta, Page 210

(३) नेपाल, ज्ञानमणि, २०६२, नेपालको माध्यमिककालको इतिहास, काठमाडौं, पेज १३६

(४) Regmi R., No.2, Page 211

(५) (क) नेपाल, ज्ञानमणि, नं.३, पेज १३८-१४५

(ख) Petech Luciano, 1984, **Mediaeval History of Nepal**, (C.750-1482), Roma Page 86-88

(६) Petech, Luciano, No.5 -v_ Page 88

(७) Yang, Shuwa, Zhang Jiayan, An XU Luo Dan, "The Biographical Painting of Phags-Pa", Bejing, 1987, Page 12_

(८) Shakya, Min Bahadur, 23 April, 2010 Friday "The Role of Ariniko in the Transmisson of Manjusri cult from Wutai Shan China to Nepal", The Weekly Mirror, , Page 8

(९) Vitali, Robert, 1990, Early Temples of Central Tibet, London, Page 103-112

(१०) (क) अमात्य, साफल्य, २०३६, नेपालमा पुरातत्त्व, साझा प्रकाशन, काठमाडौं, पेज १०४-११८

(ख) शर्मा, बालचन्द्र, २०२०, नेपाली संस्कृति, काठमाडौं, पेज ७९-८७

(११) नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, कर्णाली लोक संस्कृति, खण्ड १, इतिहास, काठमाडौं असार २०२८, पेज ६४-८०

(१२) नेपाल, ज्ञानमणि, नं.३, पेज २०४

(१३) Vaidya T.R., "Devaldevi-The wife of Harishimadeva" Vasudha, January 1060 vol.

(१४) टण्डन, गोविन्द, २०५३, पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन, काठमाडौं, पेज १३१-१३४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, नेपालको इतिहासको विविध पक्ष, पेज ११५-१२३

(१६) हेमराज, शाक्य, ने.सं. १०९८ (सन् १९७८), श्रीस्वयम्भू महाचैत्य, स्वयम्भू विकास मण्डल, ये (काठमाडौं), पेज १३४-१३६

(१७) संस्कृत सन्देश : वर्ष १, अङ्क १०, ११, १२ (संयुक्ताङ्क) पेज १०-१३

(१८) Vaidya, T.R., Feb 1969, Devaladevi -The Wife of Harisimha Devi, Nepal Review, vol 1, No 4, Page 159-161

(१९) (क) अमात्य, साफल्य, नं.१०, पेज १३७-१४३,
(ख) मानन्धर, ज्ञानकाजी, २०५३, "पनौती एक परिचय", बनेपा एक सात गाउँ, बनेपा पेज २३२-२३६)

(२०) कोइराला, कुलचन्द्र, २९५२, श्री तलेजु र दिगु तलेजु, काठमाडौं, पेज ३९

(२१) कोइराला, कुलचन्द्र, नं.२०, परिशिष्ट खण्ड ग, पेज १८६-२३३

(२२) वज्राचार्य, गौतमवज्र, २०३३, हनुमानढोका राजदरबार, काठमाडौं, पेज ७१-७५

(२३) (क) अमात्य, साफल्य, राजसत्ता र नेपाली संस्कृति, पेज ६८-७२
(ख) कोइराला, कुलचन्द्र, नं.२०

(२४) (क) Amatya, Shaphaly, 2011, **Arcaeological and Cultural Heraitage of Kathmandu Valley**, Ratna Pustak Vandar, Kathamndu, Page 181–192,
(ख) शाक्य, दुर्गा, २०६७, हाम्रो संस्कृतिमा देवी तुलजा र कुमारीको स्थान, कुमारी प्रकाशन, काठमाडौं

(२५) (क) अमात्य, रविन्द्रलाल (सम्पादक), २०६२, अमात्य वंशावली, वंशावली प्रकाशन समिति, ललितपुर, पेज ७४-७५)
(ख) प्रधान, प्रिन्सिपल श्री भैरवबहादुर, जयस्थिति मल्ल या पुर्खा, नेपाल (नेवाः भाषा), दँ ४, ल्याँ ५, नेपाल १०७६ हेमन्त, पेज २-६

(२६) पन्त, नयराज, २०५८, स्थिति मल्ल तथा जातपात, नेपालको इतिहासका विविध पक्ष, नेपाल राजकीय प्रत्रा प्रतिष्ठान, काठमाडौं पेज १६८-१७९

(२७) (क) भाषा वंशावली, भाग २, काठमाडौं २०२३, पेज ३७-५०
(ख) ज्ञवाली, सूर्यविक्रम, २०१९, नेपाल उपत्यकाको मध्यकालीन इतिहास, रायल नेपाल एकेडेमी, काठमाडौं, पेज ७८-८४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२८) हड्सन मनुस्क्रिप्ट ५१, हिन्दी इत्यादि, पेज १७६-१८३, ब्रिटिस लाइब्रेरी लण्डन, माइक्रो फिल्म

(२९) नेपाल, ज्ञानमणि, नं.३, पेज २४४

(३०) (क) रेग्मी, जगदीशचन्द्र, २०३५, नेवारी संस्कृतिको रुपरेखा, अफिस अफ नेपाल एन्टिक्वेरी, काठमाडौं, पेज ३९

(ख) संशोधन मण्डल, वि.सं.२०१८, अभिलेख सङ्ग्रह (दोस्रो भाग), महाबौद्ध काठमाडौ., पेज १४

(३१) वज्राचार्य, धनवज्र, २०६८, पूर्व मध्यकालका अभिलेख, नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौं, पेज १०९-११०

(३२) (क) संस्कृत सन्देश, २०१०, वर्ष १, सङ्ख्या ६, पेज ४-५

(ख) Regmi D.R., 1966, **Medieval Nepal,** Part III, Calcutta, Page 18-19

(३३) वैद्य, जनकलाल, वि.सं.२०५९, नेपाल भाषामा प्राचीन काव्य सिर्जना, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं

(३४) उक्त चित्रको पूर्ण विवरणको लागि हेर्नोस्, मनवज्र वज्राचार्य, नेपालको मध्यकालीन कला, श्री ५ को सरकार, सूचना तथा प्रसार मन्त्रालय, सूचना विभाग, काठमाडौं २०२७, पेज ५१-५९

(३५) विस्तृत जानकारीको लागि हेर्नोस् - मनवज्र वज्राचार्य, नं.३४, पेज १५५-१५६

(३६) वज्राचार्य, मनवज्र, नं.३४, पेज १५७

(३७) वज्राचार्य, मनवज्र, नं.३४, पेज १५८

(३८) वज्राचार्य, मनवज्र, नं.३४, पेज १६०

(३९) वज्राचार्य, धनवज्र, नं.३१, पेज २७७-२७९

(४०) तुलाधर, कमलरत्न, वि.सं.२०६६ "तिब्बतय् नेवाः आर्टया नमुना", गोरखापत्र, असोज २ शुक्रबार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आठौं अध्याय

यक्ष मल्लदेखि उपत्यकाभित्र पृथ्वीनारायण शाहको आक्रमणसम्म वागमती सभ्यताको रूपरेखा

(सन् १३६० देखि सन् १७६९ सम्म)

ज्योतिर मल्लको मृत्युपछि उनका छोरा यक्ष मल्ल नेपाल-मण्डलको राजा भए। यक्ष मल्ल एक योग्य र लायक शासक थिए। उनले आफ्नो राजधानी भक्तपुरलाई सामरिक दृष्टिकोणले समृद्ध बनाउन शहरलाई मजबुत गढ बनाए। उनले शहरलाई किल्ला घेरी आवतजावत गर्न ठाउँठाउँमा ढोकाहरू बनाएका थिए। भक्तपुरको दरबार क्षेत्रको दक्षिणतर्फ रहेको यक्षेश्वर महादेवको मन्दिर, पचपन्न झ्याले दरबार, तौमढी टोलमा सुनको धारा (ढुङ्गेधारा), दत्तात्रेको मन्दिर आदि निर्माण गराए। उनको समयमा भक्तपुर एक समृद्धिशाली राज्य थियो भनेर पुष्टि गर्ने काम उनले गरे। यक्ष मल्लको मृत्युपछि उनका छोराहरूमध्ये चतुर रत्न मल्लले वि.सं.१५४१ मा कान्तिपुरका महापात्र (ठकुजु) हरूलाई कजाई कान्तिपुरलाई आफ्नो अधीनस्थ राखे। उनले ललितपुरलाई पनि आफ्नो कब्जामा राख्ने कोसिस गरेका थिए। तर त्यहाँका सप्त कुटुम्वज महापात्रहरू सङ्गठित भएको हुनाले ललितपुरलाई आफ्नो कब्जामा राख्न सफल भएनन्। उनको मृत्युपछि पाटनका महापात्रहरूले विस्तारै टाउको उचाल्न थाले।

कान्तिपुरमा मल्ल राज्यको जग बसाली रत्न मल्ल कान्तिपुरको पहिलो राजा भए। उनले पाटनमा आफ्नो अधिकार बनाइराखे तापनि त्यहाँका महापात्रहरूलाई पनि कायमै राखिछोडे। भक्तपुरमा भने आफ्ना दाजु राय मल्लको अधिपत्यलाई स्वीकार गरे। रत्न मल्ल जसरी भए पनि काठमाडौंलाई एउटा शक्तिशाली र समृद्ध राज्य बनाउन चाहन्थे। त्यस समयमा नेपाल उपत्यका र तिब्बत (चीन) बीचको व्यापार नुवाकोटको बाटो गरी चल्दथ्यो। व्यापारिक दृष्टिकोणले यो नाका निकै महत्त्वपूर्ण भएको हुनाले नुवाकोटमाथि आक्रमण गरी आफ्नो अधीनमा राखे। साथै पश्चिम नेपालतर्फ जाने मुख्य बाटो पनि नुवाकोट नै भएकोले पश्चिम नेपालका प्रान्तहरूमा राजनैतिक र व्यापारिक प्रभाव पार्न रत्न मल्ललाई सजिलो हुन गयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रत्न मल्लपछि क्रमशः सूर्य मल्ल, अमर मल्ल र महेन्द्र मल्ल कान्तिपुरका राजा भए। कान्तिपुरका राजाहरूमध्ये महेन्द्र मल्लले आफ्नो गुनपो दरबार वरपर प्रशस्त कीर्तिहरू राखेका थिए। यिनले तिब्बतसँगको व्यापारिक सम्बन्धमा धेरै सुधारहरू गरे र तिब्बतसँग व्यापार गर्न सजिलो होस् भनी चाँदीको मोहर छापी तिब्बतको बजारमा पनि चलाए। उनैको नामबाट प्रचलित यो मोहर 'महेन्द्र मल्ली' को तिब्बतमा समेत चलन चल्तीले गर्दा नेपाललाई निकै आर्थिक लाभ हुन गयो। यिनको वास्तुकलाका कीर्तिहरूमध्ये तलेजुको भव्य मन्दिर, महेन्द्रेश्वर महादेवको मन्दिर, चतुरमुखी विष्णु अर्थात् जगन्नाथको मन्दिर, ताना देवल आदि प्रसिद्ध छन्। यिनी मल्लकालका एक आदर्श राजा थिए। राजा र जनताका बीचको सम्बन्ध यिनको समयमा अतिनै सुमधुर थियो। यिनले समाजमा पनि सुधारहरू गरी नेपाल-मण्डलका बासिन्दाहरूमा देश प्रेम र राष्ट्र प्रेमको भावना जगाइदिएका थिए।

महेन्द्र मल्लपछि सदाशिव मल्ल र शिवसिंह मल्ल राजा भए। राजा शिवसिंह मल्ल एक असल, योग्य र प्रजापालक राजा थिए। नेपालको इतिहासमा यिनकी रानी गङ्गादेवीको निकै नाम छ। रानी गङ्गादेवीले आफ्ना पति राजा शिवसिंहलाई राजकाजमा सहयोग गर्ने मात्र नभई देशका धार्मिक स्थलहरूलाई संरक्षण र सम्वर्द्धन गरिराख्ने काममा पनि उत्तिकै सहयोग गरिन्। यिनकै इच्छाअनुसार स्वयम्भू, पशुपति, चाँगुनारायणजस्ता देशका अति नै महत्त्वपूर्ण देवस्थलहरूको जीर्णोद्धार गरी संरक्षण गरियो। यिनले काठमाडौं उपत्यकाभित्र प्रकृति र पर्यावरणको संरक्षण र प्रवर्द्धनको लागि नागार्जुन डाँडा वरपर सुन्दर जङ्गल र बगैंचा बनाए। जुन जङ्गल र बगैंचा आज पनि रानी वनको नामले प्रसिद्ध छ। राजा शिवसिंह मल्लले पनि तिब्बतसँगको व्यापारबाट देशलाई निकै समृद्धिशाली बनाए। यिनले पाटनका महापात्र पुरन्दरसिंहको मृत्युपछि पाटनमाथि विजय प्राप्त गरी पाटनलाई आफ्नो राज्यमा गाभे र आफ्ना जेठा छोरा लक्ष्मीनरसिंह मल्ललाई कान्तिपुर र कान्छा छोरा हरहरसिंहलाई ललितपुरको राज्य दिए।

राजा लक्ष्मीनरसिंह मल्लले तिब्बतको व्यापारमा आफ्ना ज्वाइँ काजी भीम मल्लको सहयोगबाट निकै वृद्धि गरेका थिए। काजी भीम मल्लकै बुद्धिमत्ता र कूटनीतिको कारणबाट यिनले तिब्बतमा ३२ कोठी अर्थात् ३२ वटा कारोबार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्ने ठुला पसलहरू खोल्न लगाए । साथै, महेन्द्र मल्लको पालादेखि चलिरहेको नेपाली मुद्राको चलन चल्ती पनि तिब्बतमा यथावत चलिनै रह्यो । काजी भीम मल्लले कान्तिपुरलाई निकै धनी त बनाए तर उनलाई विरोधीहरूले षडयन्त्र गरी मार्न लगाए । यहाँनिर हामीले के बुझ्नु पर्दछ भने नेपाल उपत्यकाभित्र तीनवटा मल्ल राज्यका राजाहरूबीच कहिले मित्रता त कहिले शत्रुता भई नै रहन्थ्यो । यिनीहरूमा मित्रताभन्दा शत्रुता र इर्ष्या नै धेरै हुन्थ्यो । साथै, यहाँका भारदारहरू पनि आफू सधैँ शक्तिको उपभोग गर्न लालायित हुन्थे र षडयन्त्रहरू रच्ने गर्दथे । उपत्यकाका मल्ल राज्यहरूमा आर्थिक उन्नति, कला र संस्कृतिको विकास भए तापनि राजाहरूका बीच शत्रुता र इर्ष्या, भारदारहरूको लोभीपनले गर्दा ती राज्यहरू सामरिक दृष्टिकोणले झनझन कमजोर हुँदै गएका थिए ।

भीम मल्लको अकाल मृत्युपछि राजा लक्ष्मीनरसिंह मल्ललाई मानसिक रोग लाग्यो । बाबुको त्यो चाला देखेर युवक युवराज प्रताप मल्लले बाबुलाई कैद गरी राज्य कब्जा गरे । राजा प्रताप मल्ल कान्तिपुरका मल्ल राजाहरूमा अत्यन्तै लायक, योग्य र प्रसिद्ध शासक सिद्ध भए । उनले प्राचीन मल्ल गुनपो दरबारलाई हनुमानढोका दरबारको नामले प्रसिद्ध गरे । आफ्नो दरबार वरपर र राज्यका अन्य ठाउँहरूमा उनले धेरै कीर्तिहरू राखेका थिए । वास्तवमा भन्ने हो भने वागमती सभ्यताको इतिहासमा कान्तिपुरका राजा प्रताप मल्लको योगदान अति नै तारिफयोग्य छ ।

प्रताप मल्लपछि उनका छोरा नृपेन्द्र मल्ल राजा भए । यसरी नै कान्तिपुरको राजगद्दीमा पार्थिवेन्द्र मल्ल, भूपालेन्द्र मल्ल, भाष्कर मल्ल, जगज्जय मल्ल र अन्तमा जयप्रकाश मल्ल राजा भए । जयप्रकाश मल्ल योग्य र लायक शासक भए तापनि उनले आफ्नो दरबारभित्र चलिरहेका षडयन्त्रहरू र उपत्यकाका अन्य मल्ल राजाहरू, ललितपुर, भक्तपुरसँगको सङ्घर्ष र शत्रु तापनि व्यहोर्नु परेको थियो । त्यसै बखत गोरखाका राजा पृथ्वीनारायण शाहको विस्तारवादको नीतिलाई पनि झेल्नु पऱ्यो । अन्तमा पृथ्वीनारायण शाहले नेपाल उपत्यकामाथि विजय प्राप्त गरेरै छोडे ।

पाटनका मल्ल राजा हरिहरसिंहको मृत्युपछि उनका छोरा सिद्धिनरसिंह मल्ल पाटनका राजा भए । यिनी योग विद्यामा पारङ्गत तथा धार्मिक प्रवृत्तिका राजा थिए । यिनले पाटन दरबारको निर्माण कार्यदेखि दरबार वरपर र अन्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठाउँहरूमा समेत धेरै कीर्तिहरू राखेका थिए। पाटन राज्यको समृद्धि एवम् विकासमा राजा सिद्धिनरसिंह मल्ल, उनका छोरा श्रीनिवास मल्ल र नाति योगनरेन्द्र मल्लको जति योगदान रहेको थियो त्यही नै वास्तवमा पाटनको श्रीवृद्धि थियो। योगनरेन्द्र मल्लको मृत्युपछि वंश परम्पराअनुसार गद्दीको हकदार कोही नभएको हुनाले फेरि गद्दीको लागि कचिङ्गल शुरु भयो। पाटनमा फेरि सप्तकुटुम्वज महापात्रहरूको बोलवाला चल्न थाल्यो। त्यहाँको राजनैतिक अस्थिरताको फाइदा पनि गोरखाका राजा पृथ्वीनारायण शाहलाई नै भयो। उनले सजिलैसँग पाटनमाथि पनि कब्जा गरे।

यक्ष मल्लपछि उनका जेठा छोरा राय मल्ल भक्तपुरका राजा भए। यिनीपछि क्रमशः सुवर्ण मल्ल, प्राण मल्ल, विश्व मल्ल, त्रिलोक्य मल्ल, जगज्ज्योति मल्ल, नरेश मल्ल, जगत् प्रकाश मल्ल र सुमति जयजितामित्र मल्ल राजा भए। भक्तपुरको श्रीवृद्धि भने राजा सुमतिजयजिता मल्ल, भूपतीन्द्र मल्ल र उनका छोरा एवं अन्तिम मल्ल राजा रणजीत मल्लको समयमा भएको थियो। भक्तपुर दरबारभित्र र वरपरका संरचनाहरूमध्ये धेरैजसो यी अन्तिम तीन राजाहरूको समयमा निर्माण भएका थिए। पृथ्वीनारायण शाहले उपत्यकाका दुई मल्ल राज्यहरूलाई जितेपछि त्यहाँका राजाहरू जयप्रकाश मल्ल र तेजनरसिंह मल्ल भागेर भक्तपुरमा शरण लिन पुगे। केही दिनको युद्धपछि राजा रञ्जित मल्लले आत्मासमर्पण गरे र पछि काशीवास गए। तेजनरसिंह मल्ललाई कैद गरियो। पृथ्वीनारायण शाहका फौजको गोली लागेका जयप्रकाश मल्लले केही दिनपछि पशुपति आर्यघाटमा प्राण त्याग गरे। यसरी नेपाल उपत्यकाका तीनवटै मल्ल राज्यहरू गोरखा राज्यभित्र गाभिए।

मल्लकालमा धेरै समयसम्म अस्थिर एवं झैझगडाको राजनीतिबीच पनि मल्ल राजाहरूको धार्मिक एवं समाजसेवा गर्ने चेतनाका कारण तीनवटै राज्यमा धार्मिक र सामाजिक संरचनाहरू प्रशस्तै बनेका थिए। राजा र धनाढ्य भारदार एवं जनताको समेत सहभागितामा विभिन्न देवदेवीका मन्दिरहरू बनाइए, विहारहरू बनाइए। जनताको सुखसुविधाको लागि ढुङ्गेधारा, पोखरी, कुलो, बाटोघाटो, पुलपुलेसाहरू पनि बनाइए। यसरी धार्मिक एवं सामाजिक वास्तुकलाका संरचनाहरू निर्माण गर्ने, विभिन्न देवदेवीका प्रस्तर, धातु तथा काठका मूर्तिहरू स्थापना गर्ने आदि काममा मल्ल रानीहरूले पनि त्यतिकै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योगदान गरेका थिए ।

कुनै पनि सभ्यताको पहिचान त्यहाँको कला, साहित्य, सङ्गीतमा निर्मित सभ्यता र त्यस राष्ट्रको जनजीवनमा त्यसले पारेको प्रभावबाट बुझ्नुपर्ने हुन्छ । सभ्यता भन्नाले भौतिक सम्पदाहरू मात्र होइन, अभौतिक सम्पदाहरूलाई पनि लिनु पर्दछ । यस्ता अभौतिक सम्पदाहरूमा जात्रा, मेला, पर्व, नाच, गान, वाद्य, वेशभूषा, रीतिरिवाज, परम्परा आदि पर्दछन् ।

कान्तिपुरका राजा रत्न मल्ल र महेन्द्र मल्लहरूको समयमा पनि नेपाली कलाको विकास नभएको होइन । यी राजाहरूका वास्तुकलाका कीर्तिहरूबारे माथि उल्लेख गरिसकिएको छ । तर कान्तिपुरमा कलाको उल्लेखनीय विकास चाहिँ राजा शिवसिंह मल्लपछि नै भएको देखिन्छ । यिनको समय वि.सं.१६५७ मा पाटनमा प्रसिद्ध महाबौद्धको मृण (टेराकोटा) को शिखरशैलीको मन्दिर बनेको थियो । उक्त मन्दिर पाटनका एकजना तीर्थयात्री साहु अभयराजले भारतको बौद्धगयाबाट साथै ल्याएको बौद्धनाथ मन्दिरको नमुनामा यो मन्दिर बनेको छ । उक्त मृणको मन्दिर नेपालभित्र एकमात्र भव्य मृणको कलात्मक बौद्ध मन्दिर हो । उक्त मन्दिर शिखर शैलीमा बनेको छ र मन्दिरमा सहर्ष भगवान बुद्धका मूर्तिहरूं सजाइएका छन् । शिवसिंहकै पालामा कान्तिपुरमा मूर्तिकलाको विकास भएको देखिन्छ । मूर्तिहरू निर्माण गर्ने कला लिच्छविकालदेखि चल्दै आएको र समयअनुसार नेपाली कलाकारहरूले यसलाई परिर्वतनसहित निरन्तरता दिंदै आएको देखिन्छ । उनले वि.सं.१६५७ मा स्वयम्भू परिसरमा स्थापना गरेको प्रस्तरको विभूति रङको शिलामा कुँदिएको साढे, एक हातको पद्मपाणि लोकेश्वरको मूर्ति निकै प्रशंसनीय छ ।

शिवसिंह मल्लपछि राजा लक्ष्मीनरसिंह मल्लको समयमा पनि कान्तिपुरमा अनेक राम्राराम्रा मूर्तिहरू बने । तीमध्ये उदाहरणका रूपमा रहेका केही मूर्तिमा स्वयम्भूको पूर्वतर्फको सिँढी उक्लने बाटोमा दुवैतर्फ स्थापना गरिएका भूमि स्पर्श मुद्राका विशाल अक्षोभ्य बुद्धका मूर्तिहरू हुन् । (१)

मल्लकालका वागमती सभ्यताका धेरै पहिचानहरूमध्ये मल्ल राजाहरूका दरबारहरू, मन्दिरहरू, विहारहरू आदि वास्तुकलाका संरचनाहरू पनि मुख्य विशेषता हुन् । वि.सं.१६१९ मा राजा महेन्द्र मल्लले हनुमानढोका प्राङ्गणमा चतुर्मूर्ति विष्णुको प्रस्तरको प्रतिमा स्थापना गरी बनाएको मन्दिर हिजोआज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगन्नाथ देवलको नामले प्रसिद्ध छ । महेन्द्र मल्लले शुरु गरेको वास्तुकलाका उच्चकोटिका संरचनाहरूको निर्माणको कार्यलाई उनका पनाति प्रताप मल्लले शिखरमा पुऱ्याइदिए । प्रताप मल्लपछिका कान्तिपुरका मल्ल राजाहरूको मुख्य वासस्थानको रूपमा वि.सं.१७०५ मा उनले निर्माण गर्न लगाएको मोहनचोक नामले मात्र होइन, साँच्चिकै मोहन श्रीकृष्णसँग सम्बन्धित धेरै कलाकृतिहरूले भरिएको छ । त्यस समयमा चलेको चौक्वाथ वास्तुकलाको शैलीमा यो चोकको निर्माण भएको छ । प्रताप मल्लले यो चोकको पश्चिम लङ्ग भुइँतल्लाको वरन्डामा मृणका अष्टमातृका-कालिका मूर्तिहरू स्थापना गरेपछि भने यो चोकको नाम पनि मोहन-काली चोक हुन गयो । (२) मोहन-काली चोक मल्लकालीन कलाको एउटा विशिष्ट सङ्ग्रहालय नै हो । यहाँ प्रस्तर कला, काष्ठ कला, मृण कला, भित्तेचित्रहरू आदि कलाका सम्पूर्ण अङ्गहरू राखिएका छन् । हनुमानढोका क्षेत्रभित्र प्रताप मल्लका अनेकन् वास्तुकलाका अनुपम कीर्तिहरू अझै विद्यमान छन् । यिनै कीर्तिहरूलाई उचित मूल्याङ्कन गरी युनेस्कोले यस क्षेत्रलाई विश्व सम्पदा सूचीभित्र समावेश गरेको हो ।

हनुमानढोकाभित्र वरपर प्रताप मल्लका कीर्तिहरूमध्ये वि.सं.१६९९ मा स्थापना गरेको सिंहध्वजसहितको प्रस्तरको खम्बा, गोलाकार छाना भएको (हाल भूकम्पले भत्केको) कृष्ण मन्दिर, ने.सं.६७९ (वि.सं.१६१५) मा निर्मित नासलचोकको पञ्चमुखी हनुमानको मन्दिर, कालभैरवको मूर्तिसँगैको इन्द्रपुर नामक मन्दिर, वि.सं.१७०८ मा बनेको मोहनचोक भित्रको सुनधारा, त्रिशूलीचोकको प्रताप मल्लको परिवारसहितको सालिक राखिएको प्रस्तरको स्तम्भ, देगुतलेजु अगाडिको आफ्नो परिवारसहितको सालिकसहितको प्रस्तरको स्तम्भ, मरुटोलको कवीन्द्रपुर आदि मुख्य हुन् । स्वयम्भूमा कवीन्द्रपुर र प्रतापुरको निर्माण गर्नु, ने.सं.७७४ (वि.सं.१७१०) मा कनौजबाट आएका तान्त्रिक नरसिंह ठाकुरको सहयोगबाट प्राचीन गुह्येश्वरीको कुण्ड पत्ता लगाई अष्टदल कमलले छोपी देवस्थलको निर्माण गर्नु, ने.सं.७७५ (वि.सं.१७११) मा हनुमानढोकास्थित देगुतलेजु मन्दिरको उचाइ थपी तीन तल्ले बनाई पित्तलको छाना राख्नु, गुह्येश्वरी मन्दिर अगाडि शिलास्तम्भमाथि सिंह-मूर्ति स्थापना गर्नु, साँखु वज्रयोगिनीको मन्दिर निर्माण गर्नु, पशुपतिमा गजुर चढाई आफ्नो र रानीको सालिक राख्नु, पशुपतिमा वासुकी मन्दिरको निर्माण गर्नु, रानीपोखरीको मध्यभागमा शिव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्दिर बनाउनु जस्ता कार्यहरूबाट प्रताप मल्लको मूर्तिकला-वास्तुकलाप्रतिको प्रेम स्पष्ट हुन्छ ।(३)

वास्तुकलाकै अन्य संरचनाहरूमा प्रताप मल्लले भण्डारखाल बगैंचाभित्र ठूलो पोखरी बनाई त्यसमा ज्ञानेश्वरबाट ल्याइएका लिच्छविकालीन जलशयन नारायणको मूर्ति स्थापना गरे भनी विभिन्न वंशावलीहरूमा लेखिएको छ । तर नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको ने.सं.८६३ को 'पुष्प चिन्तामणि' नामक हस्तलिखित ग्रन्थको पुष्पिकामा यो मूर्तिलाई ने.सं.८६४ मा भण्डारखालमा ल्याई स्थापना गरेको भनी लेखिएको छ । तिथिको हिसाबले ने.सं.८६४ राजा जयप्रकाश मल्लको समयमा पर्दछ । तसर्थ यो मूर्ति स्थापना गर्ने राजा प्रताप मल्ल नभई जयप्रकाश मल्ल हुनु धेरै सम्भव छ । तर यस विषयमा अझै थप प्रमाणहरू जुटाउनु पर्ने आवश्यकता देखिन्छ । (४)

त्यसरी नै बुढानीलकण्ठतिरबाट ल्याएको काल भैरवको विशाल मूर्ति, सुन्दरी चोकभित्र ढुङ्गेधारा बनाई लाजिम्पाटबाट ल्याइएको अति सुन्दर लिच्छविकालीन कालियादमनको प्रस्तरको मूर्ति उनले स्थापना गरेका थिए। वास्तुकलाको साथसाथै उनले मूर्तिकलातर्फको आफ्नो प्रेम पनि विभिन्न ठाउँहरूमा देवदेवीका प्रस्तर र ढलौटका मूर्तिहरू स्थापना गरी देखाएका थिए। तीमध्ये प्राचीन गुनपो दरबारको मूल ढोकाको अगाडि प्रस्तरको विशाल हनुमानको मूर्ति स्थापना गरी आफ्नो दरबारलाई हनुमानढोका दरबारको नाम दिई प्रसिद्ध गरे । हनुमानढोका मोहनचोकको पश्चिम लङ्गको भुइँतल्लाको बरन्डामा मृणको अति उच्चकोटिको अष्टमातृका देवीहरूको स्थापना, हनुमानढोका नासलचोकभित्र पस्ने ढोकानिरै बायाँतर्फ प्रस्तरको अति नै भव्य र आकर्षक नरसिंहको मूर्ति बनाई ने.सं.७९२ मा स्थापना गरेको, स्वयम्भूमा शान्तिपुरको निर्माण, स्वयम्भूमा सुन मलम्मुवा गरेको ठूलो वज्रको स्थापना, काठमाडौं भीमसेन स्थानभित्र द्रौपदीको मूर्तिको स्थापना, तान्त्रिक नरसिंह ठाकुरको सहयोगबाट दक्षिणकालिकाको स्थापना, पशुपतिमा कोटीलिङ्गको स्थापना, रानीपोखरीको दक्षिणमा प्रस्तरको हात्तीमाथि आफ्नो परिवारसहितको प्रस्तरको सालिक निर्माणजस्ता आदि इत्यादि कुराहरूले यिनको वास्तुकला र मूर्तिकलाप्रतिको प्रेम र लगाव स्पष्ट झल्किन्छ । (५)

जसरी हुन्छ आफ्नो दरबारलाई भव्य बनाई सिँगार्ने उनको सौख थियो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्ने कुरा उनले उपत्यकाका विभिन्न ठाउँहरूबाट लिच्छविकालीन सुन्दर प्रस्तरका मूर्तिहरू आफ्नै दरबार वरिपरि जम्मा गरेबाट स्पष्ट हुन्छ । त्यतिमात्र नभई यिनले ने.सं.७८३ भक्तपुरका राजा जगज्योति मल्लले ठेचो गाउँको पोखरीको छेउमा स्थापना गरेको सुनको छाना भएको योगेश्वर महादेवलाई र पोखरीबीचको खम्बामा राखिएको सुनको फणादार नागलाई उठाई आफ्नो दरबारको भण्डारखाल बगैँचाभित्रको पोखरीमा राखेका थिए । यिनले भक्तपुरको इनाय टोलबाट ढुङ्गाका दुई सिंह पनि उठाएर ल्याई आफ्नो दरबारको त्रिशूलचोक जाने मूलढोकामा स्थापना गरेका थिए । (६)

यिनको विज्ञान र विदेशी वस्तुप्रतिको प्रेम, विभिन्न देशी–विदेशी वेशभूषा, वाद्यवादन, नृत्यप्रतिको जिज्ञासा, राजदरबारको जीवनचर्याबारे मोहनचोकको उत्तरी लङ्गको भुइँतल्लाको बरन्डामा रहेका प्रस्तरका फलकहरूबाट स्पष्ट थाहा पाउन सकिन्छ । वास्तवमा राजा प्रताप मल्ल नामले मात्र होइन कामले पनि प्रतापी थिए । पन्ध्र भाषामा अभिलेख कुँदाई आफ्नो दरबारको प्राङ्गणमा राख्ने, कवीन्द्र उपनाम धारण गरी गीत, सङ्गीत र साहित्यलाई प्रोत्साहित गर्ने, विविध शस्त्र र शास्त्रका ज्ञाता, ललितकलाका सबै विधाहरूमा पारङ्गत यी राजा प्रजावत्सल, विद्वान्, योग्य एवं मेधावी थिए । यिनको तुलनाका अरू कोही मल्ल राजा कान्तिपुरमा भएनन् ।

प्रताप मल्लले आफ्नो हनुमानढोका दरबारलाई भव्यमात्र बनाएनन्, विभिन्न देवदेवीका काष्ठ र प्रस्तरका बेजोडका मूर्तिहरू बनाई सिँगारेका पनि थिए । यिनको मोहनचोक त काष्ठकला र मूर्तिकलाको भण्डार मात्र होइन, एक भव्य सङ्ग्रहालय नै हो । प्रताप मल्लले मन्दिर मात्र बनाएनन् मन्दिरभित्र अनेकन् सुन्दर र कलात्मक मूर्तिहरू पनि स्थापना गरे । हनुमानढोकाको कृष्ण मन्दिर, जसलाई राधाकृष्णको मन्दिर पनि भनिन्छ, उक्त मन्दिरमा सत्यभामा र रुक्मिणीसहितको वंशगोपालको मूर्ति स्थापना गरे । मोहनचोकको ढुङ्गेधारा वरपरका मूर्तिहरू, चोकको उत्तर लङ्गको बरन्डामा कुँदिएका प्रस्तरका तीन तहका फलकहरू, जसबाट त्यस बखतको राजपरिवारको दैनिक जीवनचर्याबारे थाहा पाइन्छ । स्वयम्भूमा वज्र राखिएको पेटीका वरपर कुँदिएका बाह्रवटा जनावरका मूर्तिहरू कलाका दृष्टिकोणले उच्चकोटिका मानिन्छन् । प्रताप मल्लको समयमा बनेका यस्ता मूर्तिहरूका उदाहरणहरू प्रशस्तै छन् । (७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रताप मल्लपछिका कान्तिपुरका मल्ल राजाहरूले पनि वास्तुकला र मूर्तिकला आदिको विकासमा केही न केही योगदानहरू पुऱ्याउँदै आए। त्यस समयका केही उल्लेखनीय कीर्तिहरूमा भूपालेन्द्र मल्लकी रानी राजमाता भुवनलक्ष्मीले राखेर गएका अनेकन् कीर्ति हनुमानढोका दरबारमा देखिएका छन्। वि.सं.१७५९ मा भुवनलक्ष्मीले आफ्ना लोग्नेको सम्झनामा आनन्दभैरव र आनन्दभैरवीका सुनका प्रतिमा स्थापना गरिन्। प्रत्येक वर्ष इन्द्रजात्राको समयमा भगवतीको मन्दिरमुनि दलानमा राखेर ती प्रतिमाहरू प्रदर्शित गरिन्छन्। मूलचोकमा रहेको तलेजु मन्दिरको ढोका दायाँ–बायाँ रहेका गङ्गा र जमुनाका सुनका सुन्दर प्रतिमा पनि राजमाता भुवनलक्ष्मीकै कीर्ति हुन्। यसपछि उनले वि.सं.१७६७ मा आफ्नो दरबारका प्राङ्गणमा धातुको शिवलिङ्ग स्थापना गरी कामेश्वर (कागेश्वर) महादेव मन्दिर बनाउन लगाए।

भूपालेन्द्र मल्लपछि भाष्कर मल्ल, त्यसपछि जगज्जय मल्ल राजा भए। राजा जगज्जय मल्लले आफ्नो दिवङ्गत छोराको सम्झनामा हनुमानढोका दरबारको प्राङ्गणमा लक्ष्मीसहित वैकुण्ठ विष्णुको धातुको अति नै सुन्दर मूर्ति स्थापना गरी मन्दिर बनाइदिए। तर त्यो मन्दिर वि.सं.१९९० सालको भूकम्पमा भत्केपछि त्यहाँ रहेको सुनको मूर्तिलाई हनुमानढोका नासलचोकको पूर्वी लङ्गको दलानमा राखिएको छ। सो मूर्ति आजभोलि महाविष्णुको नामले पनि प्रसिद्ध छ। यी माथि उल्लेखित सबै धातुका मूर्तिहरू कलाको दृष्टिकोणले अति नै बेजोडका मानिन्छन्। (८)

माथि पनि भनिसकिएको छ, सभ्यताको एउटा महत्त्वपूर्ण सूचक भनेको त्यस समयमा विकास भएको साहित्य, सङ्गीत, नाटक र विज्ञान पनि हो। देशको आर्थिक समृद्धि जति धेरै भयो त्यति धेरै कलाका यी विधाहरूको पनि विकास भएको हुन्छ। एकातिर देशको आर्थिक समृद्धिको कुरा छ भने अर्कोतिर राज्यले अर्थात् त्यस बखतको शासक वर्गले यी विधाहरूलाई के कतिको महत्त्व दिई, प्राथमिकता दिई संरक्षकत्व प्रदान गरेका थिए, त्यसमा पनि निर्भर गर्दछ।

कान्तिपुरका राजाहरूमध्ये प्रताप मल्लले वागमती सभ्यतामा जेजति आयामहरू थपे, त्यसको तुलनामा अन्य राजाहरूको योगदानले खासै प्रसिद्धि पाउन सकेन। प्रताप मल्लपछि पनि कान्तिपुरमा खासगरी हनुमानढोका क्षेत्र वरपर केही भव्य र ओजपूर्ण स्मारकहरू एवं वास्तुकलाका संरचनाहरू नबनेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

होइनन् । यस्ता स्मारकहरूमा राजा पार्थिवेन्द्र मल्लको राज्यकालमा वि.सं.१७३७ मा हालको गद्दी बैठक अघिल्तिर त्रैलोक्य मोहन नारायणको मन्दिर (दश अवतार देखाउने मन्दिर जुन हाल पूर्णतया भत्केको छ) बन्यो । त्यसपछि उनले आफ्ना पिता प्रताप मल्ललेजस्तै तलेजु मन्दिर अगाडिको स्तम्भमाथि छोरा भूपालेन्द्र, आमा इन्द्रमती तथा दुई रानी राज्यलक्ष्मी र ऋद्धिलक्ष्मीसहित आफ्नो सालिक राखे । रानी ऋद्धिलक्ष्मीले शिवजीको विशाल एवं भव्य मन्दिर राखेर माजु देवल बनाइन् । भूपालेन्द्र मल्लका चौतारा (प्रधानमन्त्री) लक्ष्मीनारायण जोशीले काठमाडौंको रामचन्द्र मन्दिर अगाडि विशाल तीन छाने शिवजीको मन्दिर बनाए, जुन पछि जैसीदेवलको नामले प्रसिद्ध भयो । त्यस्तै मूर्तिकलामा त्यस बखत बनेको त्रैलोक्य मोहननारायण मन्दिरको अगाडि वि.सं.१७४६ मा स्थापना गरिएको भव्य गरुडको मूर्ति बेजोडको मात्र नभई आजसम्म पनि नेपाली प्रस्तर मूर्तिकलाको एउटा ज्वलन्त उदाहरणको रूपमा रहिरहेको छ । कान्तिपुरका अन्तिम मल्ल राजा जयप्रकाश मल्लले पनि वास्तुकलाका केही उल्लेखनीय संरचनाहरू निर्माण गरी वागमती सभ्यताको वास्तुकलामा थप श्रीवृद्धि गरे । यिनको वास्तुकलाप्रतिको प्रेम काठमाडौं कुमारी घरको निर्माणले देखाउँदछ । विहार वास्तुकला अझ भनौं चोक वास्तुकलाको परम्परागत नेपाली शैलीको यो कुमारी घर नेपाली काष्ठकलाले भरिपूर्ण झ्याल, ढोका, खम्बा, तोरण आदिले भरिएको छ । चोकको चारैतिर पेटीमुनि भित्तामा राखिएका मृणका फलकहरू अति नै राम्रा छन् । घरको दोस्रो तल्लमा मुख्य पूजा कोठातर्फ जाने बरन्डाका भित्ताहरूमा रहेका भित्तेचित्रहरूमध्ये सेतो मच्छिन्द्रनाथ, पचलीभैरव, भीमसेन, हिरण्यकश्यपु र हनुमान, शक्तिसहित गणेश आदिका भित्तेचित्रहरू उल्लेखनीय छन् । मुख्य सिंहासन पूजा कोठाभित्र अष्टमातृकाका देवीहरूजस्तै कुमारी, वाराही, महालक्ष्मी, वैष्णवी, इन्द्रायणी, चामुन्डा, ब्रम्हायणी आदि देवीहरू र राजा जयप्रकाश मल्ल स्वयम्को जीवालेख्य (Potrait) पनि छन् । ती सबै चित्रकलाका दृष्टिकोणले विशेष उल्लेखनीय मानिन्छन् । (९)

नेपाल उपत्यकाभित्र धार्मिक नाचगान भन्नासाथ त्यसमा गीत, सङ्गीत, नृत्य, वाद्यवादन, वेशभूषा आदि सबै ललितकलाका विधाहरू पर्दछन् । काठमाडौं उपत्यकाभित्र नचाइने यी नृत्य अथवा यी नृत्यनाटिकाहरू पनि प्राचीन धार्मिक ग्रन्थहरू र पौराणिक कथाहरूजस्तै महाभारत, रामायण, देवी महात्म्य,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वयम्भूपुराण, दिव्य अवदान, जातक कथाहरू आदिबाट लिइएका पाइन्छन्। कान्तिपुरका मल्ल राजाहरूले लिच्छविकाल र अन्तरिमकाल (ठकुजुकाल) मा प्रसिद्धि पाएका धार्मिक नाचगान र जात्राहरूलाई निरन्तरतामात्र प्रदान गरेनन् , तिनीहरूलाई भरपुर प्रोत्साहित गरी जात्रा नै जात्राको शहर भन्ने उपमासमेत दिन लायक बनाए। कान्तिपुरका राजाहरूमध्ये रत्न मल्ल, आनन्द मल्ल, अमर मल्ल, प्रताप मल्ल र जयप्रकाश मल्लको नाम नै यो शहरमा नाचगानहरू प्रोत्साहित गर्ने राजाका नामहरू हुन्।

राजा रत्न मल्लले वि.सं.१५४४ मा आफ्नी छोरी विरम्मादेवीको विवाह उत्सवमा चार अङ्कको रामायणको नाटक खेलाएका थिए। यसरी राजपरिवारमा विवाह, ब्रतवन्ध आदि सामाजिक उत्सवहरूमा धार्मिक नाटक, नृत्य नाटिका खेलाउने चलन ठकुजुकालमा निकै चलेको थियो। राजा सूर्य मल्लले साँखुको वज्रयोगिनीको खटयात्राको चलन चलाए भनेर वंशावलीहरूमा उल्लेख गरिएको पाइन्छ। सूर्य मल्लका छोरा अमर मल्लले भने कान्तिपुरलाई नाच र खटजात्राको शहर नै बनाइदिए। उनले देवपाटनको प्रसिद्ध त्रिशूल जात्रा, हरसिद्धिदेवीको नृत्य नाटिका, खोकनाको रुद्रायणि नाच, इन्द्रायणिको नाच, पचलीभैरवको नाच, कंकेश्वरीको नाच, लुमडी भद्रकालीको नाच, नरदेवीको श्वेतकालीको नाचसँगै घोडाजात्रा पाँहचह्रेको अवसरमा विभिन्न शक्तिपीठहरूमा देवीहरू लुमडी, भद्रकाली, कंकेश्वरी, लुचुभुलु, अजिमा आदिका खटयात्राहरू पनि चलाए। यी जात्राहरू हिजोआज पनि चलिरहेका छन्। (१०)

कान्तिपुरका मल्ल राजाहरूले साहित्यलाई निकै प्रोत्साहित गरी संरक्षकत्व प्रदान गर्दै नेपाल उपत्यकालाई साहित्य र कलाको रूपमा परिचित गराउन सफल भएका थिए। राजा महेन्द्र मल्लले शुरु गरेका भक्ति गीतहरूलाई नेवाः भाषामा रचना गर्ने परम्परा बस्यो। आफूलाई 'कवीन्द्र' भन्न मनपराउने राजा प्रताप मल्लले आफ्ना शिलालेखहरूमा त्यस्ता प्रशस्तै कविताहरू अङ्कित गराए। विश्वलाई आफ्नो परिचय 'कवीन्द्र' को रूपमा दिन मुद्रामा समेत 'कवीन्द्र' अङ्कित गराए। उनले नेवाः भाषा, संस्कृत र मैथली भाषामा रचनाहरू गरेका थिए। उनले भक्ति गीतका रूपमा खासगरी देवीभागवत् र मार्कण्डेय पुराणमा आधारित देवी महिषासुर मर्दिनीका स्तुति गीतहरू रचेको पाइन्छ। त्यस्तै उनले धार्मिक र नैतिक उपदेशका गीतहरू, शृङ्गार, प्रेम र सौन्दर्य सम्बन्धी गीतहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि रचेको पाइन्छ । (११)

नाटकको क्षेत्रमा मल्लकालमा शुरुदेखि नै मैथिली भाषामा नाटकहरू लेखिएका देखिन्छन् । राजा अमर मल्लको समयमा 'रामायण' र 'महाभारत' मा आधारित नाटक लेखिएका थिए भने राजा प्रताप मल्लको समयमा वंशमणि झाले शिव-पार्वतीको प्रेमसम्बन्धी 'गीत दिगम्वर' र 'मुक्ति मदालसा' नामका नाटक लेखेको पाइन्छ। मुक्ति मदालसा नाटकका अधिकांश भाग संस्कृत भाषामा लेखिएका छन् । (१२) कवीन्द्र राजा प्रताप मल्लले ने.सं.७७७ श्रावण कृष्ण पञ्चमी, बुधबारका दिन तुलापुरुष दान गरेको उपलक्ष्यमा 'गीत दिगम्वर' नाटक मञ्चन गराएका थिए । यस नाटकका रचनाकार मैथिली कवि वंशमणि उपाध्याय थिए ।

साहित्य, नाटक, नाचगानमा अति नै सौखिन राजा प्रताप मल्लले आफ्नो दरवार नजिकै नासल देवता नाट्यश्वर शिवको मन्दिर नै बनाए । हिजोआज त्यो मन्दिर 'कवीन्द्रपुर' को नामले प्रसिद्ध छ । भनिन्छ, कविन्द्रपुरलाई राजा प्रताप मल्लले नृत्य, नाटक आदि अभ्यास गर्ने थलोको रूपमा प्रयोग गर्नुका साथै राजा र राजपरिवार विभिन्न चाडपर्वहरूमा त्यहाँ बसी अगाडिको डबलीमा प्रदर्शन हुने नाचगानको अवलोकन गर्ने गर्दथे । संसारका विभिन्न भाषाहरूमा रुचि राख्ने राजा प्रताप मल्लले आफ्नो दरबारको प्राङ्गणमा पन्ध्रवटा भाषाहरू प्रयोग गरी अभिलेखहरू कुँदाइराखेका थिए । फारसी, रोमन आदि विभिन्न लिपिमा कुँदिएका हनुमाढोका प्राङ्गणमा रहेको ठूलो जलद्रोणीको उक्त अभिलेख र मोहनचोकभित्रको प्रस्तरको फलकमा देखाइएका युरोपेली वस्त्र लगाएका स्त्री, पुरुषहरूको मूर्ति जसमा एउटा बालकको हातमा दुरबिन पनि देखाइएको छ, ती कुराहरूले उनको समयमा नेपाल उपत्यकाभित्र युरोपेलीहरू आइसकेको प्रमाणित हुन्छ । भनिन्छ, त्यसबेला आएका अल्वर्ट डोरभिल भन्ने इसाई पादरीले उनलाई ज्योतिषसम्बन्धी सामानहरू अतिरिक्त एउटा दुरूबिन पनि दिएका थिए । (१३) मोहनचोकको प्रस्तरको फलकमा युरोपेली वाद्य गितार जस्तो देखिने बाजा लिएका स्त्रीहरू पनि छन् । हुनसक्छ त्यतिबेलादेखि नै नेपाली गीत-सङ्गीतमा विदेशी बाजाहरूको प्रयोग हुन थालेको थियो ।

प्रताप मल्लको नाचगानप्रतिको सोखलाई उनैले स्थापना गरेको वि.सं.१७३० को नासलचोक जाने ढोकाको दायाँतर्फ रहेको अति नै सुन्दर नरसिंहको प्रस्तरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूर्तिको पादपीठमा अङ्कित संस्कृत र नेवाः भाषाको अभिलेखले बुझाउँदछ। उक्त अभिलेखमा एक पटक राजा प्रताप मल्ल स्वयं नरसिंहको रूप लिई रङ्गशालामा उत्रेका थिए। त्यसबेलाको चलनअनुसार रङ्गशालामा सानो वेदिका बनाई नरसिंहलाई पूजा गरी राखेका थिए। नाच सकिएपछि त्यस वेदिकाबाट अनौठो आवाज निस्कन थाल्यो। सो आवाज त्यस वेदिकामा अदृश्य रूपले उपस्थित भएका स्वयं नरसिंहको आक्रोश थियो। यो कुरा बुझी राजा प्रताप मल्लले नरसिंहलाई शान्त पार्न यो मूर्ति स्थापना गरेका हुन् भन्ने कुरा अभिलेखमा अङ्कित छ। (१४)

सम्भवतः भारतमा गुप्तहरूले शुरु गरेको 'इन्द्रजात्रा' लाई लिच्छविहरूले नेपालभित्र ल्याए। इतिहासकार बाबुराम आचार्यको भनाइअनुसार लिच्छविकालको प्रारम्भमा वर्तमान काठमाडौं शहरको दक्षिणी भाग 'दक्षिण कोलिग्राम' मा 'इन्द्रगृह' नामक एउटा भव्य राज भवन रहेको र यसै राज भवनको नजिकैमा 'इन्द्रध्वजोत्सव' मनाइने गरेको हुनाले यस राज भवनको नाम इन्द्रगृह रहन गएको झलक पाइन्छ। कान्तिपुरका राजा प्रताप मल्लको राज्यकाल (वि.सं.१६४२ देखि १६७४) मा इन्द्र-यात्राको उत्सव उन्नत अवस्था पुगिरहेको थियो। यिनले इन्द्रध्वजोत्सवलाई 'इन्द्र-यात्रा' भन्ने नाम दिएर भव्यरूपमा मनाउन थालेको कुरा यिनको राज्यकालका अभिलेखहरूबाट थाहा पाइएको छ। इन्द्र-यात्राको निमित्त काठमाडौँ शहरका बाटाघाटाहरू सफा गराइने गरेको र राजभवन नजिकै इन्द्रध्वजोत्थापन गर्ने गरिएको पाइन्छ। राजभवनको आसपास सात-आठ दिनसम्म रातभर उज्यालो तुल्याई राख्नको निमित्त बत्तीहरूको विशेष प्रबन्ध मिलाइने गरेको पनि यिनका शिलालेखहरूबाट थाहा पाइएको छ। (१५) वास्तवमा प्रताप मल्लको राज्यकालमा वागमती सभ्यता उच्चतम् बिन्दुमा पुगेको थियो। कान्तिपुरलाई सम्पदाको शहर बनाउन उनको ठूलो योगदान रहेको छ।

प्रताप मल्लले ठकुजुकालमा बन्द भएको सेतो मच्छिन्द्रनाथ (लोकेश्वर) को रथयात्रालाई पनि पुनः सञ्चालन गरे। यो जात्रा पनि काठमाडौं उपत्यकाभित्रको अति नै रमाइला जात्राहरूमध्ये एक हो। उनको राज्यकालमा वागमती सभ्यतालाई निकै माथि उठाउन प्रश्रय दिनेहरू पनि थिए। उनलाई कला र संस्कृतिमा प्रोत्साहित गर्ने काम उनका दरबारमा प्रश्रय पाएका विद्वान्हरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेका थिए। तिनीहरूमध्ये शैव तान्त्रिक ज्ञानानन्द, दक्षिण भारतबाट आएका तान्त्रिक लम्वकर्ण भट्ट, बौद्ध तान्त्रिक जामुना गुभाजु मुख्य थिए।

प्रताप मल्लको मृत्युपछि काठमाडौंमा अस्थिरता आयो। उनका छोरा राजा पार्थिवेन्द्र मल्लले आफ्ना केही कीर्तिहरू राखेर गएका थिए। तीमध्ये उल्लेखनीय चाहिँ स्वयम्भू महाचैत्यको चारै दिशामा रहेका पञ्चबुद्धका अति सुन्दर मूर्तिहरू हुन्। सुन मलम्मुवा गरेका ती मूर्तिहरूको स्थापना उनैले गरेका थिए। उनको राज्यकालमा सामन्त भद्र गुभाजुले नगलटोलमा चैत्य स्थापना गरे। यो चैत्य पछि गएर श्रीघः विहारको नामले प्रसिद्ध भयो।

पार्थिवेन्द्र मल्लका छोरा, प्रताम मल्लका नाति भूपालेन्द्र मल्लले राघवानन्द स्वामीजस्ता विद्वान्हरूको सल्लाह लिई पशुपतिको वत्सलेश्वरीको जात्रा चलाउनुको साथै चाबहिल गणेशको जात्रा पनि चलाएका थिए। कवीन्द्र प्रताप मल्लका छोराहरू नृपेन्द्र मल्ल, पार्थिवेन्द्र मल्ल दुवै जनाका साहित्यिक रचनाहरू प्राप्त भएका छन्। पार्थिवेन्द्रकी रानी ऋद्धिलक्ष्मीदेवी पनि त्यस समयमा ख्यातिप्राप्त कवयत्री थिइन्। कान्तिपुरका अन्तिम राजा जयप्रकाश मल्ल नेवाः भाषाका एक प्रख्यात कवि थिए। गृह कलह, षडयन्त्र र बाहिरी आक्रमण भइरहेको अवस्थामा पनि साहित्य सिर्जना गर्नसक्ने राजा जयप्रकाश मल्ल साँच्चै नै प्रतिभाशाली राजा थिए। यिनले ने.सं.८८० मा 'रत्नेश्वर प्रार्दुभाव' र 'भैरव प्रार्दुभाव' नाटकहरू मञ्चन गराएका थिए।

राजा जगज्जय मल्लपछि उनका छोरा जयप्रकाश मल्ल राजा भए। उनी कान्तिपुरका अन्तिम मल्ल राजा थिए। उनको वास्तुकलाप्रतिको प्रेम वि.सं.१८१३ मा उनैले निर्माण गरेको कुमारी घरले बुझाउँदछ। उनको अर्को उल्लेखनीय कीर्तिचाहिँ बालाजु उद्यानको २१ धारा हो। यिनले इ.सं.१६५२ तिर कुमारीयात्राको उत्सव चलाई उक्त उत्सवलाई इन्द्रजात्राको उत्सवमा मिसाई झन् भव्य र राजकीय सम्मान दिए। कुमारीको पूजाआजा गर्ने चलन प्रताप मल्लको राज्यकालमा नै चलिसकेको भए तापनि कुमारी, गणेश र भैरवलाई रथमा राखी शहर परिक्रमा गर्ने चलन राजा जयप्रकाश मल्लले चलाएका हुन्। वागमती सभ्यतामा हुर्के-बढेको यो जात्रा काठमाडौं उपत्यकाको मुख्य जात्राको रूपमा रहेको छ। यसलाई राष्ट्रिय-अन्तर्राष्ट्रिय जगत्मा समेत ख्यातिप्राप्त जात्रा हो भन्नुमा कुनै अत्युक्ति हुनेछैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिच्छविकालपछि अन्तरिमकाल, ठकुजुकाल र पूर्व मल्लकालमा नेपाल–मण्डलको राजधानी शहरको रूपमा विकसित भएको भक्तपुर शहर धेरै वर्षसम्म कला र संस्कृतिको केन्द्रको रूपमा पनि विकसित भयो। गोपालराज वंशावली अनुसार अन्तरिमकालमा देव र कामदेव नामधारी राजाहरूले भक्तपुरको 'त्रिपुर' र 'थुथनिमम्' दरबारहरूमा बसी शासन चलाएका थिए। भक्तपुरलाई राजधानी बनाई राज्य गर्ने पहिलो राजा आनन्ददेव (ने.सं.२६७, वि.सं.१२०३) थिए। आनन्ददेवको समयदेखि ने.सं.४८७ (वि.सं.१४२४) मा जयस्थिति मल्लको उदय नभएसम्म नेपाल उपत्यकाको राजनीतिक अवस्थामा अस्थिरता रह्यो। करिब दुई शताब्दीसम्म नेपाल उपत्यकाभित्र प्राकृतिक प्रकोपहरू जस्तै अनिकाल, भुइँचालो, अतिवर्षा, खसहरूको आक्रमण, मुसलमानहरूको आक्रमण, सामन्तहरूबीच झैंझगडा, तिरहुतेहरूको प्रवेश आदि घटनाहरूले प्रभाव पारेका थिए। यसरी विपत्तिहरू झेलिरहनु परेको अवस्थामा पनि नेपाल उपत्यकाभित्र वागमती सभ्यताको विकास र निरन्तरता भने कायमै रह्यो।

भक्तपुरका सबैभन्दा पहिलो स्वतन्त्र राजा यक्ष मल्लका जेठा छोरा राय मल्ल थिए। राय मल्ल पछि राजा भए। राय मल्लपछि सुवर्ण मल्ल, जसले भक्तपुरलाई नाचगानको शहर बनाउने कामको श्रीगणेश गरे। उनीपछि प्राण मल्ल, विष्णु मल्ल, त्रैलोक्य मल्ल, जगत्ज्योति मल्ल भए। जगत्ज्योति मल्ल ज्योतिषशास्त्रका धुरन्धर विद्वान् थिए। उनले संस्कृत भाषामा धेरै ग्रन्थहरू लेखेका थिए। त्यसपछि नरेन्द्र मल्ल, जगत्प्रकाश मल्ल, सुमति जयजितामित्र मल्ल भए। जयजितामित्र मल्लले सुमतितन्त्र नामक प्रसिद्ध ज्योतिष विज्ञानसम्बन्धी ग्रन्थ लेखेका थिए। भूपतीन्द्र मल्ल जसका कीर्तिहरूले भक्तपुर भरिएको छ। त्यहाँका अन्तिम राजा रणजीत मल्ल भए।

बाह्रौं शताब्दीमा भारतका कवि जयदेवले 'गीत–गोविन्द' (राधा र कृष्णको प्रेमबारे) का भक्ति गीतहरू रचना गरेको लगत्तैपछि यसको प्रचार–प्रसार छिमेकी मुलुक नेपाल उपत्यकाभित्र पनि बढो महत्त्वकासाथ हुन थाल्यो। राजा राय मल्लले ने.सं.६१६ (वि.सं.१४९६) मा 'गीत गोविन्द'लाई नेवाः भाषामा लेख्न लगाएका थिए। तद्उप्रान्त नेपाल उपत्यकाभित्र भजन घरहरूमा र मन्दिरहरूमा गीत गोविन्दका भजनहरू गाउन थालियो। केही पछि गएर चैतेन्य र मीरावाइका भक्ति गीतहरूले पनि यस उपत्यकाभित्र प्रसिद्धि पाउन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थाले । यसरी राय मल्लको समयदेखि शुरु भएको भक्ति गीतहरू गाउने चलन मल्लकाल र शाहकालमा समेत विकसित भयो । नेपाल उपत्यकाभित्र अझै पनि यो चलन कायमै छ । (१६)

• भक्तपुरलाई नाचगानको शहर बनाउने कामको शुरुआत भने राजा सुवर्ण मल्लले गरेका थिए । भक्तपुरको प्रसिद्ध नवदुर्गा नाच र बोडे शहरमा महालक्ष्मीको नाच तिनैले चलाएका थिए । नेपाल उपत्यकाभित्र त्यसमा पनि खासगरी भक्तपुरको लागि नवदुर्गा नाचको ठूलो महत्त्व र महिमा छ । उपत्यकाभित्र हालसम्म चलिरहेका र वागमती सभ्यतालाई नाचगानले धनाढ्य बनाउने नाचहरूमध्ये भक्तपुरको नवदुर्गा नाचले पनि विशिष्ट स्थान ओगेटेको छ । नवदुर्गालाई भक्तपुरकी प्रमुख संरक्षक देवी मानिन्छ । यो नाच भक्तपुरका बासिन्दाहरूको लागि एउटा धार्मिक नाच मात्र नभई सबैलाई एकै सूत्रमा बाँधिराख्ने एउटा महत्त्वपूर्ण सांस्कृतिक एवं धार्मिक कडी पनि हो । यस नाचमा महाकाली, वैष्णवी, ब्रम्हायणी, इन्द्रायणी, महेश्वरी, कुमारी, वाराहीभैरव, गणेश, श्वेतभैरव, सिंहिनी, व्याघ्रिनीले मुखुन्डो लगाएका हुन्छन् । महालक्ष्मीको प्रतिनिधित्व एउटा सानो चाँदीको आकारविहीन मूर्तिले गर्दछ । उक्त महालक्ष्मीको मूर्तिलाई रातो कपडाले छोपेको एउटा कलश, जसलाई सिफाद्योः भनिन्छ, त्यससँगसँगै खटमा राखिएको हुन्छ । नवौं दुर्गाको रूपमा त्रिपुरा सुन्दरीले वाद्यवादकहरूको वाद्ययन्त्रहरूबाट प्रतिनिधित्व गर्ने गरिन्छ । गठामुगः अर्थात् घण्टाकर्ण चर्तुदशीको दिनदेखि नवदुर्गाको नाचको कार्यक्रम शुरु हुन्छ । किनभने त्यस वर्षको रोपाईँको यो अन्तिम दिन हो । त्यसैदिन गुठियार कुम्हा नाइकेकहाँ गई त्यस वर्ष मुकुण्डो बनाउन तयार गरिएको नयाँ माटोको पूजा गर्ने गरिन्छ ।

नवदुर्गा नाच भन्नु नै एउटा धार्मिक जुलुस जस्तै हो । यो नाच भक्तपुर नगरका २१ वटा चोकहरू र १९ वटा गाउँहरूमा देखाउने गरिन्छ । भक्तपुरमा करिब ११ महिना चल्ने यो नाच, घण्टाकर्ण चतुर्दशी अर्थात् श्रावण महिनादेखि शुरु भई भलवल अष्टमीको दिन असार महिनामा मात्र समाप्त हुन्छ । असारदेखि श्रावणसम्म करिब एक महिना रोपाईँको लागि मात्र यो नाचले विश्राम लिन्छ । किनभने यो नाच भक्तपुरको कृषक समुदाय र कृषिसँग सम्वन्धित छ । यो एक महिना कृषकहरू रोपाईँमा व्यस्त हुन्छन् । त्यसपछि धानको बाली भित्र्याउने समय कार्त्तिकदेखि लिएर वर्षायामको शुरु अर्थात् रोपाईँको शुरु सिठि अर्थात्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुमार षष्ठीसम्म यो नाच यथावत चलि नै जान्छ । सिठिको दिन मानिसहरूले नवदुर्गाको द्योः छेँमा आई यस वर्षको लागि अन्तिम पटक वलिसहित पूजा गर्दछन् । असार कृष्ण अष्टमी अर्थात् भलवल अष्टमीको दिन नवदुर्गा टोलीले त्यस वर्षको अन्तिम पटक शहर परिक्रमा गर्दछ । व्रम्हायणीको नजिकैको नदी किनारमा सबै मखुन्डोहरूको दाहसंस्कार गरिन्छ । सिफाद्योःको कलशमा राखेको जिउँदो माछालाई नदीमा छोडिन्छ । यसरी त्यस वर्षको नवदुर्गाको नाचको चक्र समाप्त हुन्छ । (१७)

सुवर्ण मल्लपछि प्राण मल्ल र प्राण मल्लपछि विष्णु मल्ल भक्तपुरका राजा भए । राजा विष्णु मल्ल कवि एवं ठूला धर्मात्मा राजा थिए । यिनले 'विद्याविलाप' नामक नाटक रचेका थिए । यी राजाले भक्तपुरको सवैभन्दा प्रमुख जात्रा विस्केट जात्रालाई विस्तृतरूपमा चलाई देखाउने बन्दोबस्त गरिदिए । कान्तिपुरको इन्द्रजात्रा, ललितपुरको रातो मच्छिन्द्रनाथको जात्रा भनेझैँ भक्तपुरको सबैभन्दा ठूलो र भव्य जात्रा विस्केट जात्रालाई नै मानिन्छ ।

विस्केटजात्राको शुरुआत लिच्छविकालमा भएको थियो भनेर भनिए तापनि यसको ऐतिहासिकताको प्रमाण भने मल्लकालभन्दा अगाडि जाँदैन । राजा विश्व मल्ल (इ.सं.१५४७-१५६०) ले भैरव भद्रकालीको रथयात्रा गरी विस्केटजात्रा चलाएको कुरा विभिन्न वंशावलीहरूमा लेखिएको छ । केही इतिहासकारले भने यो जात्रा राजा जगज्योति मल्ल (इ.सं.१६१३-१६६७) ले चलाएका हुन् भनेर भनेका छन् । भक्तपुरका प्रसिद्ध राजा भूपतीन्द्र मल्ल (इ.सं.१६९६-१७२३) ले यो जात्रालाई नौ दिन तथा आठ रातसम्म भव्यताकासाथ मनाउने थिति बाँडिदिए । प्रत्येक वर्ष चैत्र मसान्तको दिनमा यो जात्रा भक्तपुर तलेजुका दुईमाजु देवीको जात्राबाट शुरु हुन्छ । राजा रणजीत मल्लको समयमा दुईमाजु देवीको जात्राले विशेष महत्त्व पाएका थिए । विस्केटजात्राको अवसरमा भक्तपुरका विभिन्न मन्दिरहरूमा जोगीचक्र पूजा गरिन्छ । प्राप्त विवरणअनुसार भेलुखेलमा विस्केटको लिङ्गो जात्रा हुने दिन अर्थात् चैत्र मसान्तको दिन भक्तपुरका राजा विश्व मल्लले टौमढीटोल अवस्थित श्री भैरवनाथको मन्दिर अगाडि वेदी (डबली) निर्माण गरी जोगीचक्र पूजा चलाएका थिए । (१८)

विस्केटजात्रा सम्बन्धी धेरै किंवदन्तीहरू छन् । यो जात्रामा टौमढी टोलको आकाशभैरव र भेलुखेलको भद्रकालीलाई रथमा राखी जात्रा गरिन्छ । विस्केट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जात्रा शुरु गर्नु पहिले चैत्र मसान्तको दिन तान्त्रिक विधिविधानअनुसार भेलुखेलमा लिङ्गो पूजा गरी उक्त लिङ्गोमा विश्व ध्वजाहरू राखी उभ्याइन्छ। उक्त एक जोडी विश्व ध्वजालाई नागनागिनी पनि भनिन्छ। यसबारे पनि रोचक दन्त्य कथाहरू छन्। विस्केटको समयमा नै वि.सं. को नयाँ वर्षको पहिलो दिन पर्ने हुनाले पनि नेपालीहरूको समाजमा यस जात्राले ठूलो महत्त्व र मान्यता प्राप्त गरेको बुझिन्छ। चैत्र मसान्तको दिन भेलुखेलमा भैरव भद्रकालीको रथ पुगेपछि विधिवत् पूजाआजा गरी ठूलो हर्षोल्लासका साथ लिङ्गो उठाउने काम गरिन्छ। वैशाख १ गते भैरव र भद्रकालीको उपस्थितिमा लिङ्गों ढालिन्छ। लिङ्गो ढाल्नुअघि भक्तपुरको खौमाटोलस्थित इन्द्रायणीको फूलप्रसाद भेलुखेलमा पुऱ्याइसकेपछि मात्र लिङ्गो ढाल्ने काम हुन्छ। सोही दिन भैरव र भद्रकालीको रथ तानेर गःहिटीमा पुगेपछि ती दुवै रथले एक अर्कालाई अभिवादन गर्न लगाइन्छ। यो प्रक्रियालाई खः ल्वाकिगु भनिन्छ। विस्केटको अवसरमा भक्तपुर शहरभित्र नै खटयात्राहरू गरिन्छन्। खौमाटोलकी इन्द्रायणी देवी, तेखाचो टोलकी वाराही देवी, भोलाछेंकी महाकाली, कटुन्जेका लाखाभैरव, क्वालाछें टोलका ज्यठा गणेश र वुलुचाका वटुकभैरव, तौलाछें टोलकी ब्रम्हायणी, इनाचो टोलकी महेश्वरी र अन्तमा चोछें टोलका छुमा गणेशको जात्रा गरिन्छ। यसरी करिव आठ दिनसम्म भक्तपुरमा विस्केट जात्रा बडो धुमधामसाथ मनाइन्छ। वास्तवमा भक्तपुरको यो प्रमुख जात्रा हो र यस जात्राले राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रसिद्धि कमाइसकेको छ। यो जात्रा वागमती सभ्यताको प्रसिद्ध जात्राहरूमध्ये एक हो। (१९)

भक्तपुरका राजाहरूमध्ये राजा जगज्योति मल्ल (ने.सं.७३३–७५६, वि.सं.१६६९–१६९३) ले वागमती सभ्यताको जगमा केही ईँटाहरू थपेको देखिन्छ। संस्कृति, साहित्य र सङ्गीतमा यिनको ठूलो अभिरूचि थियो। ज्योतिषशास्त्रमा पनि यिनी धुरन्धर विद्वान् थिए। यिनले संस्कृत भाषामा धेरै ग्रन्थहरू लेखेका थिए। नाटक लेखेर देखाउने काममा पनि यिनको उत्तिकै रुचि थियो। यिनले हरगौरी विवाह, कुन्ज विहारी र कुलनयाइव आदि नाटकहरू लेखी आफैँले पनि अभिनय गरी देखाएका थिए। यिनी नेवाः भाषामा पनि निपुण थिए। यिनले नेवाः भाषामा काव्यहरू लेखी यो भाषाको विकासमा ठूलो टेवा पुऱ्याएका थिए। यिनले आफ्नो दरबारका मैथिली विद्वान् कवि वंशमणि झासँग मिली भारत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाट्यशास्त्रको आधारमा 'सङ्गीतचन्द्र' नामक ग्रन्थ नेवाः भाषामा लेखेका थिए। यिनले 'गीत पञ्चासिका' मैथिली भाषामा र 'सप्त ताल गीत' संस्कृत भाषामा रचना गरेका थिए। यिनका धेरैजसो रचनाहरू मैथिली भाषामा र केही संस्कृत भाषामा छन्। यिनको समयदेखि मल्ल राजाका रानीहरू, मन्त्रीहरू र दरबारका पण्डितहरूले नेवाः भाषालाई माध्यम बनाई काव्यहरू रचना गर्ने परम्परा बस्न गएको देखिन्छ। यिनको काव्य 'नानार्थ पञ्च गीत' हाल नेपाल राष्ट्रिय अभिलेखालयमा सुरक्षित छ। (२०) यिनको समयमा भाषा र साहित्यको ठूलो विकास भएको देखिन्छ। भाषा र साहित्यको विकास भन्नु नै त्यस देश र समाजको श्रीवृद्धि र सभ्यताको पहिचान हो। उनको राज्यकालमा लेखिएका विभिन्न ग्रन्थ तथा नाटकहरूमा 'नरपति जय चर्या स्विरोदय दीपिका', 'सङ्गीत भाष्कर', 'गीत दिगम्वर' आदि मुख्य हुन्। (२१) यिनले आफैँले नाटकहरू मात्र लेखेनन्, समकालीन नाटकारहरूलाई पनि प्रोत्साहित गर्ने काम गरेका थिए। ने.सं.५४५ मा ललितपुरमा राजश्री महाविहारको स्थापना भएको उपलक्ष्यमा १२ दिनसम्म लक्षाहुति गरी नाटककार रामभारोको 'वीरवाहु' मञ्चन गराएको अवसरमा यिनी आफैँ नाटक हेर्न ललितपुर आएका थिए। (२२)

राजा जगज्योति मल्लले नेपाली वास्तुकला र मूर्तिकलाको विकासमा पनि आफ्नो योगदान पुऱ्याएको देखिन्छ। भक्तपुरका विभिन्न ठाउँहरूमा विभिन्न देवदेवीहरू स्थापना गर्नुका साथै कान्तिपुर हनुमानढोका परिसरमा महाविष्णुको ठूलो दुई छाने मन्दिर निर्माण गरेका थिए। वि.सं.१९९० सालको भूकम्पमा उक्त मन्दिर भत्केपछि त्यसमा प्रतिस्थापित गरिएको महाविष्णु भनिने प्रसिद्ध लक्ष्मीसहित वैकुण्ठको सुनको मूर्ति हाल नासलचोकको पूर्वी दलानमा राखिएको छ। यस मूर्तिलाई त्यस समयको धातु मूर्तिकलाको एउटा विशिष्ट नमुना मानिन्छ। (२३)

राजा जगज्योतिका नाति राजा जगत्प्रकाश मल्ल (ने.सं.७५९-७९३) को समयमा पनि भक्तपुर राज्यमा नेवाः भाषा र साहित्यमा निकै उन्नति भएको देखिन्छ। यी राजा आफैँ संस्कृतका धुरन्धर विद्वान् थिए। यिनको मैथिली, बंगाली, हिन्दी र नेवाः भाषामा राम्रो दखल थियो। यिनी आफैँ पनि कवि थिए। यिनी जगच्चन्द्र नाममा कविता लेख्दथे र यसै नामबाट यिनी प्रसिद्ध पनि थिए। विभिन्न अभिलेखहरूमा पनि यिनी यसै नामले चिनिन्थे। यिनले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रचेका गीतहरू नाटकका पुस्तक र दाफा भजनका पुस्तकमा प्रशस्त पाइन्छन् । यिनले ने.सं.७८० मा संस्कृत र मैथिली भाषामा 'गीतावली', नेवाः भाषा, संस्कृत र मैथिलीमा 'गीत सङ्ग्रह' र मैथिली भाषामा नै 'ना ना रङ्ग गीत' र 'पद्म समुच्यय' काव्यहरू लेखेका थिए । नाटकमा पनि यिनको ठूलो देन छ । यिनको 'पारिजातहरण' भन्ने नाटक 'श्रीकृष्ण रुक्मिणी परिणय', 'शिव पार्वती परिणय', 'माधव नल कामकन्दला', 'श्रीकृष्ण चरित्र' र 'मूल देव शशीदेवो पाख्यान' आदि नाटकहरू प्रसिद्ध छन् । नेवाः भाषा, मैथिली भाषा र संस्कृत भाषामा यिनका सयौं कविता र गीतहरू पाइन्छन् । (२४) नाटककार राजा जगत्प्रकाश मल्लले कान्छा छोरा उग्र मल्लको उपनयनमा आफैँले लेखेको नाटक 'मदनचरित' मन्चन गराए । यिनै नाटककार राजाद्वारा रचित अर्को नाटक 'मलय मन्धिनी' पनि मञ्चित भएको थियो । (२५)

राजा जगत्प्रकाश मल्लको मृत्युपछि उनका जेठा छोरा जितामित्र मल्ल भक्तपुरका राजा भए । यिनले भक्तपुरको थंथु दरबार प्राचीन त्रिपुर दरबारसँगै वि.सं.१७३५ मा निर्माण गरेका थिए । यो दरबारको वास्तुकलाबारे हाल धेरै प्रमाणहरू लोप भइसके तापनि त्यस दरबारभित्रको कुमारीचोक, मूलचोक आदिको वास्तुकला र कलाकृतिहरूबाट उक्त दरबारको भव्यता र सुन्दरताबारे थाहा पाउन सकिन्छ । चोक वास्तुकलामा निर्माण गरिएको कुमारी चोकको दलानका भित्ताहरूमा टाँसिएका अनगिन्ती भव्य सुन्दर प्रस्तरका मूर्तिहरू, टुँडालहरू र ठाउँ ठाउँका भित्ताहरूमा देखिएका भित्ते चित्रेहरू निकै राम्रा र उच्चकोटिका मानिन्छन् । यसरी प्रस्तर मूर्तिकला, काष्ठकला र भित्तेचित्रकलाले भरिएको कुमारी चोकको निर्माण कार्य पूरा गर्न पन्ध्र वर्ष लागेको थियो भनी तत्कालीन एक अभिलेखमा पनि उल्लेख गरिएको छ । (२६)

भक्तपुर दरबार क्षेत्रलाई वास्तुकलाका अनेकन् अनुपम नमुनाहरूले सजाई यस दरबार क्षेत्रलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नसक्ने क्षमतामा कामको जग बसाल्ने अभियानको आरम्भ राजा जितामित्र मल्लको समयमा भएको थियो भन्दा कुनै अत्युक्ति नहोला । उनले सन् १६८२ मा दरबार क्षेत्रको पूर्वोत्तोर कुनामा छाने शैलीको तीन तले भव्य हरिशङ्करको मन्दिर निर्माण गरेका थिए । साथै तीर्थयात्रु र श्रद्धालुहरूलाई बस्ने सुविधाको लागि नजिकै एउटा लामो लायकु फल्चाको पनि निर्माण गरेका थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्तपुरको प्रसिद्ध वसन्तपुर दरबार (हाल राष्ट्रिय चित्र सङ्ग्रहालय रहेको भवन) को भाग र त्यही वरपर उक्त दरबारका लङ्ग तथा चोकहरू हाल भत्केर पाताल भइसके तापनि त्यसको निर्माणको श्रेय पनि राजा जितामित्र मल्ललाई नै दिइन्छ। पचपन्न झ्याले दरबारको ठीक बायाँतर्फ रहेको हरिशङ्करको मन्दिरसँगै जोडिएको पाँच तहको पेटीमाथि निर्माण गरिएको शिखर शैलीको प्रसिद्ध सिद्धिलक्ष्मीको मन्दिरको निर्माणको श्रेय पनि जितामित्र मल्ललाई नै दिइन्छ। यो मन्दिर वि.सं.१९९० सालको भूकम्पपछि पूर्णरूपमा जीर्णोद्धार हुन नसकी खाली पेटी र पेटीमा द्वारपालको रूपमा राखिएका प्रस्तरका हात्ती, सिंह आदिका मूर्तिहरू र गजुरसहितको राणाकालीन देवालय शैलीको रूपमा यसलाई सुरक्षित गरिएको छ। नेपाली वास्तुकलाको एक अभिन्न अङ्गझैं रहेको र त्यसैबेला उपत्यकाका अन्य समकालीन मल्ल राजाहरूले पनि आ-आफ्ना दरबार परिसरभित्र निर्माण गरिएझैँ उनले पनि आफ्नो दरबार परिसरभित्र ढुङ्गेधारा र पोखरी बनाएका थिए। दरबारको उत्तरपूर्व दिशातर्फ रहेको यो ढुङ्गेधारा, सुनको नाकको खम्बा र पोखरी पनि अन्य समकालीन मल्ल राजाहरूको दरवारमाभन्दा कम आकर्षकचाहिँ थिएनन्। तर सुमति जयजितामित्र मल्लका धेरै कीर्तिहरू ने.सं.८०१ (वि.सं.१७३७) पौषमा आएको ठूलो भूकम्पबाट नष्ट भएका थिए। (२७)

नेवाः भाषा, साहित्य र नाटकको क्षेत्रमा पनि राजा सुमति जयजितामित्र मल्लको ठूलो योगदान छ। उनले नेवाः भाषामा प्रशस्त कविता र गीतहरू रचेका थिए। उनले आफ्ना समकालीन कविहरूका कृतिमासमेत पुष्पिका वाक्यमा आफ्नो नाम उल्लेख गराई साहित्यप्रति आफ्नो अनुराग र प्रेम देखाएका धेरै प्रमाणहरू नेपाल राष्ट्रिय अभिलेखालयमा सुरक्षित हस्तलिखित ग्रन्थहरूमा पाइन्छ। नाटकको क्षेत्रमा उनले 'आध्यात्म रामायण' नाटक खेलाएका थिए। मैथिली भाषामा उनका धेरै नाटकहरू छन्। साथै भजन किताबहरूमा पनि धेरै भक्ति गीतहरू छन्। शृङ्गार रस खासगरी राधा र कृष्णको प्रेमलीलाबारेमा पनि उनले गीत-कविताहरू रचेका थिए। (२८)

सुमति जयजितामित्र मल्लपछि उनका योग्य छोरा भूपतीन्द्र मल्ल भक्तपुरका राजा भए। भक्तपुरलाई कला र संस्कृतिका सबै पक्षहरूबाट धनाढ्य र सुन्दर बनाई नेपाल उपत्यकाभित्र मल्लकालीन सभ्यतालाई शिखरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुऱ्याउने काम राजा भूपतीन्द्र मल्लले गरेका थिए । भक्तपुरलाई वास्तुकलाको उच्चतम कीर्तिहरूले सिँगार्ने काम यिनले नै गरे । भक्तपुरको पचपन्न झ्याल भएको भव्य काष्ठकला र भित्तेचित्रले भरिभराउ दरबार, टौमढीटोलको प्रसिद्ध भैरव मन्दिर र विश्वविख्यात नेपाली छानेशैलीको विशाल मन्दिर न्यातापौ उनैका कीर्तिहरू हुन् ।

कान्तिपुरका राजा प्रताप मल्ल, पाटनका राजा सिद्धिनरसिंह मल्ल र भक्तपुरका राजा भूपतीन्द्र मल्ल – यी तीन लगभग समकालीन राजा थिए । यी तीन राजाहरूले नेपाः उपत्यकाभित्र जन्मेको, हुर्केको र विकसित भएको मल्लकालीन संस्कृति र सभ्यतालाई उच्च शिखरमा पुऱ्याई नेपाः उपत्यकालाई विश्वमा शिर ठाडो पारी बस्नसक्ने बनाए । सभ्यताको पहिचान देखिने वास्तुकलाका नमुना तथा संरचनाहरू, कला र संस्कृतिका विभिन्न विधाहरू जस्तै नाचगान, साहित्य, नाटक, जात्रापर्वहरूले यस उपत्यकालाई नै भरिपूर्ण पारिदिए ।

नेपाली वास्तुकलाको छानेशैलीको सबैभन्दा अग्लो र भव्य मन्दिर न्यातापो अर्थात् पाँच तले मन्दिरको निर्माण भक्तपुरका अति प्रसिद्ध राजा भूपतीन्द्र मल्लले ने.स.८२२ मा गरेका थिए । यो मन्दिरको उचाइ १०८ फिट अर्थात् ३३.२३ मिटर छ । यो मन्दिरमा पाँच तला र पाँचै तह छाना छन् । यसको फलेपेटी पनि पाँचै तहका छन् । मन्दिरको गर्वगृहभित्र भक्तपुरका मल्ल राजाहरूले अतिनै मान्दै र पुज्दै आएका प्रमुख स्वेष्टदेवी सिद्धिलक्ष्मीको भव्य र विशाल एवं सुन्दर प्रस्तरको मूर्ति स्थापित छ । उक्त मूर्तिमा सिद्धिलक्ष्मी देवीका नौ मुख, अठार हात भएका तीन तहको संयुक्त मूर्ति छ । तीन तहको यो मूर्ति पूर्णतया तान्त्रिक विधिविधानअनुसार निर्माण गरिएको छ । सिद्धिलक्ष्मीको दायाँतर्फ महाकाल भैरवको मूर्ति छ र बायाँतर्फ श्मशान भैरवको मूर्ति छ । देवीको आसनमा वीर बेतालको मूर्ति छ । वीर बेतालको आसन मूर्तिमाथि महारुद्रको मूर्ति र त्यसमाथि मात्र सिद्धिलक्ष्मीको मूर्ति राखिएको छ ।

नेपाली छानेशैलीको यो अनुपम मन्दिरको वास्तुकला, काष्ठकला र मूर्तिकला आज विश्व प्रसिद्ध छ । यो मन्दिर नेपालीहरूको कलाकारिता र कलाप्रतिको प्रेम र समर्पणको नमुना मात्र नभई नेपाल एकताको गौरवको प्रतीक पनि हो । किनभने यो मन्दिरको निर्माण कार्यमा भक्तपुरका मात्र होइन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपत्यकाभित्रका विभिन्न गाउँ ठाउँहरूबाट पनि कलाकर्मीहरू आई काममा मद्दत गरेका थिए । सात गाउँ – बनेपा, पनौती, धुलीखेल, साँगा, नाला, खड्पू र चौकाट तथा पाँगा, चोभार, नगाउँ, सतुङ्गल, बलम्बू, लोकथली र चुगाउँ जस्ता सानो गाउँबाट पनि कलाकर्मीहरू आई मन्दिरको निर्माणमा योगदान पुऱ्याएका थिए ।

यत्रो ठूलो, अग्लो, विशाल र भव्य मन्दिरको निर्माण कार्य राजा भूपतीन्द्र मल्लले वर्ष दिन पनि नहुँदै करिब सात महिनाभित्रै सकाएका थिए । यो मन्दिरको निर्माण गर्दा राजाले त्यसै ठाउँलाई रोजेका थिए जहाँ पहिले सानो परिमाणको पाँच तले मन्दिर थियो । उनले सो ठाउँ वरपरका केही अन्य ठाउँहरूसमेत लिई यो भव्य मन्दिर निर्माण गरेका थिए भन्ने कुरा उक्त मन्दिरको निर्माण कार्य सकिएपछि गरिएको सिद्धानि–कोट्याहुति देवल प्रतिष्ठा अभिलेख ग्रन्थमा उल्लेख गरिएको छ । (२९)

यो मन्दिरको अर्को विशेषता हो मन्दिरको भुइँ तलादेखि माथि देवगृहको प्रवेशद्वारसम्मको पाँचै पेटीकोको माथि उक्लने भऱ्याङको दायाँ बायाँ विभिन्न प्रस्तरका मूर्तिहरू राखिनु । पहिलो पेटीमा बहादुर जय मल्ल र पत्ताका मूर्तिहरू छन् भने दोस्रो तलामा एक जोडी हात्ती, तेस्रो पेटीमा एक जोडी सिंह, चौथो पेटीमा एक जोडी शार्दूल र सबैभन्दा माथिल्लो तलामा दायँतिर सिंहनी र बायाँतर्फ व्याघ्रिनीका मूर्तिहरू राखिएका छन् । ती मूर्तिहरू प्रस्तरकलाको दृष्टिकोणले पनि उल्लेखनीय मानिन्छन् । यस मन्दिरको पहिलो छानादेखिमाथि गजुर रहेको छानासम्म १ सय ८ वटा कलात्मक टुँडालहरू छन् । यी टुँडालहरूमा देवी दुर्गा भवानीका विभिन्न मूर्तिहरू कुँदिएका छन् । काष्ठकलाको दृष्किोणले यी टुँडालहरू अति नै विशिष्ट खालका छन् । (३०)

प्रस्तरका शिखर शैलीका मन्दिरहरूको निर्माण कार्य कहिलेदेखि नेपाल उपत्यकाभित्र हुनथालेको हो भनेर भन्नसक्ने अवस्था छैन । तर मल्लकालमा भने यो शैलीमा उपत्यकाका तीनै शहरमा अझ भनौं भक्तपुर र पाटनमा धेरै राम्रा राम्रा एवं उच्चकोटिका मन्दिरहरू बनेका थिए । भक्तपुरका प्रथम महान् निर्माता राजा सुमति जयजितामित्र मल्लले निर्माण गरेको वत्सलाको मन्दिर नै शायद यस शैलीमा बनेको पहिलो मन्दिर थियो, जुन मन्दिर वि.सं.१९९० सालको भूकम्पमा भत्केपछि फेरि मौलिक रूपमा फर्कन सकेन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूपतीन्द्र मल्लले सन् १६९६ मा राजा हुनासाथ आफ्नो दरबारलाई विस्तृत गरी पचपन्न झ्याले दरबारको निर्माण गरे । उनले आफ्नो दरबारभित्र धेरै चोकहरू निर्माण गरी दरबारलाई भव्य बनाएका थिए । उनले मालती चोकसहितको सिंहढोका दरबार बनाए। विशाल प्रस्तरका सिंह मूर्तिहरूलाई मूलढोकाको दायाँ बायाँ राखी बनाएको यो दरबारको मूलढोकाको ठीकमाथि पहिलो तलाको आँखीझ्यालमा नेपालमा पहिलो पटक ऐना र ऐनाका टुक्राहरू जडान गरिएका थिए । उनले मूलढोकाको दायाँ बायाँ, दरबारको रक्षार्थ हनुमान र नृसिंहका मूर्तिहरू पनि स्थापना गरे । (३१) उनको समयमा नेपाः उपत्यकाभित्र कुनै व्यक्तिले हेर्ने ऐना ल्याएका थिए र ती व्यक्तिले उक्त ऐना राजा भूपतीन्द्र मल्ललाई उपहारस्वरूप प्रदान गरेका थिए । राजाले पनि त्यस ऐनालाई सम्पूर्ण जनताले देखून् भनेर आफ्नो नयाँ दरबार (सिंहढोका दरबार) को अगाडि मोहडामा राखिदिएका थिए । भनिन्छ भूपतीन्द्र मल्लले आफ्नो दरबारलाई ९९ चोक भएका दरबार बनाएका थिए रे । जेहोस् उनी भक्तपुरका एक महान् निर्माता राजा थिए । दरबारको प्राङ्गणमा उनले निर्माण गरेको शिखरशैलीको प्रस्तरको वत्सलादेवीको भव्य एवं सुन्दर मन्दिर र च्यासलिङ्ग मण्डपले उनको वास्तुकलाप्रतिको प्रेम झल्काउँदछ । दरबार परिसरभित्र उनले निर्माण गरेका इष्टदेवी सिद्धि लक्ष्मीको शिखरशैलीको प्रस्तरको मन्दिर पनि वास्तुकलाको दृष्टिकोणले बेजोडको मानिन्छ ।

आफ्ना बुबा राजा जितामित्र मल्लले बनाएको सानो वत्सलाको मन्दिर जीर्ण भएपछि राजा भूपतीन्द्र मल्लले वत्सलादेवीको अति कलात्मक र सुन्दर भव्य मन्दिर सन् १६९० मा बनाएका थिए । मन्दिर निर्माण गरेको धेरै वर्षपछि मात्र उनले मन्दिरको सबभन्दा तल्लो पेटीमाथि दायाँतर्फ 'कुकुर रोएको आवाज आउने घण्टी' भनेर भनिने घण्टा ने.सं.८४१ (सन् १७२१) मा मात्र राखेका थिए । यो वत्सलाको मन्दिर चौधौं शताब्दीमा राजा यक्ष मल्लले निर्माण गरेको यक्षेश्वर महादेव मन्दिर नजिकै निर्माण गरिएको छ। यो मन्दिरको मुख्य प्रवेशद्वार पश्चिमतर्फ फर्केको छ। तीन तहको पेटीमाथि मन्दिर उठाइएको छ। मन्दिरको प्रवेशद्वार जाने सिँढीमा हात्ती र सिंहका सुन्दर प्रस्तरका प्रतिमाहरू राखिएका छन्। बाह्रवटा प्रस्तरका खम्बाहरूमाथि मन्दिर उठेको छ। खम्बाहरू वरपर परिक्रमा पेटी राखी मन्दिरको गर्वगृहलाई सोझै माथि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उठाइएको छ। मन्दिरलाई शिखर शैलीमा उठाई (बनाई) सबभन्दा माथि त्रिशूलयुक्त स्वर्ण गजुर राखिएको छ। बाह्रवटा प्रस्तरको खम्बामाथि बनाइएका ससाना शिखरशैलीमा मन्दिरको आकारमा ख्वपाहरूसहित भएका बनोटहरू र चार दिशामा छानेशैलीको मन्दिरको आकारमा बनेका ठूलाठूला ख्वपाहरूमा प्रस्तरका सुन्दर मूर्तिहरू सजाइएका छन्। त्यसभन्दामाथि चारैतिर प्रस्तरका सिंह-मूर्तिहरू र गजुरको ठीक तल पनि प्रस्तरका मूर्तिहरू सजाइएका छन्। यसरी यो मन्दिरभरि नै प्रस्तरका मूर्तिहरू तथा अन्य कलाकृतिहरू सजिएका छन्। मुख्य पूजाकोठाभित्रको पूर्वी भित्तामा खड्गको रूपमा देवी वत्सलालाई पूजा गरिन्छ। देवी वत्सलाको खड्गको ठीकमाथि अष्टमङ्गलका चिन्हहरू, त्यसभन्दामाथि पूर्ण कलश छ। देवीको प्रतीक खड्गलाई फूलको मालाले वेरिएको छ र कमलको फूलमाथि राखिएको छ। पूर्ण कलशमाथि छत्र छ र छत्रको दायाँ बायाँ सूर्य र चन्द्रका मूर्तिहरू छन्। पूर्ण कलशको माथि देवीको अर्को प्रतीक श्रीयन्त्र राखिएको छ। (३२)

भूपतीन्द्र मल्लको वत्सला मन्दिरका प्रत्येक प्रस्तरमा मल्लकालीन कलाका अनुपम नमुनाहरू छन्। पेटीमा कुँदिएका सिंहहरू, मन्दिरमा जडित खम्बाहरू, ढोकाहरू, अष्टमातृका मूर्तिहरू, तोरणहरू, नागनागिनीका मूर्तिहरू, गरुडहरू, मातृका देवीका मूर्तिहरू, भैरवका मूर्तिहरू सबै एकसेएक राम्रा र कलात्मक छन्। प्रस्तरकलामा राजा भूपतीन्द्र मल्लको एउटा उल्लेखनीय देनचाहिँ भक्तपुर हनुमानघाट नजिकै ने.सं.८३२ मा स्थापना गरिएको विशाल शिवलिङ्ग हो। यति ठूलो शिवलिङ्ग नेपालमा अन्त कतै छैन।

भूपतीन्द्र मल्लको अर्को महान् कीर्ति सिद्धिलक्ष्मी देवीको प्रस्तरको मन्दिर हो। भक्तपुर दरबार परिसरभित्र पचपन्न झ्याले दरबारको दक्षिणपूर्व दिशामा अवस्थित यो मन्दिर वत्सला मन्दिरको दाँजोमा अलि आउँदैन। तैपनि यो मन्दिरका पनि आफ्नै विशेषताहरू छन्। यो मन्दिर कुन राजाले निर्माण गरेका थिए भनी प्रमाणित रूपमा भन्नका लागि हालसम्म कुनै अभिलेख प्राप्त भएको छैन। तथापि वास्तुकलाको अध्ययनबाट यो कीर्ति राजा भूपतीन्द्र मल्लकै हुनसक्ने धेरै सम्भावना देखिन्छ। आफ्नो इष्ट देवी सिद्धिलक्ष्मीलाई समर्पित यो मन्दिर सातवटा पेटीमाथि उठाइएको छ। दक्षिण मोहडा गरी बसेको यो मन्दिरको मुख्य आकर्षण भन्नु नै मन्दिरको सिँढीको दायाँबायाँ राखिएका प्रस्तरका विभिन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूर्तिहरू हुन्। सोह्रवटा सिँढी उक्लेपछि मन्दिरको मुख्य प्रवेशद्वार आइपुग्छ। सिँढीको दायाँबायाँ राखिएका विभिन्न आकर्षक मूर्तिहरूमध्ये सबभन्दा पहिले एक भद्र मानिस र एक भद्र महिला दुवैले एक हातमा सिक्रीले बाँधिएको कुकुर र अर्को हातले बालक समातिरहेका देखिन्छन्। यी दुवै मूर्तिबाट मल्लकालका भद्र मानिस र महिलाहरूको पहिरन, गरगहनाबारे थाहा पाइन्छ। यी पुरुष र स्त्रीको मूर्तिपछि क्रमशः काँठीसहित सिँगारिएका घोडाहरू, सिक्रीले बाँधिएका गैँडाहरू, पुरुष मुहार र स्त्री मुहार भएका सिंह मूर्तिहरू र काठीसहतिका उँटहरू छन्। यी सबै मूर्तिहरू मल्लकालीन प्रस्तरकलाका विशिष्ट नमुना मानिन्छन्।

यस मन्दिरको मुख्य पूजा कोठाभित्र पर्ने प्रस्तरको ढोका, तोरण र खम्बाहरू सबैमा विभिन्न देवदेवी र बुट्टाहरू कुँदिएका छन्। त्यहाँभित्र पर्ने पोर्टिकालाई चारवटा कलात्मक खम्बाहरूमा अडाइएको छ। चारैवटा खम्बाहरूमा अष्टमातृका शक्तिहरूका मूर्तिहरूजस्तै महालक्ष्मी, महाकाली, इन्द्रायणी, वाराही, वैष्णवी, कुमारी, महेश्वरी र ब्रम्हायणीका मूर्तिहरूका साथै ठाउँठाउँमा सिंहका मूर्तिहरूले सजाइएको छ। गर्भगृहभित्र ११८ से.मी. अग्लो सिद्धिलक्ष्मी देवीको सुन्दर मूर्ति उत्तरतर्फको भित्तामा अडाइएको छ। मूर्तिको कमलाशन बाहेक खुद मूर्तिचाहिँ ५५ से.मी. को छ। सिद्धिलक्ष्मीको घाँटीमा पोतेका दुईवटा सिक्री र एउटा मुण्डमाला छ। पाँच टाउको र दश हात भएकी देवीको सबैभन्दा तल्लो दायाँ हातमा पात्र र बायाँ हातमा कलश छ। हातहरूमा अभय मुद्रा र अङ्कुश, त्रिशूल, पास, खड्ग र खटवाङ्ग छन्। देवीलाई मुण्डमाला लगाएको वेतालले बोकिरहेझैँ देखिन्छ। गर्वगृहभन्दा माथिल्लो तलामा चारैतिर ख्वपाहरूमा महिषासुर मर्दिनी दुर्गाका मूर्तिहरू राखिएका छन्। (३३) भक्तपुरका शिखर शैलीमा बनेका प्रस्तर वास्तुकलाका उत्कृष्ट मन्दिरहरूमा वत्सलाको मन्दिरपछि सिद्धिलक्ष्मीको मन्दिर नै हो। यी दुवै भन्दिरले मल्लकालीन प्रस्तरकलालाई राम्ररी प्रतिनिधित्व गरिरहेका छन्।

भूपतीन्द्र मल्लको अर्को उल्लेखनीय वास्तुकलाका कीर्तिहरूमा न्यातापो अगाडिको प्रसिद्ध भैरवको परम्परागत छाने शैलीको विशाल तीनछाने मन्दिर पनि हो। विस्केट जात्राका मुख्य देवता आकाश भैरवको यो मन्दिरका आफ्नै विशेषताहरू छन्। न्यातापोको अगाडि यो मन्दिर होचो देखिए तापनि यो मन्दिरको जनमानससँगको सम्बन्ध न्यातापौको भन्दा धेरै छ। मन्दिरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबैभन्दा माथिल्लो पित्तल पाताको छानामाथि रहेका छवटा सुन मलम्मुवा गरेका साना गजुर र बीचको ठूलो गजुरले यसको महत्त्व झल्काएको पाइन्छ। मुख्य पूजाकोठा मन्दिरको पहिलो तलामा रहेको छ। यो मन्दिर वि.सं.१९९० सालको भूकम्पमा पूर्णतया भत्केपछि वि.स. १९९७ सालमा मन्दिरको पुनःनिर्माण कार्य काठमाडौं ओमबहालका हरिभक्त माथेमाका छोराहरूले गरेको कुरा त्यहाँ राखिएका स्वर्णपत्रहरूबाट थाहा पाइन्छ।

भूपतीन्द्र मल्लको वास्तुकलाप्रतिको प्रेम र लगाव उपत्यकाका अन्य मल्ल राजाहरूझैं उनले दरबार परिसरमा राखेका कुराहरूबाटै स्पष्ट हुन्छ। तलेजुचोक पस्ने सुनढोका अगाडि राखिएको प्रस्तरको अग्लो खम्बामाथि पूरा राजसी पोशाकमा आफ्नो सालिक बनाइराखेको कुराले पनि उनको वास्तुकलाप्रतिको प्रेमलाई पुष्टि गर्दछ। लामो शिलास्तम्भमाथिको पद्मासनमाथि चार सिंहले चार दिशातिर हेरिरहेका र सिंहासनमाथि राजा भूपतीन्द्र मल्ल प्रणय मुद्रामा बसेका देखिन्छन्। पूर्ण राजसी ठाँटबाँटको यो सुन जलप लगाइएको सालिकलाई छत्र ओडाइएको छ। वास्तुकलामा मात्र होइन चित्रकलामा पनि उनले धेरै योगदान पुऱ्याएको देखिन्छ। उनले प्रसिद्ध पचपन्न झ्याले दरबारको निर्माण मात्र गरेनन्, उक्त दरबारको बैठक कोठालाई भित्तेचित्रहरूले सिँगारी पनि दिए। उक्त दरबारको बैठकको ठूलो कोठा र अन्य कोठा एवं बरन्डाहरूमा समेत भित्तेचित्रहरू देखिन्छन्। बैठक कोठाको उत्तरतर्फको भित्ताको मध्यभागमा विश्वरूपको भव्य एवं अति सुन्दर चित्र र कृष्णलीलाका चित्रहरू छन्। साथै युद्धमा जान लागेका राजकुमार, हात्तीमाथि चढेर शिकार जान लागेको दृश्य, शिकारको दृश्य आदि चित्रहरूले त्यस बखतको राजपरिवारको जीवन, वेशभूषा आदिबारे धेरै कुराहरू थाहा पाउन सकिन्छ। पचपन्न झ्याले दरबारका भित्तेचित्रहरूको जोडामा नेपाल उपत्यकाभित्र पछि गएर काठमाडौं कुमारी घरका भित्तेचित्रहरू नै आउँदछन्। (३४) भूपतीन्द्र मल्लको वसन्तपुर दरबार वि.सं.१७३८ को महाभूकम्पमा भत्केपछि त्यसको पुनःनिर्माण हुन सकेन। उक्त दरबारको मूलढोकामा उनले राखेका एकजोडी सिंहको विशाल मूर्ति लगायत त्यसका दायाँबायाँ उग्रचण्डी भगवती र भैरवका प्रस्तरका मूर्तिहरू अझै पनि पद्म हाइस्कुलको प्रवेशद्वारमा छँदैछन्।

भूपतीन्द्र मल्लले भक्तपुरको सबैभन्दा मुख्य जात्रा - विस्केट जात्राको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपलक्ष्यमा गरिने भैरव-भद्रकालीको रथ यात्रालाई अझ भव्य र आकर्षक बनाउन ने.सं.८२१ मा सुन जलप लगाएको तामाको तीन तले छाना राखेर ठूलो रथ बनाई भैरव भद्रकालीको रथयात्रा बडो धुमधामसँग मनाउन थाले। यही परम्परा आजसम्म पनि कायम छ। अन्य साहित्यप्रेमी मल्ल राजाझैँ भूपतीन्द्र मल्ल पनि एक कवि राजा थिए। उनको राज्यकालमा कालिका पुराण र मार्कण्डेय पुराणलाई नेवाः भाषामा लेखाइएको थियो। नाटकको क्षेत्रमा पनि उनको सौख थियो। उनले ने.सं.८२७ (वि.सं.१७६३) मा 'गौरी विवाह' नाटक पाटनमा लगेर प्रदर्शन गरेको कुरा नासमना टोलको श्रीनृत्यनाथको मन्दिरको नाम रहेको घण्टाभिलेखमा उल्लेख गरिएको छ। त्यस्तै उनले ने.सं.८१७ 'कोलासुर वधोपाख्यान' नाटक सिकाई सिद्धि प्राप्त गरेको उपलक्ष्यमा उक्त नृत्यनाथलाई पानस चढाएको कुरा पनि उक्त पानसको अभिलेखमा उल्लेख गरिएको छ। यसरी भूपतीन्द्र मल्ल स्वयं नाटककार मात्र नभई नाटक निर्देशक पनि थिए भन्ने कुरा थाहा पाइन्छ। (३५) उनले लेखेको नाटक विक्रम चरित ने.सं.८२६ (वि.सं.१७६२) मा भक्तपुरको मूलचोकको तलेजु मन्दिरमा ११ वटा गजुर चढाएर यज्ञ गर्दा मञ्चित भएको थियो। उनले लेखेका नाटकमा विक्रम चरित, स्यमन्तकोपाख्यान, र श्रीखण्ड चरित हुन्। उनले रचेका नेवाः भाषाका कविताहरू राष्ट्रिय अभिलेखालयमा प्रशस्तै छन्। उनका कविताहरू नेवाः भाषाका विभिन्न प्रकाशनहरूमा पनि छापिएका छन्। (३६)

भूपतीन्द्र मल्लपछि उनका छोरा रणजीत मल्ल राजा भए। यिनी भक्तपुरका अन्तिम मल्ल राजा थिए। भक्तपुरको प्रसिद्ध सुनढोका उनैको कीर्ति हो। सुनढोका अगाडिको ठूलो घण्टा पनि उनैको कीर्ति हो। उनका कीर्तिहरूमध्ये सबैभन्दा प्रख्यातचाहिँ तलेजुचोकभित्र पस्ने सुनढोका नै हो। पित्तल पातालाई पिटेर बनाइएका मूर्तिहरूलाई सुन मलम्मुवा गरी यस ढोकालाई सिँगारिएको छ। यो ढोकाले मल्लकालमा धातुकलाको विकास चरम बिन्दुमा पुगिसकेको कुरा स्पष्ट पार्दछ। यो ढोका हेर्ने जोसुकैले पनि यसलाई मुक्तकण्ठले प्रशंसा गर्ने गरेको पाइन्छ। ढोकाको तोरणको मध्यभागमा महिषासुर मर्दिनी भगवतीको मूर्ति छ र दायाँ बायाँ गङ्गा र यमुनाका स-साना मूर्तिहरू छन्। उक्त तोरणलाई गरुड, नाग, नागिनी, हिटीमङ्ग आदिले सजाइएका छन्। तोरणमाथि छत्र छ र सम्पूर्ण ढोकालाई सुन मलम्मुवा गरेको पित्तलको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छानाले छोपिएको छ । उक्त छानामाथि छेपारो, हात्ती, सिंह आदिका मूर्तिहरू र मध्यभागमा तीनवटा गजुर छन् । गजुरहरूमाथि छत्र छ र गजुरको दायाँ वायाँ राष्ट्रिय झण्डा फहराइरहेको छ । ढोका दुबैतिर पाँच पाँचवटा गरी दशवटा विभिन्न देवदेवीहरू, पूर्णकलश, गणेश आदिका मूर्तिहरू छन् । साथै स्वर्णाभिलेख पनि राखिएको छ । यो सुनढोकाको वर्णन जति गरे पनि अधुरो नै हुन्छ । वास्तवमा यो ढोकाबारे एकजना विदेशी कला-इतिहासकार पावेलले भनेका छन् – 'यो सुनढोका मात्र हेर्‍यो भने आधा नेपाल हेरे तुल्य हुन्छ ।' यो सुनढोकाको निर्माण वि.सं. १८१० (इस्वी १७५३) मा भएको थियो । प्रसिद्ध इतिहासकार पर्सिवलल्यान्डनले यस ढोकाबारे भनेका छन् – 'यो एसियाभरमा सुनको जलप लगाई बनाइएको सबैभन्दा राम्रो, आकर्षक र उच्चतम कलाको नमुना हो ।' (३७)

रणजीत मल्लले ललितकलाका सबै विधाहरूलाई उत्तिकै प्रोत्साहित गरी वागमती सभ्यताको विकासमा पनि निकै योगदान पुर्‍याएका थिए । उनले नेवाः भाषामा गीत, पौराणिक कथाहरू र नाटकहरू लेखाएका थिए । उनले आफ्नो शासनकालमा जनतालाई पनि साहित्यप्रति अभिरूचि राख्न प्रोत्साहित गरेका थिए । दाफा भजनहरूलाई समय समयमा पुरस्कृत पनि गर्ने गर्दथे । उनको एकै ग्रन्थमा सङ्कलित गीत तथा कविताहरू हालसम्म फेला नपरे तापनि उनले रचेका गीत तथा कविताहरू प्रशस्त छन् । उनको सबैभन्दा प्रसिद्ध गीत 'हाय राम राम गथे मलुमने नेपाल' अर्थात् 'कसरी नसम्झनु नेपाली' भनी गोरखाका राजा पृथ्वीनारायणसँग युद्धमा हारेपछि काशीवास जाँदा रचेका थिए । (३८) राजा रणजीत मल्लले नेवाः भाषाका नाटकमा २३ वर्ष (वि.सं.१७९९-१८२२) सम्म निरन्तर साधना गरी धेरै गुण लगाएका थिए । उनले १३ वटा नाटक नाटिका तथा सबैभन्दा धेरै अङ्क (३० अङ्क) भएको 'शनैश्चर रोहीणी कथा नाटक' तथा सबैभन्दा धेरै (८ वटा) एकाङ्की नाटक लेखेका छन् । नेवाः भाषामा निर्देश वाक्य मात्र भएका मैथिली र बंगला मूल माध्यम भएका उनका नाटक नाटिकासमेत गणना गरेमा उनले जम्माजम्मी तीन दर्जनभन्दा बढी कृति लेखी बेलाबखतका उत्सव तथा समारोहहरूमा अभिनय प्रदर्शन गराएको बुझिन्छ । वास्तवमा यी नाटक नाटिकाहरू तिनताका भक्तपुर, ललितपुर र कान्तिपुरका राजकुलमा सम्पन्न गरिने माङ्गली उत्सव तथा समारोहहरूमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निमन्त्रित भइआउने अतिथिहरूका मनोरञ्जनका लागि प्रदर्शित हुन्थे । (३९) यिनले ने.सं.८५९ मा आफ्नो इष्ट देवताको मन्दिरमा ठूलो घण्टा चढाएको उपलक्ष्यमा 'कृष्ण चरित्र'नाटक मञ्चन गराएका थिए भने ने.सं.८७८७ मा इष्ट देवताको मन्दिर जीर्णोद्धार गर्दा 'उषाहरण' नाटक र ने.सं.८८१ कार्तिकव्रत पूरा भएको उपलक्ष्यमा 'ययात्सुपाख्यान' नाटक र ने.सं.८८८ मा इष्ट देवतालाई खुसी पार्न 'अन्धकासुखधो पाख्यान' नाटक मञ्चन गरेका थिए । (४०)

यसरी नेपाल उपत्यकाका मल्ल राजाहरूले कला, साहित्य र संस्कृतिको अभिवृद्धि गरी एक सुसंस्कृत र सभ्य देश बनाउन सफल भए । तर तिनीहरूले आफ्नो देशको सैनिक शक्तिलाई भने त्यत्तिको महत्त्व दिन सकेनन् । तिनीहरू एक आपसमा बरोबर झगडा गर्दथे भने त्यो ईर्ष्या र द्वेषको कारणले गर्दा हो । गोरखाका राजा पृथ्वीनारायण शाहले उपत्यकामाथि हमला गर्दा रणजीत मल्लसँग गोरखाका सेनासँग लड्न सक्ने सैनिक शक्ति थियो । साथै गोरखा र भक्तपुरको मितेरी सम्बन्ध भएको कारणले गर्दा यसरी एक्कासि गोरखाले हमला गर्लाजस्तो उनले सोचेका थिएनन् । अन्ततोगत्वा कान्तिपुरका राजा जयप्रकाश मल्ल र पाटनका राजा राज्यप्रकाश मल्ललाई समेत शरण दिई गोरखाको आक्रमणलाई रोक्ने प्रयास गरे तापनि त्यस युद्धमा रणजीत मल्लको हार भयो र भक्तपुरसहित नेपाः उपत्यकाका तीनै राज्य गोरखाराज्यमा गाभिए ।

राजा शिवसिंहले ने.सं.७१८ मा पाटनमा राज्य चलाइरहेका महापात्र पुरन्दर सिंहलाई दबाई पाटनलाई कान्तिपुरभित्र गाभे तापनि त्यसको २१ वर्ष उनले आफ्ना दुई नातिहरूमध्ये कान्छा नाति सिद्धिनरसिंह मल्ललाई पाटनको राज्य र जेठा नाति लक्ष्मीनरसिंहलाई कान्तिपुरको राज्य दिए । पाटनका राजाहरूमा सिद्धिनरसिंह मल्ल, उनका छोरा श्रीनिवास मल्ल र नाति योगनरेन्द्र मल्लको समयमा जे जेति कला, संस्कृति र साहित्यमा विकास भयो, वास्तुकलाका विभिन्न संरचनाहरू बने ती सबैले वागमती सभ्यताको भण्डारलाई धनाढ्यमात्र तुल्याएनन्, पाटनलाई ललितपुर अर्थात् ललितकलाले भरिएको सुन्दर शहर भनेर नामकरण गर्न समेत सफल भए ।

राजा सिद्धिनरसिंह मल्लका सानातिना कीर्तिहरूलाई छोडेर उनका उल्लेखनीय कीर्तिहरूमा पाटन यलमु टोलमा उनले स्थापना गरेको चैत्य र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसको रेखदेखको लागि गुठी राखिदिएको कुरा सो चैत्यमा रहेको ने.सं.७३९ को अभिलेखबाट थाहा पाइएको छ । उनको अर्को ठूलो कीर्ति पाटन मङ्गलबजार स्थित छानेशैलीको विश्वेश्वर महादेवको मन्दिर हो । यो मन्दिर उनले ने.सं.७४७ मा निर्माण गरेका थिए । उनको सबैभन्दा महत्त्वपूर्ण कीर्तिचाहिँ पाटन दरबारको प्राङ्गणमा पश्चिमपट्टि रहेको विशाल शिखरशैलीको प्रस्तरको कृष्ण मन्दिर नै हो । उनले यो भव्य र कलात्मक मन्दिर बनाउन सात वर्ष लगाए । यो मन्दिरको निर्माण कार्य ने.सं.७५० (वि.सं.१६८६) शुरु गरी ने.सं.७५७ मा सम्पन्न गराएका थिए । उपत्यकाभित्र मल्लकालमा बनेको प्रस्तरको शिखरशैलीको यो मन्दिरको जोडामा अरू कुनै पनि मन्दिर बन्न सकेनन् । सुन मलम्मुवा गरेको गजुरले शोभयमान बनाएको प्रस्तरको यो कृष्ण मन्दिर नेपाली प्रस्तर वास्तुकलाको अद्वितीय नमुना हो । पूर्वाभिमुखी यो मन्दिर तीनवटा पेटीमाथि बनाइएको छ । तलतिरका दुईवटा पेटीमा एकजोडी सिंह र एकजोडी शार्दूलका मूर्तिहरू द्वारपालको रूपमा राखिएका छन् । पेटीका सिँढीहरू चढेर ढोकाभित्र पसेपछि दायाँतिर माथिल्लो तल्लामा जाने भऱ्याङ छ । त्यो भऱ्याङबाट माथि उक्लेपछि कृष्ण-राधा, सत्यभामासहितका सुन्दर मूर्ति राखिएका मुख्य पूजा कोठामा पुगिन्छ । यो पूजाकोठाको मुख्य झ्याल र पाटन दरवार केशवनारायण चोकको दोस्रो तलाको सुनको झ्याल आमने-सामने पर्दछ । दुईवटा अग्लाअग्ला र एउटा अलि होचो पेटी चढेपछि चारैतिर प्रस्तरका खम्बाहरूले अड्याइएका खुल्ला बरन्डाहरू छन् । ती बरन्डाहरूको कोपु (Lintle) को चारैतिर रामायणको कथामा आधारित पचपन्नवटा दृश्यहरू कुँदिएका छन् । पहिलो तलाको कोपुको मुनि कार्नेसको भागमा छत्तीसवटा महाभारतका दृश्यहरू कुँदिएका छन् । पहिलो र दोस्रो तलामा आठ आठवटा मन्दिरनुमा बुर्जाहरू छन् । ती बुर्जाहरूमाथि सुन मलम्मुवा गरेका गजुरहरूले सिँगारिएका छन् । यी मन्दिरनुमा बुर्जाहरूको मध्यभागबाट शिखरशैलीको यो मन्दिर उठेको छ । मन्दिरको तेस्रो तलाको कार्नेस र मेथको बीचको भाग (rieze) मा १ सय ८ वटा शिवलिङ्गहरू छन् । ती शिवलिङ्गहरूमध्ये धेरै जसोको नामसमेत अङ्कित गरी कुँदिएका छन् । चौथो तलामा चार दिशामा सिंह चढेका, हतियार समाएका दिक्पालहरू राखिएका छन् । सबैभन्दा माथिल्लो गजुरभन्दा मुनि गरुडवाहन विष्णुका मूर्तिहरू चारै दिशामा राखिएका छन् । प्रसिद्ध वास्तुकलाविद् डा.निल्स गुस्चोको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनाइअनुसार यो सुन्दर एवं अद्भुत कृष्ण मन्दिरले त्यस बखत उपत्यकामा १२० वर्षभित्र २१ वटा त्यस्तै शिखर वास्तुकलाका प्रस्तरका मन्दिरहरू बनाउने प्रेरणा दिएको थियो। (४१) यस मन्दिरभित्र पाइएको एक अभिलेखअनुसार यो मन्दिरलाई बालगोपाल श्री कृष्णको आनन्द विहार भनिएको छ।

पाटन दरबारभित्र धेरैजसो वास्तुकलाका संरचनाहरू राजा सिद्धिनर सिंह मल्लकै समयमा बनेका देखिन्छन्। टुसाहिटी ढुङ्गेधारा भएको प्रसिद्ध सुन्दरीचोक यिनैले बनाएका थिए। दरबारको पूर्वतर्फ रहेको भण्डारखाल बगैंचाभित्र ठूलो कमलपोखरी, ढुङ्गेधारा आदि बनाई आफ्ना इष्ट देवतालाई अर्पण गरेका थिए। सुन्दरीचोकभित्र पस्ने ढोका वरपरका गणेश र नरसिंहका मूर्तिहरू पनि यिनैले स्थापना गरेका थिए।

राजा सिद्धिनरसिंह मल्लले आफ्नो परिवारको वासस्थानको लागि सुन्दरीचोक निर्माण गरेका थिए। नामले मात्र होइन वास्तवमा यो चोक ज्यादै सुन्दर कलाकृतिहरूले भरिएको छ। चोकको करिब करिब मध्यभागमा अवस्थित टुसाहिटीको महिमा पनि वर्णन गरेर सकिने खालको छैन। मल्लकालीन अन्य दरबारहरूमा पनि दरबारभित्रै ढुङ्गेधाराहरू बनेका थिए। तर सुन्दरीचोकको टुसाहिटीको दाँजोमा कुनै पनि ढुङ्गेधारा छैनन्। ढुङ्गेधारामा पानी आउने टुटी नेपाली धातुकलाका विशिष्ट नमुनाहरूमध्ये एक रहेको छ। यो ढुङ्गेधारा उनले सन् १६४७ मा निर्माण गरेका थिए। यसो हेर्दा यो राजाको दैनिक बिहान पूजाआजा गर्ने र जपध्यान गर्ने ठाउँ जस्तो देखिन्छ। ढुङ्गेधाराको ठीक अगाडि प्रस्तरको आसन र ढुङ्गेधाराको चारैतिर भित्ताहरूमा राखिएका विभिन्न देवदेवीका सुन्दर प्रस्तरका प्रतिमाहरूले यसै कुरालाई बोध गराइरहेझैं देखिन्छ। शङ्खको आकार दिई बनाइएको ढुङ्गेधाराको टुटीमाथि गरुडवाहन लक्ष्मीनारायणको सुन मलम्मुवा गरेको अतिनै सुन्दर मूर्ति राखिएको छ। नारायणको काखको देब्रेपट्टि लक्ष्मी बसेकी छिन् र नारायणले आफ्नो देब्रे हातले लक्ष्मीलाई अङ्कमाल गरेकी छिन्। लक्ष्मीले आफ्नो दाइने हात गरुडको टाउको माथि राखेकी छिन्। उक्त धाराको टुटीलाई अझै कलात्मक र आकर्षित बनाउन माछा, गोही, कछुवा र अनौठो समुन्द्री जनावरका एक एक जोडी राखी धारालाई सजाएका छन्। टुटीको मुन्तिर एक जोडी हात्तीका मूर्तिहरू छन्। गरुडको अनुहारलाई धेरै आकर्षित ढङ्गबाट देखाइएको छ। लक्ष्मीनारायणको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूर्तिको पछाडिको प्रभामण्डल र छत्रले पनि यसको सौन्दर्यलाई अझ वृद्धि गरेको छ। ढुङ्गेधारामा टुटीको ठीकमाथि प्रस्तरको कृष्ण मन्दिरको एउटा सानो नमुना राखिएको छ। ढुङ्गेधाराभित्र जाने भऱ्याङको शुरुमा द्वारपालको रूपमा एकजोडी सिंह राखिएका छन्। त्यहीँ नै एउटा हनुमानको मूर्ति र दुईवटा कमलाशनसहितका प्रस्तरका खम्बाहरू छन्। जलहरीको आकारमा निर्माण गरिएको उक्त ढुङ्गेधारालाई एकजोडी नागले बेरिएको देखाइएको छ। ढुङ्गेधाराका भित्तामा चारैतिर अष्टनाग, अष्टभैरव, विष्णुका दश अवतार, अन्य शाक्त र तान्त्रिक देवदेवीका मूर्तिहरू राखिएका छन्। (४२) सुन्दरीचोकको चारैतिरका दलानका खम्बाहरू, बार्दलीहरू, झ्यालहरू, टुँडालहरू सबै जसोमा कलाकृतिहरू कुँदिएका छन्। तिनीहरूमा खासगरी मातृका शक्ति र अन्य शाक्त एवं तान्त्रिक परम्पराका देवदेवीहरू छन्। पश्चिम मोहडा गरी बसेको यो दरबारको दोस्रो तलामा रहेका तीनवटा झ्यालहरू आकर्षकमात्र होइन बीचको झ्याललाई सुन मलम्मुवा गरी बनाइएको छ भने यो झ्यालको दायाँ बायाँ हस्तीहाडका झ्यालहरू छन्।

कुनै पनि देशको सभ्यतालाई त्यस देशको सामाजिक व्यवस्था, नैतिक, सांस्कृतिक र आर्थिक अवस्थाले डोऱ्याएको हुन्छ। जुन देशको सामाजिक व्यवस्था राम्रो हुन्छ, जुन देशका नागरिकहरूमा नैतिकता हुन्छ र मानिसहरू धर्मकर्ममा विश्वास गर्दछन्, जुन देशमा राम्रो उब्जाउ भई मानिसहरूलाई खान-लाउन समस्या हुँदैन, जुन देशको उद्योगधन्दा, बन्दव्यापार पनि राम्रो छ त्यो देश नै वास्तवमा एक उन्नत र सभ्य देश कहलाइन्छ। मल्लकालीन नेपालमा नेपाल उपत्यकाका राजाहरू बीच एक आपसमा झैझगडा, ईर्ष्या-द्वेष मात्र नभएको भए एउटा उन्नत र सभ्य देशमा हुनुपर्ने सबै गुणहरू यहाँ थिए।

भक्तपुरमा चौधौं शताब्दीमा राजा जयस्थिति मल्लले, कान्तिपुरमा सोह्रौं शताब्दीमा राजा महेन्द्र मल्लले आ-आफ्ना समाजलाई व्यवस्थित गर्न, समाजमा शान्ति र अनुसान कायम राख्न सामाजिक सुधारहरू अर्थात् समाजमा नीति नियमहरू बाँधिदिएका थिए। त्यसरी नै राजा सिद्धिनरसिंह मल्लले आफ्नो राज्य पाटनको समाजको लागि सामाजिक नीति नियमहरू बाँधी दिए। उक्त व्यवस्थामा उनले सबैभन्दा तल्लो जात च्यामखल (च्यामे) देखि लिएर सबैभन्दा माथिल्लो जात देवब्राह्मणसम्मको लागि नियम बनाइदिए। यसरी राजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिद्धिनरसिंह मल्ल एक निर्माता, कला-कौशल, साहित्य, सङ्गीतका प्रेमी र प्रेरकमात्र होइन सामाजिक सुधारक पनि हुन् भन्ने कुरा प्रमाणित भएको छ। (४३)

वागमती सभ्यतामा विश्वसामु परिचित कला, साहित्य, सङ्गीत, नृत्य, नाटक आदिहरूमध्ये पाटनको कार्तिक नाच (नृत्य-नाटिका) ले पनि विशिष्टस्थान ओगेटेको छ। प्रसिद्ध कृष्ण मन्दिरको निर्माण कार्य पूरा भइसकेपछि राजा सिद्धिनरसिंह मल्ल अत्यन्तै खुसी भई आफ्ना गुरु हरिवंश राजोपाध्यायको रचना र निर्देशनमा चार नारायण मन्दिर अगाडि कृष्ण मन्दिरको डबलीमा कृष्ण चरित्रलाई प्रमुख भूमिका दिई कार्तिक महिनामा यो नृत्य नाटिका देखाउने परम्परा बसाले। यो नृत्य नाटिकाले समय समयमा आफ्नो स्वरूप परिवर्तन गर्दै आएको देखिन्छ। यस नृत्य-नाटिकामा कृष्णलीलाको साथसाथै विष्णु पुराणका पौराणिक कथाहरूमा आधारित भगवान विष्णुको नरसिंह अवतारलाई विशेष महत्त्व दिइएको छ। शुरुमा यो नाच सात दिन चलाइन्थ्यो। पछि राजा श्रीनिवास मल्लले वाःथः प्याखः (लोक नाटक) थपी पन्ध्र दिनको बनाए। त्यसपछि उनका छोरा राजा योगनरेन्द्र मल्लले यसमा अन्य लीलाहरूसमेत थपी एक महिनासम्म नचाए। यसरी प्रत्येक दिन फरक फरक कथा वस्तुमा आधारित कृष्णलीला र अन्य पौराणिक घटनाहरू एवं वाःथः प्याखः समेत थपी एक महिनासम्म अटुटरूपमा देखाइने यो नृत्य नाटिकाले ने.सं.७६१ अर्थात् वि.सं.१६९७ देखि आजसम्म पनि महत्त्व पाइ नै रहेको छ।

शुरुदेखि नै यो नृत्य नाटिका संस्थागत रूपमा सुव्यवस्थित रूपले नृत्य, नाटक र सङ्गीत प्रतिष्ठानको रूपमा विकसित भई चलिरहेको छ। हरिवंश पुराणमा आधारित यो नृत्य नाटिकामा दुई पक्ष छन् - शास्त्रीय अथवा धार्मिक पक्ष र लोक पक्ष। प्रत्येक दिनको कार्यक्रममा शुभारम्भमा कृष्णको प्रवेश भइसकेपछि मात्र नाचगान, नाटक आदि खेल शुरु हुने परम्परा छ। साथै प्रत्येक दिनको कार्यक्रमको समाप्तिमा खेल विर्सजन हुनुभन्दा अगाडि कृष्णगणकै उपस्थितिमा आरती नृत्य हुने परम्परा छ। यो कार्तिक नाचको पराकाष्ठाचाहिँ वराह अवतार, नरसिंह अवतारको नाचमा पुगेपछि हुन्छ। वराह अवतारको नृत्यमा भगवान विष्णुले वराहको अवतार लिएर दैत्यराज हिरण्याक्षसँग द्वन्द्व युद्ध तथा मल्ल युद्ध गर्ने दृश्य दर्शनीय हुन्छ भने नरसिंह अवतारको नृत्यमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विष्णुले नरसिंहको अवतार लिएर दैत्यराज हिरण्यकशिपुको वध गरी दैत्यपुत्र प्रह्लादको उद्धार गर्ने दृश्य विशेष दर्शनीय हुन्छ। नरसिंह हुने पात्र कृष्ण मन्दिरकै पुजारी ब्राह्मण हुनुपर्ने परम्परा छ। उनले पुरश्चरण बस्नु पर्छ र त्यो दिन उनले राति हिरण्यकशिपुलाई छुने बित्तिकै दैत्यराज हिरण्यकशिपु मूर्छित अवस्थामा पुग्दछन्। मूर्छित दैत्य राजलाई पछिबाट मंगहिटीको चोखो पानी ल्याएर तन्त्रविधिले जगाउने रीतिस्थिति र शक्तिप्रदर्शन गर्ने काम अझै कायमै छ। हिरण्यकशिपुको भूमिकाचाहिँ चित्रकार थरकै व्यक्ति हुने परम्परा छ।

लोकपक्षमा वा:ठा: प्याख: (वा:ठा: मानिसहरूको भूमिका रहेको लोक नाटक) आउँदछ। यो लोक नाटकभित्र आफ्नै पनको ठट्टा र मज्जाका हास्य-व्यङ्ग्यहरू भएका विभिन्न कथाहरू र विषयवस्तुहरू प्रस्तुत गर्ने गरिन्छ। यो नृत्य नाटिकाको मूल भाषा नेवा: भाषा भए तापनि ठाउँ ठाउँमा मैथिली, हिन्दी भाषाहरूको पनि यथेस्ट प्रयोग गरिएको पाइन्छ। यो नृत्य नाटिकाको अर्को एउटा विशेषता के हो भने यो नाचमा पाटनस्थित विभिन्न जातजातिका मानिसहरू जस्तै – राजोपाध्याय, वज्राचार्य, शाक्य, श्रेष्ठ, डङ्गोल, चित्रकार, व्यन्जनकार, शिल्पकार, तण्डुकार, मल्ल, कुसले आदि सबैको सहभागिता हुन्छ। यसरी यो नृत्य नाटिकाले उपत्यकाभित्र जातजाति, उचनीचको भावनालाई समीकरण गरिदिएको देखिन्छ। (४४)

साहित्यमा पनि राजा सिद्धिनरसिंह मल्लको योगदान रहेको पाइन्छ। उनले रचेका रामायण र गोपीचन्द्र नाटकहरू तथा उनका भक्ति गीतहरू अझै उपत्यकाका भजन घर तथा मन्दिरहरूमा गुन्जने गर्दछन्। उनको समयका दरवारी नाटककार रामभद्र शर्माले 'हरिश्चन्द्र' नृत्य नाटिका लेखेका थिए। उक्त नाटकमा वंगाली, मैथिली र संस्कृत भाषाहरू प्रयोग गरिएका छन्। सिद्धिनरसिंह मल्लले नेवा: भाषाको अतिरिक्त मैथिली भाषामा पनि प्रशस्त भक्ति गीतहरू लेखेका छन्। 'श्री सिद्धिनरसिंह स्वामीको गीत' शीर्षकमा उनका वाह्रवटा भजन सङ्ग्रह गरिएको हस्तलिखित ग्रन्थ नेपाल राष्ट्रिय अभिलेखालयमा राखिएको छ। भगवान श्रीकृष्णको जीवनीसँग सम्बन्धित यी भजनहरू नेवा: भाषा र नेवा: लिपिमा लेखिएका छन्। (४५)

राजा सिद्धिनरसिंह मल्लले तिब्बतसँग परम्परागत व्यापार गरिरहेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिए । त्यसको अलवा उनले गोरखासँग पनि व्यापारिक सम्बन्ध जोडी गोरखामा पाटनका व्यापारीहरूका २४ वटा कोठी खोल्न सफल भए । यसरी वृद्धि भएको व्यापारिक सम्बन्धले पाटन धनी त हुने भइहाल्यो साथै पाटनमा हस्तकला उद्योगको पनि निकै उन्नत्ति भयो । यसरी उनले पाटनलाई लतिकलाको शहर बनाउने कामको थालनी मात्र गरेनन्, वागमती सभ्यताको श्रीवृद्धि गर्ने काममा पनि आफ्नो योगदान दिन सफल भए ।

ने.सं.७७२ साल माघ कृष्ण १३ बुधबारका दिन गोरखाको बाटो गरी छोरा श्रीनिवासलाई राज्यभार सुम्पिई राजा सिद्धिनरसिंह मल्ल भारतको तीर्थाटनमा गए । तद्पश्चात श्रीनिवास मल्ल पाटनका राजा भए । उनी आफ्नो समयमा पाटन उपत्यकाका मल्ल राज्यहरूमध्ये सबैभन्दा शीर्षस्थानमा पुगेका थिए । वि.सं.१७२९ मा भक्तपुरका राजा जगत्प्रकाश मल्ल र वि.सं.१७३१ मा कान्तिपुरका राजा प्रताप मल्लको मृत्युपछि पाटनका राजा श्रीनिवास मल्लसँग टक्कर लिन सक्ने अरू कोही राजा भएन । पाटन दरबारको निर्माण र विस्तार गर्ने काममा यिनले पनि ठूलो भूमिका खेलेका थिए । मूलचोकको निर्माण कार्य राजा सिद्धिनरसिंह मल्लले गरेको भए तापनि यसको निर्माण कार्य राजा श्रीनिवास मल्लले पूरा गरी चोकको वीचैमा एउटा सानो मन्दिर बनाई आफ्ना ईष्ट देवताको स्थापना पनि गरे । पाटनका मल्ल राजाहरूका सबै राजकीय समारोह, पर्व तथा उत्सवहरू यसै मूलचोकमा नै गरिन्थे । हरेक वर्ष बडादशैंको समयमा तुलजा भगवानीलाई मन्दिरबाट तल ल्याई दशैं अवधिभर यहीं राखी पूजाआजा गर्ने चलन छ। चोकको चारैतिर बनेका दुई तल्ला घरहरूका टुडाँलहरूमा विभिन्न भैरव र मातृका शक्तिहरू कुँदिएका छन् । यहाँको सबैभन्दा उच्चतम कलाको नमुनामा तलेजु मन्दिरको दायाँ बायाँ राखिएका ढलौटमा सुन मलम्मुवा गरेका गङ्गा र यमुनाका पूर्णकदका सुन्दर मूर्ति हुन् । यी दुवै मूर्तिलाई कला इतिहासकारहरूले ढलौटका बेजोड कृति मानेका छन् । यही चोकमा रहेको ने.सं.७८६ (वि.सं.१७२३) को सुवर्णापत्राभिलेखअनुसार यो चोक उनले दशैंको महानवमी धुमधामसँग मनाउन बनाएको भन्ने कुरा उल्लेख छ । सो मूलचोकको बीचमा इष्ट देवता श्रीयन्ताजुलाई सुनको देवल बनाई प्रतिष्ठा गरेको कुरा पनि यस अभिलेखमा परेको छ । यसरी कान्तिपुर, भक्तपुरमाजस्तै ललितपुर राजदरबारभित्र पनि मूलचोकले जन्म लियो । मल्लकालमा दशैं,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुख्यगरी महानवमी बडो धुमधामसँग मनाइन्थ्यो । मूलचोक यसको प्रमुख स्थल हुन्थ्यो । (४६)

पाटन दरबारका चोकहरूमा सबैभन्दा पुरानो मणिकेशव नारायण चोक हो । राजा श्रीनिवास मल्लले यस चोकका लङ्गहरूलाई आफ्नो वासस्थानको रूपमा प्रयोग गर्ने गरेका थिए । उनले यो चोकलाई सुनको ढोका र सुनकै झ्यालले शोभायमान बनाए । प्रसिद्ध कृष्ण मन्दिरको अगाडि पर्ने यो सुन झ्यालमा उनले भगवान अवलोकेश्वर स्थापना गरे भने तल सुनढोकाको तोरणको बीचमा भगवती अर्थात् दुर्गा भवानी र दायाँ बायाँ गणेश र कुमार स्थापना गरे । सुनढोकाको चौकोसको दायाँ बायाँ पनि गङ्गा र यमुनाका ससाना मूर्तिहरू, अष्टमङ्गलका शुभचिन्हहरू र तोरणमा पनि मक्कर, क्षेपु तथा छत्र राखेका छन् । सुनझ्यालमा अवलोकेश्वरलाई नौ टाउके ओडाइएको छ । भगवान अवलोकेश्वरको वरपर ससाना सत्रवटा मूर्तिहरू दायाँ बायाँ राखिएका छन् । भगवानको मुनितिर गरुड, हाती, सिंह आदि राखिएका छन् । झ्यालको तोरणमाथि छत्र र हिन्दू परम्पराका सातवटा मूर्ति कुँदिएका छन् । झ्यालको दायाँ बायाँ सूर्य र चन्द्र छन् । यी सबै धातुका कलाकृतिका अलावा सुनको झ्यालको दायाँ बायाँ काष्ठकलाका अति नै सुन्दर झ्यालहरूसमेत जडान गरिएका छन् । यी दुवै खालका झ्यालमा काष्ठकलाका अनेकन् मूर्तिहरू र अन्य कलाकृतिहरू कुँदिएका छन् ।

उपत्यकाको वास्तुकलाको श्रीवृद्धिमा राजा श्रीनिवास मल्लका योगदानहरू धेरै छन् । यिनले ने.सं.७९० मा तुलजा देवीको मन्दिरमा सुनको छाना र गजुर हाले । ने.सं.८०१ (वि.सं.१७३८) मा मणिधारा अगाडि भीमसेनको तीन तले ठूलो देवल बनाए । ओकुबहालका जोधाजु भन्ने एक व्यक्तिले ने.सं.७८७ मा प्रसिद्ध कृष्ण मन्दिर अगाडि सिंहध्वजासहितको प्रस्तरको खम्बा राजा श्रीनिवासलाई समर्पण गरी स्थापना गरेका थिए । उनको समयमा गुणसिंह भारो भन्ने व्यक्तिले ने.सं.७८७ मा वलम्बूको महालक्ष्मीको मन्दिर देवी र राजाको सम्मानमा निर्माण गरेका थिए । चोभारमा चन्द्रविनायक (जलविनायक) को मन्दिर पनि उनैको कीर्ति हो । उनले ने.सं.७९२ मा मच्छिन्द्रनाथमा सुनको तोरण चढाए । उनले ने.सं.७९३ मङ्सिरमा पाँचछाने कुम्भेश्वरको मन्दिरमा सुनको नयाँ छाना राखे । उनका मन्त्री भागीरथ भैयाले वास्तुकलाका धेरै कीर्तिहरू राखेका थिए । उनले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राखेको सबैभन्दा महत्त्वपूर्ण कीर्तिचाहिँ भाइदेवल अर्थात् विश्वनाथको मन्दिर हो। भनिन्छ - भारतको वनारसमा रहेको विश्वनाथको प्रसिद्ध मन्दिरलाई मुगल बादशाह औरङ्गजेभले भत्काइदिए। नेपाली तीर्थयात्रुहरूले वनारस गएर विश्वनाथको दर्शन गर्न सम्भव नरहेपछि उनले विश्वनाथको यो मन्दिर निर्माण गरेका हुन्। राजा श्रीनिवास मल्लको समयमा उनले, उनका परिवार, भाइभारदार र जनताले समेत हिन्दू र बौद्ध धर्मसम्बन्धी धेरै कीर्तिहरूबाट पाटनलाई धनाढ्य तुल्याएका थिए। (४७)

भौतिक सम्पदाको साथसाथै अभौतिक सम्पदाहरूको श्रीवृद्धिमा पनि राजा श्रीनिवास मल्लले धेरै योगदानहरू पुऱ्याएका थिए। ने.सं.७८४ (वि.सं.१७२०) मा यिनले अष्टमातृकागणको नृत्यको प्रचलन शुरु गरे। भनिन्छ - राजा श्रीनिवास मल्लको इच्छाअनुसार त्यस समयका प्रसिद्ध तान्त्रिक बन्धुदत्तले अष्टमातृकागणहरूलाई तान्त्रिक विधिबाट प्रकट गराई यो नाचको परम्परा वसालेका थिए। यो नाच घटस्थापनादेखि चारदिनसम्म बेलुकी र फूलपातीको दिन र विजया दशमीको दिन दिउँसो पाटन दरवारको मूलचोकमा नचाइन्छ। आश्विन शुक्लको षष्ठी, सप्तमी र नवमीको दिन बेलुकी पाटन दरबार सुन झ्याल अगाडिको डबलीमा राति यो नृत्य देखाइन्छ र विजया दशमीको दिनदेखि यो नृत्य पनि समाप्त हुन्छ। फूलपाती र विजया दशमीका दिनमा तुलजा भवानीलाई मन्दिरबाट तल मूलचोकमा ल्याउँदा र पछि फिर्ता लैजाँदा यो गणनृत्यले मूलचोकमा नाचेर देवीको स्वागत गर्ने प्रचलन छ। यो नाचमा सिंहिनी, व्याघ्रिनी, गणेश, भैरव, कुमार, ब्रम्हायणी, माहेश्वरी अथवा रुद्रायणी, कुमारी, वैष्णवी, वाराही, इन्द्रायणी, चामुन्डा, महालक्ष्मी र अन्यपात्रहरूमा वन्धुदत्त गुरुजु, गुणदत्त गुरुजु, गुरुमाँ, फटासिं भाजु, भरिया आदि हुन्छन्। पाटनका सांस्कृतिक तथा धार्मिक नाचगानहरूमा यो अष्टमातृका नृत्यको पनि महत्त्वपूर्ण स्थान छ। (४८)

राजा श्रीनिवास मल्लले रातो मच्छिन्द्रनाथको रथयात्रालाई भव्य र उल्लासपूर्ण बनाउन धेरै गुठीहरू राखे। उनले ने.सं.७०२ मा पाटनको तःवहालको मच्छिन्द्रनाथको मन्दिरमा सुनढोका र तोरण राखी ढोकामा आफैँले रचेका भक्ति गीतका श्लोकहरू कुँद्न लगाए। उनका दरबारिया कवि कुनु शर्माले 'कीर्ति पताका' नामको कृतिमा उनको समयको ललितपुरको वर्णन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेका छन् । (४९)

राजा श्रीनिवास मल्ल मच्छिन्द्रनाथका अनन्य भक्त थिए । यिनले मच्छिन्द्रनाथको रथयात्रालाई भव्य बनाउन मच्छिन्द्रनाथको रथ जात्रामा मच्छिन्द्रनाथलाई बुङ्गमती लैजाँदा वा बुंङ्मतीबाट तःवहालमा ल्याउँदा अरू सबै काम छोडेर पनि राजाले त्यहाँ सम्मिलित हुनु पर्ने र साथै राजदरबारमा शोच-आशोच आदि परे पनि मच्छिन्द्रनाथको जात्रामा वाजाहरू साविक बमोजिम नै रहनु पर्ने नियम बनाए । यिनले अरू पनि धेरै नियमहरू बनाई मच्छिन्द्रनाथको सम्मान गरेको देखिन्छ । यिनले एक किसिमको संविधान प्रदत्त अधिकारको प्रयोगसहित प्रजाहरूकै सहयोग लिई शासन गर्दथे भन्ने महत्त्वपूर्ण सङ्केत पनि यसबाट पाइन्छ । (५०)

यिनी साहित्य, नाटक आदिका पनि अनुरागी थिए । यिनको दरबारमा कवि, विद्वान्हरूको जमघट हुन्थ्यो । तीमध्ये हरिवंश पण्डित प्रमुख थिए । उनले सिद्धिनरसिंह मल्ल र श्रीनिवास मल्लका धेरै शिलालेखहरूको पद्यरचना गरेका थिए । त्यसरी पद्यरचना गर्नेमा कवि कुनु शर्मा, काशीबाट आएका नीलकण्ठ भट्ट आदि पनि प्रमुख नै थिए । राजा श्रीनिवास मल्लका नेवाः भाषामा धेरै रचना नभए तापनि 'दशअवतार' नाटक सङ्ग्रह नेपाल राष्ट्रिय अभिलेखालयमा सुरक्षित छ । धेरैजसो भक्ति गीतहरू उनले मैथिली भाषामा पनि लेखेका छन् र पाटनका भजन घरहरूमा ती भजन गीतहरू अझै गाइन्छन् । उनका कृतिहरूबाट पनि उनी करुणामय लोकेश्वरका अनन्य भक्त थिए भन्ने स्पष्ट गर्दछ । उनले आफ्ना कृतिहरूका अन्तिम वाक्यमा आफूलाई 'लोकनाथको बालक श्रीनिवास', 'लोकनाथको सेवक श्रीनिवास' भनेर लेखेका छन् । (५१) उनको दरबारका नाटककार श्री भद्र शर्माले ने.सं.७८५ आश्विनमा मैथिली भाषामा 'ललितकुवलयाश्व', 'मदालसो पाख्यान' र 'तारकारसुरवध्' नाटक लेखेका थिए । (५२) यिनले ने.सं.७८५ मा 'मदालसो पाख्यान' नृत्य नाटिका मञ्चन गराएका थिए ।

राजा श्रीनिवास मल्लले करिब २६ वर्ष राज्य गरी आफ्ना छोरा योगनरेन्द्र मल्ललाई राजगद्दीमा राखे । पाटनका योग्य शासक एवं निर्माताामध्ये राजा योगनरेन्द्र मल्ल (ने.सं.७८७-८२६) अन्तिम राजा थिए । यिनको राज्यकालमा नेपाल उपत्यकाभित्र खासगरी पाटनमा केही वास्तुकलाका कीर्तिहरू निर्माण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएका थिए। ने.सं.८२१ मा पाटनको प्रसिद्ध महालक्ष्मीको मन्दिर बनेको थियो। यिनको समय ने.सं.८२५ मा सौगोल टोलमा प्रस्तरको कृष्ण मन्दिर बनेको थियो। यिनको सबैभन्दा महत्त्वपूर्ण कीर्तिचाहिँ ने.सं.८२१ मार्ग शुल्क षष्टीको दिनमा पाटनको भीमसेन मन्दिर जीर्णोद्धार गरी भीमसेनको मूर्तिलाई क्रोधको भावमा दुशासन वध गरिरहेको मूर्ति बनाउन लगाउनु हो। यिनले भीमसेनको जात्रा पनि चलाएका थिए। यिनले देगुतले देवलको अगाडि एक ठूलो ढुङ्गाको खम्बा खडा गरी आफ्नो परिवारसहितको सालिक राखेका थिए। उनको अकाल मृत्युपछि उनकी छोरी योगमतीले उनको सम्झनामा ने.सं.८४३ (वि.सं.१७७९) मा पाटन दरबारको सुन्दरीचोक अगाडि प्रस्तरको एउटा भव्य राधाकृष्ण मन्दिर निर्माण गर्न लगाए जुन मन्दिर च्यासी देवलको नामले प्रसिद्ध छ। उक्त मन्दिरमा सत्रवटा सुनका गजुर पनि चढाएका थिए।

राजा योगनरेन्द्र मल्लले पाटनमा धेरै जात्राहरू चलाए। वज्रबाराहीको जात्रा, बालकुमारीको जात्रा, घोडाजात्रा आदि यिनैले चलाएका थिए। जात्रा-पर्वमा मात्र होइन, यिनको पालामा साहित्य र नाटकको पनि अभिवृद्धि भएको देखिन्छ। यिनी स्वयं सङ्गीतका ठूला सौखिन थिए। तसर्थ यिनी आफूलाई 'सङ्गीतार्न उपराग' भनेर भन्न रूचाउँथे। उनको रचना 'रागमाला' प्रेमरसले भरिपूर्ण छ। राजा स्वयं पनि धेरै रसिक थिए। यिनको राज्यकालमा दरबारिया नाटककार हरिवंश पण्डितले 'महाभारत' नाटक नेवाः भाषामा लेखी मञ्चन गरेका थिए।

पाटनका अन्तिम मल्ल राजाहरूमा राजा विष्णु मल्लको कृति 'उषाहरण' नाटक हो। उनका अन्य कृतिहरूमा बंगाली र मैथिली भाषा मिसेर लेखिएको 'अभिनय प्रवोध चन्द्रोदय' पनि हो। उनले रचेका भजनहरू पाटनका दाफा भजनहरूमा अझै गाइन्छन्। उनकी रानी चन्द्रलक्ष्मी पनि कवयित्री थिइन्।

पाटनको राजनीतिक अवस्था स्थिर र राम्रो नभए तापनि राजा राज्यप्रकाश मल्ल र रानी पुण्यलक्ष्मी मिलेर लेखेका भक्ति गीतहरू पाटनका दाफा भजन घरका पुस्तकहरूमा पाइन्छन्। त्यसरी नै राजा महिन्द्रसिंह देवका पनि नेवाः भाषा र मैथिली भाषामा लेखेका गीत तथा कविताहरू पाइन्छन्। राजा जगज्जय मल्लले नेवाः भाषा र मैथिली भाषामा र उनकी रानी कुमुदिनी देवीले नेवाः भाषामा लेखेका कविताहरू प्रशस्त छन्। तसर्थ मल्लकालमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तीन वटै राज्यहरूमा कला र साहित्य, धर्म र धार्मिक प्रतिष्ठानहरू, धार्मिक संरचनाहरूको निर्माण र संरक्षणमा कुनै कमी आएको थिएन। यी तीनै राज्यका रानीहरूमध्ये साहित्य सिर्जनामा रानी ऋद्धिलक्ष्मी देवी, रानी जयलक्ष्मी, रानी भुवनलक्ष्मी, रानी कुमुदिनी, रानी वृद्धिलक्ष्मी, रानी चन्द्रलक्ष्मी आदि अमर छन्। (५३)

योगनरेन्द्र मल्लपछि उनकी छोरीपट्टिका नाति लोकप्रकाश मल्ल राजा भए। लोकप्रकाशपछि क्रमशः इन्द्र मल्ल, वीरनरसिंह मल्ल, ऋद्धिनरसिंह मल्ल, महीन्द्रसिंह, योगप्रकाश मल्ल र विष्णु मल्ल राजा भए। राजा विष्णु मल्लले वज्रबाराही मन्दिरको जीर्णोद्धार गरी सुन मलम्मुवा गरेको गजुर राखे। मङ्गलबजारको ठूलो घण्टा पनि उनैको देन हो। विष्णु मल्ल र राज्यप्रकाश मल्लको द्वैध शासन थियो। विष्णु मल्लपछि विश्वजीत मल्ल पाटनका राजा भए। पाटनका छ प्रधान (महापात्र) हरूको राज्यमा हस्तक्षेप र बोलवाला चलि नै रहेको थियो। यिनीहरूले कहिले कान्तिपुरका राजा जयप्रकाश मल्ललाई त कहिले भक्तपुरका राजा रणजीत मल्ललाई पाटनको राजगद्दीमा राखेका थिए। यसरी एकातिर उपत्यकाका मल्ल राजाहरू कमजोर हुँदै गइरहेको अवस्था थियो भने अर्कोतिर गोरखाका राजा पृथ्वीनारायण शाहले आफ्नो विजय अभियान अगाडि बढाइरहेका थिए। अन्ततः पाटनका अन्तिम राजा तेजनरसिंह मल्ल पाटनबाट भागी भक्तपुरमा शरणार्थी भई बसेको अवस्थामा पृथ्वीनारायण शाहले कैद गरे। कैदमा नै उनको मृत्यु भयो। (५४)

सन्दर्भ सामग्री

(१) वज्राचार्य, मनवज्र, २०२७, नेपालको मध्यकालीन कला, श्री ५ को सरकार, सूचना विभाग, काठमाडौँ, पेज १८७-१८८

(२) Amatya, Shaphalya, 2011, **Archaeological and Cultural Heritages of Kasthmandu Valley**, Rathna Pustak Bhandar, Kathmandu Page 21-22

(३) वज्राचार्य, गौतमवज्र, २०३३, हनुमानढोका राजदरबार, नेपाल र एशियाली अध्ययन संस्था, त्रिभुव विश्वविद्यालय, काठमाडौँ, पेज १७-२२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४) Zotter, Astrid, 2009, "On the Consecration of the Jalasayan Narayana in the Royal Palace of Kathmandu", **Journal of Nepal Research Centre**, vol XIII, Nepal Research Centre Kathmandu, Page 93–99

(५) प्रधान (वन्त,) रुक्मिणी, 'प्रताप मल्लको धार्मिक सहिष्णुता', Nepalese Culture, vol II, 1981–1982, Page 15–24

(६) 'नेपालको इतिहास' प्राचीन नेपाल, सङ्ख्या १८, माघ २०२८, पेज २

(७) (क) अमात्य, साफल्य, काष्ठकलाको सौन्दर्य, गोरखापत्र, २०७१ कार्त्तिक ९ शनिवार

(ख) वज्राचार्य, मनवज्र, नं. १, पेज १८९–१९०

(८) वज्राचार्य, गौतमवज्र, नं.३, पेज २४–२५

(९) अमात्य, साफल्य, २०३६, नेपालमा पुरातत्त्व, साझा प्रकाशन, काठमाडौं, पेज १२६–१२७

(१०) अमात्य, साफल्य, २०६२, नेपाल-मण्डल काठमाडौं उपत्यकाका धार्मिक नाचहरू, चकँदवु, त्रिपुरेश्वर काठमाडौं,

(११) वैद्य, जनकलाल, २०४१, नेपाल भाषा या प्राचीन काव्य सिर्जना, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, यँ (काठमाडौं), पेज १७–३३

(१२) शाह, चन्देश्वर, २०५५, मल्लकालीन मैथिली नाटक, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठा, काठमाडौं पेज ९३–९४

(१३) पेतेक लुच्यानो, (सम्पादक), २०६०, तिब्बत र नेपालमा इटालियन धर्म प्रचारकहरू, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं, पेज ११–१२

(१४) वज्राचार्य, गौतमवज्र, नं.३, पेज ९२

(१५) आचार्य, बाबुराम, २०६८, नेपालको सांस्कृतिक परम्परा, श्रीकृष्ण आचार्य, वानेश्वर, काठमाडौं, पेज १४८–१४९

(१६) अमात्य, साफल्य, २०६८, पुरातत्त्व, इतिहास र संस्कृति, भृकुटी एकाडेमिक पब्लिकेसन्स्, काठमाडौं, पेज २१४

(१७) अमात्य, साफल्य, २०६३, नेपाल-मण्डल काठमाडौं उपत्यकाका धार्मिक नाचहरू, चकःदुवु त्रिपुरेश्वर काठमाडौं, पेज ९०–१०१

(१८) मुनकर्मी, लीलाभक्त, २०५३, विस्केट जात्राको संस्कृति, भक्तपुर नरपालिका, भक्तपुर, पेज २३

(१९) मुनकर्मी, लीलाभक्त, नं.१८, पेज ५०–६२

(२०) वैद्य, जनकलाल, नं.११, पेज ३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२१) चालिसे, पुष्पराज, २०४८, नेपालको पुरानो इतिहास र सभ्यता, रत्न पुस्तक भण्डार, काठमाडौं, पेज ३७४
(२२) मल्ल, प्रचण्ड, 'मल्लकालीन निर्देशक र कलाकारको खोजी' कान्तिपुर, २०६२ असोज १ गते शनिवार, पेज ६
(२३) वज्राचार्य, गौतमवज्र, नं.३, पेज ७८
(२४) वैद्य, जनकलाल, नं.११, पेज ४२-५९
(२५) मल्ल, प्रचण्ड, नं.२२
(२६) वज्राचार्य, मनवज्र, नं.१, पेज २८१
(२७) मुनकर्मी, लीलाभक्त, नं.१८, पेज १६२-१७४
(२८) वैद्य, जनकलाल, नं.११, पेज ६०-६१
(२९) (क) वैद्य, जनकलाल, वि.सं.२०६१, सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं,
(ख) Shrestha, Sukra Sagar, "Construction of Nyatapola Temple", **The Rising Nepal**, 9th Jan, 1998 Friday
(३०) Basukala Bijaya, Guteschow Niels, Kayastha Kishor, 2014 **Towers in Stone : Shikhara Temples in Bhaktapur - Vatsala and Siddhi Laksmi,** Himal Book Kathmandu,
(३१) Basukala, Bijaya, Guteschow Niels, Kayastha Kishor, No.30, Page 105-152
(३२) Amatya, Shaphalya, 1999, **Art and Culture of Nepal: An Attempt towards preservation,** Nirala Publication, New Delhi, Second edition, Page 203-204
(३३) मुनकर्मी, लीलाभक्त, २०५८, भूपतीन्द्र मल्लका कीर्ति र अभिलेखहरू, भक्तपुर नगरपालिका, पेज ३१
(३४) Gutschow Niels, ed, 2015, **History of the Kings of Nepal : A Buddhist Chronicle,** (Maps and Illustratiouns), Himal Books, Kathmandu, Plate 41, Page 86
(३५) वैद्य, जनकलाल, नं.११, पेज १००
(३६) Landon, Perceval, 1976, Nepal, vol.1, Ratna Pustak Bhandar, Kathmandu, Page 217
(३७) वैद्य, जनकलाल, नं.११, पेज १०१-१०४
(३८) मुनकर्मी, लीलाभक्त, नं.३३, पेज ३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३९) वैद्य, जनकलाल, 'नेपाल भाषा नाटक-नाटिका', मधुपर्क, नाटक अङ्क, भदौं २०५३ पेज ७८-८२
(४०) Basukala, Bijaya, Guteschow Niels, Kayastha, Kishor No.30, Page 7–21
(४१) Amatya, Shaphalya, No.2, Page 139–144
(४२) (क) अमात्य, साफल्य, नं.१६, पेज ८४-८९
(ख) जोशी, सत्यमोहन 'कार्तिक नाचभित्रको लोक नाटक' मधुपर्क जेठ २०४८, पेज ५-१२
(ग) श्रेष्ठ, हरिमान, २०६६, कात्ति प्याखः (कार्तिक नाच), जेष्ठ नागरिक समाज, मङ्गलबजार,
(४३) (क) अमात्य, साफल्य, नं.१६, पेज २१४-२१५
(ख) शाह, चन्देश्वर, नं.१२, पेज ९७-९८
(ग) वैद्य, जनकलाल, नं.११, पेज ६२-८२
(४४) वज्राचार्य, धनवज्र, २०५६, मल्लकालको अभिलेख, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर काठमाडौं, पेज १४२-१४५
(४५) (क) Burleigh Peter, A Chronology of the Later King of Patan, Kailash vol; iv, No.1, 1976, Page 37–44
(ख) नेपाल देशको इतिहास, प्राचीन नेपाल, सङ्ख्या १८, माघ २०२८, पेज ३-६
(४६) मल्ल, प्रचण्ड, नं.२२
(४७) अमात्य, साफल्य, नं.९, पेज ४७-५१
(४८) योगी, नरहरिनाथ (भावानुवाद), २०१८, श्री कुनु शर्माको कीर्ति पताका, (ललितपुरको वर्णन), जगदम्बा प्रकाशन, ललितपुर
(४९) वज्राचार्य, धनवज्, नं.४४, पेज १७०-१८१
(५०) नेवार राजाहरूको बयान, हड्सन म्यानेस्क्रिप्ट नं.५१ (हिन्दी आदि), पेज १७६-१८३, ब्रिटिस लाइब्रेरी लण्डन)
(५१) वैद्य, जनकलाल, नं.११, पेज ८३-८९
(५२) शाह, चन्देश्वर, नं.१२, पेज ९९-१००
(५३) वैद्य, जनकलाल, नं.११, पेज १७-१२६
(५४) Burleigh Peter (क), No.45, Page 45–71

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नवौं अध्याय

पृथ्वीनारायण शाहदेखि जङ्गबहादुर राणाको उदयसम्म वागमती सभ्यताको रूपरेखा

(सन् १७६९ देखि १८४६ सम्म)

वागमती उपत्यकाको वैभव र सम्पन्नतामाथि वरपरका छिमेकी राज्यहरूले धेरै पहिलेदेखि नै आखाँ गाड्दै आएका थिए । लिच्छविकाल र अन्तरिमकालमा बाहिरका राज्यहरूको आक्रमण व्यहोर्न नपरे तापनि नेपालको कर्णाली प्रदेशका खस राजाहरूले वागमती प्रदेशमा आफ्नो प्रभाव जमाउन मल्लकालको पूर्वार्द्धमा अर्थात् चौधौँ शताब्दीमा धेरै पटक आक्रमणको कोशिस गरेका थिए । सोह्रौं शताब्दीको अन्त्यतिर र सत्रौं शताब्दीको शुरुमा पाल्पाली सेन राजाहरूले पनि यस उपत्यकामाथि कब्जा गर्न खोजेका थिए । तर तिनीहरूको मनसाय राज्य विस्तार गर्नु नभई लुटपाट गर्नु नै थियो कि जस्तो देखिन्छ । पन्ध्रौं शताब्दीमा मुसलमानहरू र तिरहुतेहरूले पनि वागमती प्रदेशमा आँखा नगाडेका होइनन् । तर मुसलमानहरू लुटपाट र तोडफोड गरेर भागे भने तिरहुतेहरूले यहाँको राजपरिवारसँगको वैवाहिक सम्बन्धको फाइदा लिई यहाँको प्रशासन र संस्कृतिमा आफ्नो प्रभाव पार्न सफल भए । उनीहरू यहींकै सभ्यतामा घुलमिल भई बसेका थिए ।

वि.सं.१८२६ मा वागमती उपत्यकामाथि विजय प्राप्त गरिसकेपछि पृथ्वीनारायण शाहले आफूले विस्तार गरेको गोरखा राज्यको राजधानी काठमाडौंमा सारे । यहाँका प्राकृतिक र भौतिक संरचनाहरू एवं सुन्दरता, भारत र तिब्बतसँगको व्यापारिक सम्पर्कले गर्दा उपत्यका धनी थियो । यहाँको सामरिक महत्त्व र सम्पन्न संस्कृति एवं सभ्यताले उनलाई आकर्षित गरेका थिए । नेपाल उपत्यकाभित्र उनले धेरै अघिदेखि आखाँ गाडेको कुरा वि.सं.१८३१ मा आफ्नो मृत्यु हुनुभन्दा केहीअघि उनले नुवाकोट दरबारमा छँदा आफ्ना भारदारहरूलाई समय समयमा भनेका कुराहरू समेटी पछिबाट 'दिव्य उपदेश' भनी नामकरण गरिएको ग्रन्थमा उल्लेख गरेको पाइन्छ । जस्तै : नेपाल कुन्हो भनि सुध्याङा र त्यो भादगाउ हो त्यो पाटन हो त्यो काठमाडौं हो भनि देषा (या) र मेरो मनमा यि तिनै सहरको राजा हुन पाया ता हुदो हों भन्ने यस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनमा परि रहथ्यो। (१)

पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका त जिते तर काठमाडौं उपत्यकाको संस्कृति र सभ्यताले भने उनैलाई जिते। खुडाले मात्र आर्जेको देशलाई आफ्नु न ठान्नु। जुन देशमा आफ्नु स्थिति रीति (सभ्यता र संस्कृति) चल्दछ। त्यो मुलुक स्थायी हुन्छ भन्ने राम शाहको सिद्धान्त उनलाई राम्ररी थाहा थियो।(२) त्यसैले उनले आफ्नो दिव्य उपदेशमा पनि भनेका छन् : मेरा साना दुषले आर्ज्याको मुलुक होइन। सवैजातको फुलवारी हो। सवैलाई चेतना भया। (३)

पृथ्वीनारायण शाहले उपत्यका खासगरी काठमाडौंलाई आफ्नो विशाल नेपाल राज्यको राजधानी बनाए। मल्लकालमा तीन राज्यको वैमनस्यताले गर्दा जनताले दुःखकष्ट भोग्नुपरेको परिस्थितिलाई पूर्ण नियन्त्रण गरी प्रशासनको डोरी मजबुत बनाए। उनी जनतालाई सुरक्षा र शान्तिको अनुभूति दिन पनि सफल भए। उनको स्थानीय जनताको धर्म, संस्कृति र कलामा हस्तक्षेप नगर्ने नीतिले गर्दा उपत्यकाको नेवा संस्कृति, कला र साहित्य पनि शनैः शनैः फस्टाइरहेकै थिए। उनको राज्यकालमा जनताले सुखको अनुभव गरेको कुरा नेवा भाषाको एउटा स्तुति गीतमा यसरी उल्लेख गरिएको छ : राजा पृथ्वीनारायणया सुख राजे दर (जुर-जुल ?) रे॥ ल्हाकम्ह अनाथ स्वहुने याहुने उद्धार रे॥ अर्थात् राजा पृथ्वीनारायण शाहको राज्यकालमा अनाथ सबैको उद्धार होस् भनी शुभकामना व्यक्त गरिएको छ। (४)

माथि पनि भनिसकिएको छ - पृथ्वीनारायण शाहले वागमती उपत्यका जिते पनि त्यहाँको कला, संस्कृति र सभ्यताले उनलाई जितेका थिए। यो कुरा उनको दिव्य उपदेशमा उनले भनेका कुराहरूबाटै प्रस्ट भएको छ। अझ यो अर्को उदाहरणलाई पनि हेरौँ : "मुगलाना नजिकै छ त्यस जग्गामा छोकडा पत्रीया रह्याछन्। चित्रकार भऱ्याका कोठामा ढोलक सितार रागतानमा भुलनन्। रागतानमा वडो ठूलो मोह हुन्छ र दवलथ पनि षोलिन्छ। देशको भेद पनि तिनैले लैजान्छन् र हरिपले दगा गर्छ। रागको अभ्यास कसैले नगर्नु। तिन जातलाई पहाड आम् फदरफ पनि कसैले न षोलनु अथवा फागुलाई यक दुई झिकि चाडै विदा गराई दिनु र देषको भेद पनि पाउदैन। आफ्ना स्वष सयललाई ता सास्त्र वमोजिमको तिनै शहर नेपालको नेवारहरूको नाच झिकाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हेर्‍या पनि हुन्छ । यिनमाता दियाको पनि आफ्नै देशमा रहन्छ । यस्व भया आफ्नु देस गमन रहन्छ । (५)"

पृथ्वीनारायण शाहले उपत्यकाभित्र परम्परादेखि चल्दैआएका धेरैजसो धार्मिक एवं सांस्कृतिक चाडपर्व, जात्रा, मेला आदि क्रियाकलापहरूलाई पूर्ववत चल्न दिएको देखिन्छ । प्रधानमन्त्री भीमसेन थापाका समकालीन पण्डित सुन्दरानन्द बाँडाले आफ्नो ग्रन्थ त्रिरत्न-सौंदर्य-गाथामा लेखेका छन् : पाटनका वहाल-बहालका देवता तथा भीमसेन, कृष्ण आदि सबै देवदेवताको पृथ्वीनारायण शाहले दर्शन पुजन गरे । .... श्रावणको जात्रा (गुँला धर्म, गाईजात्रा) पृथ्वीनारायणले रस मानी हेरे । मखुन्डो लायकाहरूलाई पृथ्वीनारायणले रूपिया दिए । नेपाल खाल्डोका हरसिद्धि आदि नाच, मत्स्येन्द्रनाथ आदिको यात्रा पृथ्वीनारायणले भक्ति र चाख मानी हेरे । (६)

यसरी पृथ्वीनाारायण शाहले वागमती उपत्यकाको संस्कृति र सभ्यतालाई कदर गरी आफ्नो राजदरबार पनि मल्ल राजाहरूको दरबार हनुमानढोका दरबार क्षेत्रभित्रै बनाएका थिए । उनको दरबार मल्लकालीन तथा नेपाली मौलिक वास्तुकलाको छानेशैलीमा नै बनाएका थिए । उनले यो दरबारलाई अझ भव्य र विशाल बनाउन लोचोकलाई बीचमा पारी वसन्तपुर, कैलाशवुर्जा, बङ्गलाबुर्जा, लक्ष्मी विलासबुर्जा र विलास मन्दिरबुर्जा बनाई उपत्यकाको वास्तुकलालाई थप ऊर्जा प्रदान गरेका थिए । यी सबै बुर्जाहरू नेपाली काष्ठकलाले भरिपूर्ण छन् । यिनले त्यस बखत नेपाली कालिगढ, सिकर्मी, डकर्मी आदि सबैलाई काम दिई प्रोत्साहित गरेको देखिन्छ । चारवटा बुर्जाहरूमध्ये वसन्तपुर बुर्जा सबैभन्दा अग्लो छ । नौ तले र अन्दाजी ७२ हातको यो दरबार 'नौ तले दरबार' को नामले पनि प्रसिद्ध छ । बङ्गला बुर्जालाई छोडी अरू तीन वटा बुर्जाहरू - वसन्तपुर, लक्ष्मीविलास र विलास मन्दिरका छानाहरू नेपाली परम्परागत छानेशैलीका छन् भने बङ्गला बुर्जाको छाना पित्तल पाताको राजस्थानी शैलीमा छ । त्रिरत्न-सौन्दर्य-गाथाकाअनुसार राजा पृथ्वीनारायण शाहको वास्तुकलामा विशेष रूचि थियो । वसन्तपुर दरवार बनाउँदा उनले हरिवंश भन्ने ब्राह्मणलाई त्यस काममा खटाई आफैँले त्यसको निर्देशन दिने गर्दथे भन्ने बुझिन्छ । वसन्तपुरको उत्तर लङ्गतर्फको शकसंवत् चैत्र १६६१ शुक्ल पञ्चमीको शिलालेखमा 'तेन भूपकरिसिंह वरेरा निर्मित किल वसन्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुहम्यर्म, चित्रजाल वहुभूमि विशेष सुन्दरी सुढ्ढ माननिरासम्' अर्थात् राजारूपी हात्तीमा सिंहजस्ता भएका महाराजले किसिम किसिमका झ्याल भएका, धेरै तला भएका, सुन्दरीहरूको मान तोडिदिने वसन्तपुर दरबार बनाउनु भयो भन्ने बोलीले वसन्तपुरको काष्ठकलात्मक वैभवलाई प्रमाणित गर्दछ । (७) वास्तवमा केही बचे-खुचेका वास्तुकलाविद्हरूको मद्दतबाट नै पृथ्वीनारायणले नुवाकोट दरबार, वसन्तपुर दरबार बनाएका थिए ।

वास्तुकलामा मात्र होइन, चित्रकलामा पनि पृथ्वीनारायण शाहले पुराना परम्परागत पारखीहरूलाई पूर्णजीवन दिन खोजेका थिए । समकालीन चित्रकार हरूले उनलाई मुगल बादशाहका ढङ्गबाट चित्रित गरे । उनको अहिलेसम्म प्राप्त एउटा समकालीन चित्र, जुन हाल नेपाल म्युजियम (राष्ट्रिय सङ्ग्रहालय) को छाउनीमा प्रदर्शित छ, त्यस चित्रमा उनले एउटा फूल समातेको दृश्य देखाइएको छ । साथमा उनकी दुई रानीहरू पनि देखिन्छन् । सम्भवतः ती दुईमा इन्द्रकुमारी र नरेन्द्रलक्ष्मी हुन् ।

वागमती उपत्यकामाथि विजय प्राप्त गरिसकेपछि पृथ्वीनारायण शाहले धेरैजसो समय नुवाकोटमा नै बिताए । वि.सं.१८३१ माघ १ गते त्यही दरबारमा उनको मृत्यु भयो । उनीपछि उनका जेठा छोरा प्रतापसिंह शाह राजा भए । सानैदेखि प्रतापसिंह शाहलाई वागमती उपत्यकाको नेवाः संस्कृति र सभ्यताले आकर्षित गरेका थिए । उनकी एउटी मनपर्ने नेवाः रानी थिइन् - मय्जु रानी । तिनै रानीको तर्फबाट उनका दुई छोरा जन्मे, विदुर शाह र शेरबहादुर शाह । वाल्यकालदेखि नै प्रतापसिंह शाह पढ्न, लेख्न र विद्या हासिल गर्न सधैँ उद्यत रहन्थे । यिनी एक कवि राजा पनि थिए । आफू युवराज छँदै यिनले बालाजु उद्यानमा एउटा बृहत कवि सम्मेलनको आयोजना गरेका थिए । उक्त कवि सम्मेलनको सभापतित्व उनी स्वयंले गरेका थिए । उक्त कवि सम्मेलमा भारतका विभिन्न स्थानहरू; जस्तै अयोध्या, काशी, काश्मीर, गुजरात, पाटलीपुत्र, मथुरा, मध्यदेश, महाराष्ट्र आदि स्थानहरूबाट करिब साठी र नेपाल उपत्यका पर्वत, मिथिला, गोरखा दरबार आदिबाट करिब २२ जवान विशिष्ट कविहरूले भाग लिएका थिए । (८)

प्रतापसिंह शाह संस्कृतका धुरन्धर विद्वान् हुनुका साथै तन्त्रशास्त्रका मानिएका साधक थिए । उनले पाटनका प्रसिद्ध तान्त्रिक गुरु कीर्तिराजानन्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपाध्यायसँग दीक्षा लिएका थिए। उनले आफ्ना गुरु कीर्तिराजानन्द उपाध्यायलाई 'राजोपाध्याय' भन्ने पदवी नै प्रदान गरे। कीर्तिराजानन्दका सन्तानहरू अझै आफ्नो नामको अन्तमा राजोपाध्याय लेख्ने गर्दछन्। उनले रचेको वृहत पुरश्चर्यार्णवस्यः नामको तन्त्रशास्त्रको पुस्तकबाट उनको विद्वत्ता र तन्त्रसम्बन्धी ज्ञानबारे प्रस्ट थाहा हुन्छ। (९)

राजा प्रतापसिंह शाह गीत-राग गाउन पनि सौखिन थिए। शाह राजाहरू फागु पर्वलाई अलि धुमधामसँग मनाउँदथे। युवराज प्रतापसिंह शाह आफैँले गीत गाई यो पर्व मनाएको कुरा पृथ्वीनारायण शाहको शक संवत् १६८७ को नुवाकोटको अभिलेखबाट थाहा पाइन्छ। (१०)

शाह राजाहरूको दरबारमा शक्तिवल्लभ अर्याल, वाणीविलास पाण्डे, ललिता वल्लभ, सुभानन्द दास, उदयानन्द अर्याल तथा सुन्दरानन्द बाँडाजस्ता संस्कृतका विद्वान् तथा कविहरूले सम्मान पाएका थिए। शक्ति वल्लभ अर्यालको स्थान नेपालको इतिहासमा उच्च छ। उनी संस्कृत भाषाका एकजना सफल कवि एवं नाटककार थिए। उनले लेखेका आधा दर्जन जति संस्कृतिसम्बन्धी ग्रन्थहरू फेला परिसकेका छन्। उनले आफ्नो बुढेसकालमा इ.१७९८ मा हास्य कदम्ब नाटक लेखेका थिए। हास्य कदम्बको नेपाली भाषामा उल्था गरिएको पनि पाइएको छ। कवि ललिता वल्लभले वि.सं.१८२६ मा पृथ्वीनारायण शाहको विजय यात्राको प्रशंसा गरी भक्त विजय काव्य रचेका थिए। यस काव्यमा काठमाडौं उपत्यकाको विजयबारे वर्णन गरिएको छ। यिनले श्रीशाके १६९२ मा पृथ्वीनारायण शाहलाई मुरीमुरी तारिफ गरी पृथ्वीन्द्रवर्णोदय काव्य लेखेका थिए। राजा प्रतापसिंह शाहका समकालीन भानुदत्तले रचेको हितोपदेश मित्र लाभको पनि नेपाली साहित्यमा ठूलो स्थान छ। (११)

राजा प्रतापसिंह शाहको राज्यकालमा नेपाली वास्तुकलालाई प्रतिनिधित्व गर्ने दुईवटा भवनहरू बनेका थिए। ती मध्ये चिकमुगल टोलमा निर्मित काजी स्वरूपसिंह कार्कीको जयमन्दिर एक थियो भने अर्कोचाहिँ केलटोलमा काजी अभिमानसिंहले निर्माण गर्न लगाएको 'मान मन्दिर' अथवा तिलङ्गा घर (सिपाही घर) हो। हाल जय मन्दिरको वास्तुकला प्रायः ध्वस्त भइसकेको छ भने मानमन्दिर अगाडिको केही अंश बाँकी नै देखिन्छ। जयमन्दिरको तारिफ गरी काजी स्वरूपसिंहले उक्त घरको भित्तामा टाँसिराखेको शक संवत् १६९८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(वि.सं.१८३३) को शिलापत्रमा लेखिएको छ : यहाँ कुना कुनामा हात्ती घोडाहरू चलिरहुन्, दिनका दिन पुराणको पाठ भैरहोस्, आफ्ना वालकहरू बढुन, घरकी जहानले निर्धक्कसँग लोगनेको प्रतिस्पर्धा गरोस्, यस जय मन्दिरमा बस्नेहरूको कीर्तिको वखान मानिसहरूले गरून् । (१२) यो जयमन्दिरमा नेपाली परम्परागत वास्तुकलाका प्रतीकहरू; जस्तै काठका बुट्टेदार झ्याल, ढोका आदि प्रशस्त मात्रामा प्रयोग गरिएका थिए । यसका बचेको खुचेका नमुना पनि २०७२ सालको भूकम्पपछि हराएर गए ।

काजी अभिमानसिंह बस्नेतको केलटोलको मानमन्दिर अथवा तिलङ्गा घरको चोकमा राखिएको शक संवत् १६९८ (वि.सं.१८३३) को शिलापत्रमा उक्त भवनको तारिफ यसरी गरिएको छ : यो रमणीय भवन सधैं लक्ष्मीयुक्त रहोस् । यहाँ गणेश देवता विघ्नलाई नष्ट गर्दै आनन्दपूर्वक विराजमान छन्; जहाँ सधैं पूजापाठ, जप भैरहन्छ; सधैं वेदपाठको ध्वनि सुनिन्छ; मदमत्त हात्ती र घोडाहरूको आवाज जहाँ गुन्जन्छ; राम्रा नाचगान उत्सवको उल्लास जहाँ भइरहन्छ; सो भवन 'मानमन्दिर' भनी प्रख्यात भएको छ । गणेशको वासले मङ्गलमय भएको, जप, होम, देव पूजा भइरहने, श्रुति स्मृति पुराण पाठ भइरहने, वटुवाहरूको नाचगान आदिले गर्दा रमणीय भएको, हात्ती घोडाहरू आनन्दसाथ कराई रहने, चारैतिर तिलङ्गाहरू अङ्कित गरिएको, वहुत मान र धनले सम्पन्न भएको यो भवन अति मनोहर छ । (१३) हाल यो घरको अगाडिको मोहडाको भागबाहेक अन्य सबै भागहरू भत्किई, बिग्रिई, आगलागी भई नासिइसकेको छ । यो भवन मल्लकालीन वास्तुकलासँग खासै मेल खाने किसिमको चाहिं थिएन ।

प्रतापसिंह शाहको करिब तीन वर्षको राज्यकाल (इ.१७७५-१७७७) मा उनी आफ्नी रानी मय्जु रानी मार्फत वागमती उपत्यकाको संस्कृतिको मूलधारमा मिसिन खोजेका थिए । तर गोरखाबाट पृथ्वीनारायण शाहसँगै उपत्यकाभित्र आएका थरघरका सामन्तहरूले प्रतापसिंह शाहको यो इच्छालाई पूरा गर्न दिएनन् । राजाको नेवाः संस्कृतिप्रतिको झुकाव पहिलेका मल्ल, ठकुरी र लिच्छवि राजाझैं उपत्यकाको जनजीवनसँग घुलमिल होला भन्ने ठूलो डर तिनीहरूमा थियो । त्यसैले पनि राजाको अल्पआयुमा नै मृत्यु हुँदा सुत्केरी भएको भर्खरै डेढ/दुई महिना मात्र भएकी मय्जु रानीलाई दुईजना बालक छोरा विदुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाही र शेरबहादुर शाहीलाई टुहुरा बनाई सती जान विवश बनाए । (१४)

पृथ्वीनारायण शाहले वागमती उपत्यकाको सभ्यता, संस्कृति, रीतिस्थिति, परम्परा आदि सबैलाई मान्यता प्रदान गरी निरन्तरता दिइएको कुरालाई प्रतापसिंह शाहले कायम मात्र होइन, झन प्रोत्साहित गरेका थिए । काठमाडौं उपत्यकाभित्रका कला कौशल, जात्रा, पर्व तथा नाचगानहरूको संरक्षण र सम्वर्द्धनमा पनि यिनको निकै योगदान रहेको पाइन्छ । प्रत्येक वर्ष नव वर्षारम्भको उपलक्ष्यमा घोडे जात्राको उत्सवलाई भव्यरूपमा मनाउने र साथै देउपाटन पशुपतिको वत्सलादेवीको पूजा एवं आराधना गरी जात्रा मनाउने परम्परा पनि यिनैले बसालेका थिए । यिनले नेवाःहरूका धार्मिक नाचगानहरूलाई सुचारु रूपमा सञ्चालन गर्ने हेतुले ती सबै नाचगानहरूलाई व्यवस्थित गरिदिन लालमोहरहरू जारी गरिदिएका थिए । (१५)

पृथ्वीनारायण शाहको मृत्युपछि राजा प्रतापसिंह शाहको समयसम्म नेपाली नाचगानजस्ता सांस्कृतिक क्रियाकलापहरूले राज-आश्रय नपाए तापनि बाँचिरहने सौभाग्य भने प्राप्त गरिनै रहे । माथवरसिंह थापाको समयमा लेखिएको एक वंशावलीअनुसार काठमाडौं उपत्यकाभित्र प्रतिवर्ष इन्द्रजात्रामा लिङ्गो उभ्याउने चलन राजा प्रतापसिंह शाहले चलाएको भनेर उल्लेख गरिएको छ । (१६)

प्रतापसिंह शाह गोर्खाली थरघरका भारदारहरूको पन्जाबाट मुक्त हुन चाहन्थे । त्यसैले उनले काठमाडौं उपत्यकाका बुद्धिजीवी एवं तान्त्रिकहरूसँग सङ्गत गर्न थालेका थिए । त्यो कुरा ती गोर्खाली भारदारहरूलाई पटक्कै मन परेको थिएन । यिनकी मयजु रानीतर्फको झुकाउ त झन तिनीहरूका आँखामा काँडा झैं बिझाइरहेको थियो । भनिन्छ, यिनको नेवाःहरूप्रतिको सम्बन्ध र नेवाः संस्कृतिप्रतिको झुकाउलाई नसहने दरबारियाहरूले यिनलाई मन्द विष ख्वाई २६ वर्षको अल्पायुमा नै मृत्युको शैय्यामा पुऱ्याइदिएका थिए । यदि यिनी केही वर्ष अरू बाँचेको भए नेपालको राजगद्दीमा नेवाः रगत मिसिएका शाह राजा नहोलान् भन्न सकिन्नथ्यो । जन्मले पनि विदुर शाही जेठा राजकुमार थिए । यदि यसो भएको भए नेपालको इतिहास नै बेग्लै हुने थियो । (१७)

प्रतापसिंह शाहको मृत्युपछि बालक रणबहादुर शाह राजा भए । राज्यको सर्वेसर्वा भने महारानी राजेन्द्रलक्ष्मी भइन् । महारानी राजेन्द्रलक्ष्मी राजाकी संरक्षक थिइन् । बालक राजा रणबहादुर शाह कहिले आमा, कहिले काका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजकुमार बहादुर शाहको संरक्षत्वमा हुर्कँदै बढ्दै थिए। नेपाल दरबारमा सत्ता र शक्तिको लागि षडयन्त्र र खिचातानीहरू भई नै रहे। वि.सं.१८४६ मा चौध वर्षको उमेरमा राजा रणबहादुर शाहको विवाह गुल्मेली राजकुमारी राजराजेश्वरीसँग भयो। वि.सं.१८५१ मा आफू १८ वर्ष पुगी बालिग भएको लगत्तैपछि शासनको बागडोर उनी आफैँले लिए। तर उनमा राज्य चलाउने खुबी भने थिएन। उनी विलासी र लहडी राजा थिए। त्यसैले देशको अवस्था झनझन बिग्रँदै गयो। यिनका धेरै रानीहरूमध्ये यिनलाई सबैभन्दा मन पर्ने विधवा मैथिली ब्राम्हणी कान्तिवतीको क्षय रोगले मृत्यु भएपछि यिनको विक्षिप्तता र पागलपन झनझन बढ्न थाल्यो। महारानी कान्तिवतीका नावालक छोरा गीर्वाणलाई राजगद्दीको उत्तराधिकारी घोषणा गरी यिनी आफैँले आफूलाई साधु घोषित गरेर बसेका थिए। यिनको अत्याचार सहन नसकी रानी सुवर्णप्रभा नावालक राजा साथलिई नुवाकोटमा बस्न गए। रणबहादुरचाहिँ नुवाकोटबाट बालक राजालाई हनुमानढोका फर्काउन चाहन्थे। यस्तै कचकच भइरहँदा काठमाडौं र नुवाकोटबीच युद्ध हुनेसम्मको स्थिति बन्यो। तर समयमै रानी सुवर्णप्रभाले काजी दामोदर पाण्डेको मातहत विशाल फौज काठमाडौंतर्फ पठाउँदा रणबहादुर शाह डराएर वि.सं.१८५७ जेठ ८ गते वनारसतिर भागे। उनका साथ उनकै बफादार भारदारहरू भीमसेन थापा, बालनरसिंह कुँवर, दलभन्जन पाण्डे र पछिबाट रानी राजराजेश्वरी पनि काशी पुगे। काशीमा साधु घोषित गरी बस्दा पनि रणवहादुर शाहको रवाफी, नवाफी र स्त्रीलम्पट स्वभावमा कुनै परिवर्तन आएन। यसै कारणले गर्दा उनी दिन परदिन ऋणमा डुबिरहेका थिए। वनारसमा अब धेरै बस्न उनलाई समयले साथ दिएन। वि.सं.१८६० मा रणबहादुर शाह आफ्ना बफादार भारदार हरूसहित नेपाल भित्रिए। यसरी रणबहादुर शाहलाई काठमाडौं फर्काउनुमा सबैभन्दा ठूलो हात भीमसेन थापाकै थियो। काठमाडौं फर्केको केही दिनपछि नै रणबहादुर शाहले आफ्ना विरोधीहरूलाई सखाप पार्न थाले। दामोदर पाण्डेको खलक र यिनलाई साथ दिने सबै भाइभारदारहरू काटिए। यो काटमारको सिलसिला धेरै दिनसम्म चल्यो। वि.सं.१८६३ वैशाख १४ गते राति काजी त्रिभुवन खवासको घरमा भारदारी कचहरी भइरहेको थियो। सोही वेला धेरै व्यक्तिहरूलाई दोषी सावित गरी सजाए गर्ने तरखर हुँदै थियो। कचहरीमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भीमसेन थापा केही समयको लागि अनुपस्थिति रहे । त्यहीबेला रिसको झोकमा आफ्नै सौतले भाइ शेरबहादुर शाहीले रणबहादुर शाहको हत्या गरे । त्यहीं नै शेरबहादुर पनि काटिए । त्यसपछि भीमसेन थापाले मौका छोपी आफ्ना सबै वैरीहरूलाई सखाप पारे र नेपालको प्रशासनको सम्पूर्ण बागडोर आफ्नो हातमा लिए । राजा गीर्वाणयुद्ध बालक नै थिए । रणबहादुर शाहको हत्या भएको १० वर्षपछि गीर्वाणयुद्धको पनि अल्पायुमै मृत्यु भयो । उनको मृत्यु हुँदा युवराज राजेन्द्र विक्रम ३ वर्षका नाबालक थिए । देशका हर्ताकर्ता भीमसेन थापा नै थिए । यिनले वि.सं.१८६३ देखि वि.१८९४ सालसम्म करिब ३१ वर्ष नेपालमा एकलौटी शासन गरे ।

रणबहादुर शाहले स्वामी निर्वाणानन्द बनी सनातन धर्मको, जातपातको विरोधमा बनाएको जगन्नाथको मन्दिर भद्रगोल जेल अगाडि अझै विद्यमान छ । कलाको दृष्टिकोणले यो मन्दिरको खासै केही महत्त्व छैन । तर जातपातजस्तो रुढिवादी विचारको विरोधमा पहिलो पटक यो मन्दिर बनेको हुनाले नेपालको समाजिक इतिहासमा भने यसको ठूलो महत्त्व छ ।

नेपाली साहित्य खासगरी भक्ति गीत अर्थात् भजनमा रणबहादुर शाहका दुईवटा रचना राग मालश्रीको रूपमा प्राप्त भएका छन् । (१८)

भीमसेन थापाका कान्छा भाइ जनरल रणवीरसिंह थापाले पनि अभयानन्द स्वामी भई ६३ वटा भजन रचना गरेका थिए । तीमध्ये २ वटा नेवारी भाषामा पनि छन् । (१९) यसरी भीमसेन थापाको समयसम्म नेवारी भाषाको प्रयोग नेपालका सम्भ्रान्त व्यक्तिहरूले गरि नै रहेका थिए भन्ने बुझिन्छ । तसर्थ साहित्यतर्फ पनि यस कालमा केही उन्नति नै भएको छ भन्न सकिन्छ । वाणी विलास पाण्डे, शक्तिवल्लभ अर्याल, लक्ष्मीपति पाण्डे, महाराज गीर्वाण युद्ध, दैवज्ञ अर्याल, विद्यापति, महारानी ललितत्रिपुरसुन्दरी देवी, सुन्दरानन्द बाँडा र भवानीदत्त पाण्डे आदि यस कालका केही प्रमुख कवि, लेखक, नाटककारहरू हुन् । वाणी विलास पाण्डेको प्रशस्ति रत्नावली, शक्ति वल्लभको जय रत्नाकार नाटक, गीर्वाण युद्धको सत्कर्म-रत्नावली, विद्यापतिको गीत गोविन्द, महारानी ललितत्रिपुरसुन्दरीको राजधर्म र सुन्दरा नन्द बाँडाको त्रिरत्न-सौन्दर्य-गाथा आदि यस समयमा रचिएका अति प्रसिद्ध ग्रन्थहरू हुन् । यी सबैजसो पुस्तकहरू सम्पादन भई प्रकाशित पनि भइसकेका छन् । साहित्यको संरक्षण गर्ने कार्यमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ गीर्वाणको वि.सं.१८६९ को लालमोहर अति महत्त्वपूर्ण छ। उक्त लालमोहरबाट प्राचीन हस्तलिखित ग्रन्थहरू सङ्कलन गरी सुरक्षाको साथ राजदरबारभित्र एउटा कोठामा राख्न थालिएको हो, जसले पछिगएर वीर पुस्तकालयको रूप लियो। (२०)

श्री ५ गीर्वाणको कृति सत्कर्म रत्नावली नेपाली समाजलाई कर्मकाण्डको रचनात्मक पक्षमा, एकताको सूत्रमा आवद्ध गर्ने उद्देश्यले लेखिएको धर्मशास्त्रको पुस्तक हो। १९ वर्षको अल्पायुमा मृत्यु भएका राजाले यत्रो बृहत ग्रन्थ लेखेको भनिए पनि त्यो कुरा पत्याउन सकिँदैन। तर यो ग्रन्थ उनैको राज्यकालमा रचना भएको हो। उनको आज्ञाअनुसार कुनै अज्ञात विद्वान्ले यो ग्रन्थ तयार गरेको हुनु पर्छ। (२१) शाह राजा गीर्वाणयुद्धका समकालीन दैवज्ञ केशरी मूलतः कवि थिए। तापनि यिनको नेपालीको गद्यमा पनि योगदान छ। आफ्ना समकालीन भवानीदत्त पाण्डेलाई संस्कृतका प्रसिद्ध ग्रन्थहरू उल्था गराउन भीमसेन थापाले अनुवाद साहित्यमा कसिलो पाइला चालेका थिए। पूर्वशाहकालमा केही अज्ञात लेखकका कृतिहरू पनि फेला पारेका छन्। ती हुन् - दशकुमारचरित (इ.१८१८) र धर्म पुस्तक (इ.१८२१)। धर्म पुस्तक नेपाली भाषामा छापिएको पहिलो ग्रन्थ हुनुका साथै वाइवलको नेपाली अनुवाद पनि हो। त्यस्तै अन्य बेनामी गद्य रचनाहरूमा महाभारत सभापर्व (१८२३), बह्य सुघाको कथा (इ.१८२२-१८३३ तिर), लालहीराको कथा, महाभारत आदि पर्व (इं.१८३२), रामाश्वेमेध (इ.१८३३ अगावै) आदि हुन्। (२२)

शाहकालमा राजा राजेन्द्र विक्रमको समयसम्म नेपाली भाषाको अलावा वागमती उपत्यकाको प्राचीन एवं मौलिक भाषा नेवाः भाषा पनि मौलाइ नै रहेको देखिन्छ। राजा रणबहादुर शाहको शासनकाल वि.सं.१८३४-१८६२ (ने.सं.८९८-९२६) मा नेवाः भाषामा कविता लेख्ने कविहरू धेरै थिए। त्यस बखतका ज्ञात अज्ञात कविहरूले धार्मिक, सामाजिक र ऐतिहासिक विषय वस्तुहरूमा गीत र कथाहरू धेरै नै रचेका थिए। त्यस समयका सर्वसाधारण नेवाः कविहरूले शाक्त, शैव र वौद्ध धर्मका इष्ट देवदेवीसँग वर मागी स्तुति-गीतहरू धेरै नै रचेका थिए। राजा रणबहादुरकै समयमा नेवाः भाषा आफ्नो भाषा नभए तापनि यो भाषामा गैर नेवाः कविहरू जस्तै बख्तावर सिंह र तीर्थ पुरीले गीतहरू लेखेका थिए। नेवाः भाषाका गीत-कविताहरूमा राजा रणबहादुर शाहको नाम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उल्लेख गरिएका गीत कविताहरू भने त्यत्ति धेरै पाइँदैनन्। तर राजा राजेन्द्र विक्रमको समय वि.सं.१८७३-१९०३ (ने.सं.९३७-९६७) मा ज्ञात अज्ञात कविहरूले नेवाः भाषामा धार्मिक, सामाजिक र बौद्ध जातक अवदानमा आधारित गीत, कथा र 'महास्वोपाख्यान' जस्ता शास्त्रीय गीति नाटक लेखेको पाइन्छ। यस समयमा नेवाः भाषाका प्रख्यात कविहरूमा अभयानन्द, अमृतानन्द, सुन्दरानन्द र विश्वानन्द मुख्य थिए। राजा सुरेन्द्र विक्रमको समय वि.सं.१९०३-१९३७ (ने.सं९६७-१००१) सम्म सर्वसाधारण कविहरूले नेवाः भाषामा लेखेका गीतहरू प्रशस्त पाइन्छन्। यस समयसम्म नेवाः भाषामा साहित्यिक रचनाका कामहरू सुचारूरूपले भइरहेको देखिन्छ। ने.सं.९९७ (वि.सं.१९३३) मा पत्थरघट्टामा जङ्गबहादुरको मृत्यु भएको घटनासम्मलाई पनि कुनै अज्ञात कविले उनको सम्झना गरेर शोकगीत लेखेका थिए। तर जङ्गबहादुरको समयदेखि र तत्पश्चात नेवाः भाषा र साहित्य तथा बौद्ध धर्ममा समेत राणा प्रधानमन्त्रीहरूको कुदृष्टि पर्न थालेको पाइन्छ। (२३)

मुख्तियार जनरल भीमसेन थापाको समयमा वागमती सभ्यतामा धेरै नौला एवं विदेशी आयामहरू थपिए। प्रत्यक्ष देख्ने गरी नेपाली मौलिक वास्तुकला खासगरी गृह निर्माण कलामा धेरै परिवर्तनहरू देखा पर्न थाले। वनारस र लखनउका महलहरू देखेका भीमसेन थापाले आफ्ना घर महलहरू पनि त्यही ढाँचामा निर्माण गर्न थाले। नेपाली शिल्पकारहरूको कला र सीपले भरिएका बुट्टेदारी झ्याल, ढोकाहरूलाई राजपूत र मुगलशैलीका झ्याल ढोकाहरूले प्रतिस्थापित गर्न थाले। लामालामा झ्याल, ढोका, फिरफिरे खापा, अग्ला अग्ला तल्ला राखी गृहनिर्माण गर्ने परम्परा यिनले आफ्नो दरबार 'वाग'को निर्माण गरी शुरु गरे। यो 'वाग दरबार' को तारिफ मुक्तकण्ठले कवि सुन्दरानन्द बाँडाले आफ्नो ग्रन्थ त्रिरत्न सौन्दर्य गाथामा गरेका छन्। (२४) तर भीमसेन थापाको पतनपछि यो दरबारको अवस्था पनि मर्मत संभारको अभावले गर्दा दिन परदिन बिग्रँदै गयो र जङ्गबहादुरको समयमा आएर यसको अवस्था निकै बिग्रिसकेको समकालीन इतिहासकार एच. एम्ब्रोज ओल्डफिल्ड (H. Ambrose Oldfield) ले आफ्नो पुस्तकमा उल्लेख गरेका छन्। (२५) भीमसेन थापाले आफ्नो दरबार 'वाग' सिँगार्न भारत र युरोपका विभिन्न देशहरूबाट सरसमानहरू ल्याएका थिए। वास्तवमा यो दरबारको निर्माणपछि नेपाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वास्तुकलामा युरोपेली प्रभाव पर्न शुरु भयो। पछि गएर शाह-राणाकालमा निर्मित सबैजसो दरबारहरू युरोपेली वास्तुकलाबाट प्रभावित भएको हामी देख्छौं। (२६) तर हाल यो दरबारको केही अवशेष मात्र बाँकी छ।

भीमसेन थापाको वास्तुकलामा अरू ठूला देनहरूमध्ये उनले आफ्नो दरवारभित्र र दरबारको ढोकाबाहिर बनाउन लगाएका दुई ठूलाठूला, अग्लाअग्ला धरहराहरूलाई पनि लिन सकिन्छ। यसरी अग्लाअग्ला मिनार वा धरहरा बनाउने चलन त्यही वेला युरोप, पर्सिया र भारत हुँदै नेपाल पसेको थियो। यी दुवै धरहरामध्ये एउटाचाहिँ वि.सं.१८९० सालको भूकम्पमा भत्कियो र अर्को वि.सं.१९९० सालको भूकम्पमा भत्केको थियो। 'वाग' को परिसरभित्र रहेको धरहराको भने पुनःनिर्माण गरिएन। वि.सं.१९९० मा भत्केको धरहराको पुनःनिर्माण वि.सं.१९९२ सालमा प्रधानमन्त्री जुद्ध शमशेरले गरेका थिए। तर दुर्भाग्यवश यो पुनःनिर्माण गरिएको धरहरा पनि २०७२ सालको भूकम्पमा पूर्णतया भत्कियो। (२७)

शाहकालमा नेपाली मौलिक वास्तुकलामा केही परिवर्तनहरू देखापरे तापनि ती परिवर्तनहरूले पनि धेरथोर परम्परागत कला सीपलाई ज्युँताएरै राखेका थिए। राजा र भारदारहरूका घर दरबारहरूमा भन्दा तिनीहरूले निर्माण गरेका मन्दिरहरूमध्ये केही परम्परागत मौलिक नेवाः छाना-शैलीमा बनेका थिए भने धेरैजसो रजपूत मुगलशैलीको गुम्बज आकारमा बन्न थालेका थिए। रणवहादुर शाहको राज्यकालमा काजी धौकल सिंहले निर्माण गर्न लगाएको नारायणहिटीस्थित आफ्नो निवास 'कीर्ति मन्दिर', मरुटोलस्थित राजकुमार वहादुर शाहले निर्माण गर्न लगाएको शिवपार्वतीको मन्दिर, रणबहादुर शाहले निर्माण गर्न लगाएको सदर जेल अगाडिको गुम्वज शैलीको जगन्नाथको मन्दिर आदि त्यस समयका केही प्रसिद्ध भवन तथा मन्दिरहरू हुन्। कीर्ति मन्दिर हाल ध्वस्त भइसकेको छ। बेग्लै ढाँचाको लाम्चो आकारमा बनेको यो शिवपार्वती मन्दिरभित्र वास्तवमा नवयोगिनी देवीहरूका प्रस्तरका मूर्तिहरू राखिएका छन्। मन्दिरको पहिलो तलाको छानामुनि काष्ठकारिगरीले भरपुर टिकीझ्याः (आँखी झ्यालहरू) टम्म मिलाएर राखिएका छन्। त्यसको मध्यभागको वीचैको खुल्ला झ्यालमा शिवपार्वतीका मानवाकारका काष्ठमूर्तिहरू बाहिर सडकतिर हेरिरहेजस्तै गरी राखिएका छन्। मानवाकार शिवपार्वतीको झ्यालबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हेरिरहेका काष्ठमूर्तिहरूले यस मन्दिरको शोभामात्र बढाइदिएको होइन, नेपाली वास्तुकलको इतिहासमा नै यो एक नौलो प्रयोगको रूपमा रहेको छ। हुनत यी शिवपार्वतीका काष्ठमूर्तिहरू धार्मिक भावनाको अलावा मन्दिर सिँगार्न पनि राखिएको हुनसक्छ, जुन अरू कतै नेपाली वास्तुकलामा प्रयोग भएको देखिँदैन। शाहकालको काष्ठकलाको विशिष्ट नमुना स्वरूप यो मन्दिर रहेको छ। यो मन्दिरमा अलङ्कृत काष्ठका कुँदिएका टुँडाल र तोरणहरूका पनि आफ्नै विशेष स्थानहरू छन्। यसपछिको शाहकालका अरू मन्दिरमा भने काष्ठकलाको स्तर घट्दै गइरहेको देखिन्छ।

यस समयमा निर्माण गरिएका मन्दिरहरूमध्ये रणवहादुरकी रानी ललितत्रिपुरसुन्दरी देवीको नाउँमा भीमसेन थापाले बनाउन लगाएको त्रिपुरेश्वरको शिवमन्दिरलाई कलाको दृष्टिकोणले सबैभन्दा महत्त्वपूर्ण तथा सर्वश्रेष्ठ मान्न सकिन्छ। यो मन्दिरको निर्माणमा पूर्णतया मल्लकालीन मन्दिर निर्माण कलाको अनुशीलन भएको छ। त्रिपुरेश्वर महादेव मन्दिरको नाउँबाट प्रसिद्धि पाएको यो मन्दिर कलाको दृष्टिकोणले सबैभन्दा महत्त्वपूर्ण तथा सर्वश्रेष्ठ मान्न सकिन्छ। त्रिपुरेश्वरको शिवमन्दिरको क्षेत्रमा साना ठूला गरेर जम्मा उन्नाइसवटा मन्दिर हरूको समूह छ। मुख्यचाहिँ शिवमन्दिर हो र यस मन्दिरको चारै दिशामा सूर्य, गणेश आदि देव-देवीका मूर्ति छन्। पूर्ण योजनाबद्ध ढङ्गबाट तयार पारिएको यस मन्दिरमा मल्लकालीन परम्परालाई हरतरहबाट कायम गरिएको छ। साथै शिवमन्दिरमा प्रयोग गरिएका टुँडाल र तोरणहरू कलात्मक छन्। यस कालका अरू प्रसिद्ध मन्दिरहरूमा रजपुत शैलीमा बनेको, भीमसेन थापाले स्थापना गरेको धरहरानिरको भीम भक्तेश्वर मन्दिर, माथवरसिंह थापाले आफ्ना काका भीमसेन थापाको सम्झनामा निर्माण गर्न लगाएको टेकूनिरको भीम मुक्तेश्वर, माथरवर सिंहले स्वामी महाराज रणबहादुरको सम्झनामा निर्माण गर्न लगाएको रणमुक्तेश्वर आदि पनि हुन्।

वास्तुकलाको इतिहासमा भीमसेन थापाको प्रधानमन्त्रित्वकालमा महारानी ललितत्रिपुरसुन्दरीद्वारा निर्मित धरहरानिरको सुन्धारा पनि एक अद्वितीय नमुना हो। मल्लकालीन ढुङ्गेधाराको वास्तुकलामा आधारित यो ढुङ्गेधारा अधिराज्यभरमा सबैभन्दा ठूलो ढुङ्गेधारा मानिन्छ।

रणबहादुर शाहको समयमा धेरै मन्दिरहरू मात्र निर्माण भएका होइनन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हनुमान ढोका राजप्रासादलाई सिँगार्ने काम पनि धेरै मात्रामा भएको देखिन्छ। हनुमानढोका दरबारको ठीक अगाडि राखिएको ठूलो घण्टा नेपाली धातुकलाको इतिहासमा बेजोडको छ। हुनत पाटन र भादगाउँमा पनि मल्ल राजाहरूले यस प्रकारका ढलौटका घण्टाहरू धेरै अघिनै राखिसकेका थिए तापनि हनुमान ढोकाको घण्टाचाहिँ यिनीहरूमध्ये सबैभन्दा ठूलो हो। तलेजु भवानीलाई खुशी पार्न र भूत, प्रेत, पिशाच आदि भगाउन वि.सं.१८५४ मा यो घण्टा स्थापना गरिएको हो। हरेक दिन बिहान तलेजु भवानीको पूजा गर्दा यो घण्टा बजाउने गरिन्छ।

ठूलो घण्टाको नजिकै दुई वटा ठूलाठूला नगराहरू पनि राखिएका छन्। देगु तलेजुको पूजा गर्दा ठूलो घण्टा सँगसँगै यी नगराहरू पनि बजाइन्छन्। विसं.१८६४ मा गीर्वाण युद्ध विक्रमको राज्यकालमा यी नगराहरू यहाँ राखिएका हुन्।

देगु तलेजु मन्दिरको जमिन तलामा श्वेतभैरवको भीमकाय ढलौटको मूर्ति छ। इन्द्रजात्राको दिनबाहेक अरू दिन यो मूर्ति प्रदर्शित गरिँदैन। काठको टिकिझ्याको बुट्टेदार पर्दाभित्र यो मूर्तिलाई राखिएको छ। वि.सं.१८५२ मा रणवहादुर शाहले इन्द्रजात्रालाई अरू बढी झकिझकाउ पार्न र भूत, प्रेत, पिशाचहरू भगाउन यो मूर्ति स्थापना गरेका थिए। यस भैरवलाई सरभ्मुखी भैरव पनि भनिन्छ। सरभ् कुनै दन्त्यकथाको जनावर भन्ने बुझिन्छ जो सिंहभन्दा बलियो मानिन्छ। नेपालभर यो भन्दा ठूलो र विशाल भैरवको मूर्ति अन्त कतै छैन।

हनुमानढोकाको प्रसिद्ध सुनढोकाको निर्माण पनि वि.सं.१८६७ मा गीर्वाणयुद्धको समयमा भएको हो। दरवारको मुख्य प्रवेशद्वारको रूपमा विद्यमान यस ढोकाको दायाँ-बायाँ सिंह र सिंहनीका प्रस्तरका मूर्तिहरू छन्। सिंहमाथि शिव र सिंहनीमाथि शक्ति वा पार्वती चढेकी छन्। त्यस ढोकामाथि रहेको अभिलेखअनुसार राजदरवारमा एकत्रित पुराना ताम्रपत्रहरू गालेर वेचविखन गरी उठाइएको पैसाबाट यो सुवर्णद्वार निर्माण गरिएको हो। वास्तवमा मध्यकालीन नेपालमा जुनसुकै महत्त्वपूर्ण कुराहरू, निर्णयहरू यस्ता ताम्रपत्रहरूमा लेख्ने चलन थियो। यस्ता ऐतिहासिक महत्त्वका ताम्रपत्रहरू गाल्नु उचित काम भने थिएन। यो सुवर्णद्वार बनाउने काममा भीमसेन थापा र बहादुर भण्डारीलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खटाइएको कुरा पनि उक्त अभिलेखले बुझाउँदछ । यस सुवर्णद्वारको माथितिर काष्ठका विभिन्न देव, देवीका मूर्तिहरू छन् जस्तै कृष्ण, विश्वरूप आदि । त्यहाँ जुन गोपिनीका मूर्तिहरू साह्रै राम्रा र कलात्मक छन् ती (राजा प्रताप मल्लका) समकालीन देखिन्छन् । ती मूर्तिहरू त्यहाँ सिँगार्न राखिएको प्रतीत हुन्छ । (२८)

पृथ्वीनारायण शाह र उनीपछिका शाह राजाहरूले काठमाडौं उपत्यकालाई राजधानी शहर बनाएपछि वागमती सभ्यताका प्रतीकहरू, यहाँका कला र संस्कृतिहरू पनि उनी र उनका सन्तानले आर्जन गरेका देशका अरू क्षेत्रहरूमा समेत फैलिन पुगे । नेवाः वास्तुकलाको छानेशैलीको मन्दिर भीमसेन थापाका पिता अमरसिंह थापाले बनाएका थिए । आफ्नो छोरा नेपालका मुख्तियार हुँदा अमरसिंह पाल्पाका वडाहाकिम भएका थिए । पाल्पामा उनले वि.सं.१८६३ (ई.१८०६) मा दुई तल्ले छानेशैलीको मन्दिर बनाई नारायणको भव्य मूर्ति स्थापना गरेका थिए, जुन अझै पनि नेपालभर अमर नारायणको मन्दिर भनेर प्रसिद्ध छ । छानेशैलीका मन्दिरहरूमा पश्चिम नेपालभर यो सबभन्दा विशाल मन्दिर मानिन्छ । वास्तुकलाको दृष्टिकोणले यो मन्दिर अझ महत्त्वपूर्ण छ । विशाल चोकको मध्यभागमा अवस्थित यस मन्दिरको चारैतिर ठूलो बगैंचा छ । मन्दिरमाथि उक्लने सिँढीको दायाँ-बायाँ दुवैतर्फ पोखरीहरू छन् । मन्दिरमा जडित तोरण र टुँडालहरू कलात्मक छन् । मन्दिर अगाडि भक्तजनहरू बस्ने पाटीहरू बनाइएका छन् । मन्दिरको ठीक बायाँतर्फ पुजारी बस्ने घर छ । मन्दिरभित्र भगवान नारायण, लक्ष्मी र गरुडका ढलौटका मूर्तिहरू छन् । (२९)

सन् १८१४-१८१६ (वि.सं.१८७१-१८७२) सम्मको नेपाल-अङ्ग्रेजयुद्ध भीमसेन थापाको मुख्तियारी कालको सबैभन्दा महत्त्वपूर्ण घटना हो । यो युद्धमा नेपालले आफूले जितेका केही प्रान्तहरू अङ्ग्रेजलाई फिर्ता दिनु परे तापनि त्यसबेला एउटा विश्व शक्तिको रूपमा रहेको बेलायतसँग टक्कर लिन पनि उनी पछि हटेनन् । सुगौली सन्धिले यो युद्ध टुङ्गियो र त्यसउप्रान्त नेपाल र अङ्ग्रेज सरकारबीच मैत्रीपूर्ण कूटनीतिक सम्बन्ध भने कायम भयो, जुन आजसम्म पनि रहिरहेको छ । यो युद्धले नेपालीहरूलाई अन्तर्राष्ट्रिय क्षेत्रको ढोका खोलिदियो । नेपाली सेना भारतका विभिन्न ठाउँहरूमा पुगे । यसै युद्धपछि नेपालीहरूको बहादुरीको कदर गर्दै अङ्ग्रेजहरूले आफ्नो सेनामा पनि नेपालीहरूलाई लिन थाले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल-अङ्ग्रेज युद्धपछि भीमसेन थापाले राष्ट्रको उन्नतिमा ध्यान दिन थाले। यिनले देशका विभिन्न ठाउँमा खासगरी वागमती उपत्यकाभित्र नदीहरूमाथि पुल हाल्नु, बाटो बनाउनु, पाटीपौवा निर्माण गर्नु, किल्ला (कोट) तयार गर्नु, पिउने पानीको निम्ति धारा र खेतीको निम्ति कुलोको प्रबन्ध मिलाउनुजस्ता काम गरे। त्रिपुरेश्वरस्थित काठमाडौं र पाटन जोड्ने पक्की पुल यिनले वि.सं.१८६८ मा तयार गरी सञ्चालनमा ल्याएका थिए। हाल यो पुल नभए तापनि यो पुलको निर्माणलाई सम्झाउन उनले स्थापना गरेको ध्वजा समातिरहेको धातुको सिंहमूर्तिसहितको शिलास्तम्भ-अभिलेख अहिले पनि देख्न सकिन्छ। उक्त स्तम्भ-अभिलेखमा श्री ५ गीर्वाणकी माता महारानी ललितत्रिपुरसुन्दरीले आफ्ना स्वर्गीय पति रणबहादुर शाहको उद्धारको निमित्त यो पुलको वरिपरि धर्मशालाहरू बनाई खेतहरू भएको गुठीसमेत राखिदिएको कुरा उल्लेख छ। (३०)

वास्तुकलामा भीमसेन थापाको महत्त्वपूर्ण देनमध्ये यिनले छाउनीमा निर्माण गर्न लगाएको हाल राष्ट्रिय सङ्ग्रहालय रहेको भवन पनि हो। यो विशाल भवनमा उनी बसे बसेनन् थाहा हुन सकेको छैन। तर यस भवनलाई पछिबाट हातहतियार भण्डारण गर्ने सिलखानाको रूपमा प्रयोग गरेको देखिन्छ। यसै समयमा उनका भाइ रणवीर सिंहलाई बनाइदिएको लगनको दरवार, जुन पछि गएर सिलखानाको रूपमा २०७२ सालको भूकम्प अघिसम्म पनि प्रयोग गरिएको थियो। लगनको सिलखानाको पूजा कोठमा देवदेवीका भित्तेचित्रहरू पनि थिए।

यस समयका शाह राजाहरू राजेन्द्र र युवराज सुरेन्द्रले आफ्नी पत्नी र आमा श्री ५ वडा महारानी साम्राज्यश्वरी देवीबाट इच्छा व्यक्त गरेअनुसार तिनको मृत्युपछि संवत् १९००-१९०१ मा भारत, वनारसको ललितघाटमा परम्परागत छानेशैलीको एउटा भव्य मन्दिर (चौघेरा सत्तल वा धर्मशाला) वनाउन लगाएका थिए। यसरी महारानी साम्राज्यश्वरीको इच्छाअनुसार यो मन्दिर निर्माण भएको हुनाले यसको नाम साम्राज्यश्वर महादेव मन्दिर रहन गयो। नेपाली मन्दिर र पशुपतिनाथको मन्दिर भनी चिनिने यो मन्दिरको उचाइ ४५ फिट र लम्बाइ/चौडाइ २७/२७ फिटको छ। पित्तल पाताको दुईछाने यो मन्दिरमा जडिएका झ्याल, ढोका, खम्बा, टुँडाल, तोरण, कार्नेस आदि इत्यादि सबै वास्तुकलाका संरचनाहरू काष्ठकलाले भरिपूर्ण छन्। मन्दिरका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चारै दिशामा चारवटा ढोकाहरू बनाइएका छन्। यो मन्दिरको पूजापाठ, रेखदेख, मर्मत संभार आदि इत्यादि गर्न राजाहरूले नेपालमा प्रशस्तै गुठी जग्गा राखिदिएका थिए। यो मन्दिरको भव्यता र कलाकृतिहरूलाई मान्यता प्रदान गरी सन् १९८५-१९८७ मा भारतको पुरातत्त्व विभागले यसलाई त्यहाँको राष्ट्रिय महत्त्वको स्मारकको दर्जामा सूचीकृत गरेको थियो। १९औं शताब्दीमा हिन्दूहरूको अति पवित्र स्थल गङ्गा नदीको किनारमा यो मन्दिर र धर्मशालाको निर्माण गरी नेपालीहरूको हिन्दू धर्मप्रतिको आस्था र विश्वास प्रकट गर्नुका साथै नेपाली परम्परागत वास्तुकलालाई समेत भारतभर प्रचार-प्रसार गरी ख्यातिप्राप्त गर्ने काम यी शाह राजाहरूले गरे। यसबाट पनि वागमती सभ्यताको महिमा वृद्धि गर्न मद्दत पुऱ्याएको देखिन्छ।(३१)

कुनै पनि राष्ट्रको उन्नति र विकासको लागि त्यस देशको आर्थिक अवस्था बलियो हुनुपर्छ भन्ने ज्ञान भीमसेन थापामा थियो। यिनले तिब्बतसँगको व्यापारलाई पुनः सञ्चालन गरे। यसबाहेक यिनको समयमा नेपालका अरू जिल्ला र स्थानमा पनि व्यापारिक प्रगति भएको थियो। यिनले धार्मिक कार्यको लागि भनी चलाखी गरी तिब्बतमा टक पठाउने काम धेरै समयदेखि बन्द भइरहेकोमा त्यसलाई फेरि सुचारु गरेका थिए। (३२)

उन्नाइस वर्षको कलिलो उमेरमा बिफरले गर्दा गीर्वाणयुद्धको मृत्यु भयो। उनको मृत्युपछि तीन वर्षका बालक युवराज राजेन्द्र विक्रम राजा भए। तर राज्यको सम्पूर्ण अभिभारा र शक्ति भने योग्य प्रधानमन्त्री भीमसेन थापाको हातमा थियो। भीमसेन थापाको प्रधानमन्त्रित्वकालमा करिब एकतीस वर्षसम्म नेपालमा राजनैतिक स्थिरता कायम रह्यो। यसरी देशभित्र शान्ति स्थापना भएको हुनाले कला र संस्कृतितर्फ केही उन्नति हुनु पनि स्वाभाविकै थियो। (३३) तर विधिको विधान यस्तो छ कि जसको पनि एकदिन अन्त हुन्छ। नेपाल दरवारमा भइरहने षडयन्त्रको मारमा परी अन्तमा उनले संवत् १८९६ श्रावण १६ गते अर्थात् २० जुलाई १८३९ मा आत्महत्या गरे। यिनको मृत्युपछि देशमा फेरि केही समय अराजकता र अशान्ति फैलियो। यो अशान्तिको वातारणलाई सम्हाल्न उनैका भतिजा माथवरसिंह थापा, जो थापाहरूको पतन हुने स्थिति देखेपछि भारततर्फ पलायन भएर बसेका थिए, तिनैलाई नेपालमा बोलाइयो। नेपाल फर्केपछि उनलाई मुख्तियारी दिने र भीमसेन थापाको पालामा हरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिएका थापा खलकका सारा सम्पत्ति एवं मानपदवी फर्काउने भनी कबुल गरी दरबारबाट एक प्रतिज्ञापत्र पठाइयो ।(३४)

१७ अप्रिल १८४३ को दिन माथवरसिंह थापा काठमाडौं आइपुगे । नेपाल दरबारले प्रतिज्ञापत्रमा लेखिपठाएका सम्पूर्ण कुराहरू पूरा गरिदिए । नेपाल फर्केको करिब ८ महिनापछि २५ डिसेम्वर १८४३ मा उनलाई मुख्तियारी र पछि वि.सं.१९०१ मा प्रधानमन्त्रीको दर्जा पनि दिए । यसरी उनले नेपालको प्रथम प्रधानमन्त्री हुने सौभाग्य पनि पाए । तर यिनको १७ महिने प्रधानमन्त्रित्वकालले वागमती सभ्यताको इतिहासमा खास कुनै योगदान भने दिन सकेन । यिनले आफ्ना काका भीमसेन थापाको मुक्तिको लागि उनको नाममा विष्णुमतीको किनार, हाल कालीमाटीको भीममुक्तेश्वरमा एउटा मन्दिरचाहिँ बनाएका थिए । (३५)

वागमती सभ्यताको प्रतीक एवं पहिचान स्वरूप रहेको हनुमानढोका राजदरबारको हाल देखापरिरहेको रूप, वास्तुकला र कलाकृतिहरूमध्ये धेरैजसो मल्लकालीन, त्यसमा पनि प्रताप मल्लको समयका हुन् । शाहकालमा आएर रणबहादुर शाह, गीर्वाणयुद्ध, राजेन्द्र र सुरेन्द्रको समय अर्थात् भीमसेन थापा र जङ्गबहादुरको समयमा पनि धेरै कुराहरू थपिए ।

पृथ्वीनारायण शाहले वागमती उपत्यकाका प्राचीन मूर्तिकलाको प्रविधिलाई मान्यता प्रदान गरी आफूले निर्माण गर्न लागेको वसन्तपुर दरबारमा खासगरी काष्ठकलालाई प्रशस्त मात्रामा प्रोत्साहित गरेको देखिन्छ । यस समयमा वनेका अनगिन्ती मूर्तिहरूमध्ये वसन्तपुरको उनको दरबारमा जडिएका विभिन्न किसिमका प्रस्तर, काठ आदिका मूर्तिहरू दर्शनीय छन् । यस दरबारमा परम्परागत देवदेवीका मूर्तिहरूको अलावा तिनको लडाका मनोवृत्तिलाई उजागर गर्ने सामाजिक मूर्तिहरू पनि हेर्न लायक छन् । यस्तै वहादुर शाहले बनाएको शिव-पार्वती मन्दिरमा जडिएका सामाजिक तथा धार्मिक भावनाका मूर्तिहरू, उक्त मन्दिरभित्र रहेका नवयोगिनीका मूर्तिहरू, इ.१७७९ (वि.सं.१८३६) मा स्थापित शोभाभगवतीघाटस्थित सुखावती लोकेश्वर र अरू वौद्धमूर्तिहरू, इ.१७८१ (वि.सं.१८३८) मा कंकेश्वरी वरपर स्थापित उमामहेश्वर, लक्ष्मीनारायण आदि मूर्तिहरू, इ.१७८२ (वि.सं.१८३९) मा कोटेश्वर वरपर घंजुभारी नामक भद्रपुरुषले स्थापना गरेका विभिन्न देवदेवीका मूर्तिहरू पनि हेर्नलायक मूर्ति नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन् । यसै क्रममा इ.१७९६ (वि.सं.१८५३) मा रणबहादुर शाहले स्थापना गरेको टुँडिखेल सदरजेल अगाडिको जगन्नाथ मन्दिरभित्र अग्लाअग्ला, मनुष्य आकारका कृष्ण, वलराम र सुभद्राका मूर्तिहरू कलाका दृष्टिकोणलें महत्त्वपूर्ण छन् । यी मूर्तिहरूमा कलाकारको आभूषण र वस्त्रको प्रयोगमा भारीपन देखाइएको छ । यी मूर्तिहरू स्थूल, हृष्टपुष्ट र कलात्मक छन् । मूर्तिकारले वलरामको मूर्तिमा दुई हात, कृष्णको मूर्तिमा चार हात र सुभद्राको मूर्तिमा दुई हात जडी दिएका छन् । यस कालमा बनेका अरू केही उल्लेखनीय प्रस्तर मूर्तिहरू यति नै हुन् । यी वाहेक महारानी ललितत्रिपुरसुन्दरीले निर्माण गर्न लगाएको त्रिपुरेश्वर मन्दिर क्षेत्रभित्र रहेको विष्णु, सूर्य, गणेश आदिका मूर्तिहरू,इ.१८२० (वि.सं.१८७७) मा सर्दार अमरसिंह थापाका छोरा रणध्वज थापाद्वारा पाटन, शङ्खमूलमा स्थापित लक्ष्मीनारायणको मूर्ति, भीममुक्तेश्वर, रणमुक्तेश्वर गोकर्ण, थापाथली पञ्चायनघाट, वागमती पचलीघाट आदि स्थानहरूमा स्थापित विभिन्न देवदेवी तथा गणहरूका मूर्तिहरू पनि रहेका छन् ।

धातुकलाले पनि शाहकालमा मूर्तिकलालाई पछ्याएको देखिन्छ । केही वर्षअघि हनुमानढोका दरबारभित्रको मूलचोकको एउटा कोठामा पृथ्वीनारायण शाह र उनका दुई रानीहरू सम्भवतः इन्द्रकुमारी र नरेन्द्रलक्ष्मीको जीवाकार ढलौटका प्रतिमाहरू भेटिएका थिए । यी ढलौटका प्रतिमाहरू पहिले नुवाकोट भगवती स्थानमा स्थापना गरिएका थिए र त्यहीँवाट यहाँ ल्याइएका हुन् भन्ने विश्वास गरिन्छ । यी ढलौटका मूर्तिहरू राष्ट्रिय सङ्ग्रहालयमा रहेको पृथ्वीनारायण र उनकी रानीहरूको चित्रसँग धेरै नै मिल्दाजुल्दा छन् । यस कालका धातुकलाको श्रेष्ठतम नमुना यो भन्दा अरू भेटिएको छैन । यी मूर्तिहरूलाई सन् २०१० मा पुनः नुवाकोट दरबारमा नै फिर्ता पठाइसकेको बुझिएको छ । (३६)

धातुकला अथवा ढलौटका मूर्तिहरूको विकास पनि यस कालमा प्रशस्तै भएको छ । यस कालका केही उत्कृष्ट धातुमूर्ति र वस्तुहरूको उल्लेख माथि पनि गरिसकिएको छ । अरू केही उल्लेखनीय धातुमूर्ति तथा वस्तुहरू हुन् - इ.१७८६ (वि.सं.१८४३) मा स्वयम्भू चैत्यको उत्तर पश्चिमतर्फ रहेको हारतीको मन्दिर अगाडिको तिब्बती गुम्बामा स्थापित विशाल बुद्ध प्रतिमा, इ.१८२३ (वि.सं.१८८०) मा महारानी ललितत्रिपुरसुन्दरीले गुह्येश्वरीमा चढाएको ढलौटको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिंहमूर्ति, बनेपा चण्डेश्वरी मन्दिर अगाडि प्रस्तरका खम्बाहरूमाथि रहेका धातुका मुजुर, सिंह आदिका मूर्तिहरू इत्यादि ।

चित्रकलाको क्षेत्रमा पनि शाहकालमा मल्लकालीन परम्परालाई सकेसम्म निरन्तरता दिन खोजेको देखिन्छ । यस कालमा निर्मित दरबारका लङ्गहरू र भारदारहरूका महलहरूमा भित्तेचित्रहरू पाइन्छन् । वसन्तपुरको हाल भत्काइसकेको नौ तले दरबारको ठीक अगाडिको चौतरियाहरूको घर, लगनटोलको राणवीरसिंहको पछि सिलखाना रहेको घर र हनुमानढोका दरवारको श्री ५ सुरेन्द्रको पालामा बनेको नासलचोको लङ्ग आदि सबैमा भित्तेचित्रहरू थिए । ती भित्तेचित्रहरू सबै धार्मिक प्रवृतिका छन् । हनुमानढोका नासलचोकका भित्तेचित्रहरू भएको दरबारको लङ्ग पनि हालैको (२०७२ सालको) भूकम्पमा प्रायः नष्ट भइसकेको छ । नासलचोकको उक्त लङ्गका कोठाहरूका सम्पूर्ण भित्ता नै ढाक्ने गरी ठूलाठूला भित्तेचित्रहरू चित्रित गरिएका थिए । तिनीहरूमध्ये शेषशाही विष्णु, समुन्द्र मन्थन आदिका दृश्यहरू बडो आकर्षक मानिएका थिए ।

भारतको वनारसको भारतकला भवनमा १८ औं शताब्दीका धेरै नेपालीका पौभा-चित्रहरू सङ्कलित गरिएका छन् । ती पौभा-चित्रहरू (विलम-पौं) याने लामो प्यानल अर्थात् फलक चित्रहरू हुन् । ती फलक चित्रहरूमध्ये एउटा फलक चित्रमा चित्रित गरिएका व्यक्तिहरूको परिचय, नाम चित्रको मुनि नेवारी अक्षरमा लेखिएको छ । त्यसमध्ये एउटा चित्रको मुनि युद्धविक्रम शाहदेव र अन्य भक्तहरूले श्वेतविष्णुलाई पूजा गरिरहेको दृश्य देखाइएको छ । युद्धविक्रम शाहदेव भनेको राजा गीर्वाणयुद्ध विक्रम शाह हुन् । दुई लहर भएको यो फलक चित्र १७ फिट लामो र १ फिट ९ इन्च चौडाइको छ । चित्रहरूका दुवै लहरको मध्यभागमा श्वेतविष्णुको ठूलो चित्र छ । यो पौभा-चित्रमा निकै उज्यालो अर्थात् चम्किलो रातो सिम्रिक रङ, निलो रङ, पहेँलो रङ, सेतो रङ, कालो र फिक्का हरियो रङ प्रयोग गरिएको छ । सुनौलो रङ पनि ठाउँ ठाउँमा छ ।

चित्र फलक बायाँबाट शुरु हुन्छ । शुरुमा नाचिरहेको गणेश छ । वादल भएको आकाशमा सारसहरू उडिरहेका छन् । भक्तहरूको वीचैमा गरुड बाहन छ । यो फलकमा एउटी स्त्रीलाई भित्तामा स्वस्तिक, चक्र, गदा, पद्म, विष्णुका आयुधहरू चित्रण गरिरहेकी देखाइएको छ । यसले मैथली भित्तेचित्रहरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्झाउँछ । यो चित्र फलकमा दैनिक जीवनका विविध पक्षहरू चित्रित गरिएका छन् । नेपाली पोशाकमा लोग्ने मानिस र आइमाईहरू देखाइएका छन् । साथै घोडा, हात्ती, गाई, साँढे आदि पनि छन् ।

श्वेत विष्णुलाई लहरै बसेका भक्तजनहरूले पूजा गर्न लागेको जस्तो देखिन्छ । विष्णु मुख बाहिरहेका दुईवटा शार्दूलहरूले समातिराखेका कमलको फूलमाथि उभिइरहेका छन् । दुईवटा मकर बादल बाहिरबाट टाउको उठाइरहेका, लक्ष्मी र गरुड विष्णुको दायाँ बायाँ बसिरहेका छन् । फलकको सबैभन्दा तल जय-विजय र अष्ट नागहरू छन् । ती नागहरूलाई आधा शरीर मानिसको र आधाचाहिँ नागको रूपमा देखाइएको छ । तिनीहरूले पनि हात जोडी नमस्कार गरिरहेका छन् । (३७)

यहाँनिर श्री ५ गीर्वाणकै अर्को एउटा चित्रको चर्चा गर्नु आवश्यक छ । यो श्री ५ गीर्वाणको जन्म पत्रिका (चिनो) को तस्बिर हो । यो चित्रको प्रतिलिपि पूर्णिमा पत्रिकाको पूर्णाङ्क ५ को भित्रि भागको प्रथम पृष्ठमा प्रकाशित गरिएको छ । चित्रमा राजा गीर्वाणलाई राजसी पोशाकमा नौ टाउके नागको फणा भएको सिंहासनमाथि पलैंटी मारी बसिरहेको देखाइएको छ । बाग्लो कपडामा लेखिएको यस जन्म पत्रिकाको चित्रांशमात्र साढे तीन हात लामो छ । १८ औं शताब्दीदेखि प्रचलनमा आएको अर्धचेहेराको शैली यस चित्रमा पूर्णतया अनुशीलन भएको छ । (३८)

शाहकालमा आएर ठूलाठूला व्यक्तित्वहरूका अर्ध चेहेराभित्र अर्थात् प्रोफाइल पोर्ट्रेट (Profile Potrait) लेख्ने काम धमाधम हुन थाल्यो । यसै क्रममा भीमसेन थापाका चित्रहरू पनि बने । भीमसेन थापाको घोडासहितको चित्र ज्यादै महत्त्वपूर्ण मानिन्छ । तर यसै समयमा बनेको, हाल लण्डनको ब्रिटिश ल्याइब्रेरीको तेस्रो तल्लाको एशियाली र अफ्रिकी अध्ययन कक्षको हलको भित्तामा झुण्ड्याइराखेको निकै ठूलो आकारको पूर्णकदको पूरा अनुहार देखिने गरी चित्रित गरिएको तस्बिर शायद नेपाली कलाकारहरूले सबभन्दा पहिले रचेको, पहिलो चित्र हो । पूर्णराजसी पोशाकमा भव्य व्यक्तित्व लिएर उभिइरहेको उक्त तैलचित्र त्यस समयको सबभन्दा उत्कृष्ट तस्बिर (चित्र) मान्न सकिन्छ । यो जनरल माथवर सिंहको तस्बिर हो ।

राजा रणबहादुर शाहको काशीवासपछि नेपालको ललितकला खासगरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सङ्गीत र नाटकको क्षेत्रमा भारतीय प्रभाव पर्न थाल्यो। स्वामी महाराज रणबहादुर भारतको वनारसमा निर्वासित भई बस्दा त्यहाँका सस्ता एवं यौन आकर्षण गर्ने खालका नाचगान र सङ्गीततर्फ रूचि राख्न थालेका थिए। फलस्वरूप भारतबाट वाइजी वस्तादहरूको आवागमन बढ्न थाल्यो। उनको दरबारमा नेपाली ढङ्गको नृत्य र गीतहरूको बदलामा भारतबाट आएका उस्ताद निर्मल शाह र जाँफरखाँको तालिममा गीत र नाचहरू हुन थाले। यसको प्रभाव पछि राणाकालसम्म पनि रहिरह्यो। काशी नरेशको एउटा जलसामा राजा रणवहादुर शाहको सङ्गीत कौशलबाट सबै प्रभावित बनेका थिए। उनलाई एउटा उत्तम तानपुरासमेत उपहार प्राप्त भएको थियो।(३९)

माथवर सिंहको हत्यापछि केही समयको लागि चौतरिया फत्येजङ्ग शाह मुख्तियार भए। जङ्गबहादुरलाई मामा माथवरसिंह थापाले पहिले नै 'काजी' को दर्जा दिइसकेका थिए। जङ्गबहादुर निकै चतुर थिए। उनी परिस्थिति हेरी काम गर्न जान्ने एक महत्त्वाकाङ्क्षी व्यक्ति थिए। माथवरसिंह थापाको हत्या गर्ने षडयन्त्रमा यिनी आफैँ पनि थिए। यिनकै हातबाट उनको हत्या भएको थियो। फत्तेजङ्ग मुख्तियार भए तापनि तीन पल्टन सैनिकको तैनाथी पाई जङ्गवहादुरले पहिले नै जनरलको पद प्राप्त गरिसकेका थिए। तर दरबारमा सबैभन्दा शक्तिशालीचाहिँ महारानी राज्यलक्ष्मीका प्रियपात्र गगनसिंह भण्डारी (खवास) थिए। उनले सात पल्टनको तैनाथी पाई व्यावहारिक रूपमा प्रधानमन्त्रीको सबै अधिकार आफैँले प्रयोग गर्ने गर्दथे। दरवारभित्र शासन-शक्ति हत्याउने षडयन्त्र भने यथावत चलिनै रहेको थियो। यस अवस्थामा जङ्गवहादुरले पनि शक्ति हत्याउनका लागि आफ्ना बफादार भाइहरूको एउटा वलियो गुट बनाइसकेका थिए। तर वि.सं.१९०३ भाद्र ३१ गते तदनुसार १४ सेप्टेम्बर १८४६ का दिन राति गोली प्रहार गरी गगनसिंहको हत्या भयो। हत्या भएको कुरा थाहा पाउनासाथ आक्रोशित भएर रानी राज्यलक्ष्मीले दरबारको कोत पटाङ्गिनीमा हत्यारा पत्ता लगाउन सबै भारदारहरूलाई उपस्थित हुन उर्दी जाहेर गरिन्। कोतभित्र धेरै खैलाबैला र आक्षेपहरू बर्सन थाले। साथसाथै त्यहाँ भारदारहरूको हत्या हुन थाल्यो। यसै मौकामा जङ्गबहादुरले आफ्ना सबै विरोधीहरू र आफूसँग टक्कर लिनसक्ने सबै भारदारहरूलाई कत्लेआम गरी यसको पर्सिपल्ट महारानी राज्यलक्ष्मीबाट उनले कमाण्डर-इन-चिफ र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रधानमन्त्रीको पद प्राप्त गरे। (४०)

इतिहासमा नै जङ्गबहादुर एक कुशल एवं योग्य प्रशासक, जनरल एवं राजनीतिज्ञ सावित भए। यिनले आफूलाई नेपालको प्रधानमन्त्री मात्र होइन शाह राजाहरूकै दाँजोमा आफू र आफ्ना परिवारलाई राख्न सफल पनि भए। शाह राजाहरू नेपालका श्री ५ महाराजधिराज थिए भने जङ्गबहादुर र उनका उत्तराधिकारी राणा प्रधानमन्त्रीहरू नेपालका श्री ३ महाराज कहलाइए। आफ्नो हातमा प्रधानमन्त्रीको शक्ति आएपछि आफ्ना भाइ, भतिजा, नाता कुटुम्व र हितैषी सबैलाई नेपाली सेना र प्रशासनका विभिन्न उच्च ओहोदाहरूको जिम्मेवारी दिई राज्यको शासनको बागडोर आफ्नो हातमा राखे। थापा र पाण्डेहरूले कहिल्यै नसोचेको विवाहको माध्यमवाट शाह राजपरिवारसँग नाता जोड्ने नीति लिए। राणा परिवारलाई शाह राजाहरूसँग नाता जोड्ने मात्र होइन, भविष्यमा राणाको रगत भएका शाह राजाहरू जन्मी राज्य गर्ने अवस्था सिर्जना गर्न पनि सफल भए। आफ्नी छोरीको विवाह युवराज त्रैलोक्य विक्रमसँग गरिदिनुका साथै आफैँले पनि चौतरिया फत्तेजङ्ग शाहकी दिदी हिरण्यगर्भ कुमारीसँग विवाह गरी तिनीलाई नै आफ्नी मुख्य रानी घोषित गरेका थिए। यिनले थापा र पाण्डेहरूको समयमा नेपालमा रहेको अस्थिर राजनीतिक अवस्थालाई स्थिर बनाउनुका साथै देशमा अमनचयन कायम राखे।

यिनको दूरदर्शिता यिनले गरेको युरोप भ्रमणवाट सिद्ध हुन्छ। आफ्नो शक्ति बढाउन र आफ्नो परिवारको राजनैतिक स्थिति मजबुत गराउन उनले त्यस समयको विश्वको सर्वोच्च शक्ति राष्ट्र बेलायतको राजकीय भ्रमण गरे। उनको यो भ्रमण विश्वलाई एशियाको हिमाली क्षेत्रमा एक स्वतन्त्र हिन्दू राष्ट्र पनि छ भन्ने कुरा बुझाउन सफल भयो। सन् १८५० को जनवरी १५ देखि सन् १८५१ को फेव्रुअरी ६ तारिखसम्म उनले गरेको युरोप र अन्य बाटोमा पर्ने देशहरूको भ्रमण नेपालको इतिहासमा स्वर्ण अक्षरले लेखिएको छ। किनभने कुनै एक नेपाली राजनेताले बेलायतको राजकीय भ्रमण गरेको यो पहिलो घटना थियो। यस भ्रमणमा उनले जे जस्तो शान, शौकत र उच्चस्तरीय व्यवहारहरू देखाए त्यसले गर्दा विश्वमा नै नेपाल चर्चाको विषय बन्नुका साथै नेपालीहरूले पनि विश्वमा ठूलो मान-मर्यादा र इज्जत पाउन थाले।

जङ्गबहादुरको समयमा बेलायत चिनाउने भनेको विश्वलाई नै चिनाउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्तो हो। बेलायत नै त्यस बखत विश्व शक्ति थियो। नेपाली वस्तुहरू, मुद्राहरू, वस्त्रहरू, खानापानका चिजबिजहरू, मरमसला, सुनचाँदीका गहनाहरू, नेपाली बाजागाजाहरू, नेपाली हस्तकलाका सामानहरू, मूर्तिहरू, चित्रहरू आदि इत्यादि उनले त्यस भ्रमणमा ठूलो मात्रामा आफ्नो साथमा लगेर ठाउँठाउँमा विशिष्ट व्यक्तिहरूलाई उपहार दिएका थिए। उनले आफ्नो साथमा लिएर गएका धेरैजसो सामानहरू काठमाडौं उपत्यकाभित्र तयार गरिएका सामान नै थिए, जसले गर्दा वागमती सभ्यताका धेरै प्रमाण र उपलब्धिहरू विश्वभर नै प्रचारित भए। (४१)

जङ्गबहादुरको बेलायतको यात्रापछि वागमती सभ्यताले आधुनिक युगमा प्रवेश गऱ्यो भनेर भन्न सकिन्छ। उनको बेलायत यात्राले जनसाधारणको जीवनमा खास परिर्वतनहरू नल्याए तापनि शाह, राणा, थापा, बस्नेत र गुरूजु (पाण्डे) हरू जो शासक वर्ग थिए, तिनीहरूको जीवनशैली, खानपान, लवाइखवाइ, पोशाक-पहिरन, सुखसयल, मनोरञ्जन सबैमा युरोपेली प्रभाव विस्तारै देखापर्न थाल्यो। यस भ्रमणपछि जङ्गबहादुरले वागमती सभ्यतामा धेरै नयाँ कुराहरू भित्र्याए। वास्तुकला, चित्रकला, खानपान, जीवनशैली सबैमा नै युरोपेली प्रभावहरू देखापर्न थालेको अनुभव हुँदै गयो। (४२)

जङ्गबहादुरले बेलायत र फ्रान्समा अनेकन् कुराहरूको अवलोकन गरे। कल कारखाना, मनोरञ्जनका सामानहरू, हातहतियारहरू, त्यहाँका मानिसको सभ्यता र संस्कृति सबैको अनुभव उनले गरे। तर उनले यी सबै कुराहरू हेरेर आए तापनि आफू र आफ्ना भाइभारदारहरू बीचमा मात्र यी कुराहरू सीमित गरे। जनतालाई यी कुराहरूको छनकसम्म पाउन दिइएन। तर पनि नेपाल र नेपालीलाई यस भ्रमणले फाइदा नै पुऱ्यायो। यस भ्रमणपछि नेपाल र नेपालीबारे युरोपका ज़नता र बुद्धिजीवीहरूको जिज्ञासा बढ्न पुग्यो। (४३) फलस्वरूप नेपाल उपत्यकाभित्र पूर्वी सभ्यता र इतिहासबारे चाख राख्ने धेरै विद्वान्हरू आउने क्रम शुरु भयो। वास्तवमा उनले वागमती सभ्यतालाई अन्तर र्राष्ट्रिय क्षेत्रमा परिचित गराई यसको अन्तर्राष्ट्रियकरणसमेत गर्न सफल भए। उनको युरोप भ्रमणभन्दा पहिले नेपालबारे पश्चिमी जगत्मा त्यति धेरै चासो थिएन।

जङ्गबहादुरको युरोप भ्रमणको सबैभन्दा ठूलो उपलब्धि भन्नु नै सन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१८५४ मा जारी गरेको मुलकी ऐन हो। यस मुलकी ऐनले पहिले पहिले सानोतिनो गल्तीमा पनि ठुलाठुला सजाय गर्ने, ज्यान सजायजस्ता कुरामा कमी ल्याए। ज्यान मार्ने र गाई मार्नेलाई आजीवनको सजाय तोकी सजाय कम गरिदिए। ब्राह्मण र आइमाइलाई ज्यान सजायबाट मुक्ति दिए। तर उनले मनमनै चाहेर पनि सतीप्रथा र कमाराप्रथालाई भने सम्पूर्णरूपमा उन्मूलन गर्न सकेनन्।

सन् १८५६ मा भएको तिब्बतसँगको झगडालाई उनले कूटनीतिक ढङ्गबाट सुल्झाए। उनको यो चलाखीले गर्दा तिब्बतमा फेरि एकपटक नेपालीहरूको वर्चस्व कायम हुन गयो। ल्हासामा नेपाली वकिल रहने भए। नेपालीहरूले ल्हासामा कोठीहरू खोल्ने अधिकार कायमै राखे र प्रत्येक वर्ष नेपालले तिब्बतबाट सौगातस्वरूप दश हजार रूपियाँको भेटी पाउने भए।

यसरी जङ्गबहादुरले भारत-तिब्बतसँगको व्यापारिक सम्बन्ध र अन्य श्रोतहरूबाट रकम जुटाई राणा परिवारलाई धनाढ्य बनाए। यसरी प्राप्त भएको धनबाट राणाहरूले आफूहरूको निम्ति ठूलाठूला भव्य महलहरू मात्र बनाएनन्, धेरै धार्मिक तथा सामाजिक संरचनाहरू, मन्दिर, पाटीपौवा, पुल, बाटोघाटो आदि पनि बनाए।

जङ्गबहादुरको युरोप भ्रमणपछि वागमती सभ्यतामा वास्तुकलाका क्षेत्रमा धेरै नौला कुराहरू थपिए। युरोपका विभिन्न शहरहरूमा देखेका दरबारहरू र भवनहरूको ढाँचाबाट जङ्गबहादुर लगायत भ्रमण दलका सबै सदस्यहरू साह्रै प्रभावित भए। फलस्वरूप युरोपेली वास्तुकलाको प्रभाव नेपालको गृह निर्माण कलामा पर्न थाल्यो। यसरी राणाकालमा बनेका राणा प्रशासकहरूका दरबारहरू मात्र होइन अरू भाइभारदारहरू; जस्तै थापा, शाह, गुरु पुरोहित, चौतरिया आदिका घरहरूमा पनि युरोपेली प्रभाव देखा पर्न थाल्यो। बेलायतको बकिङ्घम दरबार, पेरिस नजिकैको भर्सेलिजको दरबारमा झैं जङ्गबहादुर र अरू राणा तथा भाइभारदारहरूले आ-आफ्ना दरबारहरूमा ठुलाठुला, लामालामा झ्याल, ढोका र अग्लाअग्ला खम्बाहरू राखी लामा कोठा र बैठकहरू बनाउन थाले। साथै ती दरबार र महलहरू सजाउन युरोप र भारतका विभिन्न ठाउँहरूबाट फर्निचर, झारफानुस, कार्पेट, ऐना, विदेशी कलाकारका चित्र तथा मूर्ति, पर्दा आदि चिजहरू नेपाल ल्याउन थाले। नयाँ निर्माण भएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दरबारहरू र भवनहरूमा मात्रै हैन प्राचीन हनुमानढोका राजदरबार क्षेत्रभित्र पनि युरोपेली वास्तुकलाबाट प्रभावित भवनहरू निर्माण भए। सुरेन्द्र विक्रमको समयमा बनेको प्रसिद्ध दाँखचोकको उत्तर लङ्गका घरहरू, जुन नासलचोकको पश्चिममा पर्दछन्, ती लगायत केही वर्षअघिसम्म मुद्रा सङ्ग्रहालय रहेको भवनको भाग पनि त्यसताका निर्मित युरोपेली शैलीको ज्वलन्त उदाहरणहरू हुन्। यी भवनहरूमा ठूलाठूला खम्बाहरू प्रचुर मात्रामा प्रयोग गरिएका छन् र यी भवनहरूको लम्वाइ उचाइ पनि धेरै नै छ, जुन पहिलेका पुराना दरबारहरूमा हुँदैनथ्यो। दाँखचोकको ठीक उत्तरतर्फका भवन, हाल त्रिभुवन सङ्ग्रहालय रहेको भवनको दोश्रो तल्लामा एउटा ठूलो हलनुमा कोठा बनाएको पाइन्छ, जसको प्रयोग नाचगानसम्वन्धी कामहरूमा हुन्थ्यो। यो हलनुमा बैठक कोठाको भित्तामा श्री ५ पृथ्वीनारायण शाहको तैल रङको चित्रदेखि लिएर युरोपेली युवतीहरूका राम्रा चित्रहरूसमेत अङ्कित छन्। भित्ते चित्रतर्फ यसकालमा मल्लकालीन परम्परा कायम हुन सकेन। स्तरमा केही कमी भए तापनि नासल चोकको पश्चिमतर्फको दरबारको पूजाकोठाको भागमा रहेका भित्ते चित्रहरूमा शेषशाही विष्णु, समुद्रमन्थन आदिका दृश्यहरू अति आकर्षक छन्। दरबारको त्यो भाग श्री ५ सुरेन्द्रको समयमा निर्माण भएको हो। त्यस्तै हाल त्रिभुवन सङ्ग्रहालय रहेको त्यही दरबारको ठूलो बैठक कोठामा पनि शाहकालीन भित्ते चित्रहरू छन्। यी चित्रहरू जङ्गबहादुरले आफ्नो युरोप भ्रमणपछि त्यहाँको कलाबाट प्रभावित भई बनाउन लगाएका हुन्। ती भित्ते चित्रहरूमा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहका तीनवटा जीवालेख्य (पोट्रेट), बाह्रवटी युरोपेली सुन्दरी, जङ्गबहादुरका सात भाइ आदिका चित्रहरू विशेष महत्त्वपूर्ण छन्। उन्नाइसौं शताब्दीमा चित्रित गरिएका यी भित्ते चित्रहरूले व्यक्ति-चित्र बनाउने नयाँ परम्परामा नेपाली कलाकारहरूले कति हदसम्म सफलता प्राप्त गर्न सकेका थिए भन्ने प्रमाण दिएका छन्। राणाकालमा जति व्यक्ति-चित्र (पोट्रेट) बने ती न त पहिले कहिल्यै बनेका थिए, न त भविष्यमा नै बन्नेछन्। राणा प्रशासकहरूका सबैजसो दरबारका भित्ताहरू त्यस वेलाका नेपाली कलाकारहरूले बनाएका चित्रहरूले भरिन्थे।

चित्र कलाका क्षेत्रमा यस कालमा परम्परागतका साथसाथै आधुनिक पश्चिमी चित्रकलाको पनि यथेष्ट मात्रामा प्रचार हुन गयो। पौभा चित्रकलामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विकास हुन नसके तापनि मल्लकालीन परम्परा भने केही हदसम्म कायमै रहेको देखिन्छ। तर राज आश्रय नपाएर जङ्गबहादुरको युरोप भ्रमणपछि भने पौभा चित्रकलामा केही शिथिलता उत्पन्न भयो। राणा प्रशासकहरू आफ्नो व्यक्ति-चित्र लेखाउन रूचाउँथे। यसैकारण जङ्गबहादुरले आफ्नो युरोप यात्रामा भाजुमान चित्रकारलाई सँगै लगेका थिए। युरोपबाट फर्केपछि भाजुमानले राणा परिवारका धेरै व्यक्ति-चित्रहरू युरोपेली ढाँचामा लेखे। यीमध्ये जङ्गबहादुर र उनका भाइहरूका केही व्यक्ति-चित्र राष्ट्रिय सङ्ग्रहालयमा प्रदर्शित छन्। जङ्गबहादुरभन्दा अघि व्यक्ति चित्र लेखाउने चलन त्यतिको चलेको थिएन। युरोपेली कलाको मात्र हैन राणाकालमा नेपाली कलामा भारतेली कला, त्यसमा पनि खासगरी राजस्थानी र कांगडा कला शैलीको पनि प्रभाव पर्न गयो। फलस्वरूप नेपाली परम्परावादी कला धमाधम ह्रास हुँदै गयो। त्यसमा पनि श्री ५ राजेन्द्र विक्रमको समयमा तिनीहरूको कदर कम हुन थाल्यो। तिनीहरूलाई आफ्नो सीप र लगन देखाउने मौका पाउनै कठिन हुन थाल्यो।

राणाकालमा मन्दिर निर्माणको वास्तुकलामा परम्परागत छानेशैलीको अलावा राजपूत शैली, जसलाई पछिबाट दरवारिया शैली पनि भन्न थालियो, त्यसको प्रचुर मात्रामा प्रचार भयो। राजपूत शैलीलाई राणा प्रधानमन्त्रीहरू र अरू राणा भाइभारदारहरूले प्रश्रय दिएको हुनाले यो शैलीलाई दरबारिया शैली भनिएको हो। यो शैलीको मुख्य विशेषता नै गुम्बजको निर्माण हो। यसमा छानाको बदला गुम्बज राखिएको हुन्छ। वज्रको जोडाइमा ईँटाको गुम्वज भएका मन्दिरहरूको निर्माणको साथसाथै प्रस्तरको गुम्वज भएका सानासाना मन्दिरहरू पनि यस कालमा प्रशस्तै वनाइए। यस्ता प्रस्तरको गुम्वज भएका सानासाना मन्दिरहरू पशुपति वरपर र अन्यत्र धेरै सङ्ख्यामा छन्। जस्तै- पशुपति मृगस्थलीको घोर भक्तेश्वर मन्दिर, पशुपतिको पञ्च देवल, थापाथलीको पञ्चायन मन्दिर आदि। यस कालमा निर्माण भएको राजपूत शैलीको सबैभन्दा विशिष्ट मन्दिरचाहिँ जङ्गबहादुरले निर्माण गर्न लगाएको त्रिपुरेश्वर कालमोचन घाटस्थित सत्य नारायणको मन्दिर हो। विष्णुको यो मन्दिर जङ्गबहादुरले इ.१८७४ (वि.सं.१९३१) मा बनाउन लगाएका थिए। राजपूत शैलीमा त्यसताका निर्माण भएका मन्दिरहरूमध्ये यो सबभन्दा विशाल पनि छ। मन्दिरको चारै कुनामा ढलोटका सिंहहरू राखिएका छन्। मन्दिरको ठीक सामुन्ने खम्बामाथि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF.

जङ्गबहादुरको मानवाकारको ढलौटको सालिक उभ्याइएको छ। साथै मन्दिर एउटा ठूलो चोकको मध्यभागमा निर्माण गरिएको छ र मन्दिर वरपर लामा-लामा पाटीहरू बनाइएका छन्। यस मन्दिर क्षेत्रभित्र अरू पनि ससाना प्रस्तरका मन्दिरहरू छन्।

राणाकालमा बनेका मन्दिरहरूमा कलाको दृष्टिकोणले उल्लेखनीयचाहिँ वि.सं.१९१२ (इ.१८५५) मा बनिसकेको पाटन शङ्खमूलको जगत्नारायणको मन्दिर हो। जङ्गबहादुरका एक भाइ जगत् शमशेरले निर्माण गर्न लगाएको शिखर अथवा गन्धकूट शैलीमा निर्माण गरिएको यो मन्दिर त्यसताका अति प्रचलित राजपूत शैलीका मन्दिरहरूभन्दा भिन्दै खालको छ। पहाडको चुचुरोको आकारमा बनेको यो मन्दिरको निर्माण शैली दक्षिणी भारतबाट नेपाल पसेको थियो।

राणाकालमा प्रस्तरका ससाना घण्टाकृत शैलीका मन्दिरहरू पनि निकै मात्रामा बने। राजपूत शैलीमा प्रयोग गर्ने गुम्वजको बदला यो शैलीको मन्दिरको छानो घण्टाकारको हुन्छ। यस किसिमका मन्दिरहरू पशुपति आर्यघाटपारि लहरै बनेका छन् र आर्यघाटस्थित प्रसिद्ध प्राचीन राजपुरुषको मूर्ति (जसलाई किरात राजाको मूर्ति, विरूपाक्षको मूर्ति आदि भनिन्छ) त्यो मूर्ति राखिएको मन्दिर पनि यसै शैलीमा बनेको छ। राजपूत शैलीको जगजगी चलेको बखत छानेशैलीका मन्दिरहरू बन्दै नबनेका होइनन् तर खास उल्लेखनीयचाहिँ धेरै थोरै छन्। तीमध्ये बालाजु पार्कस्थित राजमान रञ्जितकार नामक व्यक्तिले इ.१८७६ वा वि.सं.१९३३ मा बनाउन लगाएको शैल योगिनीको मन्दिर, गोकर्णको जङ्गबहादुरकी आमा रक्षाकुमारीले निर्माण गर्न लगाएको रक्षगजाघर मन्दिर नै मुख्य हुन्। (४४)

हनुमानढोकाको दक्षिणतर्फ अवस्थित टेकूदेखि थापाथलीसम्मको वागमती नदी किनारमा मन्दिर, सत्तल र घाटहरू बनाई राणाहरूले यी घाटक्षेत्रहरूलाई वनारसको घाटक्षेत्र झैं बनाउन चाहेका थिए। यसको शुरुआत पनि जङ्गबहादुरले सन् १८७४ मा त्रिपुरेश्वरको वागमतीको किनारमा गुम्बज शैलीको जङ्गहिरण्य हेम नारायण मन्दिर निर्माण गरी गरेका थिए। यो मन्दिर २०७२ को भूकम्पमा पाताल पुगेको छ। यस भव्य मन्दिर वरपर ससाना सोही शैलीका अन्य मन्दिरहरू पनि बनेका थिए। त्यसरी नै पचलीघाट नजिकै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन् १८५० मा जङ्गबहादुरका भाइ जनरल बमबहादुरले बम विकटेश्वर महादेव मन्दिर, जसलाई तीन देवल पनि भनिन्छ, त्यसको निर्माण गरी चौघेरा सत्तल बनाएका थिए । शिखर शैलीमा बनेको यो मन्दिर कलाको दृष्टिकोणले भने खास उल्लेखनीय मानिँदैन ।

जङ्गबहादुरका धेरै कीर्तिहरूमध्ये उल्लेखनीय एउटा कीर्तिचाहिं पशुपति मृगस्थलीमा उनले निर्माण गरेको विश्वरूपको भव्य मन्दिर हो । गुम्बज शैली अथावा राजपूत शैलीमा नेपालमा बनेका असङ्ख्य मन्दिरहरूमध्ये यो सबैभन्दा विशाल मन्दिर हो । यस मन्दिरभित्र उनले नेपाल-भोट युद्धको समयमा बाटोमा फेला पारेका विशाल भैरव मानी पूजा गरिएका शिला र हनुमानढोका दरबारमा प्रताप मल्लले निर्माण गरेको विश्वरूपा अर्थात् कामकामेश्वरीको धातुको विशाल मूर्तिलाई ल्याएर यसै मन्दिरभित्र स्थापना गरेका थिए । (४५)

जङ्गबहादुरको समयमा बनेका वास्तुकलाको दृष्टिकोणले महत्त्वपूर्ण मन्दिरहरूमध्ये बत्तीसपुतलीस्थित रामचन्द्रको मन्दिर पनि एक हो । यो मन्दिरको अर्को महत्त्वपूर्ण पक्ष हो नेपाल उपत्यकाभित्र औंलामा गन्न सकिने रामचन्द्रका मन्दिरहरूमध्ये यो सबैभन्दा ठूलो, सुन्दर र धनाढ्य मन्दिर हो । यो मन्दिरको निर्माण सनकसिंह लाहुरे तण्डन क्षेत्रीले गरेका थिए । उनी राणा प्रधानमन्त्री जङ्गबहादुरका साला थिए । जङ्गबहादुरकी दोस्री रानी नन्दकुमारी देवी यिनकी दिदी थिइन् । जङ्गबहादुरको समयमा सनकसिंह एक धनाढ्य र पहुँचवाला व्यक्ति थिए । यिनले आफ्नो धेरै धनसम्पत्ति यस मन्दिरको निर्माण कार्य, मर्मत संभार र पूजाआजाको लागि गुठी राखेका थिए ।

पशुपति नजिकै एउटा ठूलो थुम्को (डाँडा) माथि यो मन्दिर अवस्थित छ । सेतो चुना, सुर्कीले प्लास्टर गरेको यो दुई तले मन्दिरको माथिल्लो भागमा तीनवटा गजुर छन् । मन्दिरको दायाँ बायाँ चारवटा ससाना मिनारहरू छन् । यी मिनारहरूमा जाने खुला बरन्डाको बाटो छ । ती मिनारहरूमाथि घण्टाकारको छाना छ । मन्दिर परिसरभित्र अन्य ससाना मन्दिरहरू पनि छन् ।

यो मन्दिरको वास्तुकला नेपाली वास्तुकलामा एउटा नौलो र अद्भुत प्रयोग हो । शायद भारतमा पनि यस्तो मन्दिर देखिँदैन । यो मन्दिर विभिन्न वास्तुकलाको एउटा मिश्रित रूप हो । यस मन्दिरमा उन्नाइसौं शताब्दीमा उत्तरी भारतमा चलेको वास्तुकला, प्राचीन परम्परागत वास्तुकला, मुगल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वास्तुकला मात्र होइन, युरोपेली वास्तुकलाको समेत प्रभाव परेको छ । (४६)

यस मन्दिरभित्र राम, सीता, लक्ष्मण, भरत र शत्रुघ्नका साथै हनुमानका मूर्तिहरू छन् । मन्दिरको मुख्य पूजाकोठा निकै भव्य र सुन्दर देखिने विभिन्न झाडफानुस, बत्ती, देवताहरूका सुन मलम्मुवा सिंहासन र भित्तेचित्रहरूले सजाइएका छन् । (४७)

राणाकालीन नेपालमा प्रस्तर मूर्तिकलाको राम्रो विकास हुन सकेन । हुनत शाहकालको शुरुकालको शुरुआतदेखि नै प्रस्तर मूर्तिकलाको स्तर घट्दै आएको थियो । तैपनि यसकालमा केही सुन्दर प्रस्तर मूर्तिहरूको निर्माण भएन भन्न चाहिँ सकिँदैन । त्यसबेलाका उल्लेख गर्न लायकका मूर्तिहरूमा पाटन शङ्खमूलस्थित जगत्नारायण मन्दिरभित्र र वरपर रहेका विष्णु, गणेश, गरुड र हनुमानका मूर्तिहरू, इ.१८५५ (विसं.१९१२) मा गोकर्णेश्वर मन्दिरको बाटो र मन्दिरक्षेत्र वरपर बलभञ्जन पाँडेले स्थापना गर्न लगाएका करिव ३०-३२ वटा विभिन्न देवदेवी तथा गणहरूका मूर्तिहरू; जसमध्ये सरस्वती, चन्द्रमा र महालभैरवको मूर्ति अति नै सुन्दर छन् । यसरी नै इ.१८७० (वि.सं.१९२७) मा स्थापित पचलीघाटको पश्चिमतिर एउटा पर्खालको कुनामा रहेको हरिहरको मूर्ति, इ.१८७४ (वि.सं.१९३१) मा कालमोचन सत्यनारायणको मन्दिरको क्षेत्रभित्र जङ्गबहादुरले स्थापना गरेका मूर्तिहरू, इ.१८७६ (वि.सं.१९३३) मा कुनै एक स्थानीय महन्तले भक्तपुरको प्रख्यात दत्तात्रेय मन्दिरको सिँढीको दायाँ बायाँ स्थापना गरेका प्रस्तरका विशाल विशाल मानव मूर्तिहरू पनि उल्लेख गर्न लायकका रहेका छन् ।

प्रस्तर मूर्तिकलाले भन्दा धातु मूर्तिकलाले जसरी पनि आफ्नो मौलिकतामध्ये केही प्रतिशत यस कालमा समेत कायम नै राखेको देखिन्छ । माथि मन्दिर वास्तुकलाको बयान गर्दा पनि ती मन्दिरहरूमा प्रतिस्थापन गरिएका केही उच्चकोटिका ढलौटका मूर्तिहरूबारे वर्णन गरिसकिएको छ । जस्तै भक्तपुरको प्रख्यात दत्तात्रेयको मन्दिरसामु रहेको प्रस्तरको खम्बामाथि सुनको जलप लगाइएको धातुको गरुड मूर्ति इ.१८५२ (वि.सं.१९०९) मा कुनै एक महन्तले स्थापना गरेका हुन् , जुन साह्रै राम्रो छ । इ.१९५१ (वि.सं.२००८) मा कुनै एक भक्तले भक्तपुर दत्तात्रेय मन्दिर अगाडि प्रस्तरस्तम्भ खडा गरी स्थापना गरेको धातुका शङ्ख, चक्र, गदा, पद्मलाई पनि यस कालमा बनेका ढलौटका उत्कृष्ट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामानहरूमा लिन सकिन्छ। काठमाडौं मच्छिन्द्रबहालको आँगनको पूर्वतिर सिंहनाद लोकेश्वरको ढलौटको मूर्ति छ। यो मूर्ति समन्तभद्र वज्राचार्यले श्री ५ सुरेन्द्रको राज्यकाल इ.१८५२ (वि.सं.१९०९) मा स्थापना गरेका हुन्। त्यहीँ नै रहेको इ.१८५५ (वि.सं.१९१२) मा स्थापित धातुको भैरवरूप पनि ज्यादै राम्रो र प्रभावशाली छ। मच्छिन्द्रबहालभित्र धेरै नै ढलौटका अति सुन्दर मूर्तिहरू यस कालमा स्थापना गरिए। तीमध्ये मन्दिरको ठीक सामुन्नेको दाहिनेतिरको एउटा खम्बामा राखिएको लोकनाथको मूर्ति र देव्रेतिरको खम्बामाथि राखिएको आर्यताराको मूर्ति हो। यी सबै मूर्तिहरू श्री ५ पृथ्वीको राज्यकालमा स्थापना गरिएका हुन्। यही क्षेत्रभित्र वि.सं.१९९८ मा एउटी धोविनीले स्थापना गरेका ताराको मूर्ति र तेजोमण्डल निकै राम्रा छन्। जङ्गबहादुरले पशुपतिको मृगस्थलीमा इ.१८६७ (वि.सं.१९२४) मा निर्माण गरेको विशाल विश्वरूपको मन्दिरभित्र रहेका धातुमूर्तिहरू त्यस कालमा बनेका धातुमूर्तिहरूमध्ये बेजोडका मानिन्छन्। मन्दिरभित्र विश्वरूपको झण्डै एक तला अग्लो र उत्तिकै चौडा मूर्ति र मन्दिरको चोकको चार कुनामा बनेका ससाना मन्दिरहरूमा स्थापना गरिएका विष्णु, शिव, राधिकासहित कृष्णका मूर्ति र अन्य केही मूर्ति विशेष प्रभावकारी छन्। त्यस्तै जङ्गबहादुरले इ.१८७४ (वि.सं.१९३१) मा धीर शमशेरले नारायणहिटीमा नारायणको मन्दिर बनाई प्रतिस्थापना गरेका नारायण, लक्ष्मी र सरस्वतीका ढलौट मूर्तिहरू, पशुपति मन्दिरको ठीक सामुन्ने जङ्गबहादुरका जेठा छोरा जगत्जङ्गले इ.१८७९ मा (वि.सं.१९३६) स्थापना गर्न लगाएको धातुको पाताको ठूलो साँढे, इ.१८८३ (वि.सं.१९४०) मा जङ्गबहादुरका कान्छा छोरा पद्मजङ्गले पाटनको मच्छेन्द्रनाथ मन्दिरको आँगनमा ढुङ्गाका मझौला कदका खम्बाहरू गाडी तिनमाथि थापिएका ढलौटका ससाना अति नै सुन्दर तथा कलात्मक हात्ती, घोडा, माछा, मुजुर, गरुड, नाग, साँढे, सिंह, विष्णु, गणेश, आदिका मूर्तिहरू, दायाँ बायाँ रहेका इ.१८९५ (वि.सं.१९५२) मा स्थापित दुई सिंह मूर्तिहरू, पाटनको मीननाथको मन्दिरको मूलढोकाको दुईतिर मुख बाई उभिइरहेका सिंह मूर्तिहरू र ती सिंहहरूमाथि राखिएका सिंहनाद लोकेश्वरका दुई अत्यन्तै सुन्दर र प्रभावशाली मूर्तिहरू, इन्द्रचोकस्थित आकाश भैरवको मन्दिरको बार्दलीमा लहरैसँग राखिएका ढलौटका सिंह मूर्तिहरू र यही मन्दिरको मूल ढोकाको दायाँ बायाँ राखिएका ढलौटकै अरू दुईवटा सिंह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूर्तिहरू ज्यादै नै राम्रा छन् । मैतीदेवी मन्दिर अगाडिको धातुको मुजुर, त्यही मन्दिरको मूल ढोकाका दुईतिर राखिएका ढलौटका सिंह मूर्तिहरू र मन्दिरको चारै दिशामा राखिएका चार सिंहहरू पनि यसै कालका विभिन्न समयहरूमा बनेका हुन् ।

धातुका देवदेवी, गण आदिका मूर्ति बाहेक शाह राजाहरू, राणा प्रधानमन्त्रीहरू र अन्यले पनि ढलौट र प्रस्तरका आ-आफ्ना सालिकहरू बनाई आ-आफ्ना कृतिहरू भएका ठाउँमा राख्न लगाउने परम्परा त्यस समयमा पनि कायमै रह्यो । तर धेरै जसो राणा प्रशासकहरू र महाराजधिराजहरूका ढलौटे सालिकहरू भने देश बाहिर नै बनेका थिए ।

वागमती उपत्यकाभित्र जङ्गबहादुरको समयसम्म वास्तुकला र मूर्तिकलाको क्षेत्रमा मल्लकालीन परम्परालाई कायम राख्न खोजे तापनि त्यसपछिको १ सय ४ वर्षसम्म राणा कालभरि नै वागमती सभ्यतामाथि ग्रहण लाग्न गयो । एकातिर विदेशी वास्तुकला, मूर्तिकला, चित्रकला, ललितकला (नाच, गान, सङ्गीत) आदिले राज-आश्रय पायो भने अर्कोतिर मौलिक नेपाली कला, वास्तुकला, ललितकला सबै विस्तारै विस्तारै ओझेलमा पर्न थाले । जनस्तरबाट जे-जति संरक्षण-सम्वर्द्धन हुनसक्यो त्यसभन्दा बढी अरू केही हुन सकेन । कट्टर हिन्दूहरू र गुरूपुरोहितहरूको बोलवाला बढ्यो । जनतालाई अशिक्षित नै राखियो । बौद्ध धर्म-संस्कृति र कलामाथि कुदृष्टि दिन परदिन बढ्न थाल्यो । नेवाः भाषा, साहित्य, संस्कृति अथवा भनौं समग्र वागमती सभ्यताका पहिचानहरूमाथि नै कुदृष्टि र निगरानी बढ्न थाल्यो । राज्यको सम्पूर्ण ढुकुटी नै राणाहरूको पेवा र तिनीहरूकै मोजमज्जा अनि सहुलियतका लागि खर्च गर्न थालियो । । देशमा कुनै किसिमका उद्योगधन्दा, आधारभूत भौतिक संरचनाहरूको विकास हुन सकेन । यस कालमा जेजति उन्नति र विकास भए ती सबै समय र परिस्थितिको उपज मात्र थिए । यसरी जङ्गबहादुरले रोपेर गएको विषबृक्ष १ सय ४ वर्षभित्र हुर्की, बढी, विशाल भई जरामा समेत धमिरा लागि कुनै पनि समयमा ढल्ने अवस्थामा पुगिसकेको थियो । आखिर २००७ साल फागुन ७ गते त्यो दिन पनि आइपुग्यो । राणारूपी विशाल विषबृक्ष ढल्यो । वागमती सभ्यतामाथि लागेको खग्रास ग्रहण पनि हट्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्दर्भ सामग्री

१) नरहरिनाथ, योगी, (सम्पादक र अनुवादक), २०१६, दिव्य उपदेश-पृथ्वीको अर्ती, योगप्रचारिणी महासभा, गोरक्ष टिल्ला मन्दाकिनी, वाराणसी, काशी, संवत् पेज ३

२) नरहरिनाथ, योगी, नं.१ पेज १५

३) नरहरिनाथ, योगी, नं.१ पेज १७

४) वैद्य, जनकलाल, २०५९, नेपाल भाषा या प्राचीन काव्य सिर्जना, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं, पेज १५७

५) नरहरिनाथ,योगी, नं.१ पेज २०-२१

६) (क) वज्राचार्य, धनवज्र (सम्पादक), २०१९, पण्डित सुन्दरानन्द विरचितः त्रिरत्न-सौन्दर्य गाथा, नेपाल सांस्कृतिक परिषद्, काठमाडौं पेज ३८

दिव्य उपदेशलाई पृथ्वीनाराण शाहको कीर्ति मान्न सकिन्छ । तर उनले विभिन्न राज्यमा चाडपर्वसमेत धार्मिक विधि व्यवहारमा पनि एकरूपता ल्याउन व्रत रत्न माला नामक एउटा सङ्क्षिप्त, सारगर्भित, ओजस्वी, प्राञ्जल एवं प्रौढ संस्कृतमा धार्मिक एकताको ग्रन्थिलाई पनि दृढ पार्ने ग्रन्थ रचेका थिए । यो नै उनको मौलिक साहित्यिक कृति हो ।

(ख) पराजुली, बुद्धिसागर, शाह वंशका नरेशहरूको साहित्यिक देन, प्राचीन नेपाल, सङ्ख्या २५, कार्तिक २०३०, पेज ४२-४८

७) अमात्य, साफल्य, २०३६, नेपालमा पुरातत्त्व, साझा प्रकाशन, काठमाडौं, पेज १४०

८) रेग्मी, शेषराज शर्मा (व्याख्याता), २०४९, श्री ५ पृथ्वीनारायण शाहकालीन संस्कृत साहित्य, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं, पेज १३२-१३३

९) Deva, Pratapa Simha Shaha, **H.M. Maharajadhiraja**, Compiled by, 1968, Brihat Purascharyarnava, Revised, Englarged and Published by Lt. General Dhana Samsher Jung Bhadur Rana, Kathmandu, Page 101-103

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०) वज्राचार्य, धनवज्र, र श्रेष्ठ, टेक बहादुर (ग्रन्थकार), २०३७, शाहकालका अभिलेख (पहिलो भाग), नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, काठमाडौं, पेज ८०-८५

११) (क) रेग्मी, शेषराज शर्मा, (व्याख्याता), नं.८

(ख) पोखरेल, बालकृष्ण, प्राग भानुभक्तकालीन नेपाली गद्य, Journal of the Tribhuwan University, Kathmandu, 1964, Page 1–11

१२) वज्राचार्य, धनवज्र, श्रेष्ठ टेकबहादुर (ग्रन्थकार), नं. १०, पेज १२२-१२५

१३) वज्राचार्य, धनवज्र, श्रेष्ठ टेकबहादुर (ग्रन्थकार), नं. १०, पेज १२६-१३०

१४) आचार्य, बाबुराम, २०६०, श्री प्रतापसिंह शाह, श्री कृष्ण आचार्य, काठमाड़ौं पेज १२५

१५) अमात्य, साफल्य, २०६२, नेपाल मण्डल काठमाडौं उपत्यकाका धार्मिक नाचहरू, चकदवु, त्रिपुरेश्वर काठमाडौं, पेज ११४-११७

१६) Nepalese History Compiled by the oder of Mathabar Simha Thapa (1200 ft roll), European Manuscript, Hodgson Nos. 45-46, British Labrary London

१७) (क) Amatya, Shaphalya, Cultural Cross Fertilization : Lesson from History, The Rising Nepal, 10th Dec.1993 Friday

(ख) नेपाल, ज्ञानमणि, २०५०, नेपालको महाभारत, साझा प्रकाशन, काठमाडौं, पेज १३

१८) शर्मा, जनकलाल, २०२०, जोसमणि सन्त परम्परा र साहित्य, रायल नेपाल एकेडेमी, काठमाडौं पेज ६६ र २५०

१९) शर्मा, जनकलाल, नं.१८, पेज २५१-२८४

२०) अमात्य, साफल्य, नं.७, पेज १५४-१५५

२१) प्रधानाचार्य, श्रीरामनाथ आचार्य तथा प्रध्यापक, श्री दामोदर कोइराला, श्री ५ महाराजधिराज गीर्वाणयुद्ध वीर विक्रम शाहदेव - विरचित 'सत्कर्म रत्नावली' द्वितीय भाग, वाल्मीकि संस्कृत महाविद्यालय, काठमाडौं, २०२९ पेज ३

२२) पोखरेल, बालकृष्ण, प्राग्भानुभक्तकालीन नेपाली गद्य, Journal of the Tribhuvan University, Kathmandu 1964, Page 9-11

२३) वैद्य, जनकलाल, नं.४, पेज १६२-१७९

२४) वज्राचार्य, धनवज्र, नं.६ (क), पेज २५६-२५८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२५) Oldfield H. Ambrose, 1974, **Sketches of Nepal**, Vol. 1, Delhi, Page 108-109

(२६) अमात्य, साफल्य, नं.७, पेज १४८

२७) अमात्य, साफल्य, नं.७, पेज १४८-१४९

२८) अमात्य, साफल्य, नं.७, पेज १४९-१५२

२९) अमात्य, साफल्य, नं.७, पेज १४९

३०) अमात्य, साफल्य, २०५४, राजसत्ता र नेपाली संस्कृति, साझा प्रकाशन, पुल्चोक ललितपुर, पेज ८५-८७

३१) (क) झा, गोपाल, वनारसस्थित नेपाली मन्दिर तथा धर्मशाला संरक्षणका प्रसङ्गहरू, प्राचीन नेपाल सङ्ख्या १६८, असार २०६५, पेज ३५-४७

(ख) दाहाल, भेषनारायण, साम्राज्यश्वर महादेव मन्दिर तथा धर्मशाला जीर्णोद्धार तथा व्यवस्थापन एक रिर्पोट, प्राचीन नेपाल सङ्ख्या १५१, कार्त्तिक २०५९, पेज ३७-४७

(ग) श्रेष्ठ, शोभा, साम्राज्यश्वर महादेव मन्दिर तथा धर्मशालाको संरक्षण तथा सम्वर्द्धन : एक जानकारी, प्राचीन नेपाल, सङ्ख्या १४७, असार २०५८, पेज ४९-५४ सम्म

(घ) Regmi, Rishi Keshav, **Samrajyeswar Mahadev Temple: A Case of Archaeological Renovation Outside Nepal**, Ancient Nepal, No.101, August-September 1987, Page 1-7

३२) नेपाली, चित्तरञ्जन, २०१३, भीमसेन थापा र तत्कालीन नेपाल, नेपाल साहित्य परिषद्, पेज ९४-९८

३३) अमात्य,साफल्य, नं.७, पेज १५०-१५२

(३४) थापा, शमशेरबहादुर, २०२३, रणवीरसिंह थापा, जगदम्बा प्रकाशन, ललितपुर पेज १७५-१८३

३५) श्रेष्ठ, संहिता, २०४६, माथवरसिंह थापा, श्रीमती नीरकुमारी श्रेष्ठ, काठमाडौं परिशिष्ट ज, पेज ५८ र पेज ११६-११७

३६) अमात्य,साफल्य, नं.७, पेज १४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३७) (क) Gutschow Niels, 2011, **Architecture of the Newars,** Vol iii, The Modren Period, Serindia Publications, Chicago, Page 795

(ख) अमात्य, साफल्य, नं.७, पेज १४३

३८) पूर्ण विवरणको लागि हेर्नोस् : Das Gupta Rajendra, The Nepalese Torana From the Bharat Kala Bhawan, Reprinted from Bharati; Bulliten of the Collage of Indology, No. 9, Part II, 1965-1966 Page 17-19

३९) वज्राचार्य, मनवज्र, २०२७, नेपालको मध्यकालीन कला, श्री ५ को सरकार, सूचना तथा प्रसार मन्त्रालय, सूचना विभाग, काठमाडौं, पेज ६६-६८

४०) अमात्य, साफल्य, नं.७, पेज १५५

४१) आचार्य, बाबुराम, २०५५, अव यस्तो कहिले नहोस्, श्रीकृष्ण आचार्य, काठमाडौं, पेज ९१-१०८

४२) मानन्धर, त्रिरत्न, २०४८, नेपालको इतिहासमा जङ्गबहादुर, दि अति प्रकाशन, ठमेल, काठमाडौं, पेज ६३-९३

४३) Michalels, Axel (Edited by), 1995, **A Rama Temple in 19th Century Nepal : History and Architecture of the Ram Chandra Temple in Battisputali, Kathmandu,** Franz Steiner Verlage, Stuttgart, (Publications of the Nepal Rearch Centre, No. 20, Page 92)

४४) दीक्षित, कमल (सम्पादन र भूमिका), २०३०, जङ्गबहादुरको बेलायत यात्रा, साझा प्रकाशन, काठमाडौं

४५) अमात्य, साफल्य, नं.७, पेज १६२

४६) (क) टण्डन, गोविन्द, २०५३, पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन, श्री झरेन्द्र शमशेर जबरा तथा श्रीमती मञ्जु राणा, काठमाडौं, पेज ५९४-५९५

(ख) रेग्मी, जगदीशचन्द्र, २०३३, शाहकालीन कला र वास्तुकला, साझा प्रकाशन, काठमाडौ. पेज २२२-२२४

४७) Michalels, Axel, No.43, Page 40

४८) रेग्मी, जगदीशचन्द्र, ४६ (ख), पेज २२८-२३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नौ अध्याय

वागमती सभ्यताको विकासमा बौद्ध विहारहरूको भूमिका

इसापूर्व छैटौं शताब्दीतिर वा त्यसको केहीपछि वागमती उपत्यकाभित्र उत्तरी भारतका विभिन्न ठाउँहरूबाट विभिन्न कारणहरूले गर्दा पलायन भइआएका विभिन्न जातजाति, धर्म र समुदायका मानिसहरूले बौद्ध धर्मलाई पनि साथै लिएर आएका थिए। यस उपत्यकाभित्र मानववस्ती र सभ्यताको शुरुआत सँगसँगैं बौद्ध धर्म पनि सँगसँगैं हुर्की, बढी वागमती सभ्यतालाई एउटा बेग्लै पहिचान दिंदै आइरहेको पाइन्छ।

वर्माकाल अर्थात् इसाको प्रथम/द्वितीय शताब्दीतिर र त्यसभन्दा अघि यस उपत्यकाभित्र कुन धर्मको बोलवाला थियो भन्ने कुरा अझै खोजको विषय छ। तर लिच्छविकालमा भने बौद्ध र वैष्णव धर्मसँगसँगै हुर्किरहेका थिए भन्ने कुरा त्यस समयका विभिन्न अभिलेखहरूबाट सिद्ध भइसकेका छन्। इतिहासको शुरुदेखिनै यस उपत्यकाभित्र हुर्किंदै र बढ्दै गएको बौद्ध धर्ममा महायान बौद्ध धर्म थियो। एकातिर महायान बौद्ध धर्म भारतबाट विस्तारै विस्तारै लोप हुँदै गइरहेको थियो भने अर्कोतिर नेपालमा यसले आफ्नो जग बसाल्दै आइरहेको थियो।

कनिष्कको समय (इसाकोप्रथम शताब्दी) मा बौद्ध धर्म महायान र हिनयान भनी दुई भागमा विभाजित भयो। धेरै मानिसलाई मुक्ति दिनसक्ने, निर्वाण दिनसक्ने भनी महायान बौद्ध धर्मको निकै प्रचार-प्रसार भयो। निकै छोटो समयमा यो धर्मले भारतका धेरै ठाउँमा ख्यातिप्राप्त गऱ्यो र फैलियो। यही महायान बौद्ध धर्मलाई भारतका बौद्ध भिक्षुहरूले चीन र जापानसम्म पनि पुऱ्याए। तर श्रीलङ्का र वर्मामा भने हिनयानले जग बसाले।

इसाको सातौँ शताब्दीताका चिनियाँ तीर्थयात्रु ह्वेनसाङ्गले भारत भ्रमण गर्दा भारतबाट बौद्ध धर्म बिलाएर जान थालेको अनुभव गरेका थिए। किनभने यिनले धेरै ठाउँमा विहारहरू, बौद्ध तीर्थस्थलहरू, भत्के-विग्रेका अवस्थामा, उजाड अवस्थामा देखेका थिए। तैपनि दशौ शताब्दीमा मुस्लिमहरूको हमला हुँदासम्म पाल राजाहरूको छत्रछायामा नालन्दाको बौद्ध विहारको अवस्था भने राम्रै थियो। यही नालन्दाको विहारबाट आठौँ शताब्दीमा भिक्षु पद्मसम्भव बौद्ध धर्म फैलाउन नेपालको बाटो गरी तिब्बत गएका थिए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इतिहासको क्रममा भारतमा बौद्ध धर्मले धेरै मार भोग्नु परेको थियो। इसाको छैटौं शताब्दीमा हुण राजा मिहिरकुलले धेरै विहारहरू भत्काई, धेरै भिक्षुहरूलाई मारेका थिए। त्यस्तै सातौं शताब्दीमा बंगालका कट्टर शैव राजा शशाङ्कले गयाको बौद्ध धार्मिक केन्द्रलाई तहसनहस पारिदिएका थिए। तर यी कारणहरूले गर्दामात्र भारत भूमिबाट बौद्ध धर्म हराएको होइन। मुख्य कारणचाहिँ नवौं शताब्दीमा तामिल भूमिबाट सुधारिएको हिन्दू धर्मको प्रचार-प्रसार र प्रभाव उत्तरी भारततर्फ निकै बढ्न गएको थियो। त्यस समयका प्रथम शङ्कराचार्यले हिन्दू धर्मलाई भक्ति मार्गको माध्यमद्वारा निकै माथि उठाई जनमानसमा यो धर्मप्रति आस्था र विश्वास बढाइदिनुका साथै यो धर्मको प्रचार-प्रसार र सङ्गठनको लागि भारतभर ठाउँठाउँमा धर्म गुरुहरू पनि राखिदिए। यसरी चाँडै नै भारतभर यो धर्मको सजिलैसँग प्रभाव बढ्न थाल्यो। पछि गुप्तकालमा गएर बौद्ध मार्गीहरू विस्तारै विस्तारै हिन्दू धर्मतर्फ आकर्षित हुन थाले। कालान्तरमा तिनीहरूले बुद्धलाई पनि हिन्दू देवता, विष्णुका दश अवतारमध्ये एक हुन् भनी पुज्न थाले। यसरी भारतीय भूमिबाट बौद्ध धर्मले विस्तारै विस्तारै आफ्नो अस्तित्व गुमाउन थाल्यो। गुप्तकालमा गएर बौद्ध धर्म केही विहारहरूमा मात्र सीमित भएर रह्यो। दशौं शताब्दीताका मुस्लिम हमलावार वख्तियार खिलजी (सन् १०३७) को हमलाले गर्दा त्यहाँ रहेका विहारहरू नष्ट गरिए, पुस्तकालयहरू जलाइए र भिक्षुहरू मारिए। केही वचेखुचेकाहरू त्यहाँबाट भागी नेपालभित्र र अन्यत्र पसेका थिए। (१)

भारतबाट पलायन भइआएका बौद्ध धर्मावलम्बीहरू वागमती उपत्काभित्र कुन समयमा पसेका थिए भन्ने कुरा यकिनसाथ भन्न सकिँदैन। तर पनि बुद्धको जीवनको अन्तिम समयदेखि शुरु हुन थालेको धार्मिक झैझगडा, हमला, मारकाटबाट जोगिन शान्तिको खोजी गर्दै उपत्यकामा प्रवेश गरेको अनुमान गर्न सकिन्छ। इसापूर्व ४८६ मा गङ्गा नदीको उत्तरी तटमा बस्ने विज्जि गणतन्त्रमाथि अजातशत्रुको हमला, कौशल र काशीका राजा प्रशेनजीतका छोरा विरूधकले कपिलवस्तुमाथि हमला गरी शाक्यहरूलाई त्यहाँबाट भगाएको घटना आदि इत्यादि कारणहरूले गर्दा आ-आफ्नो जिउज्यान र वंशको रक्षा गर्न शान्तिको खोजी गर्दै यिनीहरू नेपालको तराईको जङ्गलै जङ्गलको बाटो गरी त्यतिवेला नै वागमती उपत्यकाभित्र पसिसकेका थिए। (२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसै क्रममा इसापूर्व पहिलो शताब्दीसम्म भारतबाट यी विभिन्न वंश, कुल र जाति; जस्तै शाक्य, विज्जि, लिच्छवि, कोली, शक, पार्थियन अर्थात् कुशानहरू नेपाल उपत्यकाभित्र पसिसकेका थिए। यिनीहरूमध्ये धेरैजसो बौद्ध धर्मावलम्बीहरू थिए। कुशानहरू भने बुद्ध र शैव दुवै धर्म मान्दथे। हाँडीगाउँको उत्खननले इसाको प्रथम र द्वितीय शताब्दीमा कुशानहरू नेपाल उपत्यकाभित्र निकै प्रभावशाली भइसकेका थिए भन्ने बुझिन्छ। कुशानहरूको उदय सँगसँगै उपत्यकाभित्र शैव र बौद्ध धर्मको पनि उदय हुन थाल्यो। इतिहास शिरोमणि बाबुराम आचार्यले यी कुशान अथवा कोशाणुहरूलाई नेपाल उपत्यकामा आई सर्वप्रथम स्वयम्भूको महाचैत्य र गुमविहारको निर्माण गरेका थिए भनी श्रेय दिनु भएको छ। उहाँको भनाइअनुसार इसाको पहिलो शताब्दीमा गुम विहार बनाइसकेपछि मात्र नेपाल उपत्यकाभित्र सभ्यताको सूत्रपात भयो। नेपाल उपत्यकाभित्र पाको इँटाको प्रयोगको शुरुआत पनि कुशानहरूले नै गरेका थिए। यिनीहरूले स्वयम्भू महाचैत्यको पहिलो स्वरूपको संरचना गरेपछि इसाको दोस्रो शताब्दीतिर बौद्धनाथको स्तूप पनि बनाए। बौद्ध धर्मावलम्बीहरू खासगरी महायानीहरू विहार बनाई गृहस्थ भई बस्ने हुनाले कुशानहरूले देवपाटन र त्यसको नजिकै पर्ने चावहिल (चाहवहिल) क्षेत्रमा विहारहरूको निर्माण गरी बस्ती बसालेको देखिन्छ। चाबहिलको धर्मदेव चैत्य महाविहार अथवा 'चारूवती थुप' जसलाई हिजोआज धन्दो चैत्य पनि भन्ने गरिन्छ, थतु चाहबहिल (समाधी मण्डप महाविहार) र कोथु चावही (गगन गन्ज महाविहार) हरूको निर्माण शायद त्यसैबेला भएको थियो। यी दुवै विहारहरूमा लिच्छविकालीन चैत्यहरू अझै विद्यमान छन्। चाबहिल (चाहवहिल) 'मञ्जुवहाल' नामले चिनिने धर्मदेव चैत्य महाविहारको स्तूप र स्तूप वरपर रहेका अभिलेखहरू तथा धेरैजसो मूर्तिहरू लिच्छविकालीन हुन्। (३)

यसै क्रममा वागमती र विष्णुमतीको दोभान टेकुनिरको समथर भूमिमा कोलीहरू बसोबास गरिरहेका थिए। एक जनश्रुतिअनुसार हालको लगनटोलको कीर्तिपुण्य महाविहारको स्थापना ती कोलीहरूले नै गरेका थिए। हाल त्यस विहारमा भएको लिच्छविकालीन चैत्यबाट पनि त्यस विहारको प्राचीनता स्पष्ट हुन्छ। दक्षिण कोलिग्राम बसाल्ने क्रममा बनेका शुरुका विहारमध्ये यो पनि एक हुनसक्छ। यसै भेगमा पर्ने मुसुमवहाल, मणिसङ्घ महाविहारको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षेत्रमा लिच्छविकालमा ठूलो बस्ती थियो भन्ने कुरा त्यहाँ वरपर रहेका आठवटा लिच्छविकालीन चैत्यहरूले बुझाउँछन्। मुसुमवहालको प्राचीनताबारे धेरै इतिहासकारहरूको एकै राय छ। हुन सक्छ, दक्षिण कोलिग्रामको जग अथवा शुरुआत यसै मुसुवहाल अथवा लगनबहालका ठाउँहरूबाट भएको थियो। पुरातात्त्विक उत्खननले मात्र यस प्रश्नको ठीक-ठीक प्रत्युत्तर दिनसक्छ। लगन, ब्रम्हटोल, ट्युमत, ट्नुगल (जैसीदेवल) भेगहरूमा देखा परिरहेका लिच्छविकालीन चैत्य तथा मूर्तिहरूले यस भेगको प्राचीनताको पुष्टि गर्दछन्। यसै सन्दर्भमा तुकंबहाल रत्नाकर विहारको प्राचीन चैत्य र त्यहाँ रहेको इसाको सातौं-आठौंका प्रस्तरका मूर्तिहरू ट्युमत बुद्धवारीका लिच्छविकालीन चैत्यहरूको अध्ययन-मनन गर्नु पर्ने देखिन्छ। (४)

नेपाल उपत्यकाभित्र शून्य शताब्दीदेखि इसाको तेस्रो शताब्दीसम्म शक र कुशानहरूको जगजगीको समयमा तिनीहरूको प्राचीन राजधानी हाँडीगाउँ भेगमा पनि बौद्ध विहारहरू र स्तूपहरू बनेका थिए। तर हाल हाँडीगाउँ भेगमा बौद्ध विहारहरू कुनै पनि नदेखिनुबाट सिद्ध हुन्छ कि कुनै समय यहाँ बौद्ध धर्मावलम्वीहरूमाथि कुठाराघात भएको थियो। हुन पनि नरेन्द्रदेवको राज्यकालपछि आठौं शताब्दीको अन्ततिर अथवा नवौं शताब्दीको शुरुमा पुनः एकपटक वैष्णव धर्मको जगजगी शुरु भयो। त्यहाँ रहेका बौद्ध विहारहरूलाई तहसनहस पारियो। (५) त्यसपछि अन्य बौद्ध धर्मावलम्वीहरूले राज्य विरूद्ध कुनै पनि क्रियाकलाप नगरी आ-आफ्ना थलाहरूमा सहिष्णुताको भावना राखी वैष्णव र शैवहरूसँग मिलीजुली बस्न थाले। जुन परम्परा नेपालमा अझै विद्यमान छ। (६)

आठौं शताब्दीको पूर्वार्द्धमा लिच्छविहरूको पुनःस्थापना भएपछि पनि कोलिग्राम र दक्षिण कोलिग्राम क्षेत्रहरूमा भने बौद्ध विहारहरूको स्थिति राम्रै रह्यो। शाक्य र कोलीहरूको बढी बस्ती भएका यी क्षेत्रहरूमा बौद्ध विहारको निर्माणको क्रम जारी रहेको थियो। कोलिग्रामका छेउछाउमा रहेका (जमलको जमवहाः) अथवा धर्मकीर्ति महाविहार, थवहिलको थामविहार अथवा विक्रमशिल महाविहार र टुँडिखेल महाँकालस्थान अगाडि रहेको प्राचीन विहारको अवशेष र ती विहारहरूमा रहेका लिच्छविकालीन चैत्य र अन्य कलाकृतिहरूले यस कुराको पुष्टि गर्दछन्। कोलिग्रामभित्र हालको वसन्तपुर इलाकामा पर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिकमु विहार अथवा तरुमूल महाविहार, असन त्यौडको ध्वाका बहाल अथवा हेनाकर महाविहार, नघलटोलको सिंहवहाल अथवा शान्तिघट चैत्य महाविहार, टेबहालको राजकीर्ति महाविहारको निर्माण भई मानव वसोवास रहेको पाइन्छ। ढोकाटोलको वण्डाहिटीमा पनि एउटा विहारको निर्माण भई वस्तीहरू वसेको कुरा त्यहाँ विद्यमान लिच्छविकालीन अभिलेख तथा कलाकृतिहरूवाट बुझिन्छ। (७)

यसरी लिच्छविकालमा वागमती उपत्यकाभित्र धेरै विहारहरू वनिसकेका थिए भन्ने कुरालाई अंशुवर्माको संवत् ३२ को हाँडीगाउँको अभिलेखले पनि पुष्टि गर्दछ। उक्त अभिलेखमा गुम विहार, श्रीमान विहार, श्रीराज विहार, खर्जुरिका विहार र मध्यम विहारहरूको नाम उल्लेख गरिएको छ। त्यसरी नै संवत् १०३ को पाटन यागबहालको नरेन्द्रदेवको अभिलेखमा पनि श्री शिवदेव विहार, श्री मानदेव विहार, खर्जुरिका विहार, मध्यम विहार, अभयरूचि विहार, वार्त कल्याण गुप्त विहार, चतुर्भालतसन विहार, श्रीराज विहार आदि विहारहरूको नाम उल्लेख गरिएको छ। संवत् १३६ को पाटन च्यासलटोलको जयदेवको अभिलेखमा उल्लेखित पुष्पवाटिका विहार, यम्पीवहीको अभिलेखमा उल्लेखित सुजात प्रभ विहार आदि पनि मल्लकालभन्दा पहिले नै बनिसकेका विहारहरू हुन्। तर माथि उल्लेखित विहारहरूमध्ये एक-दुईलाई छोडेर ती विहारहरू कहाँ-कहाँ छन् र कुन-कुन हुन् भनी पहिचान गर्नसम्म सकेका छैनन्। अंशुवर्माको संवत् ५३६ (वि.सं.६६९) को गोकर्णको बालुवा गाउँको अभिलेखमा उनले बनाएको राज विहारको उल्लेख भएबाट यो विहार यतै कतै थियो भन्ने बुझिन्छ। सातौं शताब्दीका प्रसिद्ध चिनियाँ यात्रु ह्वेनसाङ्गले पनि आफ्नो भ्रमण वृत्तान्तमा काठमाडौं उपत्यकाभित्र वैदिक र बौद्ध दुवै धर्मावलम्बीहरूका मठ-मन्दिरहरू थिए भनी उल्लेख गरेका छन्। (८)

लिच्छविकालपछि अन्तरिमकाल अर्थात् ठकुजुकालमा अझ धेरै विहारहरू निर्माण भएको देखिन्छ। किनभने यी ठकुजुहरूले यिनै विहारहरूलाई आ-आफ्ना प्रशासनको केन्द्र बनाई करिब दुई शताब्दीभन्दा बढी वागमती उपत्यकाभित्र रजाइँ गरेका थिए। ठकुजुहरूले काठमाडौंभित्र आठवटा मुख्य प्रशासनिक केन्द्र बनाई शासन गरेका ठाउँहरूमा (१) क्वावहा अर्थात् मैत्रीपुर महाविहार, ठँहिटी, (२) थवही अर्थात् विक्रमशिल महाविहार, ठमेल (३) ताना बहाल,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मखन (४) मुवहाल अर्थात् मुलश्री महाविहार वटुटोल (५) ओखाबहाल अर्थात् हालको कोहिटी बहाल, भीमसेन स्थान मुख्य थिए। यी महापात्र ठकुजुहरूको अलावा कान्तिपुरमा अन्य चार ठकुजुहरू पनि थिए। ती थिए 'दाथ विहार' अर्थात् असन भोटाहिटीको वर्तमान दो-बहाल अर्थात् दगु वहा, 'वंथ वहा' चाहिँ जोरगणेश, ओमबहालको ओकुबहाल हुनुपर्छ भनी अनुमान गरिएको छ। यी विहारहरूका साथसाथै ठकुजुहरूले इटुम्बहालको प्रसिद्ध भाष्करदेव संस्कारित केशवचन्द्र पारावत महाविहारलाई पनि आफ्नो प्रशासनिक क्षेत्र बनाएका थिए भन्ने बुझिन्छ।

राजा भाष्करदेवले पाटनको प्रसिद्ध हिरण्यवर्ण महाविहार र राजा शिवदेवले पाटनकै अर्को प्रसिद्ध रुद्रवर्ण महाविहार पनि यसै समयमा बनाएका थिए। राजा शिवदेवले बनाएका अन्य विहारहरूमा नन्दीशाला विहार, मणिपुर जैव विहार, श्री मणिधरजीव विहार र श्री मणिसिंह विहारहरू पनि थिए। यसै कालमा काठमाडौंमा झैँ पाटनमा पनि सप्तकुटुम्वज् महापात्र (ठकुजु) हरूले मुख्यतया तीन ठाउँमा बसी प्रशासन चलाएका थिए। ती थिए - उत्तर विहार, दक्षिण विहार र पिंथ विहार। (९)

इसाको नवौँ-दशौँ शताब्दीपछि बौद्ध वज्रयान सम्प्रदायको विकासले गर्दा बौद्धमार्गीहरूको सङ्ख्यामा विशेष वृद्धि हुन गयो। विहार वास्तुकलाको विकासक्रममा पाटन शहरले महत्त्वपूर्ण स्थान ओगटेको देखिन्छ। जयस्थिति मल्ल (सन् १२८०) को उदय हुनुपूर्व पाटनमा पुस्तौनी अधिकार पाएका महापात्रहरूको शासनकालमा ललितपुरलाई दक्षिण विहार, उत्तर विहार, पिंमविहार गरी तीन प्रशासनिक क्षेत्रको रूपमा वर्गीकरण गरेको देखिन्छ। त्यही आधारबाट पनि विहारहरूको बाहुल्यता रहेको स्पष्ट हुन्छ। यिनै पुस्तौनी अधिकार पाएका महापात्रहरूमध्ये यंकुली वर्माले विहार क्षेत्र (हालको पाटन दरबार क्षेत्र) लाई मणिगल दरबारको रूपमा विकसित गर्दै यस स्थानमा रहेको विहारलाई अन्यत्र सारेको भन्ने उल्लेख पाइन्छ। (१०) धेरैजसो प्रसिद्ध एवं ख्यातिप्राप्त विहारहरू लिच्छविकाल र अन्तरिम कालमा नै बनिसकेका भए तापनि केही विहारहरू मल्लकालमा पनि बनेका थिए। (११) जस्तै - कीर्तिपुरको चिलंचो विहारको निर्माण पाटन पिंवहालका महापात्र जगत्पालले गरेको हुनाले विहारको नाम नै जगत्पाल विहार रह्यो र उक्त विहार त्यही नाममा प्रसिद्ध भयो। जगत्पाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कान्तिपुरका प्रथम राजा रत्न मल्लका समकालीन थिए। त्यस्तै ने.सं.७६७ (वि.सं.१७०३) मा राजा सिद्धिनरसिंह मल्लको उपस्थितिमा दानपति रथस्यन वज्राचार्यको परिवारले जीवधर्म विहारको स्थापना गरेका थिए। (१२)

मल्लकाल र पछि गएर शाहकाल, राणाकालमा पनि लिच्छविकाल, अन्तरिमकाल र मल्लकालमा बनेका विहारहरूको मर्मत-संभार, जीर्णोद्धार, पुनः निर्माणजस्ता कामहरू हुँदै गरेका थिए। तर राणाकालमा एक शताब्दीभन्दा बढी यी विहारहरूले राज्यको तर्फबाट कुनै आश्रय पाएनन्। तापनि ती विहारहरूको पूजापाठ, मर्मत-संभार आदि गर्न धर्मभिरु जनताले प्रशस्त गुठीहरू राख्दै आएका थिए। तथापि कालान्तरमा गएर २००७ सालपछि समयको मार र परिवर्तन, जनसङ्ख्या वृद्धि, धार्मिक आस्था र विश्वासमा आएको कमी आदि कारणहरूले गर्दा काठमाडौं उपत्यकाका विहारहरू, त्यसमा पनि खासगरी काठमाडौंका विहारहरूमध्ये अधिकांश विहारहरूको मौलिकस्वरूप बिग्रनुका साथै त्यहाँ रहेका कलाकृति र विहारसँग सम्बन्धित क्रियाकलापहरूसमेत दिनानुदिन मासिन गए। यतिसम्म कि ती विहारहरूमा गुँला पर्वको वेला 'प्रज्ञापारमिता' पाठसम्म हुन छोडे। विहार वरपरमा तला थपी बाहिरबाट आएका मानिसहरूलाई बहालमा राखी आफूहरू अन्यत्र बस्न गए। फलस्वरूप यी विहारहरू प्रायः नष्ट भैँ भए। अहिले आएर काठमाडौं शहरभित्र एक दुई विहारलाई छोडेर प्रायः धेरैजसो विहारहरू नामकै मात्र विहार रहेका छन् भने पाटनका विहारहरूको हालत पनि मोटामोटी त्यस्तै देखिन्छ। सबैजसो विहारहरूको मौलिक वास्तुकला बिग्रिसकेको छ। पाटनमा हाल विदेशी सहयोग लिई धेरैजसो विहारहरूमा अमिल्दो वास्तुकलाका संरचनाहरू निर्माण गरी बेढङ्गी पारामा सिँगार्न थालेको देखिन्छ। लिच्छविकालदेखि मल्लकालसम्म नेपाली सभ्यता, संस्कृति, महायान बौद्ध धर्म र नेपाली कलालाई प्रतिनिधित्व गरिरहेका, संरक्षण गरिरहेका यी विहारहरू आज आएर निकै दयनीय अवस्थामा पुगिसकेका छन्। हुनत शाह, राणाकालमा करिब डेढ शताब्दीसम्म यी विहार र बौद्ध धर्मप्रति राज्यले न त कुनै ध्यान नै दियो, न त कुनै किसिमबाट प्रोत्साहित नै गऱ्यो। अझ राणा कालमा त यी विहारहरू अतिक्रमण र अत्याचारको मारमा पनि परे। भनिन्छ, धेरैजसो विहारहरूका धार्मिक हस्तलिखित ग्रन्थहरू राणा सरकारले जफत गरी जलाइदिए, नदीमा फ्याँकी दिए र नष्ट गरिदिए। तर यस समयमा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पश्चिमका केही पूर्वीय सभ्यतामा चाख राख्ने विद्वान्हरू जस्तै ओल्डफिल्ड, नोली, सिल्भान लेभी, डानियल राइट, कर्कपेट्रिक, हडसन आदिले राणाहरूलाई फकाई-फुलाई धेरै प्राचीन हस्तलिखित ग्रन्थहरू युरोपका विभिन्न पुस्तकालय र अभिलेखालयहरूमा पुऱ्याउन सफल भएका थिए। यस कार्यमा उपत्यकाका बौद्ध विद्वान्हरूले पनि यी विदेशी विद्वान्हरूलाई सहयोग गरेका थिए। जस्तै - बौद्ध ग्रन्थ गरूमण्डलका लेखक सिद्धिहर्ष वज्राचार्य, पण्डित कुलमान वज्राचार्य जसले सिल्भान लेभीलाई सहयोग गरेका थिए भने पण्डित गुणानन्दले डानियल राइटलाई सहयोग गरेका थिए। (१३)

नेवार वास्तुकला नामक प्रसिद्ध ग्रन्थका लेखक डा.निल्स गुस्चोको भनाइअनुसार उपत्यकाभित्र एक दुई विहारलाई छोडेर प्रायः सबैजसो विहारको मौलिक वास्तुकला बिग्रिसकेको छ। साथसाथै यी विहारहरूमा भएका अमूल्य सम्पदाहरू जस्तै मूर्तिहरू, हस्तलिखित ग्रन्थहरू र अन्य कलाकृतिहरू धेरैजसो ती विहारका गुठियारहरूले बेचिसके, मासिसके र बाँकी रहेका केही पनि चोरी भई हराइसके। कुनै समयमा नेपाली कला, संस्कृति र वागमती सभ्यताकै प्रतिनिधित्व गर्ने यी विहारहरूमध्ये केहीलाई छोडेर धेरै जसोचाहिँ आज नामले मात्रै प्रख्यात छन्। आजभन्दा पचास वर्ष अघिसम्म यी विहारहरू वागमती सभ्यताको गौरव बनिरहेका थिए। तर आज यी विहारहरू नामैले मात्र विहार रहेका छन्। कैयन विहारहरूमा दैनिक पूजा पाठको के कुरा, वर्षमा एक महिना गुँला पर्वमा गरिने 'प्रज्ञापारमिता' को पाठसम्म हुन छाडेको छ।(१४)

तैपनि उपत्यकाका यी विहारहरू अझै पनि सम्पदामा निकै धनी नै छन्। जस्तै - प्रत्यके पाँच-पाँच वर्षमा स्वयम्भू भुँइखेलमा गरिने सम्यक पूजामा तीन सहरका धातुका र काष्ठका दीपङ्कर बुद्धको मानवाकारका मूर्तिहरूमध्ये काठमाडौंका विहारहरूबाट ४९ वटा, पाटनका विहारहरूबाट ५४ वटा र भक्तपुरका विहारहरूबाट १८ वटा ल्याउने गरिन्छ। त्यसरी नै पाटन नागवहालमा प्रत्येक ४/४ वर्षमा गरिने सम्यक पर्वमा पाटनभरिका विहार हरूबाट सम्यक देवता (दीपङ्कर) हरूलाई आमन्त्रित गरी पूजाआजा गरिन्छ। उक्त सम्यकमा करिब १०१ सम्यक देवताहरूको पूजाआजा गर्ने गरिन्छ। (१५)

काठमाडौं उपत्काभित्र सबैभन्दा धेरै प्राचीन विहारहरू पाटनमा नै छन्। अनुसन्धानकर्ता जोन के. लकले यी विहार (बहाल र बही) हरूको सङ्ख्या १८५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहेको भनेर लगत दिएका छन्। उनको लगतअनुसार काठमाडौंमा विहारहरू जम्मा १०६ छन् भने भक्तपुर र वरपरका गाउँहरूमा समेत गरी जम्मा ४८ वटा छन्। (१६) माथि पनि भनिसकिएको छ, यी विहारहरू सबैजसो सांस्कृतिक सम्पदाले धनी छन्। प्रत्येक वर्ष उपत्यकाभर र बाहिर पनि विहारहरूमा गुँला अर्थात् श्रावण महिनामा ती विहारहरूसँग रहेका बौद्ध धर्मसँग सम्बन्धित सम्पदाहरू जस्तै मूर्ति, हस्तलिखित ग्रन्थहरू, पौभा-चित्रहरू आदि प्रदर्शित गर्ने गरिन्छ। यसमा खास गरी लोकेश्वरका मूर्तिहरू प्रदर्शित गर्ने गरिन्छ। अनुसन्धानकर्ता हेमराज शाक्यले दिएको लगतअनुसार पाटन शहरभित्र मात्र यस्ता लोकेश्वरका मूर्तिहरू दर्जनौंको सङ्ख्यामा छन्। यी मूर्तिहरू कुनै धातुका, कुनै सुनका र कुनै काठका छन्। यसरी प्रदर्शित गर्ने मूर्तिहरूमा उबहालमा दुईवटा, उवाहबहीमा पाँचवटा, ज्यावहावहीमा चारवटा, इवहाबहीमा पाँचवटा, न्हाकहबहीमा सातवटा, बुबहामा चारवटा, नकबहीमा छवटा, क्वावहामा छवटा, धौगाबहीमा तीनवटा, इखाछेंमा तीनवटा, कोन्तिबहीमा एकवटा, इबहीमा एकवटा, चिकबहीमा एकवटा, वंबहामा चारवटा, ज्योबहामा तीनवटा, सुबहामा पाँचवटा र गुइतबहीमा एकवटा छन्। (१७)

बुद्धत्व प्राप्त गर्ने बाटोमा लागेका वोधिसत्त्वमध्ये अवलोकितेश्वर, जसलाई पद्मपाणि पनि भनिन्छ, उनै मुख्य हुन्। वागमती उपत्यकाभित्र यिनै अवलोकितेश्वर पद्मपाणिको ठूलो महिमा छ र अन्य वोधिसत्त्वहरूको भन्दा यिनको मान्यता र मर्यादा सर्वोपरि नै छ। पाटनको रातो मच्छिन्द्रनाथ र काठमाडौंको सेतो मच्छिन्द्रनाथ यिनै अवलोकितेश्वर हुन्। उपत्यकाभित्र अवलोकितेश्वर पद्मपाणि अर्थात् लोकेश्वरका मूर्तिहरू प्राचीनकालदेखि नै बन्दै आएका छन्। अन्वेषक हेमराज शाक्यको भनाइअनुसार पाटन शहरका विभिन्न ठाउँहरूमा स्थापना गरिएका लोकेश्वरका प्रस्तर-मूर्तिहरूमध्ये लिच्छविकालको यंगुबहालको पद्मपाणि लोकेश्वर (राजा मानदेवको समयको), रनबहाको सातौं शताब्दीको पद्मपाणि, अन्तिम लिच्छविकालको गुइतबहीपूर्वको लडिरहेको चैत्यसँगैको पद्मपाणि, लिच्छविकालको भिन्छेवहा ननीको पद्मपाणि, अन्तिम लिच्छविकालको लगंबहाको पद्मपाणि, अन्तिम लिच्छविकालको वि.सं.३५६ को टङ्गबहाको जटाधारी लोकेश्वर, कलिगत वर्ष ३६७६ (वि.सं.५३२) को तःवहाःको आर्यावलोकितेश्वर, ख्वायवहीको चैत्यसँगैको पद्मपाणि, पुल्चोक वज्रयोगीनीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तल रहेको पद्मपाणि, आलकोहिटी माथिको पद्मपाणि आदि सबै लिच्छविकालीन मानिन्छन्। त्यस्तै त्वाय् वहाःका अवलोकितेश्वर बाह्रौं शताब्दीका हुन् भने लोकेश्वरका पाटनभर करिब ७५ वटाभन्दा बढी मल्लकालीन प्रस्तरका मूर्तिहरू यत्रतत्र छरिएर बसेका छन्। (१८)

बुंगद्यः अर्थात् अवलोकितेश्वर, लोकेश्वरले नेपाल उपत्यकाभित्र पन्ध्रौ शताब्दीमा 'गुण कारण्ड व्यूह' (Gunakarananda Vyuha) को रचना हुनुभन्दा धेरै शताब्दीअघिदेखि नै राजकीय सम्मान पाइसकेका थिए। यतिसम्मकि सत्रौं शताब्दीमा राजा श्रीनिवास मल्लले आफ्नो दरबारको केशवनारायण चोकभित्र पस्ने मूल ढोकाको ठीकमाथि दोस्रो तल्लामा एउटा सुनको झ्यालको बीच अवलोकितेश्वरको मूर्ति कुँदाई, जडान गरी सबै हिन्दू देवदेवीहरू यिनै भगवान अवलोकितेश्वरबाट नै उत्पत्ति भएका हुन् भनेर देखाएको पाइन्छ। (१९)

जुनसुकै विहारमा प्रमुख देवताको रूपमा शाक्यमुनि बुद्ध, भविष्य व्याकरण मुद्रामा बुद्ध, अक्षोभ्य बुद्ध या अवलोकितेश्वरलाई क्वापाद्यःको रूपमा स्थापना गरिएको हुन्छ र सोहीअनुसार पुज्ने गरिन्छ। त्यसको अलावा जुनसुकै विहारको प्राङ्गण र वरपर चैत्यहरू स्थापना गरिएका हुन्छन्। साथै यी विहारहरूमा महाकाल, गणेश, मन्जुश्री, हनुमान, सरस्वती, लोकेश्वर, वज्रसत्त्व आदि विभिन्न बौद्ध तथा हिन्दू देवदेवीहरूका मूर्तिहरू पनि स्थापना गरिएका हुन्छन्। नेपाल मण्डलभित्र सबैभन्दा ठूलो क्वापाद्यः अर्थात् अक्षोभ्य बुद्धको प्रस्तरको मूर्ति १२ फिटको र आसनसमेत गरी १५ फिट महाबुद्ध महाविहार महाबौद्ध काठमाडौंमा छ। (२०)

वागमती उपत्यकाभित्र रहेका चैत्यहरूको पनि आफ्नै इतिहास, विशेषता र महत्त्व छ। यस उपत्यकाभित्र अशोककालीन चैत्यहरू मौलिक रूपमा विद्यमान रहेका छन्। पाटनका चार कुना र मध्यभागमा अवस्थित थुर (स्तूपहरू) चारूमती विहार र स्वयम्भूको मौलिक रूप पनि अशोककालीन चैत्य (स्तूप) कै रूप हुन्। इसापूर्व प्रथम शताब्दी अघि नै भरहुत र साँचीमा स्तूपहरू बनिसकेका थिए। इसापूर्व प्रथम शताब्दीमा यी स्तूपहरूमा बुद्धका प्रतीक चिन्हहरू कुद्न थालियो। त्यसपछि मात्र बुद्धका मूर्तिहरू बन्न थाले। यसको प्रभाव त्यसै बखत वागमती उपत्यकाभित्र पनि पर्‍यो। विश्व प्रसिद्ध स्वयम्भू र बौद्ध स्तूपलाई छोडेर यस उपत्यकाभित्र लिच्छवि र मल्लकालमा अन्य धेरै स्तूप र चैत्यहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बने। तीमध्ये प्रसिद्ध र महत्त्वपूर्णचाहिँ शान्तिघट चैत्य (श्रीघः विहार, नघल), श्री कनक चैत्य (जनवहाल, केलटोल), श्री नमोःवुद्ध चैत्य (नामुरा चिवहाः), श्री मञ्जुश्री स्मृति चैत्य (मञ्जुश्री डाँडा, स्वयम्भू), श्री वसुबन्धु स्मृति चैत्य (स्वयम्भूको फेदमा) आदि नै हुन्। (२१)

स्वयम्भूको परिसरभित्र मात्रै ठूला-साना गरेर २७३ वटा चैत्यहरू छन्। त्यस्तै मतयाको बेलामा पाटनमा परिक्रमा गर्नुपर्ने चैत्यहरूको सङ्ख्या ठूला-साना गरेर ४ सय ६५ वटा छन्। (२२) यी चैत्यहरूका अलवा काठमाडौंमा पनि अरू सयौंको सङ्ख्यामा चैत्यहरू छन्। ती चैत्यहरूको वास्तुकला, ती चैत्यहरूमा कुँदिएका बुट्टाहरू, मूर्तिहरू विभिन्न कालमा बेग्लाबेग्लै ढङ्गका, फरक-फरक किसिमका, आफ्नै कलात्मक सीप र गुणहरूले भरिएका छन्। लिच्छविकालीन केही प्रतिनिधिमूलक एवम् राम्रा-राम्रा चैत्यहरूमा काठमाडौं, वटुटोल, तःधः वहाःको सातौं शताब्दीको चैत्य, ध्वाकावहाःको सातौं शताब्दीको चर्तुव्युह चैत्य, चावहिलको सातौं शताब्दीको चैत्य, पाटन सुवहालको आठौं शताब्दीको लिच्छविकालीन चैत्य, काठमाडौं मरूटोलको सत्रौं शताब्दीको चैत्य, पाटन चिकँबहीको शिखरकूट चैत्य (सन् १६५७), काठमाडौं लगनवहालको राम्यकूटागर (Ramyakutagara) शैलीको चैत्य (सन् १६८६), पाटन वुवहालको पद्मावली चैत्य (सन् १७२३), पाटन वुवहा/चिवहा चुकको कमलासनमाथि बसेको शिखरकूट चैत्य (सन् १७५२), स्वयम्भू डाँडामा अवस्थित पद्मासनमाथि बसेको भीमसतीकोण (Vimsathikona) आकारको चैत्य (सन् १८३१), काठमाडौं तेमाको (Temakava) को ज्वालावली चैत्य (सन् १८८२), स्वयम्भू डाँडाकै जलहरयुपरिसुमेरी चैत्य (सन् १८६५), पाटन सौगलको सुमेरु चैत्य (सन् १९१३) र स्वयम्भू डाँडा शान्तिपुरको बोधिचैत्य (सन् १९४०) हुन्। (२३) यी चैत्यहरू बौद्धकलालाई प्रतिनिधित्व गर्ने उदाहरणमात्र होइनन्, नेपालमा बौद्धकलाको विकास र उन्नतिको इतिहासका साक्षी पनि हुन्।

वागमती उपत्यकाका यी विहारहरूले वागमती सभ्यतालाई कला र संस्कृतिले मात्र धनाढ्य तुल्याएनन्, महायान बौद्ध धर्मलाई नै विश्वमा आजसम्म पनि एनकेन रूपमा प्रतिपादित गर्दै आइरहेका छन्। यी विहारहरूले पछि मल्लकालसम्म पनि विश्वभरका बौद्ध विद्वानहरू र भिक्षुहरूलाई बौद्ध धर्मसम्बन्धी विद्या र ज्ञान आर्जन गर्ने केन्द्रको रूपमा आकर्षित गर्ने गरेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिए। यसै सिलसिलामा शाह-राणाकालसम्म पनि बौद्ध विद्वानहरू नेपाल उपत्यकाभित्र आउँने क्रम जारी रहेको थियो। सन् १९०० मा राणा प्रधानमन्त्री चन्द्र शमशेरको समयमा जापानी भिक्षु इकावा कावागुचीको नेपाल भ्रमण र उनको यहाँको बसाइले पनि यस कुरालाई पुष्टि गर्दछ।

हाम्रा यी विहार मल्लकाल र अझपछि शाह-राणाकालसम्म पनि बौद्ध धर्म, दर्शन र संस्कृतिका केन्द्र थिए। तर राणाकालको शुरुदेखि नै बौद्ध धर्ममाथि कुठाराघात हुन थालेको हुनाले बौद्ध धर्मको उन्नति र विस्तार भने हुन सकेन। लिच्छविकाल, अन्तरिमकाल र मल्लकालमा नेपाल उपत्यकाभित्र धेरै बौद्ध विहारहरू देखापरे। तिनीहरूले यस उपत्यकाभित्र बौद्ध धर्मको उन्नतिको लागि धेरै योगदानहरू गरेका थिए। यिनीहरूमध्ये प्राचीनकालका बौद्ध आचार्यहरूमा गौडदेशबाट आएका शान्तिकराचार्यको नाम सर्वोपरि छ। किनभने वागमती उपत्यकाभित्रको मुख्य महायान धर्मको केन्द्र स्वयम्भू महाचैत्यको निर्माणमा यिनैको देन थियो। भनिन्छ - यिनैले स्वयम्भूको ज्योतिरूपलाई चैत्य बनाई ढाकी दिएका थिए। (२४)

पाँचौं शताब्दीमा चिनियाँ तीर्थयात्रु फाहियानले कपिलवस्तु र लुम्बिनीको भ्रमण गरेको लगत्तैपछि नेपालका बौद्ध विद्वान् बुद्धभद्र चीन पुगेका थिए। यिनले चीनमा वागमती सभ्यताको ठूलो प्रचार गरे। यिनले आफ्नो सम्पूर्ण जीवन चिनियाहरूलाई ज्ञान प्रदान गर्ने काममा व्यतीत गरे। यिनले चीनमा बौद्ध धर्मको ठूलो सम्वर्द्धन गर्नुका साथै Avatamsaka Sutra का ६० वटा पोकाहरू अनुवाद गरी हु-येन मतको प्रवर्द्धन गर्न मद्दत गरेका थिए। (२५)

सातौं शताब्दीमा रानी भृकुटीसँग तिब्बत गएका नेपाली बौद्ध विद्वान् शीलमन्जुले तिब्बतमा बौद्ध धर्मको प्रचार- प्रसार गर्न धेरै बौद्ध धर्मका ग्रन्थहरू संस्कृत भाषावाट तिब्बती भाषामा अनुवाद गरेका थिए। उनले अनुवाद गरेका ग्रन्थहरूमा रत्न मेघसूत्र निकै प्रख्यात छ। तिब्बतमा बौद्ध धर्म फैलाउनुमा शीलमन्जुको ठूलो भूमिका छ। तिब्बतमा उनलाई पद्मसम्भव र विमलमित्रकै समान दर्जा दिइएको छ। (२६)

नालन्दा विश्वविद्यालयका आचार्य शान्ति रक्षितले तिब्बतमा वौद्ध धर्म प्रचार गर्न पद्मसम्भवलाई पठाएका थिए। सन् ७४७ मा यिनी तिब्बत जानुभन्दा पहिले पाँच वर्ष नेपालमा बसेका थिए। यिनी वज्रयानका प्रचारक थिए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यिनको प्रधान अड्डा पाटन इलाका भएको कुराबाट आरम्भमा वज्रयानको केन्द्र पाटनमा भएको अनुमान गर्न सकिन्छ। पद्मसम्भवको वज्रयान बौद्ध धर्मको प्रचारले तिब्बतमा निकै जग गाड्यो। तिब्बतीहरू उनलाई गुरु रिम्पोचे भनेर शाक्यमुनिलाई झैं मान्नथाले। तर वास्तवमा आठौं शताब्दीताका भारतबाट आएका नागार्जुन नेपालमा वज्रयान प्रचार गर्न सफल भए। नागार्जुनपछि भारतका प्रकाण्ड विद्धान वसुबन्धु नेपाल आएका थिए। यिनको समयमा नेपालमा बौद्ध धर्मको ठूलो उन्नति भयो। यिनको समयमा नेपाल उपत्यका नै एउटा धार्मिक विद्यापीठ भएको थियो। यसै समयदेखि नेपाल मण्डलमा प्रज्ञापारमिताको पाठ-पूजा गर्ने चलन पनि चल्यो। यिनको मृत्यु नेपालमै भएको थियो। नेपाल संवत्‌को आरम्भ हुनुभन्दाअघि नै वज्रयानको नेपालमा प्रवेश भएको भए तापनि यसको अधिक प्रचार र प्रभाव दशौं शताब्दीमामात्र भएको बुझिन्छ। (२७)

तिब्बतमा यमान्तक अभ्यासको शुरुआतकर्ता नुच्छेन साङ्गे येसे सन् ८८५ मा ५४ वर्षको उमेरमा नेपाल आई आचार्य वसुधरबाट मञ्जुश्री यमान्तकको अभिषेक र उपदेशहरू लिएका थिए। महायोग अन्तर्गतको यमन्तक परम्परा र अनुयोगतन्त्र समुच्यय सूत्र परम्परा तिब्वतमा फैलाउनमा वसुधरको ठूलो भूमिका छ। उनले यमन्तक विषयमा लेखेका ग्रन्थहरू (तिब्बती भाषामा अनुवाद गरिएका) अहिले पनि नेपाल राष्ट्रिय अभिलेखालयमा सुरक्षित छन्। (२८)

दशौं शताब्दीमा (इस्वी १०४१) अतीशा दीपङ्कर श्रीज्ञान तिब्बत जान भनी नेपाल आएका थिए। नेपालमा बस्दा उनले बंगालका पाल राजा नयपाललाई समर्पण गरी एउटा लामो धार्मिक लेख 'विमल-रत्न-लेख' लेखेका थिए। साथै उनले नेपाली कानो चेलाको लागि 'चरिया-समग्र-प्रदीप' नामक ग्रन्थ लेखेका थिए। उनले ठमेलस्थित विक्रमशिल महाविहारको निर्माण गुर्नकासाथै त्यस विहारमा हालसम्म सुरक्षित रहेको र त्यस विहारको गौरवस्वरूप रहेको नेवाः रञ्जना लिपिमा संस्कृत भाषामा सुनौला अक्षरले लेखेको 'प्रज्ञापारमिता' उनको वागमती सभ्यताको लागि नै अमूल्य देन मान्न सकिन्छ। वागमती उपत्यकाभित्र दीपङ्करको ठूलो प्रभाव परेको छ। हरेक वर्ष गुलाँ (श्रावण) महिनामा उपत्यकाका सबै विहारहरूमा दीपङ्करको मूर्ति प्रदर्शित गर्ने गरिन्छ। (२९) नेपाल संवत् ७६९ (सन् १६४८) मा कान्तिपुरका प्रख्यात राजा प्रताप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मल्लले आफ्नी रानीसहित उक्त विहारमा आई उक्त महानग्रन्थको अवलोकन गरेका थिए।

दीपङ्कर श्रीज्ञानकै समकालीन नेपाली बौद्ध विद्वान् शान्तिभद्रले पनि तिब्बतमा गई बौद्ध धर्मको निकै प्रचार-प्रसार गरेका थिए। यिनका अलावा अनन्तश्री, सङ्घश्री (सन् १२०४), लक्ष्मीश्री (सन् १२५१-१२८०) आदि बौद्ध विद्वान्हरूले पनि तिब्बतमा बौद्ध धर्म फैलाउने र विकास गर्ने क्रममा धेरै योगदान गरेका थिए। तिब्बतका धेरै धर्म गुरुहरू नेपाल उपत्यकामा दीक्षित भएका थिए। प्रसिद्ध योगी मिलारेपाका गुरु मार्पा ल्होडाक्पा (सन् १०१२-१०९६) कमसेकम ६ पटक उपत्यकामा आएका थिए। उनी पहिलो पटक यहाँ आउँदा स्वयम्भू क्षेत्र र रिन्छेन छुल नामक विहारमा बसेका थिए। यिनलाई भारतीय महासिद्ध नरोपाका दुई नेपाली शिष्यहरू च्यिथेरपा र पैण्डिपाले धर्मोपदेश दिएका थिए। तिब्बतको काग्यु परम्पराका संस्थापक मार्पाको अनुवाद कार्य र तिब्बतमा बौद्ध धर्मको प्रचार-प्रसारमा नेपाली बौद्ध आचार्यहरूको महत्त्वपूर्ण योगदान रहेको छ। तिब्बतमा शक्या परम्पराका संस्थापकमध्ये एक डोग्मी लोचावा (सन् ९९३-१०७४) ले काठमाडौं आएर शान्तिभद्रसँग संस्कृति र वज्रयान ग्रन्थहरू अध्ययन गरेका थिए। यी शान्तिभद्रले अतीशाका सहयोगी ङाग्छो छुल्ठिम ग्याल्वा र आसु नामक भारतीय कुलका आचार्यहरूलाई पनि वज्रयान पढाएका थिए।

तिब्बतका अर्का प्रसिद्ध अनुवादक मार्पा डोपा छोक्यी वाङछुगलाई नेपाली आचार्य कनकश्रीले नारोपाका षडयोग सिकाएका थिए। कनकश्रीका चेला पाटनका उपासक महाकरुणाले प्रसिद्ध तिब्बती अनुवादक माल्योलोडो डाग्या, रालोचवा दोर्जे डाग (वज्रकीर्ति) र लोचवा तानाग खुग्या ल्हे चेलाई विभिन्न तन्त्रहरू पढाएका थिए। (३०)

इसाको बाह्रौं शताब्दीपछि मगध र विहारमा बौद्ध धर्मको पतन भएपछि त्यसउप्रान्त धेरै शताब्दीसम्म काठमाडौं उपत्यकाका विहारहरूले बौद्ध धर्मलाई संरक्षण प्रदान गरेका थिए। भारतमा नालन्दा, विक्रमशिलजस्ता विश्व विद्यालयहरूको जगजगी भएको बखत पनि यो उपत्यका बौद्ध विद्वानहरूको केन्द्र थियो। धेरै बौद्ध विद्वान्हरू भारतबाट तिब्बत जान-आउन यही उपत्यकाको बाटोलाई प्रयोग गर्दथे। त्यस बखत नेपालले भारतबाट विस्थापित भएका बौद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्वान्हरूलाई शरण मात्र दिएनन्, तिब्बतबाट संस्कृत सिक्न चाहने विद्वान्हरूको लागि एउटा थलो पनि प्रदान गऱ्यो। वास्तवमा यो उपत्यका त्यतिबेला केही समयको लागि बास बस्ने र विकल्पको रूपमा मात्र नभई एघारौं शताब्दी उप्रान्त बौद्ध शिक्षाको केन्दै नै बन्यो। त्यस समय बौद्ध शिक्षा हासिल गर्न काश्मीरबाट नै धेरै बौद्ध विद्वान्हरू आउने गर्दथे। (३१)

चौधौं शताब्दी (इस्वी १३७६-१६६४) मा भारतबाट आएका पण्डित वानरत्न, पन्ध्रौं शताब्दीमा आएका पण्डित शिलसागर, सुनयश्री मिश्र आदिले नेपालका विभिन्न विहारहरूमा बसी बौद्ध ग्रन्थहरूको अध्ययन गरी तिब्बतमा गई बौद्ध धर्मको उन्नति र विकासमा ठूलो योगदान पुऱ्याएका थिए। यी बौद्ध विद्वान्हरूले महायानी बौद्ध धर्मका सयौं ग्रन्थहरू तिब्बती भाषामा अनुवाद गरेका थिए। (३२)

भारतीय बौद्ध विद्वान्हरू नेपाल उपत्यकाभित्र आउने शुरुआत बौद्ध विद्वान् र दार्शनिक शान्तिकाचार्यले गरेका थिए। यसै सिलसिलामा नागार्जुन, आचार्य वसुबन्धु, सुनयश्री मिश्र, शान्ति रक्षित, पद्मसम्भव, अतीशा दीपङ्कर र पण्डित वनरत्न नेपाल उपत्यकाभित्र आइ यहाँ बौद्ध विहारहरूमा बसी विद्या आर्जन गरेका थिए। पण्डित वनरत्नले नेपालका पण्डित शिलसागरसँग बसी बौद्ध ग्रन्थहरूको अध्ययन गरेका थिए। यिनको मृत्यु इस्वी संवत् १४४६ मा नेपालमै भयो।

तेह्रौं शताब्दी इस्वी १२२८ मा तिब्बतका बौद्ध विद्वान् भिक्षु धर्मस्वामी पनि वागमती उपत्यकामा आएका थिए। यिनले नेपाली बौद्ध विद्वान् एवं गुरु रत्नरक्षितसँग दीक्षा लिएका थिए।

नेपाल उपत्यकामा महायान बौद्ध धर्मको जग बसाल्ने आचार्य शान्तिकराचार्यले शुरु गरेको परम्परा र महायान बौद्ध धर्मसम्बन्धी अध्ययन-अनुसन्धान, कृतिहरूको अनुवाद र रचना गर्ने काम वागमती उपत्यकाभित्र हुँदै आए। प्राचीन कालमा साँखुमा वज्रयोगिनी, जसलाई उग्रतारा खड्गयोगिनी पनि भनिन्छ, ती देवीलाई स्थापना गर्ने नेपाली आचार्य वाचासिद्धि हुन्। भारतबाट नेपाल मण्डलभित्र आई ज्ञान प्राप्त गरी स्वयम्भूमुनिको सानो डाँडामाथि श्रीआकाशयोगिनी विजयश्वरीको स्थापना गर्ने पण्डित वज्रपाद हुन्। प्रसिद्ध बौद्ध विद्वान् ओदियानाचार्यले फर्पिङ वज्रयोगिनी (जसलाई आकाशजोगिनी पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनिन्छ) को स्थापना गरेका थिए। वाकवज्र (इस्वी ५५०) ले काठमाडौंमा शान्तिघट चैत्य (श्रीघः विहार) को स्थापना गरे। यिनले श्रीचक्र सम्वर तत्वभङ्ग सङ्ग्रह, वज्रवाराही सङ्क्षिप्त स्त्रोत्र आदि ग्रन्थहरूको रचना गर्नुका साथै रक्तवर्ण, नमामि नमामि, जिन धर्मधातुजस्ता चर्या गीतहरू रचना गरेका थिए। नेपाः उपत्यकाभित्र आसामको कामारुकामक्षबाट श्री करुणामय लोकेश्वर वुंगद्यः अर्थात् रातो मच्छिन्द्रनाथ लिएर आउने आचार्य बन्धुदत्त (इस्वी ५०५), लीलावज्र (इस्वी ७४१), जसले काष्ठमण्डपको स्थापना गर्ने काममा सहयोग गर्नुकासाथै 'यमान्तकोदय' र 'शान्तिक्रोध विक्रीडित' जस्ता ग्रन्थहरू लेखी हाडा भरण, श्री हेवज्र नैरात्मा, वज्रमय भूमि, ज्वलित वज्रानल आदि चर्या गीतहरू रचेका थिए। (३३) यस्तै महायान वज्राचार्यहरूमा ओमकार वज्र पनि थिए। उनले ताहचलको खुसिबही (नदीसङ्गम महाविहार) नजिकै आजु अजिमाका मन्दिरहरू स्थापना गरेका थिए। उनले अष्टचत्वारी र उदयागिरी भन्ने दुईवटा चर्या गीतहरू रचेका थिए। श्वाश्वत वज्र जसले टुँडिखेलको वज्रवीर महाँकाल, जनवहा केलटोलको सेतो मच्छिन्द्रनाथ अथवा जनवाहद्यः, लुमढि अजिमा (भद्रकाली) स्थापना गरी धेरै चर्या गीतहरू रचेका थिए। यिनले रचेका चर्या गीतहरूमा श्री चक्र सम्भर सेक क्रियाक्रम, तारा साधन, एकजटा साधन आदि मुख्य हुन्। (३४)

नेपाल मण्डलभित्र मध्यकालमा पनि धेरै बौद्ध विद्वान्, तान्त्रिक तथा व्यक्तित्वहरू जन्मे। तीमध्ये वागीश्वर कीर्ति, समन्तश्री, पुण्यकर भद्र, कुलापाद वज्राचार्य, सुरत वज्र वज्राचार्य, जीवचन्द्र वज्राचार्य, मञ्जुवज्र वज्राचार्य, वंदकृतदेव आदि मुख्य हुन्। वागीश्वर कीर्तिले आफ्ना तिब्बती चेलाहरूलाई हे वज्रतन्त्रको दीक्षा दिनुका साथै गुह्य समाजतन्त्र, कालचक्र तन्त्र र अभिधनोत्तरबारे पनि बोध गराएका थिए। समन्तश्री (समन्तभद्र) ले नेपाल उपत्यकामा कालचक्रतन्त्रको ठूलो प्रचार गरे। पुण्यकर भद्रले नेपालमा वज्रवाराहीको बारेमा प्रचार गरे। त्यस्तै पाटन क्वाहावहालको कुलपाद वज्राचार्यले हिरण्यवर्ण महाविहार स्थापना गर्न ठूलो योगदान पुऱ्याएका थिए भने असन तक्षबहालका सुरतवज्र वज्राचार्यले जयवाञ्छलि, एं महिमण्डल, हुँकार सम्भवजस्ता चर्या गीतहरू रचेका थिए। अर्का बौद्ध विद्वान् जीवचन्द्र वज्राचार्यले नेपाल संवत् ६११ (वि.सं.१५४७) मा भक्तपुरका राजा राय मल्लको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समयमा कुमारी स्थापना गरी उपत्यकाभित्र कुमारीलाई पूजाआजा गर्ने परम्परा बसालेका थिए । हुनत कुमारीको परम्परा वागमती उपत्यकाभित्र मल्लकालभन्दा अगाडिदेखि नै थियो भन्ने देखिन्छ ।

वागमती उपत्यकाभित्र जन्मेका अनेकन् बौद्ध व्यक्तित्व एवं विद्वान्हरूले यस उपत्यकाभित्र महायानी (वज्रयान र तन्त्रयान) धर्मको उत्थान गर्न धेरै नै योगदानहरू गरेका थिए । तिनीहरूमध्ये ललितवज्र, विलासवज्र, कुलदत्ताचार्य, अमोघवज्र, परमादिवज्र, हुंकारवज्र, पवनपति, पवनकुलिश, कुलिशाचार्य आदि मुख्य थिए । पवनकुलिश, कुलिशाचार्य आदि काठमाडौं ओमबहाल टोलका हुन् र यिनीहरू ब्राह्मणबाट बौद्ध धर्ममा प्रवेश गरेका हुन् । विलासवज्रका धेरै कृतिहरू पनि छन् । ती मध्ये (१) महातिलक क्रमना, (२) श्री गुह्य समाजतन्त्र निदान गुरुउपदेश व्याख्यान, (३) आर्य नाम सङ्गीति टीका नाम मन्त्रार्था वलोकिनि नाम, (४) श्री यमान्तक वज्र भेदनाम मूलमन्त्रार्थ, (५) सामान्य समह, (६) शील सम्वर समयाभिरोधनाम, (७) सङ्क्षिप्त वज्रवाराही साधनम् आदि मुख्य हुन् । (३५)

यसरी महायान बौद्ध धर्मलाई प्रंतिपादित गरिरहेका उपत्यकाका बौद्ध विहारहरूले शाह–राणाकालमा राज्यको तर्फबाट कुनै प्रोत्साहन पाएनन् । बरु ती विहारहरूमाथि शङ्का र हेयको दृष्टिले हेर्न थालियो । तर यस्तो अवस्थामा पनि केही बौद्ध विद्वान्हरूले आफ्नै किसिमसँग बौद्ध धर्मको प्रचार-प्रसार, उन्नति र विकासमा योगदानहरू पुऱ्याउँदै आएका थिए । यी बौद्ध विद्वान्हरूमा ब्रिटिश रेजिडेन्ट हडसनलाई बौद्ध धर्मबारे ज्ञान दिई बौद्ध धर्मसम्बन्धी हस्तलिखित ग्रन्थहरू सङ्ग्रह गर्ने, प्रेरणा दिने पण्डित अमृतानन्द वन्ध (ने.सं.९१०-९९८) थिए । पण्डित अमृतानन्दले बौद्ध जातक कथामा आधारित 'महासत्त्व पाख्यान' नाटक लेख्नुका साथै अभिधर्म कोष सङ्ग्रह भन्ने ग्रन्थ पनि लेखेका थिए । यस ग्रन्थमा उनले उपत्यकाभित्रका चैत्यहरूको वर्णन गरेका छन् । साथै उनले १४ दाफा भजन गीतहरू पनि लेखेका छन् ।

वागमती उपत्यकाका यी विहार महायान बौद्ध धर्मका केन्द्र त छँदै थिए, यी विहारहरू सांस्कृतिक सम्पदाहरूले पनि निकै धनी थिए भन्ने कुरा माथि वर्णन गरिसकिएको छ । यी बौद्ध विहारहरूले बौद्धकला, नेपाली हस्तकला उद्योगमा पनि निकै धेरै योगदानहरू गरी वागमती उपत्यकाको कला जगत्को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाम विश्वभर फैलाउने काम गरेका थिए। लिच्छविकालदेखि आजसम्म उपत्यकाको धातुकला प्रसिद्ध छ। पाटनको उकुबहाल र नागवहाल त्यसका लागि आज पनि प्रसिद्ध छ। उकुवहालका घर-घरमा धातुका कलाकृतिहरू बन्छन्। प्रस्तरकलाको लागि भिन्छेबहाल प्रसिद्ध छ भने काष्ठकलाको लागि जोमबहाल, बुङ्मती र भक्तपुर पनि त्यतिकै प्रसिद्ध छन्।

महायानी बौद्ध ग्रन्थहरूमा सबभन्दा पुरानो ललित विस्तर हो, जुन ग्रन्थमा बुद्धको जीवनीलाई रोचक ढङ्गबाट प्रस्तुत गरिएको छ। त्यसपछिका महत्त्वपूर्ण ग्रन्थहरूमा 'सधर्मपुण्डरिका', 'सुखावति व्यूह', 'कारण्ड व्यूह', अष्ट सहस्रिका प्रज्ञापारमिताजस्ता ग्रन्थहरू आउँदछन्। सबैजसो विहारहरूमा धार्मिक ग्रन्थका सङ्ग्रहहरू हुन्थे। (३६) केही ग्रन्थहरू भने त्यही विहारका बौद्ध पण्डितहरूले लेखेका हुन्थे भने केहीचाहिँ संस्कृत वा अन्य भाषाबाट अनुवाद गरिएका वा सारिएका हुन्थे। प्रायजसो हस्तलिखित ग्रन्थहरूको पुष्पिकामा त्यो ग्रन्थ कसले कुन विहारमा लेखेका थिए भन्ने कुरा उल्लेख गरिएको पाइन्छ। जस्तै ने.सं.१३७ (वि.सं.१०६३) मा ताडपत्रमा लेखिएको प्रज्ञापारमिता ग्रन्थहरूमा मानदेव संस्कारित चक्रमहाविहार भनेर उल्लेख गरिएको छ। अर्को ग्रन्थ ने.सं.१३५ (वि.सं.१०७१) को ताडपत्रमा लेखिएको अष्टसहस्रिका प्रज्ञापारमितामा श्रील्हं विहार भनी उल्लेख गरिएको छ। राजा अरि मल्लको समयमा लेखिएको ताडपत्रको साधना समुच्यय ग्रन्थमा आनन्दजीवभद्र र श्री नकविहार भन्ने नाम उल्लेख छ। ने.सं.७८३ (सन् १६६३) मा राजा प्रताप मल्लको समयमा पूर्णचन्द्र भन्ने व्यक्तिले लेखेको सङ्गीता त्रयोदय चुडामणि नामक ग्रन्थमा धर्मकीर्ति विहारको नाम उल्लेख छ। ने.सं.२८५ (सन् ११६५) मा ताडपत्रमा लेखिएको अष्टसहस्रिका प्रज्ञापारमितामा धर्मचक्र महाविहारका शाक्य भिक्षु मञ्जुश्रीको नाम उल्लेख गरिएको छ। ने.सं.५४९ (सन् १४२०) ताडपत्रमा लेखिएको महापण्डित अभयकर गुप्तको कृति वज्रवलीलाई उत्तर विहार श्री हर्णवर्ण (हिरण्यवर्ण) महाविहारका जीवयीभद्रले लेखेको (सारेको) भनी उल्लेख गरिएको छ। ने.सं.८३९ (सन् १७१९) मा कागजमा लेखिएको धारणी सङ्ग्रहमा लेखक काष्ठमण्डप तरूमुल महाविहार कुलश्री वज्राचार्य भनी उल्लेख गरिएको छ। त्यसरी नै ने.सं.९३९ (सन् १८७५) को साधनमाला तन्त्रमा क्वाथ बहालका श्री वज्राचार्य अमृतानन्दको नाम उल्लेख गरिएको छ। यसरी विद्वान् वज्राचार्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरुहरू र उपत्यकाका विभिन्न विहारहरूका नाम उल्लेख गरिएका सयौं ग्रन्थहरू युरोप, जापान, अमेरिका आदि देशका सङ्ग्रहालयहरूमा सुरक्षित छन् । (३७)

नेपाल राष्ट्रिय अभिलेखालयमा मौलिक महायान बौद्ध धर्मसँग सम्बन्धित हस्तलिखित ग्रन्थहरू (माइक्रो फिल्म) समेत गरी २ सय १५ थान छन् । मल्लकालको अन्त, शाहकालको शुरुसम्म उपत्यकाका यी विहारहरूले नेपाली वास्तुकला, मूर्तिकला, चित्रकला, बौद्ध धर्म र दर्शन, तान्त्रिक विद्या र पद्धति, नेवा भाषा र साहित्य, हस्तकला र सीप आदि सभ्यताका सम्पूर्ण गुण एवं मूल तत्वहरूकै विकास गरी उन्नतिको शिखरमा पुऱ्याएका थिए । यी विहारहरूका बौद्ध गुरुहरू र कलाकारहरूले महायान बौद्ध धर्मको ठूलो प्रचार-प्रसार गरी यो धर्मलाई तिब्बत र चीनसम्म पुऱ्याउन मात्र सफल भएनन्, आजसम्म विश्वमा जोगाइ राख्नसमेत सफल भएका छन् ।

सन्दर्भ सामग्री

(१) Basham, A.L., 1993, **The Wonder that was India,** Rupa & Co., Twentieth Impression, New Delhi, Page 268–269

(२) Mukherji, P.L., 1969, **Antiqities of Kapilvastu : Tarai of Nepal**, Indological Book House, Delhi Page 12–13

(३) (क) John Lock, K., 1985, **Buddhist Monastries of Nepal,** Sahayogi Press, Kathmandu, Page 394-401

(ख) अमात्य, साफल्य, २०५३, काठमाडौं नगरायण, राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं पेज ४२-४३

(४) John Lock, K., नं.३(क), पेज ३१६, ३३०, ३४७ र ३४९

(५) Tiwari, Sudarshan Raj, 2002, **The Brick & Bull : An Accoutn of Handigaun, The Ancient Capital of Nepal,** Himal Books, Lalitpur, Page 107 (यस कुरालाई सुदर्शनराज तिवारीले यसरी व्यक्त गर्नु भएको छ – लिच्छविकालमा हिन्दू र बौद्धहरूबीच एकपटक ठूलो धर्मयुद्ध भएको कारणले गर्दा नै विशालनगरमा ठूलो आगलागी भयो । त्यसपछि देउपाटन र गोकर्ण क्षेत्रभित्रका सबै विहारहरूलाई ललितपुरमा सारियो ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६) Giovanni, Verardi, 1999, **Excavations at Harigaoan : Kathmandu**, Vol I, Ismeo, Roma, Page 12-29
(७) अमात्य, साफल्य, नं. ३ (ख), पेज ४४
(८) (क) वज्राचार्य, धनवज्र, २०३०, लिच्छविकालीन अभिलेख, नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं, पेज ३२०-३३५
(ख) राजवंशी, श्यामसुन्दर, २०५२, लिच्छविकालीन संवत्का निश्चय, श्री गिरीन्द्रमान राजवंशी, श्री चन्द्रकिरण राजवंशी, क्वावहाल, काठमाडौं, पेज १२३-१२९
(ग) अमात्य, साफल्य, नं.३ (ख), पेज ३१-३२
(९) यी सप्तज कुटुवज् र कान्तिपुरका ठकुजुहरूको विषय विस्तृतमा माथिको अध्याय 'राघवदेवदेखि अरि मल्ल ....' प्रस्तुत गरिसकिएको छ ।
(१०) वुङ्मतीस्थित प्रथमपुर महाविहारको अभिलेखीय विवरण, २०६३, इन्फ्रास्ट्रक्चर इन्जिनियरिङ रिसोर्स कन्सल्ट प्रा.लि., काठमाडौं ।
(११) शिलापत्र र वंशावलीहरूमा उल्लेख भएका तर हाल ती विहारहरूको कुनै अवशेषसम्म थाहा पाइएको छैन । तिनको नामावलीको सूची जोन के.लकले आफ्नो पुस्तकको (John Lock K., No.3 (क) अनुसूची Appendix III मा दिइएको छ ।
(१२) वज्राचार्य, धनवज्र, २०५६, मध्यकालका अभिलेख, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौं पेज ४७३-४७९ र ४९१-४९३
(१३) (क) शाक्य, माणिकरत्न, वज्राचार्य, धर्मसुन्दर, 'नेपाल मण्डल या वुद्ध धर्मया उत्थान व संरक्षणय् बौद्ध व्यक्तित्व पिनिगु योगदान', पलेस्वाँः प्यगवगु अन्तर्राष्ट्रिय नेपाल मण्डलया बौद्ध संस्कृति सम्मेलनया लसताय् विशेषाक, वर्ष १६ अङ्क २३, लोटस रिर्सच सेन्टर, ललिपुर काठमाडौं, वि.सं.२०६२, पेज ३४-४०
(ख) रत्नकाजी, विजयरत्न, वि.सं.२०३९, नेपाः देः विहार या ताचाः, मत्रसिद्धि महाविहार (सवल वहाल) ये, काठमाडौं पेज १०-१२
(१४) मिति २०७२/१३/०६ मा डा.निल्स गुस्चोसँग टेलिफोनमा कुरा भए अनुसार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५) शाक्य, हेमराज, २०३२, इल्हन्हे सम्यकः सङ्क्षिप्त इतिहास, सङ्घरत्न शाक्य, भ्रुतापोल यल पाटन,

(१६) John Lock, K., नं.३(क), पेज २१-२८

(१७) शाक्य, हेमराज, वि.सं.२०१६, सङ्क्षिप्त आर्यावलोकितेश्वर परिचय, यल, पाटन, नेपाल संवत् १०८०, पेज १२-१४

(१८) शाक्य, हेमराज, नं.(१६), पेज १९-२७

(१९) Tuladhar Will, Routled Douglas, 2006, **Remaking Buddhism for Medieval Nepal : The Fifteenth Century Reformation of Newar Buddhism,** London & Newyork, Page 5-6

(२०) पाटनका विहार तथा अन्य ठाउँहरूमा रहेका यस्ता मूर्ति र चैत्यहरूको सूची अन्वेषक हेमराज शाक्यले दिनु भएको छ। हेर्नोस् : शाक्य, हेमराज, वि.सं.२०४७ अन्वेषक एवं सम्पादक, चैत्य प्रतिष्ठा या उपलक्षस ओंला वनेवले चाःहुले माःगु यलया विहार, चैत्य व धर्मधातु आदिया सङ्क्षिप्त विवरण सूची, शाक्य बाबुकाजी, लगनखेल, यल (पाटन) ।

(२१) साधारणतया स्तूप भन्नाले ठूलो अर्धगोलाकार ढिस्कोको रूप रहेको हुन्छ भने चैत्य भनेको त्यसको सानो आकार हो ।

(२२) शाक्य, हेमराज, वि.सं.२०५०, चैत्यया थःगु आत्म कथाः सङ्क्षिप्त परिचय, बेखाराज शाक्य, यल (पाटन) पेज ३५-५८

(२३) Gutschow, Neils, 1997, **The Nepalese Chaitya: 1500 years of Buddhist Votive Architecture in the Kathmandu Valley,** Lumbini International Research Institute, Monograph, Series 1, Stuttgrart/London Page 8-9

(२४) तर स्वयम्भूको चैत्यको निर्माण कुशानहरूले इस्वीको प्रथम या द्वितीय शताब्दीमा गरिसकेका थिए। हेर्नोस् : अमात्य, साफल्य, नं.(३) ख

(२५) Shakya, Min Bahadur, 2009, **The Life of Nepalese Buddhist Master Buddha Bhadra** (359-429 CE), China Study Center, Dilibazar, Page 1-2

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२६) पराजुली, पुण्य प्रसाद लोचावा, 'हिमाली भेगमा प्रचलन भई आएका बौद्ध धर्मको विकासमा नेपाल मण्डलका बौद्ध व्यक्तित्व र कलाकार हरूको योगदान', पलेस्वाँः प्यगवगु अन्तर्राष्ट्रिय नेपाल मण्डलया बौद्ध संस्कृति सम्मेलनया लसताय् विशेषाक, पेज ७३-७७, नं.१२ (क)

(२७) ज्ञवाली, सूर्यविक्रम, २०१९, नेपाल उपत्यकाको मध्यकालीन इतिहास, रोयल नेपाल एकेडेमी, काठमाडौं, पेज २५०-२५६

(२८) पराजुली, पुण्य प्रसाद, लोचावा, नं.२६, पेज ७४

(२९) Tuladhar, Will, Routled Douglas, No.19, Page 1-5

(३०) Amatya, Shaphalya, 2014, **Cultural Tourism in Nepal,** Ministry of Culture, Tourism & Civil Avaiation, Kathmandu, Page 84-89

(३१) अन्य उदाहरणको लागि हेर्नोस, पराजुली, पुण्य प्रसाद लोचावा, नं.२६, पेज ७५

(३२) सांस्कृत्यायन, राहुल, १९४८, तिब्बत मे बौद्ध धर्म, किताब महल, इलाहावाद, परिशिष्ठ ८, पेज ण देखि औ सम्म

(३३) वज्राचार्य, यज्ञमानपति, ने.सं.११२६, नेपाः या प्राचीन वज्राचार्य : लीलावज्र (काष्ठमण्डप निर्माता), मणिसिंह महाविहार, मुसुम्वहा, ज्यापुतुँ, ये (काठमाडौं)

(३४) (क) रत्नकाजी, विजय रत्न, नं.१२(ख), पेज १२-१४
(ख) शाक्य, माणिकरत्न, वज्राचार्य धर्मसुन्दर, नं.१२ (क), पेज ३४-४०

(३५) वज्राचार्य, यज्ञमानपति, नं.३३, पेज ५० र ११०

(३६) ठमेलको विक्रमशिल महाविहारमा सुरक्षितसाथ राखिएको रञ्जनालिपि र सुनौला अक्षरले लेखिएको 'प्रज्ञापारमिता'को रचना अतीशा दीपङ्कर श्रीज्ञानले ने.सं.३४४ अर्थात् सन् १२२३ मा गरेका हुन् । ने.सं.६७९ (सन् १६४८) मा कान्तिपुरका प्रख्यात राजा प्रताप मल्ल आफ्नी रानीसहित उक्त विहारमा आई उक्त महान ग्रन्थको अवलोकन गरेका थिए । 'प्रज्ञापारमिता', विक्रमशिल महाविहार, थहवहील बहाल, भगवती प्रेस काठमाडौं नेपाल ।

(३७) Bendall, Cecal, 1992, **Catalogue of the Buddhist Sanskrit Manuscripts in the University Library,** Cambrideg, Franz Steiner Venrlag Stuttgart.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपसंहार

कुनै पनि सभ्यताको विषयमा लेख्नु, त्यसको लेखाजोखा, जोड घटाउ गर्नु, समीक्षा र टिप्पणी गर्नु भनेको त्यति सजिलो काम होइन । प्राचीन सभ्यताहरूका विषयमा इतिहासकारहरूले दशकौँ लगाएर गरेका उत्खनन कार्यहरूका प्रतिवेदन र त्यस देशको इतिहास, संस्कृति, जन-जीवन, रहनसहन, धर्म, संस्कृति आदि सबै विषयहरूको गहिरिएर अध्ययन, अनुसन्धान गरी कुनै ठोस निचोडमा पुगी लिपिबद्ध गर्नु पर्ने हुन्छ ।

हाम्रो देश, त्यसमा पनि वागमती उपत्यका, जसलाई वि.सं.२००७ साल र अझ पछिसम्म पनि बाहिरको संसारले मात्र होइन, देशभित्रै पनि 'नेपाल' भनेर भनिन्थ्यो वा चिनिन्थ्यो । यस वागमती उपत्यकाको सीमित मात्रामा भएका उत्खननहरू, अध्ययन अनुसन्धानहरू र प्राकृतिक एवं मानवीय प्रकोपबाट बचेखुचेका हाम्रा सांस्कृतिक सम्पदाहरू, कलाकृतिहरू, रीतिरिवाजहरू, जीवनपद्धति आदि इत्यादि नै यस उपत्यकाको सभ्यताको विषयमा अध्ययन अनुसन्धान गर्ने मुख्य श्रोतहरू हुन् । यी सीमित र अति नै नगन्य मात्र होइन, निकै अपर्याप्त, निकै कमजोर तथ्याङ्कहरूलाई बटुली मैले वागमती उपत्यकाको सभ्यताबारे आफ्नो अध्ययनको क्रममा प्राप्त भएका उपलब्धिहरूलाई छोटकरीमा पाठकसामु राख्ने काम गरेको छु ।

वागमती सभ्यताको शुरुआत वंशावलीहरूले किरातकाल अर्थात् इसापूर्व सम्भवतः पाँचौं/छैटौं शताब्दीदेखि शुरु भएको भनिए तापनि हालसम्म प्राप्त पुरातात्त्विक र अन्य प्रमाणहरूले यो सभ्यताको शुरुआत इसापूर्व प्रथम या द्वितीय शताब्दीदेखि मात्र शुरु भएको प्रमाणित गर्दछ । बुद्धको परिनिर्वाणपछि विरूधकको मारकाट र ध्वंसबाट बच्न उत्तरी भारतका विभिन्न जनपदहरूबाट पलायन भएर आएका वर्मा, लिच्छवि, आभिरगुप्ता, कोली, विज्जि आदि जाति र समुदायका मानिसहरू नै यस उपत्यकाका पहिलो बासिन्दा थिए । यिनीहरूमध्ये कोही वैष्णव, कोही हिन्दू, कोही बौद्ध थिए भने यिनीहरू र उपत्यकाभित्र धेरै पहिलेदेखि बसोबास गरिरहेका सम्भवतः मङ्गोल जातिका मानिसहरूबीच कालान्तरमा समागम पनि भयो होला । यसै समागमबाट जन्मेकाहरू नै यस उपत्यकाभित्र मल्लकालसम्म पुग्दा नपुग्दै एउटा ठूलो जमातका रूपमा खडा हुन पुगे र तिनीहरू नै उपत्यकाका मूल बासिन्दा बन्न पुगे जसलाई पछिबाट नेवाः भन्न थालियो । यसै जमातभित्र वर्मा, लिच्छवि, कोलीय, विज्जि, कुशाण,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठकुरी, मल्ल, कर्णाटकी मात्र होइन अरू धेरै जातजातिका मानिसहरू पनि मिसिन पुगे। वागमती सभ्यता मुख्यतया यिनीहरूकै देन हो। मल्लकालीन नेपालमा पनि मल्लहरूले लिच्छविकालदेखिको धार्मिक, सांस्कृतिक, सामाजिक र अन्य राजनैतिक धरोहरहरू र परम्पराहरूलाई पनि समयअनुसार परिमार्जित गरी निरन्तरता प्रदान गरी कायमै राखेका थिए। मल्लकाल र पछिसम्म पनि कलाको कुनै पनि विधा चाहे त्यो वास्तुकला होस् या मूर्तिकला, लिच्छविकालीन परम्परामा नै आधारित थिए। ललितकलाको क्षेत्रमा भने ठकुरी काल र मल्ल कालकै वर्चस्व रह्यो। लिच्छविकालको ललितकलाका विधाहरूबारे अझ धेरै अध्ययन–अनुसन्धान हुन बाँकी नै छ। साहित्यको क्षेत्रमा पनि ठकुरी काल र मल्लकालकै योगदानहरू उपलव्धिपूर्ण रहे। मल्ल राजाहरू कला र साहित्यका प्रेमी थिए। भक्तपुरका राजा जगत्ज्योति मल्लले रचेका गीत, गीतसम्वन्धी ग्रन्थहरू अनेक पाइएका छन्। कान्तिपुरका राजा प्रताप मल्लले आफ्नो प्रशस्तिमा समेत सङ्गीतार्णव पारङ्गत भनी लेखेका छन्। उनी स्वयम् कुशल नर्तक, वाद्यवादक पनि थिए। ललितपुरका सिद्धिनरसिंह मल्ल पनि सङ्गीतप्रेमी राजा थिए। उनले विशेष गरेर धार्मिक गीतहरू रचेर प्रख्याति पाएका थिए। पाटनका राजा श्रीनिवास मल्ल पनि सङ्गीत प्रेमी थिए। यिनी नृत्य, गीत, वाद्य तीनै विधामा निपुण थिए। यिनका छोरा योग नरेन्द्र मल्लले पनि आफ्नो प्रशस्ति र टकमासमेत सङ्गीतार्णव पारङ्गत भनी कुँदाएका थिए। यस्ता कैयन् उदाहरणले हाम्रो इतिहास भरिएको छ। (१) मल्लकालीन नेपालका मल्ल राजाहरू त आफैँ कवि, कलाकार, सङ्गीतकार एवम् नाटककार थिए। विद्वत्ताको क्षेत्रमा कला र साहित्यको विकासमा वागमती उपत्यकाभित्र यस कालमा जे–जति उन्नति र विकासहरू भए ती नै पछिबाट वागमती सभ्यताका पहिचान वन्न पुगेको देखिन्छ।

लिच्छविकालिक नेपालमा अनुपरमजस्ता ठूला दार्शनिक एवं कवि र वुद्धकीर्तिजस्ता कालिदासको टक्करका महाकवि जन्मनु संयोगमात्र नभई नेपाल निरन्तर विद्याभ्यास गर्ने थलोको रूपमा स्थिर र विश्रुत भइसकेको तथ्य पनि प्रमाणित हुन्छ। (२) यसकालमा राजाहरू आफैँ पनि विद्वान् भएकाले विद्वान्हरूको कदर हुने गर्दथ्यो। ह्वेनसाङ्गले आफ्नो यात्रा वर्णनमा नेपालीहरू ज्योतिष विद्यामा पनि निपुण छन् भनी उल्लेख गरेका छन्। त्यसकारण लिच्छविकालमा ज्योतिष विद्याको पनि उन्नति भएको थियो भन्ने जानकारी पाइन्छ। (३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तरिमकालमा अर्थात् ठकुजुकालमा प्रशस्त मात्रामा धार्मिक ग्रन्थहरू लेखिए। त्यस बखतको नेपाल बौद्ध विद्वान्हरूको अध्ययन गर्न आउने थलो थियो। वागमती उपत्यकाका बौद्ध विहारहरू जस्तै स्वयम्भू, विक्रमशिल महाविहार आदि भारत र तिब्बतमा समेत कहलिएका विद्याका केन्द्रहरू थिए। यसै समय भारतबाट दीपङ्कर श्रीज्ञान अतीशा तिब्बतमा बौद्ध धर्मको प्रचार गर्न नेपालमा विद्या आर्जन गरी त्यसतर्फ गएका थिए। यस कालमा बौद्ध धर्मको मात्र उत्थान भएन, हिन्दू धर्मको पनि पुनर्जागरण भयो। काशीका अग्निमथका शङ्कराचार्यले नेपालमा आइ हिन्दू धर्मको प्रतिष्ठा र महिमालाई पुनस्थापना गरेका थिए।

वागमती सभ्यताको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो - धार्मिक सहिष्णुता। यस सभ्यताले भारतको वैदिक एवम् आर्य सभ्यता र संस्कृतिलाई सकेसम्म निरन्तरता प्रदान गरी यस सभ्यताका महत्त्वपूर्ण धार्मिक पक्षहरूलाई पनि संरक्षण दिँदै आएको छ। प्राचीनकालदेखि नै उपत्यकाका राजाहरू समाजमा प्रचलित सबै धर्मप्रति सहिष्णु थिए। राजाहरू मात्र होइन जन तापनि धार्मिक सहिष्णुता र समन्वयमा विश्वास गर्दथे। तसर्थ इतिहासको शुरुआतदेखिनै वागमती उपत्यकाभित्र वैष्णव, शैव, बौद्ध, शाक्त, सौर्य आदि सबै परम्पराहरू सँगसँगै फल्दै फुल्दै र बाँच्दै आएका छन्। नेपालीहरूको यो चरित्र र गुणलाई विश्वले नै तारिफ गरेको छ।

राणा शासनकालको शुरुसम्म पनि वागमती उपत्यकाभित्र हिन्दू र बौद्ध धर्मबीच सधैँ सुमधुर सम्बन्ध कायम नै रहेको थियो। एकातिर हिन्दू मठ-मन्दिरहरू, शिवालय, देवालयहरू बन्दै थिए भने अर्कोतिर बौद्ध विहारहरू, स्तूपहरू र मन्दिरहरू पनि बन्दै थिए। वास्तवमा वागमती उपत्यकाभित्र प्राचीनकालदेखिनै राजा, राजपरिवार, भारदार र जनसाधारणले पनि धार्मिक भावनाले ओतप्रोत भई देवालय, शिवालय, मठ-मन्दिर, विहार, स्तूप, विभिन्न हिन्दू तथा बौद्ध देवदेवताका मूर्तिहरू, विभिन्न देवदेवीका पौभा चित्रहरू, भित्ते चित्र एवम् वास्तुकलाका अन्य संरचनाहरू जस्तै पाटी, पौवा, ढुङ्गेधारा आदि इत्यादि बनाई प्रतिस्थापित गर्ने परम्परा चल्दै आयो। त्यो परम्परा शाह-राणाकालसम्म पनि यथावत नै रह्यो।

कुनै पनि मन्दिर, विहार, स्तूप निर्माण गर्दा, देवदेवीका मूर्तिहरू स्थापना गर्दा राजा होऊन् वा जनता जोसुकैले पनि 'त्यसको पुण्यको प्रभावले ब्राह्मणहरू असल आचार भएका होऊन्, राजाको मङ्गल होस्, बखतमा पानी परोस्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृथ्वीमा अनाज खुव सप्रोस, देशमा शुभ होस् , मानिसहरू गुणी होऊन्, मानिसहरू सुखी होऊन्, रूखहरूमा अनेक प्रकारका फलफूल फलून् , गाईहरू खुब दूध दिने होऊन्, हावा विस्तारै वासना आउने र शीतल हुने गरी चलोस्' भन्ने मनोकामना राखी देव-देवीको प्रार्थना गर्ने चलन थियो। यो कुरा पाटन हरसिंद्धि मन्दिरको ने.सं.७८३ (वि.सं.१७२०) को पाटनका राजा श्रीनिवास मल्लको समयमा विभिन्न व्यक्तिहरूले हरसिद्धिमाईको मन्दिरमा सुनको खापा राखी स्थापना गरेको शिलालेखबाट प्रस्ट हुन्छ। (४)

मल्ल राजाहरू आफैँ त धर्मभिरु छँदै थिए; जनतालाई पनि धार्मिक कार्यहरूमा, वास्तुकला, मूर्तिकला, चित्रकला आदि कलाको विकासका कार्यहरूमा प्रोत्साहित गर्न आफ्ना जनताको निमन्त्रणा स्वीकार गरेर त्यस्ता पुण्य कार्यहरूमा भाग लिन जान्थे। मल्लकालका धेरै अभिलेखहरूमा यस्ता उदाहरणहरू पाइन्छन्। जस्तै ने.सं.७८४ (वि.सं.१७२०) को कीर्तिपुरको लोहदेवलको अभिलेखमा 'कीर्तिपुरको गाफलस्थानमा ग्रन्थकूट देवल बनाई गजुर .... चढाएको श्री ३ वुद्ध धर्म संघ तीन देवता आदि प्रतिष्ठा गर्दा स्वयं राजा श्रीनिवास मल्ल उपस्थित भएको' उल्लेख छ। त्यस्तै शाक्यमुनि मन्दिर (सिंहदुवाल लोहदेवल) को ने.सं.७६९ (वि.सं.१७०५) को शिलापत्रमा मन्दिर बनाई श्री श्री महाबोधि शाक्यमुनि स्थापना गर्दा श्री ३ सिंद्धिनरसिंह मल्ल र उनका छोरा श्री ३ श्रीनिवास मल्लको सवारी गराई लक्षावती गरी देवताको प्रतिष्ठा गराएका, ध्वजारोहण गरेका कुराहरू उल्लेख गरिएको छ। (५)

मल्ल राजाहरू हिन्दू धर्मका संरक्षक थिए नै। भारतका मुगल शासकहरू खासगरी औरङ्गजेबको समयमा यिनले हिन्दू धर्मलाई दबाउन अनेक मठ-मन्दिर एवं धार्मिक स्थलहरूमाथि आघात पुऱ्याएका थिए। ने.सं.७८९ (वि.सं.१७२६) मा यिनले काशी, वनारसका प्रसिद्ध हिन्दू तीर्थस्थल विश्वेश्वरको मन्दिर नै भत्काइदिए। मन्दिर रहेको स्थानमा एउटा मस्जिद बनाए। यो दुखद घटना भएको आठ वर्षपछि श्रीनिवास मल्लका मन्त्री चौतारा भागीरथ भैयाले पाटन मङ्गलबजारको पश्चिम कुनामा विश्वेश्वर महादेवस्थान स्थापना गर्नको लागि एउटा भव्य तीन तले मन्दिर बनाई सुनको गजुरसमेत चढाएका थिए। (६) यसरी भारतबाट मुगल र पछिबाट अङ्ग्रेजहरूको धार्मिक भेदभावको नीतिले गर्दा समय समयमा हिन्दू ज्ञानी, सन्त, गुरु एवं विद्वान्हरू नेपालको भू-भागतिर पलायन भएका देखिन्छन्। यसरी शाह-राणाकालको पूर्वार्द्धसम्म पनि वागमती उपत्यका हिन्दू धर्म र संस्कृतिको केन्द्रबिन्दु झैं रहिरहेको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साथै भारतका मुसलमान र अङ्ग्रेजहरूको शासनकालमा अर्थात् बाह्रौंदेखि बीसौं शताब्दीसम्म संस्कृत भाषा र साहित्यको प्रयोगमा कमी भएको समयमा वागमती उपत्यकाभित्र संस्कृत भाषा र साहित्यलाई निकै धेरै प्रोत्साहन प्राप्त भएको थियो। शाहकालको पूर्वार्द्धसम्म पनि संस्कृत भाषामा काव्य, नाटक र अन्य ग्रन्थहरू रच्ने कामहरू भएका थिए।

कला क्षेत्रमा भन्ने हो भने कुशाणहरू (४०-२२६ इस्वी) ले काशी (वनारस) सम्म राज्य विस्तार गरेकोले मथुरा पनि मूर्ति निर्माणको एक केन्द्र बन्यो। नेपालीहरूको काशीसँगको सम्बन्धले गर्दा त्यतिबेलादेखि नै मथुरासँग पनि नेपालीहरूको सम्पर्क रहनु स्वाभाविकै थियो। मगधमा समेत नेवाः कलाकारहरू काम गर्दथे। मध्यतिब्बतको खदम्पाशैली (Kadampa Style) भन्नु नै नेवाः कलाकारहरूको देन हो। तिब्बती कलामा शुरुदेखि अहिलेसम्म पनि नेवाः कलाकारहरूको सहभागिता पाइन्छ। (७) तसर्थ प्रसिद्ध कला इतिहासकार इ.ए. पावेलले भनेका छन् - 'प्लास्टिक आर्ट अथवा धातुकलामा नेपाललाई उछिन्ने सामर्थ्य एशियाको कुनै देशमा पनि छैन।' (८)

नेपाल अर्थात् काठमाडौं उपत्यकाले इसाको सातौं शताब्दीभन्दा पहिले नै आफ्ना मौलिक र स्वतन्त्र चित्रशैलीको पनि निर्माण गरिसकेको थियो। समाज र धर्मको धेरैजसो सामन्जस्य भएको यो शैली भोट र चीन एवं तद्पश्चात एशिया खण्डका अरू पनि बौद्ध देशमा देश-काल र परिस्थितिको स्वाभाविक अन्तरकासाथ फैलियो। हिमालका उत्तर पट्टिका देशबाट तक्षशिला र विक्रमशिल महाविहारका वीच जुन आवागमन हुन्थ्यो त्यसको मार्ग पनि नेपालबाट जाने भएकोले मध्यकालमा यी दुई विद्यापीठमा पनि 'नेपाली-चित्रशैली' को प्रभाव पर्नु स्वाभाविकै छ। बंगाल, इण्डोनेसिया, जाभा, सुमात्रा आदिमा भेटिएका प्राचीन चित्रहरूमा 'नेपालको मौलिक चित्रशैली' छिपेको छैन। (९)

वागमती उपत्यका विश्वमा नै महायान बौद्ध धर्मको केन्द्रको रूपमा विकसित भयो। अंशुवर्माको हाँडीगाउँको अभिलेखअनुसार लिच्छविकालमा नै वागमती उपत्यकाभित्र प्रशस्त विहारहरू बनिसकेका थिए। तर तन्त्रशास्त्रमा आधारित महायान बौद्ध धर्म, जसलाई वज्रयान पनि भन्ने गरिन्छ, त्यो धर्मको वोलवाला भने अन्तरिमकाल अर्थात् ठकुजुकालदेखि मात्र भएको आभास हुन्छ। लिच्छविकालमा जस्तै मध्यकालमा पनि वागमती उपत्यकाभित्र प्रशस्तै बौद्ध विहारहरू बने। भारतमा बौद्ध विहारहरू नष्ट हुन थालेपछि त काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपत्यका बौद्ध धर्मको केन्द्र नै बन्यो । विशेष गरी महायान बौद्ध धर्मको संरक्षण गर्ने काम यहाँ भयो । (१०)

कुनै पनि सभ्यताको प्रमाण, चिन्ह तथा उदाहरण खासगरी भौतिक संरचना - बनौट तथा स्थूल चिजविजहरू, घर, भवन, स्मारक, मठ, मन्दिर, दरबार, बाटोघाटो, पुलपुलेसा, नहर, पोखरी आदि जे जति छन् ती सबै कुनै समयमा कुनै शासकले आफ्नो शौख पूरा गर्न, आफ्नो सुखसयलको लागि गरिब जनता र मजदुरहरूको शोषण गरी, यातना र कष्ट दिई निर्माण गरिएका वस्तुहरू हुन् । यस्ता संरचनाहरूमा कयैन् मजदुरहरूले ज्यान गुमाए होलान्, कयौ अपाङ्ग भए होलान्, कैयन् कलाकारहरूले आ-आफ्ना सीप र क्षमता देखाए होलान् । तर एक-दुईलाई छोडेर तिनीहरूलाई भविष्यका सन्ततिहरू कसैले पनि चिन्दैनन् । यदि कसैलाई चिने र कसैलाई यी संरचनाहरूको निर्माताको श्रेय दिइन्छ भने ती यस्ता संरचनाहरू निर्माण गर्न आदेश दिने राजा, महाराजा र सम्राटहरू नै हुन् । संसारभर यस्तै नै भएको छ । आज सभ्य कहलिएका मानव जातिले श्रमजीवी मजदुर र कलाकारहरूलाई किन नसम्झेको, किन त्यसै बिर्सन खोजेको हो ? आजसम्म लेखिएका इतिहासहरूमा पनि यिनै शोषक, राजा महाराजा र सम्राटहरूकै नाम अगाडि आउँछन् । तैपनि हामी आज यी मानव निर्मित वा मानवजातिको उपलब्धि, योगदान र उपहारलाई नै विश्व सम्पदा भनी गौरव गरिरहेका छौं ।

यसरी विश्व सम्पदा भनी गौरव गर्ने धेरै संरचनाहरू वागमती उपत्यकाभित्र लिच्छविकाल, ठकुरीकाल, मल्लकाल र शाह-राणाकालहरूमा निकै बनेका थिए । मल्लकालको करिब तीन सय वर्षको इतिहास अर्थात् चौधौंदेखि सत्रौं शताब्दीसम्म नेपाल उपत्यकाभित्र धेरै कलात्मक, सुन्दर र बेजोडका मन्दिर, विहार स्तूप, दरबार, ढुङ्गेधारा, पाटी, पौवा, मूर्ति, चित्र आदि इत्यादि बनेका थिए । साथै यो तीन सय वर्षमा यी सम्पदाहरूले धेरै मानवीय र प्राकृतिक विपत्तिहरू पनि व्यहोर्नु पऱ्यो । धेरै पटक ठूलाठूला भूकम्पहरू व्यहोर्नु पऱ्यो । २०७२ साल वैशाख १२ को ठूलो भूकम्पको मार पनि यी सम्पदाहरूमा पऱ्यो ।

यद्यपि, अरू देशको र अरू सभ्यताको इतिहासमा भन्दा वागमती सभ्यताको इतिहासमा यी सभ्यताका प्रतीकहरू निर्माण गर्ने काममा राजा र जनता दुवैको परस्परमा मेलजोल, दुवैको धार्मिक भावना, दुवैको सौन्दर्यबोध र सुन्दरताप्रतिको मोहले ठूलो भूमिका खेलेका उदाहरणहरू हामी पाउँदछौं । मल्लकालमा यी सम्पदाहरू निर्माण गर्ने राजाहरूमा मुख्यतया कान्तिपुरका राजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महीन्द्र मल्ल, लक्ष्मीनरसिंह मल्ल र योगनरेन्द्र मल्ल हुन्। यस्तै भक्तपुरका राजा यक्ष मल्ल, जितामित्र मल्ल, भूपतीन्द्र मल्ल र रणजीत मल्ल नै हुन्। यी राजाहरूमा कोही राजा प्रत्येक दिन आफ्ना दुनियाको घरबाट धुवाँ आयो कि आएन अर्थात् तिनीहरूको घरमा चुलो बल्यो कि बलेन, खाना पाक्यो कि पाकेन भनी दरबारको सबैभन्दा माथिल्लो तलामा गई हेरेर मात्र आफूले खाना खान्थे भने कोही राजाचाहिँ आफैं मजदुरहरू सँगसँगै इँटा ओसार्ने र मन्दिर बनाउने काम गर्दथे। त्यस्तै कोही राजा जनतालाई रोपाइँ गर्न चाहिने मात्रामा वर्षा भयो भएन, के कसरी र कुन विधि अपनायो भने वर्षा भई जनतालाई रोपाइँ गर्न सजिलो हुन्छ भन्ने कुरामा आफ्नो ज्यानको समेत बाजी राख्न बाँकी राख्दैन थे। त्यस्तै, केही राजा भने योगसाधन गरी देश र जनताको हितको लागि सधैं तल्लीन रहन्थे।

यसरी राजा र जनताबीचको सुमधुर सम्बन्धमा हाम्रा यी स्मारकहरू नै प्रतीकहरू हुन्, उदाहरणहरू हुन्। यतिमात्र होइन, मल्लकालीन यी सम्पदाहरू वागमती उपत्यकाभित्र लिच्छविकालदेखि रहिआएको धार्मिक सहिष्णुता र समन्वयको भावनालाई विश्वसामु छर्लङ्ग देखाइदिन सफल भएका छन्। यस उपत्यकाभित्र जहाँ मन्दिर छ त्यहाँ बौद्ध विहार र स्तूप पनि छ। यी मन्दिर तथा विहारहरू भित्र हिन्दू र बौद्ध धर्मका देवदेवीहरू पनि स्थापना गरिएका हुन्छन्। यी धार्मिक स्थलहरूमा बुद्ध, वोधिसत्त्व, तारा, योगिनीहरू मात्र होइन भैरव, गणेश, महाँकाल, भीमसेन, कुमारी आदि देवदेवीहरू पनि सँगसँगै पुजिने गर्दछन्। प्रत्येक वर्ष पशुपतिनाथमा सम्पन्न गरिने 'कैलाशकुसुमारोपण' पर्वमा पशुपतिनाथको छायाँ दर्शन गर्न बौद्ध धर्मावलम्वीहरूको पनि ठूलो भीड लाग्छ। त्यस दिनमा बौद्धमार्गीहरूले पशुपतिनाथलाई वोधिसत्त्वको रूपमा पुज्ने र दर्शन गर्ने गर्दछन्। कार्तिक महिनाको शुक्ल पक्षको मुखाष्टमीमा कुम्भेश्वर महादेवको शिवलिङ्गमा तामाद्वारा निर्मित बुद्ध (लोकेश्वर) को मूर्ति अङ्कित कोश (मुकुट) राखिन्छ। यस दिनलाई बुद्धाष्टमी र गोपाष्टमी पनि भनिन्छ। यो दिन महादेवले लोकेश्वर रूप धारण गर्दछन् भनी विश्वास गरिन्छ। (११) यतिनै खेर राष्ट्रिय नाचघर (जमल) मा रहेको एउटा छैटौं-सातौं शताब्दीको पुरानो मूर्तिको उल्लेख गर्नु सान्दर्भिक ठान्दछु। चारै पाटोमा समपाद मुद्रामा उभिएको यस मूर्तिमा ब्रम्हा, विष्णु, महेश्वर र गौरीको प्रतिनिधित्व भएको छ। एकातिर यसले वैष्णव, शैव र शाक्त मतावलम्वीहरूको भावनालाई आत्मासात गरेर सहष्णिुता र समन्वयलाई विकासित गर्ने प्रयास गरेको छ भने अर्कोतिर प्रकृति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र पुरुष वा अद्वैत (अर्धनारीश्वर) सम्बन्धी विषयवस्तुलाई पनि सङ्केत गरेको पाइन्छ । (१२)

उपत्यकाका बौद्धमार्गीहरूको सबैभन्दा पुज्ने देवता मत्स्येन्द्रनाथ, लोकनाथ, अवलोकितेश्र, रातो मत्स्येन्द्रनाथ आदि विभिन्न नामले प्रसिद्ध छन् । यी देवता पनि उपत्यकावासीहरूको धार्मिक सहिष्णुता र समन्वयका प्रतीक हुन् । किनभने यी देवताको वाहनको रूपमा ब्रह्माको हाँस, विष्णुको गरुड र शिवको वसाह, तीनैवटा बुङ्गमती र तहबहाल पाटनमा रहेको मत्स्येन्द्रनाथ मन्दिरभित्र राखिएका सिंहासनहरूमा देख्न सकिन्छ ।

वागमती उपत्यकाभित्र ठकुजुकाल र मल्लकालमा तान्त्रिक मतको विकास भए तापनि मातृका शक्तिहरूलाई पुज्ने, तिनीहरूको उपासना गर्ने र तिनीहरूका शिला मूर्तिहरूलाई पुज्ने कार्य लिच्छविकालभन्दा पूर्व वर्मा, गुप्ता, आभिरकाल (१००-४०० इस्वी) देखि नै थियो भन्न सकिन्छ । लिच्छविकाल र पूर्व लिच्छविकालमा प्रसिद्ध मातृका शक्तिहरूमा हाँडीगाउँको मनमानेश्वरी, टुँडालदेवी भगवती, पाटन कुम्भेश्वरीस्थित बंगलामुखी भगवती, चाँगुको छिन्नमस्तादेवी आदि हुन् । पशुपतिको देवपाटन (जयवागेश्वरी) क्षेत्रमा मात्र पनि यस्ता प्राचीन शिलामूर्तिहरू प्रशस्त छन् । यस्तै प्राचीन मातृका शक्तिहरूका शिलामूर्तिहरूमा कीर्तिपुर बाघभैरव मन्दिर परिसरभित्र रहेका शिलामूर्तिहरू, पशुपति वनकालीका शिलामूर्तिहरू, बल्खुका शिलामूर्तिहरू आदि प्रसिद्ध छन् ।

यसरी नै मातृका शक्तिहरूलाई आह्वान गरी यिनीहरूको पराक्रम र यिनीहरूले असुरहरूमाथि गरेको विजयबारे देवी महात्म्यका कथाहरूमा आधारित धेरै नै धार्मिक नाचगान, नृत्य-नाटिकाहरू, जस्तै हरिसिंद्धि नाच, खोकनाको रुद्रायणीको नाच, नरदेवीको श्वेतकाली नाच, भक्तपुरको महाँकाली नाच, किलागल टोलको देवी नाच, बोडेको नीलबाराहीको नाच आदि वागमती उपत्यकाभित्र धेरै अघिदेखि चल्दै मात्र आएका होइनन्, यी नाच र नृत्य नाटिकाहरूले यहाँका जनमानसमा पनि धेरै नै प्रभाव पारेका छन् । यी नाच र नृत्य नाटिकाहरूको माध्यमद्वारा वागमती उपत्यकाका प्राचीन शास्त्रीय गीत, वाद्यवादन, भजन, पहिरन, गरगहना आदि इत्यादिको पनि हदसम्म संरक्षण भइरहेको छ ।

वागमती सभ्यताले विश्व मानव समुदायलाई के योगदान गर्‍यो भन्ने कुराको चर्चा गर्ने सन्दर्भमा के कुरा बिर्सनु हुन्न भने वास्तुकलामा छानेशैलीको विकासको शुरुआत लिच्छविकालमा बनेका दरबारहरू खासगरी कैलाशकूट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भवनजस्ता धेरै तला भएका दरबारको निर्माणबाट शुरु भएको हुनुपर्छ। धेरै तला भएका छानेशैलीको वास्तुकलालाई मल्लकाल र अझ शाह-राणाकालसम्म पनि जीवित राखिएको थियो। शाहकालमा बनेको त्रिपुरेश्वर महादेव मन्दिर, वनारसको साम्राज्यश्वेर मन्दिर आदि यसका ज्वलन्त उदाहरणहरू हुन्।

मूर्तिकलाको क्षेत्रमा पनि लिच्छविकालदेखिनै वागमती उपत्यकाभित्र प्रस्तरका अति नै सुन्दर मूर्तिहरू बन्न थाले। यसै समयदेखि विकास भएको काष्ठकला र धातुकलाले त लिच्छवि र मल्लकालसम्म भारत, तिब्वत र चीनमा मात्र प्रसिद्धि पाएका थिए भने शाह-राणाकालमा काष्ठ र धातुका कलाकृतिहरूले अन्तर्राष्ट्रिय जगत्मा नै प्रसिद्धि पाउन थाले।

चित्रकलामा वागमती उपत्यकामा विकास भएको पौभाचित्रकलाले तिब्वत र चीनमा निकै ख्याति पाएका थिए। पछि गएर यो चित्रकलाको विधाले विश्वभरिनै प्रसिद्धि पायो। अतिनै मिहिन र सूक्ष्म रेखाहरू कोरेर बनाउनु पर्ने यो पौभा चित्रको कारिगरीलाई विश्वले नै तारिफ गरेको छ।

वागमती उपत्यकाभित्र अनेकन् जात्रा, चाड, पर्व, उत्सव आदि मनाइन्छन्। भनिन्छ, यस उपत्यकाभित्र वर्षको ३ सय ६५ दिन नै कुनै न कुनै ठाउँमा, गाउँ वा शहरमा कुनै न कुनै किसिमको जात्रा, चाड, पर्व, उत्सव आदि भई नै रहेका हुन्छन्। यसका अलावा विश्वमा कतै नभएको एक महिनाभन्दा वढी लामो समयसम्म मनाउने 'रातो मत्स्येन्द्रनाथ' को रथयात्रा यहीं नै मनाइन्छ। लिच्छविकालदेखि मनाइँदै आइएको यो रथयात्राले आजसम्म पनि त्यतिकै मान्यता, भव्यता र निरन्तरता पाइनै रहेको छ।

यस उपत्यकाको सभ्यताको एउटा महत्त्वपूर्ण आयाम भनेको यहाँको आफ्नै मौलिक भाषा, लिपि र साहित्य हो। नेवाः भाषा भनी विश्वभर चिनिएको यो भाषाको अलावा यहाँ संस्कृत र मैथली भाषाले पनि संरक्षण पाउँदै आएको छ। लिच्छविकालमा संस्कृत भाषा र साहित्यले प्राथमिकता पाएको थियो भने ठकुरी मल्लकालमा र पछि शाहकालको पूर्वार्द्धसम्म पनि संस्कृत र मैथली भाषा-साहित्यले उत्तिकै संरक्षण पाएका थिए। मल्लकालका राजाहरू स्वयं नेवाः भाषामा मात्र होइन, संस्कृति र मैथली भाषामा समेत काव्य, नाटक आदि रच्ने गर्दथे।

अन्तमा, कुनै पनि सभ्यता स्थिर र अचल हुँदैन। यो गतिशील र समयानुकूल हुन्छ। इतिहासका विभिन्न कालखण्डमा आएका परिर्वतनहरूलाई आत्मसात गरी अगाडि बढ्दै, हुर्कंदै, विकसित हुँदै सभ्यता उन्नत हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वागमती सभ्य तापनि एक गतिशील परिवर्तनलाई आत्मसात गर्दै अघि बढ्दै आएको सभ्यता हो। त्यसैले यो सभ्यता वागमती उपत्यकाभित्र मात्र होइन, सम्पूर्ण नेपाल र नेपालीहरूलाई एक सूत्रमा बाँधी मेलजोल गराई राष्ट्रियताको भावनालाई जोगाइराख्न मात्र होइन अन्तर्राष्ट्रिय जगत्मा समेत प्रसिद्धि पाउन सफल भएको छ। युद्ध र आन्तरिक कलहले सभ्यताको नाश गर्छ भने शान्ति र सुव्यवस्थाले सभ्यतालाई फुलाउँछ, फैलाउँछ। वागमती सभ्यताको इतिहासमा यस उपत्यकाले इतिहासको २००० वर्षको लामो कालखण्डमा सानातिना आक्रमण र लुटपाट बाहेक ठूलो युद्ध र गृह कलह कहिल्यै भोल्नु परेन। फलस्वरूप कालान्तरमा वागमती सभ्यता फल्न, फुल्न र फैलिन सफल रह्यो।

सन्दर्भ सामग्रीहरू

१) वज्राचार्य, धनवज्र, २०५६, मल्लकालका अभिलेख, नेपाल र एशियाली अनुसन्धान केन्द्र, कीर्तिपुर काठमाडौं, पेज २१९
२) ढकाल, वेणीमाधव, पुष-चैत्र २०४७, 'हाँडीगाउँ सत्यनारायण स्थानको अनुपरमको अभिलेख' प्राचीन नेपाल, संख्या १२१-१२२, पेज १-१०
३) राजवंशी, शङ्करमान, 'लिच्छविकालीन सभ्यता', प्राचीन नेपाल, चैत्र २०३९, संख्या ६५-७४, भदौ २०३८- पेज ५४-५६
४) वज्राचार्य, धनवज्र, नं.१, पेज १२९-१३०
५) वज्राचार्य, धनवज्र, नं.१, पेज ४९२-४९५ र ५०३-५०६
६) वज्राचार्य, धनवज्र, नं.१, पेज १९७-२०१
७) Guta, Thomas L., **Arniko : Image Weaver,** CNS, Vol 24, No.1, Jan 1997, Page 71-78
८) Powell, E.A., 1920, **The Last Home of Mystery**, London, Page 216-220
९) शर्मा, जनकलाल, २०२३, ललितकला र साहित्य, एजुकेशनल इन्टरप्राइज, काठमाडौं, पेज ४५
१०) वन्त, रुक्मिणी, विक्रमशील महाविहार ऐतिहासिक महत्त्व, CNS, Vol.12, No.2, April 1985, Page 103-115
११) श्रेष्ठ, राजेन्द्रलाल, 'कुम्भेश्वर मन्दिर : सर्वेश्वर मृत्युञ्जय महादेव', प्राचीन नेपाल, सङ्ख्या १७५, मङ्सिर २०६७, पेज ३०-४०
१२) थापा, रमेशजङ्ग, 'फाखेलमा फेला परेका धातुका प्रतिमाहरू,' प्राचीन नेपाल, सङ्ख्या ४१-४२, भदौ-मङ्सिर २०३४, पेज १५-२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१ - विराटकको प्रस्तरमूर्ति, पशुपति, आर्यघाट ।

फोटो सौजन्य : अमिता राय

२ - विरुपाक्षको प्रस्तरमूर्ति, पशुपति, आर्यघाट ।

फोटो सौजन्य : सुनिल डङ्गोल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३ - शेषसायी विष्णुको प्रस्तरमूर्ति, पशुपति, आर्यघाट ।

फोटो सौजन्य : लैनसिंह वाङ्गदेल

४ - उमामहेश्वरको प्रस्तरमूर्ति, पशुपति, ढुङ्गेधारा ।

फोटो सौजन्य : लैनसिंह वाङ्गदेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५ - राजपुरुषको प्रस्तरमूर्ति, पशुपति, मृगस्थली ।

फोटो सौजन्य : अमिता राय

६ - जयवर्माको प्रस्तरमूर्ति, मालिगाउँ, काठमाडौँ ।

फोटो सौजन्य : लैनसिंह बाङ्गदेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७ - विष्णुविक्रान्तको प्रस्तरमूर्ति, लाजिम्पाट, काठमाडौँ ।

फोटो सौजन्य : अमिता राय

८ - धरणीवराहको प्रस्तरमूर्ति, धुम्बाराही, काठमाडौँ ।

फोटो सौजन्य : अमिता राय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९ - गजलक्ष्मीको प्रस्तरमूर्ति, च्यासलहिटी, ललितपुर ।

फोटो सौजन्य : लैनसिंह वाङ्गदेल



१० - ब्रह्माजीद्वारा बुद्ध बन्दनाको ग्रन्थचित्र

फोटो सौजन्य : अमिता राय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



११ - पशुपतिनाथको मन्दिर ।

फोटो सौजन्य : वालकृष्ण सम



१२ - स्वयम्भू महाचैत्य ।

फोटो सौजन्य : पं. हेमराज शाक्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३ - माजु देवल, वसन्तपुर, काठमाडौँ ।

फोटो सौजन्य : पुरुषोत्तम डङ्गोल

१४ - नारायणको कलात्मक टुँडाल, चाँगुनारायण मन्दिर ।

फोटो सौजन्य : पुरुषोत्तम डङ्गोल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१५ - मूलचोक, हनुमानढोका दरबार ।

फोटो सौजन्य : बालकृष्ण सम



१६ - भूपतीन्द्र मल्लको शालिक, भक्तपुर ।

फोटो सौजन्य : बालकृष्ण सम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल संस्कृत विश्वविद्यालय
राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रद्वारा प्रकाशित कृतिहरू

१. दाङको चौघेरास्थित सिद्ध रतननाथ मठको सांस्कृतिक अध्ययन

२. लामा-विष्णु : सांस्कृतिक समन्वयका प्रतीक

३. मिथिला गौरव

४. वागमती सभ्यता

प्रकाशोन्मुख कृतिहरू

१. किरातजनकृति : नेपालका आदिवासी तथा जनजातिहरूको भाषिक सर्वेक्षण

२. र(((ाष्ट्रियताको परिवेशमा दुरा समुदायको सांस्कृतिक जीवन

३. बझाङी लोकसाहित्य र संस्कृति

४. दुल्लु वैश्वानरज्वाला पञ्चकोशीक्षेत्रको सांस्कृतिक सम्पदा

५. नेपाली भाषा तथा संस्कृतिको विकासमा दलित समुदायको भूमिका

ISBN 978-9937-0-4394-6

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu